# नगर बृहत् योजना-२०७७

## भीमेश्वर नगरपालिका

### भीमेश्वर, दोलखा,

### बागमती प्रदेश, नेपाल ।



# नगर बृहत् योजना-२०७७

## भीमेश्वर नगरपालिका

### भीमेश्वर, दोलखा,

### बागमती प्रदेश, नेपाल ।

**भीमेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भीमेश्वर, दोलखा, बागमती प्रदेश, नेपाल**

(बृहत् योजना नगर विकासका क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको मार्गदर्शक दस्तावेज हो । यो दस्तावेज नागरिक सहभागितामा आधारित पद्धतिबाट निर्माण गरिएको हो । बृहत् योजनाको प्रारम्भिक मस्यौदामाथि भएका चरणबद्ध छलफल र पृष्ठपोषणका आधारमा अन्तिम रुप दिई नगर सभाबाट अनुमोदन गरिएको हो ।)

# भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. :

मिति: २०७७/०५/०५


## मन्तव्य

नेपालको संविधानले आत्मसात् गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न र नेपाल सरकारले लिएको **'समृद्ध नेपाल, सुखी नेपाली'** को दीर्घकालीन सोचलाई साकार पार्न भीमेश्वर नगरपालिकाले **'जैविक कृषि, पर्यटन र दिगो पूर्वाधार; शिक्षा, स्वास्थ्य र संस्कृतिले समृद्ध भीमेश्वर'** भन्ने दूरदृष्टि तय गरी दीर्घकालीन लक्ष्यसहित **'बृहत् नगर योजना-२०७७'** तर्जुमा गरिएको छ। यो नगर योजना राष्ट्रिय योजना आयोगद्वारा जारी **'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५'** ले निर्धारण गरेको आवधिक योजना तर्जुमा प्रक्रिया अन्तर्गत रहेर भीमेश्वर नगरपालिकाको **'बृहत् आवधिक योजना तर्जुमा सम्बन्धी कार्यविधि, २०७६'** ले निर्धारण गरेको आधारभूत चरण र विधि पूरा गरी सहभागितामूलक पद्धतिबाट तर्जुमा गरिएको छ।

**'बृहत् नगर योजना-२०७७'** लाई भीमेश्वर नगरपालिकाको सामाजिक-आर्थिक क्षेत्रको सङ्गठित, सुव्यवस्थित र सुनियोजित ढङ्गले विकास गर्न समष्टिगत मार्गचित्रको रूपमा तयार पारिएको छ। यस योजनामा नगरको दीर्घकालीन लक्ष्य, अपेक्षित उपलब्धि, समग्र रणनीति समावेश गरिएको छ। त्यसैगरी विकास निर्माण र सेवा प्रवाहका लागि विभाजन गरिएका विषयगत क्षेत्रहरूमा भीमेश्वर नगरपालिकाको अवस्था विश्लेषण गर्दै क्षेत्रगत रूपमा समग्र लक्ष्य, उद्देश्यहरू र अपेक्षित उपलब्धि/परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ। साथै ती क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूमा समेत भीमेश्वरको अवस्था विश्लेषण गरी उपक्षेत्रगत रूपमा लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र आवधिक प्राथमिकता तालिकासमेत उल्लेख गरिएको छ। योजनाको प्रभावकारी कार्यान्वयन गरी निश्चित अवधिमा तोकिएको उपलब्धि हासिल गर्न अनुगमन र मूल्याङ्कन पद्धति उल्लेख गर्नुका साथै आर्थिक पक्षहरूको समेत लेखाजोखा गरिएको छ। यस नगर योजनाले मध्यकालीन खर्च संरचना निर्माण गरी सार्वजनिक वित्त व्यवस्थापन गर्न र बार्षिक योजनालाई मार्गदर्शन गरी दिगो विकास हासिल गर्न मद्दत पुऱ्याउने विश्वास लिइएको छ।

**'बृहत् नगर योजना-२०७७'** नगरवासीहरूको सक्रिय सहभागिता एवम् सुझाव, नगरस्तरीय तथ्याङ्कहरूको विश्लेषण, विगतमा गरिएका कार्यहरुको अनुभव र विज्ञहरूसँग गरिएको विकासका प्राथमिकता र सम्भावना सम्बन्धी अन्तरक्रियाबाट तयार पारिएको **'समृद्ध भीमेश्वर; पौरखी भीमेश्वरवासी'** को नारालाई फलीभूत बनाउने नीतिगत दस्तावेज हो। यसले भीमेश्वर नगरपालिकाको विकासको गन्तव्य निर्धारण गर्नुका साथै सो प्राप्त गर्ने आधारसमेत तर्जुमा गरेको छ। यसबाट विकास प्रयासहरूलाई स्पष्ट दिशाबोध गरी स्रोत साधनको परिचालन र नतिजा प्राप्तिमा प्रभावकारिता आउने अपेक्षा गरेको छु।

अन्त्यमा, **'बृहत् नगर योजना-२०७७'** तर्जुमाका लागि आर्थिक सहयोग गर्नुहुने **द एसिया फाउन्डेसन** प्रति आभार प्रकट गर्दछु। त्यसैगरी योजना तर्जुमा कार्यमा संलग्न हुनुहुने सम्पूर्ण सम्बद्ध पक्षहरूलाई धन्यवाद व्यक्त गर्दछु। यस नगर योजनाको सफल कार्यान्वयन गरी भीमेश्वर नगरपालिकाको गुणात्मक विकासको अभिलाषा राखेको छु।

(भरत बहादुर के.सी.)
नगर प्रमुख




इमेल : info@bhimeshwormun.gov.np, वेबसाइट: www.bhimeshwormun.gov.np, फोन नं. ०४९-४२११००, ४२१४९१

# भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा

पत्र संख्या :

चलानी नं. :

बागमती प्रदेश, नेपाल

मितिः २०७७/०५/०५

## मन्तव्य

योजना विकास व्यवस्थापन र स्रोत परिचालनमार्फत अधिकतम उपलब्धि हासिल गर्ने माध्यम हो । आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको दिगो विकासका निमित्त आवश्यक स्रोत साधनको परिचालन गर्न योजनाबद्ध विकासको थालनी भएको छ । यसबाट सीमित स्रोत साधनलाई प्रभावकारी रूपमा उपयोग गर्न र स्रोतको न्यायोचित वितरण गर्न सहज हुन्छ । यसै कारणले प्रत्येक सरकारले योजनाबद्ध विकासको अभ्यास गरेका छन् । यसले समष्टिगत विकासमा सहयोग पुऱ्याउदै आएको छ ।

योजनाबद्ध विकासको यही पक्षलाई ध्यानमा राख्दै भीमेश्वर नगरपालिकाले **'समृद्ध भीमेश्वर'** निर्माणको दूरदृष्टिसहित **'बृहत् नगर योजना-२०७७'** तयार पारेको छ । विशेषतः भीमेश्वर नगरपालिकाको **'नगर पार्श्वचित्र-२०७५'** र राष्ट्रिय एवम् क्षेत्रीय तथ्याङ्कहरूको जगमा रहेर नगरवासी, नगरपालिकाका पदाधिकारी, विषयविज्ञ लगायत यस क्षेत्रका सरोकारवालाहरूसँग विभिन्न चरणमा गहन अन्तरक्रिया गरी प्राप्त सुझावको आधारमा **'बृहत् नगर योजना-२०७७'** तयार पारिएको हो । त्यसैले यस योजनामा नगरवासीहरूको अर्थपूर्ण सहभागिता र अपनत्व रहेको महसुस गरेको छु ।

यस **'बृहत् नगर योजना-२०७७'** मा नगरपालिकाको दीर्घकालीन लक्ष्य, अपेक्षित उपलब्धि, समग्र रणनीति समावेश गरिएको छ । त्यसैगरी क्षेत्रगत रूपमा समग्र लक्ष्य, उद्देश्यहरू र अपेक्षित उपलब्धि/परिमाणात्मक लक्ष्य र ती क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति एवम् दुईदेखि बिस वर्षसम्मको आवधिक प्राथमिकताका कार्यक्रमहरूसमेत तय गरिएको छ । यस योजनाले क्षेत्रगत योजना, मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तयार पार्न सहयोग पुऱ्याउनुको साथै विकासका सवालहरूलाई सुव्यवस्थित गरी समावेशी, सन्तुलित र समन्यायिक विकासको सुरुवात गर्न मद्दत पुग्ने अपेक्षा गरेको छु ।

भीमेश्वर नगरपालिकाको यस **'बृहत् नगर योजना-२०७७'** ले सङ्घीय सरकारको पन्ध्रौं योजना र बागमती प्रदेश सरकारको पहिलो आवधिक योजनाले निर्धारण गरेको सोच र लक्ष्य प्राप्त गर्न आवश्यक भूमिका निर्वाह गर्ने र भीमेश्वर नगरपालिकाको आर्थिक-सामाजिक रूपान्तरणको व्यावहारिक मार्गदर्शक साबित हुने विश्वास लिएको छु । **'बृहत् नगर योजना-२०७७'** ले निर्धारण गरेको लक्ष्य र उद्देश्यहरूसँग सम्बन्धित उपलब्धिलाई आवधिक रूपमा मूल्याङ्कन गरी आवश्यकता अनुसार यसका रणनीति, कार्यनीति र कार्यक्रमहरू अद्यावधिक गर्दै जीवन्तता प्रदान गरिदै लगिने छ । अन्त्यमा, यो योजना तर्जुमा कार्यमा प्रत्यक्ष एवम् परोक्ष रूपले संलग्न हुने नगरपालिकाको पदाधिकारी, नगरवासी, कर्मचारी, विद्वत वर्ग लगायत सम्बद्ध सबैलाई साधुवाद व्यक्त गर्दछु ।

(कमला बस्नेत)
नगर उपप्रमुख

---

"ऐतिहासिक, धार्मिक र साँस्कृतिक धरोहर, प्रकृति र पर्यटनले सम्मुन्नत भीमेश्वर"

इमेल : info@bhimeshwormun.gov.np, वेबसाइटः www.bhimeshwormun.gov.np, फोन नं. ०४९-४२११००, ४२१४९१

# विषय सूची

**खण्ड १ : प्रारम्भिक** **१**
१.१. परिचय १
१.२. बृहत् योजनाको कानुनी आधार र सान्दर्भिकता २
१.३. बृहत् योजनाको क्षेत्र र सीमा ३

**खण्ड २ : बृहत् योजना तर्जुमा विधि** **५**
२.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक ५
२.२. अवस्था विश्लेषण ७
२.३. मस्यौदा तयारी र पृष्ठपोषण ८
२.४. मस्यौदा स्वीकृति र सार्वजनिकिकरण ९
२.५. बृहत् योजना कार्यान्वयन ९
२.६. योजनाको समीक्षा तथा परिमार्जन ९

**खण्ड ३ : नगर परिचय** **११**
३.१. पृष्ठभूमि ११
३.२. क्षेत्रगत वस्तुस्थिति १२
३.३. नगरको जनसाङ्खिक अवस्था १६
३.३.१. जनसङ्ख्या प्रक्षेपण १८
३.३.२ जनसङ्ख्या प्रक्षेपण विधि १९

**खण्ड ४ : नगरको समष्टिगत लक्ष्य** **२१**
४.१. नगरको मुख्य प्राथमिकता २१
४.२. नगरको दूरदृष्टि २१
४.३. नगरको दीर्घकालीन लक्ष्य २२
४.४. अपेक्षित उपलब्धी २३
४.५. समग्र रणनीति २४

**खण्ड ५ : क्षेत्रगत योजना** **२५**
५.१. आर्थिक विकास २७
५.१.१. कृषि तथा पशुपालन २९
५.१.२. पर्यटन ३७
५.१.३. उद्योग र वाणिज्य ४३
५.१.४. आर्थिक पूर्वाधार, राजस्व र सार्वजनिक वित्त ४९
५.१.५. सहकारी ५४
५.१.६. सीप तथा रोजगारी ५८
५.१.७. संस्थागत विकास ६४
५.२ सामाजिक विकास ६९
५.२.१. शैक्षिक विकास ६९
५.२.२. स्वास्थ्य ८६
५.२.३. सम्पदा संरक्षण १११
५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ११९
५.३. पूर्वाधार विकास १२५
५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन १२५
५.३.२. पार्क तथा मनोरञ्जन १३९
५.३.३. यातायात १४५
५.३.४. सार्वजनिक निर्माण १६०
५.४. वन, वातावरण र विपद् व्यवस्थापन १९३
५.४.१. प्राकृतिक स्रोत र वातावरण १९३
५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन २१४
५.५. संस्थागत विकास र सुशासन २३१
५.५.१. संस्थागत विकास २३१
५.५.२. सुशासन २३२

**खण्ड ६ : अनुगमन र मूल्याङ्कन** **२३७**
**अनुसुची १ : बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष** **२३९**

## तालिका सूची


| | | |
|---|---|---|
| तालिका २.२ | : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र | ७ |
| तालिका २.६ | : बृहत् योजना परिमार्जन वा संशोधन | १० |
| तालिका ३.२ | : सबै क्षेत्रको वस्तुस्थिति सम्बन्धी सामान्य झलक | १२ |
| तालिका १/३.३ | : नगरको जनसाङ्ख्यिक स्थिति | १७ |
| तालिका २/३.३ | : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसङ्ख्याको विवरण | १८ |
| तालिका ३.३.२ | : आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण | २० |
| तालिका ४.३ | : दीर्घकालीन लक्ष्य | २२ |
| तालिका ४.४ | : अपेक्षित उपलब्धी | २३ |
| तालिका १/५.१.१ | : कृषि तथा पशुपालनका रणनीति र कार्यनीति | ३१ |
| तालिका २/५.१.१ | : आवधिक प्राथमिकता : कृषि तथा पशुपालन | ३२ |
| तालिका १/५.१.२ | : पर्यटनका रणनीति र कार्यनीति | ३९ |
| तालिका २/५.१.२ | : आवधिक प्राथमिकता : पर्यटन | ४० |
| तालिका १/५.१.३ | : उद्योग र वाणिज्यका रणनीति र कार्यनीति | ४५ |
| तालिका २/५.१.३ | : आवधिक प्राथमिकता : उद्योग र वाणिज्य | ४६ |
| तालिका १/५.१.४ | : आर्थिक पूर्वाधार, राजस्व र सार्वजनिक वित्तका रणनीति र कार्यनीति | ५० |
| तालिका २/५.१.४ | : आवधिक प्राथमिकता : आर्थिक पूर्वाधार, राजस्व र सार्वजनिक वित्त | ५१ |
| तालिका १/५.१.५ | : सहकारीका रणनीति तथा कार्यनीति | ५५ |
| तालिका २/५.१.५ | : आवधिक प्राथमिकता : सहकारी | ५६ |
| तालिका १/५.१.६ | : सीप तथा रोजगारीका रणनीति तथा कार्यनीति | ६० |
| तालिका २/५.१.६ | : आवधिक प्राथमिकता : सीप तथा रोजगारी | ६१ |
| तालिका १/५.१.७ | : संस्थागत विकासका रणनीति तथा कार्यनीति | ५४ |
| तालिका २/५.१.७ | : आवधिक प्राथमिकता : स्थानीय आर्थिक विकास अन्तर्गत संस्थागत क्षमता विकास | ६६ |
| तालिका ३/५.१.७ | : आर्थिक विकासको अपेक्षित उपलब्धि/परिमाणात्मक लक्ष्य | ६८ |
| तालिका १/५.२.१ | : शैक्षिक विकासका रणनीति तथा कार्यनीति | ७४ |
| तालिका २/५.२.१ | : आवधिक प्राथमिकता : शैक्षिक विकास | ७६ |
| तालिका ३/५.२.१ | : शिक्षा विकासको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | ८४ |
| तालिका १/५.२.२ | : स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था | ८७ |
| तालिका २/५.२.२ | : स्वास्थ्यका रणनीति तथा कार्यनीति | ९० |
| तालिका ३/५.२.२ | : आवधिक प्राथमिकता : स्वास्थ्य | ९३ |
| तालिका ४/५.२.२ | : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी | १०९ |
| तालिका ५/५.२.२ | : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य | ११० |
| तालिका १/५.२.३ | : सम्पदा संरक्षणका रणनीति तथा कार्यनीति | ११३ |
| तालिका २/५.२.३ | : आवधिक प्राथमिकता : सम्पदा संरक्षण | ११५ |
| तालिका १/५.२.४ | : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका रणनीति तथा कार्यनीति | १२० |
| तालिका २/५.२.४ | : आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १२२ |
| तालिका ३/५.२.४ | : लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | १२४ |
| तालिका १/५.३.१ | : भू-उपयोग तथा आवास व्यवस्थापनका रणनीति तथा कार्यनीति | १२८ |
| तालिका २/५.३.१ | : आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन | १३० |
| तालिका ३/५.३.१ | : भू-उपयोग तथा आवास व्यवस्थापनको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य | १३७ |
| तालिका १/५.३.२ | : पार्क तथा मनोरञ्जनका रणनीति तथा कार्यनीति | १४१ |
| तालिका २/५.३.२ | : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन | १४२ |
| तालिका १/५.३.३ | : यातायातका रणनीति तथा कार्यनीति | १४७ |
| तालिका २/५.३.३ | : आवधिक प्राथमिकता : यातायात | १५१ |

तालिका ३/५.३.३ : पूर्वाधार निर्माण तथा स्तरोन्नतीका लागि नगरको उच्च प्राथमिकतामा रहेका सडक १५९
तालिका ४/५.३.३ : यातायात क्षेत्रको अपेक्षित उपलब्धि तथा परिमाणात्मक लक्ष्य १६०
तालिका १/५.३.४ : सार्वजनिक निर्माणका रणनीति तथा कार्यनीति १६२
तालिका २/५.३.४ : खानेपानी रणनीति तथा कार्यनीति १६६
तालिका ३/५.३.४ : सार्वजनिक सरसफाईका रणनीति तथा कार्यनीति १६९
तालिका ४/५.३.४ : सिँचाइका रणनीति तथा कार्यनीति १७१
तालिका ५/५.३.४ : सार्वजनिक भवन तथा पुस्तकालयका रणनीति तथा कार्यनीति १७३
तालिका ६/५.३.४ : विद्युतका रणनीति तथा कार्यनीति १७६
तालिका ७/५.३.४ : सञ्चार सेवाका रणनीति तथा कार्यनीति १७७
तालिका ८/५.३.४ : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण १७८
तााालिका ९/५.३.४ : सार्वजनिक निर्माण सेवाका अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य १९१
तााालिका १/५.४.१ : प्राकृतिक स्रोतका रणनीति तथा कार्यनीति १९५
तााालिका २/५.४.१ : वातावरणका रणनीति तथा कार्यनीति १९८
तालिका ३/५.४.१ : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण २०१
तालिका ४/५.४.१ : प्राकृतिक स्रोत तथा वातावरणको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य २१३
तालिका १/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापनका रणनीति तथा कार्यनीति २१६
तालिका २/५.४.२ : प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन २१९
तालिका ३/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापनको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य २२९
तालिका १/५.५.२ : सुशासनका रणनीति र कार्यनीति २३३
तालिका २/५.५.२ : आवधिक प्राथमिकता : सुशासन प्रवर्द्धन २३४
तालिका ३/५.५.२ : संस्थागत विकास र सुशासनको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य २३६
तालिका ६.१ : लागत अनुमानको सार संक्षेप २४०

## नक्सा सूची


| | | | |
|---|---|---|---|
| नक्सा ३.१ | : | भीमेश्वर नगरपालिको राजनीतिक विभाजन | ११ |
| नक्सा ५.१.१ | : | भीमेश्वर नगरपालिकाको कृषिका विशेष उत्पादन क्षेत्र | ३० |
| नक्सा ५.१.२ | : | भीमेश्वरका पर्यटकीय गन्तव्य | ३८ |
| नक्सा ५.१.६ | : | बेरोजगार जनसङ्ख्या रहेको घरधुरी | ५९ |
| नक्सा १/५.२.१ | : | नगरमा रहेका विद्यालय | ७० |
| नक्सा २/५.२.१ | : | तहगत आधारमा नगरका विद्यालय | ७१ |
| नक्सा ३/५.२.१ | : | आधारभूत विद्यालयको क्षमता र उपयोग | ७२ |
| नक्सा ४/५.३.१ | : | माध्यमिक विद्यालयको क्षमता र उपयोग | ७२ |
| नक्सा १/५.२.१ | : | विद्यालय बाहिर रहेका बालबालिका | ७६ |
| नक्सा २/५.२.१ | : | माध्यमिक विद्यालयमा भौतिक र शैक्षिक सुविधा | ७९ |
| नक्सा ३/५.२.१ | : | आधारभूत विद्यालयमा भौतिक र शैक्षिक सुविधा | ७९ |
| नक्सा १/५.२.२ | : | नगरमा रहेका स्वास्थ्य संस्था | ८७ |
| नक्सा २/५.२.२ | : | स्वास्थ्य संस्थाको सेवा क्षेत्र | ९७ |
| नक्सा ३/५.२.२ | : | दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था | १०७ |
| नक्सा ४/५.२.२ | : | अपांगता भएका व्यक्ति बढी भएको क्षेत्र र स्वास्थ्य संस्था | १०८ |
| नक्सा १/५.२.३ | : | भीमेश्वर नगरपालिकाको प्रमुख सम्पदा स्थल | ११२ |
| नक्सा ५.३.१ | : | नगरपालिकाको संकलित जी.पी.एस. तथ्याङ्कको आधारमा भवनहरूको प्रयोग | १२६ |
| नक्सा ५.३.२. | : | नगरका पार्क तथा मनोरञ्जन स्थल | १४० |
| नक्सा ५.३.३ | : | पूर्वाधार विकासको उच्चतम प्राथमिकतामा रहेका सडक | १५३ |
| नक्सा १/५.३.४ | : | पाइपको खानेपानीको पहुँचमा नरहेका परिवार | १८० |
| नक्सा २/५.३.४ | : | वडागत रुपमा निजी र सार्वजनिक धाराको उपयोग | १८० |
| नक्सा ३/५.३.४ | : | आफ्नै शौचालय नभएका परिवार | १८३ |
| नक्सा ४/५.३.४ | : | मोबाइल फोन नभएका परिवार | १८६ |
| नक्सा ५/५.३.४ | : | विद्युत सेवा नपुगेका वा मिटर जडान नभएका घरधुरी | १८७ |
| नक्सा १/५.४.१ | : | घरदैलो फोहोर संकलन गरिएका घरघुरीहरू | २०५ |
| नक्सा २/५.४.१ | : | काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी | २१० |
| नक्सा ५.४.२ | : | नगरमा रहेका आपत्कालीन प्रतिकार्यको संस्थागत क्षमता | २२५ |

# खण्ड १
# प्रारम्भिक

## १.१. परिचय

विक्रम सम्बत् २०५३ सालमा स्थापित भीमेश्वर नगरपालिका विभिन्न ग्रामीण इकाईहरू समावेश गरी स्थापना भएको नगर भएकोले शहरी विकासको योजनाबद्ध पद्धति र मापदण्डको पूर्ण पालना गरेर यहाँका सेवा प्रदायक निकाय वा सेवा केन्द्र तथा अन्य पूर्वाधार तयार भएको होइनन् । समुदायको अग्रसरता तथा स्वविवेकका आधारमा नगरको विकास वर्तमान स्तरमा पुगेको हो । यसका बावजुत विकासलाई योजनावद्ध रुपमा अघि बढाउन र नगरको विकासको विगतदेखि भएका कमीमा सुधार गरी अपेक्षित स्तरमा पुर्‍याउन नगरले विकासको प्रयासलाई सकेसम्म वैज्ञानिक बनाउने प्रयास गरेको छ । यस नगरपालिकाले सीमित रुपमा आवधिक प्राथमिकता निर्धारण तथा वार्षिक विकास योजना र बजेट बनाउँदा नेपाल सरकारले तोकेको विधि र मापदण्डको पालना गर्दै विकासलाई योजनावद्ध बनाउनेतर्फ विगतमा प्रयास गरेको भएता पनि दीर्घकालीन समग्र विकास योजना निर्माण र कार्यान्वयनले मूर्त रुप पाउन सकेको थिएन । संवैधानिक रुपमा अधिकार सम्पन्न स्थानीय सरकार गठन भएपछि स्रोत साधनको उपयोगलाई थप उपलब्धीमूलक बनाउने प्रयास भइरहेको भए पनि स्रोतको उपलब्धता र विकासको आवश्यकताका बिचमा सन्तुलन कायम गर्न योजना निर्माणलाई थप सहभागितामूलक र व्यापक बनाउनु पर्ने आवश्यकता महसुस गरी विकास र सेवाको क्षेत्रगत नीति, योजना, कार्यक्रम र लगानीको प्राथमिकता निर्धारणमा दिशानिर्देश गर्ने मार्गदर्शक दस्ताबेजका रुपमा नगरले पहिलो पटक बृहत् योजना निर्माण गरेको हो । पहिलो पटक तयार गर्दा सबै विषयको समान गहिराईमा पुगेर योजना बनाउने कुरामा रहेका सीमितता जीवन्त दस्ताबेजका रुपमा रहने बृहत् योजना समयक्रममा थप विस्तृत बन्दै जाँदा पूरा हुँदै जानेछ ।

भीमेश्वर नगरपालिकाले नागरिक सहभागितामा विधिमा आधारित नगर वृहत योजना तयार पारेको छ । नगरको अवस्था पहिचानका लागि गरिएको घरधुरी सर्वेक्षणको विधिबाट तयार गरिएको नगर पार्श्वचित्र २०७६ तथा जनस्तरमा भएको व्यापक विषय केन्द्रित छलफल, नगरका विषयगत शाखा केन्द्रित रहेर गरिएको क्षेत्रगत सबल र कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) विश्लेषण तथा नगरस्तरीय योजना तर्जुमा निर्देशक समिति नगर कार्यपालिका एवं विषयगत समितिस्तरमा भएको छलफलका आधारमा तयार पारिएको नगरको समष्टिगत लक्ष्य तथा क्षेत्रगत योजनाको प्रारम्भिक मस्यौदामाथि नगर कार्यपालिकामा थप छलफल गरी योजना तर्जुमाको प्रारम्भिक चरणमा गरिएका समस्या पहिचान र सुझाव संकलन प्रक्रियामा सहभागी नागरिक र सम्बन्धित सबैका लागि अध्ययन र पृष्ठपोषणका लागि सार्वजनिक गरियो । टोल, वडा तथा नगर स्तरमा अध्ययन तथा छलफल र अन्तरक्रिया गरी पृष्ठपोषण उपलब्ध गराउन आम नगरवासीलाई अवसर उपलब्ध गराइएकोमा सुझाव संकलन गरी पृष्ठपोषण उपलब्ध गराउने प्रक्रियामा पालिकाको विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ अन्तर्गत गठित नागरिक सल्लाहकार परिषद्ले समन्वयकारी भूमिका निर्वाह गरेको थियो । यसरी सार्वजनिक गरिएको मस्यौदामा वडा र नगरस्तरीय छलफलबाट आएको पृष्ठपोषण समेत समावेश गरी योजनालाई अन्तिम रुप दिइएको हो ।

बृहत् योजनाको उद्देश्य विकासका कार्यक्रमलाई जनताको अपेक्षा अनुरुप अघि बढाई थप उपलब्धिमूलक बनाउन तथा लगानीको मौद्रिक सार्थकता हाँसिल गर्नमा सहयोग गर्नु भएको तथा यसमा समेटिएका क्षेत्रको व्यापकताका कारणले आगामी २० वर्षसम्मका लागि तय गरिएको समग्र कार्यक्रमको लागत अनुमान गरी विश्वसनीय आँकडा प्रस्तुत गर्न सहज नभएता पनि नगरलाई स्रोत जुटाउन र आवधिक कार्यक्रमलाई वार्षिक योजना तथा बजेटको अंग बनाउन सहयोग पुग्ने गरी आवधिक कार्यक्रम कार्यान्वयनको मोटामोटी लागत भने अनुमान गरिएको छ। तथापि कतिपय कार्यक्रमलाई वार्षिक योजना तर्जुमाका क्रममा थप विस्तृत बनाउनुपर्ने तथा कतिपय मध्यकाल र दीर्घकालका कार्यक्रम सम्भाव्यता अध्ययनका आधारमा थप परिभाषित गर्नुपर्ने भएकोले समग्र कार्यक्रमको लागत विश्लेषण यस योजनामा निर्धारित प्राथमिकताका आधारमा क्षेत्रगत नीति तथा योजना तयारीका क्रममा तयार पारी आवधिक रुपमा यस योजनालाई समेत थप विस्तृत बनाउँदै लगिने छ। यो दस्ताबेज जीवन्त दस्ताबेजका रुपमा रहने भएकोले कतिपय विषय पहिलो पटक प्रस्तुत गर्दा समेट्न नसकिएकोमा समयक्रममा आम नागरिकको सुझावको आधारमा त्यस्ता कार्यक्रम समेटी यसलाई परिमार्जन गर्दै लगिने छ।

## १.२. बृहत् योजनाको कानुनी आधार र सान्दर्भिकता

नगरको समष्टिगत लक्ष्य, उद्देश्य नीति तथा प्राथमिकताका आधारमा विकासका कार्यक्रमलाई नतिजामूलक बनाउने कामको नेतृत्व स्थानीय तहले नै गर्न सकेमा मात्र समृद्ध नेपालः सुखी नेपालीको सोच हाँसिल हुन सक्ने हुनाले भीमेश्वर नगरपालिकाले नगरवासीको सुख र समृद्धिलाई केन्द्रमा राखेर विस्तृत योजना निर्माणको कार्य अघि बढाएको हो। नगरको आन्तरिक स्रोत बढाउने तथा सीमित स्रोत र साधनको उपयोगलाई उपलब्धिमूलक बनाउनु कुनै पनि योजना निर्माणको प्रमुख उद्देश्य हो। सीमित स्रोत र साधनको आदर्श उपयोगको सुनिश्चितताको नगरवासीको चाहना पूरा गर्नमा योगदान गर्न नगरवासीकै सहभागितामा तयार गरिएको दस्ताबेज हो। नगरको सेवा प्रवाह र विकासका कार्यक्रम तर्जुमालाई निर्देशित गर्न तयार गरिएको बृहत् नगर योजनाले विकास र समृद्धिको जनचाहना पूरा गर्न लाग्ने समय कम गर्न र नगरको विकास प्रयासको प्रभावकारिता बढाउनमा योगदान गर्नेछ।

नगरले आफ्नो वार्षिक विकास योजना तर्जुमा र प्राथमिकीकरण गर्दा दीर्घकालीन रणनीति र मध्यकालीन विकास योजनालाई आधार बनाउन सक्ने वातावरण निर्माणका आधारको रुपमा यो योजना निर्माण गरिएको हो। बृहत् योजनाले नगरपालिकाको राजस्व सुधारको विधि निर्धारण र कार्यान्वयन, पुँजी सुधार कार्यक्रम निर्माण तथा भू-उपयोग योजना तयारीमा पनि योगदान गर्ने अपेक्षा गरिएको छ। दीर्घकालीन विस्तृत योजना, मध्यकालीन विकास योजना र वार्षिक विकास कार्यक्रम निर्माणको सबै प्रक्रियामा नागरिकहरूको कार्यात्मक संलग्नतामार्फत् मात्र विकास कार्यक्रमको प्रभावकारिता र दीगोपना सम्भव छ। विकास कार्यक्रमप्रति आमनगरवासीले अपनत्वको महसुस गर्ने वातावरणका लागि पनि सबै प्रक्रियामा बढी भन्दा बढी नागरिकहरूको सहभागिता आवश्यक हुन्छ।

यस पृष्ठभूमिमा नेपालको संविधान २०७२ को धारा ५७ (४) को अनुसुची ८ मा उल्लिखित स्थानीय सरकारको अधिकारसुची र धारा ५९ मा उल्लिखित विकास आयोजना सम्बन्धी प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, १२, १४, १५ र २४ को अधिनमा रही दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नागरिकहरूको सहभागितामा व्यवस्थित र प्रभावकारी रुपमा नगरपालिकाको विस्तृत योजना (Comprehensive Plan) तर्जुमा गर्ने सम्बन्धमा आधारभूत प्रक्रिया र विधि निर्धारण गर्न भीमेश्वर नगरपालिकाले विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ जारी गरी सोही कार्यविधिका आधारमा पहिलो पटक आफ्नो बृहत् नगर योजना तयार गरेको छ। नगरको एकल अधिकार तथा संविधानले साझा अधिकारको रुपमा राखी स्थानीय सरकार सञ्चालन ऐनमार्फत् स्पष्ट गरिएका विषयका साथै जनताको घरदैलोमा रहेको सरकारबाट जनताले गर्ने अपेक्षा पूरा गर्नमा निर्वाह गर्नपर्ने व्यवहारिक रुपमा नगरमा रहेको जिम्मेवारीका विषयलाई समेत ध्यानमा राखेर यो योजना तयार गरिएको हो।

कार्यविधिमा नगरको विस्तृत योजनाको आवश्यकता, योजना तर्जुमामा ध्यान दिनुपर्ने विषय, योजना निर्माण प्रक्रिया, योजना तर्जुमाका क्रममा जन सहभागिताको विधि र प्रक्रिया, विभिन्न पक्ष तथा निकायको भूमिका, योजना कार्यान्वयन तथा परिमार्जन लगायतका विधि निर्धारण गरिएको छ ।

कुनै पनि विकास योजना निर्माण कार्य विकासको गन्तव्य निर्धारक र दिशानिर्देशक हो । तथापि परिवर्तित सन्दर्भलाई आत्मसाथसहित त्यसमा आवश्यक सुधार र परिमार्जन गर्दै विकासका योजना कार्यान्वयन हुने कुराको प्रत्याभूति आम नागरिकलाई दिलाउन सकेमात्र राज्यप्रति नागरिकको विश्वास प्राप्त हुनेछ । त्यसलै भीमेश्वर नगरपालिकाले बृहत् योजनामा नगरवासीको अपनत्व सुनिश्चितताका साथै नगरवासीको परिवर्तित आवश्यकता सम्बोधन गर्दै यसलाई समयक्रममा अद्यावधिक गरी जीवन्त बनाई राखिने छ । यसरी नगरको समग्र विकास योजनालाई मार्गदर्शन गर्ने कानुनी आधारको रुपमा समेत बृहत् योजना निर्माण गरिएको हो।

## १.३. बृहत् योजनाको क्षेत्र र सीमा


भीमेश्वर नगरपालिकाको बृहत् योजनाले नगरको विकास र सेवा प्रवाहका प्रमुख क्षेत्रहरूलाई समेट्ने प्रयास गरेको छ भने नगरको आन्तरिक स्रोत विस्तार र बाह्य स्रोत प्राप्तिमा समन्वयका विषय समेत समेटिएको छ । विगतदेखि विकासका क्षेत्र विभाजनको अभ्यासमा प्रयोग गरिएको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण र विपद् व्यवस्थापन तथा संस्थागत विकास र सुशासन जस्ता विषयगत क्षेत्र अन्तर्गतका विशिष्ठ सेवा क्षेत्र समेटेर यो बृहत् योजना तयार गरिएको हो । विगतमा खास विषयगत क्षेत्रमा नरहेका भू-उपयोग, नगरको शान्ति सुरक्षा जस्ता विषयलाई पनि उपयुक्त विषयगत क्षेत्रभित्र राखिएको छ। सूचनाको विश्वसनीयताका लागि नगर आफैंले घरधुरी सर्वेक्षण गरी नगर पार्श्वचित्र तयारी तथा केन्द्रित समूह छलफलमार्फत् आम नागरिकको धारणा संकलनको विधिमार्फत् बृहत् योजनालाई वास्तविक समस्याको केन्द्रसम्म पुगेर समस्या समाधानको आधार पहिल्याउने माध्यमका रुमपा अघि बढाउन खोजिएको छ। योजना तर्जुमा प्रक्रियामा भएका केन्द्रित समूह छलफल प्रतिनिधिमूलक रुपमा हुनु तथा वडास्तरसम्मका हरेक विशिष्ठ गतिविधि र क्षेत्रगत वार्षिक कार्यतालिका समावेश नहुनुलाई यो योजनाको सीमितताका रुपमा लिन सकिन्छ । यो योजनाले अन्तिम रुप पाउँदै गर्दा सिर्जित कोभिड १९ को महामारीले नगरलाई समेत प्रभावित पारेको अवस्थामा भावी दिनमा पर्नसक्ने राजस्व तथा विकास कार्यक्रममा पर्नसक्ने दीर्घकालीन प्रभाव आँकलन गरी दीर्घकालीन योजनाको अंग बनाउन नसकिनुलाई पनि योजनाको सीमितताका रुपमा लिन सकिन्छ। यो समग्र मार्गदशक दस्तावेजका रुपमा रहने हुनाले आफ्नै विशिष्ठता र स्वभाविक सीमितता रहन्छन् । यद्यपि जीवन्त दस्तावेजका रुपमा पहिलो पटक तयार पारिएको यस बृहत् योजनालाई स्थानीय कार्यविधिमा तोकिए बमोजिम आवधिक रुपमा परिस्कृत गर्ने क्रममा र योजनाले तय गरेका प्राथमिकता अनुसारको क्षेत्रगत नीति, रणनीति तथा योजना निर्माण भएसँगै यो सीमितता पूरा हुनेछ ।

# खण्ड २
# बृहत् योजना तर्जुमा विधि

## २.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक

भीमेश्वर नगरपालिकाको नगर विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ ले निर्धारण गरेका विधि र प्रक्रिया मार्फत् बृहत् योजना तयार पारिएको हो । योजना तर्जुमाका लागि सुझाव संकलनका क्रममा सहभागी भएर आ-आफ्नो राय राख्न आम नागरिकलाई प्रदान गरिएको खुला अवसर, मस्यौदाको हरेक विषयमा नगरका जनप्रतिनिधिहरू तथा विषयगत शाखा बिचमा भएको व्यापक छलफलले यो योजनालाई अधिकतम जनसहभागितामा आधारित बनाएको छ । मस्यौदा अध्ययन र पृष्ठपोषणका लागि सार्वजनिक गरी सुझाव गर्ने विधिबाट नागरिक सहभागितामा रहेका कमी पूर्तिको थप प्रयास समेत गरिएको थियो ।

भीमेश्वर नगरपालिकाले बृहत् योजनाको समग्र प्रक्रियामा नगरपालिकालाई प्राविधिक सहयोगका लागि सहयोगी संस्थाको प्राविधिक सहयोग लिएको थियो । यसका लागि नगरले तपसिल अनुसारको चरणहरू निर्धारण गरेको थियो ।



भीमेश्वर नगरपालिकाले निर्धारण गरेको विस्तृत योजना तर्जुमा प्रक्रियामा आम नागरिकको अधिकतम् सहभागिताका लागि वडा तथा नगरस्तरमा नागरिक केन्द्रित संरचना अर्थात् वडास्तरीय विषयगत समिति तथा नगरस्तरीय नागरिक सल्लाहकार परिषद् निर्माण गरेको थियो भने योजना तर्जुमाको मुख्य भूमिका भने नगरपालिका स्वयंले लिएको थियो । बृहत् योजनाको समग्र प्रक्रियामा विभिन्न पक्षको भूमिकालाई विस्तृत योजना तर्जुमा कार्यविधिमार्फत् व्यवस्थित गरिएको छ । जसको प्रमुख पक्ष यहाँ प्रस्तुत छ ।

**क) नगरसभा :** नगर कार्यपालिकाले अन्तिम स्वीकृतिका लागि सभामा पेश भएपछि बृहत् योजनामाथि छलफल गरी अन्तिम स्वीकृति प्रदान गर्ने ।

**ख) योजना तर्जुमा निर्देशक समिति :** योजना निर्माण प्रक्रियाको नेतृत्व र आवश्यक नीतिगत निर्णय, सोच, लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने ।

**ग) नगर कार्यपालिका :** योजनाको मस्यौदामाथि नागरिकस्तरमा छलफलको वातावरण बनाउने तथा नागरिक सुझाव समेत लिएर बृहत् नगर योजनाको मस्यौदा तयार पार्ने, आवश्यक परिमार्जन गर्ने र मस्यौदामाथि दफावार छलफल गरी नागरिक सुझाव समेत अध्ययन गरी त्यसका आधारमा बृहत् योजनाको अन्तिम मस्यौदा स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

**ग) विषयगत समिति र शाखा :** योजना निर्माणमा आफ्नो क्षेत्रसँग सम्बन्धित सूचना संकलन, एकीकरण र विश्लेषण गरी योजना निर्माणको प्राविधिक कार्यको नेतृत्व र कार्यपालिकासँग समन्वय गर्ने ।


**घ) नागरिक सल्लाहकार परिषद :** विषयगत समिति, नगर कार्यपालिका तथा वडास्तरीय नागरिक कार्यदलसँग निरन्तर सम्पर्क र समन्वयमा रही नागरिकका तर्फबाट योजनाको मस्यौदामा पृष्ठपोषण दिने ।

**ङ) वडा समिति :** वडास्तरीय केन्द्रित समूह छलफल र नागरिक कार्यदलमा हुने छलफलहरूको सहजिकरण गर्ने र बृहत् योजनामा विषयगत कार्यदलले दिने सुझाव तथा पृष्ठपोषण, नागरिक सल्लाहकार परिषद् तथा नगरपालिकामा पठाउने ।

**च) वडास्तरीय विषयगत कार्यदल :** वडास्तरमा नागरिकका समस्या र समाधानका विकल्प बारे आम जनताको प्रतिनिधित्व गरी वडा वा नागरिक सल्लाहकार परिषद्मार्फत् नागरिक आवाजलाई नगरपालिका सम्म पुऱ्याउने, केन्द्रित समूह छलफलमा सहभागिता जनाउने तथा सहभागी जुटाउने ।


**छ) सहयोगी संस्था :** योजना तर्जुमा प्रक्रिया अन्तर्गत पूर्व तयारी, सूचना संकलन, विभिन्न तहका छलफल र मस्यौदा तयारी लगायतका कार्यहरूमा नगरपालिकालाई प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउने ।

**बृहत् योजना तर्जुमामा संलग्न संरचना तलको तालिकामा प्रस्तुत गरिएको छ ।**




वडास्तरीय विषयगत कार्यदल
(Ward Citizen Task Force)

माथि उल्लिखित प्रक्रिया तथा संस्थागत संरचनाले बृहत् योजना तयारीमा आवश्यक भूमिका निर्धारण गरेको भएता पनि योजना निर्माणको समग्र प्रक्रियालाई मुलतः तीन प्रमुख चरणमा विभाजन गरिएको थियो । जसलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।




## २.२. अवस्था विश्लेषण

बृहत् योजना निर्माणलाई नगरपालिकाको वास्तविक समस्या समाधानमा केन्द्रित गर्न नगरको वस्तुस्थिति विश्लेषण प्रक्रियालाई सकेसम्म वैज्ञानिक र सहभागितामूलक बनाउने प्रयास गरिएको थियो । वस्तुस्थिति विश्लेषणका लागि अवलम्बन गरिएको प्रमुख तीन ओटा विधि तल प्रस्तुत छ ।

- घरधुरी सर्वेक्षणमार्फत् नगर पार्श्वचित्र तयारी तथा तथ्याङ्कको थप विश्लेषण
- केन्द्रित समूह छलफलबाट नागरिक विचार संकलन
- नगरको विषयगत शाखाबाट नगरको क्षेत्रगत सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT) विश्लेषण

बृहत् नगर योजना तयारीको पूर्व तयारी स्वरुप नगरको जनसङ्ख्या, विभिन्न विकास र सेवाको स्तर र पहुँचको अवस्था लगायत महत्वपूर्ण सूचना घरधुरी सर्वेक्षणमार्फत् संकलन गरिएको थियो । नगरपालिकाहरूले निर्धारण गरेका तल उल्लिखित ५ वटा विषयगत क्षेत्र र बृहत् योजनाको लक्ष्य प्राप्तिमा योगदान पुग्ने गरी अन्य क्षेत्र समेत समेटेर नागरिकको आवश्यकता पहिचान र योजना निर्माण सम्बन्धी समुदायस्तरीय छलफल गरिएको थियो ।

सर्वसाधारण नगरवासीले नगरपालिका (स्थानीय सरकार) बाट प्राप्त गर्नु पाउने आधारभूत सेवा जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, विद्युत, सिँचाइ, कृषि तथा पशु प्राविधिक सेवा आदिले बृहत् योजनामा पर्याप्त स्थान पाउने सुनिश्चितताका लागि विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रको समूह बनाइएको थियो ।

**तालिका २.२ : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र**

| क्र.सं. | विषयगत क्षेत्र | प्रमुख क्षेत्र अन्तर्गतका उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक विकास | कृषि र पशुपालन, स्वरोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुङ्गे पुल, सिँचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार, पार्क, खेल मैदान आदि, यातायातको वैकल्पिक माध्यम |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् पूर्व तयारी र प्रतिकार्य |
| ५ | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | मानव संशाधन विकास, संस्थागत क्षमता विकास, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, सूचनाको हकको प्रत्याभूति, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन आदि । |

माथि उल्लिखित विषयगत क्षेत्रलाई तल उल्लिखित मुख्य विषयमा समाहित गरिएको थियो भने संस्थागत विकास र सुशासनलाई सबै क्षेत्रको अन्तर सम्बन्धित सवालका रुपमा समेटी समुदाय र नगरस्तरमा छलफल गरिएको थियो ।

| | |
|---|---|
| क्षेत्र १ : भू-उपयोग | क्षेत्र २ : आर्थिक विकास |
| क्षेत्र ३ : यातायात | क्षेत्र ४ : सार्वजनिक निर्माण |
| क्षेत्र ५ : वातावरण | क्षेत्र ६ : शिक्षा |
| क्षेत्र ७ : स्वास्थ्य | क्षेत्र ८ : आपत्कालीन सेवा क्षेत्र |
| क्षेत्र ९ : प्राकृतिक स्रोत साधन | क्षेत्र १० : आवास विकास |
| क्षेत्र ११ : पार्क तथा मनोरञ्जन | क्षेत्र १२ : ऐतिहासिक/साँस्कृतिक सम्पदा संरक्षण |

हरेक क्षेत्रका समस्या तथा समाधानका उपायका सम्बन्धमा नागरिकले आफ्नो राय स्वतन्त्र रुपमा राख्न सक्ने र खास व्यक्तिको धारणाले अन्यको भावना प्रस्तुतीलाई सीमित नगर्ने गरी वडास्तरमा भौगोलिक क्षेत्र, पेशा तथा व्यवसाय एवं महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकसहितको सहभागिता सुनिश्चित हुने गरी छलफल सञ्चालन गरिएको थियो । सहयोगी संस्था तथा नगरको सम्बन्धित शाखाका प्रतिनिधिको सहजिकरणमा केन्द्रित समूह छलफल गरी सबैको सुझाव छलफलकै समयमा टिपोट गर्ने व्यवस्था मिलाइएको थियो । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा कार्यपालिका र नगर सभा सदस्यबाट यो प्रक्रियाको अनुगमन र सुपरिवेक्षण गरिएको थियो । वडागत छलफलको अन्त्यमा सहभागीबाट नगरको दूरदृष्टि निर्धारणका लागि सुझाव लिइएको थियो । प्रक्रियामा भीमेश्वरका सबै वडाबाट ६०० भन्दा बढी नगरवासीको प्रत्यक्ष सहभागिता थियो ।

केन्द्रित समूह छलफलबाट प्राप्त नागरिकको विचार तथा सुझाव एकीकृत गरी समस्या र समाधानका उपायको वडागत सँगालो तयार गरिएको थियो । त्यसैगरी केन्द्रित समूह छलफल, नगर पार्श्वचित्र, अन्य नीतिगत दस्ताबेज तथा बाह्य स्रोतका सूचना समेत समावेश गरी सम्बन्धित क्षेत्रमा नगरको सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती विश्लेषण गरिएको थियो । विश्लेषणको सारांश यो योजनामा समेटिएको छ भने विस्तृत विवरण नगरले आवश्यकता अनुसार उपयोग गर्ने गरी संग्रहित गरेको छ ।

## २.३. मस्यौदा तयारी र पृष्ठपोषण

नगरको वस्तुस्थिति विश्लेषण पछि सबै क्षेत्रका समस्या समाधानका उपायका सन्दर्भमा नागरिकको सुझाव पुनरावलोकन गरी नगर प्रमुखको संयोजकत्वमा नगर कार्यपालिका तथा विषयगत शाखासहितको बैठकबाट नगरको दूरदृष्टि र दीर्घकालीन लक्ष्य निर्धारण गर्नुका साथै प्राविधिक समूहले तयार पारेको क्षेत्रगत लक्ष्य, उद्देश्य, नीति तथा प्राथमिकतासहितको बृहत् योजनाको क्षेत्रगत प्रारम्भिक मस्यौदामाथि सम्बन्धित विषयगत समितिले विस्तृत रुपमा छलफल गरी नगर पार्श्वचित्रको प्रारम्भिक मस्यौदा तयार गरिएको हो । प्रारम्भिक मस्यौदा तयारी पछि मस्यौदालाई पूर्णता दिने र पृष्ठपोषण लिने प्रक्रिया निम्नानुसार निर्धारण गरिएको थियो ।

- नगर कार्यपालिकामा बृहत् योजनाको एकीकृत मस्यौदामाथि छलफल गरी आवश्यक परिमार्जन सहित नगरिकस्तरीय टिप्पणी तथा पृष्ठपोषणका लागि सार्वजनिकिकरण
- नागरिक सल्लाहकार परिषद्को नेतृत्वमा वडागत छलफल तथा नगरस्तरीय सार्वजनिक सुनुवाई
- नागरिक सल्लाहकार परिषद्बाट नागरिकस्तरमा संकलित सुझाव एकीकृत गरी नगरपालिकामा पेश

## २.४. मस्यौदा स्वीकृति र सार्वजनिकिकरण

नगर कार्यपालिकाबाट यस सार्वजनिक गरिएको मस्यौदामाथि जनस्तरमा भएका छलफल तथा व्यक्तिगत टिप्पणी र सुझाव अध्ययन गरी बृहत् योजनालाई आवश्यकता अनुसार नगर कार्यपालिकाले आवश्यक परिमार्जनसहित अन्तिम रुप दिएको हो । जसलाई थप स्वीकार्य र कानुनी हैसियत प्रदान गर्न नगर सभामा पेश गरी स्वीकृत गर्ने योजना समेत रहेको छ । यो योजना सार्वजनिकिकरण भएसँगै कार्यान्वयनको प्रक्रिया समेत अघि बढ्नेछ ।

## २.५. बृहत् योजना कार्यान्वयन

बृहत् योजना समग्र विकास योजना तथा कार्यक्रमको मार्गदर्शक नीतिगत दस्तावेजका रुपमा रहने छ । यसमा उल्खिखित नीति तथा कार्यक्रम नगरपालिकाले निर्धारित प्राथमिकता अनुसार नै कार्यान्वयन गर्नेछ । बृहत् योजना कार्यान्वयनको अवस्थाको समीक्षा तथा आवश्यकता अनुसार परिमार्जन पनि समय समयमा गरिने छ, कम्तिमा हरेक ३ वर्षमा योजना कार्यान्वनको समीक्षा र परिमार्जन गरिने छ । योजना कार्यान्वयन, परिमार्जन वा संशोधनको प्रक्रियालाई पनि अधिकतम सहभागितामूलक बनाइने छ । यो योजनाले सुझाएका विभिन्न क्षेत्रगत नीति, कानुन, रणनीति तथा योजना निर्माण र कार्यान्वयनलाई पनि प्राथमिकताका साथ अघि बढाइने छ । यो प्रक्रियाको सहजिकरणका लागि प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण हुने गरी एक नगरस्तरीय योजना शाखा निर्माण गरिने छ । यो प्रक्रियालाई थप संस्थागत गर्न दीर्घकालमा नगरस्तरको योजना आयोगको परिकल्पना पनि गरिएको छ ।

योजनाको कार्यान्वयन, समय समयमा नागरिक सुझावका आधारमा परिमार्जन तथा योजनाको तथ्यमा आधारित नागरिक खबरदारीको माध्यमबाट योजनाको सान्दर्भिकता निरन्तर कायम भइराख्ने अपेक्षा गरिएको छ । स्थानीय कानुन बमोजिम निर्माण भएको यो योजनामा थपघट तथा परिमार्जनका लागि पनि कानुनमा निर्धारित सहभागितामूलक पद्धतिको अधिकतम् उपयोग गरिने छ ।

## २.६. योजनाको समीक्षा तथा परिमार्जन

यो निश्चित अवधि समाप्त हुने आवधिक योजना नभई निरन्तर अद्यावधिक हुने र समान अवधि कायाम रही रहने जीवन्त दस्ताबेज हो । सामान्यतया वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाका लागि अल्पकालीन कार्यक्रमलाई प्राथमिकता दिइने हुनाले हरेक २ वा ३ वर्षमा मध्यकालीन प्राथमिकतालाई मुख्य आधार बनाएर नयाँ अल्पकालीन कार्यक्रम निर्धारण गर्ने र मध्यकालीन र दीर्घकालीन कार्यक्रमलाई सोही क्रममा अद्यावधिक गरिन्छ ।

बृहत् योजना नीतिगत र कानुनी समेत भएकोले गर्दा संशोधन वा परिमार्जन पनि तर्जुमा कै अंग भएकोले त्यसका लागि पनि विस्तृत योजना तर्जुमा कार्यविधिले तोकेका प्रावधान अनुसार सहभागितामूलक पद्धति अवलम्बन गरिनेछ । संशोधनको समहभागिमूलक पद्धति नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । योजना संशोधन र परिमार्जनको अन्तिम निर्णय भने नगर कार्यपालिका र सभाबाट नै हुन्छ । बृहत् योजनामा उल्लिखित लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम संशोधन वा परिमार्जन गर्दा यहाँ प्रयोग गरिएका नम्बर वा अक्षरका संकेतलाई आधार मानी तल उल्लिखित विधि अनुसार गरिन्छ ।

**तालिका २.६ : बृहत् योजना परिमार्जन वा संशोधन**

| संशोधन गर्नुपर्ने विषय | हालको व्यवस्था | गरिएको परिवर्तन |
|---|---|---|
| **लक्ष्य :** परिवर्तन गरिने निश्चित विषयगत क्षेत्र वा उपक्षेत्रको लक्ष्य (उदाहरणका लागि शिक्षा क्षेत्रको लक्ष्य) | संशोधन अघिको लक्ष्य जस्ताको तस्तै | सो लक्ष्य निम्नानुसार हुनेगरी परिमार्जन गरिएको) (नयाँ लक्ष्य उल्लेख गर्ने) |
| **उद्देश्य :** सम्बन्धित क्षेत्र तथा (वा) उपक्षेत्रको उद्देश्य नं.... | संशोधन अघिको उद्देश्य जस्ताको तस्तै | उल्लिखित उद्देश्य हटाइएको वा निम्नानुसार हुने गरी परिमार्जन गरिएको (नयाँ उद्देश्य उल्लेख गर्ने) |
| **रणनीति र कार्यनीति :** सम्बन्धित क्षेत्रको उद्देश्य अन्तर्गतको परिवर्तन गरिने रणनीति तथा कार्यनीति नम्बर वा संकेत | संशोधन अघिको रणनीति तथा कार्यनीति जस्ताको तस्तै | नम्बर वा संकेत.....को रणनीति, कार्यनीति वा दुबै हटाइएको वा निम्नानुसार हुने गरी परिमार्जन गरिएको (नयाँ रणनीति र कार्यनीति उल्लेख गर्ने) |
| **आवधिक प्राथमिकता :** सम्बन्धित प्राथमिकता तालिका नं .......को कार्यक्रम (जस्तै, क,ख....) तथा प्राथमिकता (अल्पकालीन, मध्यकालीन वा दीर्घकालीन अन्तर्गतको कार्यक्रम संकेत वा नम्बर (जस्तै, १,२... वा १.१..) | परिवर्तन गरिने हालको कार्यक्रम जस्ताको तस्तै | तालिका नं. .... अवधि... र कार्यक्रमको संकेत वा नम्बरसहित .... कार्यक्रम हटाइएको वा निम्नानुसार हुने गरी परिमार्जन गरिएको (नयाँ कार्यक्रम उल्लेख गर्ने) |


समग्र योजना परिमार्जन गर्दा भने सहभागितामूलक पद्धतिमार्फत् हुने गरी परिमार्जन वा पुनर्लेखनको क्रममा सो कार्यलाई थप सहज बनाउन आवश्यकता अनुसार अन्य विधि वा ढाँचा तयार गरिने छ ।

# खण्ड ३
# नगर परिचय

## ३.१. पृष्ठभूमि

भीमेश्वर नगरपालिका वि.सं. २०५३ सालमा तत्कालीन चरिकोट, माटी, दोलखा र मकैबारी गा.वि.स.हरू समावेश गरेर स्थापना गरिएको हो। वि.सं. २०७३ सालमा पुनः साविकको सुष्पाक्षमावती, बोच र लाकुरीडाँडा गा.वि.स.हरू भीमेश्वर नगरपालिकामा थप गरी हालको भीमेश्वर नगरपालिका संघीय स्वरूपमा पुनः संरचना एवम् पुनर्गठन गरिएको हो। यस नगरपालिकालाई ९ वटा वडाहरूमा विभाजन गरिएको छ। २७ डिग्री ३६ मिनेट उत्तरदेखि २७ डिग्री ४४ मिनेट उत्तरी अक्षांशसम्म र ८५ डिग्री ५८ मिनेट पूर्वदेखि ८६ डिग्री ६ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल १३२.५ वर्ग कि.मि. रहेको छ। यस नगरपालिकाको पूर्वमा वैतेश्वर गाउँपालिका, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा कालिञ्चोक गाउँपालिका एवं सिन्धुपाल्चोक जिल्ला र दक्षिणमा शैलुङ्ग गाउँपालिका पर्दछन्। पहाडी प्रदेश अन्तर्गत पर्ने र न्यूनतम ८४० मिटर (चर्नावती त्रिवेणीधाम) देखि अधिकतम ३५४९ मिटर (गणेश थुम्की) सम्मका उचाईमा रहेको यस नगरपालिका प्राकृतिक विविध विविधतायुक्त छ।

**नक्सा ३.१ : भीमेश्वर नगरपालिको राजनीतिक विभाजन**



नेपालको बागमती प्रदेशमा पर्ने दोलखा जिल्लाको सदरमुकाम सहितको भीमेश्वर नगरपालिका ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक, प्राकृतिक र पर्यटकीय दृष्टिकोणले प्रसिद्ध एवम् रमणीय नगरपालिका हो । आफ्नो मूर्तिमा पसिना उत्पन्न गरेर देशमा प्राकृतिक हलचल, अनिष्ट र राजनीतिक परिवर्तनको पूर्व सूचना दिने सहश्र अवतारको देवताका रूपमा परिचित भीमेश्वरको नामबाट यस नगरपालिकाको नामाकरण गरिएको छ । भीमेश्वर मन्दिर नेपालकै एउटा महत्वपूर्ण धार्मिक पर्यटन केन्द्र समेत हो । यस नगरपालिकाको केन्द्र 'चरिकोट' नेपालको राजधानी काठमाडौंबाट १३३ कि. मि. उत्तरपूर्वमा अवस्थित छ । भीमेश्वर मन्दिर, त्रिपूरा सुन्दरी मन्दिर, मञ्जुश्री मन्दिर, वाराणसी मन्दिर, महाङ्काल मन्दिर, चर्नावती (त्रिवेणीधाम) चरिघ्याङ गुम्बा यहाँको प्रसिद्ध धार्मिक स्थल हुन भने कालिञ्चोक भवगती मन्दिर प्रवेशद्वारको रूपमा समेत यस नगरपालिकामा रहेको छ ।

पर्यटकीय महत्व बोकेका स्थानहरूको सम्पर्क बिन्दुको रुपमा रहेको चरिकोट तथा दोलखा बजार तुलनात्मक रुपमा बढी सुविधा सम्पन्न भएकोले ती क्षेत्रको जनघनत्व अन्यत्रको भन्दा बढी रहेको छ भने अन्य क्षेत्रको भौतिक विकासले भर्खरै गति लिन थालेको छ । तथापि स्वास्थ्य, शिक्षा, सरसफाई आदिको सचेतनासहित सामाजिक विकासको स्तरमा भने नगरभित्र धेरै हदसम्म समानता रहेको छ । तथापि नगर केन्द्रको तुलनामा सेवा प्रवाहका भौतिक पूर्वाधारको उपलब्धता बाह्य वडाहरूमा कम रहेको छ ।

सामान्यतया भू-उपयोग योजनामार्फत् बस्ती तथा अन्य क्षेत्र विभाजन गरी सोही अनुसारका पूर्वाधार विस्तार गरेर मात्र बसाइएको शहरलाई योजानावद्ध र सुब्यवस्थित शहरको रुपमा लिन सकिन्छ । नेपालका अधिकांश स्थानीय तह जस्तैः भीमेश्वर पनि योजनावद्ध शहरी विकासको विधिमार्फत् निर्माण नभएको हुनाले सुव्यवस्थित नगरका सबै विशेषता यस नगरमा छैन । तथापि आगामी दिनमा हुने पूर्वाधार विकास र सेवा प्रवाहको विधिलाई थप व्यवस्थित बनाउन र विकास निर्माणको विगतको अभ्यासमा रहेका कमी कमजोरीलाई सुधार गर्दै भीमेश्वरवासीको सुख र समृद्धिको दीगो आधार निर्माणका लागि नगरवासीको अधिकतम् सहभागितामार्फत् नगरको पहिलो बृहत् योजना तयार गरिएको छ। यसले नगरको सबै संयन्त्रलाई गतिशील बनाई सीमित स्रोत र साधनको अधिकतम उपयोगमार्फत् भीमेश्वरको विशिष्ठ पहिचान निर्माणमा टेवा पुग्ने विश्वास गरिएको छ ।

## ३.२. क्षेत्रगत वस्तुस्थिति

यस योजनाले समेटेका विभिन्न क्षेत्र तथा उपक्षेत्रको वर्तमान अवस्था विश्लेषण सम्बन्धित क्षेत्रमा नै गरिएको छ । यद्यपि सबै क्षेत्रको वस्तुस्थिति सम्बन्धी सामान्य झलक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२ : सबै क्षेत्रको वस्तुस्थिति सम्बन्धी सामान्य झलक**

| विषयगत क्षेत्र र उपक्षेत्र | हालको अवस्था |
|---|---|
| **१. आर्थिक विकास** | |
| १.१. कृषि तथा पशुपालन | ● ५७.६ प्रतिशत परिवार कृषिमा आवद्ध रहेका<br>● कृषि र पशुपालन क्षेत्रमा संलग्न परिवारको कृषिबाट औसत वार्षिक आय रु. ५० हजार भन्दा कम रहेको<br>● खेतीपातीमा संलग्न ५,९१० परिवार मध्ये ९२ प्रतिशतले अन्नबाली र ७१ प्रतिशत तरकारी लगाउने गरेको<br>● नगरले कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादन प्रवर्द्धनमा जोड दिइरहेको<br>● कृषि क्षेत्र क्रमशः व्यवसायिकतातर्फ उन्मुख रहेको<br>● नगरमा रहेका रोजगार (पूर्ण) जनसङ्ख्याको १८ प्रतिशत कृषि क्षेत्रमा आवद्ध रहेका |

| विषयगत क्षेत्र र उपक्षेत्र | हालको अवस्था |
|---|---|
| १.२. पर्यटन | ● भीमेश्वर मन्दिर, माहांकाल मन्दिर, खरीढुंगा क्षेत्र लगायत ८५ वटा पर्यटकीय र पर्यटन सम्भाव्य क्षेत्र पहिचान भएको ।<br>● कालिञ्चोक, जिरी, शैलुङ्ग आदि जाने पर्यटकका लागि भीमेश्वर प्रवेश बिन्दु रहेको ।<br>● पर्यटक सत्कारका लागि नगरमा ५० भन्दा बढी होटल तथा रेष्टुरेन्ट सञ्चालनमा रहेको र यिनले स्थानीय रोजगारीमा योगदान गरिरहेको ।<br>● मुल रुपमा आन्तरिक (देश भित्रका) र केही रुपमा बाह्य पर्यटक नगरमा आउने गरेको तर तिनको यथार्थ विवरण नभएको । |
| १.३. उद्योग र वाणिज्य | ● ११३२ वटा पसल तथा व्यवसाय सञ्चालनमा रहेका र ७५ वटा घरेलु, साना तथा मझौला उद्योग सञ्चालनमा रहेका तथा उद्योग वाणिज्य क्षेत्रमा करिब १५०० व्यक्ति रोजगार रहेको ।<br>● व्यापार व्यवसाय मूलतः चरिकोट केन्द्रित रहेको र बजार विस्तार क्रमशः भइरहेको |
| १.४. राजस्व, वित्त तथा आर्थिक पूर्वाधार | ● नगरले व्यापारिक प्रयोजनमा लगाई आयआर्जन गर्न सक्ने गरी २ वटा व्यापारिक भवन निर्माण भइरहेको ।<br>● आर्थिक गतिविधि प्रवर्द्धनमा केन्द्रित सडक जस्ता पूर्वाधारमा नगरको सबैभन्दा धेरै लगानी रहेको<br>● आन्तरिक राजस्व वार्षिक बजेटको करिब ५ प्रतिशत (करिब ४ करोड) रहेको ।<br>● कुल बजेटमा पुँजीगत खर्चको हिस्सा ४० प्रतिशत रहेको । |
| १.५. सहकारी | ● नगरमा ११४ वटा सहकारी संस्था रहेका ।<br>● सहकारी क्षेत्रमा १९४ जना रोजगार रहेका । |
| १.६. सीप, आय तथा रोजगारी | ● आफ्नै आम्दानीले वर्षभर खानपुग्ने परिवार ७२.२८ प्रतिशत रहेको ।<br>● २५.२१ प्रतिशत काम गर्ने उमेरको जनसङ्ख्या पूर्ण वा आंशिक बेरोजगार रहेको । |
| **२. सामाजिक विकास** | |
| २.१. शिक्षा | ● सामुदायिक आधारभूत विद्यालय ३० वटा रहेका ।<br>● सामुदायिक माध्यमिक विद्यालय ११ वटा रहेका ।<br>● संस्थागत (निजी) आधारभूत विद्यालय ६ वटा रहेका ।<br>● संस्थागत (निजी) माध्यमिक विद्यालय ७ वटा रहेका ।<br>● प्राविधिक धार सञ्चालन भएका विद्यालय ४ वटा रहेका ।<br>● १५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ५९ प्रतिशत रहेको ।<br>● आधारभूत तहको खुद भर्नादर ९१% रहेको ।<br>● माध्यमिक तहको खुद भर्नादर ३०% रहेको ।<br>● आधारभूत तहको कक्षा छाड्नेदर २०% रहेको ।<br>● माध्यमिक तहको कक्षा छाड्नेदर ४०% रहेको ।<br>● आधारभूत तहको सिकाइ उपलब्धीदर ६०% रहेको ।<br>● माध्यमिक तहको सिकाई उपलब्धीदर ४८% रहेको । |
| २.२. स्वास्थ्य | ● ५ वटा स्वास्थ्य चौकी, ५ वटा शहरी स्वास्थ्य केन्द्र ३ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ४ वटा वर्थिङ सेन्टर, १३ वटा गाउँघर क्लिनिक र ३ वटा निजी स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको तथा १८ वटा खोप क्लिनिक सञ्चालनमा रहेका ।<br>● नगरमा एक आयुर्वेद स्वास्थ्य केन्द्र रहेको ।<br>● नगर भरी ११६ महिला स्वास्थ्य स्वयंसेविकाहरू सेवारत रहेका ।<br>● न्याय हेल्थमार्फत् प्राथमिक स्वास्थ्य केन्द्रवाट निःशुल्क औषधीसहितको स्वास्थ्य सेवा प्रवाह भइरहेको ।<br>● नगरपालिकाको स्वामित्वमा रहेको र प्राथमिक स्वास्थ्य केन्द्रबाट सञ्चालित एम्बुलेन्स र अन्य संघसंस्थामार्फत् सञ्चालित समेत ५ वटा एम्बुलेन्स सञ्चालनमा रहेका । |

| विषयगत क्षेत्र र उपक्षेत्र | हालको अवस्था |
|---|---|
| | ● पूर्ण खोपयुक्त नगरपालिका सुनिश्चितता कार्यक्रम नियमित रुपमा सञ्चालनमा रहेको ।<br>● घर घरमा गएर नागरिकको स्वास्थ्य जाँचको कार्यक्रम र स्वास्थ्य शिविरमार्फत् घरदैलो र समुदायमा स्वास्थ्य सेवा दिने अभ्यास नगरले गर्ने गरेको ।<br>● नगरपालिकामा Upper Respiratory Tract Infection (URTI) Cases, Gastritis(APD), Falls/ Injuries/ Fractures, टाउको दुख्ने, दाँत सम्बन्धी समस्या आदि बढी देखिने स्वास्थ्य समस्या रहेको ।<br>● नगरपालिकामा बढी देखिने दीर्घ रोगहरूमा मुटु रोग, दम, मधुमेह, रक्तचाप, ग्याष्ट्रिक आदि रहेको ।<br>● नगरभित्र एउटा रक्त सञ्चार केन्द्र रहेको ।<br>● नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम भीमेश्वर नगरपलिकामा लागु भई नसकेको ।<br>● भीमेश्वर नगरपालिकामा दरबन्दी अनुसारका स्वास्थ्य शाखामा आवश्यक कर्मचारी र स्वास्थ्य संस्थाहरूमा दक्ष र पर्याप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, स्वास्थ्य उपकरण चलाउन सक्ने दक्ष जनशक्तिहरूको कमी रहेको । |
| २.३. सम्पदा संरक्षण | ● सम्पदाको दृष्टिकोणले नगरको आफ्नै विशिष्टता र प्रशस्त विविधता रहेको ।<br>● ऐतिहासिक, धार्मिक, तथा साँस्कृतिक नगरी भएकोले नगरमा प्रशस्त मूर्त तथा अमूर्त सम्पदा अवस्थित रहेको ।<br>● एउटा प्राचीन बस्तीलाई 'सम्पदा बस्ती' का रुपमा सुचिकृत गरिएको ।<br>● नगरको आदिबासी, जनजाति र लोपोन्मुख समुदायको भाषा, लिपी, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएको । |
| २.४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ● ५ वर्ष माथिका महिला र पुरुषको साक्षरतादर क्रमशः ६८ प्रतिशत र ८३ प्रतिशत रहेको ।<br>● सम्पत्तीमा (विशेषगरी घर जग्गामा) महिला स्वामित्व २९ प्रतिशत रहेको ।<br>● मातृ मृत्युदर प्रति लाख जिवित जन्ममा ४ प्रतिशत रहेको । |
| **३. पूर्वाधार विकास** | |
| ३.१. भू-उपयोग तथा आवास व्यवस्थापन | ● जनसङ्ख्या, व्यवसायिक तथा प्रशासनिक क्षेत्र, ऐतिहासिक क्षेत्र आदि सहित वडा नं. २, ३ र ६ यस नगरपालिकाको शहरी केन्द्र र बाँकी वडा ग्रामीण बसोबास, कृषि तथा पशुपालन, वन क्षेत्र, अन्य प्राकृतिक स्रोत, र केही खानी/खनिज उत्खनन् सम्भाव्य क्षेत्रका रुपमा रहेका ।<br>● भू-उपयोग योजनाबाट व्यवस्थित नभएको र मिश्रित भू-उपयोगमा आधारित स्वरुप र संरचना रहेका ।<br>● नगरको ग्रामीण भेगका महत्वपूर्ण भू-भाग वन क्षेत्रले ओगटेको ।<br>● नगरमा ऐतिहाँसिक र पूरातात्विक क्षेत्र छुट्याएको ।<br>● भूमिको अवैज्ञानिक तथा परस्पर विरोधी (Land Use Conflict) प्रयोग, लालपुर्जा/नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक साँध/सिमानामा प्रायः समानता नभएको ।<br>● नगरपालिकाका कुल घर परिवारमध्ये सबैभन्दा बढी, ५९.६४ प्रतिशत परिवार बस्ने घरहरू पक्की, १४.८२ प्रतिशत परिवारहरू बस्ने घर अर्धपक्की, १४.८० प्रतिशत घर परिवारहरू भुप्रो/छाप्रो/टहरा र १०.६४ प्रतिशत कच्ची घरमा बसोबास गर्ने गरेको । |
| ३.२. पार्क तथा मनोरञ्जन | ● नगरमा एउटा टुँडिखेल, विभिन्न खुला क्षेत्र तथा मैदान रहेका विभिन्न पार्क तथा मनोरञ्जन स्थलको पहिचान गरिएको ।<br>● कतिपय पार्कहरू समुदायस्तरबाट व्यवस्थापन भइरहेको । |

| विषयगत क्षेत्र र उपक्षेत्र | हालको अवस्था |
|---|---|
| ३.३. यातायात | ● ५९.८२ घरधुरी सडक सञ्जालमा आवद्ध रहेका, २१.३१ प्रतिशत घरधुरी कालोपत्रे सडकमा आवद्ध रहेका र ५.१२ प्रतिशत ग्रावेल सडकमा जोडिएका ।<br>● नगरमा कालोपत्रे सडक करिब ४० कि.मि. रहेको र बाँकी सडक सामान्यतया: धुले सडकका रुपमा रहेको ।<br>● स्थानीय यातायात सेवा सञ्चालनमा नरहेको तर बाह्य सार्वजनिक यातायातले केही रुपमा स्थानीय यातायातको आवश्यकता पनि पूरा गरिरहेको । |
| ३.४. सार्वजनिक निर्माण (खानेपानी र सरसफाई समेत) | ● चरिकोट साना शहरी खानेपानी आयोजना र अन्य साना मझौला खानेपानी आयोजनाबाट खानेपानी सेवा प्रवाह भइरहेको र ९५ प्रतिशत भन्दा बढी परिवार पाइपमा आधारित खानेपानीको पहुँच रहेको ।<br>● ५४.४४ प्रतिशत परिवारमा खानेपानीको पहुँच रहेको ।<br>● एउटा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको प्रक्रिया अघि बढेको ।<br>● सार्वजनिक ढलको पहुँच नगरवासीमा नरहेको ।<br>● ९९ प्रतिशत परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेका ।<br>● ८१ प्रतिशत भन्दा बढी परिवारमा एक वा सो भन्दा बढी मोबाइल फोन रहेको ।<br>● मोबाइल डाटा बाहेकको इन्टरनेट सेवा प्रयोगकर्ता १२ प्रतिशत रहेका । |
| **४. वन, वातावरण र विपद् व्यवस्थापन** | |
| ४.१. प्राकृतिक स्रोत र वातावरण | ● तामाकोसी नदीको किनार तथा चर्नावति खोला र तामाकोसीको दोभान समुन्द्री सतहबाट ७०० मिटरदेखि गणेश थुम्की ३५०० मिटरसम्ममा विभिन्न किसिमका हावापानी, वन, वनस्पति रहेका ।<br>● माथिल्लो उच्च हिमाली क्षेत्रको वनमा विभिन्न वनस्पतिका प्रजातिहरू एवं जंगली जनावरहरू एवं विभिन्न प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू नगर क्षेत्रमा पाइने ।<br>● ७७.८ वर्ग कि.मि. (७७८० हेक्टर) क्षेत्रफलमा फैलिएको वनजङ्गलले कुल भू-भागको ५८ प्रतिशत ओगटेको ।<br>● ६८ वटा सामुदायिक वनहरू रहेका र तिनले ५८२८.८६. हेक्टर क्षेत्रफल ओगटेको ।<br>● चर्नावती खोला र तामाकोशी, मच्याङ्ग खोला, कुथली खोला, छहरा खोला इत्यादि नदीहरू नगरपालिका भएर बहने ।<br>● भूतपोखरी, सीमपानी पोखरी, शिव पोखरी खरिढुङ्गा, राजकुलेश्वर रानी पोखरी, पाखलती पोखरी, टहले पोखरी, सीम पोखरी, रानी पोखरी जस्ता सार्वजनिक पोखरी नगरमा रहेका ।<br>● विभिन्न हरियाली पार्क तथा उद्यानहरू जस्तै: मञ्जुश्री पार्क, वृन्दावन महाङ्काल पार्क, इको पार्क, रामजानकी हरियाली पार्क, इन्द्रसिंहदेव पार्क इत्यादि समेत रहेका ।<br>● ढुङ्गा, चुनढुङ्गा, फलाम, गिट्टी, बालुवा लगायतको खानी रहेको ।<br>● खरी, म्याग्नेसाइट, स्लेट आदि उपलब्ध हुन सक्ने सम्भावना पनि रहेका ।<br>● नगरको वातावरण र हावापानी स्वच्छ रहेको भए पनि शहरी क्षेत्रमा भने स्वच्छता र सरसफाईको समस्या रहेको ।<br>● नगर आफैं र समन्वयमा नगरभित्र विभिन्न सघंसंस्थाहरूले वातावरण क्षेत्रमा कार्य गर्ने गरेको । |
| ४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन | ● भूक्षय, बाढी, पहिरो, नदी कटान, सडक दुर्घटना, चट्याङ, असिना पानी, जंगली जनावर लगायतबाट विपद् जोखिम रहेको ।<br>● २०७२ को भूकम्प पछिको पुनरनिर्माणका कार्य अन्तिम चरणमा रहेको ।<br>● विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको र नगरमा विपद् हेर्न फोकल पर्सन तोकिएको ।<br>● वडा नं. ८ र ९ को सामुदायिक विपद् व्यवस्थापन योजना (रेड परियोजनाको जालाधार क्षेत्र पर्ने साविकका गा.वि.स.) बनेका ।<br>● विपद् प्रतिकार्य कोष रहेको जसमा प्रारम्भमा रु. ५ लाख रकमबाट कोषको शुरुवात भएको र वार्षिक रुपमा कोषका लागि बजेट विनियोजन हुने व्यवस्था रहेको । |

| विषयगत क्षेत्र र उपक्षेत्र | हालको अवस्था |
|---|---|
| ४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन | ● स्पेयर मापदण्ड अनुसार इभ्याकुएशन केन्द्रहरू २ वटा वडामा तयार भएका र एउटामा तयार हुने क्रममा रहेको ।<br>● आपत्कालीन आश्रयस्थलको रुपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुला स्थान, सामुदायिक भवन र पार्कहरू रहेका ।<br>● नगरका केही वडामा खोज तथा उद्धार सामग्रीको पूर्व व्यवस्था रहेको ।<br>● नगरमा ४ जना नगर प्रहरीको व्यवस्था भएको ।<br>● एउटा दमकल र अन्य सरोकारवालाबाट सञ्चालित एम्बुलेन्सबाट नगरवासीलाई आपत्कालीन सेवा प्रवाह भइरहेको । |
| **५. संस्थागत विकास तथा सुशासन** | |
| ५.१. संस्थागत विकास | ● नगरमा प्रमुख प्रशासकीय अधिकृतको प्रशासनिक नेतृत्वमा सबै विषयगत क्षेत्रमा अधिकृतस्तरको दरबन्दीसहितको जनशक्तिको व्यवस्था तथा आधारभूत उपकरणको प्रबन्ध भएको ।<br>● सबै विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र हेर्ने फोकल पर्सन तथा सम्बन्धित विषयगत क्षेत्रको समन्वयकर्तासहितको कर्मचारीको व्यवस्था हुन बाँकी रहेको ।<br>● कार्यपालिका अन्तर्गतको विषयगत समितिहरूले सम्बन्धित क्षेत्रको समन्वयमा नीतिगत भूमिका निर्वाह गरिरहेको ।<br>● क्षमता विकासका कार्यक्रमलाई नियमित कार्यक्रमका रुपमा सञ्चालन गर्ने गरिएको । |
| ५.२. सुशासन | ● सार्वजनिक सुनुवाई लगायतका सामाजिक जवाफदेहिताका औजार प्रयोगमा रहेको ।<br>● सहभागितामूलक योजना तर्जुमा र कार्यान्वयनलाई संस्थागत गरिएको ।<br>● समुदायस्तरको योजना अनुगमन इकाई सहित वडा र नगरस्तरबाट विकासका कार्यक्रमको अनुगमन हुने व्यवस्था रहेको ।<br>● सूचनाको हक सम्बन्धी कानुन कार्यान्वनमा रहेको । |

## ३.३. नगरको जनसाङ्ख्यिक अवस्था

भीमेश्वर नगरपालिकाले २०७५ सालमा सम्पन्न गरेको घरपरिवार तथ्याङ्क सङ्कलन प्राप्त तथ्याङ्क अनुसार नौ वटा वडासहित कुल १३२.५ वर्ग कि. मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको १०,२५५ घरपरिवारमा १७,५३१ पुरुष, १८,४७७ महिला र लैङ्गिकता उल्लेख नगरिएको ७७ गरी कुल ३६,११५ जनसङ्ख्या रहेको छ । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसङ्ख्या भने कम अर्थात् ९५.०४ प्रतिशत देखिन्छ । नगरभित्र प्रति वर्ग किलोमिटर क्षेत्रफल जनघनत्व २७३ रहेको देखिन्छ । वडागत रूपमा तुलना गर्दा क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो वडा नं. ९ रहेको छ भने वडा नं. ३ को क्षेत्रफल सबैभन्दा कम रहेको छ । त्यसैगरी जनसङ्ख्याको हिसाबले वडा नं. ५ मा सबैभन्दा धेरै र वडा नं. ८ मा सबैभन्दा कम जनसङ्ख्या रहेको छ । वडागत विवरण अनुसार सबैभन्दा धेरै घर परिवारहरू वडा नं. ५ मा १,४९० परिवारहरू र सबैभन्दा कम वडा नं.४ मा ६७४ परिवारहरूको बसोबास रहेको छ । वडागत जनसङ्ख्या अनुसार महिला/पुरुषको अनुपात अर्थात् लैङ्गिक अनुपातमा विविधता रहेको छ । सबै वडाहरूमा महिलाको जनसङ्ख्या पुरुषको भन्दा बढी देखिन्छ । यसैगरी उमेर समूह अनुसार १५-१९ वर्षका बालबालिकाको सङ्ख्या सबैभन्दा उच्च अर्थात् ३,५९५ (९.९५ प्रतिशत) देखिन्छ । कुल जनसङ्ख्याको सबैभन्दा ठूलो हिस्सा अर्थात् ५० प्रतिशतभन्दा बढी ० वर्षदेखि २९ वर्ष उमेर समूहको रहेको छ ।


## तालिका १/३.३ : नगरको जनसाङ्ख्यिक स्थिति

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | उल्लेख नगरिएको | जम्मा | लैङ्गिक अनुपात | परिवारको औसत आकार | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १,२७२ | २,१३५ | २,२८४ | - | ४,४१९ | ९३.४८ | ३.४७ | २१.७८ | २०३ |
| २ | १,०९९ | १,७१७ | १,८६६ | ८ | ३,५९१ | ९२.०२ | ३.२७ | ११.८९ | ३०२ |
| ३ | १,१८९ | २,०८३ | २,१८६ | - | ४,२६९ | ९५.२९ | ३.५९ | ४.९९ | ८५६ |
| ४ | ६७४ | १,५१० | १,५१५ | - | ३,०२५ | ९९.६७ | ४.४९ | ५.०१ | ६०४ |
| ५ | १,४९० | २,९३१ | २,९४२ | - | ५,८७३ | ९९.६३ | ३.९४ | १६.२९ | ३६१ |
| ६ | १,३०४ | २,२५८ | २,३४२ | - | ४,६०० | ९६.४१ | ३.५३ | ५.३३ | ८६३ |
| ७ | ९९१ | १,४९६ | १,६५६ | - | ३,१५२ | ९०.३४ | ३.१८ | २१.५७ | १४६ |
| ८ | ९८७ | १,३५८ | १,५१२ | - | २,८७० | ८९.८१ | २.९१ | १७.९३ | १६० |
| ९ | १,२५० | २,०७३ | २,१७४ | ६९ | ४,३१६ | ९५.३५ | ३.४५ | २७.७१ | १५६ |
| **जम्मा** | **१०,२२५** | **१७,५६१** | **१८,४७७** | **७७** | **३६,११५** | **९५.०४** | **३.५२** | **१३२.५** | **२७३** |

*स्रोत : नगर पार्श्वचित्र,२०७५*

माथिको तालिकामा देखाइए अनुसार नगरपालिकामा रहेका कुल १०,२५५ परिवारमध्ये २ देखि ३ जना सदस्य सङ्ख्या भएको परिवार सबैभन्दा धैरै ४,१८५ अर्थात् ४०.८१ प्रतिशत रहेको छ। दोस्रोमा ४ देखि ५ जना सदस्य सङ्ख्या भएको परिवार ३,९५९ अर्थात् ३८.६१ प्रतिशत र तेस्रोमा १ जना मात्र सदस्य भएको परिवार १,०१८ अर्थात् ९.९३ प्रतिशत रहेका छन्। त्यस्तै ६ देखि ७ जना सदस्य सङ्ख्या भएको परिवार ९०६ अर्थात् ८.८३ प्रतिशत रहेका छन् मौलिक भने ८ जना भन्दा बढी सदस्य सङ्ख्या १७५ अर्थात् १.७१ प्रतिशत रहेको छ। समग्र तथ्याङ्कलाई हेर्दा २ देखि ३ जना मात्र भएको परिवारको सङ्ख्या ४०.८१ प्रतिशत रहेको छ।

## उमेरसमूह अनुसार जनसंख्याको विवरण



माथि प्रस्तुत जनसङ्ख्याको पिरामिड २०७५ मा गरिएको घरधुरी तथ्याङ्क सङ्कलनबाट प्राप्त जनसङ्ख्याको आधारमा तयार गरिएको हो । जसमा भीमेश्वर नगरपालिकाको जनसङ्ख्याको लैङ्गिक अनुपात र विभिन्न उमेर समूहको संरचनाको चित्रण गरिएको छ । नगरपालिकामा विभिन्न उमेर समूह मध्ये १०-१४ उमेर समूह, १५-१९ उमेर समूह, २०-२४ उमेर समूह र २५-२९ का जनसङ्ख्या सबैभन्दा धेरै रहेको छ जहाँ कुल जनसङ्ख्याको सबैभन्दा ठूलो हिस्सा ० वर्षदेखि २९ वर्षसम्मको उमेर समूह रहेको छ। यो उमेर समूहको जनसङ्ख्या भनेको आत्मनिर्भर भई नसकेको जनसङ्ख्या पनि हो भने अहिलेको तुलनामा नगरपालिकाभित्र अर्को दुई, तीन दशकभित्र श्रमशक्ति धैरै संख्याले बढ्ने आधार पनि हो । जसले गर्दा नगरभित्र बढी भन्दा बढी रोजगारको आवश्यकता पर्छ। लैङ्गिक अनुपातको हिसाबले उक्त उमेर समूहका पुरुषको संख्या महिलाको तुलनामा घट्दै गएको देखिन्छ। बैदेशिक वा अन्य अवसरका लागि नगर बाहिर जाने गरेको कारण गणनाका क्रममा पुरुषहरूको न्यून उपस्थिति भएको नगरको अनुमान छ। तथापि यसको यथार्थ विवरण छैन। वर्तमान अवस्थाले आगामी २० वर्षमा ज्येष्ठ नागरिकको संख्या बढ्ने देखिन्छ।

**तालिका २/३.३ : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसङ्ख्याको विवरण**

| वडा नं. | परिवार संख्या | अक्सर बसोबास गर्ने जनसङ्ख्या | | | | अनुपस्थित जनसङ्ख्या | | | जम्मा जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | नखुलेको | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | नखुलेको | जम्मा |
| १ | १,२७२ | २,१३५ | २,२८४ | - | ४,४१९ | २५१ | १०८ | ३५९ | २,३८६ | २,३९२ | | ४,७७८ |
| २ | १,०९९ | १,७१७ | १,८६६ | ८ | ३,५९१ | २५९ | १५४ | ४१३ | १,९७६ | २,०२० | ८ | ४,००४ |
| ३ | १,१८९ | २,०८३ | २,१८६ | - | ४,२६९ | २९३ | ११३ | ४०९ | २,३७९ | २,२९९ | | ४,६७८ |
| ४ | ६७४ | १,५१० | १,५१५ | - | ३,०२५ | ७५ | २० | ९५ | १,५८५ | १,५३५ | | ३,१२० |
| ५ | १,४९० | २,९३१ | २,९४२ | - | ५,८७३ | ६७ | ६ | ७३ | २,९९८ | २,९४८ | | ५,९४६ |
| ६ | १,३०४ | २,२५८ | २,३४२ | - | ४,६०० | १४४ | ३६ | १८० | २,४०२ | २,३७८ | | ४,७८० |
| ७ | ९९१ | १,४९६ | १,६५६ | - | ३,१५२ | ७५७ | ४६३ | १,२२० | २,२५३ | २,११९ | | ४,३७२ |
| ८ | ९८७ | १,३५८ | १,५१२ | - | २,८७० | २८४ | ३८ | ३२२ | १,६४२ | १,५५० | | ३,१९२ |
| ९ | १,२५० | २,०७३ | २,१७४ | ६९ | ४,३१६ | ३१७ | १६४ | ४८१ | २,३९० | २,३३८ | ६९ | ४,७९७ |
| **जम्मा** | **१०,२२५** | **१७,५६१** | **१८,४७७** | **७७** | **३६,११५** | **२,४५०** | **१,१०२** | **३,५५२** | **२०,०११** | **१९,५७९** | **७७** | **३९,६६७** |

माथिको तालिकामा देखाइए अनुसार कुल ३५५२ जना नगरमा स्थायी ठेगाना भई विभिन्न प्रयोजनमा नगर बाहिर बसोबास गर्ने गरेको देखिन्छ। कोभिड १९ को महामारीको प्रभावसँगै त्यसमध्ये कतिपय नागरिक नगरभित्र आई लामो समय नगरमा नै बसोबास गर्ने अपेक्षा गरिएको छ।

## ३.३.१. जनसङ्ख्या प्रक्षेपण

बृहत् योजनाले भविष्यको अनुमानित जनसङ्ख्याको आवश्यकता सम्बोधन गर्नुपर्ने हुन्छ। भीमेश्वर नगरपालिकाको दूरदृष्टि, दीर्घकालीन लक्ष्य, उद्देश्य तथा कार्यक्रम तय गर्दा तलको तालिकामा उल्लेख गरिएको जनसङ्ख्यालाई आधार बनाइएको छ । जनसङ्ख्या प्रक्षेपण गर्न केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त नगरपालिकाको विगतका वि.सं. २०२८ सालदेखिको दश-दश वर्षको अवधिमा संकलित जनसङ्ख्या तथा नगरद्वारा सञ्चालन भएको पारिवारिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई लिइएको छ । नगरपालिकाको

जनसङ्ख्याको पूर्वानुमान गर्दा विभिन्न समयमा भएको राजनीतिक परिवर्तनसँगै स्थानीयको पुनर्संरचनाहरूमा आधारित भएता पनि सम्पूर्ण भीमेश्वरको हालको संरचनासँग मिल्ने गरी मिलाउन कोसिस गरिएको छ ।

नेपालमा विभिन्न समयमा भएको राजनीतिक परिवर्तनसँगै केन्द्र र स्थानीयको पुनर्संरचना हुँदा चरिकोट, माटी, दोलखा, मकैबारी, सुष्पाक्षमावती र बोंच २०४६ साल अघि गाउँ पञ्चायत, २०४६ र २०७३ को बिचमा गाउँ विकास समिति भएका थिए । लाकुरीडाँडा भने २०४८ सालमा तत्कालको बोंच गा.वि.स.को दुई वटा वडाहरू टुक्रिएर निर्माण भएका थियो । यसरी विभिन्न समयमा पुनरसंरचना हुँदै चरिकोट, माटी, दोलखा, मकैबारी, सुष्पाक्षमावती, बोंच र लाकुरीडाँडालाई समावेश गरेर हालको भीमेश्वर नगरपालिका निर्माण भएको हो । संघीय संरचना अनुसार साबिकको सुष्पाक्षमावतीलाई वडा नं. १, दोलखालाई वडा नं. २ र चरिकोट बजारलाई वडा नं. ३, ४ र ६, माटीलाई वडा नं. ५, मकैबारीलाई वडा नं. ७, बोचलाई वडा नं. ८ र लाकुरीडाँडालाई वडा नं. ९ गरी जम्मा ९ वटा वडाहरूमा विभाजन गरिएको छ ।

त्यसकारण, विगत २०२८ सालदेखि हालसम्म भीमेश्वरको जनसङ्ख्या निकाल्दा साबिकको गाउँ विकास समिति/गाउँ पञ्चायतहरू चरिकोट, माटी, दोलखा, मकैबारी, सुष्पाक्षमावती, बोंच र लाकुरीडाँडाको जनसङ्ख्यालाई आधार मानिएको छ ।

## ३.३.२ जनसङ्ख्या प्रक्षेपण विधि

जनसङ्ख्या प्रक्षेपणमा रेखीय वृद्धिदर (Linear Growth Rate) ज्यामितीय वृद्धिदर (Geometric Growth Rate), घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) तथा समूहगत आंशिक पद्धति (Cohort Component Method) आदि उपयोग गर्न सकिने भएता पनि समूहगत आंशिक पद्धति (Cohort Component Method) निकै उपयुक्त हुन्छ । यस पद्धतिले प्रजनन्दर, मृत्युदर, तथा प्रवासनदरलाई मध्यनजर गर्दछ । तर, सानो क्षेत्रफल तथा समूहगत विभाजित जनसाङ्खिकीय तथ्याङ्कको अभावमा यी परिमाण अनुमान गर्न असम्भव हुन्छ ।

भीमेश्वर नगरपालिकाको सन्दर्भमा २०२८ देखि २०४८ सम्म यहाँको जनसङ्ख्या वृद्धिदर घट्दो क्रममा देखिन्छ । साथै, २०५८-६८को जनगणना अनुसार, यस नगरले नकारात्मक जनसङ्ख्या वृद्धिदर (Negative Growth Rate) प्रविष्ट गर्दछ । यसका कारणहरू सशस्त्र द्वन्द्व, वैदेशिक रोजगारी तथा शैक्षिक अवसरका लागि हुने आन्तरिक तथा अन्तर्राष्ट्रिय आप्रवाशन रहेको हुनसक्छ । यद्यपि २०७५ मा गरिएको घरधुरी सर्वेक्षण अनुसार, २०६८ को गणना भन्दा करिब ३,५०० ले जनसङ्ख्या वृद्धि भएको देखिन्छ । यसैगरी २०७३ मा भएको नयाँ राज्य संरचना तथा संघीय शासन प्रणालीको स्थापना तथा त्यसका आधारमा नगर सरकारमार्फत् नगरलाई थप व्यवस्थित र थप बसोबासयोग्य नगर बनाउनमा योगदान हुने गरी पूर्वाधार विकास, रोजगारको अवसर तथा स्थानीय नागरिकका लागि सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरिएको छ । जसका कारण, भीमेश्वर नगरपालिकाको जनसङ्ख्या वृद्धिदर आगामी वर्षहरूमा पनि बढ्ने अनुमान गरिएको छ ।

तसर्थ, २०६८-७५ को जनसङ्ख्या वृद्धिदर (१.५१%) लाई आधार मानेर २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी घातङ्कीय वृद्धिदर पद्धतिको प्रयोगद्वारा उक्त समयको जनसङ्ख्या प्रक्षेपण गरिएको छ । घातङ्कीय वृद्धिदर पद्धतिले दुईवटा समय अवधिको जनसङ्ख्या वृद्धिदरलाई अनुमान गरी भावी जनसङ्ख्या पूर्वानुमान गरिन्छ । यसका लागि नगरपालिका आफैंले गरेको २०७५ को घरधुरी सर्वेक्षणमा निर्धारित जनसङ्ख्यालाई आधार वर्षको जनसङ्ख्या मानिएको छ ।

घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) $Pt = P_0 e^{rt}$

जहाँ, Pt = 't' समय पछि हुने जम्मा जनसंख्या; $P_o$ = प्रारम्भिक जनसंख्या; e = २.७१८२८;

r= वृद्धिदर(%); र t= समय अवधि हो ।

नगरपालिकाको आगामी वि.सं. २०९८ सम्मको जनसङ्ख्या प्रक्षेपण निम्नानुसार रहने अनुमान गरिएको छ ।


**तालिका ३.३.२ : आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण**

| जनगणनात्मक जनसाङ्खिक विवरण | | जनसङ्ख्या वृद्धिदर | | पूर्वानुमानित जनसाङ्खिक विवरण (वृद्धिदर = १.५१%) | |
|---|---|---|---|---|---|
| **साल** | **जनसङ्ख्या** | **साल** | **दर (%)** | **साल** | **जनसङ्ख्या** |
| २०२८ | २०८५२ | २०२८-३८ | २.०४ | २०७८ | ३७७९२ |
| २०३८ | २५५६६ | २०३८-४८ | १.१५ | २०८३ | ४०७६२ |
| २०४८ | २८६८२ | २०४८-५८ | १.६१ | २०८८ | ४३९६५ |
| २०५८ | ३३६७७ | २०५८-६८ | - ०.३६ | २०९३ | ४७४२० |
| २०६८ | ३२४८६ | २०६८-७५ | १.५१ | २०९८ | ५११४६ |
| २०७५ | ३६११५ | | | | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग (वि.सं. २०२८-२०६८), नगर पार्श्वचित्र (वि.सं. २०७५)*

२०७५ सालको जनसाङ्खिक विवरण, भीमेश्वर नगरपालिकाको नगर प्रोफाइल निर्माण गरिने क्रममा हरेक घरधुरीमा पुगेर गरिएको सर्वेक्षणमा आधारित रहेको छ । भावी जनसङ्ख्या प्रक्षेपणका लागि सो तथ्याङ्कलाई आधार वर्षको तथ्याङ्क मानिएको छ । नगरको जनसङ्ख्या वृद्धिदर उक्त जनगणना अनुसार यस नगरपालिकाको जम्मा जनसङ्ख्या ३६,११५ रहेको थियो । २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी, १.५१ % वृद्धिदरको प्रयोग गर्दा, २०७५ को जनसङ्ख्यामा करिब १६०० ले वृद्धि भई २०७८ मा जनसङ्ख्या ३७,७९२ हुन आउने देखिन्छ । यसैगरी, सोही पद्धति र वृद्धिदरको प्रयोग गर्दा २०८३ मा ४०,७६२, २०८८ मो ४३,९६५, २० ९३ मा ४७,४२० र २०९८ मा ५११४६ जनसङ्ख्या पुग्ने अनुमान गरिएको छ ।

**२०२८ देखि २०९८ सम्मको जनसंख्या प्रक्षेपण तथा जनसाङ्खिक प्रवृत्ति**




भीमेश्वर नगरपालिकाको पहिलो बृहत् योजनाले नगरपालिकाको वर्तमान तथा भावी जनसङ्ख्याको आवश्यकता सम्बोधनका लागि पूर्वाधार व्यवस्थापन, सम्भाव्य बस्ती विकास, जनसङ्ख्याको मिश्रण अनुसार उपयुक्त रोजगारीका अवसर सिर्जना जस्ता पक्षलाई वैज्ञानिक बनाउनमा जनसङ्ख्या प्रक्षेपणको अधिकतम उपयोगको प्रयास गरिएको छ । २०७८ मा हुने राष्ट्रिय जनगणना तथा आवश्कता अनुसार नगरले गर्ने स्थानीय सर्वेक्षणका आधारमा जनसङ्ख्याको प्रवृति विश्लेषण गरी आवश्यकता अनुसार जनसङ्ख्या प्रक्षेपण र त्यसका बृहत् योजनाका खास खास प्राथमिकतालाई पनि समयक्रममा परिमार्जन गरिने छ ।

# खण्ड ४
# नगरको समष्टिगत लक्ष्य

## ४.१. नगरको मुख्य प्राथमिकता

भीमेश्वर नगरपालिकाले बृहत् योजना तयारीका क्रममा भएका वडास्तरीय विषय केन्द्रित छलफलहरूमा नगरको विकासका प्राथमिकता निर्धारण गर्नाका निम्ति नागरिकहरूको सुझाव संकलन कार्यमा सहभागितामूलक पद्धति अपनाइएको थियो । खुला मतदानको विधिबाट पहिचान गरिएको प्राथमिकता तथा नगरको मुख्य प्राथमिकताको क्षेत्र सम्बन्धमा वडास्तरमा व्यक्त विचार समेतलाई नगरको योजना तर्जुमा निर्देशक समितिस्तरमा छलफल गरिएको थियो । मत सर्वेक्षणमा भीमेश्वर नगरपालिकाभित्र शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने गरी मत जाहेर भएको थियो भने स्वास्थ्य, यातायात र आर्थिक विकासलाई क्रमशः अन्य महत्वपूर्ण प्राथमिकता क्रममा रहने गरी प्राथमिकता क्रम रहने गरी मत जाहेर भएको थियो । सोही क्रममा नगरको दूरदृष्टि निर्धारणका लागि सुझाव दिने क्रममा ९ वडाका सबैभन्दा बढी नागरिकले नगरलाई पर्यटनमा र आयआर्जन तथा रोजगारी प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्ने बताएका थिए । यसरी नगरवासीको धारणा र नगरपालिकाको समग्र हितका लागि कार्यपालिका तथा विषयगत शाखाको सहभागितामा प्राप्त सुझाव समेत राखी कृषि र पर्यटन क्षेत्रलाई आर्थिक विकासका मुख्य क्षेत्रका रुपमा लिने तथा शिक्षा र स्वास्थ्यलाई सामाजिक विकासका मुख्य क्षेत्रका रुपमा प्राथमिकताका साथ अघि बढाइने छ भने दीगो पूर्वाधार विकासलाई पनि नगरले महत्वपूर्ण प्राथमिकतामा राख्नेछ ।

## ४.२. नगरको दूरदृष्टि

घरधुरी सर्वेक्षण २०७५ को तथ्याङ्कअनुसार नगरका ५७.६ प्रतिशत परिवार कृषिमा संलग्न छन् भने करिब ४० प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । नगरका अन्न तथा तरकारी उत्पादनका लागि उपयुक्त तल्लो तटीय भेगको खेतीयोग्य जमिन, आलु उत्पादनका लागि उपयुक्त माटो र हावापानी तथा किवी खेती, सुन्तला खेती, तरकारी खेती जस्ता व्यवसायिक उत्पादनका अवसर तथा पर्यटन क्षेत्रसँग अन्तर सम्बन्धित व्यवसायको सम्भाव्यताका कारण कृषि क्षेत्र पनि नगरको महत्वपूर्ण आर्थिक स्तम्भ हुनसक्ने अवस्था छ । नगर दुध, अण्डा र मासुमा आत्मनिर्भर बन्दै गरेको अवस्था छ भने व्यवसायिक रुपमा पशुपंक्षी पालनको अभ्यास पनि बढिरहेको छ। यसरी कृषि क्षेत्रको व्यवसायीकरण र विविधिकरण तथा कृषि उत्पादनमा आधारित उद्योग व्यवसायको विकासबाट आंशिक बेरोजगारी न्यूनिकरण गर्ने र थप रोजगारी सिर्जना गर्न सकिने अवस्था छ। त्यसैले कृषि क्षेत्रलाई समृद्धिको सम्वाहकका रुपमा अघि बढाउँदै कृषि र वन पैदावारमा आधारित घरेलु तथा साना उद्योग समेतको विकासबाट नगरलाई उत्पादनशील बनाउने संकल्प यस नगरपालिकाले लिएको छ ।

भीमेश्वर आफ्नै विशिष्ठ पहिचानयुक्त ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्व बोकेको प्राकृतिक सौन्दर्यताले भरिपूर्ण नगरपालिका हो । ऐतिहाँसिक भीमेश्वर मन्दिर देशकै प्रमुख धार्मिक गन्तव्यमध्ये एक हो भने महाँकाल मन्दिर अर्को महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हो । यहाँका स्थानीय कला संस्कृति भाषाका कारण पनि यस नगरको आफ्नै विशिष्ट पहिचान छ । विश्व शान्ति बुद्ध पार्क, मयुर पार्क, हात्ती छहरा लगायत विभिन्न रमणीय पार्क तथा मनोरञ्जन स्थल, नगरको उच्च भागमा अवस्थित भ्यू-टावर, विभिन्न संरक्षित क्षेत्र, थामी संग्रहालय, खरीढुंगा क्षेत्र, महादेव पोखरी, प्रस्तावित अन्तर्राष्ट्रिय फिल्म सिटी क्षेत्र तथा विभिन्न प्रजातिका गुँरासे

वनले पर्यापर्यटनको प्रशस्त सम्भावना बोकेका छन् । भीमेश्वर, कालिञ्चोक मन्दिर, जिरी, गौरीशंकर हिमाल, शैलुङ आदि जिल्लाका पर्यटन गन्तव्य जाने प्रवेश बिन्दु पनि हो । यसका आधारमा नगरलाई पर्यटन हवको रुपमा विकास गर्न सकिने सम्भावना छ । यसका साथै यहाँको स्थानीय भाषा, कला, संस्कृति संरक्षण र तिनलाई आर्थिक सम्बन्धसहितको पर्यटकीय सम्पदाको रुपमा विकास गर्न सकिने पर्याप्त सम्भावना पनि यस नगरसँग रहेको छ । त्यसलै नगरले पर्यटन क्षेत्रलाई विकास र समृद्धिको प्रमुख आधारको रुपमा पहिचान गरेको छ ।

स्वस्थ नागरिक नगरको समग्र विकासका गति प्रदायक हुन् । नागरिकहरूको राम्रो स्वास्थ्य सुख र समृद्धिको आधार पनि हो । यही मान्यतामा आधारित स्वास्थ्य संस्थाहरूलाई भौतिक पूर्वाधारयुक्त बनाई सबै स्वास्थ्य संस्था तथा सम्बन्धित संयन्त्रको क्षमता विकास, संरचनागत सुधार र स्वास्थ्य सेवाको दायरा र गुणस्तर वृद्धि गरी आम भीमेश्वरवासीलाई स्वास्थ्य सेवाको सरल र सहज पहुँच सुनिश्चित गराउनु नगरको प्रमुख लक्ष्य हो । स्वस्थ नगर निर्माणमा टेवा पुग्ने गरी नगरलाई पूर्ण सरसफाईयुक्त, स्वच्छ र सफा नगरमा रुपान्तरण गर्नु पनि नगरको महत्वपूर्ण प्राथमिकता हो । यसका लागि नगरले आफैं र विभिन्न पक्षसँगको साझेदारीमा काम गरिरहेको छ । पूर्वाधार विकाससँगै शिक्षा क्षेत्रलाई थप जवाफदेही र गुणस्तरीय बनाउन शासकीय र व्यवस्थापकीय सुधार आवश्यक रहेको नगरको निष्कर्ष रहेको छ । सोही अनुसार शिक्षा क्षेत्रको सुधारलाई नगरले प्राथमिकतामा राखेको छ । नगरवासीलाई गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गर्नुका साथै नगरभित्र रहेको प्राविधिक शिक्षाको उपलब्धतालाई आर्थिक विकासमा योगदान गर्नसक्ने जनशक्ति उत्पादनमा जोड्दै शिक्षित नगरको पहिचान निर्माण गर्ने अठोट पनि नगरले लिएको छ । यसरी स्वास्थ्य र शिक्षित नगरको हैसियतमा पुग्ने गरी नगरले आगामी प्राथमिकता तय गर्नेछ ।

सुव्यवस्थित र दीगो पूर्वाधार विना आर्थिक गतिविधि प्रभावकारी र लाभदायक हुन नसक्ने हुनाले सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायात तथा सार्वजनिक निर्माणसँग सम्बन्धित अन्य पूर्वाधार र तिनको दीगोपनाको सुनिश्चितता नगरको महत्वपूर्ण प्राथमिकता हो । सडक, पुल, पुलेसा, खानेपानी र सरसफाईका पूर्वाधार, सिँचाइका पर्याप्त एवं उपयोगी पूर्वाधार तथा उद्योग, व्यवसाय र पर्यटन प्रवर्द्धनका लागि पर्याप्त भौतिक पूर्वाधार तयारीलाई नगरले उच्च प्राथमिकतामा राख्नेछ । यसबाट नगरले दीगो पूर्वाधारयुक्त भीमेश्वरको पहिचान प्राप्त गर्ने विश्वास लिइएको छ ।

पर्याप्त भौतिक पूर्वाधार तयारी र तिनको उचित सञ्चालन, व्यवस्थापन र पहुँच, सबै किसिमका आर्थिक सम्भावनाको अधिकतम उपयोग, स्थानीय उद्योग, व्यवसाय र पर्यटनमा आधारित रहेर उल्लिखित पृष्ठभूमिमा कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा केन्द्रित रही अन्य क्षेत्रलाई विकास र समृद्धिको पूरक क्षेत्रका रुपमा लिने गरी भीमेश्वर नगरपालिकाले आफ्नो दूरदृष्टि निम्नानुसार तय गरेको छ ।

**जैविक कृषि, पर्यटन र दीगो पूर्वाधार : शिक्षा, स्वास्थ्य र संस्कृतिले समृद्ध भीमेश्वर**

## ४.३. नगरको दीर्घकालीन लक्ष्य

नगरले आफ्नो दूरदृष्टि वा सोच हाँसिल गर्नका लागि निम्नानुसारको दीर्घकालीन लक्ष्य तय गरेको छ ।

**तालिका ४.३ : दीर्घकालीन लक्ष्य**

| | |
|---|---|
| समृद्ध भीमेश्वर | • सुव्यवस्थित, दीगो र पहुँचयोग्य भौतिक पूर्वाधार<br>• स्थानीय स्रोत र साधनको उच्चतम उपयोग<br>• आर्थिक अवसरको उपलब्धता र समान वितरण<br>• दीगो र भरपर्दो स्थानीय आय<br>• स्थानीय सुशासन र पारदर्शिता |

| | |
|---|---|
| स्वस्थ र शिक्षित नगर | • गुणस्तरीय र पहुँचयोग्य आधारभूत र माध्यमिक शिक्षा<br>• आयमूलक र व्यवहारिक शिक्षाको उपलब्धता<br>• नगरस्तरमा निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा<br>• नगरस्तरमा पहुँचयोग्य विशिष्टीकृत स्वास्थ्य सेवा<br>• पूर्ण सरसफाईयुक्त स्वच्छ र सफा नगर |
| जैविक कृषिमा आधारित उत्पादनशील नगर | • जैविक उत्पादनमा प्रभावकारिता<br>• कृषि उपज र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भरता<br>• उत्पादन विविधिकरण र व्यवसायीकरणमार्फत् स्वरोजगारी<br>• कृषि वन लगायत स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादन |
| मौलिक संस्कृतिमा आधारित पहिचान | • स्थानीय भाषा, कला र संस्कृतिको जगेर्ना, संरक्षण र प्रवर्द्धन<br>• राष्ट्रियस्तरमा भीमेश्वरको मौलिक संस्कृतिसहितको विशिष्ठ पहिचान |
| पर्यटकीय नगर | • धार्मिक, साँस्कृतिक र पर्यापर्यटनका सम्भावनको उच्चतम् प्रयोग र प्रवर्द्धन<br>• कृषि पर्यटन विकास तथा कृषि उत्पादन र पर्यटन क्षेत्र बिचको अन्तरसम्बन्ध<br>• नगरबाहिरका पर्यटन गन्तव्यका केन्द्रित पर्यटन हव<br>• पर्यटनमैत्री पूर्वाधार र सेवा |

## ४.४. अपेक्षित उपलब्धी

नगरले समग्रमा अपेक्षा गरेको उपलब्धीहरू निम्न रहेका छन्।

**तालिका ४.४ : अपेक्षित उपलब्धी**

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | आफ्नो नियमित आम्दानीले वर्ष भर खान पुग्ने परिवार | ७२ | ७५ | ८५ | १०० |
| २. | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | | | २००० | ४००० |
| ३. | ३० मिनेटको पैदलयात्रामा सहकारीमा पहुँच भएका परिवारको प्रतिशत | | | ७३ | ९० |
| ४. | कुल बजेटमा आन्तरिक राजस्वको हिस्सा (प्रतिशत) | ५ | ६ | १० | २० |
| ५. | १५ वर्षमाथिको जनसङ्ख्याको साक्षरतादर | ५९ | | | ९९ |
| ६. | १५ देखि ३९ वर्षको युवाहरूको साक्षरतादर | ८४ | | | ९९.५ |
| ७. | आधारभूत तहको खुद भर्नादर | ९१ | | | ९९ |
| ८. | माध्यमिक तहको खुद भर्नादर | ३० | | | ७० |
| ९. | विद्यालय छाड्नेदर (कक्षा ९ देखि १२) | ४० | | | ८ |
| १०. | मातृ मृत्यूदर | | | | |
| ११. | बाल मृत्यूदर | | | | |
| १२. | औसत आयु | | | | |
| १३. | नगरमा निर्माण हुने र निर्माण भएका सबै सरकारी संरचना बालमैत्री तथा अपांगमैत्री बनाउने | ० | ६० | ७० | ४० |
| १४. | महिला : उद्यममा पहिला भन्ने नारालाई साकार पार्न साना तथा लघु उद्यमलाई प्रोत्साहन गर्ने | | १ | १ | २ |
| १५. | स्थानान्तरण वा जोखिम न्यूनिकरण आवश्यक रहेको जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | | | | ० |
| १६. | कालोपत्रे सडकमा आवद्ध घरधुरी (प्रतिशत) | २१.३१ | ३५ | ५० | ७५ |

| क्र.सं. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|
| १७. | पहिचानमा आएका नक्सा/लालपुर्जा विवरण र जग्गाको वास्तविक क्षेत्रफल, साँध-सिमाना बिचका असमानता न्यूनिकरण | | ३०% | ५० % | ८० % |
| १८. | दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत) | | ३५ | ६० | ९० |
| १९. | समयवद्ध स्थानीय यातायात वा नगर बसको पहुँचमा रहेका घरधुरी (प्रतिशत) | | ४५ | ६० | ८५ |
| २०. | नगर मापदण्ड अनुसार घर कम्पाउण्डभित्र धारा जडानसहित सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसङ्ख्या (%) | २९.८३ | ५० | ७० | ९० |
| २१. | व्यवस्थित सेप्टीक ट्यांकसहितको शौचालय भएको परिवार (%) | ८९.७४ | ९५ | १०० | १०० |
| २२. | व्यवस्थित लैंगिकमैत्री सार्वजनिक शौचालय संख्या | | ५ | ७ | १० |
| २३. | ठोस फोहोर संकलन सेवाको पहुँच घरमा नै उपलब्ध भएका परिवार (प्रतिशत) | १२.९३ | ३५ | ६० | ८० |
| २४. | खाना पकाउनको लागि विद्युतको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत) | ०.०२ | ५ | ३० | ८० |
| २५. | विपद् प्रतिकार्य सामग्रीको पूर्व व्यवस्था भएका वडा | ३ | ४ | ५ | ९ |
| २६. | राजस्व भुक्तानीको अनलाइन पद्धतिमा आवद्ध करदाता (प्रतिशत) | | ७५ | १०० | |

*स्रोत : आधार वर्षको सूचना मूलतः नगर पार्श्वचित्र २०७५ मा आधारित र प्रक्षेपणहरू नगरको आन्तरिक छलफलमा आधारित ।*

## ४.५. समग्र रणनीति

नगरको दूरदृष्टि तथा बृहत्तर लक्ष्य हाँसिल गर्न लिइने प्रमुख रणनीति निम्न छन् :

१. कृषि समूह, सहकारी र कृषि उद्यममार्फत् कृषि उत्पादनमा व्यावसायीकरण र विधिकरण गर्ने र जैविक उत्पादन प्रवर्द्धन हुने गरी नगरका तर्फबाट आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्ने ।

२. पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास र सेवाको गुणस्तरीयता अभिवृद्धिमा विशेष ध्यान दिने

३. पूर्वाधारमा गरिने लगानीलाई दीगो बनाउन ठूला र बढी जनसङ्ख्यालाई लाभ दिने र दीगो प्रतिफल दिने पूर्वाधारलाई प्राथमिकतामा राखेर लगानी गर्ने ।

४. सामुदायिक विद्यालय शिक्षालाई प्रतिस्पर्धी बनाउन पूर्वाधार र शैक्षिक गुणस्तर अभिवृद्धिमा केन्द्रित उत्प्रेरणा र क्षमता विकासका कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्ने ।

५. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा समुदायको भूमिका बढाउने र सँस्कृति संरक्षणलाई पर्यटन र स्थानीय आयसँग जोड्ने ।

६. पूर्वाधारमा विकासमा आवश्यक स्रोतका लागि अन्य स्थानीय तह र निजी क्षेत्रसँग रणनीतिक साझेदारीलाई प्राथमिकतामा राख्ने ।

७. संघ, प्रदेश तथा बाह्य सहयोगी निकायसँगको सम्पर्क र समन्वयलाई थप संस्थागत र व्यवस्थित गर्नुका साथै आन्तरिक राजस्व सुधारमार्फत् प्राथमिकता प्राप्त विकास आयोजनाका लागि स्रोतको अभाव हुन नदिने ।

८. सुशासन प्रवर्द्धन, वातावरण संरक्षण तथा लैंगिक समानता र समाजिक समावेशीकरणका सवाललाई स्थानीय विकासका सबै पक्षमा मुल प्रवाहीकरण गर्ने ।

# खण्ड ५
# क्षेत्रगत योजना

यो खण्डमा नगरपालिकाले विगतदेखि विकास निर्माण र सेवा प्रवाहका लागि विभाजन गरिएको विषयगत क्षेत्र तथा ती क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको नीति तथा प्राथमिकता प्रस्तुत गरिएको छ । कृषि, पशुपालन, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र राजश्व तथा आर्थिक पूर्वाधारलाई आर्थिक विकास अन्तर्गत समेटिएको छ । सामाजिक विकास अन्तरर्गत शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण तथा लैंगिक समानता र सामाजिक समावेशीकरणका विषयहरू समेटिएको छ । भू-उपयोग तथा बस्ती व्यवस्थापन, पार्क तथा मनोरञ्जन, यातायात र खानेपानी, सरसफाई, सिँचाइ, सामुदायिक भवन, विद्युत र सञ्चार जस्ता सार्वजनिक निर्माण र सम्बन्धित सेवालाई पूर्वाधार विकास अन्तर्गत समेटिएको छ । त्यसैगरी वन, वातावरण र विपद् व्यवस्थापन अन्तर्गत प्राकृतिक स्रोत, वातावरण र विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी विषय समेटिएको छ । यो खण्डको अन्तमा नगरको सुशासन नीति समेटिएको छ । सबै क्षेत्रको पृष्ठभूमिसहित लक्ष्य, उद्देश्य र नीति तथा प्राथमिकतालाई क्रमशः प्रस्तुत गरिएको छ ।

## ५.१. आर्थिक विकास

## १. परिचय

भीमेश्वर आफ्नै विशिष्ट पहिचानयुक्त ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्व बोकेको नगर हो । नगरको अर्थतन्त्र मुख्यतयाः कृषि, पर्यटन, व्यापार/व्यवसाय, होटल, रेस्टुरेन्ट, पर्यटन जस्ता क्षेत्रमा आधारित छ । नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जाल विस्तार भएकोले आर्थिक गतिवधिका लागि क्रमशः उपयुक्त वातावरण बन्दै गएको छ । नगर बाहिरबाट रोजगारीमार्फत् गरिने आम्दानी तथा वैदेशिक रोजगार पनि यस नगरको वैकल्पिक आर्थिक आधार हो । थामी लगायत विभिन्न जातजातिको संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य सङ्ख्यामा रहेको धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । भीमेश्वर नगरपालिकाले आफ्नो प्राकृतिक स्वरूप तथा स्थानीय जातजातिको कला र संस्कृति जस्ता सम्पदामा आधारित पर्यटनलाई प्राथमिकता दिई पर्यटन पूर्वाधारमा जोड दिन आवश्यक छ । यो नगरपालिका गौरीशंकर हिमाल, कालिञ्चोक, नेपालकै स्वीटजरल्याण्डको रूपमा परिचित जिरी, सैलुङ, नेपालको हालसम्मकै ठूलो क्षमताको तामाकोशी जलविद्युत आयोजना लगायत जिल्लाभित्र तथा जिल्ला बाहिरका अन्य पर्यटकीय स्थलका लागि प्रवेशद्वार भएकाले ट्रान्जिटका रूपमा विकास गर्न सकिने अवसर छ । यसका लागि निजी क्षेत्रको सहभागितासहित ठूलो मात्रामा पर्यटन पूर्वाधारसँग सम्बन्धित क्षेत्रहरूमा लगानी भित्राउनु पर्ने देखिन्छ ।

## २. वर्तमान अवस्था

नगर जनसाङ्खिक विवरण २०७५ का अनुसार यस नगरपालिकामा ५३ वटा होटल तथा गेष्ट हाउसले पर्यटक सत्कारको सेवा उपलब्ध गराउँदै आएका छन् । नगरमा औपचारिक तथा अनौपचारिक रूपमा १,१३२ वटा पसल तथा व्यवसायिक इकाईहरू सञ्चालनमा रहेता पनि करिब ३५६ व्यवसायीहरू मात्र करको दायरामा आएका छन् ।[1] नगरमा १४ वटा बैंक, ९ वटा लघुवित्त तथा १ शय १४ वटा सहकारी संस्थाहरूले वित्तीय सहजकर्ताको भूमिका निर्वाह गरिरहेका छन् । यसलाई आधार मान्दा नगर क्षेत्रमा रोजगारी र स्वरोजगारीका विभिन्न विकल्पहरू रहेका छन् ।

नगरभित्र अन्न तथा तरकारी उत्पादनका लागि उपयुक्त तल्लो तटीय भेगको खेतीयोग्य जमिन, आलु उत्पादनका लागि उपयुक्त माटो र हावापानी तथा किवी, सुन्तला, तरकारी खेती जस्ता व्यवसायिक उत्पादनका अवसरहरू रहेका छन् । तरकारी तथा मासुजन्य कृषि वस्तुमा आत्मनिर्भर भई निकासी गर्न सकिने सम्भावना रहेको छ ।  पर्यटन क्षेत्रसँग अन्तर सम्बन्धित कृषि व्यवसायको सम्भाव्यताका कारण कृषि क्षेत्र पनि नगरको महत्वपूर्ण आर्थिक स्तम्भ हुनसक्ने अवस्था छ । तथापि अपेक्षित रूपमा कृषि क्षेत्र व्यवसायिकतातर्फ जान वा लैजान नसक्नु, भौतिक पूर्वाधारको सीमितता तथा सेवा क्षेत्रको अपर्याप्त व्यवसायिकताका कारण आर्थिक क्रियाकलापका क्षेत्र सीमित भई नगरमा पर्याप्त रोजगारी सिर्जना गर्न सकिएको छैन । जसका कारण नगरभित्र काम गर्नसक्ने उमेरका करिब २५ प्रतिशत जनसङ्ख्या पूर्ण वा आंशिक बेरोजगार रहेको अवस्था छ ।

यस नगरमा म्याग्नेसाइट, फलाम खानी, स्लेट आदि विगतमा सञ्चालन भएका उद्योगहरू बन्द अवस्थामा रहेका छन् । नगरपालिकामा दीर्घकालीन रूपमा यी क्षेत्रमा आधारित ठूला खानी तथा उद्योग सञ्चालन हुन सक्ने सम्भावना छ । विस्तृत अध्ययन प्रतिवेदन तयार भै नगरको वडा नं. ९ मा फिल्म सिटी निर्माणको लागि पूर्वाधारहरू तयार भैरहेको छ । तथापि यसका लागि संघ र प्रदेश सरकारसँगको प्रभावकारी समन्वयको आवश्यक छ । नगरको वडा नं. ७ भुलभुलेमा औद्योगिक ग्राम स्थापना स्वीकृती प्राप्त भई निर्माण पूर्वका अन्य प्रक्रिया प्रारम्भ भएको छ भने वनजन्य उद्योग सीमित रूपमा सञ्चालिनमा रहेका छन् । मिनरल

*१. भीमेश्वर नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धि सम्बन्धी चार वर्षिय कार्ययोजना (२०७५, असार)*

वाटर लगायत स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगको सम्भावना पनि नगरमा रहेको छ । स्थानीय उत्पादन तथा जडिबुटी (अमला, चुत्रो, सुगन्धवाल, सजीवन, दालचिनी, राजवृक्ष, हर्रो, बर्रो, कुरिलो) र प्राकृतिक स्रोत (खरी, म्याग्नेसाइट, स्लेट आदि) सम्भावित आर्थिक विकासका लागि उपयुक्त क्षेत्रका रूपमा रहेका छन् ।

## ३. समग्र अवसर र चुनौती

यस नगरका तल्लो तटीय क्षेत्रका अन्नबाली तथा तरकारीका लागि उपयुक्त खेतीयोग्य जमिन तथा अधिकांश क्षेत्रमा हुने आलु तथा अन्य नगदेबाली उत्पादनको वर्तमान अभ्यासलाई थप व्यवसायिक बनाउँदै कृषि उपजलाई आन्तरिक र बाह्य बजारसँग जोडेर कृषिलाई स्थानीय आर्थिक विकास र रोजगारीको भरपर्दो आधारका रुपमा विकास गर्ने अवसर नगरलाई उपलब्ध छ । नगरमा रहेका पर्यटकीय सम्पदा मात्र नभई छिमेकी स्थानीय तहमा रहेका पर्यटकीय क्षेत्रलाई समेत नगरको आर्थिक विकासमा उपयोग गर्न सक्ने अवसर समेत भीमेश्वरलाई छ । स्थानीय उत्पादन र कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगमार्फत् हुने स्थानीय उत्पादनलाई पर्यटनसँग समेत आवद्ध गरी आर्थिक गतिविधि बढाउने अवसर पनि नगरसँग रहेको छ । कृषि सहकारी तथा अन्य सहकारी र वित्तीय संस्थालाई कृषि र गैरकृषि क्षेत्रको भरपर्दो वित्तीय साझेदार बनाउने असर पनि नगरलाई छ । आर्थिक विकासका अवसरको सदुपयोग गर्दै र स्थानीय जडिबुटी तथा प्राकृतिक स्रोत समेतको उपयुक्त प्रयोगबाट स्थानीय विकासका लागि लगानीको स्रोत अर्थात् राजस्व बढाउने अवसर पनि नगरलाई छ ।

छरिएर स-साना खण्डमा परम्परागत रुपमा हुने गरेको कृषि उत्पादनलाई व्यवसायिक उत्पादन अभ्यासले प्रतिस्थापित गर्ने उत्पादनलाई एकीकृत गरी बजारसँग जोड्ने चुनौती रहेको छ । पूर्वाधारको वर्तमान अवस्थामा सुधार गरी उत्पादन र ढुवानीको लागत घटाउने तथा उत्पादनलाई सहजै बजारमा लान सक्ने गरी पूर्वाधार विकास गर्ने चुनौती पनि नगरलाई रहेको छ । लगानी सुरक्षाको प्रत्याभूति दिलाई पर्यटकको उचित सत्कारका लागि उपयुक्त मापदण्ड सहितको होटल स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई तयार बनाउने चुनौती पनि छ । स्थानीय औधोगिक उत्पादन वृद्धिका लागि अविछिन्न रुपमा बजार उपलब्धताको सुनिश्चितता र लगानी सुरक्षाको प्रत्याभूतिसहित लगानीकर्तालाई उत्प्रेरित गरी साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गराउने चुनौती पनि नगरलाई छ । बचत तथा ऋणमा केन्द्रित स्थानीय सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न लगाउने चुनौती पनि छ । घरभाडा लगायत विभिन्न घरयोग्य आयका आधारमा राजस्व संकलन गर्ने तथा सबै आयलाई राजस्वमा आवद्ध गर्ने चुनौती पनि नगरलाई छ ।

## ४. समग्र लक्ष्य

स्थानीय आर्थिक विकास र पूर्ण रोजगारीसहित समृद्ध नगर बनाउने ।

## ५. समग्र उद्देश्यहरू

१. दोहोरो अंकको आर्थिक वृद्धिदर हाँसिल गर्ने,

२. कृषि क्षेत्रलाई व्यावसायिक बनाउँदै उत्पादनशील र आयमुलक क्षेत्रको रूपमा विकास गर्ने

३. स्थानीय पहिचानसहितको पर्यटन प्रवर्द्धन गर्ने

४. स्थानीय विकासमा औद्योगिक क्षेत्रको योगदान बढाउने

५. स्थानीय राजस्व अभिवृद्धि गर्ने

६. रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने

## ६. स्तम्भहरू (उपक्षेत्र)

आर्थिक विकास अन्तर्गतका समग्र लक्ष्य र उद्देश्य परिपूर्तिमा केन्द्रित रही यस क्षेत्र अन्तर्गतको बेग्लाबेग्लै लक्ष्य र उद्देश्यसहित उपक्षेत्रगत रुपमा रणनीति, कार्यनीति र प्राथमिकता तय गरिएको छ। त्यसका लागि (क) कृषि तथा पशुपालन (ख) पर्यटन (ग) स्थानीय कच्चा पदार्थमा आधारित उद्योग र व्यवसाय(घ) आर्थिक विकासमैत्री पूर्वाधार विकासलाई आर्थिक विकासका प्रमुख स्तम्भका रूपमा पहिचान गरिएको छ भने सहकारीलाई कृषि क्षेत्र र स्वरोजगारी प्रवर्द्धनको महत्वपूर्ण सहजकर्ताको रूपमा अघि बढाउन सकेमा नगरको आर्थिक क्षेत्रलाई निरन्तर चलायमान बनाउन सकिने हुनाले सहायक स्तम्भका रुपमा लिइएको छ। साथै, आर्थिक विकासको आधारका रूपमा पहिचान भएका क्षेत्रलाई नगरको आन्तरिक राजस्व बढाउने तथा रोजगारी सिर्जना गर्ने अवसरका रूपमा समेत लिन सकिन्छ। त्यसैले कृषि तथा पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र पूर्वाधार विकास आर्थिक विकासका प्रमुख प्राथमिकताका क्षेत्रका रूपमा समेटिएका छन्। समग्र विकास प्रक्रिया अघि बढाउनका लागि आन्तरिक स्रोतको उपलब्धता सुनिश्चितता गर्ने कुरा पनि आर्थिक विकासको महत्वपूर्ण प्राथमिकता रहने भएकोले राजस्वलाई पनि यो क्षेत्रको अभिन्न अंगका रूपमा समेटिएको छ। हरेक क्षेत्रका लागि चाहिने सीपयुक्त जनशक्ति उत्पादन गर्नुका साथै रोजगारीका नयाँ अवसर सिर्जना गर्नु महत्वपूर्ण हुने भएकोले क्षेत्रगत लक्ष्य, उद्देश्य, नीति र कार्यक्रम कार्यान्वयनको अभिन्न अंगका रूपमा रोजगारी र आर्थिक अवस्थाको चित्रण गरी रोजगार प्रवर्द्धनका सवाललाई बेग्लै प्रस्तुत गरिएको छ।

# ५.१.१. कृषि तथा पशुपालन

## १. परिचय

"शिक्षित, स्वास्थ्य, उत्पादनशील र दीगो पूर्वाधारयुक्त पर्यटकीय नगर : मौलिक संस्कृतिसहितको समृद्ध भीमेश्वर" भीमेश्वरवासीहरूको सामुहिक सोच हो। यही सोचसहित अगाडि बढ्दै गरेको यो नगरलाई यसका ऐतिहासिक तथा धार्मिक महत्वसहित आफ्नै विशिष्ठ पहिचान र प्राकृतिक सौन्दर्यतालाई "नगर चिनाउने र नगर बनाउने" अवसरको रुपमा लिँदै आर्थिक रुपमा सबल र पर्यटकीय नगरको रुपमा विकसित भएको हेर्न चाहन्छन्, भीमेश्वरवासीहरू। आर्थिक विकासका लागि रोजगारी सिर्जना र दीगो आयआर्जनलाई मूल आधारको रुपमा लिएको नगरले पर्यटन, कृषि र उद्योग व्यवसाय विकासको माध्यमबाट सो हाँसिल गर्न चाहन्छ। कृषिको हकमा, आत्मनिर्भर, उत्पादनमा विविधिकरण तथा व्यावसायीकरण र कृषिजन्य उद्योग व्यवसायलाई प्राथमिकतामा राखी सोही अनुसार नीति तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ।

## २. वर्तमान अवस्था

लगभग ५८ प्रतिशत परिवार कृषिमा आवद्ध भएकोमा, ४० प्रतिशत बराबरको लागि कृषि अझै आम्दानीको मुख्य श्रोत हो। व्यापार व्यवसायमा जम्मा जम्मी १३ प्रतिशत परिवार निर्भर रहेको यो नगरमा १६ प्रतिशत परिवार दैनिक ज्यालादारीमा आश्रित छन्। ठुला उद्योगहरू नहुनु, साना तथा मझौला प्रकारका उद्योग व्यवसायहरू भर्खर शुरु हुँदै गर्नु र भएकाहरूमा अधिकाँश साना उद्यम व्यवसायहरू नै हुनुले नगर अझै निर्वाहमुखी नगरकै रुपमा रहेको अवस्था छ। नगरमा रु. ५ लाखसम्म लगानी भएका उद्यम व्यवसायहरू ९९ प्रतिशत छन्। यही कारणले पनि रोजगारी सिर्जना र दीगो आयआर्जन नगरको प्राथमिकतामा परेको हो। प्रस्तावित औद्योगिक ग्राम सो लक्ष्य हाँसिल गर्नेतर्फ चालिएको एक Milestone हो।

यस नगरमा कुल ५८ प्रतिशत परिवार कृषि पेशामा रहे पनि त्यसको ३२ प्रतिशत अर्थात् समग्रमा १८ प्रतिशतले मात्र उत्पादित फसल बिक्री गर्ने गर्दछन्। अन्न बाली, दाल बाली, तेलहन बाली, तरकारी र थोरै मात्रामा मसला बाली यहाँ खेती गरिने बालीहरूमा पर्दछन्। अन्नबाली त्यस मध्येको एक प्रमुख बाली हो जसको हाल ४९८६.७ हे. क्षेत्रफलमा खेती हुने गरेको छ। वार्षिक सरदर १०००० टन भन्दा बढी अन्न उत्पादन हुने गरेको छ।


अझै यसको उत्पादकत्व राष्ट्रिय औसत (२.९ मे.ट. ⁄हेक्टर) मा पुर्‍याउन सकेको खण्डमा लगभग १३००० मे.ट.को हाराहारीमा वार्षिक रुपमा अन्न उत्पादन हुन सक्नेछ । यसले नगरलाई खाद्यान्नमा आत्मनिर्भर मात्र होइन, प्रशोधन गरी मुल्य अभिवृद्धि गर्न सकिने अवसरहरू पनि सिर्जना गरिदिने छन् ।

तरकारी यहाँको अर्को मुख्य बाली हो । यहाँ उत्पादन हुने आलु नगरकै पहिचान बनेको छ । आलु, तरकारीका साथै किवी, सुन्तला, कागतीलाई व्यावसायिक रुपमा उत्पादन गर्न सकिने प्रचुर सम्भावनाहरू छन् । साथ साथै, रैथाने बालीहरू (विशेष गरी कोदो, फापर र जौ) को उत्पादन र प्रवर्द्धनलाई जोड दिन सकेमा नगरले धेरै लाभ लिन सक्ने देखिन्छ । रैथाने बालीहरूका साथ किवी, आलु र कागतीलाई नगर कै Champion Products को रुपमा बाहिरी बजारमा प्रवर्द्धन गर्न सके उपलब्ध जमिनको अधिकतम उपयोग हुदै बढ्दो उत्पादन र प्रशोधनमार्फत् मुल्य अभिवृद्धि गरी आय तथा रोजगारीको अवसर बढाउने र सिंगो नगरलाई खाद्य तथा पोषण सुरक्षित नगरको रुपमा विकास गर्न सकिनेछ ।

भीमेश्वर नगर पशुपालनमा पनि अग्रणी छ । दुध, मासु र अण्डामा आत्मनिर्भरतातर्फ उन्मुख नगरमा उल्लेख्य मात्रामा पशुपंछीहरू पाँलिदै आएका छन् । गाई, भैंसी, खसी ⁄बोका, भेंडा ⁄च्याँग्रा, सुंगुर ⁄बंगुर र कुखुरा प्रमुख रुपमा पालिने पशुपंछीहरू हुन् । परम्परागत पालन पद्धति विद्यमान भएता पनि उन्नत जातका पशुपंछीहरू पनि उल्लेख्य मात्रामा पालिँदै आएका छन् । उन्नत जातका पशुपंछीहरूको बढ्दो लोकप्रियतालाई ध्यान दिई जातमा सुधार र उन्नत पालन पद्धतिका माध्यमबाट उत्पादकत्व बढाई आम्दानी बढाउन सकिने सम्भावनाहरू धेरै देखिन्छ ।

यी सबै सम्भावनाहरूबाट अधिकतम लाभ लिनको लागि विद्यमान समस्याहरूलाई दीगो रुपमा समाधान गर्न जरुरी छ । वित्तमा न्यून पहुँच खासगरी कृषि तथा पशुपालन प्रयोजनको लागि, व्यावसायिकता तथा प्राविधिक क्षमताको अभाव, न्यून उत्पादकत्व, सीमित बजार पहुँच आदि प्रमुख समस्याहरू हुन् । सहकारी संस्थाहरूको सबलीकरण, प्रभावकारी बजार सूचना प्रणाली, अनुकूल नीति, उन्नत तरिका, प्रविधि तथा यान्त्रिकरणको प्रयोग, क्षमता अभिवृद्धिका साथै आवश्यक पूर्वाधारहरूको व्यवस्थामार्फत् माथिका समस्याहरूलाई समाधान गर्न सकिनेछ ।

**नक्सा ५.१.१ : भीमेश्वर नगरपालिकाको कृषिका विशेष उत्पादन क्षेत्र**



## ३. मुख्य अवसर र चुनौती

नगरका रहेको फरक अन्नबाली, तरकारी र फलफूल उत्पादन कृषियोग्य क्षेत्रहरूको उत्पादनमूलक उपयोग र उपलब्ध पूर्वाधारको अधिकतम उपयोगमार्फत् रैथाने र जैविक उत्पादनलाई ब्राण्डिङ गरी बजारसँग जोडेर भीमेश्वरको कृषि उत्पादनको राष्ट्रिय पहिचान बनाउने अवसर नगरलाई रहेको छ। उत्पादन वृद्धि र बजारीकरणका लागि सहकारी र समुदायको साझेदारीलाई थप सबल बनाउने अवसर नगरलाई छ। उन्नत जातको पशुपालनको अभ्यासलाई थप वृद्धि र उत्पादनको गुणस्तर प्रवर्द्धनबाट पर्यटन क्षेत्रमा दुग्ध तथा मासुजन्य स्थानीय उत्पादनको उपयोग बढाउन र निर्यात समेत बढाउने अवसर पनि रहेको छ।

सिँचाइ सुविधाको अपर्याप्तता, व्यवसायिक सोचको कमी, समूहगत उत्पादन प्रणालीको सीमित अभ्यास, कमजोर सहयोगी व्यवसायिक पूर्वाधार आदिका बिच उत्पादन वृद्धि गर्ने र बजारसँग जोडेर कृषिलाई आकर्षक र लाभदायक क्षेत्रका रुपमा अघि बढाउँदै कृषि उत्पादनशील नगर बनाउने चुनौती भने नगरलाई छ।

## ४. लक्ष्य

नगरलाई जैविक र व्यावसायिक कृषिमा अग्रणी नगरको रुपमा विकास गर्ने।

## ५. उद्देश्य

व्यावसायिक रुपमा कृषि तथा पशुपालनको विकासमार्फत् कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई नगरलाई खाद्य र पोषणमा आत्मनिर्भर बनाउन तथा आय र रोजगारी वृद्धि गर्ने।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.१.१ : कृषि तथा पशुपालनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. कृषि क्षेत्रमा नीतिगत अनुकुलताको सुनिश्चितताका लागि सरोकारवाला निकायहरूसँगको समन्वयमा आवश्यक नीति तथा कानुनहरू निर्माण गर्ने। | १. कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन, नियमन र व्यवस्थापनका लागि आवश्यक नीति तथा कानुनको समयमै निर्माण तथा कार्यान्वयन गरी यो क्षेत्रलाई थप व्यवस्थित बनाउँदै लगिने छ। |
| २. कृषि व्यवसायका लागि आवश्यक सेवाको उपलब्धताका लागि आवश्यक कार्यक्रम तथा प्रक्रियागत सहजीकरण गर्ने । | १. स्थानीय समूह तथा सहकारी संस्थाहरू एवं निजी क्षेत्रका उद्यमी व्यवसायीहरूसँगको समन्वय तथा सहकार्यको माध्यमबाट कृषि तथा पशुपालनका लागि आवश्यक उत्पादन सामग्रीहरू, प्राविधिक सेवा, प्रविधि तथा अन्य उपकरणहरूको आपूर्तीलाई सर्वसुलभ गराइनेछ।<br>२. निजी क्षेत्र एवं अन्य सेवा प्रदायक संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी सहुलियतपूर्ण वित्त, बिमा, बजार तथा अन्य व्यावसायिक सेवाहरूमा पहुँचको सुनिश्चितता गरिनेछ। |
| ३. कृषि पूर्वाधारको विकास गरी उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यलाई सहज तुल्याई प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने। | १. संकलन केन्द्र र कृषि हाटबजारको सुदृढीकरणमार्फत् स्थानीय बजार तथा बजार सूचना प्रणाली र सहजीकरणमार्फत् स्थानीय कृषि तथा पशुजन्य उपजहरूलाई बाह्य बजारमा पहुँच बढाइनेछ।<br>२. कृषियोग्य जमिनको उत्पादनशीलता र उत्पादनमूलक उपयोगका आधारमा आवश्यकता अनुसार उपयुक्त प्रविधिबाट सिँचाइ सुविधा उपलब्ध गराइने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. मुल्य श्रृङ्खलामा आधारित उत्पादन, प्रशोधन, बजारीकरण लगायतका व्यावसायिक कार्यमा लगानी र सहभागिता प्रोत्साहित गर्ने । | १. सीप, पुँजी, प्रविधि, क्षमता विकास, बजार सम्पर्क विस्तारका अलावा कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरुपको प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ । यसका लागि बिमा, जोखिम व्यवस्थापन कोष, क्षतिमा आधारित अनुदान आदिजस्ता सम्भाव्य उपायहरूका लागि नगरले आवश्यक स्रोत व्यवस्थापन गर्नेछ ।<br>२. स्थानीय उत्पादनमा आधारित, साना तथा मझौला तहको उद्योग व्यवसायहरूलाई प्राथमिकतामा राखी सोही अनुरुप सहयोगात्मक र प्रवर्द्धनात्मक नीति अवलम्बन गरिनेछ । |
| ५. उत्पादन विविधिकरण, उत्पादकत्व वृद्धि तथा व्यावसायीकरणलाई अघि बढाउन प्राविधिक, व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने । | १. तालिम तथा परामर्शको माध्यमद्वारा स्थानीय निजी उद्यमी व्यवसायी (एग्रोभेट) तथा समूह/सहकारी सदस्यहरूको प्राविधिक, उद्यमशीलता तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ ।<br>२. कृषियोग्य जमिन तथा पशुपालनमैत्री क्षेत्र पहिचान गरी कृषि र पशुपालनको पकेट क्षेत्रहरू तोकिने छ । हाल निर्धारणमा रहेका यस्ता क्षेत्रलाई विस्तार गर्दै लगिने छ ।<br>३. पशुपालनतर्फ उन्नत पालन पद्धति र नश्ल सुधारमार्फत् उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । पशु नश्ल सुधार कार्यलाई अभियानकै रुपमा लगिनेछ ।<br>४. रैथाने बाली प्रवर्द्धनको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>५. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस तयार गरी अद्यावधिक गर्दै लगिनेछ ।<br>६. उन्नत खेती पद्धति, नवीन प्रविधि र यान्त्रिकीकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>७. स्वच्छ र स्वस्थ उत्पादन, त्यस अनुसारको उत्पादन पद्धतिको अवलम्बन, सो को गुणस्तर मापन र प्रमाणीकरणको व्यवस्था गरिनेछ । |

**तालिका २/५.१.१ : आवधिक प्राथमिकता : कृषि तथा पशुपालन**

**क.** कुल गार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसङ्ख्या आवद्ध भएको कृषि क्षेत्र अर्थिक समृद्धि हाँसिल गर्ने राज्यको मूल आधार हो । तसर्थ नगरलाई उत्पादनमा आत्मनिर्भर, रैथाने बालीहरूसहित कृषि क्षेत्रको व्यावसायीकरण र त्यसमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन गर्ने कार्यलाई बढावा दिने गरी ऐन कानुनहरू तर्जुमा भएका छैनन् । त्यसकारण, उक्त प्रयोजनका लागि निम्न नीति तथा कार्यक्रमहरू निर्माण गरी सो को कार्यान्वयन गरिनेछ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| १. कृषि र पशुपालन सम्बन्धी दीर्घकालीन नीति निर्माण गर्ने । | १. कृषि सम्बन्धी नीतिहरूको समीक्षा गरी समयानुकुल परिमार्जन गर्ने । | १. कृषि पशुपालन लगायतका नीतिहरूको समीक्षा गरी समयानुकुल परिमार्जन गर्ने । |

| | | |
|---|---|---|
| २. जैविक खेती, रैथाने बालीहरूको उत्पादन, संरक्षण एवं सम्वर्धन र प्रतिस्पर्धी बालीहरूको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण, ढुवानी अनुदान वा अन्य अनुदान तथा सहयोग, विमा आदि सम्बन्धी नियमावली र कार्यविधि निर्माण गर्ने । | २. कृषि सम्बन्धी स्थानीय कानुन कार्यान्वयनको समीक्षा र समयानुकुल परिमार्जन गर्ने ।<br><br>३. जग्गा लिजमा लिने तथा जग्गा बाँझो राख्न नपाउने नीतिको प्रभावकारी कार्यान्वयन गर्ने । | २. बजार प्रणालीमा सहकारीको संलग्नता प्रोत्साहन गर्नुका साथै मध्यस्थकर्तालाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था गरी उनीहरूको कार्य र अतिरिक्त नाफालाई स्थानीय कानुनमार्फत् नियमन र व्यवस्थापन गर्ने ।<br><br>३. निरन्तर । |

**ख.** कृषि उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत-साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरू जस्तैः सिँचाइ, सडक, कृषि बजार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता मूल समस्याका रुपमा देखिएका छन् । कृषि तथा पशुजन्य उत्पादनमा आशातीत उपलब्धी हाँसिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ । यसको अलावा बजार क्षेत्रमा जमिनको तीब्र खण्डीकरण तथा ग्रामीण क्षेत्रमा क्रमशः जग्गा जमिन बाँझो रहनु प्रमुख समस्याको रुपमा रहेको छ । नगरलाई उत्पादनमा आत्मनिर्भर बनाउँदै कृषि र पशुपालन क्षेत्रको व्यावसायीकरण र त्यसमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन गरी अधिकतम रोजगारीको सिर्जना गर्नका लागि निम्न कार्यक्रमहरू सञ्चालन गरिन्छ । यो क्रममा जैविक खेती प्रवर्द्धन महत्वपूर्ण प्राथमिकतामा राखिएको छ ।

| **अल्पकालील (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २०वर्ष)** |
|---|---|---|
| १. आवश्यकता, भौगोलिक अवस्था, अवसर आदिलाई ध्यान दिई पशुपालन तथा रैथाने र व्यावसायिक कृषिको लागि पकेट क्षेत्र निर्धारण गर्ने ।<br><br>१.१. माटो परिक्षण र माटोको ऊर्वरता सुधार कार्यक्रमलाई निरन्तरता दिँदै अन्न र तरकारी उत्पादनको पकेट क्षेत्रमा यसलाई निरन्तरता दिने । | १. कृषि पकेट क्षेत्र अन्तर्गत अन्नबाली, तरकारी, आलु र विभिन्न नगदेबालीको विशिष्ठ क्षेत्रहरू छुट्याउने ।<br><br>१.१. नगर गौरबको कार्यक्रम अन्तर्गत कृषि पकेट क्षेत्र लक्षित व्यवसायिक खेती प्रवर्द्धन कार्यक्रम तय गरी लागु गर्ने ।<br><br>१.२. कृषिको व्यावसायीकरणको लागि भूमिको उपलब्धताको सुनिश्चितता गरिनुका साथै करार, समूह तथा सहकारी खेतीका लागि एकीकृत भूमि व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गर्ने । | १. निजी, सहकारी र अन्य क्षेत्रसँगको समन्वयमा कृषि पकेट क्षेत्र तथा विशिष्टीकृत उपक्षेत्रहरूमा अन्नबाली, तरकारी र फलफुल तथा बाख्रापालन, गाई पालन र भैसीपालनमार्फत् पकेट क्षेत्रहरूलाई पूर्ण रुपमा उत्पादनशील बनाउनमा भएका प्रगति लेखाजोखा गरी पकेट क्षेत्र लक्षित कार्यक्रमलाई निरन्तरता दिने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| २. पकेट क्षेत्रहरू र त्यससँग सम्बन्धित किसानहरू पहिचान तथा सो को आवश्यकताहरू अध्ययन गरी सोही अनुसारको उन्नत प्रविधि र पद्धतिसहितको उत्पादन योजना तयार गर्ने । | २. सम्बन्धित क्षेत्रका लक्षित किसानहरू पहिचान र उनीहरूको आवश्यकता अध्ययन गरी उत्पादन योजनालाई आवश्यकता अनुसार परिमार्जन गर्ने र कार्यान्वयनमा सहजीकरण गर्ने । | २. निर्धारित अवधिका लागि लक्षित किसानहरू पहिचान र आवश्यकता अध्ययन गरी उत्पादन योजनालाई आवश्यकता अनुसार परिमार्जन र कार्यान्वयनमा सहजीकरण गर्ने । |
| ३. कृषक समूह/सहकारी प्रतिनिधि र स्थानीय एग्रोभेट लगायतको क्षमता अभिवृद्धि गरी सोसँगको निरन्तर समन्वयमा कृषि उपजहरू, प्रविधि एवं प्राविधिक सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने । | ३. नगरपालिकामा कृषि उत्पादनमा समय सापेक्ष आधुनिक तथा वैज्ञानिक अनुसन्धान इकाईको स्थापना गरी सोको अध्ययन तथा परामर्शका आधारमा कृषि सहायतालाई थप वैज्ञानिक ब्यवस्थित गर्ने । | ३. निरन्तर |
| ४. कृषि बाली तथा पशु विमा, जैविक खेती प्रवर्द्धन, कृषि उपकरण वितरण, र रैथाने बिउ संरक्षणका लागि उन्नत बिउ वितरण जस्ता कार्यक्रमको प्रावधकारिता मुल्यांकन र आवश्यक सुधारसहित निरन्तरता दिने । | ४. जैविक खेती प्रवर्द्धन तथा रैथाने बिउ संरक्षण जस्ता कार्यक्रममा आवश्यक हेरफेर गरी निरन्तरता दिने । | ४. निश्चित सूचकका आधारमा अध्ययन गरी अर्गानिक तरकारी तथा फलफूल उत्पादन हुने नगरपालिकाको रुपमा नगरलाई घोषणा गर्ने अवस्थामा पुऱ्याउने । |
| ५. सिँचाइको आवश्यकता अध्ययन गरी पानीको उपलब्धता र उपयुक्त प्रविधिहरूको छनौट गर्ने । (यो विषय सार्वजनिक निर्माण अन्तर्गत थप समेटिएको) | ५. अल्पकाल र मध्यकालमा कृषिबालीका निर्धारित पकेट क्षेत्रमा उत्पादनको प्रकृति अनुसार सिँचाइका पूर्वाधार र सेवा सुनश्चित गर्ने । | ५. निरन्तर |
| ६. संचालनमा रहेको हाटबजार र संकलन केन्द्रहरूको आवश्यकता अध्ययन गरी सुधारको योजना बनाउने । | ६. सञ्चालनमा रहेको हाटबजार र संकलन केन्द्रहरूको सुधारको योजना कार्यान्वयन गर्ने । | |
| ६.१. नयाँ हाटबजार र संकलन केन्द्रहरूको आवश्यकता अध्ययन गर्ने । | ६.१. आवश्यकता अनुसार नयाँ हाटबजार र संकलन केन्द्रहरूको स्थापना र संचालनमा सहयोग गर्ने । | |
| ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस तयार गर्ने । | ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस अद्यावधिक गर्ने । | ७. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस अद्यावधिक गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| ८. स्वच्छ र स्वस्थ उत्पादन सुनिश्चित गर्न गुणस्तर मापन र आवश्यक प्रमाणीकरणको लागि सम्भाव्यता अध्ययन गर्ने/गराउने । | ८. नगरमा वस्तु तथा उत्पादित फसलहरूको गुणस्तर मापन र प्रमाणीकरण कार्य शुरु गर्ने । | ८. गुणस्तर मापन र प्रमाणीकरण कार्यलाई अत्याधुनिक गर्दै उक्त कार्यलाई निरन्तरता दिने । |
| ९. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरुपको प्रभावकारी उपायहरूको खोजी गर्ने । | ९. विभिन्न प्रकोपका कारणले हुने हानीबाट जोगाउन कृषक तथा कृषि (कृषि लगानी सुरक्षा कोष, अनुदान आदि) क्षेत्रमा भएको लगानी संरक्षण कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | ९. जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउने उपायहरूको कार्यान्वयनलाई निरन्तरता दिने ।<br>९.१. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनिकरण गर्दै जलवायु अनुकुलन तथा उत्थानशील प्राङ्गारिक लगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने । |
| १०. हाल सञ्चालनमा रहेका र विगतमा सञ्चालन भई बन्द भएका सामुदायिक दुग्ध संकलन केन्द्रहरूको अवस्थाको लेखाजोखा गरी निर्धारित पशुपालन पकेट क्षेत्र (६ ओटा कृषि पकेट क्षेत्र अन्तर्गत) मा क्लस्टरस्तरमा डेरी सञ्चालनमा सहजीकरण र सहयोग उपलब्ध गराउने तथा दुध संकलन तथा व्यवस्थापनको लागि निजी क्षेत्रसँग आवश्यक समन्वय गर्ने । | १०. दुग्ध पदार्थको प्रशोधन तथा सह उत्पादन (पनिर, नौनी, चिज आदि) को शुरुवातका लागि निजी क्षेत्र तथा सहकारीहरूसँग निजी, सरकारी, साझेदारी सम्बन्धी कार्यहरूको बारेमा आवश्यक सहजीकरण तथा शुरुवात गर्ने । | १०. पकेट क्षेत्र लक्षित पशुपालन कार्यक्रम लाई निरन्तरता दिने था नगरभित्र पशुपालनको लागि निश्चित क्षेत्र निर्धारण गरी क्रमशः परम्परागत पशुपालन अभ्यास विस्थापित गर्ने । |
| ११. इच्छुक किसान पहिचानसहित नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिँदै यसको पहुँच विस्तार गर्ने । | ११. बढी उत्पादकत्व (दुध र मासु) भएका पशुपालनमार्फत् कम उत्पादन दिने पशुपालनको अभ्यास विस्थापन गरिसक्ने गरी नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिने । | |
| १२. पशु वधस्थल तथा वधशालाहरूको लागि आवश्यक स्थानहरूको पहिचान गर्ने । | १२. पशु वधस्थल तथा वधसालाहरूको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि निजी तथा सहकारीहरू संघ संस्थाहरूलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने । | |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| | १३. कृषि तथा पशुपंक्षीजन्य उत्पादनको मुल्य श्रृंखला कायाम गर्न स्थानीय उत्पादनको विभिन्न विन्दुको अधिकतम मुल्य तोक्ने पद्धति विकास गर्ने । यसको पूर्ण कार्यान्वयनका सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने ।<br><br>१४. आवश्यक सहयोग र समन्वयमार्फत् कोसेली घरलाई स्थानीय उत्पादनको बिक्री वितरण र बाह्य क्षेत्रमा बजारीकरणको भूमिका निर्वाह गर्ने अवस्थामा पुऱ्याउने ।<br><br>१५. कृषि तथा पशु फर्महरू निर्माण तथा  व्यावसायिक उत्पादन प्रवर्द्धनका लागि लागि युवा कृषकहरूलाई उत्प्रेरित तथा सहजीकरण (वित्तीय व्यवस्था, तालिम, प्राविधि सहयोग) गर्ने ।<br><br>१६. सहकारीहरूसँग साझेदारी तथा सञ्चालन हुने गरी कृषि तथा पशुपालन पकेट क्षेत्रको नजिकको संकलन बिन्दुमा कृषि शीत भण्डार (Cold Storage) स्थापना सञ्चालनको व्यवस्था गर्ने । | १३. सहकारीहरूलाई कृषि उपज बजारीकरणको मुख्य सहजकर्ता बनाउने तथा अन्य मध्यस्थकर्तालाई सम्बन्धित व्यवसाय दर्ता गरी उसले प्राप्त गर्ने अधिकतम लाभको हिस्सा निर्धारण गर्ने ।<br><br>१४. कोसेली घरहरूलाई कृषि पकेट क्षेत्रमा विस्तार गर्ने । |

**ग.** कृषि क्षेत्रको कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित कृषक तथा कृषि क्षेत्रका सरोकारवालाहरूको सहभागितामा सम्बन्धित पक्षको क्षमता विकासका कार्यक्रम कार्यान्वयन गरिने छ। त्यसैगरी कृषकलाई उत्प्रेरित र उत्पादन सुरक्षाका पूर्वाधारका कार्यलाई पनि प्राथमिकतामा राखी अघि बढाउनु पर्ने आवश्यकता भएकाले सोही अनुसार निम्न कार्यक्रम तय गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| १. पहिलो २ वर्षको लक्ष्य अनुरुप किसान, किसान समूह तथा सहकारीहरूलाई आवश्यक अभिमुखीकरण तालिम, तथा परामर्श दिने । कोभिड १९ को प्रभावका कारण नगर फर्किएका कृषि क्षेत्रमा नै लाग्न चाहनेहरूका लागि सीप विकासको कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | १. दोस्रो योजना कार्यकालको लक्ष्य अनुरुप, किसान समूह तथा सहकारीहरूलाई आवश्यक तालिम, अभिमुखीकरण तथा परामर्श दिने तथा उत्कृष्ठ किसानलाई अध्ययन भ्रमण तथा बाह्य तालिमको अवसर उपलब्ध गराउने । | १. तेस्रो योजना कार्यकालको लक्ष्य अनुरुप, किसान समूह तथा सहकारीहरूलाई आवश्यक तालिम, अभिमुखीकरण तथा परामर्श दिने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| २. नगरमा रहेका कृषि शिक्षा उपलब्ध गराउने शैक्षिक संस्थाहरू र नगरपालिका बिचमा आवश्यक समन्वय तथा कृषि कार्यक्रम सञ्चालनको लागि साझेदारीको शुरुवात गर्ने । | २. आवश्यक समन्वयमार्फत् नगरको विशेषतामा आधारित जैविक खेती तथा उत्पादनको विषय माध्यमिक तहको पाठ्यक्रममा समेट्ने । | |

# ५.१.२. पर्यटन

## १. परिचय


विश्व पर्यटन संगठनले व्यक्तिले विभिन्न चाहना वा अपेक्षा परिपूर्तिका लागि आफ्नो नियमित बसोबासको स्थान छोडर फुर्सद मनाउन, व्यवसाय गर्न वा अन्य प्रयोजनका लागि एक वर्ष भन्दा कम समयमा अन्यत्र जाने र बस्ने कार्यलाई पर्यटन भनी परिभाषित गरेको छ । हाम्रो सन्दर्भमा विभिन्न दृष्यावलोकन, तिर्थाटन, मनोरञ्जन, व्यवसायिक गतिविधि वा अन्य उद्देश्यले आफ्नो बसोबास गरिरहेको स्थान बाहिर गएर अपेक्षित उद्देश्य प्राप्तिका लागि खर्च गर्ने सम्मको कार्यलाई पर्यटन भन्न सकिन्छ । व्यक्तिगत चाहना परिपुर्तिका यस्ता गतिविधिमा सघाउने, व्यवस्थित गर्ने र आर्थिक गतिविधिका रुपमा अघि बढाएर आर्थिक विकासमा आवद्ध गर्ने कार्यलाई पर्यटन क्षेत्रका कार्यका रुपमा लिनु पर्दछ ।

## २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, नजिकबाट अवलोकन गर्न सकिने हिम श्रृंखलाहरूको रमणीयता आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण स्थलको रूपमा परिचित हुँदै गएको छ । नगर क्षेत्रभित्र रहेको धार्मिक पर्यटकीय केन्द्र दोलखा भीमेश्वर मन्दिर, महाकाल मन्दिर, साँस्कृतिक विविधता, चाडपर्व र प्राकृतिक सौन्दर्यता पर्यटकहरूका लागि आकर्षक गन्तव्य हुन् । कालिञ्चोक मन्दिर, शैलुङ, जिरी आदिको प्रवेश बिन्दुका रुपमा समेत रहेको यो नगरपालिकालाई पर्यटकीय हवको रुपमा विकास गर्न सकिने सम्भावना समेत प्रशस्त छ । तल नक्सामा देखाइए बमोजिम यस नगर क्षेत्रभित्र विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् ।

नगर क्षेत्रभित्र भीमेश्वर मन्दिर, महाकाल भगवती मन्दिर लगायत प्रसिद्ध धार्मिक स्थलहरू रहेका छन् । गौरीशंकर हिम श्रृङखला, अपर तामाकोशी जलविद्युत आयोजना, सुन्दर नगरी जिरी, सैलुङ तथा कालिञ्चोक भगवतीको मन्दिरसमेत यही नगरपालिका हुँदै जान सकिने हुँदा पनि यस नगरपालिकामा पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना रहेको छ । हाल कालिञ्चोक मन्दिरमा केबलकार निर्माण भएको र हिउँ पर्ने भएकाले धार्मिक पर्यटक तथा हिउँ खेल्न आउने अधिकांश आन्तरिक तथा बाह्य्य पर्यटकहरूका लागि भीमेश्वर नगरपालिका ट्रान्जिट बिन्दु रहेको छ ।  नगरपालिका क्षेत्रका पर्यटकीय स्थलहरू नक्सा नं. ५.१.२ मा देखाइएको छ ।

## नक्सा ५.१.२ : भीमेश्वरका पर्यटकीय गन्तव्य




नगरपालिकामा अवस्थित भीमेश्वर मन्दिर, माहाँकाल भगवती मन्दिर, सुन्द्रावती भगवती मन्दिर, भुमेस्थान मन्दिर, थामी सङ्ग्रहालय दरबार, बाराणसी तिर्थस्थल, फुलडाँडा, ढाढरडाँडा, अङगेरी डाँडा, आहालडाँडा, डाङडुङगे डाँडा, थुम्का डाँडा, फुलबारी घुम्ती, विभिन्न गुम्बा जस्ता वार्षिक हजारौंको सङ्ख्यामा पर्यटक भित्रिने ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरू रहेका छन्। नगर क्षेत्रभित्र ८५ वटा धार्मिक तथा पर्यटकीय स्थलहरूको पहिचान भएता पनि करिब ११ वटा क्षेत्रमा सडक सञ्जाल नपुगेको अवस्था छ भने चारवटा पर्यटकीय क्षेत्रहरू सडकको नजिकै रहेका छन् । बाँकीमा सडकको पहुँच भएता पनि सबै क्षेत्रहरूमा सहज यात्रा हुने गरी सडक वा अन्य वैकल्पिक मार्गको पहुँच पुऱ्याउन आवश्यक छ । पूर्वाधारको विकाससँगै यी क्षेत्रहरूको थप प्रचार प्रसार तथा पर्यटकमैत्री वातावरणको प्रर्वद्धन गर्न सक्दा भीमेश्वर नगरपालिकाको आर्थिक विकास र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान हुन सक्छ। साथै अन्य सम्भावित स्थलहरूलाई थप विकास गरी पर्यटक सङ्ख्या वृद्धि गरी आर्थिक उपार्जन र प्रचार प्रसारमा वृद्धि गर्न सकिने सम्भावना देखिन्छ।

नगरपालिकाको आन्तरिक आर्थिक क्रियाकलाप वृद्धि गरी पर्यटकको बन्दोबस्ती र व्यवस्थापन गर्न स्थानीय होटल तथा रिसोर्टहरूको महत्वपूर्ण भूमिका हुन्छ । हाल नगर क्षेत्रभित्र साना तथा मझौला गरी ५३ वटा होटल, लज तथा रिसोर्टहरू रहेका छन् । तर वार्षिक रूपमा नगर क्षेत्रमा बसोबास गर्ने पर्यटकहरूको संख्या यकिन छैन । व्यवसायलाई पूर्ण रूपमा व्यावसायिक बनाउन स्थानीयस्तरमा नै सञ्चालकहरूलाई अतिथि सत्कार (Hospitality), परिकार तथा अन्य सेवासम्बन्धी तालिमको व्यवस्था गर्न सके पर्यटन तथा आर्थिक विकासमा टेवा पुग्दछ । पर्यटन व्यवसायको विकास गर्न व्यवस्थित पूर्वाधारको साथै नगरमा रहेका होटेल, रिसोर्ट, रेष्टुरेण्ट र होमस्टेको उपलब्धता र व्यवसायिकता सहितको व्यवस्थापन आवश्यक हुन्छ। ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनबाट होटेल, रिसोर्ट, रेष्टुरेण्ट र होमस्टेबाट कुनै पनि स्थानको आर्थिक विकास अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै रोजगारीको सिर्जना गर्दछ ।

## ३. अवसर र चुनौती

नगरभित्र रहेका पर्यटकीय स्थलको उपयुक्त व्यवस्थापन र पूर्वाधार विकाससँगै छिमेकी स्थानीय तहमा रहेका प्राकृतिक, धार्मिक, साँस्कृतिक लगायतका पर्यटकीय स्थलमा भ्रमण गर्न आउने पर्यटकलाई नगरमा निश्चित समय रोक्न उत्प्रेरित गरी नगरलाई नगरलाई आकर्षक पर्यटन गन्तव्यका साथै पर्यटकीय हब बनाउने अवसर नगरलाई रहेको छ। लामुसाँघु जिरी सडकखण्डको स्तरोन्नतीसँगै नगर बाहिरबाट आउने पर्यटकको संख्यामा हुने वृद्धिलाई नगरको पर्यटन विकासको पूर्वाधारसँग आवद्ध गरी पर्यटनमार्फत् स्थानीय आर्थिक विकासमा योगदान गर्न सक्ने अवसर नगरलाई छ।

उपलब्ध अवसर प्राप्त गर्नका लागि हाल उपलब्ध सडक तथा अन्य भौतिक पूर्वाधार छिटो भन्दा छिटो सुधार गर्ने, नगरमा हाल रहेको आधारभूत तहका होटल तथा रेष्टुरेण्टलाई थप प्रतिस्पर्धी र गुणस्तरीय बनाउने तथा पर्यटक  आकर्षित गर्ने र टिकाउने स्थानीय तह बिचको प्रतिस्पर्धामा आफुलाई खरो प्रस्तुत गर्ने चुनौती पनि यस नगरलाई रहेको छ।

## ४. लक्ष्य

पर्यटनमार्फत् स्थानीय विकास र समृद्धि हाँसिल गर्नु।

## ५. उद्देश्य

पूर्वाधार विकास र सेवा विस्तार गरी पर्यटनलाई स्थानीय आय र रोजगारीको आधार स्तम्भका रूपमा विकास गर्ने।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.१.२ : पर्यटनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. स्थानीय आय र रोजगारीको आधार स्तम्भका रूपमा विकास गर्न पर्यटनलाई आधारभूत सेवा उद्योग वा व्यवसायको रुपमा अघि बढाउने। | १. पर्यटनमा टेवा पुग्ने गरी नगरपालिकाभित्र रहेका स्थानीय भाषा, संस्कृति तथा सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र सो को प्रचार प्रसार गरी साँस्कृतिक पर्यटनलाई मुख्य पर्यटकीय उपक्षेत्रको रूपमा विकास गरिने छ।<br>२. नगरपालिकाभित्र रहेका अमुल्य प्राकृतिक स्रोतहरूलाई संरक्षण, उपयोग र व्यवस्थापन गरी पर्यावरण पर्यटन (Eco Tourism) को प्रवर्द्धन गरिने छ। यसका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ।<br>३. पर्यटकको उचित सेवा, सत्कार तथा सुरक्षा प्रबन्धसहितको पर्यटकीय आवास व्यवस्थापन गर्न नगरपालिकाभित्र रहेका सबै औपचारिक तथा अनौपचारिक होटलहरूलाई नगरपालिकाको व्यवसायको दायरामा ल्याई तिनको वर्गीकरण, न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र प्रमाणीकरणका मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ।<br>४. नगरभित्र बाह्य (वैदेशिक) पर्यटकको उचित सेवा सत्कार हुने स्तरीय होटल तथा रिसोर्ट स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई उत्प्रेरित गरिने छ।<br>५.  पर्यटनमा टेवा पुऱ्याउन नगरपालिकाभित्र रहेका सबै पर्यटकीय दृष्टिले महत्वपूर्ण तथा  पर्यटकले उपयोग गर्ने क्षेत्रहरूलाई सुचिकृत गरी त्यस्ता क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिई स्थानीय पर्यटकीय गन्तब्यहरूलाई आकर्षक बनाइने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ६. नगरपालिकाले पर्यटनको व्यवस्थापन गर्न सबै पर्यटन व्यवसायी, पर्यटकीय स्थल, पर्यटन व्यवसायसँग सम्बन्धित संघ संस्था लगायत पर्यटकका लागि अवश्यक पर्ने सूचनाको उचित व्यवस्थापन गरी आधुनिक सूचना प्रविधिका माध्यमबाट पर्यटकको पहुँचमा पुऱ्याइने छ।<br>७. नगरको आन्तरिक पर्यटकीय गन्तव्यहरू बिचको यातायात सञ्जाल विस्तार गरी नगरभित्रका सबै पर्यटकीय स्थल जोडिएको पर्यटन रूट निर्धारण र व्यवस्थापन गरिने छ।<br>८. पर्यटन व्यवसायलाई चरिकोट बाहिरका वडामा पनि विस्तार र विकेन्द्रित गर्न निजी क्षेत्रलाई उत्प्रेरित गरिने छ।<br>९. नगर बाहिरका पर्यटन केन्द्रमा जान तथा नगरमा फर्कन सहज हुने गरी यातायातको पूर्वाधार र स्थानीय यातायात सेवा विस्तारका लागि सम्बन्धित स्थानीय तहसँग रणनीतिक साझेदारी गरिने छ।<br>१०. नगरको वडा नं. ९ डाङडुङे डाँडामा निर्माणाधीन अन्तर्राष्ट्रिय फिल्म सिटीको विकास गर्ने गरी यस अघि नै तयार भइसकेको विस्तृत परियोजना प्रतिवेदन अनुसार फिल्म सिटीलाई लक्षित गरी खोलिएको सडकको पूर्वाधार विकास गर्ने तथा फिल्म सिटीको मुख्य संरचनागत निर्माण कार्यको लागि संघ र प्रदेश सरकारसँग संस्थागत पहल गरिने छ।<br>११. साहसिक खेल/गतिविधि (प्याराग्लाइडिङ, र्‍याफ्टिङ, ट्रेकिङ, हाइकिङ, क्याम्पिङ, क्यानयोनिङ, साइक्लिङ) मा आधारित पर्यटन, कृषि पर्यटन र शैक्षिक पर्यटन लगायतका विविध पर्यटनलाई महत्वपूर्ण पर्यटकीय उपक्षेत्रहरूको रूपमा विकास गर्दै लगिने छ। |
| २. गरिबी निवारण र नगरबासीको जीवनस्तर सुधार गर्न पर्यापर्यटन र ग्रामीण पर्यटन प्रवर्द्धनमा जोड दिँदै पर्यटन क्षेत्रको विविधिकरण र विस्तार गर्ने। | १. ग्रामीण पर्यटन प्रवर्द्धनका लागि समुदायको संस्कृति र समुदायमा आधारित होमस्टे स्थापना र सञ्चालनमा सामुदायिक संघ संस्थाहरूमार्फत् अनुदान, सहुलियत ऋणको व्यवस्था र तालिमको व्यवस्था मिलाउनको लागि आवश्यक सहयोग र सहजीकरण गरिने छ।<br>२. नगरको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, आदिवासी, जनजाति लगायतका विपन्न समूह समेतलाई पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँड गर्न ग्रामीण क्षेत्रका वडाहरूका बस्तीमा समावेशी र सहकारीको माध्यमबाट होमस्टे जस्ता उपयुक्त आयमूलक संरचनाहरूको निर्माण र विकास गरिनेछ।<br>३. नगर क्षेत्रभित्र रहेका गुँरास फुल्ने वनजंगल, वन्यजन्तु तथा पार्कहरूको संरक्षण र व्यवस्थापन गरी पर्यटकीय स्थलका रूपमा विकास गरिनेछ। यस्ता क्षेत्रमा पर्यटन मार्ग निर्माण गरी आवश्यक पूर्वाधारको विकास गरिनेछ।<br>४. अर्गानिक पद्धति अपनाई खेती प्रणालीको शुरुवात, सम्बन्धित उत्पादन क्षेत्र लक्षित कृषि पर्यटनको प्रवर्द्धन गरिनेछ। |

## तालिका २/५.१.२ : आवधिक प्राथमिकता : पर्यटन

**क.** नगर क्षेत्रमा विभिन्न पर्यटकीय स्थलहरू रहेको र पर्यटनको सम्भावना भएकोले कोभिड १९ को असर कम भएसँगै आगामी पर्यटकहरूको आवागमनमा समेत वृद्धि हुने सम्भावना छ। धार्मिक, साँस्कृतिक तथा प्राकृतिक विविधताको धनी भीमेश्वर नगरपालिका दोलखा जिल्लाको सदरमुकामका साथै जिल्लाभित्र तथा जिल्ला बाहिरका पर्यटकीय क्षेत्रहरूको समेत प्रवेश बिन्दु तथा ट्रान्जिटका रूपमा विकास हुँदै गएकाले समग्र क्षेत्र समेट्ने बृहत् पर्यटन गुरू योजना बनाई यो क्षेत्रलाई व्यवस्थित रुपमा अघि बढाउनु पर्ने आवश्यकता छ। नगरपालिकाभित्र रहेका होटलहरूको वर्गीकरणसहित सो को सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्पष्ट मापदण्ड निर्धारण गर्ने, ग्रामीण क्षेत्रमा होमस्टे सञ्चालनको सम्भावना भएकाले सम्भावनालाई कार्यरुप दिने व्यवस्थित पद्धति तय गर्ने तथा पर्यटन क्षेत्रसँग सम्वन्धित सवैका कार्यका विच सामञ्जस्यता र प्रभावकारिता ल्याउन यो क्षेत्रको निम्नानुसार प्राथमिकता तय गरिएको छ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| १. होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति तथा कार्यविधि र होटेलको वर्गीकरण, मापदण्ड तथा सेवाको स्तर, न्यूनत्तम दर आदि सम्बन्धी व्यवस्थाका लागि कार्यविधि तयार गर्ने । | १. होमस्टे सञ्चालन, व्यवस्थापन तथा वर्गीकृत होटलहरूको सेवा मापदण्ड कार्यान्वयनको अवस्था समीक्षा गरी सम्बन्धित नीति तथा कानुनको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने । | १. पर्यटक सेवा तथा पर्यटन सम्बन्धी स्थानपर्यटन सम्वद्ध नीति तथा कानुनको समसामयिक सुधार गर्ने । |
| १.१. पर्यटन क्षेत्र ब्यवस्थापन र पर्यटक प्रवेश शुल्क सम्बन्धी नीति तथा दर निर्धारण गर्ने । | १.१. पर्यटन नीतिमा आधारित रहेर पर्यटन गुरुयोजना बनाई कार्यान्वयन मा लैजाने । | १.१. पर्यटन गुरुयोजना कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन वा अन्य सान्दर्भिक पर्यटन रणनीति बनाउने । |
| २. पर्यटन तथा होटेल व्यवसायमा कोभिड १९ ले पारेको असर र सो को न्यूनिकरणको लागि अध्ययन, परामर्श, वैकल्पिक योजना तयारी तथा सो क्षेत्रको पुनः शुरुवातको लागि मद्दत गर्ने । | | |

**ख.** यस नगरपालिकामा रहेका साँस्कृतिक, धार्मिक र ऐतिहाँसिक सम्पदा विभिन्न नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिम श्रृंखलाहरूको रमणीयता आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण स्थलको रूपमा परिचित हुँदै गएको छ । तथापि कतिपय पूर्वाधारको विकास तथा पर्याप्त प्रवर्द्धन हुन नसक्दा पर्यटन विकासले गति लिन सकेको छैन । पर्यटन प्रवर्द्धन तथा रोजगारी सृजनाका लागि आवश्यक पूर्वाधारको निर्माण सँगसँगै पर्यटकसँग सम्बन्धित सेवाका क्षेत्रहरूलाई विस्तार गरी प्रभावकारी कार्यान्वयन र गुणस्तरमा सुनिश्चितता गरिनु पर्दछ । त्यसैले पर्यटन क्षेत्रको विकासमा आगामी वर्षदेखि तपसिलका कार्यक्रमहरू आवधिक रूपमा कार्यान्वयन गरिने छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| १. नगरमा रहेको प्रमुख पर्यटकीय क्षेत्रको बारेमा आवश्यक प्रचार प्रसार गर्न Documentary, Tourism App तयार गर्ने र विभिन्न सूचना प्रविधिको प्रयोग गरी प्रचार प्रसार गर्ने । | १. उपयुक्त माध्यम प्रयोग गरी पर्यटकीय स्थानहरूमा पुग्ने तथा उक्त स्थानमा भएको सुबिधाहरू समेतलाई समेटी सूचना तथा संकेतहरूको व्यवस्था गर्ने तथा पर्यटन सम्बन्धी प्रचार सामग्रीको नगरभित्र र बाहिर पनि प्रचार प्रसार गर्ने । | १. पर्यटन क्षेत्र तथा पर्यटकीय सम्भावनाको थप अध्ययन विश्लेषणसहित उपयुक्त प्रचार सामग्री निर्माण तथा प्रवर्द्धनको कार्यलाई आवश्यक सुधारसहित निरन्तरता दिने । |
| २. भीमेश्वर मन्दिर, माहाँकाल मन्दिर, विभिन्न किसिमका पार्कहरू (शिव शान्ति बुद्ध पार्क, मयुर पार्क लगायत), हाती छहरा, भ्यू-टावर, विभिन्न संरक्षित क्षेत्र, थामी संग्रहालय, खरीढुंगा क्षेत्र, महादेव पोखरी, फिल्म सिटी लगायतका पर्यटन स्थल समेटी पर्यटन सर्किट निर्धारण गर्ने तथा सोको दायाँ बायाँ सडक सुन्दरताका कार्य शुरु गर्ने । | २. पर्यटन सर्किटको पूर्वाधार तयारी र दायाँ बायाँ सडक सुन्दरताका कार्य पूरा गर्ने । | |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| २.१. नगर प्रवेश गर्ने प्रवेशद्वार निर्माण सम्पन्न गर्ने । जसमा पर्यटन सूचना केन्द्र, सार्वजनिक शौचालय र शहरी सेवा केन्द्रको पूर्वाधारको कार्य पनि सम्पन्न गर्ने । | | |
| ३. भौतिक पूर्वाधार विकास (सडक, बत्ती, खानेपानी, सञ्चार, सार्वजनिक शौचालय आदि) कार्यक्रमसँग सामञ्जस्यता कायम गर्दै मुख्य पर्यटकीय क्षेत्रमा प्राथमिकता बमोजिम आवश्यक पर्ने पूर्वाधारहरूको सुची तयार गरी क्रमशः निर्माणको प्रकृया अघि बढाउने । | ३. निर्धारित पर्यटकीय स्थलहरूमा पर्यटन गुरुयोजना अनुसार आधारभूत पूर्वाधार तयार गर्ने र बढी लगानीका पूर्वाधारका लागि निजी सार्वजनिक साझेदारीको लागि प्रकृया अघि बढाउने । | ३.सार्वजनिक-निजी-सहकारी साझेदारीको आधारमा बढी लगानीका पर्यटन पूर्वाधार विकासका सम्भाव्य आयोजना अघि बढाउने । |
| | ३.१. फिल्म सीटीको न्यूनतम पूर्वाधार तयारी सक्ने गरी लागि संघीय सरकारसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिने गर्ने । नगरका तर्फबाट गरिने पूर्वाधारका कार्य पूरा गर्ने । | ३.१. आवश्यक समन्वय र सहयोग मार्फत् फिल्म सिटीको पूर्वाधारको कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने । |
| | ३.२. नगर क्षेत्रमा अवस्थित महत्वपूर्ण पार्कहरूमा प्रवेश शुल्कको व्यवस्था सहित पर्यटकहरूलाई मनोरञ्जन तथा आराम हुने खालका पूर्वाधारहरू निर्माणका लागि सहजीकरण गर्ने । | ३.२. पर्यटन क्षेत्र व्यवस्थापन र बजारीकरणका लागि उपयुक्तताका आधारमा समुदाय, निजी क्षेत्र, सहकारी आदिलाई सेवा करार वा साझेदारी मार्फत् पर्यटकीय पूर्वाधार व्यवस्थापन गर्ने । |
| | ३.३. निर्धारित पर्यटकीय स्थलमा निःशुल्क इन्टरनेट सेवाका लागि उपकरण जडान गर्ने । प्रवेश शुल्क तिर्नुपर्ने सबै पर्यटकीय क्षेत्रमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउने । | |
| ४. चरिकोट बजार क्षेत्र बाहिर समुदायमा आधारित होमस्टे सञ्चालनका लागि प्रत्येक वडामा उपयुक्त स्थानहरूको अध्ययन र विश्लेषण गर्ने र सम्भाव्य स्थानका इच्छुक नगरवासीलाई होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने । | ४. वडा नं. ७ र अन्य सम्भावित वडा वा कृषि क्षेत्रमा पर्यटनका लागि प्राङ्गारिक मलको प्रयोगबाट अर्गानिक खेती, किवी लगायत तरकारी तथा फलफूलको उत्पादन, पशुपालन, होमस्टे वा आवाससहितको कृषि फार्म आदिको निर्माणमा सम्बन्धित उद्यमीलाई उपयुक्त सहयोग उपलब्ध गराउने । | ४. सबै वडामा समुदायका संस्कृति तथा कृषिमा आधारित होमस्टे स्थापना गर्ने (थामी, नेवार, तामाङ लगायतका साँस्कृतिक पहिचान सहितका ।) |
| | | ४.१. सबै वडामा अर्गानिक खेतीमार्फत् कृषि पर्यटनको प्रवर्द्धन र विकासका लागि पूर्वाधार तयार गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| ५. तामाकोशी नदीमा र्‍याफ्टिङको लागि सम्भाव्यता अध्ययन गराउने । | ५. छिमेकी स्थानीय तहहरूसँगको समन्वयमा उपयुक्त सहयोग गरी निजी क्षेत्रमार्फत् र्‍याफ्टिङ व्यवसाय सञ्चालन गर्ने । | |
| | ६. पाराग्लाइडिङको सम्भावना भएका वडाहरूमा सम्भावित क्षेत्रको अध्ययन गर्ने । | ६. सम्भाव्य स्थानमा प्याराग्लाइडिङ सञ्चालन गर्न आवश्यक पूर्वाधारको निर्माण गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्ने । |
| | ७. खरिढुँगा हुँदै फिल्म सिटी र कालिञ्चोकसम्म केबुलकार बनाउनका लागि विस्तृत सम्भाव्यता अध्ययन तयार गर्ने । | ७. खरिढुँगा हुँदै फिल्म सिटी र कालिञ्चोकसम्म केबुलकार निर्माण तथा सञ्चालनका लागि आवश्यक पहल गर्ने (संघ, प्रदेश र निजी क्षेत्रको समन्वयमा) । |
| | ९. भीमेश्वरबाट कालिञ्चोक, अपर तामाकोशी लगायत प्रमुख पर्यटकीय क्षेत्रमा आवतजावतका लागि सार्वजनिक निजी साझेदारी अनुरूप यातायात सञ्चालन गर्ने । | ९. निरन्तर |
| | १०. हरेक वडामा एक व्यवस्थित होटल तथा वडा नं. ८, ९ र १ मा कम्तीमा एउटा होमस्टे स्थापना र सञ्चालनका लागि समन्वयात्मक बैठकमार्फत् आधार तयार पार्ने । | १०. नगरमा सुविधा सम्पन्न तारे होटल वा रिसोर्टहरू निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । प्रत्येक वडामा कम्तीमा एउटा व्यवस्थित होटल स्थापना र सञ्चालन हुने अवस्थामा पुऱ्याउने । |

## ५.१.३. उद्योग र वाणिज्य

### १. परिचय

वस्तु तथा सेवाको उत्पादन र बिक्री वितरणको कार्य उद्योग र वाणिज्य अन्तर्गत पर्दछन् । कृषि, पर्यटन जस्तैः नगर क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यवसायहरू समेत स्थानीय अर्थतन्त्रको मेरूदण्ड हुन् । नगरपालिकाभित्र सञ्चालनमा रहेका उद्योग तथा व्यापार व्यवसाय, सेवामूलक व्यवसायिक कार्यहरू नगर क्षेत्रमा आर्थिक क्रियाकलापलाई चलायमान बनाउने माध्यमहरू हुन् ।

### २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिका क्षेत्रभित्र ठूला उद्योगहरू नभएता पनि कृषि तथा पैदावारमा आधारित साना उद्योगहरू सञ्चालनमा रहेका छन् । जडिबुटीमा आधारित केही स-साना उद्योगहरूले व्यावसायिक उत्पादन शुरूवात गरेका छन् । यसबाहेक मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादन पनि क्रमशः व्यावसायिक हुँदै जान थालेको छ । यस नगरपालिकाका प्रमुख व्यापारिक केन्द्रहरूमा कुथली, चरिकोट, पिप्ले, पाखलती, टहले, नाकथान, मानेडाँडा, तामाकोशी बजार लगायतका प्रमुख बजारहरू रहेका

छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । यसैगरी, भीमेश्वर नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ । थोक व्यापारमा बिस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ । यसका अतिरिक्त तेस्रो मुलुकबाट आयातीत इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामानहरूको समेत थोक र खुद्रा बिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ ।

नगर क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न किसिमका उद्योगी व्यवसायीहरूको सङ्ख्या १,१३२ वटा रहेको छ । बजार क्षेत्रका नागरिकहरू उद्योग, व्यापार, व्यवसायतर्फ केन्द्रित रहेका छन् । नगरपालिकाको ग्रामीण क्षेत्रका बासिन्दाहरू सर-सामानहरू खरिदको लागि चरिकोट बजारसम्म जानुपर्ने बाध्यता छ । सबै वडाहरूलाई समेट्ने गरी बजार केन्द्रहरूको विकास गरी नगरवासीहरूलाई सबै किसिमका दैनिक उपभोग्य वस्तुहरू किनमेल गर्नाका लागि बजार केन्द्रको स्थापना र व्यवस्थापन गर्न जरूरी छ ।

व्यावसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई बजार तथा स्थानीय उत्पादन खपतको हिसाबले यो नगरपालिकालाई तुलनात्मक लाभ रहेको भएता पनि यी सम्भावनाको उपयोग गर्ने र बजार व्यवस्थापन तथा विस्तारलाई नीतिगत स्पष्टतासहित अघि बढाउन सकिएको छैन । घरेलु तथा साना उद्योगहरूको स्थापना लगायत स्थानीय उद्योग र वाणिज्य क्षेत्र व्यवस्थापनका लागि नगरपालिकासँग स्पष्ट नीति तथा कानुनको आवश्यक पर्दछ । औद्योगिक नीतिले नै सार्वजनिक, निजी र सहकारी क्षेत्रमा सहकार्य, सहअस्तित्व, संयुक्त उत्पादनको आधारसहित नगरमा रोजगारीका अवसर तथा आयआर्जन, पुँजी वृद्धि एवं राजस्व अभिवृद्धिमा योगदान पुऱ्याउन सक्छ । नीति तथा कानुनी प्रष्टतामा रहेको कमीलाई कमजोर पक्षका रुपमा लिइएको छ ।

## ३. अवसर र चुनौती

स्थानीय पहिचानसहितको व्यवसायिक उत्पादनलाई पर्यटन क्षेत्रसँग आवद्ध गर्ने अवसर नगरलाई रहेको छ । संघीय सरकारको सहयोगमा निर्माणको चरणमा रहेका सपिङ कम्प्लेक्स निर्माण सम्पन्न भएसँगै भीमेश्वर न.पा. केन्द्रमा व्यवसायिक गतिविधि प्रवर्द्धन गर्न सकिने अवसर रहेको छ । संघीय र प्रदेश कानुन प्रतिकुल नहुने नगर क्षेत्रभित्र रहेका खाली जग्गालाई हाटबजार व्यवस्थापन तथा औद्योगिक र व्यवसायिक गतिविधिमा लगाउन सक्ने अवसर पनि नगरलाई रहेको छ । निजी क्षेत्रका संघ संगठनसँगको परस्पर समन्वयमा स्थानीय उत्पादन प्रवर्द्धनमा नगर र निजी क्षेत्रको भूमिका विस्तार गर्ने अवसर पनि यस नगरसँग रहेको छ । स्थानीय उत्पादनलाई कम्तीमा छिमेकी स्थानीय तहमा रहेको बजारसँग अवद्ध गर्न सकिने अवसर पनि नगरमा रहेको छ भने स्थनीय जटिबुटी तथा फलफुल र तरकारीमा आधारित साना उद्योग प्रवर्द्धनको अवसर पनि यहाँ रहेको छ ।

नगरको स्वामित्वमा प्रशासनिक भवन बाहेक अन्य पूर्वाधार नभएको र चरिकोट क्षेत्रमा बजार विस्तारका लागि उपयुक्त नभएकोले चरिकोट बाहिरका क्षेत्रसम्म औद्योगिक र व्यवसायिक गतिविधि विस्तार गरी नयाँ व्यवसायिक केन्द्र विकास गर्ने चुनौती नगरलाई छ । सीमित रुपमा हुने स्थानीय कृषि तथा जडिबुटी उत्पादन तथा संकलन वृद्धि गरी साना तथा मझौला उद्योग स्थापना वर्षभरि सञ्चालन हुने गरी निजी क्षेत्रलाई आकर्षित गर्ने चुनौती पनि नगरलाई रहेको छ । उद्योग र व्यवसाय प्रवर्द्धनका लागि संघ र प्रदेशबाट थप सहयोग जुटाउने तथा वर्तमान सहयोगलाई निरन्तरता दिने, उद्योग र व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार व्यवस्था र लगानी सुरक्षाको प्रत्याभूति दिएर औद्योगिक र व्यवसायिक क्षेत्रमा लगानी आकर्षित गर्ने चुनौती पनि नगरलाई रहेको छ ।

## ४. लक्ष्य

उद्योग र व्यवसायमार्फत् स्थानीय आर्थिक विकास र समृद्धिमा टेवा दिने ।

# ५. उद्देश्य

स्थानीय सीप, प्रविधि तथा उत्पादनमा आधारित उद्योगको विकास र विस्तारमार्फत् उत्पादनशील नगर बनाउने ।

# ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.१.३ : उद्योग र वाणिज्यका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. स्थानीय उत्पादनमा आधारित उद्योग र व्यवसाय प्रवर्द्धन गरी आर्थिक विकासमा उद्योग र वाणिज्य क्षेत्रको योगदान बढाउने । | १. स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने किसिमका स्थानीय रुपमा स्थापित घरेलु तथा साना उद्योग तथा व्यवसायीहरूलाई आर्थिक रूपमा सहयोग गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।<br>२. स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापना र सञ्चालनका लागि समन्वयात्मक, उत्प्रेरणात्मक र सहयोगात्मक भूमिका निर्वाह गरिने छ ।<br>३. नगरवासीलाई पर्याप्त रोजगारीको अवसर सिर्जना हुने खालका नयाँ व्यवसाय तथा कलकारखानाको स्थापना गरी व्यापारिक क्रियाकलाप शुरूवात तथा सञ्चालनको लागि उपयुक्त वातावरण निर्माण गरिने छ । |
| २. उद्योग र वाणिज्य क्षेत्रमा लगानी बढाउन उपयुक्त पूर्वाधारसहितको औद्योगिक र व्यवसायिक वातावरण सकारात्मक नियमनमार्फत् स्थानीय आर्थिक विकास र रोजगारी प्रवर्द्धन गर्ने । | १. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका व्यापार/व्यवसायलाई नगरपालिका भित्र स्थापनाका लागि आकर्षित गर्न प्रयत्न गरिने छ । यसका लागि नगरपालिकाद्वारा कर सहुलियत, लिज लगायतबाट जमिनको व्यवस्थापनमा सहजीकरण वा निश्चित अवधिको लागि सहुलियत उपलब्ध गराउन नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गरिने छ ।<br>२. निश्चित संख्या वा प्रतिशत भन्दा बढी स्थानीयलाई रोजगारीका अवसर उपलब्ध गराउने व्यवसायहरूलाई स्थानीयस्तरमा कर सहुलियत उपलब्ध गराइनुका साथै संघ र प्रदेशबाट उपलब्ध हुन सक्ने सहुलियतका लागि सहजीकरण गरिने छ ।<br>३. भविष्यमा रोजगारी तथा आयआर्जन प्रवर्द्धनमा योगदान पुऱ्याउने भौतिक पूर्वाधार निर्माणको प्रशासनिक प्रक्रियालाई थप सरल र सहज बनाइने छ ।<br>४. भू-उपयोग योजनाद्वारा नयाँ व्यवसाय तथा कलकारखाना शुरूवात गर्नका लागि उपयुक्तता निर्धारण गरिएका स्थानको जमिनको यकिन गरी त्यस्ता कलकारखनाका लागि आवश्यक पूर्वाधार तथा सेवाको पूर्व व्यवस्थापन गरिने छ ।<br>५. नगर क्षेत्रमा सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाहरूका लागि सरकारबाट उपलब्ध गराउनु पर्ने सेवा स्थानीयस्तरमा उपलब्ध गराउनका लागि प्रदेश र संघीय सरकार तथा बाह्य सहयोगी निकायसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।<br>६. नगर क्षेत्रभित्रका सबै वडाहरूमा व्यापार व्यवसायको विविधिकरण गरी सबै प्रकारका वस्तु सेवा सहजरूपमा उपलब्ध हुने वातावरण सृजना गरिनेछ । यसका लागि ग्रामीण भेगमा स्थानीय हाटबजारको व्यवस्थासहित निजी क्षेत्रमार्फत् बजार केन्द्रमा डिपार्टमेण्ट स्टोर खोल्नका लागि प्रोत्साहित गरी बजारको व्यवस्थापन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ७. युवा तथा उद्यामशील व्यक्तिहरूलाई नयाँ व्यवसाय शुरूवात र सञ्चालनमा उत्प्रेरणात्मक र सहयोगात्मक (आर्थिक, प्राविधिक र विशेषज्ञ सहयोग) भूमिका निर्वाह गर्न तथा आर्थिक विकासको समग्र पक्षमा समन्वय र सहजीकरणका लागि नगरमा एक स्थानीय आर्थिक विकास शाखा स्थापना गरिने छ ।<br>८. व्यवसायिक गतिविधिलाई प्रतिस्पर्धी र गुणस्तरीय बनाउन नगरबाट नियमनकारी भूमिका निर्वाह गरिने छ । |

## तालिका २/५.१.३ : आवधिक प्राथमिकता : उद्योग र वाणिज्य

**क.** भीमेश्वर नगरपालिकाले मुख्य बजार क्षेत्र बसपार्क, चरिघ्याङ, सात दोबाटो क्षेत्रमा बजार व्यवस्थापन सम्वन्धित आदेश जारी गरेको छ तर वाणिज्य क्षेत्रसँग सम्वन्धित नीति तथा कानुन तर्जुमाका कार्य बाँकी छन् । नगरभित्र विभिन्न किसिमका साना उद्योग तथा व्यापार व्यवसायहरू सञ्चालनमा छन । तर तिनीहरूलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता छ । यस नगरपालिकाको व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन र नियमन गरी नागरिकहरूको आर्थिक समृद्धि तथा थप रोजगारी सिर्जनाका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम नगरपालिकाले विविध नीति विधिहरू निर्माण गर्नुपर्ने हुन्छ । जसको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| १. स्थानीय बजार व्यवस्थापन, नियमन तथा प्रवर्द्धन सम्बन्धी स्थानीय कानुन बनाउने ।<br>१.१. घरेलु तथा स्थानीय कच्चा पदार्थको प्रयोगबाट उत्पादन (लोक्ता, अर्गेली लगायत अन्य जडिबुटीहरू, कृषि तथा पशुपालनजन्य उद्योग आदि) उद्योग प्रवर्द्धन नीति तथा निर्माण गर्ने घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन सम्बन्धी ऐन तथा कार्यविधि बनाउने । | १. औद्योगिक ग्राम तथा बजार क्षेत्र व्यवस्थापन, विस्तार एवं तथा उद्योग स्थापना र सञ्चालन सन्दर्भमा आवश्यक प्रबन्धसहित स्थानीय उद्योग र वाणिज्य नीति तथा कानुनमा आवश्यक संशोधन वा परिमार्जन गर्ने । | १. उद्योग तथा व्यवसाय प्रवर्द्धनमा मौजुदा नीति तथा कानुनको प्रभावकारिता विश्लेषणका आधारमा आवश्यक संशोधन वा परिमार्जन गर्ने । |

**ख.** आमरुपमा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्र र उद्योग क्षेत्रमा पर्याप्त लगानी नजुट्नु वा भएको पुँजी यो क्षेत्रमा परिचालित नहुनु स्थानीय औद्योगिक उत्पादनहरू लागत प्रतिस्पर्धी तथा गुणस्तरीय नहुनु र निर्यातयोग्य वस्तुहरूको उत्पादन र विविधिकरण नहुनु उद्योग क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरू हुन् । लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजन गराउन निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिकरणमा नवीन प्रविधि र उपकरणहरूको प्रयोग गर्न नसकिनु तथा नगरका पनि यसमा सीमितताका कारण औद्योगिक क्षेत्रको विकास र विस्तार हुन सकिरहेको छैन । बजार विस्तार ग्रा( मीण तहका वडाहरूसम्म अपेक्षित रुपमा हुन सकेको छैन । भीमेश्वर नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका कतिपय व्यवसाय औपचारिक रुपमा दर्ता नविकरण प्रक्रिया र राजस्वको दायरामा आएका छैनन् । यसले गर्दा यो क्षेत्रको वास्तविक तथ्यांकको पनि कमी रहेको छ । तिनीहरूको अभिलेखीकरणको कार्य थप व्यवस्थित गरी नगरभित्र बजार तथा व्यापार व्यवसायलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता छ ।

स्थानीयस्तरमा उत्पादन भएका कृषि तथा पशुजन्य वस्तु लगायत यहाँका कच्चा पदार्थको उपयोग औद्योगिक प्रयोजनमा खासै हुन सकेको छैन । यहाँ उत्पादन भएका वस्तुहरूले बजार नपाएको अवस्था छ । यहाँका भौतिक पूर्वाधार र अन्तरआवद्धता (इन्टरकनेक्टिभिटी) मा रहेका कठिनाईले पनि उद्योग र वाणिज्य क्षेत्रका चुनौतीका रुपमा रहेका छन् । ग्रामीण क्षेत्रमा समेत बजार विस्तार गरी उपभोग्य सामान तथा हाटबजारको व्यवस्थासहित बजारको व्यवस्थापन गर्नु अपरिहार्य रहेको छ ।

हाल नेपाल सरकार र प्रदेश सरकारको औद्योगिक ग्राम स्थापना गर्ने योजना तथा नीति अनुरूप भीमेश्वर नगरपालिकाले समेत तोकिएको मापदण्ड अनुरूप आफ्नो क्षेत्रमा कम्तीमा ४० रोपनी जग्गा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यी सम्पूर्ण कार्य गर्नका लागि नगरपालिकाले संघ, प्रदेश, निजी क्षेत्र तथा समुदायसँग समन्वय र सहकार्य गरी आवश्यक पूर्वाधारको विकास गर्नुपर्दछ । नगरपालिकामा नगर उद्योग वाणिज्य संघ लगायतका विभिन्न व्यापारिक संघ संस्थाहरू रहेका छन् । उनीहरू उद्योग वाणिज्य क्षेत्र विकासको बाहक भएकोले उपयुक्त समन्वय र परस्पर सहयोगका आधारमा उद्योग र वाणिज्य क्षेत्रलाई पनि अघि बढाउने अवस्था छ ।

यस सन्दर्भमा व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापनमा सुधार गरी नगरवासीलाई पर्याप्त रोजगारीको अवसर सिर्जना गर्न र आर्थिक समृद्धि हाँसिल गर्नमा यो क्षेत्रको योगदान बढाउन निम्नानुसार आवधिक कार्यक्रम प्रस्तुत गरिएको छ ।

| **अल्पकालील (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २०वर्ष)** |
|---|---|---|
| १. नेपाल सरकार र प्रदेश सरकारको मापदण्ड बमोजिम औद्योगिक ग्राम स्थापनाका लागि जग्गा व्यवस्थापन गर्ने (जग्गाको लागत, पूर्व सम्भाव्यता अध्ययन आदि) | १. नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायको समन्वय र सहयोगमा नगरपालिकाको वडा नं. ७ को भुलभुलेमा स्थापनाका लागि प्रस्ताव गरिएको औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक समन्वय गर्ने । | १. आवश्यक समन्वय र निजी क्षेत्रलाई सहजीकरण गरी औद्योगिक ग्राममा उद्योगहरू स्थापना र सञ्चालन गर्ने । |
| २. स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ (लोक्ता, अर्गेली लगायत अन्य जडिबुटीहरू तथा कृषि तथा पशुपालनमा आधारित उत्पादन) मा आधारित साना तथा मझौला उद्योग स्थापनाको सम्भावना विश्लेषण गरी उपयुक्त विकल्पहरूको सुची तयार पार्ने । | २. स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग विकासका लागि कोष खडा गर्ने तथा कोषलाई सम्बन्धित उद्योग प्रवर्द्धन तथा लगानी सुरक्षमा परिचालन गर्ने ।<br><br>२.१.स्थानीय रूपमा उत्पादन भैरहेका कृषि, पशु तथा वनजन्य वस्तुहरूको प्रशोधनका लागि उद्योगहरू खोल्ने (सार्वजनिक निजी सहकारी साझेदारी अनुरूप) । | २. तरकारी, फलफुल, अन्नबाली, जटिबुटी, छाला तथा मासु जस्ता स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगको विस्तार गरी कम्तीमा एक वडा : एक मध्यमस्तरको उद्योग स्थापना गर्ने । |
| ३. विभिन्न वडाका सम्भावित बजार केन्द्रमा डिपार्टमेण्टल स्टोर वा मध्यमस्तरको सपिङ सेन्टरको पूर्वाधार तयारीका लागि उपयुक्तता अध्ययन गरी प्रतिवेदन तयार गर्ने । | ३. पूर्वाधारमा नगरका तर्फबाट साझेदारीका आधारमा सहयोग गरी चरिकोटभित्र र बाहिरका मुख्य बजार केन्द्रमा निजी क्षेत्रबाट डिपार्टमेण्टल स्टोर वा सपिङमल स्थापना गर्ने ।<br><br>३.१. नगर केन्द्रमा निर्माणाधीन व्यापारिक कम्प्लेक्स निर्माणको कार्य सम्पन्न गरी लिजिङ प्रक्रिया पूरा गर्ने । | ३. पूर्वाधारका लागि उपयुक्त साझेदारी गरी निजी क्षेत्रबाट प्रत्येक वडाका मुख्य बजार केन्द्रमा सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्ट स्टोर खोल्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| ४. कृषि क्षेत्रको प्राथामिक र माध्यमिक उत्पादनको संकलन, व्यवस्थापन र बिक्री वितरणलाई सहज बनाउन ग्रामीण वडाका सम्भावित क्षेत्रमा सबैलाई पहुँच हुने गरी पूर्वाधारयुक्त हाटबजार (संकलन तथा प्रशोधन केन्द्र, कोल्डस्टोर आदिसहित) स्थापनाका लागि अध्ययन गर्ने गर्ने । | ४.ग्रामीण वडा (१,४,५,७,८,९) को उपयुक्त क्लष्टर बनाई (संकलन तथा प्रशोधन केन्द्र, कोल्ड स्टोर आदिसहितको पूर्वाधारयुक्त हाटबजार स्थापना गर्ने । नगर केन्द्रमा रहेको हाटबजारलाई थप व्यवस्थित बनाउने । | ४. हाट बजार र सम्बन्धित पूर्वाधारको प्रभावकारी उपयोग र उचित व्यवस्थापनको सुनिश्चितताका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने । |
| | ४.१. सबै वडाका मुख्य बजार हरूमा अर्गानिक तरकारी पसलहरू स्थापना गर्ने । | |
| ५. प्रस्तावित औधोगिक ग्राम तथा अन्य व्यवसायिक केन्द्रलाई आधार बनाई नगरपालिकाको मुख्य बजारक्षेत्र लगायत यस वरपरका बस्तीलाई जोड्ने गरी सडकको स्तरोन्नती तथा आवश्यक पूर्वाधार निर्माणलाई यातायातका कार्यक्रममा समेट्ने । | ५. यातायात तथा अन्य पूर्वाधारका कार्यक्रममा उद्योग र व्यवसायको आवश्यकता (औद्योगिक ग्राम तथा स्थानीय उत्पादन तथा बिक्री वितरण केन्द्रसम्मको पहुँच) विश्लेषण गर्ने पद्धति विकास गरी पूर्वाधार निर्माणका कार्य गर्ने । | |
| ६. वाणिज्य संघ तथा नगरपालिकाको सहकार्यमा बजारलाई प्रतिस्पर्धात्मक बनाउन वस्तु तथा सेवाको अधिकतम मुल्य, गुणस्तर आदिमा आधारित रहेर बजार अनुगमनलाई समयवद्ध बनाउने । | ६. निरन्तर | |
| ७. ओरियण्ट म्याग्नेसाइट (खरीढुङ्गा) उद्योगको सञ्चालनका संस्थागत पहल गर्ने गर्ने । | ७. नगरका तर्फबाट आवश्यक समन्वय र सहजीकरण गरी सम्भाव्यताका आधारमा म्याग्नेसाइट उद्योग पुनः सञ्चालनमा ल्याउने । | |
| ८. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा सेवा उद्योगहरू (होटेल, रेष्टुरेन्ट र अन्य पर्यटन सम्बन्धी उद्योग) मा लगानीका लागि लगानी सम्बाद अघि बढाउने । | ८. लगानी सम्बादलाई निरन्तरता दिई सम्भाव्य उद्योग स्थापनाका लागि निजी सार्वजनिक सझेदारीको प्रारुप (सम्भाव्य परिपूर्ति कोषमार्फत् सहयोग गर्ने लगायत) तयारी र कार्यान्वयन गर्ने। | ८. निरन्तर |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २०वर्ष) |
|---|---|---|
| ९. कोभिड १९ को कारण उद्योग र वाणिज्य क्षेत्रमा परेको प्रभाव अध्ययन र तिनको पुनःसञ्चालन सम्बन्धमा सम्बन्धित पक्षसँग छलफल गरी नगरको तर्फबाट सहयोगका लागि समन्वयात्मक प्रयास गर्ने । | १०.थामी, नेवार लगायत अन्य जातिहरूको विशेष खानाहरूको प्रवर्द्धनात्मक कार्यक्रमहरू जस्तैः खाना महोत्सव तथा रेष्टुरेन्टहरूको स्थापनाका लागि निजी क्षेत्रसँग आवश्यक सहयोग तथा सहजीकरणको व्यवस्था गर्ने । | १०. निरन्तर |

# ५.१.४. आर्थिक पूर्वाधार, राजस्व र सार्वजनिक वित्त

## १. परिचय

स्थानीय विकासका समग्र पक्षमा नगरको भूमिका प्रभावकारी बनाउन लगानीका लागि स्रोत आवश्यक पर्छ । पूर्वाधार विकास नभएसम्म औद्योगिक र व्यवसायिक गतिविधि विस्तार हुन नसक्ने भएकोले राजस्वको स्रोत पनि बढ्ने सम्भावना रहँदैन । त्यसैले पूर्वाधारमार्फत् राजस्वको आधार बलियो बनाउने र राजस्व संकलन वृद्धि र चुहावट नियन्त्रणमार्फत् पूर्वाधार विकासमा लगानीको स्रोत बढाउने र लगानीमार्फत् आर्थिक गतिविधि विस्तार गरी स्थानीय राजश्वको आधार विस्तार गर्ने कार्यका बिचमा सन्तुलन ल्याउन सक्नु स्थानीय आर्थिक विकास र वित्त व्यवस्थापनको अपरिहार्यता हो ।

## २. वर्तमान अवस्था

हाल भीमेश्वर नगरपालिकाको कुल आयमा आन्तरिक स्रोत ५ प्रतिशत भन्दा कम रहेको छ भने स्थानीय राजस्व वार्षिक रुपमा रु. ४ करोडको हाराहारीमा मात्र उठिरहेको छ । अधिकांश व्यवसायिक इकाईलाई नियमित राजस्व तिर्ने गरी करको दायरामा ल्याउन सकिएको छैन । बृहत् योजना तयारीको क्रममा उत्पन्न कोभिड १९ को महामारीको प्रभावले स्थानीय राजस्व अझ कम हुने अवस्था सृजना भएको छ । चालु खर्चको तुलनामा पुँजीगत खर्च कम रहेको छ । आन्तरिक स्रोतले प्रशासनिक खर्च समेत धान्न नसक्ने अवस्थामा रहेको छ । धेरैजसो विकासका योजनाहरू सडक निर्माणमा केन्द्रित रहेका छन् तथापि सडक पूर्वाधारले आर्थिक गतिविधिलाई सहजीकरण गर्ने स्तर प्राप्त गरेको छैन । नगरपालिकाको मुख्य बजार क्षेत्र लगायत यस वरपरका बस्तीलाई जोड्ने गरी सडक तथा अन्य विभिन्न सम्बन्धित पूर्वाधारहरूको विकासमा तिव्रता दिनसके मात्र स्थानीय आर्थिक गतिविधि र आन्तरिक राजस्व वृद्धि हुनसक्ने छ । तथापि सीमित रुपमा भए पनि पूर्वाधारको विकास र विस्तारले निरन्तरता पाइरहनु र आन्तरिक राजस्वको आधार र आकार क्रमशः विस्तार भइरहनु यहाँको सबल पक्ष रहेको छ ।

## ३. अवसर र चुनौती

वाणिज्य तथा पर्यटन क्षेत्रको विकास र विस्तार भइरहेकोले सबै व्यवसायिक इकाईलाई र घरभाडा लगायतको करयोग्य आयलाई करको दायरामा ल्याई आन्तरिक राजस्व विस्तार गर्ने अवसर नगरलाई रहेको छ भने संघीय सरकारमार्फत् आर्थिक गतिविधिमा योगदान गर्ने पूर्वाधारमा भइरहेको लगानीलाई पनि आन्तरिक राजस्व बढाउने अवसरमा लिन सकिन्छ । सडक लगायतका पूर्वाधारमा संघ, प्रदेश तथा अन्य निकायबाट भइरहेको लगानी, स्थानीय प्राकृतिक स्रोत आदिलाई पनि आन्तरिक राजस्व तथा पूर्वाधारका क्षेत्रमा लगानीयोग्य आयको माध्यम बनाउने अवसर नगरलाई संवैधानिक रुपमा पनि प्राप्त छ ।

करको दायरा बाहिर रहेका आधा भन्दा बढी व्यावसायिक इकाईलाई दायराभित्र ल्याउने, सबै आवासीय र व्यावसायिक प्रयोजनमा भाडामा लगाइएका भवनबाट घरभाडा कर उठाउने र समग्रमा राजस्वको दायरा वृद्धि गरी स्थानीय राजस्वको आधार विस्तार गर्ने चुनौती नगरलाई रहेको छ भने आर्थिक सम्भाव्य पूर्वाधार विकासका लागि स्रोत जुटाई लगानी बढाएर करको आधार अपेक्षित स्तरमा पुऱ्याउने चुनौती पनि नगरलाई रहेको छ ।

## ४. लक्ष्य

लगानीका स्रोतमा आत्मनिर्भरता हाँसिल गर्ने ।

## ५. उद्देश्य

स्थानीय पूर्वाधार विकास र विस्तार एवं रोजगारी प्रवर्द्धन र आन्तरिक राजस्व अभिवृद्धिका बिच सन्तुलन कायम गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.१.४ : आर्थिक पूर्वाधार, राजस्व र सार्वजनिक वित्तका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.नगरको आर्थिक विकास र रोजगारी सृजनामा केन्द्रित आर्थिक सम्भाव्य पूर्वाधारको विकासमा जोड दिनुका साथै राजस्वका दर सकेसम्म यथावत राखी दायरा विस्तारमार्फत् आन्तरिक स्रोत अभिवृद्धि गर्ने । | १. वडाहरूको आर्थिक सामाजिक तथा पूर्वाधारको अवस्था र आवश्यकतालाई मध्यनजर गरी सुत्रबद्ध अनुदानलाई निरन्तरता दिइनेछ ।<br>२. स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्न आर्थिक पूर्वाधार विकासमार्फत् रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धिमा जोड दिइनेछ । यस्ता पूर्वाधारहरूको निर्माण कुल बजेटको (शसर्त अनुदान बाहेक हुन आउने रकम) निश्चित प्रतिशत रकम अनिवार्य रूपमा छुट्याउने नीति अवलम्बन गरी ऋण रकम वा निजी क्षेत्रको रकमलाई समेत प्राथमिकतामा राखी समावेश गरिनेछ ।<br>३. रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धि हुने आर्थिक सम्भाव्यता भएका आयोजनाहरूलाई प्राथमिकता दिइनेछ । यस्ता आयोजनाहरूको Project Bank तयार गरिनेछ ।<br>४. आर्थिक सम्भाव्यता भएका पूर्वाधार सेवाहरूको विकास, पुनर्निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रको व्यावसायिकता, उद्यमशीलता, दक्षता एवं नवीनतम सूचना प्रविधिलाई नगरको सर्वाङ्गीण विकासमा अधिकतम उपयोग गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. निजी क्षेत्रको लगानीलाई भित्र्याउनका लागि आवश्यक सहयोग, सम्पर्क र समन्वय, सहजीकरणका लागि विज्ञ टोलीको गठन गरिनेछ। विज्ञ टोलीबाट निजी क्षेत्रलाई आकर्षण गराउनका लागि उपलब्ध गराइने सेवा र सुविधा (कर छुट, Viability Gap Funding, अन्य सेवा सुविधा आदि) का विषयमा अध्ययन गराई स्थानीय आर्थिक विकासको थप नीतिहरू तय गरिनेछ।<br>६. छिमेकी स्थानीय सरकार समेतका लागि पारस्परिक हितका आधारमा यातायातसहित आधारभूत शहरी पूर्वाधारका सेवाहरू (खानेपानी, फोहोरमैला आदि) विस्तार तथा विकासका कार्यहरू सामुहिक रूपमा गरिनेछ।<br>७. नगरपालिकाको आन्तरिक स्रोतमा अभिवृद्धि हुनेगरी सार्वजनिक जग्गा तथा सम्पत्तिको उपयोग गरी पूर्वाधार विकासमा जोड दिइनेछ। पूर्वाधारलाई सेवा शुल्कमा आवद्ध गरिनेछ।<br>८. पूर्वाधार विकास निर्माणका लागि उपभोक्ता समिति गठन गर्दा समितिका पदाधिकारीहरूले अनिवार्य कर तिर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ।<br>९. स्थानीय राजस्व अभिवृद्धिका लागि कर चुहावट नियन्त्रण, करको दायरा विस्तारमा केन्द्रित राजस्व सुधार योजना निर्माण र कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिने छ। |

### तालिका २/५.१.४ : आवधिक प्राथमिकता : आर्थिक पूर्वाधार, राजस्व र सार्वजनिक वित्त

**क.** नगरपालिकाको सीमित स्रोतबाट मात्र आर्थिक तथा सामाजिक पूर्वाधार विकास निर्माणका कार्यहरू गर्न प्रायः असम्भव देखिन्छ। यसका लागि वैकल्पिक स्रोतको आवश्यकता पर्दछ। वैकल्पिक स्रोतका लागि ऋण, सार्वजनिक निजी साझेदारी लगायत भू-उपयोग लगायत अन्य नवीनतम् उपायमार्फत् स्रोतको व्यवस्थापन गर्न सकिन्छ। हाल नगरपालिकाले ऋणमार्फत् केही आयोजना बढाएको छ, तथापि पनि आन्तरिक स्रोत न्यून भएका कारण बैंक तथा वित्तीय संस्थाबाट ठूला आयोजनाका लागि थप ऋण लिनसक्ने अवस्था छैन। सार्वजनिक निजी साझेदारीमार्फत् सीमित कार्यहरू हुँदै आएको भए पनि त्यसलाई स्थानीय कानुनमार्फत् व्यवस्थित गर्न सकिएको छैन। निजी क्षेत्रलाई पूर्वाधार विकासमा आकर्षण गर्न, उनीहरूको लगानीलाई सुनिश्चित गर्न, जोखिम न्यूनिकरण वा कम सम्भाव्य भएका क्षेत्रमा निजी क्षेत्रको रकमलाई समेत आकर्षण गर्न स्पष्ट सार्वजनिक निजी साझेदारी कानुनको आवश्यकता महसुस भएको छ।

यसका अलावा निजी क्षेत्रले सञ्चालन व्यवस्थापन गर्ने परियोजना वा नगरपालिकाले अन्य कुनै पूर्वाधारका क्षेत्रमा गरिने लगानीको आर्थिक लाभ तथा सञ्चालनलाई ध्यानमा राखी सेवा शुल्क लगाउन र संकलनका लागि सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधिको समेत आवश्यकता पर्दछ। प्राकृतिक सौन्दर्य र वातावरणीय सन्तुलन अक्षुण राख्दै सार्वजनिक जग्गा तथा सम्पत्तिको उपयोग गरी स्रोत परिचालन तथा पूर्वाधारको विकास गरी आर्थिक वृद्धि गर्न सकिन्छ, यसका लागि नगरको अधिकारको स्पष्टताका साथै आन्तरिक नीति हुनु आवश्यक छ।

छिमेकी गाउँपालिका वा नगरपालिकाहरूको संयुक्त प्रयासबाट समेत आवश्यक स्रोत जुटाई केही ठूला साझेदारी आयोजनाहरू निर्माण गर्न सकिने भएकाले उक्त साझेदारीमार्फत् कार्यान्वयनका लागि आर्थिक, मानवीय, भौतिक स्रोत साधनको समुचित परिचालन तथा व्यवस्थापनका उपयुक्त संरचनासहितको कानुनी प्रबन्ध आवश्यक छ।

स्थानीय आर्थिक विकासका पक्षहरू कृषि, पर्यटन, उद्योग, वाणिज्य सहकारी लगायत पूर्वाधार विकासलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आन्तरिक स्रोत बढाउन तथा उपयुक्त विधिबाट स्रोत जुटाउनका लागि देहाय बमोजिमका नीतिगत कार्यहरूको प्राथमिकीकरण गरिएको छ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सार्वजनिक निजी साझेदारी ऐन तर्जुमा गर्ने (आयोजना लेखाजोखा समिति, सम्भाव्य परिपूर्ति कोष वा Viability Gap Funding-VGF को व्यवस्थासहित) | १. अन्तरपालिका साझेदारीमा निर्माण गर्न सकिने पूर्वाधार व्यवस्थापन सम्बन्धी आवश्यक कार्यविधि बनाउने । | १.सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुन तथा राजस्व । पूर्वाधार सम्बन्धी नीतिमा आवश्यक संशोधन र परिमार्जन गर्ने । |
| २. नगरको भौगोलिक, आर्थिक सामाजिक र पूर्वाधारको अवस्था र आवश्यकता बमोजिम बजेट विनियोजनको सुत्र तयारी तथा योजना प्राथमिकीकरण विधिसहितको स्थानीय बजेट तर्जुमा दिग्दर्शन तयार गर्ने । | २. आवश्यकता अनुसार बजेट तर्जुमा दिग्दर्शनका परिमार्जन वा सुधार गर्ने । | |
| | ३. स्थानीय आर्थिक विकास तथा पूर्वाधार लगानी र सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधि तयार गर्ने । | ३. निरन्तर |
| | ४. सार्वजनिक तथा सम्पत्ति उपयोगमा आधारित स्रोत परिचालन (Land and Asset Based Source) सम्बन्धी नीति तयार गर्ने । | |

**ख.** नगरस्तरीय ठूला पूर्वाधारका योजनाहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न माथि उल्लेख भए बमोजिम नगरपालिकाले नीति तथा कानुनको तर्जुमा, जग्गाको व्यवस्थापन, आर्थिक लाभ तथा रोजगारी उपलब्ध गराउने खालका सम्भाव्य पूर्वाधारका क्षेत्रहरूको पहिचान र कार्यान्वयन गर्नुपर्ने हुन्छ । यस्ता खालका ठूला आयोजनाहरू बहुवर्षिय हुने र सो को प्रभावकारी र नतिजा उन्मुख कार्यान्वयनका लागि पुँजी सुधार कार्यक्रम Capital Improvement Program तथा मध्यकालीन खर्चको संरचना (Mid Term Expenditure Framework-MTEF) जस्ता वित्तीय औजारको प्रयोग गर्नुपर्ने हुन्छ । हालको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत मध्यकालीन खर्च संरचनालाई स्थानीय तहमा अनिवार्य रूपमा लागु गर्नुपर्ने कानुनी व्यवस्था गरेकाले सो को कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

हाल आन्तरिक आयबाट पुँजीगत भन्दा चालु खर्च बढी भइरहेकोले आन्तरिक आयको अभिवृद्धि सँगसँगै पुँजीगत क्षेत्रमा लगानी बढाउन आवश्यक देखिन्छ । नगर क्षेत्रमा पुँजीगत क्षेत्रमा लगानीले आर्थिक वृद्धि र आन्तरिक स्रोत अभिवृद्धि सँगसँगै हुन्छ । हाल नगरपालिकाले सबै करदातालाई करको दायरामा ल्याउन नसकेको सन्दर्भमा सूचना प्रविधिको प्रयोगमार्फत् तथ्याङ्क अद्यावधिक गर्दै राजस्व संकलनमा थप प्रभावकारिता ल्याउन सकिन्छ । यस राजस्व, पूर्वाधार व्यवस्थापनसँग सम्बन्धित आवधिक प्राथमिकता देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.सार्वजनिक जग्गाको लगत तयार गर्ने, अद्यावधिक गर्ने र नगरले स्थानीय पूर्वाधार र राजस्वको प्रयोजनमा उपयोग गर्न सकिने र नसकिने जग्गा छुट्याउने । | १.छिमेकी स्थानीय तहसँग पारस्परिक हित बमोजिम गर्न सकिने कार्यक्रमहरूको सूची तयार गर्ने । | १.अन्तरपालिका समन्वयमा सञ्चालन गर्न सकिने सम्भाव्य पूर्वाधार विकासका कार्य अघि बढाउने । |
| | १.१. सार्वजनिक निजी साझेदारी बमोजिम परियोजना कार्यान्वयनका लागि मनसाय सुची तयार गर्ने र कार्यान्वयन अघि बढाउने । | १.१. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुन सक्ने परियोजना कार्यान्वयन अघि बढाउने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. अवश्यकता अनुसार विज्ञ टोलीको सहयोग लिएर राजस्व सम्भाव्य र निर्माण गर्न सम्भव रहेका उपयोगी पूर्वाधारको सूची निर्माण गर्ने, मध्यमकालीन खर्च संरचना बनाउने र सोही आधारमा पुँजी सुधार कार्यक्रम निर्माण अघि बढाउने । | २.पुँजी सुधार कार्यक्रमलाई पूर्ण रुप दिई (CIP) कार्यान्वयन गर्ने । मध्यमकालीन खर्च संरचना निर्माणलाई वार्षिक रुपमा निरन्तरता दिने । | पुँजी सुधार कार्यक्रम कार्यान्वयनको समीक्षा गर्ने र नयाँ आवधिक संस्करण तयार गनरी कार्यान्वयनमा लैजाने । |
| ३. स्थानीय तथ्यांक व्यवस्थापन प्रणालीमा आधारित रहेर करदाता प्रोफाइलका आधारमा GIS Tax Mapping Database स्थापना गर्ने । | | |
| ३.१. सबै किसिमका कर, दस्तुर तथा शुल्क वडास्तरमा नै संकलन र अनलाइन रिर्पोटिङको सुनिश्चितता गर्ने । | | |
| ४. राजस्व सुधार योजनामा उल्लिखित प्रवर्द्धनात्मक गतिविधिको समयवद्ध रुपमा कार्यान्वयन गर्ने । | ४. कर सहभागिता प्रवर्द्धनका गतिविधि नियमित कार्यान्वयन गर्ने । | ४. कर सहभागिता प्रवर्द्धनका गतिविधि निरन्तरता दिने । |
| ५. हालको राजस्व सुधार योजना (Revenue Improvement Plan) को पुनरावोलकन गरी वर्तमान अवस्था र  कर तथा गैरकर राजस्वको सम्भावना सम्भावित आर्थिक पूर्वाधारबाट उठ्न सक्ने सेवा शुल्क समेत विष्लेषण गरी परिमार्जन गर्ने । | ५. विद्यमान राजस्व सुधार योजना कार्यान्वयनको समीक्षा गर्ने र नयाँ योजना निर्माण गर्ने । | ५. राजस्व सुधार कार्ययोजना कार्यान्वयनको समीक्षा गरी आवधिक र वार्षिक योजना निर्माण र कार्यान्वयन गर्ने । |
| ६. नगर केन्द्रमा निर्माणाधीन व्यापारिक कम्प्लेक्स भवन निर्माण पूरा गरी लिजिङको प्रक्रिया प्रारम्भ गर्ने । | ६. सातदोबाटोमा निर्माण हुने व्यापारिक कम्प्लेक्स भवन भवनलाई व्यापारिक प्रयोजनमा भाडामा लगाई राजस्वको स्रोतका रुपमा उपयोगमा ल्याउने । | ६. थप व्यवसायिक भवन निर्माण गरी व्यवसायिक प्रयोजनमा लगाउने । |
| | ६.१. राजस्व सम्भाव्य पूर्वाधारका आयोजना मध्ये निर्माण सम्पन्न भएका आयोजनाहरूबाट तोकिएको सेवा शुल्क संकलन गर्ने। | ६.१. व्यवसायिक भवन तथा अन्य राजस्व सम्भाव्य पूर्वाधार सञ्चानल र व्यवस्थापनलाई निरन्तरता दिँदै आवधिक रुपमा भाडा तथा शुल्क समायोजन गर्ने । |
| | ६.२. कभर्ड हल निर्माण सम्पन्न गरी सेवा शुल्क संकलन प्रकृया व्यवस्थित गर्ने । | |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. बाहालमा दिइएका नगर केन्द्रका सबै घरलाई बाहाल करको मापदण्डमा ल्याइसक्ने । | ७. वडा र नगरबाट आवश्यक प्रशासनिक कार्य गरी र घर बाहाल आयलाई पूर्ण रुपमा करको दायरामा ल्याइसक्ने । | |
| | ७.१. घरबाहाल कर र व्यवसाय कर समयमा नै संकलन गर्न अनलाइन विलिङ (मोबाइल सन्देश) तथा सम्बन्धित पक्षलाई बिल पठाउने प्रणाली लागु गर्ने । | |
| | ८.सार्वजनिक निजी साझेदारीको कार्यक्रम अघि बढाउन सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding)का लागि बजेट छुट्याउन शुरु गर्ने । | ८. निरन्तर |

नोटःमाथि उल्लेख भए बमोजिम आर्थिक पूर्वाधारका अन्य क्रियाकलापहरू सार्वजनिक निर्माण, भू-उपयोग, यातायात लगायत यससँग सम्बन्धित अन्य क्षेत्रहरूमा परेका प्राथमिकता बमोजिमका योजनाहरूको सूची बमोजिम हुनेछ ।

## ५.१.५. सहकारी

## १. परिचय

ग्रामीण अर्थतन्त्रलाई सबल बनाउन वित्तीय सहजकर्ताका साथै स्थानीय उत्पादन वृद्धि तथा बजारीकरणका मध्यस्थकर्ताका रुपमा रहने स्थानीय सहकारीको स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान हुनसक्छ । त्यसका लागि स्थानीय पुँजीलाई एकीकृत गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउने र लगानीको प्रतिफललाई आफ्ना सदस्य अर्थात् समुदाय बिचमा न्यायोचित वितरण गर्ने संस्थागत अभ्यास ती सहकारीहरूले गर्न सक्छन् । भीमेश्वर नगरपालिकाको सन्दर्भमा कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमूलक बनाउन सहकारी क्षेत्रको योगदान रही आएको छ भने त्यसमा थप सुधार गर्नुपर्ने आवश्यकता पनि छ ।

## २. वर्तमान अवस्था

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँ स्थापित सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीयस्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्थाप्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच बढाउँदै समावेशीकरणमा समेत टेवा पुऱ्याइरहेका छन् । नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि र बहुउद्देश्यीय प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ । साथै यी संस्थाहरूले नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ । यस नगरपालिकामा रहेका ११४ वटा सहकारी संस्थाहरू रहेका छन् । प्रायः सहकारीहरूले कृषि व्यवसाय, वैदेशिक रोजगारी, शिक्षा, स्वास्थ्य आदिमा लगानी गरेको पाइन्छ । यी सहकारीहरूले करिब २०० जना (६० प्रतिशत महिला) लाई प्रत्यक्ष रोजगारी उपलब्ध गराएका छन् । यस नगरपालिकामा सहकारी क्षेत्रमा निक्षेप सङ्कलन भन्दा माथि रहेको

अनुमान छ । यसका बावजुत सहकारी क्षेत्रको लगानी उत्पादनमूलक क्षेत्रमा हुन नसकेको गरिब र विपन्न वर्गले सहकारीबाट उचित लाभ हाँसिल गर्न नसकेको, पुँजी छरिएको, सहकारीहरूको भूमिकालाई बृहत्तर आर्थिक हितमा आवद्ध गर्न नसकिएको जस्ता सवाल यस क्षेत्रमा रहेको छ ।

## ३. अवसर र चुनौती

नगरका सबै वडा र समुदायस्तरमा विभिन्न किसिमका सहकारी रहेकोले नगर र वडास्तरमा समन्वय गरी सहकारीसँग रहेको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गराउने सहकारी क्षेत्रबाट स्थानीय आर्थिक विकासमा योगदान बढाउने अवसर नगरलाई छ । संघीय तथा स्थानीय सहकारी ऐन अनुसारको कार्यविधि बनाई सहकारीहरूलाई उत्पादनमूलक कार्यमा अभिमुख गराउने अवसर संवैधानिक रुपमा नगरलाई प्राप्त छ ।

छरिएर रहेका बचत तथा सापटीको कारोबारमा औपचारिक तथा अनौपचारिक रुपमा संलग्न सहकारीलाई नगरको नीतिगत निगरानीमा ल्याई उत्पादनमूलक क्षेत्रमा लगाउने चुनौती एकातिर रहेको छ भने आधारभूत संस्थागत क्षमता विना सञ्चालनमा रहेका सहकारीलाई निश्चित मापदण्ड भित्र ल्याई समुदायको बचतको सुरक्षा गर्दै समग्र सहकारी क्षेत्रलाई आर्थिक विकासको भरपर्दो वित्तीय सहजकर्ताको स्तरमा अघि बढाउने चुनौती पनि रहेको छ ।

## ४. लक्ष्य

सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकासको वित्तीय र आर्थिक सहजकर्ता बनाउने ।

## ५. उद्देश्य

सहकारी क्षेत्रलाई थप विश्वसनीय, भरपर्दो र पहुँचयोग्य संस्थाका रुपमा आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.१.५ : सहकारीका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. आर्थिक गतिविधि प्रवर्द्धनमा सहकारी क्षेत्रको भूमिका अभिवृद्धि गर्न उत्पादनमूलक क्षेत्रमा केन्द्रित गराउन सहजीकरण गर्ने । | १. कृषि सहकारीलाई कृषि उत्पादनमा सहजीकरण र कृषि उपज संकलन, भण्डारण व्यवस्थापन, प्रशोधन र बजारीकरणको भूमिकामा केन्द्रित गराइनेछ ।<br>२. बहुउद्देश्यीय सहकारी संस्थालाई बचत तथा ऋणको कार्यमा न्यून भूमिका रहने गरी उत्पादनमूलक कार्यमा लगानी गर्ने तथा उद्देश्य अनुसार सञ्चालन हुने अवस्थामा पुऱ्याइने छ ।<br>३. रोजगारी सिर्जना, कृषि उत्पादन र व्यवसायिक गतिविधि प्रवर्द्धनमा योगदान गर्ने सहकारीका लागि योगदानका आधारमा उत्प्रेरणात्मक प्याकेज कार्यक्रम उपलब्ध गराइने छ । |
| २. सहकारीको सेवालाई पहुँचयोग्य बनाउन गरी सहकारीहरूको एकीकरण, सेवा क्षेत्र निर्धारण, संस्थागत क्षमता र आन्तरिक सुशासन अभिवृद्धिलाई प्राथमिकता दिने । | १. नगरमा रहेका सबै उद्देश्यका सहकारीलाई वैधानिक दायित्व पूरा गर्न लगाइने छ । समान प्रकृतिका सहकारीहरूको एकीकरण गरी क्रमशः एक वडामा एक उद्देश्यको एक मात्र सहकारी सञ्चालन हुने व्यवस्था गरिनेछ ।<br>२. सहकारीको कर्जा प्रक्रिया सरलीकृत र पारदर्शी बनाई सबै परिवारलाई सहकारीमा पहुँच हुने गरी सहकारी संस्थाको व्यवस्था, संरक्षण, प्रवर्द्धन तथा नियमनकारी भूमिका निर्वाह गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ३. स्थानीय सहकारीहरूलाई विधिसम्मत ढंगबाट सञ्चान गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकीकृत तथ्याङ्क निर्माण र अद्यावधिक हुने व्यवस्था गरिनेछ ।<br>४. स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरूको संस्थागत तथा क्षमता विकास गर्नुको साथै स्थानीय यातायात तथा ढुवानी सेवा सञ्चालन, फोहोरमैला व्यवस्थापन, सार्वजनिक शौचालय व्यवस्थापन लगायत नगर विकासमा सहकारीसँगको साझेदारी र सहकार्यमा जोड दिइनेछ ।<br>५. स्थानीय सहकारी संस्थाका पदाधिकारी, कर्मचारीहरूलाई लक्षित गरी सहकारी शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रवर्द्धन गरिनेछ । सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरूलाई जिम्मेवार बनाइने छ । |

### तालिका २/५.१.५ : आवधिक प्राथमिकता : सहकारी

**क.** नगरपालिकालाई प्राप्त अधिकार बमोजिम सबै सहकारीहरूलाई नियमन गर्न आवश्यक देखिन्छ । हाल नगरपालिकामा रहेका सहकारीहरूको बचत तथा ऋण लगायत उत्पादन तथा आयमूलक क्षेत्रमा के कति लगानी भैरहेको छ सो को स्पष्ट सूचना नगरपालिकासँग छैन । सहकारीको पुँजीलाई विषयगत क्षेत्र तथा अन्य उत्पादन क्षेत्रमा केन्द्रिकृत गरी प्रभावकारी रूपमा सञ्चालन र नियमनका लागि सहकारीको व्यवसायिक योजना (Business Plan) को आवश्यक पर्दछ । अर्थात् सबै सहकारीहरूलाई सहकारीको सिद्धान्त अनुसार कार्य गर्न गराउन, अनिवार्य रूपमा व्यवसायिक योजना बनाई नगरपालिकामा पेश गर्नुपर्ने र सोही बमोजिम नगरपालिकाले नियमन गर्नुपर्ने व्यवस्थालाई कानुनद्धारा नै स्पष्ट गर्न आवश्यकतानुसार ऐन तथा नियमावलीको संशोधन गर्नुपर्ने हुन्छ । त्यसैले नीति तथा कानुनको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सहकारी ऐन बमोजिम नियम बनाउने (सहकारी सञ्चालन, व्यवस्थापन, वर्गीकरण, सेवा क्षेत्र निर्धारण, एकीकरण वा गाभ्ने, व्यवसायिक योजना पेश गर्नुपर्ने जस्ता व्यवस्थासहित) | १.नगरभित्र दर्ता रहेका सबै सहकारीहरूले आफ्नो व्यवसायिक योजना अनिवार्य बनाउन पर्ने गरी निर्देशिका जारी गर्ने । | १.सहकारी सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको अवस्था अध्ययन गरी समय सापेक्ष संशोधन तथा परिमार्जन गर्ने । |

**ख.** हाल नगर क्षेत्रमा सबै नगरवासीको सहकारीमा पहुँच नभएको अवस्था छ । संख्यात्मक हिसाबले सहकारीहरू धरै संख्यामा रहे पनि सहकारीमा रहेको पुँजीलाई एकीकरण गर्ने र उत्पादनमूलक क्षेत्रमा लगाउने चुनौती रहेका छन् । नगरको विशिष्ठता अनुसार पर्यटन सहकारी, उद्यम सहकारी, कृषि सहकारी पर्याप्त मात्रामा स्थापना भएका छैनन् । सहकारीहरू स्थापना हुने र सञ्चालन नहुने वा सञ्चालनमा भएका सहकारीको नियमनमा रहेको कमीले गर्दा सर्वसाधारणको रकम जोखिममा पर्ने सम्भावना विद्यमान रहेको छ ।

दीगो विकासको लक्ष्य बमोजिम नगर क्षेत्रभित्रका न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्तालाई सहकारीमा पहुँच अभिवृद्धि गर्न आवश्यक रहेको छ । साथै उनीहरूको पुँजी तथा उत्पादनलाई एकीकृत गरी आर्थिक तथा सामाजिक विकासमा परिचालन गर्न, समुदायमा आधारित लोकतान्त्रिक स्वायत्त र स्वशासित संगठनका रूपमा विकास गर्न नगरपालिकाबाट प्रभावकारी नियमनका लागि सहकारीका क्षेत्रमा थप सुधार गर्नुपर्ने देखिन्छ । त्यसैले सहकारीको सुव्यवस्थापन र सहकारीलाई स्थानीय आर्थिक विकासको भरपर्दो साझेदार बनाउनमा केन्द्रित निम्न प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सहकारीहरूका लागि व्यवसायिक योजनाको खाका तयार पार्ने र सबै वडाका सहकारी सञ्चालक र कर्मचारीहरूका लागि सहकारी शिक्षा सञ्चालन गर्ने । | १.सबै सहकारीहरूले व्यवसाय योजना तयार पारेको सुनिश्चितता गर्नुका साथै वार्षिक रुपमा योजना कार्यान्वयनको समीक्षा पद्धति विकास र कार्यान्वयन गर्ने । | |
| २. नगर क्षेत्रमा रहेका सबै सहकारीको विस्तृत अभिलेख तयार गर्ने (पुँजी, बचत, क्षेत्रगत लगानी, सञ्चालन व्यवस्थापन, प्रविधिको प्रयोग आदि) । | २. सहकारी सम्बन्धी एकिकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) प्रभावकारी कार्यान्वयन गर्ने ।<br>२.१. सहकारीको नियमित अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण दिने । | २. निरन्तर |
| ३. नगरभित्र मात्र कार्यक्षेत्र भएका सबै सहकारीको वैधानिक दायित्व पूरा गराई नविकरण गर्ने र नगरको नियमनको दायरामा ल्याउने । | | |
| ४. नगरभित्रका एउटै कार्य क्षेत्र र समान उद्देश्य भएका सहकारीको मर्जर प्रक्रिया शुरु गर्ने । | ४. सहकारीको मर्जर प्रक्रिया पूरा गरी एक वडामा एक उद्देश्यको एक मात्र सहकारी हुने अवस्थामा पुऱ्याउने । | |
| ५. नगरमा स्थानीय यातायात सेवा सञ्चालनका लागि इच्छुक सहकारी छनोट गरी सेवा प्रारम्भ गर्ने । | ५. सहकारीमार्फत् निम्न कार्यक्रम अघि बढाउने ।<br>५.१. सहकारीमार्फत् स्थानीय यातायात सेवा सञ्चालन र विस्तार गर्ने । सेवाको वार्षिक समीक्षा गर्ने । | ५. सहकारीमार्फत् सञ्चालित विभिन्न व्यवसायिक गतिविधि, बजारीकरण सेवा, यातायात, कृषि क्षेत्रमा सहजीकरण जस्ता सेवा प्रवाहको अवस्था आवधिक मुल्यांकन गरी सुधारका लागि सहयोग गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ५.२. सहकारीको क्षमता अनुसार र सम्झौतामा आधारित रहेर कृषि उपज भण्डारण तथा चिस्यान केन्द्र स्थापना गरी सम्बन्धित वडाको कृषि सहकारीमार्फत् सञ्चालन र व्यवस्थापन गर्ने । | |
| | ५.३. सहकारीसँगको साझेदारीमा कृषि प्रयोगशाला तथा रैथाने तथा लोपोन्मुख बिउ विजन बैंक स्थापना र सञ्चालन गर्ने । | |
| | ५.४. दुग्ध, अण्डा र मासुजन्य उत्पादनको बजारीकरणको मुख्य सहजकर्ताका रुपमा वडा र नगरस्तरीय सहकारीको कार्य विभाजन व्यवस्थित गर्ने । | |
| ६. वित्तीय सहयोग र उत्पादन र बजारीकरणमा खेलेको भूमिकाका आधारमा उत्कृष्ठ सहकारी छनोटको मापदण्ड तयार गरी मुल्यांकन शुरु गर्ने । | ६. वित्तीय सहयोग र पारदर्शिता र उत्पादन र बजारीकरणमा योगदानका आधारमा उत्कृष्ठ सहकारी छनोट गरी वार्षिक रुपमा पुरस्कृत गर्ने । | ६. कृषि सहकारी, बचत तथा ऋण सहकारी तथा बहुउद्देश्यीय सहकारीको बेग्लाबेग्लै मुल्यांकन मार्फत् क्षेत्रगत रुपमा उत्कृष्ठ र समग्रमा सर्वोत्कृष्ट सहकारी वार्षिक रुपमा छनोट र पुरस्कृत गर्ने । |
| ७. नगरमा स्थानीय पर्यटन तथा उद्योग प्रवर्द्धनमा केन्द्रित नगरस्तरीय सहकारी स्थापना र सञ्चालनको सम्भाव्यता अध्ययन गरी सम्बन्धित पक्षलाई त्यसमा उत्प्रेरित गर्ने । | ७. पर्यटन, कृषि, उद्यम जस्ता विशिष्टीकृत सहकारी स्थापनामा र सञ्चालनका लागि सहजीकरण गर्ने । | |

## ५.१.६. सीप तथा रोजगारी


### १. परिचय

सीप तथा राजगारी प्रबर्द्धन आर्थिक विकासको बेग्लै स्तम्भ नभए पनि सीपयुक्त जनशक्ति आर्थिक गतिविधि प्रबर्द्धनको आधार रहेकोले आर्थिक विकासका अन्य क्षेत्रमा रहेका रोजगारीका अवसर उपयोग गर्न सक्ने गरी सीप विकास गर्ने र सीपमार्फत् स्वरोजगारी प्रबर्द्धन गर्ने विषयलाई अन्तरसम्बन्धित क्षेत्र र विशिष्ट क्षेत्रका रुपमा पनि हेर्नु र प्राथमिकता दिनु आवश्यक हुन्छ ।

## २. वर्तमान अवस्था

नगर पार्श्वचित्र २०७५ अनुसार नगरका १०,२५५ परिवारहरू मध्ये आम्दानीको प्रमुख स्रोत कृषि हुने परिवारको सङ्ख्या ४,००१ अर्थात् ३९.०२ प्रतिशत, दोस्रोमा प्रमुख स्रोत नोकरीबाट आम्दानी हुनेको परिवार सङ्ख्या १,७५८ अर्थात् १७.१४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी तेस्रोमा दैनिक ज्यालादारीबाट आम्दानी हुनेको परिवारको सङ्ख्या १,६४९ अर्थात् १६.०८ प्रतिशत, चौथो र पाँचौमा क्रमशः विप्रेषण व्यापार/व्यवसाय र पेन्सनबाट हुने १२.५४ प्रतिशत र ५.६० प्रतिशत रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने उद्योग र बढी आम्दानी हुने खालका उत्पादनशील क्षेत्रमा संलग्न परिवारहरूको सङ्ख्या न्यून छ । कृषि, सेवा, व्यापार, व्यवसाय र विप्रेषणमा आधारित परिवारको सङ्ख्या तुलनात्मक रूपमा बढी भए पनि दैनिक गुजारामा सीमित छ । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको आम्दानीको मुख्य स्रोत परम्परागत कृषि हुनुले यहाँ ठूलो सङ्ख्याको अदृष्य बेरोजगारी रहेको र अन्य उत्पादनशील क्षेत्रमा मानिसको संलग्नता कम रहेको छ । नगर क्षेत्रभित्र स्वेच्छिक बेरोजगारी गणना गर्दा काम गर्ने उमेरको जनसङ्ख्याको २५.२१ प्रतिशत अर्थात् ७,७८३ जना प्रत्यक्ष रूपमा बेरोजगारको अवस्थामा रहेका छन् । अन्य वडामा भन्दा वडा नं. १ मा बेरोजगारको संख्या बढी मात्रामा रहेको छ । तत्पश्चात क्रमशः वडा नं. ५, ६ र ९ मा बेरोजगार संख्या बढी छ । वडागत रूपमा नगरको बेरोजगारीको अवस्थालाई तलको नक्सामा देखाइएको छ ।

**नक्सा ५.१.६ : बेरोजगार जनसङ्ख्या रहेको घरधुरी**




ठूलो सङ्ख्यामा रहेको बेरोजगारको कारण नगरपालिकामा उत्पादनशील कार्यमा लागेको जनसङ्ख्यामाथि ठूलो आर्थिक दबाब पर्ने र बेरोजगारीका कारण उत्पन्न हुने थप सामाजिक, आर्थिक र मनोवैज्ञानिक असरहरू निकै संवेदनशील हुने गर्दछन् । अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसङ्ख्या उच्च हुँदा नगरपालिकाको विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ । यहाँ भैरहेको युवा जनशक्ति रोजगारका लागि बाहिर जाने र नगरको विकासका लागि गरिने सार्वजनिक निर्माण तथा सेवा क्षेत्रमा अधिकांश बाहिरका व्यक्ति (विशेषगरी भारतीय कामदार) लाई काममा लगाउनु पर्ने बाध्यता छ ।

## ३. अवसर र चुनौती

पूर्वाधारका क्षेत्रमा नगरपालिकाका अतिरिक्त संघ तथा प्रदेश सरकारले गर्ने लगानीलाई अल्पकालीन र दीर्घकालीन रोजगारीको माध्यमका रुपमा लिएर स्थानीयलाई आयआर्जन र रोजगारी निरन्तर बढाउने अवसर छ। कृषिमा विस्तारै हुँदै गरेको व्यवसायीकरणमा तिव्रता ल्याई आंशिक बेरोजगारीको समस्या क्रमशः हल गर्ने अवसर रहेको छ। पर्यटन क्षेत्रको विकास र विस्तारमार्फत् रोजगारी प्रवर्द्धनका प्रशस्त अवसर नगरमा छ भने युवाहरूमा विस्तारै जाग्रित हुँदै गरेको उद्यमशील भावनालाई स्वरोजगारीको आधारका रुपमा अघि बढाउने अवसर नगरलाई छ।

सीमित स्रोतका बाबजुद यो योजनाले अन्तिम रुप पाउँदै गर्दा कोभिड १९ को प्रभावका कारण बाह्य रोजगारीका लागि गएको जनशक्ति नगरमा फर्कदै गरेकोमा तिनलाई स्थानीय रुपमा नै रोजगारीका अवसर उपलब्ध गराएर नगरभित्र टिकाई राख्ने, आंशिक र पूर्ण बेरोजगार नगरवासीलाई पूर्णकालीन रोजगारीका अवसर उपलब्ध गराउने, वैदेशिक रोजगारीमा जाने प्रवृति निरुत्साहित गर्ने र क्षमता विकासमार्फत् अदक्ष र अर्धदक्ष जनशक्तिलाई दक्ष जनशक्तिमा रुपान्तरण गरी बढी आम्दानी दिने सेवामा आवद्ध गर्ने चुनौती नगरलाई रहेको छ।

## ४. लक्ष्य

नगरलाई पूर्ण रोजगारयुक्त नगर बनाउने।

## ५. उद्देश्य

एक घर एक रोजगारको सुनिश्चिता हुने गरी नगरमा पर्याप्त र आकर्षक रोजगारीका अवसर सिर्जना गर्ने।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.१.६ : सीप तथा रोजगारीका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. दक्ष जनशक्ति उत्पादन गर्न ज्ञान र सीप विकासका कार्यक्रमलाई सुव्यवस्थित र समन्वयात्मक रुपमा अघि बढाउने। | १. नगरपालिकाले कृषि, पर्यटन, उद्योग, व्यवसाय, सार्वजनिक निर्माण तथा अन्य सेवाका लागि चाहिने जनशक्ति तयारीको लागि पूर्व व्यवसायिक र प्राविधिक शिक्षालाई आधारभूत एवं माध्यमिक तहको पाठ्यक्रममा समावेश गराइनेछ। नगर क्षेत्रका प्राविधिक शिक्षालयसँग नगरको कार्यात्मक समन्वय सुनिश्चित गरिने छ।<br>२. कृषि, पर्यटन, उद्योग तथा व्यापार व्यवसाय, सार्वजनिक निर्माण तथा अन्य प्राविधिक क्षेत्रमा स्नातक तहसम्मको शिक्षा नगरभित्र उपलब्ध हुने गरी शिक्षा क्षेत्रको विकासका लागि केन्द्र र प्रदेशका सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिने छ।<br>३. नगरपालिकामा स्थापना हुने एवं भइसकेका उद्योग तथा व्यवसायका लागि चाहिने जनशक्तिको आवश्यकता पूरा गर्न औपचारिक शिक्षा लिन नचाहने नागरिकहरूलाई मध्यनजर गर्दै दक्ष र अर्धदक्ष जनशक्ति उत्पादन गर्ने व्यवसायिक शिक्षालयको व्यवस्था गरिने छ। त्यसका लागि बाह्य निकायसँग समन्वय गरिने छ।<br>४. स्थानीय आर्थिक विकासको लागि चाहिने जनशक्तिको प्रकार र सीपको आवश्यकता परिवर्तन भइरहन सक्ने हुनाले सीप र सिकाईलाई समयानुकुल बनाउँदै लगिने छ। |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| २. सीप विकास र रोजगारी प्रवर्द्धनका कार्यक्रम तय गर्दा अवसरहरूमा सबैको समावेशी पहुँचलाई महत्वपूर्ण आधार बनाउने । | १. सीप र रोजगारीका कार्यक्रम तय गर्दा कम्तीमा हरेक परिवारबाट एकजना रोजगार हुने कुराको सुनिश्चितताका लागि रोजगार सदस्य नभएका परिवारलाई पहिलो प्राथमिकता दिइने छ ।<br>२. स्थानीय रोजगारीलाई आकर्षक बनाउँदै बाह्य र वैदेशिक रोजगारीमा जाने अभ्यासमा कमी ल्याउन न्यूनतम शर्तका आधारमा स्वरोजगारीका विकल्पमा अनुशिक्षण, व्यवसायिक योजना निर्माण तथा क्षमता विकास, बिउ पुँजी सहयोग लगायतका कार्यहरूलाई एकीकृत प्याकेजका रूपमा उपलब्ध गराइने छ ।<br>३. सीपमूलक तालिम तथा सहुलियतमा बिउ पुँजी जुटाउन सहयोग गरी सबैभन्दा बढी बेरोजगारी भएका वडाहरूका सीमान्तकृत वर्ग तथा महिलाहरूलाई स्वरोजगारीका गतिविधिमा संलग्न हुन उत्प्रेरित गरिने छ। त्यसका लागि तालिम प्रदायक निकायसँग आवश्यक समन्वय गरिने छ ।<br>४. अपाङ्गता भएका व्यक्तिहरूको अवस्थाका आधारमा उपयुक्त सीप विकास तथा आयमूलक गतिवधि सञ्चालन गरिने छ ।<br>५ स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरूको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी स्थानीय उत्पादनलाई स्वरोजगारीका अवसरसँग आवद्ध गर्दै लगिने छ । |

## तालिका २/५.१.६ : आवधिक प्राथमिकता : सीप तथा रोजगारी

**क.** ठूलो सङ्ख्यामा रहेको स्वेच्छिक बेरोजगारी र समग्र बेरोजगारी एवं दक्ष, अर्धदक्ष र वैदेशिक रोजगारीमा जाने युवा जनशक्तिको संख्यालाई समेत न्यूनिकरण गरी नगरभित्रै रोजगारीका अवसर सिर्जना गर्न नगरपालिकामा स्पष्ट नीति र कानुन बनाउन बाँकी छ । साथै नगरपालिकाले गर्ने सार्वजनिक निर्माणका कार्य र अन्य सेवाका क्षेत्रहरूमा आवश्यक जनशक्ति उत्पादन गर्न उद्योग र सेवा क्षेत्रमा सीपमूलक जनशक्तिको विकास गर्नका लागि आवश्यक नीति तथा कानुनको आवश्यक पर्ने भएकाले प्राथमिकताका आधारमा देहाय बमोजिमका नीति तथा कानुन निर्माण नगरको प्राथमिकतामा रहेको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सीप विकास तथा स्थानीय स्वरोजगार प्रवर्द्धनमा केन्द्रित नीति तथा कानुन निर्माण गर्ने । साथै कोभिड १९ को कारण बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकाहरूको लागि अल्पकालीन रोजगारी व्यवस्था गर्ने कार्ययोजना बनाई लागु गर्ने ।<br><br>२. नगरस्तरीय दैनिक ज्यालादर निर्धारण गर्ने (कामको प्रकृति, ज्याला तथा दैनिक हाजिरका लागि कामको अवधि र प्रति घण्टा दर आदि) | १. स्वरोजगार प्रवर्द्धनका लागि नगरपालिकाबाट हुन सक्ने आर्थिक सहायता, वित्तीय संस्था समन्वय र सहजीकरण, बजार व्यवस्थापन, सहुलियत ऋण जस्ता विषयलाई थप व्यवस्थित बनाउने गरी सान्दर्भिक नीति तथा कानुनमा आवश्यक संशोधन/परिमार्जन गर्ने । | १. सीप तथा रोजगारी प्रवर्द्धनका नीति तथा कानुन कार्यान्वयनको अवस्था विश्लेषण गरी आवश्यक परिमार्जन वा संशोधन गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ३. नगरको आवश्यकता बमोजिम प्राविधिक जनशक्ति उत्पादन तथा परिचालन सम्बन्धी कार्ययोजना निर्माण गरी सीप विकासको विधि निर्धारण गर्ने । | |

**ख.** बेरोजगारहरूको संख्या र वर्गीकरण, प्राथमिकता तथा सार्वजनिक निर्माण तथा शहरी सेवाका लागि सीपयुक्त जनशक्तिको आवश्यकता बमोजिमका कार्य क्षेत्र, बजारको सम्भावना, बेरोजगारहरू तथा विदेशबाट फर्केका व्यक्तिहरूको चाहना र क्षमताका आधारमा सीप विकास र रोजगारीमूलक कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्नुपर्ने हुन्छ। त्यसका लागि आवश्यकता अनुसार सीप विकासका कार्यक्रम तय गर्ने त्यसका लागि आवश्यकता अनुसार तालिमको पाठ्यक्रमको विकास गर्ने र त्यस्ता कार्यक्रम कार्यान्वयन गर्न अल्पकालमा सम्बन्धित विशिष्टीकृत निकाय वा अनुभवी प्रशिक्षकमार्फत् सीप विकास कार्यक्रम कार्यान्वयन गर्ने र मध्यकाल र दीर्घकालका लागि नगरस्तरको सीप विकास केन्द्र वा नगरमा रहेका शैक्षिक संस्थासँगको साझेदारीमा त्यस्ता कार्यक्रमलाई थप व्यवस्थित गराई बेरोजगारी दर कम गर्ने नगरलाई पूर्ण रोजगारयुक्त नगर बनाउनेतर्फ अघि बढ्ने रणनीति लिइएको छ । विपन्न, परिवारका कुनै पनि सदस्य रोजगार नरहेका, महिला, दलित र सिमान्तकृत परिवारलाई उच्च प्राथमिकतामा राख्दै सीप विकास र स्वरोजगारी प्रवर्द्धनका निम्न प्राथमिकता अघि सारिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगर पार्श्वचित्रमा भएको तथ्याङ्कलाई आधार बनाई नगरमा रहेका बेरोजगार हरूको अभिलेख अद्यावधिक गर्ने । यसक्रममा कोभिड १९ को महामारीका कारणले लामो समय नगरमा नै रहने सोचसहित फर्किएकाहरूको सूची समेत व्यवस्थित गर्ने । | १. नगरस्तरको श्रम सर्वेक्षण गरी रोजगारीको अवस्था अद्यावधिक गर्ने । | १. श्रम सर्वेक्षण र बजारको श्रमिकको माग र आपूर्ति विश्लेषणका लागि आवधिक रूपमा निरन्तरता दिने । |
| १.१. निजी क्षेत्रसँग समन्वय गरी बेरोजगारी संख्या र बजारको माग बमोजिम (शहरी पूर्वाधार र सेवा प्रवाहलाई समेत ध्यानमा राखेर) श्रम बजारको अध्ययन गर्ने । | १.१. श्रम सर्वेक्षण बमोजिम क्षेत्र पहिचानका आधारमा उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धनका कार्यक्रमका सूची तयार गर्ने । | |
| २. श्रम बजारको तथ्यांकका आधारमा स्थानीय उद्यमशीलताका सम्भावित क्षेत्रहरूको अध्ययन गरी सीप विकास तालिमका लागि पाठ्यक्रम तयार वा छनोट गर्ने । | २. विशिष्ठ तालिमको आवश्यकताका आधारमा तालिम प्रदायक निकायसँगको समन्वयमा सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन तालिमका पाठ्यक्रममा आवश्यक परिवर्तन गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. व्यवसायिक खेती, सीपमा आधारित व्यवसाय तथा कृषि तथा स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योगका लागि आवश्यक छोटो तथा लामो अवधिको सीपमूलक कार्यक्रम तय गरी सञ्चालनका लागि तालिम प्रदायक तथा सहयोगी निकाय पहिचान गर्ने । | ३. निर्धारित पाठ्यक्रममा आधारित छोटो र लामो अवधिका सीप विकास तालिम कार्यक्रम निर्धारित सहयोगी निकाय (तालिम प्रदायक) मार्फत् नियमित कार्यान्वयन गर्ने ।<br><br>३.१. संघ र प्रदेश तथा अन्य स्थानीय तहसँगको सहकार्यमा स्थानीय प्राविधिक शिक्षालयसँगको साझेदारीमा आयमुलक सीपमा लक्षित वयस्क तालिम केन्द्र सञ्चालन गर्ने । | ३. नगरको सीप विकास केन्द्र वा निर्धारित शिक्षालयबाट सीप विकास तालिमलाई नियमित कार्यान्वयन गर्ने । |
| ४. स्थानीय आवश्यकता अनुसार नगरमा स्थायी बसोबास गरी उद्यम शुरु गर्न चाहने बेरोजागार  जनशक्ति लक्षित गरी इलेक्ट्रिसियन, वेल्डिङ, अटोमोवाइल, काष्ठ सामाग्री उत्पादन, पलम्बर, तरकारी खेती, पशुपालन आदि तालिम सञ्चालन वा बाह्य निकायबाट सञ्चालन हुने तालिममा सहभागिताका लागि नगरका तर्फबाट सहयोग र समन्वय गर्ने । | ४. अल्पकालमा गरिएका तालिमको उपलब्धीका आधारमा फ्लोअप कार्यक्रम र नयाँ सीप विकास तालिम सञ्चालन गर्ने ।<br><br>४.१. नगरमा रहेर निश्चित अवधि सेवा गर्ने शर्तका आधारमा नगरको प्राथमिकता बमोजिम प्रत्येक वडाका उत्कृष्ठ युवा विद्यार्थीलाई कृषि, भेटनरी, स्वास्थ्य सेवा, इलेक्ट्रिसियन, इञ्जिनियरिङ आदि विषयमा अध्ययनका लागि सहयोग गर्ने । | |
| ५. बढी बेरोजगार भएका वडाका सिमान्तकृत महिलाहरू मध्ये उद्यम सञ्चालन गर्ने चाहना र योजना भएका लागि विभिन्न (ब्युटीपार्लर, झोला, सिलाई बुनाई, स्यानेटरी प्याड, मास्क, अचार, पाउरोटी आदि) तालिम दिने र सम्बन्धित सीपमा आधारित उद्यम सञ्चालनका लागि सरल कर्जाका लागि सहजीकरण र  प्राविधिक सहायता उपलब्ध गराउने । | ५. महिला लक्षित व्यवसायिक तालिम (कृषि र सीपमा आधारित स्वरोजगारीका लागि) सञ्चालन गर्ने  र सेवा शुरु गर्न औजार, प्राविधिक सहयोग र वित्तीय सहजीकरणलाई निरन्तरता दिने । | ५. महिला सीप विकास तथा स्वरोजगारी सम्बन्धी तालिम, परामर्श तथा वित्तीय समन्वय सेवालाई निरन्तरता दिने । |
| ६. प्राथमिकता बमोजिम शिक्षित तथा अर्धशिक्षित युवा जनशक्तिमध्ये सहकारी सेवा, होटल कुक तथा हस्पिटालिटी, टुरिष्ट गाइड, होमस्टे सञ्चालन तथा व्यवस्थापन आदि विषयमा तालिम उपलब्ध गराउने (सम्बन्धित विषयसँग आवद्ध सरकारी, गैरसरकारी वा निजी क्षेत्रसँग समन्वय गरेर) । | ६. पर्यटन सत्कार, कुक, पर्यटन गाइड जस्ता सेवा उद्योग केन्द्रित सीप विकास कार्यक्रमलाई निरन्तरता दिने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. स्वरोजगारीका गतिविधि सञ्चालनका लागि बैंक तथा वित्तीय संस्था (सहकारी समेत) बाट सहुलियतमा कर्जा उपलब्ध गराउन योग्य संस्था छनोट गरी सम्झौता गर्ने । | ७. नगरबाट ब्योहोर्ने ब्याजको हिस्सा, स्थानीय स्वरोजगारी प्रवर्द्धनका कार्यक्रमको ढाँचा, परियोजना प्रस्तावको नमूना तथा सहयोग प्राप्ति र परिचालन विधि तय गरी छनोट गरिएको वित्तीय संस्थाबाट सम्बन्धित उद्यमीलाई सहुलियत कर्जा प्रवाहलाई व्यवस्थित गर्ने । | ७. निरन्तर |
| ८. कोभिड १९ को प्रभावका कारण नगरमा फर्किएका वा नगरभित्र बसोबास गरी आफ्नो नियमित आय आर्जनको अवसर गुमाएका श्रमिक वर्गको सुची बनाई प्रधानमन्त्री स्वरोजगार कार्यक्रम र स्थानीय पूर्वाधार विकास कार्यक्रममा श्रम गर्ने व्यवस्था मिलाउने । | ८.वैदेशिक रोजगारबाट फर्कने युवा लक्षित स्वयं छनोट गरिएको स्वरोजगारीको विकल्प कार्यान्वनयका लागि व्यवसाय योजना निर्माण, सीप, प्राविधिक सहयोग, परामर्श र वित्तीय सहजीकरण गर्ने ।<br><br>९. संघ र प्रदेशको सहयोगमा कृषि, पर्यटन, उद्योग तथा अन्य व्यवसाय का सन्दर्भमा पूर्व व्यवसायिक शिक्षाको विषयलाई आधारभूत र माध्यमिक तहको पाठ्यक्रममा समावेश गर्ने । | ८. वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित स्वरोजगारी प्रवर्द्धन सेवालाई परिमार्जनसहित निरन्तरता दिने । |

## ५.१.७. संस्थागत विकास

### १. परिचय

स्थानीय विकास प्रयासमा आर्थिक विकासका विभिन्न पक्षका बिचमा समन्वय र सहकार्य आवश्यक हुन्छ । निजी तथा सहकारी क्षेत्र र समुदायसँग नियमित समन्वय र सहयोग गर्न सक्ने आन्तरिक क्षमता भएमा मात्र नगरले आर्थिक विकासको प्रक्रियालाई दिशानिर्देश गर्न र व्यवस्थित गर्न सक्छ । त्यसले आर्थिक विकासका पक्षमा काम गर्ने आन्तरिक क्षमता निश्चितस्तरमा राख्नु नगरको प्राथमिकता हो ।

### २. वर्तमान अवस्था

नगरमा कृषि तथा पशुपालन क्षेत्रको जिम्मवारी भएका सहायकस्तरका कर्मचारी, राजस्व हेर्ने बेग्लै, लेखा तथा आन्तरिक लेखा परीक्षणमा वरिष्ठ अधिकृत वा अधिकृतस्तरको कर्मचारी तथा सहकारीको जिम्मेवारी तोकिएका कर्मचारीको प्रबन्ध छ । आधार वर्षमा सबै क्षेत्रको नीति तथा योजना व्यवस्थित गर्ने भूमिकासहितका प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था पनि नगरको सबल पक्ष हो । आर्थिक विकासको एकाई स्थापना तथा कार्य सञ्चालनका लागि सहयोगी हुन सक्ने गरी नगरको न्यूनतम पूर्वाधारसहितको आफ्नै भवन रहेको छ । तथापि नगरमा आर्थिक विकासको बेग्लै एकाई नभएकोले आर्थिक विकासका विभिन्न क्षेत्र हेर्ने इकाईहरू छरिएर रहेको अवस्था छ । उद्योग, वाणिज्य, पर्यटन तथा रोजगारी सम्बन्धी जिम्मेवारीसहितको जनशक्ति व्यवस्थापन भएको छैन ।

## ३. अवसर र चुनौती

संविधान र संघीय कानुनले दिएको अधिकार अनुसार आफुनो संगठन र व्यवस्थापन सर्वेक्षण गर्ने, संगठनात्मक स्वरुपलाई स्थानीय परिवेश अनुसार परिमार्जित र व्यवस्थित गर्ने र स्थानीय आवश्यकता अनुसार आफ्नो संस्थागत क्षमता विकास विस्तार गर्ने अवसर नगरलाई छ ।

सीमित स्थानीय स्रोत, थप जनशक्ति व्यवस्थापनमा संघीय सरकारमा भर पर्नुपर्ने अवस्था र प्रक्रियागत जटिलताका बिच कृषि, पर्यटन, उद्योग र वाणिज्य, सहकारी आदि क्षेत्रलाई समन्वयात्मक रुपमा अघि बढाउन सक्ने गरी जनशक्ति व्यवस्थापन गर्ने चुनौती नगर सामु छ ।

## ४. लक्ष्य

आर्थिक विकासको समन्वय र सहजीकरणमा प्रभावकारिता हाँसिल गर्ने ।

## ५. उद्देश्य

आर्थिक किवासका सबै पक्षलाई अघि बढाउन सक्ने गरी जनशक्ति व्यवस्थापन र क्षमता विकास गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.१.७ : संस्थागत विकासका रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. कृषि तथा पुशुपालन, पर्यटन, उद्योग र वाणिज्य, राजस्व र आर्थिक पूर्वाधार जस्ता क्षेत्रका समग्र पक्षलाई व्यवस्थित गर्न विशिष्ठ संगठनात्मक एकाई तथा संयन्त्र तयारी र जनशक्ति व्यवस्थापन गरी क्रियाशील गराउने । | १. कृषि तथा पशु सेवा, पर्यटन, उद्योग, राजस्व तथा सहकारी हेर्ने आवश्यक जनशक्तिसहितको आर्थिक विकास शाखा स्थापना गरिने छ ।<br>२. आर्थिक विकास शाखालाई व्यवसायिक योजना निर्माणका लागि सम्बन्धित व्यक्ति तथा फर्मलाई सहयोग उपलब्ध गराउनुका साथै आर्थिक र व्यवसायिक क्षेत्रका सरोकारवालासँग समन्वय गर्ने सचिवालयको भूमिका निर्वाह गर्न सक्ने स्तरमा पुऱ्याइने छ ।<br>३. नगरमा रहेको श्रमको माग र आपूर्ति विश्लेषण गरी माग र आपूर्तिका बिचमा सामञ्जस्यता कायम गर्नका लागि आर्थिक विकास शाखाबाट आवश्यक भूमिका निर्वाह गरिने छ ।<br>४. आर्थिक निति निर्माण, कार्यान्वयन, समीक्षा र परिमार्जन गर्ने जस्ता नीतिगत कार्यलाई व्यवस्थित गर्ने तथा बजेट तथा राजस्व समितिका लागि प्राविधिक सहयोग गर्ने भूमिका पनि निर्वाह गर्न सक्ने गरी यस शाखाका जनशक्तिलाई सार्वजनिक वित्त व्यवस्थापन लगायतको तालिम उपलब्ध गराइने छ ।<br>५. नगरको बजेट तथा योजना नीति र प्रक्रियामा सहयोग पुऱ्याउन विज्ञ टोलीसहित स्थानीय नगर योजना आयोगको गठन गरिनेछ । साथै स्थानीय राजस्व परामर्श समिति तथा आर्थिक विकास समितिको सचिवालयलाई व्यवस्थित र क्रियाशील गराइने छ । |

**तालिका २/५.१.७ : आवधिक प्राथमिकता : स्थानीय आर्थिक विकास अन्तर्गत संस्थागत क्षमता विकास**

**क.** नगरपालिकामा आर्थिक विकास अन्तर्गका विभिन्न सेवा सञ्चालनका लागि शाखा तथा इकाई रहेको भए पनि स्थानीय आर्थिक विकासको समग्र पक्ष हेर्ने गरी जनशक्तिसहितको आर्थिक विकास शाखा स्थापना नभएकोले उद्योग व्यवसाय, पर्यटन जस्ता स्थानीय आर्थिक विकासका महत्वपूर्ण पक्षमा नगरले पर्याप्त ध्यान पुऱ्याउन नसकिरहेको अवस्था छ । स्थानीय आर्थिक विकासलाई नीतिगत रुपमा थप व्यवस्थित गर्न नगर कार्यपालिका अन्तर्गतको आर्थिक विकास समितिलाई पनि क्रियाशील बनाउन आवश्यक छ । आर्थिक विकाससँग सम्बन्धित नीति तर्जुमा तथा पूर्वाधार विकासका लागि आर्थिक विकास समितिका पदाधिकारी र आर्थिक विकास शाखाका कर्मचारीहरूका समन्वात्मक रुपमा कार्य गर्नुपर्ने हुनाले यो विषयलाई नगरले महत्व दिएको छ । नगरमा कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, रोजगार, सहकारी तथा आर्थिक पूर्वाधार आदि क्षेत्रका नीति तथा प्राथमिकता बमोजिम कार्यक्रमहरूको कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने शाखा गठन लगायतका यो क्षेत्रको संस्थागत विकासका कार्यक्रमलाई निम्नानुसार प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.संगठन तथा व्यवस्थापन सर्वेक्षणको नतिजाका आधारमा परिमार्जन हुनसक्ने गरी अधिकृत स्तरका कर्मचारीको नेतत्वमा नगरमा आर्थिक विकास शाखा व्यवस्थापना गर्ने । जसमा कृषि, पशुपालन, सहकारी, पर्यटन, व्यापार, राजस्व व्यवसाय हेर्ने कर्मचारीहरूको समन्वय र प्रतिवेदन प्रणाली कायम गर्ने । | १. आर्थिक विकास शाखालाई थप जनशक्ति र प्रविधियुक्त बनाई शाखा अन्तर्गत कृषि र पर्यटनको बेग्लै एकाई बनाउने र अन्य क्षेत्रको फोकल पर्सन तोक्ने । | १.आर्थिक विकास शाखामा आवश्यकता अनुसार इकाई तथा जनशक्ति थप गर्ने र आर्थिक विकास शाखालाई आर्थिक विकास महाशाखाको स्वरुप प्रदान गर्ने । |
| २. आर्थिक विकास इकाईमा आर्थिक नीति तर्जुमा, कार्यान्वयनको समीक्षा तथा स्वरोजगारीका परियोजना प्रस्ताव निर्माणमा सहजीकरण र मुल्यांकनको क्षमता विकासका विभिन्न कार्यक्रम तय गर्ने । | २. आर्थिक विकास शाखालाई अल्पकालमा तय गरिएका क्षमता विकास कार्यक्रम कार्यान्वियन गर्ने र शाखा र अन्तर्गतका इकाईहरूको क्षमता विकासका थप विशिष्टीकृत कार्यक्रम तय गरी कार्यान्वयन गरी त्यस्ता कार्यक्रम र सम्बन्धित इकाईलाई निम्नानुसारका क्षमता विकासका कार्यक्रम कार्यान्वन गर्ने ।<br>● श्रम सर्वेक्षण, औद्योगिक गणना, पर्यटन सूचना व्यवस्थापन आदि ।<br>● स्वरोजगारी र उद्यमशीलता सम्बन्धी परामर्श सेवा र वित्तीय सहजीकरण ।<br>● नगरको आर्थिक स्थिति आय, रोजगारी, कुल ग्राहस्थ उत्पादन आदि गणना र विश्लेषण । | २.क्षमता विकासका क्षेत्रगत कषि, पर्यटन, उद्योग वाणिज्य, सहकारी, राजस्व आदि) कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने । |
| ३. कृषि तथा पशुपालनका लागि निर्धारित जनशक्ति व्यवस्थापन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने र मानव संशाधन विश्लेषणका आधारमा जैविक कृषिमा आधारित नगर बनाउन योगदान गर्न आवश्यक विशेषज्ञ तथा अन्य जनशक्तिको आवश्यकता पहिचान गरी प्राप्तिको प्रक्रिया अघि बढाउने । | ३. कृषि क्षेत्रको लागि निर्धारित जनशक्ति व्यवस्थापन गर्ने तथा कृषि पकेट क्षेत्रमा कृषि प्राविधिकसहितको सेवा केन्द्र खडा गर्ने तथा एक वडा एक कृषि प्राविधिकको उपलब्धता सुनिश्चित गर्ने । | ३. निरन्तर |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. स्थानीय तरकारी तथा फलफुल लगायतका उत्पादनको वैज्ञानिक मुल्य निर्धारणका लागि उत्पादक कृषक, स्थानीय व्यवसायी र नगर प्रतिनिधि सम्मिलित एक बजार मूल्य निर्धारण समिति गठन गर्ने । | ४. नियमित समन्वयात्मक बैठक मार्फत् कृषि उपजको मुल्य निर्धारण समितिलाई क्रियाशील गराउने । | ४. निरन्तर |
| ५. विषयगत सहकारी (कृषि, उद्यम, बहुउद्देश्यीय) कृषि सहकारीहरूको क्षमता विकास र सेवा विस्तारमा लागि आवश्यक सहयोग गर्न कर्मचारीहरूलाई सहजीकरण तालिम कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | ५. वार्षिक रुपमा सहकारी क्षेत्रको अनुगमन, नियमन, सहयोग र समन्वय सम्बन्धी अनुशिक्षण र अन्तरक्रियात्मक कार्यशाला सञ्चालन गर्ने । | ५. निरन्तर |
| ६. आर्थिक सम्भाव्य ठूला पूर्वाधार निर्माणका लागि परियोजना बैंक निर्माण र निजी क्षेत्रको लगानीलाई नीतिगत रूपमा सहयोगका लागि विज्ञ टोली गठन गर्ने । | ६. विज्ञ टोलीको सहयोगमा परियोजना बैंक निर्माणको पहिलो चरणको कार्य सम्पन्न गरी त्यसलाई अद्यावधिक गर्ने सम्बन्धित आवश्यक तालिम आर्थिक विकास शाखालाई उपलब्ध गराउने । | |
| ७.जनप्रतिनिधि, आर्थिक विकास शाखा तथा पूर्वाधारसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई परियोजना विकास, सार्वजनिक निजी, सहकारी साझेदारीको विधि, परियोजनाको आर्थिक तथा वित्तीय विश्लेषण सम्बन्धी आधारभूत तालिम उपलब्ध गराउने ।<br><br>७.१. आर्थिक विकास सम्बन्धी जिम्मेवारी लिएका नगर कार्यपालिका अन्तर्गतका समितिलाई बजेट, राजस्व, योजना प्राथमिकीकरण, आर्थिक विकासका आधारभूत पक्ष आदिको अनुशिक्षण दिने ।<br><br>७.२. जनप्रतिनिधि, आर्थिक विकास शाखा, आर्थिक प्रशासन, पूर्वाधार आदिसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई Capital Improvement Program तथा मध्यकालीन खर्च संरचना सम्बन्धी तालिम गर्ने । | ७. जनप्रतिनिधि तथा सम्वन्धित कर्मचारीको साझा बुझाईमा लक्षित आर्थिक विकास सम्बन्धी अनुशिक्षणलाई निरन्तरता दिने । | ७.कर्मचारी र जनप्रतिनिधिलाई आर्थिक विकासका समग्र पक्षको अनुशिक्षण वार्षिक रूपमा सञ्चालन गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ८. नगरपालिकामा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र पर्यटन प्रचार प्रसार तथा Online मार्फत् अभिलेखीकरण अद्यावधिकका लागि Software तयार गरी सूचना केन्द्रका सम्बन्धित कर्मचारीलाई सो सम्बन्धी तालिम दिने ।<br><br>९. पर्यटकीय क्षेत्रमा पर्यटक सहयोगका लागि पर्यटन प्रहरी (तालिम प्राप्त जनशक्ति) को व्यवस्था गर्ने । | |

**तालिका ३/५.१.७ : आर्थिक विकासको अपेक्षित उपलब्धि/परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७)**

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| आफ्नो नियमित आम्दानीले वर्षभर खान पुग्ने परिवार | ७२ | ७५ | ८५ | १०० |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | | | २००० | ४००० |
| कृषि क्षेत्रमा रोजगारी (%) | १८ | २२ | २४ | २६ |
| कृषिबाली क्षेत्रबाट हुने औसत पारिवारिक आम्दानी (रु., प्रति वर्ष) | ३७५८६ | ७५००० | १२५००० | ३००००० |
| पशुपालन क्षेत्रबाट हुने औसत पारिवारिक आम्दानी (रु., प्रति वर्ष) | २७७१७ | ५०००० | १२५००० | ३००००० |
| व्यावसायिक कृषिका इकाईको औसत अम्दानी (रु., प्रति वर्ष) | ३७५८६ | १००००० | ५००००० | १०००००० |
| व्यावसायिक पशुपालनका इकाईको वार्षिक आम्दानी वृद्धि (रु., प्रति वर्ष) | २७७१७ | ७५००० | ४५०००० | १०००००० |
| कृषि तथा पशुपालन क्षेत्रबाट थप हुने रोजगारीका अवसर (संख्या) | | ३०० | १५०० | ४००० |
| समग्रमा थप हुने रोजगारीका अवसर | | ५०० | ३२०० | ७८०० |
| वार्षिक आन्तरिक पर्यटक आगमन (संख्या) | | | | १००००० |
| वार्षिक बाह्य पर्यटक आगमन | | ५००० | २०,००० | ३०,००० |
| ३० मिनेटभित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार (प्रतिशत) | ५८ | | ७३ | ९० |
| नियमित व्यवसाय कर दिर्ने करदाता (व्यवसायिक इकाई) | ३५६ | ६०० | १५०० | २००० |
| कुल बजेटमा आन्तरिक राजस्वको हिस्सा (प्रतिशत) | ५ | ६ | १० | २० |
| कुल बजेटमा पुँजीगत खर्चको अंश (प्रतिशत) | | | ६० | ६० |
| सञ्चालनमा आउने अन्तर्राष्ट्रिय फिल्म सीटी | | | | १ |
| औद्योगिक ग्राम सञ्चालन | | | १ | २ |
| साना तथा घरेलु उद्योग संख्या | ७५ | १०० | २०० | ५०० |
| रु. एक करोड भन्दा बढी लगानीका उद्योग | ३ | ५ | १५ | ३० |

## ५.२ सामाजिक विकास

यो खण्डमा भीमेश्वर नगरपालिकाको सामाजिक विकास अन्तर्गत शिक्षा र स्वास्थ्य क्षेत्रको नीति तथा आवधिक प्राथमिकता समावेश गरिएको छ । यस बाहेक सम्पदा संरक्षण तथा सामाजिक समावेशीकरणको विषय पनि यस खण्डमा रहेको छ । नगरपालिकाले सामाजिक विकास अन्तर्गत समेट्दै आएको खानेपानी तथा सरसफाई क्षेत्रको नीति तथा कार्यक्रम भने पूर्वाधार विकास अन्तर्गत सार्वजनिक निर्माणमा समेटिएको छ ।

## ५.२.१. शैक्षिक विकास

### परिचय

शिक्षा विकासको आधार हो । साथै मर्यादित एवम् परिस्कृत जीवन सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दीगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिँदै आइएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सीपमूलक तथा स्वरोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ ।


नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धीहरु प्राप्त भएका छन् । पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८४.७ प्रतिशत पुगेको छ । प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६.९ पुगेको छ । प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८), र माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९६.९, प्रतिशत ९२.७ प्रतिशत र ४६.४ प्रतिशत पुगेको छ । कक्षा ५ र ८ सम्मको टिकाउदर क्रमशः ८९.६ र ७७.९ प्रतिशत रहेको छ । आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन् । प्रारम्भिक बाल विकास तथा शिक्षामा ९ लाख ७४ हजार बालबालिका अध्ययनरत छन् । लैङ्गिक समता सुचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.९८ र १.०१ रहेको छ । विद्यालय दोहोऱ्याउने दर आधारभूत तह (कक्षा १–५) मा ३.८ प्रतिशत र आधारभूत तह (कक्षा ६–८) मा ४.४ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९–१२) मा ३.७ प्रतिशतमा झरेको छ । मुलुकभर सार्वजनिक र संस्थागत गरी ३५०५५ वटा विद्यालयहरु स्थापना भई सञ्चालनमा रहेका छन् । शिक्षामा पहुँच बढाउन वैकल्पिक तथा खुला शिक्षाका अवसरहरु उपलब्ध छन् । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीहरुलाई सेवा प्रवाह गरिरहेको स्थिति छ ।

वि.सं २०६८ सालको जनगणनामा १५ वर्षमाथिको जनसङ्ख्याको साक्षरतादर ५८ प्रतिशत रहेको थियो । भने आ.व. २०७४/०७५ मा १५ देखि २४ वर्षको उमेर समूहको साक्षरतादर ८८.६ प्रतिशत पुगेको छ (स्रोत राष्ट्रिय शिक्षा नीति २०७६) ।

## २. वर्तमान अवस्था


भीमेश्वर नगरपालिकामा ४२ ओटा सामुदायिक विद्यालय र १३ वटा संस्थागत विद्यालय गरी जम्मा ५५ ओटा विद्यालय रहेका छन् जसलाई नक्सा नं. १/५.२.१ मा जनाइएको छ। ४२ वटा सामुदायिक विद्यालय मध्ये ११ वटा माध्यमिक विद्यालय र ३१ वटा आधारभूत विद्यालय रहेका छन् जसलाई नक्सा नं. २/५.२.१ मा देखाइएको छ भने संस्थागततर्फ ७ वटा माध्यमिक र ६ वटा आधारभूत विद्यालय रहेका छन् । माध्यमिक विद्यालय ४ वटामा प्राविधिक धार सञ्चालन भइरहेका छन् । नगरभित्र रहेका ४२ ओटा सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको आधारमा कक्षाकोठा संख्या पर्याप्त रहेको छ तर कक्षागत आधारमा यसलाई मापन गरिएको छैन ।

**नक्सा १/५.२.१ : नगरमा रहेका विद्यालय**




माथिको नक्सामा हरियो रंगको संकेतमा सामुदायिक विद्यालय र रातो रंगको संकेतमा संस्थागत विद्यालय संकेत गरिएको छ।


**नक्सा २/५.२.१ : तहगत आधारमा नगरका विद्यालय**




माथिको नक्सामा हरियो रंगको संकेतले माध्यमिक विद्यालय र रातो रंगको संकेतले आधारभूत विद्यालय जनाउँछ ।


भीमेश्वर नगरभित्रका ४२ ओटा सामुदायिक विद्यालयमा प्रति कक्षाकोठा ४० जना विद्यार्थीको आधारमा सबै सामुदायिक विद्यालयमा क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् जसलाई नक्सा नं.३/५.२.१ र ४/५.३.१ मा संकेत गरिएको छ तर कक्षाकोठाको न्यूनतम मापदण्डलाई आधार मानिएको छैन । नगरपालिकाभित्र रहेका ११ वटा माध्यमिक ३१ वटा आधारभूत विद्यालय मध्ये ४ वटा मा.वि. र ३० वटा आ.वि.मा विज्ञान प्रयोगशाला स्थापना हुन बाँकी छ । २० वटा आधारभूत विद्यालयमा कम्प्युटर ल्याब स्थापन भएको छैन । ३ वटा मा.वि. र २० वटा आ.वि.मा पुस्तकालय सुविधा पुऱ्याउन बाँकी छ । ३ वटा मा.वि.र २३ वटा आ.वि.मा प्राथमिक उपचार कक्ष व्यवस्था हुन बाँकी छ। ३१ वटा आधारभूत विद्यालय मध्ये ९ वटामा घेराबारको निर्माण भएको छैन। २ वटा मा.वि. र १७ वटा आ.वि.मा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको निर्माण भएको छैन । ९ वटा मा.वि.र ३० वटा आ.वि.मा अपाङ्गता भएका बालबालिकाहरूको लागि छुट्टै शौचालयको व्यवस्था हुन बाँकी छ। ३ वटा माध्यमिक र ७ वटा आधारभूत विद्यालयमा खानेपानी सेवाको व्यवस्था हुन बाँकी छ ।

## नक्सा ३/५.२.१ : आधारभूत विद्यालयको क्षमता र उपयोग




नक्सामा जनाइएको रातो बिन्दुले कक्षा कोठाको क्षमता भन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ। प्रति कक्षाकोठा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयलाई Underutilized Classroom भनिएको छ।

## नक्सा ४/५.३.१ : माध्यमिक विद्यालयको क्षमता र उपयोग



नक्सामा जनाइएको रातो बिन्दुले कक्षाकोठाको क्षमता भन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ । प्रति कक्षाकोठा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयलाई Underutilized Classroom भनिएको छ ।

शैक्षिक सत्र २०७५/०७६ को अन्त्यसम्ममा १५ वर्षमाथिको जनसंख्याको साक्षरता दर ५९ प्रतिशत रहेको छ भने १५ देखि ३९ को साक्षरता दर ८४ प्रतिशत पुगेको छ। प्रारम्भिक बाल विकासको खुद भर्नादर ८२ प्रतिशत पूर्व प्राथमिकको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ५० प्रतिशत पुगेको छ। प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८) र माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९६ प्रतिशत, ८६ प्रतिशत र ४० प्रतिशत पुगेको छ। कक्षा ५ र ८ सम्मको टिकाउदर क्रमशः ८० र ६५ प्रतिशत रहेको छ। बिचैमा विद्यालय छाड्ने १ देखि ५ मा ८ प्रतिशत, ६ देखि ८ मा १५ प्रतिशत र ९ देखि १२ मा ३० प्रतिशत रहेको छ। आधारभूत तहको औसत सिकाई उपलब्धी दर ५० प्रतिशत र माध्यमिक तहको सिकाई उपलब्धी दर ४८ प्रतिशत रहेको छ।

## ३. मुख्य अवसर तथा चुनौती

माध्यामिक तहसम्मको शिक्षालाई मौलिक हकको रुपमा अधिकार र जिम्मेवारीसहित स्थानीय सरकारलाई एकल अधिकारको रुपमा संवैधानिक व्यवस्था भएकोले विद्यालय शिक्षामा सहभागिता र पहुँच वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, विद्यालय छाड्नेदर कम हुँदै जानु, प्राविधिक विद्यालय संख्या वृद्धि हुँदै जानु, नगरलाई शैक्षिक केन्द्रको रुपमा विकास गर्नका लागि भौगोलिक र वातावरणीय रुपमा उपयुक्त हुनु यस भीमेश्वर नगरको शिक्षाको मुख्य अवसरको रुपमा रहेको छ।

विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित सामुदायिक विद्यालयप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाई वातावरण विकास गर्नु, शिक्षण सिकाई पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भर्ना गरी टिकाउदरमा वृद्धि गर्नु, कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित उपलब्धी दर हाँसिल गर्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासको लागि भौतिक पूर्वाधार र प्राविधिक जनशक्तिको उपलब्धता र स्रोतको व्यवस्थापन, शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुऱ्याई सिकाई उपलब्धी दरमा वृद्धि गर्नु प्रमुख चुनौतिको रुपमा रहेको छ।

## ४. लक्ष्य

पहुँचयोग्य, गुणस्तरीय, आयमूलक र व्यवहारिक विद्यालय शिक्षाको माध्यमबाट नवप्रवर्तनशील (नविन खोज र अनुसन्धानलाई अघि बढाउन चाहने) मानव स्रोत विकास गर्ने ।

## ५. उद्देश्य

५.१. प्रारम्भिक बाल शिक्षामा भर्ना गर्ने उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल कक्षामा भर्ना गरी बाल शिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी विद्यालयलाई भयरहित, अपांगतामैत्री बनाउनु ।

५.२. विद्यालय तहमा अध्ययन गर्ने उमेरका सबै बालबालिकाहरूको विद्यालयमा सहज पहुँच र उनीहरूलाई प्रदान गरिने शिक्षामा गुणस्तर कायम गर्नु ।

५.३. नगरपालिकादेखि वडा तहसम्मका शिक्षाका आवश्यक संरचनाहरूको निर्माण र क्षमता विकास गर्नु ।

५.४. विद्यालयको क्षमता मापन गरी सेवा क्षेत्र सुनिश्चित गर्नु ।

५.५. नगरका शैक्षिक प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु ।

# ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.२.१ : शैक्षिक विकासका रणनीति तथा कार्यनीति**


| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य नं. ५.१ अनुसार** | |
| १. भयरहित र प्रभावकारी शिक्षण सिकाई वातावरणका लागि बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार व्यवस्था र आधुनिक शिक्षण पद्धति कार्यान्वयन गर्ने । | १. विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गतामैत्री बनाइनेछ ।<br>२. सबै सामुदायिक विद्यालयहरूका भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, बुक कर्नर जस्ता आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरूलाई पूर्णता दिइनेछ ।<br>३. विद्यालयमा घेराबार र खेलमैदान लगायत आवश्यक सेवाको सुनिश्चितता गरिनेछ ।<br>४. विद्यालयमा बालमैत्री खेल मैदान र खेलकुद सामाग्रीको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा बालमैत्री र दण्डरहित शिक्षण सिकाई वातावरण तयार गरिनेछ ।<br>६. विद्यालय शान्ति क्षेत्रको अवधारणा पूर्ण कार्यान्वयन गरी विद्यालयमा भयरहित वातावरण सिर्जना गर्न आवश्यक कानुनी र संरचनागत व्यवस्था गरिने छ ।<br>७. शिक्षण सिकाईलाई सहभागितामूलक र भयरहित बनाउनका लागि आधुनिक सिकाई विधिको विकास गरी पूर्ण कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य नं. ५.२. अनुसार** | |
| २. विद्यालय शिक्षामा समावेशी र समतामूलक पहुँच विस्तार, गुणस्तर प्रवर्द्धन गर्ने । | १. आधारभूत तथा माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित र गुणस्तर सुधार गर्न आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>२. शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुर्‍याई बालबालिकाको सिकाई उपलब्धी दर उच्च बनाउने नीति अवलम्बन गरिनेछ ।<br>३. निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको नीति व्यवहारिक कार्यान्वयनमा लगिने वातावरण निर्माण गरिनेछ ।<br>४. निरन्तर मुल्यांकन प्रणालीको व्यवहारिकताको आधारमा कार्यान्वयन प्रकृयामा सुधार गर्ने आधार तयार गरिनेछ ।<br>५. अपनत्वको सृजना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाई प्रकृयामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।<br>६. राष्ट्रिय शिक्षा नीति २०७६ मा व्यवस्था भए अनुसार आधारभूत तहको कक्षा एक देखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धतिलाई व्यवहारिक कार्यान्वयनमा लगिने छ ।<br>७. सामुदायिक विद्यालयका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हाँसिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>८. सामुदायिक विद्यालयमा विज्ञान र प्राविधिक धारतर्फको विषय समावेश गरी नमूनाका रुपमा सञ्चालन गराउन सम्बन्धित सरोकारवालाहरू संगको सहकार्य गर्ने नीति लिइनेछ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ९. व्यवहारिक र जीवनपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।<br>१०. सामुदायिक विद्यालयमा पुस्तकालय, कम्प्युटर र इ हाजिरीको व्यवस्था क्रमशः गरिनेछ ।<br>११. फरक क्षमता (अपाङ्गता) भएका बालबालिकाको पहुँच वृद्धिमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१२. विद्यालय सुशासन प्रणालीलाई व्यवहारिक कार्यान्वयनमा लगिनेछ । |
| **उद्देश्य नं. ५.३ अनुसार** | |
| ३. नगरको शिक्षा शाखा, विद्यालय शिक्षक, कर्मचारीको र विभिन्न संरचनाको क्षमता विकास गर्ने । | १. शिक्षकहरूलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ ।<br>२. नगर शिक्षा समिति र वडा शिक्षा समितिलाई क्षमता विकास गरिनेछ ।<br>३. नगरमा निर्माण भएका विभिन्न शिक्षा संरचनालाई जनशक्ति र प्राविधिक रुपमा सबल बनाइनेछ ।<br>४. नगरमा निर्माण भएका शिक्षा संरचनाको क्षमता विकास गरी पारदर्शिता र सुशासन सुनिश्चितताका लागि आवश्यक क्षमता विकास गरिनेछ ।<br>५. विद्यालय सूचना प्रणालीलाई प्रभावकारी बनाउन नगरपालिकास्तरमा सूचना व्यवस्थापन सम्बन्धी एप्स निर्माण र कार्यान्वयन गरिनेछ ।<br>६. शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ |
| **उद्देश्य नं. ५.४. अनुसार** | |
| ४. विद्यालयको क्षमता मापन र सेवाक्षेत्र निर्धारण गर्ने । | १. विद्यालयको क्षमता मापनमा आधारहरू तयार गरी क्षमता एकिन गरिनेछ ।<br>२. विद्यालयको सेवा क्षेत्र सम्बन्धी आधारहरू तयार गरी सेवा क्षेत्र सुनिश्चित गरिनेछ ।<br>३. विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरूलाई सेवा क्षेत्र भित्र नै अध्ययन गर्नका लागि प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य नं. ५.५. अनुसार** | |
| ५. प्राविधिक शिक्षाको विकासका लागि आवश्यक पूर्वाधारसहित वातावरण तयार गर्ने । | १. सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धारमा सञ्चालनमा प्रोत्साहन गरिनेछ ।<br>२. सामुदायिक विद्यालयलाई शिक्षण सिकाईको अभिन्न अङ्गका रुपमा सामाजिक व्यवसाय सञ्चालनमा सहजीकरण गरिने छ ।<br>३. बहु-प्राविधिक विद्यालय सञ्चालन गर्नका लागि सामुदायिक निजी साझेदारी नीति अवलम्बन गरिनेछ ।<br>४. सम्बन्धित निकायसँगको समन्वयमा नगरभित्र एउटा आयुर्वेदिक पाठशाला स्थापना गरिनेछ ।<br>५. नगर क्षेत्रमा मेडिकल कलेज, इञ्जिनियरिङ कलेज, कृषि क्याम्पस खोल्नका लागि आवश्यक पहल गरिनेछ । |

## तालिका २/५.२.१ : आवधिक प्राथमिकता : शैक्षिक विकास

| |
|---|
| **क.** भीमेश्वर नगरपालिकामा आधारभूत तहमा अध्ययन गर्ने उमेरका लगभग २.५ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् जसलाई नक्सा नं. १/५.२.१ मा जनाइएको छ । |

## नक्सा १/५.२.१ : विद्यालय बाहिर रहेका बालबालिका




माथिको नक्सामा रातो बिन्दुले ५ देखि १२ वर्ष उमेर समूहका विद्यालय नगएका घरको संकेत गर्दछ भने हरियो रंगले विद्यालयको संकेत गरेको छ ।

सामान्यतया: सामुदायिक विद्यालयको गुणस्तर संस्थागत विद्यालयको तुलनामा कमजोर रहेको छ । नगरले शिक्षा ऐन निर्माण गरेको छ तर सामुदायिक विद्यालयमा बालबालिका आकर्षित गर्ने ठोस नीति, नियम र कार्यविधि निर्माण गर्न बाँकी छ । त्यसैले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित र गुणस्तर सुधार, अनिवार्य आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नका लागि आवश्यक शिक्षा नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरी आवश्यक कानुनी प्रकृया पूरा गर्नका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. शिक्षा नियमावली निर्माण गर्ने ।<br><br>१.१. विद्यालय शिक्षासँग सम्बन्धित निम्न कार्यविधिहरू निर्माण गर्ने<br>● अनिवार्य शिक्षा कार्यान्वयनका लागि आवश्यक कार्यविधि<br>● संबैधानिक अधिकार बमोजिम आधारभूत तहसम्म मातृभाषाको कक्षा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि<br>● हरेक विद्यालयको आफ्नो सेवा क्षेत्र तोक्ने सम्बन्धी कार्यविधि | १.शिक्षा ऐन तथा नियमावली अद्यावधिक गर्ने ।<br><br>१.१. विद्यालय शिक्षासँग सम्बन्धित कार्यविधि कार्यान्वयनको अवस्थाका आधारमा अवाश्यक संशोधन वा परिमार्जन गर्ने । | १. शिक्षाको विकासका लागि निर्माण गरिएको नीति नियमको आवश्यक परिमार्जन गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ● बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रकृया र मापदण्डसहितको कार्यविधि | | |
| २. निम्न पक्ष समेटेर नगरको शिक्षा नीति निर्माण गर्ने ।<br>● अपाङ्गता भएका र विपन्न बालबालिकाको शिक्षामा पहुँच र त्यस्ता बालबालिकाको संरक्षण सम्बन्धी विषय<br>● प्राविधिक शिक्षाको विकासका लागि निजी सामुदायिक लगानी सम्बन्धी ।<br>● विद्यालय शिक्षाको गुणस्तर प्रवर्द्धन र पहुँच विस्तारसँग सम्बन्धित अन्य विषय | २. नगर शिक्षा नीति कार्यान्वयनको समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | २. शिक्षा नीतिमा आवधिक रुपमा आवश्यक सुधार वा परिमार्जन गर्ने । |
| ३. संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा रुपान्तरण गर्ने नीति निर्माणको गृहकार्य गर्ने । | ३. संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा रुपान्तरण गर्ने नीति निर्माण गरी कार्यान्वयनमा लैजाने । | ३. संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा रुपान्तरण गर्ने नीति कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन गर्ने । |

**ख.** भीमेश्वर नगरपालिकामा विद्यालय शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक संरचना निर्माण हुन बाँकी रहेकोले शिक्षामा भएका प्रगतिको समीक्षा, प्रभावकारी अनुगमन, शिक्षाको विकासका लागि आवश्यक योजना निर्माण र कार्यान्वयन जस्ता पक्षलाई प्रभावकारी बनाउन र आवश्यक संरचना निर्माण र क्रियाशीलताका लागि तपसिल अनुसारको प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.नगरभित्र गठन भएको नगर र वडा शिक्षा समितिको क्षमता विकास गर्ने । | १.नगर र वडा शिक्षा समितिको नियमित क्षमता अभिवृद्धि गर्ने । | १.गठन भएका समितिहरूको स्वपरिचालन लागि आवश्यक वातावरण निर्माण गर्ने । |
| २. वडा शिक्षा समितिमार्फत् विद्यालयको प्रगतिको नियमित समीक्षा गर्ने । | २. वडा शिक्षा समितिमार्फत् विद्यालयको प्रगति समीक्षा गर्ने परिपाटी वार्षिक योजनामा अभिलेख गर्ने । | |
| ३. वडा शिक्षा योजना निर्माण गर्ने । | ३.वडा शिक्षा योजनाको नियमित समीक्षा र अद्यावधिक गर्ने । | |
| ४. विद्यालयको भौतिक, शैक्षणिक र व्यवस्थापन तथा शिक्षक/कर्मचारीको जवाफदेहितालाई केन्द्रित गरेर नगर शिक्षा योजना निर्माण गर्ने । | ४.नगर शिक्षा योजनाको नियमित समीक्षा र अद्यावधिक गर्ने । | ४.शिक्षाको योजनाबद्ध विकासका लागि योजना शाखामा पर्याप्त जनशक्तिको व्यवस्थापन गर्ने प्रभावकारी योजना निर्माण गर्ने । |
| ५.सबै विद्यालयको विद्यालय सुधार योजना निर्माण गरी विद्यालयको अभिलेख तयार गर्ने । | ५. विद्यालय सुधार योजना र विद्यालय अभिलेखको अद्यावधिक गर्ने । | |


| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. नगर तथा वडाहरूमा शिक्षा अनुगमन समिति गठन गर्ने । | ६. प्रत्येक वडामा वडा शिक्षा समितिको माध्यमबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | |

**ग.** नगरपालिकाभित्रका बाल विकास केन्द्रमा भर्ना हुने उमेरका बालबालिका सबै बाल विकास केन्द्रमा भर्ना भएका छैनन् । बालविकास केन्द्रको सिकाई वातावरण बालमैत्री बनाई सबै बाल विकास उमेरका बालबालिकाहरूलाई बाल विकासमा भर्ना गरी बाल विकासको खुद भर्नादर शत प्रतिशतमा पुऱ्याउन बाल विकासको शैक्षिक एवं भौतिक वातावरण प्रभावकारी बनाउनका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. बाल विकास केन्द्र नभएका विद्यालयमा वा समुदायमा आवश्यक भएका स्थानमा बाल विकास केन्द्र स्थापना गर्ने । | १. स्थापना भएका बालविकास केन्द्रको भौतिक व्यवस्थापन गर्ने । | १. बालविकास केन्द्र सञ्चालन भएका भवन वा कक्षा कोठा अपाङ्गतामैत्री बनाउने । |
| २. अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी बाल विकास केन्द्रमा भर्ना हुने उमेरका सबै बालबालिकाहरूलाई बाल विकासमा ल्याउने । | २. बाल विकास केन्द्रका अभिभावलाई बालबालिका बाल विकासमा नियमित पठाउन थप प्रोत्साहनका कार्यक्रम निर्माण गर्ने । | २. बाल विकास केन्द्र सबै अभिभावकको आकर्षणको केन्द्रको रुपमा विकास गरी शत प्रतिशत बालबालिका बाल विकासबाट कक्षा १ मा भर्ना हुने वातावरण तयार गर्ने । |
| ३. बाल विकास केन्द्रको बसाई व्यवस्थापन र सिकाई वातावरण बालमैत्री र भयरहित बनाउने । | ३. बाल विकास केन्द्रको सिकाई वातावरण निरन्तर बालमैत्री र भयरहित बनाउन थप प्रोत्साहन गर्ने । | ३. बाल विकास केन्दलाई बालविकास उमेरका बालबालिकाहरूको लागि पूर्ण बालमैत्री वातावरण तयार गर्ने । |
| ४. बाल विकास केन्द्रका सहजकर्ताहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने । | ४. तालिम प्राप्त सहजकर्ताहरूलाई उनीहरूको सीप र क्षमता कक्षाकोठामा लैजाने वातावरण तयार गर्ने । | |
| ५.बाल विकास केन्द्रका सहजकर्ताहरूलाई उचित पारिश्रमिकको व्यवस्था गर्ने । | ५. बाल विकास शिक्षा सहज र सर्वसुलभ बनाउन नगरबाट विनियोजन हुने रकममा बाल विकासका लागि विशेष प्राथमिकता दिने । | |


**घ.** भीमेश्वर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा  खानेपानी, शौचालय, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, प्राथमिक उपचार कक्ष, खेलकुद सामाग्री आदि सामग्रीको उपलब्धताको समस्या तथा विद्यालयहरूमा अपाङ्गतामैत्री  विद्यालय भवन र शौचालयको व्यवस्था हुन नसकेको अवस्था छ । जसलाई नक्सा नं. २/५.२.१ र ३/५.२.१ मा सुचित गरिएको छ ।

## नक्सा २/५.२.१ : माध्यमिक विद्यालयमा भौतिक र शैक्षिक सुविधा




माथि नक्सामा देखाइएको S, C, L, F, B, T, Dt, D संकेतले क्रमशः विज्ञान र कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालक र बालिकाको लागि छुट्टै शौचालय, अपाङ्गतामैत्री शौचालय र खानेपानी सुविधा नभएको जनाउँछ ।

## नक्सा ३/५.२.१ : आधारभूत विद्यालयमा भौतिक र शैक्षिक सुविधा



माथि नक्सामा देखाइएको S, C, L, F, B, T, Dt, D संकेतले क्रमशः विज्ञान र कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालक र बालिकाको लागि छुट्टै शौचालय, अपाङ्गतामैत्री शौचालय र खानेपानी सुविधा नभएको जनाउँछ।

माथि प्रस्तुत नक्सा अनुसार सबै उमेर समूहका बालबालिकाको विद्यालयमा पहुँच, बालमैत्री र भयरहित सिकाई वातावरण तयार गर्नमा प्रशस्त चुनौती छन्। अघिल्लो खण्डको नक्सा नं. २/५.२.१ र ३/५.२.१ मा देखाइए अनुसार कक्षाकोठाको क्षमता भन्दा कम विद्यार्थी रहेका विद्यालयका लागि नयाँ पूर्वाधार थप गर्ने भन्दा पूर्वाधारको स्तरोन्नतीमा जोड दिने र सामुदायिक विद्यालय थप गुणस्तरीय र प्रतिस्पर्धी बनाई कक्षाकोठा भर्ने रणनीति लिनुपर्ने हुन्छ भने नक्सा नं. ६/५.३.१ र ७/५.३.१ मा देखिएका पूर्वाधारको कमी पूर्तिलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ। पूर्वाधारको कार्यक्रम निर्माण र कार्यान्वयन गर्दा आगामी दिनमा विद्यार्थी संख्या, यातायात लगायत सहयोगी पूर्वाधार विकास जस्ता विषयलाई आधार बनाई विद्यालयको सम्भाव्य मर्जर (एक अर्कामा गाभ्ने) विषयलाई समेत ध्यान दिनुपर्ने हुन्छ। यसरी भौतिक र शैक्षिक पूर्वाधार तथा विद्यालयमा अपांगता भएका एवं विपन्न परिवारका बालवालिको पहुँच विस्तार, स्वास्थ्य र सुरक्षा सम्बन्धी कार्यक्रमलाई निम्नानुसार प्राथमिकीकरण गरिएको छ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भूकम्पबाट क्षति भई पुनर्निर्माणको क्रममा रहेका सबै विद्यालयको भौतिक पूर्वाधार निर्माणको कार्य पूरा गर्ने र विद्यार्थी संख्या र कक्षाकोठाको उपलब्धता एवं विज्ञान प्रयोगशालाा, पुस्तकालय जस्ता थप सेवाको आवश्यकता विश्लेषण गरी पूर्वाधार (नयाँ भवन निर्माण, कक्षाकोठा मर्मत आदि) निर्माण र सुधारको सूची बनाउने र निर्माण प्रारम्भ गर्ने। | १. विद्यालय गाभ्ने प्रक्रियालाई समेत मध्यनजर गरी सामुदायिक विद्यालयका लागि अल्पकालमा तय गरिएको सूचीका अनुसारको भौतिक पूर्वाधार निर्माणको कार्य पूरा गर्ने। | १. अपाङ्गतामैत्री र बालमैत्री संचनाको आधारभूत मापदण्ड तयारी र पूर्वाधारको अवस्था विश्लेषण गरी सबै विद्यालयमा भौतिक पूर्वाधारका ती मापदण्ड पूरा गर्ने र आवश्यकता अनुसार पूर्वाधार निर्माण र सुधारको कार्यलाई निरन्तरता दिने। |
| २. मर्ज गर्न सकिने सम्भावना भएका विद्यालयहरूलाई मर्ज गर्न आवश्यक अध्ययन पूरा गरी मर्ज गर्न थालनी गर्ने। | २. मर्ज गर्न सकिने सबै सामुदायिक विद्यालय मर्ज गर्ने र मर्ज भएर खाली भएका विद्यालय भवनलाई अन्य सामुदायिक प्रयोगमा ल्याउने। | |
| ३. अपाङ्गता भएका बालबालिकाहरूको लागि नगरपालिकास्तरमा आवासीय विद्यालय निर्माणका लागि आधार तयार गर्ने। | ३. अपाङ्गता भएका बालिकाहरूको लागि आवासीय विद्यालय सञ्चालन गर्ने। | ३. अपाङ्गता भएका भएका बालबालिकाहरूको लागि आवासीय विद्यालय निरन्तरताका लागि कोषको व्यवस्था गर्ने। |
| ४. घेराबार निर्माण नभएका ४ वटा सामुदायिक विद्यालयमा घेराबार निर्माण थालनी सम्पन्न गर्ने। | ४. घेराबार नभएका सबै सामुदायिक विद्यालयमा घेराबार निर्माण सम्पन्न गर्ने। | ४. घेराबार बाहेक सुरक्षा केन्द्रित अन्य पूर्वाधारमार्फत् विद्यालयलाई भौतिक र मनोवैज्ञानिक रुपमा सुरक्षित बनाउने। |
| ५. खानेपानी सेवा नपुगेका सामुदायिक विद्यालयमा खानेपानी सेवा विस्तारको थालनी गर्ने साथै सेवा विस्तार नभएका ३ वटा मा.वि.मा खानेपानी सेवा विस्तार सम्पन्न गर्ने। | ५. खानेपानी सेवा नपुगेका सबै सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने। | |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. सबै सामुदायिक विद्यालयमा छात्रा र छात्रको लागि छुट्टाछुट्टै शौचालयको निर्माण थालनी गर्ने । | ६. छात्रा र छात्रहरूका लागि सबै सामुदायिक विद्यालयमा छुट्टाछुट्टै शौचालयको निर्माण सम्पन्न गर्ने । | |
| ७. विज्ञान प्रयोगशाला नभएका सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका लागि वातावरण निर्माण गर्दै सेवा विस्तार हुन बाँकी ४ ओटा मा.वि.मा विज्ञान प्रयोगशाला निर्माण सम्पन्न गर्ने । | ७. विज्ञान प्रयोगशाला नभएका सामुदायिक आधारभूत विद्यालय मध्ये कम्तीमा २० ओटामा विज्ञान प्रयोगशाला सञ्चालन गर्ने । | ७. सबै सामुदायिक विद्यालयमा कम्तीमा ६ कक्षादेखि माथि विज्ञान प्रयोगशाला निर्माण सम्पन्न गर्ने । |
| ८. पुस्तकालय नभएका विद्यालयहरूमा पुस्तकालय सञ्चालनका लागि आवश्यक तयारी गर्दै सेवा नपुगेका विद्यालयहरु मध्ये कम्तीमा ३ ओटा माध्यमिक विद्यालयमा पुस्तकालय सञ्चालन गर्ने । | ८. पुस्तकालय नभएका समुदायिक आधारभूत विद्यालयमा पुस्तकालयको निर्माण र सञ्चालन गर्ने । | ८. सबै सामुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालनलाइ निरन्तरता दिने । |
| ९. कम्प्युटर प्रयोगशाला नभएका ३ वटा आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण गर्ने । | ९. कम्प्युटर प्रयोगशाला नभएका ७ वटा आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण गर्ने । | ९. कम्प्युटर प्रयोगशाला नभएका सबै आधारभूत विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण गर्ने । |
| १०.सामुदायिक विद्यालयमा विद्यालय बसको व्यस्थाका लागि पूर्व तयारी गर्ने । | १०. विद्यालय बस सञ्चालना लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने । | १०. सबै सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्था गर्ने । |
| ११. सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार बक्स (First Aid Kits) को व्यवस्था गर्ने गरी माध्यमिक तहमा प्राथमिक उपचार कक्ष निर्माणका लागि वातावरण तयार गर्ने । | ११. सबै माध्यमिक विद्यालयको माध्यमिक तहमा एउटा प्राथमिक उपचार कक्षको निर्माण गर्ने । | ११. सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने । |
| १२. माध्यमिक विद्यालयमा एक विद्यालय: एक नर्सको व्यवस्थाको लागि वातावरण तयार गर्ने । | १२. माध्यमिक तहमा एक विद्यालय एक नर्सको व्यवस्था कार्यान्वयन गर्ने । | |
| १३. सामुदायिक विद्यालयको कम्तीमा ३ कक्षासम्म दिवा खाजाको व्यवस्था गर्ने । | १३. सामुदायिक विद्यालयको आधार भूत तहसम्म दिवा खाजाको व्यवस्था गर्ने । | १३.सबै सामुदायिक विद्यालयमा दिवा खाजाको व्यवस्था गर्ने । |

ङ. विद्यालयको शिक्षण सिकाई अभ्यासमा सुधार, उपलब्धीमा आधारित मुल्यांकन र प्रोत्साहनको अभ्यास, आवश्यकतामा आधारित क्षमता विकास, मातृ तथा अंग्रेजी माध्यमबाट शिक्षण सिकाई जस्ता विधिबाट विद्यालय शिक्षाको गुणस्तर प्रवर्द्धन गर्न सकिने हुनाले सोही अनुसार निम्न प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सामाग्री प्रयोग गरेर शैक्षिक सामाग्रीको निर्माण र प्रयोग गराउने । | १. शैक्षिक सामाग्री निर्माण र प्रयोगका लागि सबै विद्यालयलाई अनिवार्य गराउने । | १. शैक्षिक सामाग्रीको निर्माण र प्रयोगका आधारमा विद्यालयलाई पुरस्कृत गर्ने । |
| २. सबै सामुदायिक विद्यालयमा कम्तीमा २ कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठन शुरुवात गर्ने । | २. सामुदायिक विद्यालयको कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठनपाठनका लागि वातावरण तयार गरी पठनपाठन शुरुवात गर्ने । | २. आधारभूत तह सम्म अंग्रेजी माध्यमबाट पठनपाठन अनिवार्य गर्ने । |
| ३. सबै सामुदायिक विद्यालयलाई निरन्तर मुल्यांकन प्रणाली कार्यान्वयनका लागि तालिम प्रदान गर्ने । | ३. निरन्तर मुल्यांकन प्रणाली सबै सामुदायिक विद्यालयमा अनिवार्य र व्यवहारिक बनाउने । | ३. अभिभावक र सरोकारवालाको विश्वास जित्ने गरी निरन्तर मुल्यांकन प्रणालीमा आवश्यक सुधार र पूर्ण कार्यान्वयन गर्ने । |
| ४. पाठ्यक्रमका आधारित शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षकलाई अभिप्रेरित हुने तालिम प्रदान गर्ने । | ४. सबै सामुदायिक विद्यालयमा पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलाप अनिवार्य गर्ने । | ४. पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको आधारमा विद्यालयलाई थप प्रोत्साहन गर्ने । |
| ५. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मुल्यांकन प्रकृयालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्य सम्पादन सम्झौता गर्ने । | ५. शिक्षकहरूलाई कार्य प्रगतीका आधारमा थप प्रोत्साहन/नसिहतको व्यवस्था गर्ने । | ५. शिक्षकहरूलाई कार्य सम्पादनका आधारमा प्रोत्साहन गर्ने । |
| ६.सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी वृद्धिका आधारहरू तयार गर्ने । | ६. विद्यालयहरूलाई औसत सिकाई उपलब्धीका आधारमा पुरस्कृत गर्ने । | ६. उपलब्धीमा आधारित प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिई सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी दर तहगत र कक्षागत रुपमा कम्तीमा बी प्लस श्रेणीमा पुऱ्याउने । |
| ७. सामुदायिक विद्यालयको कम्तीमा ३ कक्षासम्म दिवा खाजाको व्यवस्था गर्ने । | ७. सामुदायिक विद्यालयको आधार भूत तहसम्म दिवा खाजाको व्यवस्था गर्ने । | |
| ८. सामुदायिक विद्यालयमा इ-हाजिरीको शुरुवात गर्ने । | ८. सामुदायिक विद्यालय सबैमा इ-हाजिरीको व्यवस्था गर्ने । | |
| ९. विद्यालयका शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने । | ९. विषयगत शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्दै प्रविधिमैत्री बनाउने । | ९. विद्यालयका सबै शिक्षकहरूलाई प्रविधिमैत्री तालिम प्रदान गर्ने । |

**च.** आधारभूत र माध्यमिक शिक्षा बाहेक प्राविधिक शिक्षाको व्यवस्थापन संविधानत: नगरको क्षेत्राधिकार र दायित्वको विषय भएकोले प्राविधिक शिक्षालय निर्माण र प्राविधिक शिक्षा प्रवाहका लागि निम्न प्राथमिकता तय गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.माध्यमिक तहमा प्राविधिक धार सञ्चालनका लागि आवश्यक आधार तयार गर्ने । | १.सबै माध्यमिक तहमा प्राविधिक धार सञ्चालन गर्ने । | १.सामुदायिक विद्यालयको माध्यमिक तह सबैमा प्राविधिक धार सञ्चालन गर्ने । |
| २. आर्युवेदिक शैक्षिक पाठशाला स्थापनाको लागि आर्थिक, भौतिक र शैक्षिक आधार विश्लेषण गरी कार्ययोजना तयार गर्ने । | २. सम्भाव्यताका आधारमा नगरभित्र एकवटा स्तरीय आयुर्वेदिक पाठशाला निर्माण र सञ्चालन गर्ने । | २. सञ्चालनमा आएको आयुर्वेद पाठशालालाई थप व्यवस्थित र क्षमतायुक्त बनाउने । |
| ३.बहु-प्राविधिक (एक भन्दा बढी प्राविधिक क्षेत्र वा विषय अध्यापन हुने) विद्यालय सञ्चालनका लागि आधार तयार गर्ने । | ३.नगरपालिकाभित्र बहुप्राविधिक विद्यालय सञ्चालन गर्ने । | |

**छ.** विद्यालय प्रशासन तथा व्यवस्थापनको अभिभावकप्रति जवाफदेहिताको प्रभावकारिता कमजोर देखिएको छ । विद्यालय प्रशासन र व्यवस्थापनलाई क्षमता विकास गरी अभिभावकप्रति जवाफदेही बढाउन सकेमा सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउन सकिने जसले गर्दा सामुदायिक विद्यालयमा बालबालिकाको नियमितता, गुणस्तर अभिवृद्धि जस्ता पक्षमा सहयोग पुग्ने भएकोले विद्यालय प्रशासन र व्यवस्थापनको क्षमता विकास गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नका लागि निम्न अनुसारका प्राथमिकता तय गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको प्रभावकारी व्यवस्थापनको लागि तालिम प्रदान गर्ने । | १. विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन र विद्यालय सुधार योजना निर्माण र अद्यावधिक सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने । | १. नगरपालिकामा शिक्षाको विकासका लागि बटम अप योजना तर्जुमा प्रकृयाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने । |
| २. पारदर्शिता र जवाफदेहिता अभिवृद्धि साथै सूचनाको स्वत: प्रकाशन सम्बन्धी विद्यालयका शिक्षक र व्यवस्थापन समितिलाई क्षमता विकास तालिम दिने । | २. पारदर्शिता र जवाफदेहिता प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उत्कृष्ट विद्यालयहरूलाई पुरस्कृत गर्ने । | २. विद्यालय शासनलाई पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गर्ने । |
| ३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनका लागि प्राविधिकको क्षमता विकास गर्ने । | ३. सबै सामुदायिक विद्यालयमा आवश्यक उपकरणसहित प्रभावकारी शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना र प्रभावकारी कार्यान्वयन गर्ने । | |
| ४. अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | ४. अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको व्यवहारिक र नतिजामुखी बनाउने । | |

**तालिका ३/५.२.१ : शिक्षा विकासको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७)**

| क्र. सं. | उपलब्धी सुचक | एकाइ | आधार वर्ष २०७६/७७ | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|---|
| १. | १५ वर्षमाथिको जनसंख्याको साक्षरता दर | प्रतिशत | ५९ | ६३ | ८० | ९९ |
| २. | १५ देखि ३९ वर्षको युवाहरुको साक्षरता दर | प्रतिशत | ८४ | ८६ | ९२ | ९९.५ |
| ३. | प्रारम्भिक बालविकासको खुद भर्नादर | प्रतिशत | | | | १०० |
| ४. | प्राथमिक तह (१ देखि ५) खुद भर्नादर | प्रतिशत | ९६ | ९६.५ | ९८ | १०० |
| ५. | आधारभूत (१ देखि ८) तहको खुद भर्नादर | प्रतिशत | ८६ | ८८ | ९४ | ९९ |
| ६. | माध्यमिक तहको खुद भर्नादर | प्रतिशत | ३० | ३५ | ५० | ७० |
| ७. | आधारभूत तहको औसत सिकाई उपलब्धी दर | प्रतिशत | ६० | ६२ | ६५ | ८० |
| ८. | माध्यमिक तहको सिकाई उपलब्धी दर | प्रतिशत | ४८ | ५० | ६२ | ७९ |
| ९. | विद्यालय छाड्ने दर (कक्षा १ देखि ५) | प्रतिशत | १५ | १२ | ७ | १ |
| १०. | विद्यालय छाड्ने दर (कक्षा ६ देखि ८) | प्रतिशत | २५ | २० | १० | ५ |
| ११. | विद्यालय छाड्ने दर (कक्षा ९ देखि १२) | प्रतिशत | ४० | ३० | १८ | ८ |
| १२. | सामुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालन | संख्या | १८ | ३ | २१ | ० |
| १३. | सामुदायिक विद्यालयमा (पिउन योग्य) स्वच्छ सफा पानी व्यवस्था | संख्या | ३२ | ३ | ७ | ० |
| १४. | विद्यालयमा सुरक्षित घेराबारको व्यवस्था | संख्या | ३३ | ४ | ६ | ० |
| १५. | छात्रछात्राको लागि छुट्टाछुट्टै शौचालय निर्माण | संख्या | २२ | २ | १८ | ० |
| १६. | कम्प्युटर प्रयोगशाला र सञ्चालन | संख्या | २३ | ३ | ७ | ९ |
| १७. | माध्यमिक तहमा विज्ञान प्रयोगशाला सञ्चालन | संख्या | ७ | ४ | ० | ० |
| १८. | आधारभूत तहमा विज्ञान प्रयोगशाला सञ्चालन | संख्या | १ | ० | २० | १० |
| १९. | विद्यालय शिक्षामा महिला शिक्षिका | प्रतिशत | ५० | ५५ | ७० | ७५ |
| २०. | सामुदायिक विद्यालयको माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा प्राविधिक धार सञ्चालन | प्रतिशत | ३६ | ४५ | ७० | ९० |
| २१. | शिक्षा  नियमावली र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अद्यावधिक (प्रत्येक पटक निर्वाचित) | संख्या | ० | ५५ | ११० | ११० |
| २२. | वडा शिक्षा समिति गठन, पुनर्गठन र क्षमता विकास तालिम (९ वटा वडा प्रयेक वडामा ७ जना, पदावधी २ वर्ष) | संख्या | ० | ६३ | १२६ | १२६ |
| २३. | नगर शिक्षा समिति गठन र समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम/पुनर्ताजकीय तालिम | पटक | ० | १ | २ | ७ |
| २४. | वडा शिक्षा समितिका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी पुनर्ताजकीय तालिम | पटक | ० | ९ | १८ | ५४ |
| २५. | नगर शिक्षा योजना निर्माण र अद्यावधिक | पटक | ० | १ | २ | ३ |

| क्र. सं. | उपलब्धी सुचक | एकाइ | आधार वर्ष २०७६/७७ | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|---|
| २६. | वडा शिक्षा योजना निर्माण र अद्यावधिक (९वटै वडामा एकपटक निर्माण गर्ने र २ वर्षको अवधिमा अद्यावधिक गर्ने | पटक | ० | ९ | १८ | ५४ |
| २७. | विद्यालय सुधार योजना निर्माण र अद्यावधिक | पटक | | १<br>४२ वि | १<br>४२ वि | २<br>४२ वि |
| २८. | बाल विकास केन्द्रमा बालमैत्री कक्षाकोठा व्यवस्थापन | विद्यालय | | १० | ३२ | |
| २९. | बाल विकास केन्द्रका सहजकर्ताहरुलाई मन्टेश्वरी विधिबाट शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी तालिम/पुनर्ताजकीय तालिम | पटक | | १ | २ | ३ |
| ३०. | बाल विकास केन्द्रका अभिभावकहरुलाई अभिभावक सचेतना कार्यक्रम (प्रत्येक वर्ष १ पटक ४२ वटा बाल विकासलाई) | पटक | | १ | २ | ६ |
| ३१. | विद्यालय भवन/कक्षाकोठा मर्मत | | | ९ | ३० | ३ |
| ३२. | अपाङ्गता भएका बालिकाहरूको लागि आवासीय विद्यालय भवन निर्माण | संख्या | | ० | १ | १ |
| ३३. | आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्नका लागि शिक्षकलाई तालिम/पुनर्ताजकीय | संख्या | | १ | २ | २ |
| ३४. | निरन्तर मुल्यांकन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम/पुनर्ताजकीय | पटक | | १ | २ | २ |
| ३५. | पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी शिक्षक तालिम | पटक | | १ | २ | ३ |
| ३६. | शैक्षिक सामाग्री सहयोग | पटक | | २ | ५ | १३ |
| ३७. | खेलकुद सामाग्री सहयोग (नगरमा भएका ४२ वटै विद्यालयलाई) | पटक | | १ | २ | ७ |
| ३८. | सामुदायिक विद्यालयको कक्षा ३ सम्म अल्पकालमा अर्थात् पहिलो २ वर्षमा र बाँकी अवधिमा आधारभूत तहसम्म दिवा खाजाको व्यवस्था | विद्यार्थी | | १५०० | ४००० | ४००० |
| ३९. | मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | | | | |
| ४०. | सामुदायिक विद्यालय बालमैत्री र अपाङ्गतामैत्री बनाउने | संख्या | | | | |

## ५.२.२. स्वास्थ्य

### १. परिचय


विश्व स्वास्थ्य सङ्गठनका अनुसार "स्वास्थ्य भनेको रोग तथा दुर्बलताबाट मुक्त हुनु मात्र नभई सम्पूर्ण शारीरिक, मानसिक तथा सामाजिक अवस्था तन्दुरुस्त हुनु पनि हो ।" जनतालाई स्वास्थ राख्नका लागि उनीहरुको हेरचाह, रोगको रोकथाम, निराकरण, शारीरिक तथा मानसिक सबलीकरण गराउने कार्यक्रम नै जनस्वास्थ्य हो । यसमा नियमित स्वास्थ्योपचार, औषधी वितरण, पोषण कार्यक्रम, रोगको रोकथाम तथा सम्बन्धित अन्य कार्यक्रमहरू पर्दछन् । निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुन:स्थानात्मक स्वास्थ्य सेवाका पक्षहरू हुन् । नगर विकासमा स्वास्थ्य र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धिमार्फत् गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्न नगरको दायित्व हो । आम नगरवासीमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ संलग्न गरी भीमेश्वर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा काम गरिरहेको छ ।

### २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिका राजनीतिक रूपमा ९ वडाहरूमा विभाजित छ । नगर र वडास्तरमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, विभिन्न स्वास्थ्य संस्था अन्तर्गत सञ्चालित प्रसुती सेवा केन्द्र तथा विभिन्न निजी स्वास्थ्य संस्थामार्फत् स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । यस अतिरिक्त स्वास्थ्य शिविर लगायत अस्थायी सेवा विस्तारमार्फत् पनि स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । साथै, ११६ महिला स्वास्थ्य स्वयंसेविकाहरूले आ–आफ्नो समुदायमा प्राथमिक उपचार, उपचारात्मक, प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन् ।

नगरसँगको सहकार्यमा स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यमा केही संघ संस्थाहरू पनि यहाँ संलग्न छन् । विशेषगरी न्याय हेल्थ संस्थाले प्राथमिक स्वास्थ्य केन्द्रवाट नि:शुल्क औषधीसहितको स्वास्थ्य सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । नगरको प्राथमिक स्वास्थ्य केन्द्रमार्फत् एम्बुलेन्स सेवा सञ्चालन भइरहेको छ । त्यसबाहेक निजी क्षेत्र तथा बाह्य संघ संस्थाबाट समेत ५ वटा एम्बुलेन्स सञ्चालनमा रहेका छन् । नगरपालिकाले गम्भीर रोगको उपचारका लागि नगरवासीलाई रु. दश हजार सहयोग गर्नुका साथै सशर्त अनुदान अन्तर्गत ओसीएमसी अन्तर्गत हिंसामा परेका र साहाराविहिन विरामीको नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराइएको छ । साथै सम्बन्धित सबैलाई सुत्केरी पोषण भत्ता बापत रु. १ हजार उपलब्ध गराउने गरिएको छ । स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य सेवा नि:शुल्क रहेको छ । पूर्ण खोपयुक्त नगरपालिका सुनिश्चितता कार्यक्रम हरेक वर्ष घोषणा गरिँदै आएको छ । घर घरमा गएर नागरिकको स्वास्थ्य जाँचको कार्यक्रम र स्वास्थ्य शिविरमार्फत् घरदैलो र समुदायमा स्वास्थ्य सेवा दिने अभ्यास नगरले गर्ने गरेको छ ।

## नक्सा १/५.२.२ : नगरमा रहेका स्वास्थ्य संस्था




माथिको नक्सामा नगरमा रहेका सबै स्वास्थ्य संस्थाको अवस्थिति देखाइएको छ ।

नगरपालिकाका सरकारी स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था यस प्रकार छन् ।

### तालिका १/५.२.२ : स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था

| वडा नं | स्वास्थ्य संस्थाको नाम | भवन | कच्ची/पक्की | कैफियत |
|---|---|---|---|---|
| १ | क्षमावती स्वास्थ्य चौकी | छैन | कच्ची (जस्ताको टहरो) | नयाँ भवन निर्माणको लागि जग्गा खरिद भइसकेको, नेपाल सरकारबाट निर्माण कार्य अगाडि बढिरहेको छ । |
| २ | दोलखा स्वास्थ्य चौकी | छ | पक्की | पक्की भए पनि मापदण्ढ अनुसारको नभएको |
| | राम्पा शहरी स्वास्थ्य केन्द्र | छैन | छैन | खोप केन्द्रको भवनमा संचालन भइरहेको |
| | दिल ढुङ्गा शहरी स्वास्थ्य केन्द्र | छैन | छैन | खोप केन्द्रको भवनमा संचालन भइरहेको |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | छ | पक्की | स्तर उन्नती गर्ने प्रक्रिया अघि बढिरहेको |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र, जिलु | निर्माणाधीन | पक्की | यो आर्थिक वर्षमा निर्माण सम्पन्न भइसक्ने |
| ५ | माटी स्वास्थ्य चौकी | छ | पक्की | नेपाल सरकारको मापदण्ड अनुसार नभएको |
| | किराँती छाप शहरी स्वास्थ्य केन्द्र | छैन | पक्की | सामुदायिक भवनमा संचालन भइरहेको |
| | साउनेपानी शहरी स्वास्थ्य केन्द्र | छैन | पक्की | विद्यालय भवनमा संचालन भइरहेको |
| ६ | आधारभूत स्वास्थ्य केन्द्र छैन | - | - | आ.व. २०७६/७७ मा कार्यक्रम प्राप्त भई भवन निर्माणाधीन अवस्थामा रहेको |

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | भवन | कच्ची/पक्की | कैफियत |
|---|---|---|---|---|
| ७ | मकैबारी स्वास्थ्य चौकी | छ | कच्ची प्रिफ्याव ३ कोठा | विद्यालयको भवनमा संचालन भइरहेको तर भवन अपर्याप्त रहेको, नयाँ भवन निर्माणको प्रक्रिया अघि बढेको |
| | कुप्री शहरी स्वास्थ्य केन्द्र | छ | पक्की | २०७६/७७ मा सम्पन्न |
| ८ | बोच स्वास्थ्य चौकी | छ | भवन | प्रिफ्याव भएको तर मापदण्ड अनुसार नभएको |
| ९ | लाकुरीडाँडा स्वास्थ्य चौकी | छ | प्रिफ्याव | नयाँ पक्की भवन निर्माणको प्रक्रिया भइरहेको |
| | खरीढुङ्गा शहरी स्वास्थ्य केन्द्र | छ | प्रिफ्याव भवन | २०७६/७७ मा सम्पन्न भएको |

नगरमा तुलनात्मक रुपमा सुगम रहेको चरिकोट बजारमा नगरवासीहरूको पहुँच सहज देखिएता पनि भौगोलिक रुपमा पहुँचमा समस्यामा रहेका वडा (९, १, ८, ७) जनतामा स्वास्थ्य चौकी बाहेकका स्वास्थ्य संस्थाबाट उपलब्ध स्वास्थ्य सेवाको पहुँचमा समस्या रहेको छ । नगरपालिकामा रहेका स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्य उपकरण, जनशक्तिको अभाव वा अपर्याप्तता रहेको छ । कतिपय वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षात्को समयमा अझ कठिनाई झेल्नुपर्ने अवस्था छ । भीमेश्वर नगरपालिका जिल्लाकै केन्द्र रहेकाले अन्य स्थानीय तहको तुलनामा सन्तोषजनक स्वास्थ्य सेवा उपलब्ध रहेता पनि विशिष्टीकृत स्वास्थ्य सेवा र ठूला र गम्भीर प्रकृतिका रोगहरूका उपचारका लागि भने नगर बाहिर नै जानुपर्ने बाध्यता नगरवासीको छ ।

संविधान र कानुनले दिएको स्थानीय अधिकार अनुरुप स्वास्थ्य सम्बन्धी ऐन, निर्देशिका, कार्यविधिहरू निर्माण हुने क्रममा रहेका छन् । अझै पनि नगरका सरकारी अस्पतालमा ICU, NICU सेवा, इन्डोस्कोपी, सिटी स्क्यान, एम.आर.आई. आदि उपकरणको उपलब्धता छैन । अस्पतालहरूमा बिरामीको चाप अनुसार विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको पर्याप्त व्यवस्थापन गर्न सकिएको छैन भने स्वास्थ्य परीक्षण प्रक्रियालाई अपेक्षित रुपमा छिटो गराउन सकिएको छैन ।

दीगो विकास लक्ष्य प्राप्तीका सन्दर्भमा नेपाल सरकारले मातृ मृत्युदर सन् २०१५ मा प्रति १ लाख २३८ रहेकोमा २०३० सम्म ६९ मा झार्ने, तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुती गराउनेको अनुपात ५८ प्रतिशत रहेकोमा ९० प्रतिशत पुऱ्याउने, ५ वर्षमुनिको बाल मृत्युदर प्रति १ हजारमा ३९ जनाबाट घटाई २२ र नवजात शिशु मृत्युदर २३ बाट १० मा ल्याउने तथा कम उमेरमा बच्चा जन्माउने दर प्रति हजारमा ८८ बाट ३० मा झार्ने लक्ष्य राखेको छ । पोषण सुरक्षा कार्यक्रममार्फत् सन् २०३० सम्म कुपोषण दर ३६ बाट ३ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ । त्यसैगरी ३० मिनेटभित्र स्वास्थ्य संस्थाको पहुँच प्राप्त भएका परिवारको अनुपात ६८ बाट बढाएर ९० प्रतिशत पुऱ्याउने लक्ष्य पनि सरकारले राखेको छ भने सरुवा रोग तथा पानीजन्य रोगलाई नगण्य स्तरमा झार्ने लगायत स्वास्थ्य क्षेत्रका समग्र सूचकमा सुधार ल्याउने लक्ष्य पनि लिएको छ । स्थानीय स्वास्थ्य समस्या समाधान गर्नुका साथै दीगो विकासको लक्ष्य हाँसिल गर्नमा नेपाल सरकारलाई समेत योगदान गर्ने चुनौती यस नगरपालिका सामु छ ।

नगरपालिकामा Upper Respiratory Tract Infection (URTI) Cases, Gastritis(APD), Falls/Injuries/ Fractures, टाउको दुख्ने, दाँत सम्बन्धी समस्या आदि बढी देखिने स्वास्थ्य समस्या रहेका छन् भने दीर्घ रोगहरूमा मुटुरोग, दम, मधुमेह, रक्तचाप, ग्याष्ट्रिक आदि रहेका छन् । बाल तथा मातृशिशु स्वास्थ्यको दृष्टिकोणबाट २० वर्षभन्दा कम उमेरमा आमा बन्नु जोखिमपूर्ण मानिन्छ । यस नगरपालिकामा अझै पनि किशोरीहरू कम उमेरमा आमा बनेको तथा १५-१९ वर्षको बिचमा सन्तान जन्माएको तथ्याङ्क पनि रहेको छ । नगरवासीमा स्वास्थ्य समस्या नहुँदा पनि नियमित रुपमा स्वास्थ्य परीक्षण गर्ने अभ्यासको विकास हुन सकेको छैन । यस पृष्ठभूमिका नगरमा स्वास्थ्य सेवाको स्तर सुधार गर्ने तथा आधारभूत स्वास्थ्य सेवामा सबैको सरल र सहज पहुँच सुनिश्चित गर्ने लक्ष्यका साथ स्वास्थ्य क्षेत्रको निम्न उद्देश्य तथा नीति तय गरिएको छ ।

## ३. मुख्य अवसर र चुनौती

भीमेश्वर नगरपालिका जिल्लाकै केन्द्र रहेकाले अन्य स्थानीय तहको तुलनामा सन्तोषजनक स्वास्थ्य सेवा उपलब्ध रहेता पनि विशिष्टीकृत स्वास्थ्य सेवा र ठूला र गम्भीर प्रकृतिका रोगहरूका उपचारका लागि भने  बाहिर जिल्ला नै धाउन पर्ने बाध्यता रहेको हुँदा संघीय र प्रदेश सरकारको सहयोग र समन्वयनमा आधुनिक र विशिष्टीकृत स्वास्थ्य सेवासहित कम्तीमा १०० शैयाको नयाँ अस्पताल निर्माण वा नगरको वडा नं. ३ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी जिल्लाभरिका नागरिकहरूलाई सेवा दिने अवसर रहेको छ। नागरिकको संवैधानिक हकको सुनिश्चिततताका लागि नगरले संविधान र कानुनले दिएको अधिकारमार्फत् स्वास्थ्यका नीति र योजना तयार गरी आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र सेवा उपलब्ध गराउने अवसर छ।

अति विपन्न, गरिब, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत सबै नगरवासीसम्म स्वास्थ्य सेवाको पहुँच बिस्तार गर्न नेपाल सरकारको बिमा कार्यक्रमलाई नगरमा जतिसक्दो चाँडो शुरु गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरी नगरवासीमा स्वास्थ्य क्षेत्रलाई थप पहुँचयोग्य बनाउने अवसर रहेको छ। नेपाल सरकारले तोकेको स्वास्थ्य चौकीबाट निःशुल्क औषधी वितरण गर्न नगरपालिका सक्षम रहेकोले हाल न्याय हेल्थसँगको साझेदारीको दीगोपना वा विकल्प खोज्ने र समग्र स्तरोन्नतीका क्षेत्रमा केन्द्रित रहेर साझेदारी र सहयोग जुटाउने र न्याय हेल्थसँगको वर्तमान साझेदारीको अनुभवलाई प्रयोग गरी साझेदारीको निरन्तरता, अन्य साझेदारीको खोजी र सहकार्य गर्न सकिन्छ।

हाल अभ्यासमा रहेका अपांग र बालमैत्री संरचना निर्माण लगायत सेवा प्रवाहमा समेत त्यस्ता पक्षलाई प्राथमिकतामा राख्ने अभ्यासलाई संस्थागत रुपमा अघि बढाउने अवसर रहेको छ। स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, खोप केन्द्र, गाउँघर क्लिनिक र प्रसुती सेवा केन्द्र आदिबाट प्रवाह गरिने सेवा र तिनको मापदण्ड व्यवस्थित गरी सबै स्वास्थ्य एकाईबाट प्रवाह गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन सकिन्छ। घर घरमा गएर जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य जाँचको कार्यक्रम र स्वास्थ्य शिविरमार्फत् घरदैलो र समुदायमा स्वास्थ्य सेवा दिने अभ्यासलाई समयवद्ध गराई विस्तार गर्ने अवसर रहेको छ। यसैगरी स्थानीयस्तरमा उपलब्ध औषधीजन्य वनस्पती, जडिबुटी र अन्य औषधीजन्य वस्तुको पहिचान, संकलन, संरक्षण र प्रर्बद्धनको लागि पनि संरचना निर्माण गरी प्रचलित प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई निश्चित मापदण्डको आधारमा सुचिकृत तथा व्यवस्थित गर्दै आयुर्वेद, योग र प्राकृतिक चिकित्सा सेवासहितको आयुर्वेद, योग र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गरी स्वास्थ्य पर्यटनलाई समेत प्रवर्द्धन गर्ने अवसर छ।

उपयुक्त स्थानीय स्वास्थ्य नीति, कानून र पूर्वाधार मार्फत निजी क्षेत्र तथा संघसंस्था सँगको सहकार्यमा आधारभूत स्वास्थ्य सेवामा प्रभावकारीता ल्याउने चुनौती नगरलाई छ। जटिल रोगहरूको उपचार नगरमा नै सम्भव तुल्याउन रणनीतिक साझेदारी खोज्ने तथा आधारभूत सेवा नगरबाट दिनसक्ने गरी स्रोत साधनको व्यवस्था गर्ने, प्राविधिक जनशक्तिको पर्याप्तता सुनिश्चित गर्ने, स्वास्थ्य स्वयंसेविका र अन्य स्वयंसेवक परिचालनलाई थप व्यवस्थित गर्ने,  न्याय हेल्थ नामक गैरसरकारी संस्थाको सहयोगमा प्राथमिक स्वास्थ्य केन्द्रमार्फत् हाल सञ्चालन भइरहेको स्वास्थ्य सेवाको दीगोपन सुनिश्चित गर्ने, नगर क्षेत्रभित्रका स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार सुधार, जनशक्ति व्यवस्थापन तथा परिचालन गरी जनअपेक्षा अनुसारको सेवा उपलब्ध गराउने  र स्वास्थ्य संस्थाको स्तरोन्नती निश्चित समयभित्र गरिसक्ने गरी सवै पक्षबाट सहयोग जुटाउने चुनौती पनि रहेका छन्।

नागरिकले चाहेको बखत नियमित र आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध गराउन नगरको भूगोल आफैंमा चुनौतीपूर्ण छ। यस्तो अवस्थाका विच यातायातको सुविधा सहित स्वास्थ्य संस्थामा सबैको पहुँच

सहज बनाउने, पहिले नै बनेका कतिपय भौतिक संरचना अपाङ्ग र बालमैत्री नभएको सन्दर्भमा सबैका लागि पहुँचयोग्य संरचनाको प्रवन्ध गर्ने, नगरबासीले पाउने निशुल्क स्वास्थ्य सेवाको पहुँच विस्तार र सेवा विविधिकरण गरी स्वास्थ्य सेवामा सवै नगरबासीको सहज पहुँच सनिश्चित गर्नु चुनौतीपूर्ण छ ।

स्वास्थ्य क्षेत्रको वर्तमान अवस्थामा सुधार गर्नमा रहेका विभिन्न चुनौतीहरूको सामना गर्दै र उपलब्ध अवसरहरूको सदुपयोग गर्ने गरी स्वास्थ्य क्षेत्रको निम्नानुसार, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तय गरिएको छ ।

## ४. लक्ष्य

स्वस्थ भीमेश्वर निर्माण गर्ने ।

## ५. उद्देश्य

स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण गरी नगरवासीलाई निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका २/५.२.२ : स्वास्थ्यका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.आधारभूत स्वास्थ्य सेवाको गुणस्तर प्रवर्द्धन र पहुँच विस्तारका लागि पूर्वाधार सुधार र सेवा विस्तार र विविधिकरण गर्ने । | १. स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी, गुणस्तरीय र जवाफदेही बनाउँदै राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक वडा तथा बस्तीहरूमा रहेका स्वास्थ्य संस्थाबाट पूर्ण रुपमा निःशुल्क गरिने छ ।<br>२. स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू तय गरी लागु गरिनेछ । स्वास्थ्य संस्थामा त्यस्ता पक्षको पहुँचमा सरल बनाउन भौतिक पूर्वाधारहरूको र सेवाको अभ्यासमा आवश्यक सुधार गरिने छ र भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइने छ ।<br>३. स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, सेवा सञ्चालन वा विस्तार गर्दा सकेसम्म बढी जनघनत्व तथा पायक भएको स्थान छनोट गरिनेछ ।<br>४. नगरको ग्रामीण वडाहरू थप प्राथकितामा राखी हरेक बस्तीमा स्वास्थ्य सेवा बिस्तार गर्न हाल संचालनमा रहेका खोप केन्द्र र गाउँघर क्लिनिकलाई थप व्यवस्थित र पूर्वाधारयुक्त बनाइनेछ । स्वास्थ्य चौकीबाट टाढा रहेका बस्तीहरूमा गैह्सरकारी संस्था र निजी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य शिविर संचालन गरिने छ ।<br>५. सम्बन्धित निकायसँगको समन्वयमा स्वास्थ्य बिमा कार्यक्रम नगरमा लागु गरिने छ । बिमा सेवामा अति विपन्न परिवार, अपाङ्गता भएका र ज्येष्ठ नागरिक मात्र भएको परिवारको स्वास्थ्य बिमा वडास्तरबाटै निःशुल्क रुपमा गर्न आवश्यक प्रबन्ध गरिने छ ।<br>४. सामुदायिक अस्पतालमा बालरोग, स्त्री तथा प्रजनन स्वास्थ्य तथा नसर्ने प्रकृतिका रोगको पहिचान र उपचार सेवा सुधार गर्न दक्ष जनशक्ति तथा न्यूनतम स्वास्थ्य उपकरणको व्यवस्थापन गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ५. अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर निर्धारण र मापन प्रणाली कार्यान्वयन गरिने छ। स्वास्थ्य सेवाको विस्तारमा बाह्य संघ संस्थासँगको साझेदारीलाई प्राथमिकता दिइने छ। <br> ६. विद्यमान स्रोत साधनको अधिकतम उपयोग र वर्तमान अभ्यासलाई अझ परिस्कृत गरी स्वास्थ्य संस्थामा जाने अभ्यास बढाउने तथा आधारभूत स्वास्थ्य समस्याका अतिरिक्त जटिल प्रकृतिको र नसर्ने रोग रोकथाम र निदानमा योगदान गर्न सक्ने गरी समुदायस्तरीय प्रेषण प्रणाली सबलीकरण गरिने छ। <br> ७. प्राकृतिक प्रकोप तथा दुर्घटनाको कारणले उत्पन्न विपद्को समयमा प्राथमिक उपचार र थप उपचार सेवा प्रभावकारी बनाउन स्थानीय ट्रमा सेवा सञ्चालन र सबलीकरण गरिने छ। <br> ८. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिहरूलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाह गरिने छ। व्यायाम तथा योगाभ्यास प्रवर्द्धनका लागि विभिन्न पक्षसँग साझेदारी गरिने छ। <br> ९. एकद्वार संकट व्यवस्थापन केन्द्रको दीगोपनाका लागि नगरले समन्वयकारी भूमिका निर्वाह गर्नेछ। मानसिक स्वास्थ्य सेवालाई आधारभूत जनस्वास्थ्य सेवाको रुपमा सञ्चालन र व्यवस्थापन गरिनेछ। |
| २. स्वास्थ्य क्षेत्र सुधारका स्वास्थ्य संस्थाको स्तरोन्नती,सहायक पूर्वाधार विकास तथा निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवालाई एकसाथ अघि बढाउने। | १. नगरको प्राथमिक स्वास्थ्य केन्द्रलाई १०० शैयाको अस्पतालमा स्तरोन्नतीका लागि समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ। साथै, अस्पताललाई सबै किसिमको चेकजाँच र उपचारका लागि चाहिने पूर्वाधार, उपकरण, प्रविधि र जनशक्तियुक्त गरिने छ। <br> २. नेपाल सरकारको मापदण्ड अनुरुप सबै वडाहरूमा स्वास्थ्य संस्था स्थापना गरिने छ। <br> ३. सामुदायिक स्वास्थ्य संस्थामा उपचार सेवाबाहेक अन्य आधारभूत सेवा सुविधा जस्तैः खानेपानी, सरसफाई, विश्राम वा प्रतिक्षा स्थल, सेवा प्राप्त गर्न लाग्ने समय, बिरामीलाई हुने व्यवहार आदिको न्यूनतम स्तर कायम गरिने छ। <br> ४. नगरका ग्रामीण वडाका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्था पूर्वाधारहरूलाई नेपाल सरकारको स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुसारको थप सुधार तथा स्तरोन्नती गरिने छ। सामुदायिक अस्पतालबाट उपलब्ध हुने कतिपय सेवाहरूलाई स्वास्थ्य चौकीसम्म विस्तार गर्दै लगिने छ। <br> ५. नगरको सबै वडाका स्वास्थ्य संस्थासम्म सडक र यातायातको पहुँच पुर्‍याई आपत्कालीन स्वास्थ्य सेवा तुरुन्त उपलब्ध हुने गरी ख वर्गको एम्बुलेन्स संचालन गरिने छ। अवस्था अनुसार सेवा निःशुल्क उपलब्ध गराउनका लागि वैकल्पिक वित्तीय व्यवस्थापन गरिने छ। <br> ६. नगरका सबै सुचिकृत संस्था (प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्यचौकी) को पूर्वाधार र प्राविधिक क्षमता सुधार गरी आपत्कालीन र नियमित प्रसुती सेवालाई थप व्यवस्थित गराइनुका साथै सबै वडामा यो सेवा विस्तार गरिने छ। <br> ७. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाह गरिने छ। |
| ३. स्वास्थ्य सेवालाई थप पहुँचयोग्य बनाउन सूचना प्रविधिसँग आवद्ध गर्ने। | १. स्वास्थ्य संस्था तथा सेवालाई थप पारदर्शी र व्यवस्थित गर्न डिजिटल सूचनापाटी, डिजिटल टिकट काउन्टर, डिजिटल हाजिरी तथा डिजिटल टोकन प्रणालीको व्यवस्था गरिने छ। |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | २. सबै स्वास्थ्य चौकी तथा अस्पतालमा बिरामीहरूको डिजिटल प्रोफाइल राखिने छ । नगरको स्वास्थ्य शाखामा स्वास्थ्य सूचना संकलन तथा डिजिटल स्वास्थ्य तथ्याङ्क व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । हाल प्रयोगमा रहेको स्वास्थ्य सूचना प्रणालीलाई नगरको आवश्यकता अनुसार सुधार तथा परिमार्जन गरिने छ ।<br>३. स्वास्थ्य सम्बन्धी सचेतना तथा सेवा प्रवर्द्धनका लागि सामाजिक सञ्चाल र आधुनिक सूचना प्रविधिको  अधिकतम उपयोग गरिने छ ।<br>४. स्वास्थ्य तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेक्षण गरी सबै तहमा हुने नीति निर्माण प्रक्रियामा तथ्याङ्कको प्रयोगलाई बढावा गरिने छ  ।<br>५. निश्चित मापदण्ड बनाई नगर अनलाइनमार्फत् निःशुल्क र सशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिने छ । |
| ४. स्वास्थ्य सेवालाई थप जवाफदेही र संवेदनशील (Sensitive) क्षेत्रको रुपमा विकास गर्न सेवा प्रदायक निकायको जवाफदेहिता प्रवर्द्धन र सेवाग्राहीको सशक्तिकरण गर्ने । | १. नगरस्तरमा स्वास्थ्य अनुगमन संयन्त्र स्थापना तथा सो को क्रियाशीलता बढाई सबै स्वास्थ्य संस्थाको प्रभावकारी अनुगमनका साथै निजी तथा सामुदायिक क्षेत्रबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा स्वास्थ्य सेवामा संलग्न संघ संस्थाको सेवाको नियमन गरिने छ । नगर स्वास्थ्य समिति र स्वास्थ्य व्यवस्थापन समितिको भूमिका थप प्रभावकारी बनाइने छ ।<br>२.  सबै किसिमका रोगव्याधी तथा महामारी एवं प्राकृतिक विपत्तिबाट हने मृत्युदर, शिशु तथा बाल मृत्युदर, कुपोषण दर, खोप, प्रोटोकल अनुसार गर्भजाँच, दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती सेवा लिने संख्या आदिमा सुधार गर्न दीगो विकास लक्ष्य तथा नेपाल सरकारले अघि सारेको पन्ध्रौं योजनाको आधार पत्र तथा संघ र प्रदेश सरकारको स्वास्थ्य नीति समेतलाई आधार मानी नगरले ती राष्ट्रिय लक्ष्य समयमा नै पूरा गर्ने गरी उपलब्धी समीक्षा र सुधारको पद्धति कार्यान्वयनमा ल्याउने छ ।<br>३. औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामग्रीको मूल्य, गुणस्तर निर्धारण, खाद्य पदार्थ सुरक्षा आदिका लागि निश्चित मापदण्ड बनाई नगरबाट नियमन गरिने छ ।<br>४. महामारीको पूर्व तयारी प्रतिकार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी द्रुत प्रतिकार्य टोली पुर्नगठन र थप क्रियाशील गराइने छ ।<br>५. किशोर किशोरी, परिवार नियोजन लगायत यौन तथा प्रजनन सम्बन्धी स्वास्थ्य सेवा र सूचना तथा शिक्षा सबैको पहुँचमा हुने गरी नगर र वडास्तरबाट प्रतिकारात्मक, प्रवर्द्धनात्मक र सेवामूलक गतिविधि सञ्चालन गरिने छ ।<br>६. स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका बढाउनुका साथै बाह्य संघ संस्थासँग समन्वयात्मक रुपमा सचेतनामूलक गतिविधिहरू सञ्चालन गरिने छ ।<br>७. क्षयरोग लगायत कुष्ठरोग, पानीजन्य रोग, पशुजन्य र किटजन्य रोग आदिको रोकथामका उपाय प्रवर्द्धन गरी सरुवा रोगको समस्याको दीगो समाधान गरिने छ ।<br>८. आचारसंहितामार्फत् चिकित्सक/स्वास्थ्यकर्मी र बिरामी बिचको सुमधुर सम्बन्ध कायम गर्दै सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| ५. स्वास्थ्य सेवा प्रवाहमा नगरको क्षमता विकास गर्ने । | १. नगरमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वास्थ्य शाखा तथा नगर अन्तर्गतका स्वास्थ्य संस्थाको मानव संशाधन विश्लेषण गरी स्वास्थ्य क्षेत्रको संगठन संरचना निर्धारण गरिने छ ।<br>२. नगरपालिकाको स्वास्थ्य शाखा तथा नगरभित्रका सबै स्वास्थ्य संस्थामा आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । त्यसका लागि आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था तथा उपलब्ध जनशक्तिको क्षमता विकासलाई प्राथमिकतामा राखिने छ ।<br>३. स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीका उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिने छ । स्वास्थ्य क्षेत्रका जनशक्तिको भौतिक तथा पेशागत सुरक्षाका लागि आवश्यक विधि निर्धारण गरी कार्यान्वयन गरिने छ ।<br>४. स्वास्थ्य क्षेत्रका कर्मचारी र स्वास्थ्यकर्मीको कार्य सम्पादन मुल्यांकन पद्धति तय गरी पुरुस्कार र क्षमता विकास कार्यक्रमलाई सो पद्धतिमा आवद्ध गरिने छ । |

## तालिका ३/५.२.२ : आवधिक प्राथमिकता : स्वास्थ्य

**क**. नेपालको संविधान २०७२ को धारा ३५ ले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । भीमेश्वर नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख भए बमोजिमको अधिकार कार्यान्वयनका लागि स्वास्थ्य सम्बन्धी ऐन कानुन निर्माण हुन बाँकी रहेको छ । नेपाल सरकारको न्यूनतम मापदण्ड अनुरुप आधारभूत स्वास्थ्य सेवाहरू नगरका स्वास्थ्य संस्थाहरूबाट पूर्ण रुपमा निःशुल्क र सबै नगरवासीहरूको पहुँचमा सुनिश्चित गर्न स्वास्थ्य तथा सरसफाई ऐन निर्माण र प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आवश्यक नियम, निर्देशिका तथा कार्यविधिहरू निर्माण गर्न आवश्यक छ ।

संघीय सरकारले निर्माण गरेका जनस्वास्थ्य ऐन २०७५, राष्ट्रिय नीति २०७६, स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा, स्वास्थ्य पूर्वाधार विकास मापदण्ड र शहरी विकास मन्त्रालय अर्न्तगतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा स्तरलाई आधार मानी स्थानीय अवस्थामा आधारित नगरको आफ्नै स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड निर्माण गर्नु पनि आवश्यक छ ।

दीगो विकास लक्ष्य प्राप्तीका सन्दर्भमा नेपाल सरकारले निर्धारण गरेको समग्र स्वास्थ्य सुचक र नेपाल सरकारको पन्ध्रौं योजनाको आधार पत्रको अपेक्षित उपलब्धीमा उल्लेख भएका लक्ष्य हाँसिल गर्न नगरको स्वास्थ्य क्षेत्रलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाई स्वास्थ्य सेवाका कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्नका लागि निम्नानुसार प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय अधिकार अनुरुप नगरको आफ्नै स्वास्थ्य सम्बन्धी ऐन र ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि, निर्देशिका निर्माण गर्ने । | १. स्वास्थ्य ऐन तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १.स्वास्थ्य सम्बन्धी नीति तथा कानुनको पुनरावलोकन, परिमार्जन र संशोधन । |
| २. स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड तयार गर्ने । | २. स्वास्थ सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने । | २. स्वास्थ सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने । |
| ३.स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण शुरु गर्ने । | ३. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण गर्ने । | ३. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ४. “ख” वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | ४.“ख” वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि आवश्यक परिमार्जन गर्ने । |
| | ५.स्वास्थ्य क्षेत्रको उपलब्धीको आवधिक समीक्षा गरी मध्यकालीन लक्ष्य प्राप्तीमा भएका प्रगतिको लेखाजोखा गर्ने । | ५. स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धी प्राप्तीमा भएको प्रगतिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार थप नीतिगत र कानुनी प्रबन्ध गर्ने । |
| ६. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ती गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षाको पद्धति विकास गर्ने । | ६. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन, लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ती गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षा पद्धतिलाई निरन्तरता दिने । | ६. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ती गर्ने सन्दर्भमा भएका प्रगतिको आवधिक समीक्षा पद्धतिलाई निरन्तरता दिने । |

**ख**.नगरले स्वास्थ्य सेवा सुधार तथा सबै नगरवासी माझ स्वास्थ्य सेवाको पहुँच पूर्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ । नगरको स्वास्थ्य क्षेत्रको दीर्घकालीन लक्ष्य हाँसिल गर्नका साथै बृहत् योजनाका आवधिक कार्यक्रमहरूलाई समेत सहयोग हुने हिसाबले नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम बनाउनेमा मात्र सीमित नभई नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति २०७६ र पन्ध्रौं योजना आधार पत्रलाई समेत आधार मानी नगरको छुटै दीर्घकालीन स्वास्थ्य नीति निर्माण गरी कार्यान्वयन गर्न आवश्यक छ । तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।


| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.नगरको दीर्घकालीन स्वास्थ्य नीति निर्माण गर्ने । | १. स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । |

**ग**. नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार मापदण्ड तथा स्तर अनुसार भीमेश्वर जस्तो नगरपालिकामा (१०,०००-४०,००० जनसङ्ख्या भएको नगर) ५,००० जनसङ्ख्या बराबर ०.१५ हेक्टर क्षेत्रफलमा निर्माण भएको एक स्वास्थ्य चौकी र १,००० जनसङ्ख्या बराबर ०.०४ हेक्टर क्षेत्रफलमा निर्माण भएको एक उप-स्वास्थ्य चौकी हुनपर्ने मापदण्ड रहेको छ । हाल भीमेश्वर नगरपालिकाको जनसंख्याका नगर पार्श्वचित्र, २०७५ अनुसार ३६,११५ रहेको छ भने अबको बीस वर्षमा करिब ५१,१४६ पुग्ने अनुमान रहेको छ ।

नेपाल सरकारको नीति अनुसार नगरको प्रत्येक वडाहरूमा स्वास्थ्य चौकी हुनपर्ने भए पनि भीमेश्वर नगरपालिकाको सन्दर्भमा ९ वडा मध्ये वडा नं. ६ मा सरकारी स्तरबाट स्वास्थ्य संस्था स्थापना हुन बाँकी छ । नगरभित्र एउटा प्राथमिक स्वास्थ्य केन्द्रसहित १४ वटा स्वास्थ्य संस्थाहरू छन् । ती मध्ये ६ वटा स्वास्थ्य संस्थाहरूको मात्र पक्की भवन छ । पक्की भवन भएका स्वास्थ्य संस्थाहरूको पनि न्यूनतम राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारहरू छैनन् । वडाका केही स्वास्थ्य संस्थाहरू विद्यालयका भवन, सामुदायिक भवन र खोप केन्द्रका भवनहरूमा संचालन भइरहेका छन् ।

नगरको स्वास्थ्य सेवाको जि.आइ.एस नक्सा अनुसार अल्पकाल र दीर्घकालमा निर्माण हुने स्वास्थ्य संस्थाका संरचनाहरू वडा नं. १, ७, ८ र ९ का नगरबासीलाई समेट्ने गरी पायक पर्ने स्थानमा निर्माण गर्न आवश्यक छ जहाँ अन्य वडाका भन्दा धेरै संख्याका नगरबासीहरू स्वास्थ्य सेवाका दुरीबाट टाढा रहेका छन् । जसलाई तलको नक्सामा देखाइएको छ ।

**नक्सा २/५.२.२ : स्वास्थ्य संस्थाको सेवा क्षेत्र**




| Ward | HHs Outside 2km Buffer |
|---|---|
| 1 | 346 |
| 2 | 0 |
| 3 | 0 |
| 4 | 0 |
| 5 | 0 |
| 6 | 0 |
| 7 | 80 |
| 8 | 105 |
| 9 | 136 |

यस सन्दर्भमा कम्तीमा पनि नगरका सबै स्वास्थ्य संस्थाहरूको पूर्वाधार सुधार गर्दै न्यूनतम राष्ट्रिय मापदण्डमा पुऱ्याउने तथा नगरको आवश्यकता अनुसार नयाँ अस्पताल निर्माण गर्दै स्वास्थ्य सेवामा सुधार तथा गुणस्तर प्रवर्द्धन गर्न निम्नानुसारको प्राथमिकताका आवधिक कार्यक्रमहरू तय गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भूकम्पले क्षति गरेका पुनर्निर्माण हुन बाँकी रहेको स्वास्थ्य सेवाका भौतिक पूर्वाधारहरू मर्मत सम्भार तथा पुनर्निर्माण गरी उपयुक्त मापदण्डमा पुऱ्याउन सकिने नगर अन्तर्गतका स्वास्थ्य संस्था भवनको मर्मत सम्भारको कार्य पूरा गर्ने ।<br><br>१.१. नगरका प्रमुख प्रवेश विन्दु नजिकका स्वास्थ्य संस्थामा सामग्री र स्वास्थ्यकर्मीसहित स्वास्थ्य जाँच गर्ने पूर्वाधार तयार गर्ने । | १. नगरमा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकामा स्वास्थ्य सेवा तथा पूर्वाधार बिस्तार गर्ने । साथै निर्माण हुने भवनहरु २४ घण्टे प्रसुती सेवाको मापदण्डको आधारमा बनाउने । | १. निर्माण शुरु भएका भौतिक पूर्वाधारको पूरा गरी सेवा विस्तारमार्फत् सबै नगरवासीमा संविधान प्रदत्त नि:शुल्क आधार भूत स्वास्थ्य सेवा प्रत्याभूत गराउने । |
| २. वडा नं. ३ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई (प्रस्तावित चरिकोट अस्पताल) संघ, प्रदेश र संघसंस्थाहरूसँग सहयोग र समन्वयमा १०० शैयामा स्तरोन्नती गर्नको लागि आवश्यक प्रक्रिया पूरा गरी काम शुरुवात गर्ने । | २. प्राथमिक स्वास्थ्य केन्द्रलाई आवश्यक स्वास्थ्य जनशक्ति, विशेषज्ञ चिकित्सक, आधुनिक स्वास्थ्य उपकरण र ल्याबसहित १०० शैयाको अस्पतालमा स्तरोन्नती गरिसक्ने । | २. सम्भाव्यताका आधारमा १०० शैयाको नगर अस्पताललाई जिल्लास्तरको शिक्षण अस्पतालमा स्तरोन्नती गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २.१. कोभिड १९ को माहामारी-लाई ध्यान राख्दै अस्पतालमा आवश्यकता अनुसार आई.सी.यु. बेड र आइसोलेसन बेड थप गरी WHO को मापदण्ड पूरा गरी छुट्टै कोरोना परीक्षण प्रयोगशाला र उपचार कक्षको व्यवस्थाका लागि समन्वय अघि बढाउने ।<br><br>२.२. कोरोना संक्रमण हुन सक्ने सम्भावित मानिसहरूलाई राख्न नगरले तोकिएका Quarantine Centers थप व्यवस्थित गर्दै नगरमा रहेका अन्य सार्वजनिक भवनहरूलाई पनि तयारी अवस्थामा राख्ने । | | |
| ३. स्वास्थ्य संस्था नभएका वडा नं. ६ मा स्वास्थ्य संस्था स्थापना लागि सम्पूर्ण प्रक्रिया पूरा गर्ने । साथै, हाल प्रक्रियामा रहेको वडा नं. १ को क्षमावती स्वास्थ्य चौकी, वडा नं. ८ को मकैबारी स्वास्थ्य चौकी र वडा नं. ९ को लाकुरीडाँडा स्वास्थ्य चौकीको नयाँ पक्की भवन निर्माणको लागि सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माण कार्य शुरु गर्ने ।<br><br>४. वडा नं. ४ मा रहेको आधारभूत स्वास्थ्य केन्द्र, जिलुको निर्माण हुँदै गरेको भवनको निर्माण कार्य सम्पन्न गर्ने । | ३. वडा नं. ६ मा आफ्नै भवनसहित स्वास्थ्य संस्था स्थापना गरिसक्ने र वडा नं. १ को क्षमावती स्वास्थ्य चौकी, वडा नं. ८ को मकैबारी स्वास्थ्य चौकी र वडा नं. ९ को लाकुरीडाँडा स्वास्थ्य चौकीको नयाँ पक्की भवन निर्माण गरी सक्ने । वडा नं २ को दोलखा स्वास्थ्य चौकीलाई मापदण्ड अनुसार भवन निर्माण गरिसक्ने । | ३. बिरामीको चाप अनुसार स्वास्थ्य संस्थाहरूको आवश्यकता अनुसार सेवा र पूर्वाधारको बिस्तार स्तरोन्नती गर्दै जाने । |
| ५. केन्द्र र प्रदेशको सहयोग र समन्वयमा आफ्नै भवन नभएका (हाल खोप केन्द्रका भवन, सामुदायिक भवन र विद्यालयको भवनमा संचालन भइरहेको) वडा नं. २ मा रहेको २ वटा शहरी स्वास्थ्य केन्द्र, वडा नं. ५ मा रहेका २ वटा शहरी स्वास्थ्य केन्द्र र वडा नं. ८ र ९ स्थित हाल प्रिफ्याब भवनमा संचालनमा रहेको स्वास्थ्य संस्थाहरूको आफ्नै पक्की भवन निर्माणको लागि प्रक्रिया शुरु गर्ने । | ५. केन्द्र र प्रदेशको सहयोग र समन्वयमा आफ्नै भवन नभएका वडा नं. २ मा रहेको २ वटा शहरी स्वास्थ्य केन्द्र, वडा नं. ५ मा रहेका २ वटा शहरी स्वास्थ्य केन्द्र र वडा नं. ८ र ९ स्थित हाल प्रिफ्याब भवनमा संचालनमा रहेको स्वास्थ्य संस्थाहरूको आफ्नै पक्की भवन निर्माणको लागि सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माण कार्य शुरु गर्ने । | ५. आफ्नै भवन नभएका वडा न. २ मा रहेका २ वटा शहरी स्वास्थ्य केन्द्र, वडा न. ५ मा रहेका २ वटा शहरी स्वास्थ्य केन्द्र र वडा न ८ र ९ स्थीत हाल प्रिफ्याब भवनमा संचालनमा रहेको स्वास्थ्य संस्थाहरूको आफ्नै पक्की भवन निर्माण गरिसक्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ६. नगर क्षेत्रभित्र हुने स्वास्थ्य सेवा सम्बन्धी विभिन्न तालिम, गोष्ठी, र भविष्यमा आइपर्ने विभिन्न सरुवा रोगका माहामारी र विपदको बेला पनि प्रयोगमा आउन सक्ने एउटा छुट्टै हल निर्माण कार्यका लगि प्रक्रिया शुरु गर्ने ।<br><br>६.१. विपद् र सरुवा रोग महामारीको बेला नगरमा रहेका निजी क्षेत्रका अस्पताल तथा अन्य सार्वजनिक भवनहरूलाई सम्बन्धित महामारीको अस्थायी उपचार केन्द्र तथा विस्तार रोकथामका लागि उपयोगमा ल्याउन सकिने व्यवस्था गर्ने । | ६. नगर क्षेत्रभित्र हुने स्वास्थ्य सेवा सम्बन्धी विभिन्न तालिम, गोष्ठी र अन्य क्रियाकलापको लागि एउटा छुट्टै हल निर्माण कार्य पूरा गरिसक्ने । | |

**घ**. भीमेश्वर नगरपालिकाको चरिकोट बजारका वडाहरू बाहेकका ग्रामीण वडाका बस्तीहरूमा सडक यातायातको सहज पहुँच पुग्न सकेको छैन । त्यसैले यातायातको कार्यक्रमलाई स्वास्थ्य सेवाको आवश्यकतासँग सामञ्जस्य गराई नगरका ग्रामीण वडाहरूका प्रत्येक बस्तीदेखि स्वास्थ्य संस्थाहरूसम्म एम्बुलेन्स र अन्य यातायातको साधनको पहुँच हुने गरी सडकको बिस्तार गर्नुपर्ने आवश्यकता रहेकोले यसका लागि आवधिक प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरका ग्रामीण वडाहरूको प्रत्येक बस्तीहरूमा कम्तीमा एम्बुलेन्स र अन्य यातायातका साधनहरू बाह्रै महिना सहज रुपमा जान नसक्ने बस्तीहरू नजिकको बिन्दु पहिचान गरी त्यस्ता बस्तीहरूमा सडक बिस्तारको लागि पहल शुरु गर्ने । | १. एम्बुलेन्स र अन्य यातायातका साधानहरू जान नसक्ने बस्तीहरूको पहिचानको आधारमा आगामी शुरु हुने नयाँ सडकका परियोजनाहरूसँग समन्वय गर्दै सडक बिस्तारको काम शुरु गर्ने । | १. नगरको सबै बस्तीदेखि वडाका सबै शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पतालसम्म सडक र यातायातको पहुँचको बिस्तार गरिसक्ने । |

**ङ**. नगरको सुरक्षित मातृत्व सेवालाई थप सुधार गर्न प्रोटोकलअनुसार पहिलो पटक गर्भवती जाँच सेवा लिनेको संख्या, प्रोटोकलअनुसार ४ पटक गर्भ जाँच सेवा लिनेको संख्या, दक्ष प्रसुतीकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मि.) प्रसुती गराउनेको संख्या, ३ पटक सुत्केरी जाँच गर्ने अभ्यासमा सुधार गर्नु जरुरी छ । नगरपालिकाको केन्द्र आसपासका नगरवासीहरूको प्रसुती सेवामा सहज पहुँच भए पनि ग्रामीण वडाहरूमा गुणस्तरीय प्रसुती सेवाको अझै पहुँच पुग्न सकेको छैन । मातृ मृत्युदरलाई तथा नव शिशु मृत्युदरलाई घटाउन निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रसुती सेवाको पहुँच पुग्न नसकेको वडा तथा बस्तीहरूका स्वास्थ्य संस्थाहरुमा प्रसुती केन्द्र स्थापनाका लागि प्रक्रिया शुरु गर्ने । | १. नगरका सबै वडाका आफ्नै भवन भएका स्वास्थ्य संस्थाहरूमा स्थापना गरी क्लष्टरस्तरमा प्रसुती केन्द्र स्थापना र सञ्चालन गरिसक्ने । | १. विभिन्न वडा र समुदायलाई पायक पर्ने गरी क्लष्टर निर्धारण गरी क्लष्टरस्तरमा प्रसुती सेवा केन्द्र र नगर स्तरमा आपत्कालीन प्रसुती सेवा इकाई (Emergency Obstetric Care Unit) स्थापना र सम्बन्धित विशेषज्ञको निगरानीमा सेवा सञ्चालन गर्ने । |

**च.** नगरमा प्राथमिक स्वास्थ्य केन्द्रलाई (प्रस्तावित चरिकोट अस्पताल) तथा अन्य स्वास्थ्य संस्थाहरूमा आधुनिक र विशिष्ठ स्वास्थ्य सेवाहरू संचालन गर्दै अन्य स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य र शहरी स्वास्थ्य केन्द्रहरूलाई थप स्तरोन्नती गर्दै सकेसम्म नगरका बिरामीहरूलाई नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट आधुनिक स्वास्थ्य सेवा दिन निम्न अनुसारको आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

| **अल्पकालील (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. नगर अस्पतालमा सडक दुर्घटना तथा प्राकृतिक प्रकोपका कारण हुने गम्भीर प्रकृतिका चोटपटक तथा आपत्कालीन स्वास्थ्य सेवाका लागि स्थानीय ट्रमा सेवा शुरु गर्न आवश्यक प्रक्रिया पूरा गरि पूर्वाधार तयार गर्ने। | १. नगरमा स्थानीय ट्रमा सेवा शुरु गर्ने। | १. सम्भाव्यताको आधारमा केन्द्र र प्रदेशको समन्वय र सहयोगमा स्थानीय ट्रमा सेवा केन्द्र स्थापना गर्ने। |
| २. स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रुपमा प्रमुख स्वास्थ्य समस्या परिचान गरी तिनको न्यूनिकरणमा लक्षित केन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा संचालन शुरु गर्ने। | २. नगरमा किड्नी डायलाइसिस केन्द्र स्थापना गर्न आवश्यक प्रक्रिया पूरा गरी पूर्वाधार तयार गर्ने। | २. नगर केन्द्रमा रहने स्वास्थ्य संस्थामा किड्नी डायलाइसिस सेवा सञ्चालन गर्ने। |
| | ३.स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रुपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनिकरणमा लक्षित केन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा संचालनलाई निरन्तरता दिने। | ३. स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रुपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनिकरणमा लक्षित केन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा आवधिक समीक्षा गर्दै निरन्तरता दिने । |
| ४. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा तत्काल आवश्यक स्वास्थ्य उपकरणहरू र उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्ने।<br><br>४.१.संघ, प्रदेश र अन्य गैर सरकारी संस्थाहरूको सहयोग र सहकार्यमा कोभिड-१९ को परीक्षण यसको उपचार र रोकथाममा खटिने स्वास्थ्यकर्मी लगायतका अन्य कर्मचारीहरूको लागि आवश्यक सामाग्रीहरू जस्तैः PPE, मास्क, पञ्जा आदि, औषधी उपकरण तथा अन्य उपकरणको व्यवस्था गर्ने। | ४.आवश्यकताको आधारमा थप स्वास्थ्य उपकरणहरू र उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्दै जाने। | ४. विभिन्न निकायसँगको समन्वयमा सबै किसिमका स्वास्थ्य जाँच उपकरण (USG, BCH, CR, X-ray, CT Scan) सेवा व्यवस्थापन गर्ने र पोष्टमार्टम् सेवा पनि शुरु गर्नुका साथै फार्मेसी सेवाको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गर्ने। |

**छ**. भीमेश्वर नगरपालिकामा हाल नगरभर एउटा मात्र रक्त सञ्चार केन्द्र रहेको छ । गर्भवती महिला, विभिन्न दुर्घटनामा परेका बिरामीहरू रगतको अभावको कारण अकालमा मृत्यु हुने सम्भावना अन्त्यका लागि नगरमा रहेको रक्त सञ्चार सेवा र रक्त सञ्चार केन्द्रलाई थप प्रभावकारी र व्यवस्थित बनाउन निम्नानुसारको आवधिक कार्यक्रम प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. रेडक्रसको स्थानीय इकाईको समन्वयमा संचालन भइरहेको रक्त सञ्चार केन्द्र (Blood Bank) लाई थप व्यवस्थित र स्तरोन्नती गर्ने । | १. रेडक्रसको स्थानीय इकाई तथा स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा आवश्यक अनुसार नगरमा थप नयाँ रक्त सञ्चार केन्द्र (Blood Bank) स्थापना र स्तरोन्नती गर्ने । | १. रेडक्रसको स्थानीय इकाई तथा स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा आवश्यक अनुसार नगरमा थप नयाँ रक्त सञ्चार केन्द्र (Blood Bank) स्थापना र स्तरोन्नती गर्ने । |

**ज**. संघीय सरकारले विभिन्न ८ वटा गम्भीर किसिमका रोगहरू क्यान्सर, मुटुरोग, मृगौला, अल्जाइमर्ज, पारकिनीजम, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाको लागि नेपालभित्रै उपचार गरेमा १ लाख देखि ८ लाखसम्म आर्थिक सहयोग गर्ने व्यवस्था रहेको छ । यसैगरी भीमेश्वर नगरपालिकाले पनि विपन्न नागरिकहरूका लागि रु. १० हजारसम्मको आर्थिक सहयोगको ब्यवस्था गरेको छ । नगरको गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन थप आर्थिक सहयोगमा वृद्धि गर्दै संघीय सरकारले दिँदै आएका आर्थिक सहयोगलाई समेत नगरका गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म सेवा बिस्तार गर्न नगरपालिकाको तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्ने गरी निम्न प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विपन्न नागरिकहरूका लागि रु. दश हजारसम्मको आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिने । | १. अति विपन्न वर्गहरूलाई ठूलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा सम्बन्धित विरामीलाई आर्थिक सहयोगमा वृद्धि गर्ने । | १. उपयुक्त मापदण्ड र प्रक्रियाका आधारमा आर्थिक हैसित कमजोर भएका नागरिक, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मध्ये क्यान्सर, मुटुरोग, पक्षघात, दुबै मृगौलाले काम नगर्ने जस्ता गम्भीर प्रकृतिका बिरामीको उपचार नगरभित्र वा बाहिरका अस्पतालमा रुपमा निःशुल्क हुने व्यवस्था मिलाउने । |

**झ**. भीमेश्वर नगरपालिका पूर्ण खोपयुक्त नगर हो । शिशु र बालबालिकालाई बी.सी.जी. एकपटक, डि.पि.टी. हेप.बी हिब तीन पटक, पोलियो तीन पटक, पि.सी.भी. तीन पटक, दादुरा रुबेला दुई पटक तोकिएको मात्रामा दिनै पर्ने र विभिन्न किसिमका ११ वटा प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १५ महिनाभित्र सबै खोप पूरा लगाइसक्नु पर्ने कुरालाई नगरले उच्च प्राथमिकतामा राखेको छ । भीमेश्वर नगरपालिकामा हाल १८ वटा खोप केन्द्रहरूमार्फत् सेवा दिँदै आए पनि स्वास्थ्य संस्था बाहिरका खोप स्थलहरूलाई व्यवस्थित बनाउन सकिएको छैन । यसकारण खोप सेवाको गुणस्तरीयताका केही सीमितता रहेका छन् । पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता र सुधारका लागि निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्वास्थ्य संस्था बाहिरका खोप स्थल निर्धारित र व्यवस्थित गर्ने, कोभिड १९ को कारण खोप कार्यक्रमलाई प्रभावित हुन नदिन नगर स्वास्थ्य शाखा, प्रत्येक वडाका स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र र निर्धारित खोप केन्द्र बिचको समन्वयमा खोप सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउने । | १. नगरको सबै वडाहरूमा व्यवस्थित तथा निश्चित ठाउँ (भएका पूर्वाधार वा आवश्यक सामान्य पूर्वाधार बिस्तार वा सुधारसहित) मा खोप केन्द्र स्थापना गर्ने । | १. आवश्यकता अनुसार थप खोप केन्द्र स्थापना र संचालन गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने । | २. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने । | २. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने । |

**ञ.** पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ । बाल अधिकार सम्बन्धी महासन्धी १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेल्चक्र्याई, दुर्व्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । नगरमा रहेका बालबालिकाको पोषणलाई ध्यानमा राख्दै बालबालिकामा देखिने कुपोषण जस्ता समस्यालाई कम गर्न निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको कुपोषण न्यूनिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउन केन्द्रसँग समन्वय गरी नगरका संयन्त्रलाई सक्षम बनाउने । | १. नगरको कुपोषण न्यूनिकरकण कार्यक्रम हेर्ने संयन्त्रलाई थप सक्षम बनाउँदै तुलनात्मक रुपमा कम पहुँचयुक्त वडाको बस्तीमा थप प्रभावकारी बनाउने । | १. नगरमा सबै किसिमका कुपोषणहरूको पूर्ण रुपमा अन्त्य गर्ने । |

**ट.** नगरका ग्रामीण वडाहरूका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलनात्मक रुपमा कम रहेको छ । अझै पनि लामा, धामी, झाँक्रीको चलन रहेको छ । नगरमा देखिएका प्रमुख सर्ने, नसर्ने रोगहरू तथा दीर्घ रोगहरू, यौन तथा प्रजनन शिक्षा, पोषण सम्बन्धी तथा अन्य स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू आदि सम्बन्धी विधिन्न शविर तथा जनचेतनाका कार्यक्रमहरू साथै संघ, प्रदेश, नगर र अन्य संघ संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाहरू बारे जानकारीमुलक कार्यक्रमहरू कम मात्रामा हुने गरेको छ । नगरमा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राट्रिष्य गैरसरकारी संस्था तथा नगरका स्वास्थ्य संस्थासँग साझेदारी र सहकार्यमा यस्ता जनचेतनामूलक कार्यक्रम गर्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सर्ने र नसर्ने रोगको रोकथाम र उपचार, मातृशिशु, स्वास्थ्य, पोषण, पानीजन्य रोग तथा सरसफाई, मनोसामाजिक समस्या, महिलाहरूको पाठेघरको समस्या, स्तन क्यान्सर महामारीको रुपमा फैलिरहेको कोभिड १९ लगायत सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक गतिविधि सञ्चालन गर्ने ।<br><br>२. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी सम्बन्धमा महिला स्वयंसेविका मार्फत् वा अन्य विधिबाट प्रचार प्रसार गर्ने । | १. सर्ने र नसर्ने रोगको रोकथाम र उपचार, मातृशिशु, स्वास्थ्य, पोषण, पानीजन्य रोग तथा सरसफाई, मनोसामाजिक समस्या, महिलाहरूको पाठेघरको समस्या, स्तन क्यान्सर लगायत सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतानमुलक कार्यक्रमहरू र स्वास्थ्य शिविरहरूलाई नियमित कार्यक्रमको रुपमा संचालन गर्ने ।<br><br>२. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी र अन्य कार्यक्रमहरूलाई प्रचार प्रसार गर्दै थप प्रभावकारी र उपलब्धीमूलक बनाउन महिला स्वयंसेविकाहरूलाई थप सक्रिय पार्नुका साथै यस्ता सेवाको जानकारीका लागि नगर कार्यालय र सबै स्वास्थ्य संस्थाहरूमा अनिवार्य रुपमा वडापत्र र डिजिटल बोर्ड राख्ने । | १. नगरमा देखिएको प्रमुख रोगहरू जस्तैः मुटु रोग, दम, क्यान्सर, स्तन क्यान्सर, cervical cancer, मधुमेह, रक्तचाप, श्वासप्रश्वास सम्बन्धी रोगहरू न्यूनिकरण गर्ने कार्यमा प्रगतिको अवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने ।<br><br>२. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी र अन्य कार्यक्रमहरूलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाउन महिला स्वयंसेविका मार्फत् वा अन्य विधिबाट प्रचार प्रसार गर्दै सबै नगरवासीलाई पूर्णरुपमा यस्ता कार्यक्रम बारे सुचित गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने । | ३. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने । | ३. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ४. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्ने गरी सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने । | ४. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्न सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको अवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । | ४. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्न सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको अवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| ५. स्वास्थ्य सचेतनाका चुनौती कम गर्न धामी, झाँक्री, लामालाई लक्षित गरी स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्ने । | ५. स्वास्थ्य क्षेत्रको चुनौतीका रुपमा रहेको परम्परागत अभ्यास कम गर्न धामी, झाँक्री, लामालाई लक्षित गरी स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तर दिने । | |
| ६. महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सर बारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रम लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने । | ६. महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सर बारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रमको प्रगतिको आवधिक समीक्षा गर्दै लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । | ६. महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सरबारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रमको प्रगतिको आवधिक समीक्षा गर्दै लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |

**ठ.** नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत ५ जना सदस्य भएको परिवारको लागि रु. ३ हजार ५ शय बिमा किस्तामा १ वर्षको अवधिभर रु. १ लाखसम्मको स्वास्थ्य सेवा लिन सकिने छ भने ५ भन्दा बढी सदस्य भएका परिवारमा थप प्रति सदस्य रु. ७ शयबाट २० हजारसम्मको स्वास्थ्य सेवा लिन सकिने छ। साथै ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक र बिमा किस्ता तिर्न नसक्ने परिवारको लागि भने नेपाल सरकारले नै निःशुल्क गरिदिने ब्यवस्था रहेको छ।

नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम भीमेश्वर नगरपलिकामा लागु भइसकेको छैन । अति विपन्न, गरिब, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत सबै नगरवासीसम्म स्वास्थ्य सेवाको पहुँच बिस्तार गर्न नेपाल सरकारको बिमा कार्यक्रमलाई नगरमा जतिसक्दो चाँडो शुरु गर्न संघीय सरकारसँग आवश्यक पहल गर्नुका साथै विशेष स्वास्थ्य बिमाका कार्यक्रमलाई आवश्यकता अनुसार अघि बढाउनु पर्ने भएकाले निम्नानुसारको प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.आवश्यक पूर्वाधारसहित नगरमा नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम सेवा शुरु गर्न केन्द्रसँग आवश्यक पहल गर्ने। <br><br> १.१. कोभिड-१९ को परीक्षण, उपचार र यसको रोकथाममा खटिएका स्वास्थ्य कर्मी, सुरक्षाकर्मी लगायतका अन्य कर्मचारीहरूका लागि कोरोना बिमाका लागि नगरबाट आवश्यक सहयोग गर्ने। | १. आवश्यक पूर्वाधारसहित नगरमा नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम सेवा शुरु गर्ने । | १. नगरमा रहेको सबै अति विपन्न, असक्त, अपाङ्गता भएका व्यक्ति तथा असहाय नागरिकहरूलाई निःशुल्क बिमा सेवाको पहुँचमा ल्याइसक्ने । |

**ड**. नगरपालिकामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र लगायतका केही स्वास्थ्य संस्थाहरूमा नगरवासीहरूले स्वास्थ्य सेवा लिन लामो समय पालो विशेषगरी नाम दर्ता गर्न (टिकट काट्न) र सेवा लिन धेरै समय खर्चन परेको छ। साथै, स्वास्थ्य संस्थाहरूमा सूचना प्रविधिहरूको प्रयोग कम रहेको छ। त्यसकारण स्वास्थ्य सेवालाई तथा छिटो, छरितो र प्रभावकारी बनाउन तथा डिजिटल तथ्याङ्कहरूलाई थप ब्यवस्थित गर्ने र सूचना प्रविधिमार्फत् स्वास्थ्य सेवालाई थप व्यवस्थित बनाउन निम्न आवधिक कार्यक्रमहरू तय गरिएको छ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. हाल नगरमा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गर्ने। | १. हाल नगरमा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गरी सक्ने। | |
| २. नगरमा संचालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क संकलन गर्ने। | २. नगरमा संचालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क अद्यावधिक भएको सुनिश्चित गर्ने। | २. नगरमा संचालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वास्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्कहरू नियमित अद्यावधिक र थप परिवर्तित समयका लागि उपयोगी बनाउने। |
| ३. नगरका स्वास्थ्य संस्थाहरूमा आउने बिरामीहरूको डिजिटल प्रोफाइल राख्न शुरु गर्ने। | | |
| ४. स्वास्थ्य संस्थाहरूमा बिरामीहरूको उपचार तथा तथ्याङ्कको गोपनियता कायम राख्ने व्यवस्था गर्ने। (विशेषगरी महिलाहरूको गर्भपतन, यौन रोग बारे आदि) | | |

**ढ**. नेपाल सरकारले हाल ७० भन्दा बढी औषधीहरू स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रुपमा वितरण गर्दै आएको छ। कहिलेकाहीं भीमेश्वर नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधीहरूको जनगुनासो रहँदै आएको सन्दर्भमा यो सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन निम्न प्राथमिकताका कार्यक्रम प्रस्तुत गरिएको छ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दात कायम राख्ने। | १. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप व्यवस्थित बनाउने। | १. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप व्यवस्थित बनाउने। |

**ण**. नगरपालिकाको स्वामित्वमा रहेको र प्राथमिक स्वास्थ्य केन्द्रबाट सञ्चालित एम्बुलेन्स र निजी क्षेत्रबाट समेत ५ वटा एम्बुलेन्स सञ्चालनमा रहेको छ। नगरस्तरबाट सञ्चालित एक मात्र एम्बुलेन्स नगरभरिका लागि प्रर्याप्त छैन। मध्यकालसम्ममा नगरमा आधुनिक र सुबिधा सम्पन 'ख' वर्गको एम्बुलेन्स सेवा सुचारु गर्दै आपत्कालीन तथा ट्रमा प्रणाली सदृढीकरण गर्न निम्न प्राथमिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रदेश सरकारसँगको समन्वमा नगरमा "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रशासनिक प्रक्रिया पूरा गर्ने । | १. नगरको विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी, ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई कम्तीमा पनि "ख" वर्गको एम्बुलेन्स सञ्चालन गर्ने । | १. "ख" वर्गको एम्बुलेन्सको संख्या र सेवा विस्तार गरी सबै वडा र बस्तीलाई यो सेवाको पहुँचमा ल्याइसक्ने । यसका लागि आवश्यकता अनुसार स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गर्ने । |
| २. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती, सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने । | २. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्डको आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै निरन्तरता दिने । | २. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र ज्येष्ठ नागरिकहरूका लागि निश्चित मापदण्डको आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै निरन्तरता दिने । |
| ३. हाल सडक, यातायात र एम्बुलेन्सको पहुँच नपुगेका नगरका वडा नं. ९,८,१,७ का टोलस्तरमा आवश्यकता अनुसार स्टेचर उपलब्ध गराउने । | | |

**त**. नगरको स्वास्थ्य क्षेत्रमा एक प्रमुख समस्या मध्ये दक्ष जनशक्तिको अपर्याप्ता पनि एक हो । भीमेश्वर नगरपालिकामा दरबन्दी अनुसारका स्वास्थ्य शाखामा आवश्यक कर्मचारी र स्वास्थ्य संस्थाहरूमा दक्ष र पर्याप्त स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक, स्वास्थ्य उपकरण चलाउन सक्ने दक्ष जनशक्तिहरूको कमी रहेको छ । अन्यत्रको प्राथमिक स्वास्थ्य केन्द्रको तुलनामा वाह्य सहयोगका कारण नगरमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मीको उपलब्धता केही राम्रो भएता पनि नगरमा विशेषज्ञ चिकित्सक र वडाका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मीहरू पर्याप्त छैनन् ।

संघ, प्रदेशबाट नगरमा उपलब्ध हुने कर्मचारी बाहेक नगरको आफ्नै लगानीमा पनि कतिपय स्वास्थ्य संस्थाका लागि जनशक्तिको ब्यस्थापन गर्न आवश्यक रहेको छ । यसैगरी नगरमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक क्षेत्रका) नेपाल सरकारवाट नियमित रुपमा सञ्चालन हुने बाहेक स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम नगरको तर्फबाट न्यून मात्रामा सञ्चालन गर्न सकिएको छ । नगरका स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तियुक्त बनाई स्वास्थ्य क्षेत्रलाई थप सुधार र प्रभावकारी बनाउन निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संगठन र व्यवस्थापन सर्वेक्षणमार्फत् तत्काल, मध्यकाल र दीर्घकालका लागि चाहिने स्वास्थ्य क्षेत्रको जनशक्तिको संख्या र स्तर प्रक्षेपण गर्ने ।<br><br>२. नगर अस्पताल र सबै स्वास्थ्य संस्थामा अल्पकालका लागि आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन गरिसक्ने । संघीय सरकारको नीति अनुसार नगरमा रहेका स्वास्थ्य स्वयसेविकाहरूलाई आवश्यक स्वास्थ्य सुरक्षाका सामाग्रीहरू उपलव्ध गराई कोभिड १९ सम्बन्धी सचेतनामूलक गतिविधि तथा अन्य रोकथामका कार्यक्रमहरूमा खटाउने । | १. संगठन र व्यवस्थापन सर्वेक्षण नतिजा अनुसार मध्यकालका लागि निर्धारित नगरको संगठन ढाँचा बमोजिम स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थालाई जनशक्ति व्यस्थापन गरिसक्ने । | १. नगरको सरकारी अस्पताल (नगर अस्पताल वा माथिल्लो श्रेणीको अन्य अस्पताल) लाई राष्ट्रिय मापदण्ड अनुसारको प्राविधिक, पूर्वाधार र जनशक्तियुक्त बनाउने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. वडाको स्वास्थ्य चौकीहरूमा कम्तीमा महिनाको एक दिन चिकित्सकको सेवा उपलब्ध हुने व्यवस्था गर्नुका साथै प्राथमिक स्वास्थ्य केन्द्रमा एक जना सरुवा रोग सम्बन्धी विशेषज्ञ चिकित्सकको व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने ।<br><br>४. नगर कार्यपालिका अन्तर्गतको सामाजिक विकास समितिमा स्वास्थ्य फोकल पर्सन तोक्ने । | ३. वडास्तरका स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य केन्द्रमा महिनाको एक पटक डाक्टरबाट स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिने । | ३. आवश्यकता र सम्भाब्यताको आधारमा प्रत्येक वडाका स्वास्थ्य संस्थालाई पूर्बाधार र सेवामा स्तरोन्नती गर्दै कम्तीमा पनि एक जना डाक्टरको आवश्यक प्रबन्ध मिलाउने । |
| ५. नेपाल सरकारबाट नियमित रुपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम तय गर्ने । | ५. स्वास्थ्य सूचनामा आधारित अनुगमन, मूल्यांकन, समीक्षा, नीति निर्माण तथा निर्णय प्रक्रिया व्यवस्थित गर्ने गरी स्वास्थ्य शाखाको क्षमता विकास गर्ने । | ५. नगर स्वास्थ्य शाखालाई अनुगमन र सुपरिवेक्षण गर्न सक्ने गरी आवश्यक जनशक्ति, उपकरण र सूचना प्रविधियुक्त बनाउने । |
| ६. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक तथा व्यवसायिक सुरक्षाका मापदण्ड तयार गर्ने । | ६. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तय गरी कार्यान्वयन गर्ने । | ६. नगरका स्वास्थ्यकर्मी र कर्मचारी हरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड कार्यान्वयनको आवधिक समीक्षा गरी समय अनुकुल परिमार्जन गर्दै जाने । |
| ७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राबिधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीको शुरुवात गर्ने । | ७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राबिधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणाली तय गरी वार्षिक रुपमा कार्यान्वन गर्ने । | ७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राबिधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीलाई निरनन्तरता दिने । |
| ८.स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति विचमा त्रैमासिक समीक्षा वैठक बस्ने पद्धतिको शुरुवात गर्ने । सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठक सञ्चालन गर्ने । | ८. स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा त्रैमासिक समीक्षा बैठक र सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठकलाई निरन्तरता दिने । | ८. स्वास्थ्य शाखा र सम्बन्धित संयन्त्र एवं समिति बिचमा त्रैमासिक समीक्षा बैठक र सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी वार्षिक समीक्षा बैठकलाई निरन्तरता दिने । |

**थ**. नगरको स्वास्थ्य शाखामा प्रशासनिक कार्यका लागि उपकरणको र जनशक्ति रहेको भए पनि वडाहरूमा रहेका अस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रमा प्रशासन कार्य गर्नको निम्ति, बिरामीहरूको डिजिटल प्रोफाइल राख्न तथा अन्य तथ्याङ्को डिजिटल अभिलेख राख्नको लगि आवश्यक कम्प्युटर लगायतका उपकरणको अपर्याप्तता छ । उपलब्ध भएका सामाग्रीहरूको प्रयोग पनि सीमित मात्रामा मात्र भएको छ । नगरका स्वास्थ्य संस्थाहरूमा पर्याप्त र व्यवस्थित तथ्याङ्क डिजिटल अभिलेख नहुँदा नगरको वास्तविक स्वास्थ्य सूचकाङ्कहरू निकाल्न सकिने अवस्था छैन । त्यसकारण नगरका तथ्याङ्को डिजिटल अभिलेखलाई अझ व्यवस्थित स्वास्थ्य क्षेत्रका कार्यक्रम तथा निर्णयलाई थप तथ्यपरक बनाउन निम्न कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.नगर र वडास्तरका सबै स्वास्थ्य शाखाहरूमा स्वास्थ्य सम्बन्धी तथ्याङ्कको डिजिटल अभिलेख राख्न आवश्यक कम्प्युटर, प्रिन्टर र इन्टरनेटको व्यवस्था गर्ने । स्वास्थ्य कर्मचारीहरूका लागि विद्युतीय हाजिरको व्यवस्था गर्ने । | १. नगरको आवश्यकता अनुसार सबै स्वास्थ्य संस्थाबाट नगरवासीको स्वास्थ्य सम्बन्धी सूचना नगरमा प्राप्त हुने र नियमित विश्लेषण हुने व्यवस्था मिलाउने । | १. आवश्यक उपकरण र प्रविधिसहित स्थानीय स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली निर्माण र कार्यान्वयन गर्ने । |

**द.** नगर अन्तर्गतका स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाका व्यवस्थापन समिति, जनप्रतिनिधि, सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी र अन्य सरोकारवालाहरू बिच स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्य तथा उपलब्धीहरूबारे, लक्ष्य प्राप्तिमा भएका प्रगति समीक्षाका आधारमा कमी देखिएमा कमी पूर्तिको रणनीति समेत बनाउने गरी आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन नगर स्वास्थ्य अनुगमन समिति गठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई संस्थागत र नियमित गर्ने । साथै नगरबाट स्थापना भएको स्वास्थ्य इकाईको अन्तरिक व्यवस्थापन (फर्निचर सामाग्री सहित) गरी नगरको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नगर इकाईलाई थप सक्रिय पार्ने । | १. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन नगर स्वास्थ्य अनुगमन समिति गठन, पूर्नगठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समिति सहितको समन्वय बैठकलाई नियमित गर्ने । | १. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन नगर स्वास्थ्य अनुगमन समिति गठन, पूर्नगठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई नियमित गर्ने । |
| २. स्वास्थ्य शाखाले मातहतका स्वास्थ्य संस्थासँगको मासिक बैठक गर्ने र स्वास्थ्य समिति तथा सम्बन्धित स्वास्थ्य संयन्त्र बिचमा नियमित समन्वयात्मक बैठक गर्ने । | २. नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षा गर्ने । | २. नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षाको निरन्तरता दिने । |
| ३. नियमित बैठक तथा अनुशिक्षण मार्फत् नगरमा रहेका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन समितिलाई थप उत्तरदायी र सक्रिय बनाउने । | | |
| ४. नगरस्तरमा द्रुत प्रतिकार्य टोली (RRT) क्रियाशील गराउन आवश्यक तालिम र अनुशिक्षण उपलब्ध गराउने साथै आवश्यक उपकरणहरूको पूर्व व्यवस्था गर्ने । | | |

**ध.** सुरक्षित खानेपानी, सरसफाईका पर्याप्त पूर्वाधार र तिनको उचित व्यवस्थापनसहित स्वास्थ्य संस्थालाई स्वच्छ, सफा र समुदायका लागि समेत अनुकरणीय बनाउनु सामुदायिक स्वास्थ्य र स्वास्थ्य सेवाको दृष्टिकोणले अपरिहार्य हुन्छ । त्यसैलाई दृष्टिगत गरी खानेपानी र सरसफाई सम्बन्धी प्राथमिकता निम्नानुसार तयार गरिएको छ ।


| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतिक्षास्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने । | १. सबै स्वास्थ्य संस्थामा खानेपानी तथा सरसफाईका पूर्वाधार एवं सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्रामस्थल वा प्रतिक्षालय आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य गरिसक्ने । | |
| २. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई व्यवस्थापन गर्ने । | २. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई दीर्घकालीन व्यवस्था गर्ने । | २. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई दीर्घकालीन व्यवस्था गर्ने । |

**न**. भीमेश्वर नगरपालिमा हाल एक आयुर्वेद स्वास्थ्य केन्द्र रहेकामा नगरभर सेवा विस्तारका लागि यसलाई थप व्यवस्थित गर्न आवश्यक छ । स्थानीयस्तरमा उपलब्ध औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको पहिचान, संकलन, संरक्षण र प्रर्बद्धनको लागि पनि संरचना निर्माण गर्न आवश्यक छ । साथै, प्रचलित प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई निश्चित मापदण्डको आधारमा सुचिकृत तथा व्यवस्थित गर्दै आयुर्वेद, योग र प्राकृतिक चिकित्सा सेवासहितको आयुर्वेद, योग र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गरी स्वास्थ्य पर्यटनलाई समेत प्रवर्द्धन गर्न निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत छ ।


| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आयुर्वेद औषधालय स्थापनाको लागि आवश्यक प्रक्रिया शुरु गरी पूर्वाधार तयार गर्ने । | १ नगरमा एक आयुर्वेद औषधालय स्थापना गर्ने । | १. आयुर्वेद सेवालाई आवश्यकता अनुसार नगरको सबै वडाहरूमा विस्तार गर्ने |
| २. प्राकृतिक चिकित्सालाई प्रोत्साहन गर्न नगरका प्रत्येक वडाहरूमा योगा तथा सामुदायिक व्यायाम केन्द्र सञ्चालनका लागि आवश्यक प्रक्रिया शुरु गरी पूर्वाधार तयार गर्ने । | २. प्राकृतिक चिकित्सालाई प्रोत्साहन गर्न विभिन्न वडा र समुदायलाई पायक पर्ने गरी क्लष्टर निर्धारण गरी क्लष्टरस्तरमा योगा तथा सामुदायिक व्यायाम केन्द्र सञ्चालन गर्ने । | २.क्लष्टरस्तरमा योगा तथा सामुदायिक व्यायाम केन्द्रलाई थप व्यवस्थित गर्दै लैजाने । |
| ३. स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने । | ३.सम्भाव्यता अध्ययनको आधारमा स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना गर्न सम्पूर्ण प्रक्रिया पूरा गर्ने । | ३. सम्भाव्यताका आधारमा संघ र प्रदेश सरकारसँगको समन्वयमा स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना र सञ्चालन गर्ने । |
| ४. नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रबर्द्धन केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने । | ४. सम्भाव्यता अध्ययनको आधारमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग समन्वय गरी नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्न सम्पूर्ण प्रक्रिया पूरा गर्ने । | ४. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्संग समन्वय गरी नगरको छुट्टै नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| **प.** नगर र विभिन्न वडाहरुमा स्वयंसेविका कोष स्थापना गरिएको छ । कोषलाई थप व्यवस्थित र स्वास्थ्य स्वयंसेविका हितमा लगानी गर्न विभिन्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगर र वडास्तरको स्वयंसेविका कोषलाई थप व्यवस्थित बनाउनुका साथै कोभिड १९ महामारी रोकथामको लागि आवश्यक स्रोत जुटाउने र कोरोना संक्रमितहरू तथा यसबाट प्रभावितहरूका परिवारलाई आवश्यक सहयोग गर्ने । | १. नगर र वडास्तरका स्वयंसेविका कोषलाई कोषलाई थप बलियो बनाई प्रत्यक्ष आर्थिक लाभ बाहेकको स्वास्थ्य स्वयंसेविका हितमा लगानी गर्ने । | १. नगर र वडास्तरका स्वयंसेविका कोषलाई थप बलियो र व्यवस्थित बनाउने । |
| **फ.** नगरको २०७५ को घरधुरी सर्वेक्षण अनुसार २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको संख्या वडा नं. १ मा रहेको छ जहाँ दीर्घरोगीहरूको संख्या ५७ र अपाङ्गहरूको संख्या २५ जना रहेको छ । त्यसपछि क्रमश: ७ र ८ वडामा यो संख्या अधिक रहेको छ । दीर्घरोगीहरू स्वास्थ्य चौकी धाइरहन पर्ने बिरामी हुन भने अपाङ्गहरू आफैमा शारीरिरक र मानसिक हिसाबमा अशक्त भएकाले यस्ता बिरामीहरूका लागि छोटो दूरीमा स्वास्थ्य संस्था हुन जरुरी छ । यसकारण, दीर्घरोगी र अपाङ्गहरूहरूको माझ छिटो छरितो रुपमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न निम्न प्राथमिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत छ । | | |

**नक्सा ३/५.२.२ : दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था**



**नक्सा ४/५.२.२ : अपांगता भएका व्यक्ति बढी भएको क्षेत्र र स्वास्थ्य संस्था**




२०७५ को तथ्याङ्क अनुसार नगरमा रहेका स्वास्थ्य संस्था र नगरमा भएका दीर्घरोगी र अपाङ्गहरू भएका घरधुरी बिचको दुरी र त्यस्ता घरधुरी संख्या माथिको नक्सामा देखाइएको छ ।

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दुरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, नि:शुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको शुरुवात गर्ने ।<br><br>१.१. कोभिड १९ महामारीका कारण प्रभावित हुने विशेषगरी Cardiovascular Diseases (Hypertension, Heart Attack), Chronic Respiratory Diseases (Asthma, Lung Diseases, Pneumonia), Diabetes, Cancer भएका दीर्घरोगीहरू, अपाङ्ग, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी, बालबालिकाहरूका लागि विशेष घरदैलो स्वास्थ्य कार्यक्रम गर्ने । | १. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दुरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, नि:शुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको निरन्तरता गर्ने । | १. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दुरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, नि:शुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रम कार्यन्वनका लागि आवधिक समीक्षा निरन्तरता गर्ने । |

| अल्पकालील (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. अल्पकालीनमा नयाँ निमाण र स्तरोन्नती हुने स्वास्थ्य संस्थाका पूर्वाधारहरूलाई राष्ट्रिय मापदण्ड अनुरुप बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री बनाउने ।<br><br>३. स्वास्थ्य संस्थाबाट २ कि.मि. भन्दा टाढा रहेका वडाका बस्ती लक्षित गरी आवश्यकता अनुसार गाउँघर क्लिनिक स्थापना गर्ने र उपलब्ध गाउँघर क्लिनिक थप व्यवस्थित बनाउने । | २. मध्यकालमा नयाँ निर्माण र स्तरोन्नती हुने स्वास्थ्य संस्थाका पूर्वाधारहरूलाई राष्ट्रिय मापदण्ड अनुरुप बालमैत्री, ज्येष्ठ नागरिक मैत्री तथा अपाङ्गतामैत्री बनाउने । | २. नगरका सबै स्वास्थ्य संस्थाहरूको सबै भौतिक पूर्वाधारहरू राष्ट्रिय मापदण्ड अनुरुप बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गमैत्री बनाइसक्ने । |

### तालिका ४/५.२.२ : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी

| उपलब्धी सूचकाङ्कहरू | एकाइ | हालको (२०७६/७७) | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|
| **क. बाल स्वास्थ्य** | | | | | |
| **खोप सेवा** | | | | | |
| सबै खोप लगाएका बालबालिकाको (१२ देखि २३ महिना) प्रतिशत | % | ८८.५ | | ९० | १०० |
| TD2 / 2+ खोप लगाएका गर्भवती महिलाहरूको प्रतिशत | % | ९९.१ | | १०० | १०० |
| **पोषण** | | | | | |
| ० देखि ११ महिनासम्मका बालबालिकाहरुको वृद्धि अनुगमन गरेको प्रतिशत | % | ७८.१ | | ८५ | १०० |
| ० देखि २३ महिनासम्मका बालबालिकाहरुको वृद्धि अनुगमन गरेको प्रतिशत | % | ५३.१ | | ७० | ९० |
| कुपोषित बालबालिकाहरुको प्रतिशत (<२ वर्ष) | % | ०.१ | | ०.२ | ० |
| औसत वृद्धि अनुगमन गरेको संख्या (२ वर्ष मुनिका बालबालिका) | % | ५.२ | | ८ | १० |
| **ख.पारिवारिक स्वास्थ्य** | | | | | |
| **सुरक्षित मातृत्व** | | | | | |
| प्रोटोकल अनुसार (चौथो, छैठौं, आठौं र नवौं महिनामा) प्रसूति पूर्व जाँच गराउने महिलाहरूको प्रतिशत | % | १०६.९* | | १०० | १०० |
| गर्भावस्थामा १८० दिनको लागि आइरन र फोलिक एसिड खाने महिलाहरूको प्रतिशत | % | ११२* | | १०० | १०० |
| संस्थागत सुत्केरी हुने महिलाहरूको प्रतिशत | % | १३७* | | १०० | १०० |

| उपलब्धी सूचकाङ्कहरू | एकाइ | हालको (२०७६/७७) | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|
| स्वास्थ्य संस्थामा भएको कुल सुत्केरी मध्ये दक्ष प्रसुतिकर्मीबाट सुत्केरीहरूको प्रतिशत | % | १३७* | | १०० | १०० |
| प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरूको प्रतिशत | % | ४.५ | | ५० | १०० |
| शिशु मृत्यु संख्या | संख्या | ० | | ० | ० |
| सुत्केरी मृत्यु संख्या | संख्या | ४ | | ० | ० |
| **परिवार नियोजन** | | | | | |
| परिवार नियोजनका साधन प्रयोग गर्नेको दर (CPR) (आधुनिक विधि) | % | २० | | ५० | ८० |
| **महिला स्वास्थ्य स्यमंसेविका (FCHV)** | | | | | |
| आमा समूहको बैठक  बसेको | % | १०० | | १०० | १०० |
| **ग. क्षयरोग** | | | | | |
| नयाँ विरामी पत्ता लागेको दर (सबै PBC) | % | ३५.१ | | ७५ | ९० |
| उपचार सफलता दर (सबै PBC) | % | १०० | | १०० | १०० |
| खकार परिवर्तन दर (सबै PBC) | % | १०० | | १०० | १०० |
| **घ. कुष्ठरोग** | | | | | |
| नयाँ रोगी पहिचान दर (NCDR) प्रति १००,००० जनसङ्ख्यामा | संख्या | ० | | ० | ० |
| **ङ. एचआइभी/एड्स** | | | | | |
| प्रसूति पूर्वको जाँच दौरान एच.आई.भी.को जाँच गराउने महिलाको  प्रतिशत | % | १०० | | १०० | १०० |

* नगरपालिकाबाट प्राप्त जानकारी अनुसार भीमेश्वर नगरपालिकाको मात्र नभई नगर बाहिरका गाउँपालिकहरूबाट पनि सेवा लिन आउने हुँदा १०० प्रतिशत भन्दा माथि हुन गएको हो ।

### तालिका ५/५.२.२ : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य

| क्र.सं. | उपलब्धी सुचक | एकाई | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|---|
| १ | बाल अस्पताल भवन | संख्या | ० | ० | ० | १ |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र भवन (आवश्यक भौतिक पूर्वाधार सहित स्तरोन्तति) | संख्या | १ | ICU, NICU सेवा सहित स्तरोन्नती गर्दै १०० शैयाको अस्पताल हुदै जिल्ला स्तरको शिक्षण अस्पताल निर्माण गर्ने | | |
| ३ | स्वास्थ्य चौकी भवन निमार्ण | संख्या | ३ | ० | ४ | ० |
| ४ | शहरी स्वास्थ्य केन्द्र भवन/आधारभूत स्वास्थ्य केन्द्र निमार्ण | संख्या | १ | २ | आवश्यकता अनुसार | ६ |
| ५ | गाउँघर क्लिनिक | पटक | १३ | | | |
| ६ | प्रसुति गृह | संख्या | ० | ० | | ० |
| ७ | बर्थिङ सेन्टर | संख्या | ४ | २ | ३ | ० |

| क्र. सं. | उपलब्धी सुचक | | एकाई | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|---|---|
| ८ | आपत्कालीन प्रसुती सेवा केन्द्र (Emergency Obstetric Care) | | संख्या | ० | ३ | ३ | ० |
| ९ | आयुर्वेद औषधालय केन्द्र | | संख्या | १ | ० | ० | २ |
| १० | प्राकृतिक चिकित्सा केन्द्र | | संख्या | ० | ० | १ | ० |
| ११ | ट्रमा सेन्टर | | संख्या | ० | ० | आवश्यकता अनुसार | १ |
| १२ | किड्नी डाइलासेस् केन्द्र | | संख्या | ० | ० | | १ |
| १३ | खोप केन्द्र | | संख्या | १८ | | | |
| १४ | रक्तसञ्चार केन्द्र | | संख्या | १ | २ | ३ | ० |
| १५ | एम्बुलेन्स | सामान्य | संख्या | १ | ० | २ | २ |
| १६ | | 'ख' वर्ग | संख्या | ० | ० | १ | २ |
| १७ | योगा सेन्टर तथा सामुदायिक ब्यायाम सेन्टर | | संख्या | ० | १ | ४ | ४ |
| | विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा उपलब्ध हुने स्वास्थ्य संस्था | | संख्या | १ | | | |
| १८ | सर्ने नसर्ने रोगबारेको सचेतनायुक्त परिवार | | % | | | | |
| १९ | स्वास्थ्य बिमामा आवद्ध परिवार | | % | | | | |
| २० | नेपाल सरकारको मापदण्ड अनुसार निःशुल्क औषधी उपलब्ध हुने स्वास्थ्य संस्था | | संख्या | १ | २ | ५ | ७ |
| २१ | वार्षिक समीक्षा बैठक (स्वास्थ्य शाखा) | | पटक | ० | २ | ७ | १३ |
| २२ | स्वास्थ्य संस्थाका व्यवस्थापन समितिको बैठक | | पटक | | २४ | ६० | १८० |

## ५.२.३. सम्पदा संरक्षण

## १. परिचय

पुर्खाहरूबाट परम्परागतरुपमा प्राप्त गरी वर्तमान र भावी सन्ततिहरूमा हस्तान्तरण हुने परम्परा एवं मानव सभ्यता र संस्कृति झल्काउने जीवन्त अभिव्यक्ति सम्पदा हो । यस्ता अभिव्यक्तिहरू मूर्त र अमूर्त रुपमा व्यक्त हुन्छन् । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठनको अनुसार मूर्त सम्पदा स्मारक, वास्तुकला, मूर्ति, उपकरण, औजार आदि हुन् भने, अमूर्त सम्पदामा मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू समावेश हुन्छन् । सामान्यतया हरेक किसिमको सम्पदालाई प्राचीन, ऐतिहासिक, धार्मिक र साँस्कृतिक भनि वर्गीकरण गर्न सकिन्छ ।


कुनै पनि सम्पदा ऐतिहासिक, सामाजिक, सौन्दर्य, वैज्ञानिक वा आर्थिक परिप्रेक्ष्यबाट महत्वपूर्ण हुन्छ । ऐतिहासिक सम्पदाहरूले विगतको सभ्यता, संघर्ष, मान्यता तथा दर्शन झल्काएको पाइन्छ । सामाजिक सम्पदाहरू, मुख्यतः अमूर्त सम्पदाले सामुदायिक सद्भाव एवं भाइचारा कायम गर्न टेवा पुर्‍याइरहेको हुन्छ । सौन्दर्यताको पाटोबाट पनि सम्पदाले बस्ती, शहर, वा क्षेत्रको भौतिक विशेषता, पहिचान तथा विशिष्टता जनाउँदछ । त्यस्तै वैज्ञानिक दृष्टिकोणले पनि पूरात्तात्विक र प्राचीन स्मारक, वस्तु, उपकरण, औजार, प्रविधि, विद्या आदिको खोज र अध्ययनले केही सम्पदा र संस्कृति महत्वपूर्ण हुन्छन् । आर्थिक कोणले मुलतः पर्यटक भित्र्याउन र रोजगारी सिर्जना एवं राजस्व अभिवृद्धिको लागि सम्पदा अत्यन्त महत्वपूर्ण छ ।

## २. वर्तमान अवस्था

विश्वव्यापीकरण, आधुनिकीकरण, जनसङ्ख्या वृद्धि, बढ्दो शहरीकरण र अव्यवस्थित विकास निर्माणको कारण सम्पदा तथा साँस्कृतिक विविधताको संरक्षण कार्य स्थानीय सरकार र नागरिकको लागि प्रमुख चुनौतीको रुपमा रही आएको छ । विभिन्न कारणले शहर तथा बजार क्षेत्रको जनसङ्ख्यामा उच्च वृद्धि देखिन्छ भने, ग्रामीण क्षेत्रको जनसङ्ख्यामा गिरावट देखिन्छ । यी सब प्रवृत्तिले गर्दा मूर्त सम्पदाहरूमा क्षति, हानी, नोक्सानी, चोरी, अतिक्रमण, तथा जीर्ण हुने समस्या रहेको छ । त्यस्तै शताब्दीऔं पूराना अमूर्त सम्पदा जस्तैः परम्परा, संस्कृति, भाषा, कला तथा जीवनशैलीहरू अपरिवर्तनीय रुपले हराउँदै गएको छ। तसर्थ वर्तमान सन्दर्भमा विकास र सम्पदा संरक्षण बिच सन्तुलन ल्याई दीगो विकास हाँसिल गर्नु प्रमुख चुनौती हो ।

यसै सन्दर्भमा नेपालको संविधान, अनुसूची ८, (भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास) र स्थानीय सरकार संचालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम संस्कृति र सम्पदा जोगाउने पहिलो दायित्व स्थानीय सरकारको रहन्छ । ऐतिहासिक, धार्मिक, तथा साँस्कृतिक नगरी भनेर प्रख्यात यस नगरपालिकालाई सबै किसिमको सम्पदाको विशेष महत्व छ ।

**नक्सा १/५.२.३ : भीमेश्वर नगरपालिकाको प्रमुख सम्पदा स्थल**




## ३. मुख्य अवसर र चुनौती

संवैधानिक व्यवस्थामा (भाषा, संस्कृति, ललित कलाको संरक्षण) समेत उल्लेखित भएकोले समस्त सम्पदा संरक्षणको जिम्मेवारी पूरा गर्ने अवसर नगरपालिकालाई प्राप्त भएको छ । ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक नगरी समेत भएकोले नगरको मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र व्यवस्थापन कार्यलाई नियमन तथा सहजीकरण गर्न बहुपक्षीय समन्वयसहित नियम कानुन निर्माण र मार्गनिर्देशनको लागि योजना तर्जुमा गर्ने जस्ता क्रियाकलाप अगाडि बढाउने चुनौती भने रहेको छ ।

विशेषगरी नगरको आदिवासी, जनजाति र लोपोन्मुख समुदायको भाषा, लिपि, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएको सन्दर्भमा सो को संरक्षण जरुरी छ। अमूर्त सम्पदा, जस्तैः मौखिक परम्परा, भाषा, लिपि, साहित्य, प्रस्तुति, कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू जोगाउन चुनौतीपूर्ण हुन्छ। त्यसर्थ यस्तो किसिमको ज्ञान तथा कलालाई जगेर्ना गर्न नगरले अभिलेखीकरण तथा व्यवस्थित तरिकाले सम्वर्द्धन गर्ने अवसर प्राप्त भएको छ।

मूर्त सम्पदाको दृष्टिकोणले पनि नगरको आफ्नै विशिष्टता र प्रशस्त विविधता रहेका छन्। यस्तो सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ। नगरमा अवस्थित सम्पदा स्थान/क्षेत्रको संरक्षण र व्यवस्थापनमा सुधार तथा प्रवर्द्धन, नयाँ सम्पदा स्थान/क्षेत्रको पहिचान, जारी रहेका योजना/परियोजना समापन लगायत कार्य चुनौतीपूर्ण भएता पनि यसबाट सिर्जना हुने अवसर तथा प्राप्त हुने लाभ प्रशस्त रहन्छन्।

## ४. लक्ष्य

सबै प्रकारका सम्पदाको प्रभावकारी एवं दीगो संरक्षण र व्यवस्थापन गर्ने।

## ५. उद्देश्य

सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी उच्च सचेतना, प्रभावकारी ऐन सहितको संरक्षण र व्यवस्थापनमा अग्रसर हुनु।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.२.३ : सम्पदा संरक्षणका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि संयन्त्र गठन तथा परिचलान गर्ने। | १. सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिकसहितको स्थानीय सम्पदा समिति गठन गरिने छ। साथै वडा नं. १, २, ५ को लागि वडास्तरीय सम्पदा समिति गठन गरिने छ भने आवश्यकता अनुसार अन्य वडामा पनि यस्तै समिति गठन गरिने छ।<br>२. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको सम्पदा संरक्षण र व्यवस्थापन इकाई गठन गरिने छ।<br>३. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, समन्वय, अनुगमन, नियमन, पहिचान आदिमा समिति र इकाईहरूको भूमिका सुनिश्चित गरिने छ।<br>४. गठन भएपश्चात् समिति र इकाईद्वारा सबै खाले भौतिक/साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ।<br>५. पूरातत्व विभागको प्राचीन स्मारक संरक्षण नियमावली अनुरुप सम्पदाको पहिचान र सुचिकृत गर्न आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरिने छ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. नगरपालिकाको सम्पूर्ण सम्पदा सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने । | १. सम्पदा संरक्षण एवं व्यवस्थापनका निम्ति आवश्यक उपकरण/प्रविधि व्यवस्था गरिने छ ।<br>२. लोपोन्मुख भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण र Knowledge Management गरिने छ ।<br>३. स्थानीय सम्पदा, संस्कृति, कला आदिको अध्ययन र प्रवर्द्धनको लागि अध्ययनवृत्ति (Fellowship) को व्यवस्था गरिने छ ।<br>४. प्रभावकारी सम्पदा संरक्षण र व्यवस्थापनको लागि सम्पूर्ण साँस्कृतिक, धार्मिक, ऐतिहासिक, पूरातात्विक सम्पदाको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी नगरपालिकाको सम्पदा स्रोत नक्सासहितको Heritage Register निर्माण गरिने छ । |
| ३. सम्पदा/संस्कृतिको प्रभावकारी व्यवस्थापन र प्रवर्द्धनद्वारा पर्यटन, स्थानीय आर्थिक विकास लगायतका क्षेत्रको थप सबलीकरण गर्ने । | १. सम्पदा क्षेत्र वा स्थानभित्र परेको भनी स्थापित भएका जग्गा/घर/संरचनालाई नगरपालिकाद्वारा कानुन बमोजिम व्यवस्था गरी अधिग्रहण गरिने छ ।<br>२. नगरपालिकाको पर्यटकीय र स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउने सक्ने सम्पूर्ण सम्पदा क्षेत्र/स्थान र संस्कृति झल्काउने समुदायको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान पुर्‍याइनेछ ।<br>३. अन्य विभाग र क्षेत्र (जस्तैः स्थानीय आर्थिक विकास/राजस्व, यातायात, भू-उपयोग आदि) सँग समन्वय गरी सम्पदा संरक्षण एवं व्यवस्थापन गुरुयोजना निर्माण गरिने छ ।<br>४. गुरुयोजनालाई भू-उपयोग योजना, वर्गीकरण (Zoning) आदिसँग तालमेल हुने गरी निर्माण गरिने छ । |
| ४. सबै किसिमको संस्कृति र सम्पदा क्षेत्रलाई लोप/जीर्ण हुनबाट र निजी तथा सार्वजनिक गतिविधिबाट हानी/नोक्सानी हुनबाट संरक्षण गर्ने । | १. सम्पदा बस्तीको रुपमा सूचिकृत वडा नं.२ को मूल क्षेत्रको संरक्षण र थप सम्पदा बस्तीहरू पहिचान (जस्तैः वडा नं. १ को थामी बस्ती) गरिने छ ।<br>२. सम्पदा/संस्कृतिलाई असर गर्ने सबै खाले गतिविधिको रोकथाम, नियन्त्रण, र नियमन गरिने छ ।<br>३. विकास निर्माण परियोजना संचालन गर्दा सम्पदा क्षेत्रलाई जोगाएर अगाडी बढ्ने नीति अवलम्बन गरिने छ ।<br>४. सम्पदा संरक्षणका लागि नगरभित्र संरक्षण क्षेत्रहरू कायम गरिने छ ।<br>५. सम्पदा संरक्षणका लागि विभिन्न किसिमको प्रोत्साहन तथा सहयोगको व्यवस्था गरिने छ । |
| ५. सम्पदा संरक्षण र व्यवस्थापनमा जनचेतना, जनसहभागिता तथा साझेदारी वृद्धि गर्ने । | १. सूचना प्रवाहका विभिन्न माध्यमको प्रयोगद्वारा र कार्यक्रम तथा पाठ्यक्रममार्फत् नागरिकलाई र विशेष गरी नयाँ पुस्तालाई सम्पदा र सो को संरक्षणबारे सचेत गराइने छ ।<br>२. पाठ्यक्रम विकास गर्दा नगरपालिकाको स्थानीय सम्पदा, संस्कृति, कला, र भाषालाई पनि समेटिने छ ।<br>३. संरक्षणमा नागरिक र विशेषगरी नयाँ पुस्ताको प्रत्यक्ष संलग्नता सुनिश्चित गराइने छ ।<br>४. नगरपालिकाको प्रमुख सम्पदा रेखदेख गर्दै आएका परम्परागत गुठी, मन्दिर/थान व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडी बढ्ने नीति अवलम्बन गरिने छ ।<br>५. सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडी बढ्ने नीति अवलम्बन गरिने छ । |

## तालिका २/५.२.३ : आवधिक प्राथमिकता : सम्पदा संरक्षण

<table>
<tr><td colspan="3">क. संवैधानिक व्यवस्थामा (भाषा, संस्कृति, ललितकलाको संरक्षण) समेत उल्लेखित भएकोले समस्त सम्पदा संरक्षणको जिम्मेवारी नगरपालिकाको रहेको छ। ऐतिहासिक, धार्मिक, तथा साँस्कृतिक नगरी समेत भएकोले नगरको मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र व्यवस्थापन कार्यलाई नियमन तथा सहजीकरण गर्न बहुपक्षीय समन्वयसहित नियम कानुन निर्माण र मार्गनिर्देशनको लागि योजना तर्जुमा गर्ने जस्ता क्रियाकलाप अगाडी बढाउने छ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरुप सम्पदा संरक्षण र ब्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने ।<br><br>२. नगरपालिका र संघ/प्रदेश सरकारको दोहोरो स्वामित्व वा लगानी रहेको सम्पदा संरक्षण/व्यवस्थापनमा स्पष्टता ल्याउने ।</td><td>१. नेपालको संविधान, अनुसूची ८, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास र स्थानीय सरकार संचालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।<br><br>२. आवश्यक ऐन, योजना, मापदण्डः सम्पदा संरक्षण र व्यवस्थापन ऐन, नियमावली, कार्यविधि, सम्पदा  संरक्षण र व्यवस्थापन गुरुयोजना र सूचि ।</td><td>१. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी प्रभावकारी ऐनसहितको संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने ।</td></tr>
<tr><td colspan="3">ख. सम्पदाको दृष्टिकोणले नगरको आफ्नै विशिष्टता र प्रशस्त विविधता रहेका छन्। यहाँका प्राचीन बस्तीले यस्तो विशिष्ठता कायम गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। भीमेश्वर नगरपालिकामा एउटा प्राचीन बस्तीलाई 'सम्पदा बस्ती' भनी सुचिकृत भइसकेको छ भने नगरमा यस्ता अन्य बस्तीहरू रहेको कुरालाई दृष्टिगत गरी बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७३ को अधारमा थप खोज, अनुसन्धान तथा पहिचान कार्य गर्ने योजना रहेको छ। जसलाई आवधिक योजनाका रुपमा तल प्रस्तुत गरिएको छ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. नगरभित्र १०० वर्ष भन्दा पूराना बस्तीहरू (जस्तैः वडा नं. २ को मूल क्षेत्र) भए नभए बारे अन्य वडाहरूमा पनि वडास्तरीय परामर्श गर्ने ।</td><td>१. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७३ अनुरुप सम्पदा बस्तीहरू खोज, अनुसन्धान तथा पहिचान कार्य थालनी गर्ने ।</td><td>१. सम्पदा बस्तीहरूको सूचीकरण, संरक्षण, व्यवस्थापन र प्रचार प्रसार ।</td></tr>
<tr><td colspan="3">ग. सम्पदा संरक्षण एवं व्यवस्थापनको निम्ति तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ। नगरमा यस्ता तथ्याङ्कहरू विभिन्न समय नगरपालिका तथा संघसंस्थाबाट संकलित छन्। तर यी तथ्याङ्क पूराना, छरिएको, र अपूर्ण अवस्थामा छ। यस अवस्थाबाट आधुनिकतातर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न, नगरले समय समयमा तथ्याङ्क सम्बन्धी कार्यहरू गर्नेछ। साथै तथ्याङ्कको प्रयोगबाट सम्पदा सुचि निर्माण र सम्पदा वर्गीकरण पनि गरिने छ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. जारी रहेका सबै भू- उपयोग सुचि Land Use Inventory संकलन कार्यमा सबै खाले सम्पदाक्षेत्र र स्थानको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने। साथै उपलब्ध सुचि र नयाँ सुचिीाई अद्यावधिक गरेर एकरुपता दिने।</td><td>१. जारी रहेका सबै भू- उपयोग सुचि Land Use Inventory संकलन कार्यमा सबै खाले सम्पदाक्षेत्र र स्थानको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने। साथै उपलब्ध सुचि र नयाँ सुचिलाई अद्यावधिक गरेर एकरुपता दिने।</td><td>१. मध्यकालका सम्पदा संरक्षण सम्बन्धी मध्यकालीन प्राथमिकताका कार्यक्रमलाई निरन्तता दिने ।</td></tr>
</table>

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरमा अवस्थित सम्पूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पूरात्तात्विक, पर्यटकीय महत्वका सम्पदा क्षेत्र र स्थलहरूको अध्ययन, सुचिकरण र वर्गीकरणको थालनी गर्ने । | २. संकलित तथ्याङ्क, अध्ययन, सुचिकरण र वर्गीकरणको अधारमा सम्पदा गुरुयोजना र Heritage Register निर्माण कार्य गर्ने । | |

**घ.** चर्चित अफ्रिकी भनाइ "एक ज्येष्ठ नागरिकको निधन हुनु, एउटा पुस्तकालय जलेर नस्ट भएसरह हुन्छ" ले परम्परागत ज्ञान तथा कला संरक्षणको महत्व उजागर गर्दछ। विशेषगरी नगरको आदिवासी, जनजाति र लोपोन्मुख समुदायको भाषा, लिपि, प्रस्तुति तथा शिल्पकला लोप हुँदै गएको सन्दर्भमा सो को संरक्षण जरुरी छ । अमूर्त सम्पदा, जस्तैः मौखिक परम्परा, भाषा, लिपि, साहित्य, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू जोगाउन चुनौतीपूर्ण हुन्छ। तसर्थ यस्तो किसिमको ज्ञान तथा कलालाई जगेर्ना गर्न नगरले अभिलेखीकरण तथा व्यवस्थित तरिकाले सम्वर्द्धन, अद्यावधिक गर्नुका साथै त्यसको प्रचार प्रसारका कार्यक्रम राखेको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा विशेषगरी थामी भाषाको आफ्नै लिपिको खोज/अनुसन्धान नभएको, नेवारी भेषभुषा तथा संस्कृति, जात्रा पर्व लोप हुँदै गएको, दोलखाली नेवारी लिपिको खोज/अनुसन्धान नभएको, तामाङ्ग भाषा र कुसुले भाषाको संरक्षण नभएको, किँरात संस्कृतिको कुराहरू लोप हुँदै गएकोले लोपोन्मुख र जनजाति भाषा, लिपि र विभिन्न कला र संस्कृतिको पहिचान र त्यसपश्चात् सो को संरक्षण गर्न अभिलेखीकरण र Knowledge Management को थालनी गर्ने। | १. भाषा तथा लिपिको अभिलेखीकरण र Knowledge Management लाई निरन्तरता तथा अद्यावधिक । | १. भाषा तथा लिपिको अभिलेखीकरण र Knowledge Management लाई निरन्तरता तथा अद्यावधिक गरी स्थानीय पहिचान निर्माण गर्ने । |

ङ. सेवा प्रवाह अन्तर्गत सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ । नगरमा अवस्थित सम्पदा स्थान/क्षेत्रको संरक्षण र व्यवस्थापनमा सुधार तथा प्रवर्द्धन, नयाँ सम्पदा स्थान/क्षेत्रको पहिचान, जारी रहेका योजना/परियोजना समापन लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. समुदायको चाहना अनुसार विभिन्न वडामा रहेका र ओझेलमा परेका महत्वपूर्ण स्थानीय सम्पदा (भूमे थान १, खप्तड कुटी १, बरानसी २, त्रिपुर ासुन्दरी २, महांकाल भगवती मन्दिर ५, किराँती छापस्थित पाटी ५, किराँतेश्वर महादेव ५, सेतीदेवी मन्दिर ९, महादेवस्थान ९, गुम्बा ९, लिसेपानी कालीदेवी ९ र अन्य सबै), ढुंगे धाराहरू (जस्तैः ढुंगे साँघु) र संस्कृतिको संरक्षण, व्यवस्थापन र प्रवर्द्धन कार्यक्रम तय गरी कार्यान्वयन अघि बढाउने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरपालिकाले गर्दै आएको साँस्कृतिक सहयोग र सहकार्यलाई निरन्तरता दिने र यस्तो कार्य बढाउँदै जाने । | २. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यलाई निरन्तरता दिने । स्थानीय कला र संस्कृति संरक्षणलाई अन्य क्षेत्रको कार्यक्रममा समेत समावेश गर्ने । | २. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यको पद्धतिमा आवश्यक परिमार्जनसहित निरन्तरता दिने । |
| ३. थामी समुदायको उद्‌गम स्थल राङराङथली लगायत पर्यटकीय हिसाबले महत्वपूर्ण सम्पदा क्षेत्र र स्थलहरूको प्रचार प्रसार, पूर्वाधार निर्माण, र सूचना केन्द्रहरू स्थापना गर्ने । त्यस्तै नेवार, तामाङ्ग, थामी समुदायको संस्कृति झल्काउने कार्यक्रम, समारोह आदिलाई निरन्तरता दिने र बढाउँदै जाने । | ३. वडा नं. १ देउरालीमा रहेको युग्जे घ्योलिङ गुम्बा क्षेत्रलाई बौद्ध दर्शन सर्किटको रुपमा विकास गर्ने र बौद्ध दर्शन पाठशाला पनि स्थापनाको प्रक्रिया अघि बढाउने । | |

**च.** सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यसम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, तथा अन्तरिक तथा बाह्य सरोकारवालाहरूको आवश्यकता पर्ने हुनाले । साथै विभिन्नस्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि, सहकार्य र समन्वय पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ । त्यस्तै यस क्षेत्रमा सचेतना र जागरूकताको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुनाले र यस्ता क्षेत्र र स्थानको सुरक्षामा पनि ध्यान दिनुपर्ने हुनाले यस विषयलाई पनि मध्यनजर गर्दै कार्यक्रम रखिएको छ । विशेषगरी युवा पुस्तामा संस्कृति सम्बन्धी मूल्य मान्यता घट्‌दै गएको भन्ने बुझिएकोले, युवा पुस्तालाई समेत सचेतना अभिवृद्धिमा कार्यक्रम तय गरिएको हो ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत सम्पदा संरक्षण इकाई स्थापना गर्ने । | १. आवश्यकता अनुसार सम्पदा संरक्षण इकाईलाई सामाजिक विकास शाखा अन्तर्गत विस्तार गर्ने । | १. सम्पदा संरक्षणसँग सम्बन्धित क्षमता विकास कार्यक्रममा आवश्यक परिमार्जन गरी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| २. सम्पदा संरक्षण इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| ३. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि नगरस्तरीय र वडास्तरीय समिति गठन तथा परिचालन गर्ने । | ३. समिति र समितिहरूको कार्यसम्पादनलाई निरन्तरता दिने । | ३. समिति र समितिहरूको कार्यसम्पादनलाई निरन्तरता दिने । |

| **च.१.** बाह्य पक्ष र सरोकारवालाको लागि : | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई सम्पदा संरक्षण क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धिमा पनि ध्यान दिने ।<br><br>२. सम्पदा संरक्षण र व्यवस्थापनको लागि भीमेश्वर गुठी, कालिञ्चोक त्रिपुरासुन्दरी गुठी, महास्नान गुठी, महारिया गुठी लगायत अन्य गुठी, निजी गुठी, मन्दिर व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग साझेदारी विकास गर्ने ।<br><br>३. विशेषगरी नयाँ पुस्तालाई संलग्न गराउने किसिमको सचेतना कार्यक्रमहरू आयोजना गर्ने र यस कार्यलाई दीगोरुपमा निरन्तरता दिने । | १. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन । | १. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन । |
| **च.२.** सम्पदा स्थान र क्षेत्र सुरक्षा सम्बन्धी : | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. समुदाय स्वयं तथा नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा सम्पदा क्षेत्र संरक्षण गर्ने । | १. सम्पदा संरक्षणका नगरको आन्तरिक संयन्त्र र सम्बन्धित सरोकारवालासँगको सहकार्यलाई संस्थागत र व्यवस्थित गर्ने । | १. सम्पदा संरक्षणमा सहकार्य र साझेदारीलाई उपलब्धीमूलक बनाउन सम्बन्धित सरोकारवाला सहितको नगरस्तरीय संयन्त्रको भूमिका परिभाषित गरी थप व्यवस्थित बनाउने । |

### तालिका ३/५.२.३ : सम्पदा संरक्षणको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७)

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| संग्राहलय, कला केन्द्र (संख्या) | | | ५ | १० |
| व्यवस्थित र आधारभूत पूर्वाधारयुक्त शवदाह स्थल/स्थान (संख्या) | | | १० | १५ |
| लोपोन्मुख/आदिवासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृतिको आधारमा समुदाय पहिचान कार्य (संख्या) | | १ | १ | १ |
| लोपोन्मुख/आदिवासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण तथा Knowledge Management कार्यमा समग्र प्रगति (% मा) | | | ५० | १०० |

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| सम्भावित सम्पदा महत्वका (सबै किसिमको) स्थान, क्षेत्रको पहिचान, अध्ययन, अनुसन्धान, उत्खनन् कार्य (संख्या) | १ | | | ५ |
| सम्पदा क्षेत्र वा स्थानभित्र परेको भनी स्थापित भएका जग्गा/घर/संरचनालाई कानुन बमोजिम व्यवस्थापन (संख्या) | | १ | २ | ३ |
| सम्पदा संरक्षण र व्यवस्थापनको लागि गुठी, मन्दिर व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग गरिएको संस्थागत सहकार्यको प्रबन्ध (संख्या) | | | १० | १५ |
| सम्पदा संरक्षण र व्यवस्थापनको लागि सचेतना कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या(प्रतिशत) | | | ६० | १०० |

## ५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### १. परिचय

नेपालको सन्दर्भमा लैङ्गिक समानता अन्तर्गत मूलतः महिला तथा लैङ्गिक अल्पसंख्यकको सम्मान, सुरक्षा, अवसर र न्यायको विषय पर्छन् । सामाजिक समावेशीकरण भन्नाले विविध कारणले बहिष्करणमा परेका वर्ग क्षेत्र, लिङ्ग र सम्प्रदायका नागरिकको राज्य संचालन प्रक्रियामा मूल प्रवाहीकरण गर्ने विषय पर्छन् । विभिन्न जातजातिको समिश्रण रहेको भीमेश्वर नगरपालिका जनसाङ्खिक अवस्थाका आधारमा एक समावेशी नगरपालिका हो । भीमेश्वर बसोबास गर्ने सबै जातजाति लगायत महिला, अपाङ्गता भएका व्यक्ति लगायत सबैको बराबर सम्मान र समान अवसरको सुनिश्तिताका लागि नगरले विभिन्न प्रयास गरिरहेको छ । नागरिकका बिच उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुरामा भेदभाव नगरिने कुरा नेपालको संविधानले मौलिक हकका रुपमा समावेश गरेको सन्दर्भमा निर्वाचित स्थानीय सरकार गठनसँगै संविधान प्रदत्त समानताको हक सुनिश्चिततालाई स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा भीमेश्वर दृढ छ । भीमेश्वर नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम अन्तर सम्बन्धित विषयका रुपमा समावेश गरी कार्यान्वयन गर्दै आएता पनि स्थानीय रुपमा कानुनी र नीतिगत प्रबन्ध गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सेवालाई सम्बोधन गर्ने सवालमा कमी महसुस गरिएको छ ।

### २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिकाको नगर पार्श्वचित्र २०७५ अनुसार ५ वर्षमाथिका महिला र पुरुषको साक्षरता दर क्रमशः ६८ प्रतिशत र ८३ प्रतिशत रहेको छ । सम्पत्तिमा स्वामित्व (विशेषगरी घर जग्गामा) पुगेको महिला २९ प्रतिशत रहेको छ । मातृ मृत्यूदर प्रतिलाख जीवित जन्ममा ४ प्रतिशत रहेको छ । संवैधानिक प्रावधान कार्यान्वयनसँगै नगरको निर्णय प्रक्रियामा महिला, दलित लगायतको प्रतिनिधित्व विस्तार भएको छ । तथापि सबैस्तरमा समान प्रतिनिधित्व, पहुँच र अवसरका लागि थप पर्यत्न गर्नुपर्ने आवश्यकता नगरले महसुस गरेको छ ।

## ३. चुनौति तथा अवसर

नगरभित्रका आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैंगिक समानता कायम गर्नु, नगरपालिकाको सबै संरचनामा लैङ्गिक समानता र सामाजिक समावेसीकरणको दृष्टिकोणलाई मूल प्रवाहीकरण गरी लैङ्गिक समानता र सामाजिक सवावेशीकरण उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, पारिवारिक र सामाजिक मुल्य, मान्यता र लैङ्गिक भूमिकामा परिर्वतन ल्याउनु, सामाजिक रुपमा बहिष्करणमा परेका वर्ग वा समुदायको सवालको यथोचित सम्बोधन गर्नु, महिलामाथि हुने सबै प्रकारका हिंसा र शोषण अन्त्य गर्नु, सम्पत्तीमाथि महिलाको पहुँच स्थापित गर्नु, पछाडी परेका समुदाय, अपांगता भएका व्यक्ति र ग्रामीण महिलासहित समग्र महिलाको जीवनस्तरमा सुधार ल्याउनु यस क्षेत्रको प्रमुख चुनौतिको रुपमा रहेको छ ।

नेपालको संविधानले समानताको हक सुनिश्चित गर्न सबै संघ तथा प्रदेश सरकारबाट निर्वाह हुनसक्ने भूमिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अशक्तहरूको सम्मानपूर्ण व्यवस्थापन सुनिश्चित गर्ने सम्बन्धमा संविधानमा उल्लिखित नगरको एकल अधिकार, संघीय तहमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका आधारहरू तयार हुनु, उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता बढिरहनु, दलित, जनजाति र पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने कार्यका लागि समुदायस्तरबाट सहयोग प्राप्त हुने अवस्था रहनु तथा शिक्षा र स्वास्थ्य क्षेत्रमा महिला (छात्रा लगायत), अपांगता भएका व्यक्ति, दलित, अल्पसंख्यक आदिका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त भइरहेका र हुने सुविधा तथा सहयोग आदि लैंगिक समानता सामाजिक समावेशीकरण प्रवर्द्धनका मुख्य अवसरका रुपमा रहेका छन् ।

## ४. लक्ष्य

स्थानीय शासन र सेवामा सबैको अर्थपूर्ण सहभागिता, समानता र न्याय सुनिश्चित गर्ने ।

## ५. उद्देश्य

लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई नीतिगत रुपमा सम्बोधन, विकास निर्माण र निर्णय प्रक्रियामा सहभागिता प्रवर्द्धन र स्थानीय संयन्त्रको क्रियाशीलता वृद्धि गरी लैंगिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.२.४ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीतिगत र कानुनी रुपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवाललाई सम्बोधन गर्ने । | १. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानुनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>२. नीति तथा कानुनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गरिने छ ।<br>३. बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिनेछ ।<br>४. संविधानको धारा १० मा व्यवस्था भएअनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति  नियम तयार गरी कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ५. महिला सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।<br>६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्दै लगिने छ । |
| २. नगरको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्ने । | १. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महसुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाइने छ ।<br>२. नगरको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ ।<br>३. नगरमा निर्माण हुने हरेक सार्वजनिक संरचना अपांगतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइनेछ ।<br>४. दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ ।<br>५. आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।<br>६. नगरमा रहेका संघ संस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँचयोग्यता र सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिनेछ । |
| ३. सामाजिक समावेशीकरण प्रवर्द्धनको भूमिकामा रहेको नगर संयन्त्रलाई क्षमतायुक्त बनाउने । | १. नगरमा रहेको महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।<br>२. महिला तथा बालबालिका शाखालाई प्रविधिमैत्री बनाइनेछ ।<br>३. महिला तथा बालबालिका शाखाका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।<br>४. तालिम, अनुशिक्षण लगायतका विधिमार्फत् महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिको अधिकार, पहुँच तथा नगरको भूमिका सम्बन्धमा सबै नगर अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने छ ।<br>५. नगरभित्र, नगरमा रहेका संघ संस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधत्वको अवस्था, पूर्वाधारहरूको पहुँच योग्यता, सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिने छ । |
| ४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवा प्रभावकारिता बढाउने । | १. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइनेछ ।<br>२. सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्यांक व्यवस्थापन गरिनेछ ।<br>३. सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>४. ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिको सम्मान र शुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने छ । |

**तालिका २/५.२.४ : आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

<table>
<tr><td colspan="3">क. भीमेश्वर नगरपालिकाले सेवा प्रवाह र विकास निर्माणलाई ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिने तथा योजना तथा विकास निर्माणको अभ्यासमा सहभागिता प्रवर्द्धनका अभ्यास गरिरहेको छ । तथापि लैङ्गिक समनता र सामाजिक समावेशीकरणको नीति तथा बेग्लै कानुन नभएको तथा सबै क्षेत्रका नीति तथा कानुनमा यो पक्ष विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएकोले नीतिगत र कानुनी व्यवस्था निर्माणको आवधिक कार्यसुची यहाँ प्रस्तुत गरिएको छ ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू निर्माण गर्ने ।</td><td>१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अद्यावधिक गर्ने ।</td><td>१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणका नीति नियम र कार्यविधिहरूलाई थप व्यवहारिक र समय सापेक्ष बनाउने ।</td></tr>
<tr><td>२. नगरको पूर्वाधार व्यवस्थापन तथा सेवा प्रवाहसँग सम्बन्धित नीति तथा कानुनमा सामाजिक समवेशीकरणको पक्ष विश्लेषण गरी आवश्यक परिमार्जनको शुरुवात गर्ने ।</td><td>२. नगरका सबै नीति तथा कार्यक्रमलाई सामाजिक समावेशीकरणको नीति अनुकुल भएको सुनिश्चिता गर्ने ।</td><td>२. क्षेत्रगत नीतिहरूमा रहेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षको पुनरावलोकन र आवश्यक परिमार्जन गर्ने ।</td></tr>
<tr><td colspan="3">ख. नगरपालिकाले विभिन्न कार्यक्रम कार्यान्वयका लागि गठन हुने उपभोक्ता समितिमा महिला लगायत सबै पक्षको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ भने संरचनाहरूलाई अपाङ्गता भएका, बालबालिका र महिलामैत्री बनाउँदै लगिएको भए पनि सहभागिता तथा संरक्षण र पहुँच वृद्धिका लागि थप कार्य गर्नुपर्ने आवश्यकता महसुस गरी निम्न प्राथमिकता तय गरिएको छ ।</td></tr>
<tr><th>अल्पकालीन (पहिलो २ वर्ष)</th><th>मध्यकालीन (३ देखि ७ वर्ष)</th><th>दीर्घकालीन (८ देखि २० वर्ष)</th></tr>
<tr><td>१. उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ४० प्रतिशत पुऱ्याउने साथै दलित, जनजाति र पछाडि परेका समुदायको सहभागिता सुनिश्चित गर्ने ।</td><td>१. विभिन्न समितिमा महिला, दलित जनजातिको वा लोपोन्मुख जातिको सहभागिता सुनिश्चितताको व्यवहारिक कार्यान्वयनमा जोड दिने ।</td><td></td></tr>
<tr><td>२. नगरमा निर्माण भएका र निर्माण हुने सार्वजनिक पूर्वाधार अपाङ्गतामैत्री बनाउन थालनी गर्ने ।</td><td>२. नगरभित्र निर्माण भएका सबै पूर्वाधार अपांगतामैत्री बनाउने ।</td><td rowspan="2">२.नगरपालिकाबाट सञ्चालन हुने सबै पूर्वाधार र सेवा सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल समेट्ने अभ्यासलाई संस्थागत गरिसक्ने ।</td></tr>
<tr><td>३. महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।</td><td>३. महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न गरिने प्रवर्द्धनात्मक कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।</td></tr>
<tr><td>४.दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माणका लागि अध्ययन र पूर्व तयारी गर्ने ।</td><td>४.दुर्व्यवहारमा/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने ।</td><td>४.दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृहलाई थप व्यवस्थित र प्रभावकारी बनाउने ।</td></tr>
</table>

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. नगरलाई बालमैत्री नगरको अवस्थामा पुऱ्याउने गरी सार्वजनिक पूर्वाधार सुधारको थालनी गर्ने । | ५. नगरलाई बालमैत्री नगरको अवस्थामा पुग्ने गरी सार्वजनिक पूर्वाधार सुधार गरिसक्ने । | ५. नगरलाई बालमैत्री पूर्वाधारयुक्त नगरको रुपमा स्थापित गर्ने |
| ६. लैङ्गिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनिकरण कोष स्थापना गर्ने । | ६. लैङ्गिक हिंसा न्यूनिकरण कोषका माध्यमबाट लैङ्गिक हिंसा न्यूनिकरणका लागि विविध कार्यक्रम सञ्चालन गर्ने । | |
| ७. नगरपालिकाबाट प्रवाह हुने सेवामा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनका लागि आधारहरू तयार गर्ने । | ७. नगरपालिकाबाट प्रवाह हुने सेवामा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबाालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनसहित कार्यान्वयन गर्ने । | |

**ग.** नगरमा रहेको महिला तथा बालबालिका शाखालाई थप क्षमतायुक्त बनाउन तथा सबै संयन्त्रको कार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई समेट्ने गरी संगठन संरचना र क्षमता विकासका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने । | १. महिला तथा बालबालिका शाखालाई आधुनिक प्रविधियुक्त बनाउने । | १. महिला तथा बालबालिका शाखालाई जनशक्ति, पूर्वाधार र प्रविधियुक्त बनाउने । |
| २. महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने । | २. महिला तथा बालबालिका शाखामा कार्यरत कमचारीको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने । | |
| ३. सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन थालनी गर्ने । | ३. सबै प्रकारका सामाजिक सुरक्षा सेवा वितरणलाई सूचना प्रविधिमा आधारित बनाउने । | |
| ४. महिला तथा बालबालिका शाखालाई अपाङ्गतामैत्री र बालमैत्री बनाउन थालनी गर्ने । | ४. महिला तथा बालबालिका शाखालाई पूर्ण अपाङ्गतामैत्री र बालमैत्री बनाउने । | |
| ५. एकल महिला स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने । | ५. एकल महिला स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | |
| ६. एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने । | ६. एकल तथा असहाय महिला सुरक्षा कोषलाई थप प्रभावकारी बनाउने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ७. महिला: उद्यममा पहिला भन्ने नारालाई साकार पार्न महिला लक्षित साना तथा लघु उद्यम प्रवर्द्धन कार्यक्रम तय गरी आर्थिक विकासको अंगका रुपमा लागु गर्ने । | | |

**तालिका ३/५.२.४ : लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अपेक्षित उपलब्धी/ परिमाणात्मक लक्ष्य**

| क्र. सं. | उपलब्धी सूचक | एकाइ | आधार वर्ष २०७६/०७७ | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|---|
| १ | लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अद्यावधिक(प्रत्येक पटक निर्वाचित) | संख्या | ० | ५५ | ११० | ११० |
| २ | नगरमा निर्माण हुने र निर्माण भएका सबै सरकारी संरचना अपाङ्गमैत्री बनाउने (निर्माण भइसकेका १७० संरचनामा र्याम बनाउने) | संख्या | ० | ६० | ७० | ४० |
| ३ | महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने | पटक | | २ | ४ | १३ |
| ४ | ४.दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने | संख्या | ० | ० | १ | ० |
| ५ | लैगिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनिकरण कोष स्थापना गर्ने | पटक | | १ | ० | ० |
| ६ | महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने | पटक | | १ | १ | १ |
| ७ | महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई क्षमता विकास तालिम | पटक | | १ | २ | ६ |
| ८ | सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन आवश्यक उपकरण सहयोग | पटक | | १ | १ | १ |
| ९ | महिला तथा बालबालिका शाखाको भौतिक संरचना अपांगतामैत्री र बालमैत्री बनाउने | संख्या | ० | ० | १ | ० |
| १० | एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने | पटक | | १ | | |
| ११ | महिला: उद्यममा पहिला भन्ने नारालाई साकार पार्न साना तथा लघु उद्यमलाई प्रोत्साहन गर्ने | पटक | | १ | १ | २ |

## ५.३. पूर्वाधार विकास

यो खण्डमा भीमेश्वर नगरपालिकाको भू-उपयोग र शहरी विकास, पार्क तथा मनोरञ्जनका पूर्वाधार, यातायात, खानेपानी, सार्वजनिक सरसफाई, सार्वजनिक भवन तथा पुस्तकालय, सिँचाइ, विद्युत, सञ्चार सम्बन्धी पूर्वाधार र सेवाको नीति तथा आवधिक प्राथमिकता समेटिएको छ । यी सेवाका पूर्वाधार तयारी वा स्तरोन्नतीको विधि र मापदण्ड निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयनमार्फत् सुव्यवस्थित र पूर्वाधारयुक्त भीमेश्वर निर्माणको नीति र प्राथमिकता यो क्षेत्रमा समेटिएको छ ।

## ५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन

### १. परिचय

संघीय सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (२०७२) अनुसार सीमित भूमि र भूमिस्रोतको संरक्षण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन सम्बन्धी कार्यलाई मार्गनिर्देशन गर्न तर्जुमा गरिएको नीतिगत दस्ताबेज भू-उपयोग नीति हो । भूमि तथा भूमिस्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनी एवं संस्थागत व्यवस्था यसै नीतिको आधारमा गरिन्छ । यस नीतिले भूमि तथा भूमिस्रोतको उपयोगबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण गर्न सक्ने अवस्था सिर्जना गर्दछ । भू-उपयोग नीति, नियम, योजनाको साथै सो को प्रभावकारी कार्यान्वयन र अभ्यास स्थानीय सरकारको लागि महत्वपूर्ण कदम हुनसक्छ ।

नगरपालिकाहरूको शहरी/ग्रामीण योजना निर्माण, चाहे औद्योगिक, व्यापारिक वा आवासीय क्षेत्रका लागि होस् यसमा कतै न कतै भू-उपयोग योजनाको आवश्यकता पर्दछ । भू-उपयोग योजनालाई स्थानीय सरकारको नीति निर्माणले ठूलो असर पार्दछ । उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरू निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षाकोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण वा अस्पताल निर्माण जस्ता कार्यहरू सञ्चालन भू-उपयोग योजनामा आधारित बनाउन सकिएमा बढी प्रभावकारी बनाउन सकिन्छ । भू-उपयोग नीति, नियम, योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृति अनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरू विस्तार गर्न सहजता प्रदान गर्दछ ।


नेपालको संविधान २०७२ ले स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी काम कारवाहीमा अधिकारको व्यवस्था गरेको छ । भू-उपयोग ऐन २०७६ ले पनि स्थानीय सरकारलाई विभिन्न भू-उपयोग संरचनासहित, भू-उपयोग क्षेत्र नक्सा तयारी, परिमार्जन, र कार्यान्वयन एवं भू-उपयोग योजना तर्जुमा गर्न निर्देशित गरेको छ । विस्तृत रूपमा हेर्दा भू-उपयोग नीति, नियम, योजना बनाउने कार्य संघीय र प्रदेश सरकारको कार्यसूचिभित्र परेका छन् र थप स्थानीय नीति, नियम, भू-उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको भएको कुरा संघीय सरकार शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू-उपयोग नीतिमा उल्लेख छ ।

## २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिकाले विगतमा भू-उपयोग नीति बनाई कार्यान्वयन नगरेको हुनाले शहरी पूर्वाधारलाई निश्चित मापदण्डमा लैजान विभिन्न चुनौती सामना गरिरहनु परेको छ भने पछिल्लो समयमा कृषियोग्य क्षेत्रको संरक्षण र विकासका लागि कृषि पकेट क्षेत्र निर्धारणमार्फत् भू-उपयोग योजनाको सीमित अभ्यास शुरु गरेको छ। तथापि समग्र भू-उपयोग योजना भने निर्माण भएको छैन। भूमिको अवैज्ञानिक प्रयोग तथा तालमेल नमिल्नाले (Land use conflict), अव्यवस्थित र असुरक्षित बसोबास/भू-प्रयोग अझै विद्यमान छ । विभिन्न किसिमका भू-तथ्याङ्क, आर्थिक-सामाजिक-साँस्कृतिक तथ्याङ्क आदि संकलन र प्रयोगमार्फत् नगरको स्थानीय परिवेश सुहाउँदो भू-उपयोग योजना निर्माण आवश्यक छ।

नगरमा भवन निर्माण अनुमतिको विधि निर्धारण र कार्यान्वयन भइरहेको भए पनि हालको प्रक्रियालाई थप वैज्ञानिक र आधुनिक असल अभ्यास अनुकुल बनाउन थप कार्य गर्नुपर्ने आवश्यकता छ भने नक्सा स्वीकृति प्रक्रियालाई विद्युतीय Digital माध्यमद्वारा अगाडी बढाउन पर्ने देखिन्छ । सबै अन्तर सम्बन्धित विभाग र निकाय जस्तै: सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने (Integrated Building Permit System) तिर उन्मुख हुनुपर्ने देखिन्छ। यसका लागि यी सबै क्षेत्रको तथ्याङ्क व्यवस्थापनमा सुधार पनि गर्नुपर्ने आवश्यकता छ। सम्पदा बस्ती तथा विभिन्न किसिमका भवन तथा बस्तीको एकरुपता कायम गर्ने तथा भवनलाई सबै किसिमका विपद् जोखिम न्यूनिकरणका सबै पक्षलाई पर्याप्त महत्व दिई हालको अभ्यासमा सुदृढीकरण गर्नुपर्ने आवश्यकता पनि छ।

**नक्सा ५.३.१ : नगरपालिकाको संकलित जी.पी.एस. तथ्याङ्कको आधारमा भवनहरूको प्रयोग**




| Ward | Residential | Commercial | Industrial |
|---|---|---|---|
| 1 | 1227 | 5 | 0 |
| 2 | 941 | 9 | 1 |
| 3 | 904 | 31 | 1 |
| 4 | 625 | 1 | 0 |
| 5 | 1328 | 2 | 1 |
| 6 | 932 | 38 | 2 |
| 7 | 974 | 0 | 1 |
| 8 | 751 | 2 | 3 |
| 9 | 830 | 0 | 4 |

माथिको नक्साले वडा नं. २, ३ र ६ मा सघन बस्ती इंगित गर्दछ। बाँकी वडामा छरिएको, पातलो बस्ती, र थोरै मात्रामा व्यवसायिक र औद्योगिक प्रयोग देखिन्छ । त्यस्तै नक्साभित्रको विवरणमा प्रत्येक वडामा आवासीय, व्यवसायिक र औद्योगिक प्रयोगको आधारमा भवन संख्या पनि उल्लेखित छ।

## ३. मुख्य अवसर र चुनौती

भीमेश्वर नगरपालिकामा भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण सम्बन्धी गतिविधि नियमन गर्ने कानुनी औजार तथा योजनाहरू न्यून छन् । पहाडी नगरपालिका भएकोले, भौगोलिक जटिलतालाई ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि थप स्थानीयकरण हुन बाँकी छ। यस परिवेशमा नगरले राष्ट्रिय भू-उपयोग ऐन २०७६ मा आधारित रहेर स्थानीय प्राथमिकताको आधारमा सान्दर्भिक स्थानीय कानुन निर्माण गरी यो क्षेत्रलाई व्यवस्थित गर्ने अवसर रहेको छ ।

त्यस्तै भू-उपयोग तथा शहरी नियोजन र बस्ती विकासको नीति नियम निर्माण र अभ्यासमा ल्याउँदा यसलाई अन्य क्षेत्रबाट अलग गरेर हेर्ने गरिएकोले विभिन्न समस्या तथा चुनौती आइपर्ने गरेको पाइन्छ । भू-उपयोग र शहरी विकासको अवधारणा र सचेतनामा भएको वृद्धिका कारण यो विषय समग्र पूर्वाधार विकासको अन्तरसम्बन्धित विषयका रुपमा आवद्ध गर्ने अवसर नगरलाई उपलब्ध भएको छ ।

नगरमा तथ्याङ्क र नक्साको संकलन/निर्माण गर्ने अभ्यास विभिन्न चरणमा नगरपालिका तथा संघ संस्थाबाट भएको छ, तर निरन्तर रुपमा व्यवस्थित र एकीकृत भण्डारण, प्रयोग तथा अद्यावधिक गर्ने चुनौती रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरूलाई नियाल्दा यस क्षेत्रमा व्यापक तथ्याङ्क तथा नक्साहरूको प्रयोगद्वारा भूमिको वस्तुस्थिति, खाद्य तथा आवासको आवश्यकता, भूमिको माग, परियोजना कार्यान्वयन र अन्य निर्णय तथा नीति निर्माण प्रक्रियामा आवश्यक पर्ने अध्ययन, मुल्यांकन आदि हुने गरेकोले बाह्य अभ्यासलाई स्थानीयकरण गर्ने अवसर नगरलाई छ ।

सूचना प्रविधिको क्षेत्रमा भएको विकाससँगै परम्परागत रुपमा हुने नक्सा स्वीकृती प्रक्रियालाई विद्युतीय माध्यमद्वारा अगाडी बढाउने र सबै अन्तर सम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग क्रमशः तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीलाई एकिकृत गर्ने अवसर पनि रहेको छ ।

भूमिको अवैज्ञानिक तथा परस्पर बिरोधी (Land use conflict) प्रयोग, लालपुर्जा/नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक साँध/सीमानामा प्रायः समानता नभएको, अव्यवस्थित र असुरक्षित बसोबास र समस्यायुक्त भू-प्रयोगमा सुधार ल्याउने चुनौती छ । शहरी वडाहरूमा विशेष गरी व्यवसायिक/औद्योगिक र आवासीय क्षेत्रसँगै हुनाले भिडभाड तथा ध्वनि प्रदूषण र ग्रामीण वडाहरूमा बाढी तथा पहिरो जोखिम भेगमा खेती तथा बस्ती रहेको, वन क्षेत्र आसपासको बस्ती र खेतीमा वन्यजन्तुले दिने गरेको दुःख लगायत समस्या रहँदै आएको छ । त्यस्तै भवनहरूमा एकरुपता नहुनु (Uniform urban character), भूमि वर्गीकरण (Zoning) अनुसार भूमिको प्रयोग नहुनु, भूमि र निर्माणमा हुने गैरकानुनी गतिविधि, अवैज्ञानिक रुपमा भू-खण्डीकरण (Plotting) हुनु पनि नगरमा देखा परेका भू-उपयोग तथा शहरी विकास सम्बन्धी मुख्य चुनौतीहरू हुन् । त्यसर्थ नगरमा देखा परेका सबै किसिमको नकारात्मक/अनपेक्षित भू-उपयोग अभ्यासको न्यूनिकरण र निरुत्साहन गर्न यसै योजनामार्फत् विभिन्न कार्यक्रम तर्जुमा गरी लागु गर्न पाउनु एक सुवर्ण अवसर हो ।

हालको अवस्थामा नगरपालिकामा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा भएता पनि सीमित इञ्जिनियर तथा अमिनहरूद्वारा कार्य सम्पादन भइरहेको छ । यस कारण विभिन्न कालखण्डमा नगरले हालको शाखालाई पूर्णता दिँदै थप दक्ष प्राविधिक जनशक्ति नियुक्ति गर्ने, कर्मचारीहरूको विभिन्न विधिद्वारा क्षमता अभिवृद्धि गर्ने र शाखालाई निरन्तर विस्तार गर्दै थप प्रभावकारी बनाउने अवसरको पूर्ण प्रयोग गर्नुपर्ने हुन्छ ।

## ४. लक्ष्य

नियोजित, उत्थानशील, आकर्षक, सुव्यवस्थित तथा सुरक्षित समुदाय, गाउँ तथा शहरसहितको भीमेश्वर निर्माण गर्ने ।

## ५. उद्देश्य

दक्ष प्राविधिक जनशक्ति, प्रभावकारी कानुन र तथ्याङ्क तथा आधुनिक प्रविधिको प्रयोगद्वारा भू-उपयोग, शहरी विकास तथा भवन निर्माणमा प्रभावकारिता ल्याउने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.३.१ : भू-उपयोग तथा आवास व्यवस्थापनका रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. नगरपालिकाको सबै अन्तर वडा तहका सीमाहरू भौगोलिक सूचना प्रणाली GIS आधारमा अद्यावधिक/परिमार्जन गर्ने । | १. निर्वाचन आयोग र नापी कार्यालयसँग समन्वय गरी हरेक वडाको राजनीतिक र भौगोलिक सीमा यकिन गरी नगरपालिका सीमामा एकरुपता ल्याइनेछ ।<br>२. प्रत्येक वडाभित्र पर्ने हरेक घरधुरी तथा स्थानीय सेवा प्रवाह सोही वडाभित्र पर्ने गरी सीमा तथ्याङ्क कायम गरिने छ ।<br>३. नगरपालिकासँग जोडिएका छिमेकी नगरपालिका/गाउँपालिका बिच समन्वय गरी नगरपालिकाका सीमा सही रुपमा कायम गरिने छ । |
| २. नगरपालिकाभित्र पर्ने हरेक जमिन कित्ता (Land Parcel) तथ्याङ्क निरन्तर रुपमा संकलन तथा अद्यावधिक/परिमार्जन गर्ने । | १. नापी कार्यालयसँग समन्वय गरी हरेक जमिन कित्ताको GIS आधारमा सर्वेक्षण तथ्याङ्क अद्यावधिक गरिने छ ।<br>२. नापी तथा मालपोत कार्यालयसँग समन्वय गरी लालपुर्जा तथा नापी नक्साको क्षेत्रफलमा एकरुपता ल्याइने छ ।<br>३. नगरपालिकाको ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी तथा अन्य परिवारको तथा यसरी प्रयोग भइरहेको जमिनको तथ्याङ्क संकलन गरिने छ ।<br>४. ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरूको वास्तविकता यकिन गरिने छ ।<br>५. नगरपालिकाभित्रका जमिन कित्ताको तथ्याङ्कलाई कानुन बमोजिम छनौट गरी सर्वसाधारणले विद्युतीय (डिजिटल) माध्यमबाट हेर्ने र प्राप्त गर्न सक्ने प्रबन्ध गरिने छ । |
| ३. नगरपालिकाभित्र रहेका हरेक पूर्वाधार/भवनको तथ्याङ्क संकलन सम्पन्न गरी निरन्तर अद्यावधिक गर्ने । | १. नगरपालिकाबाट भवन अनुमति प्राप्त भवनहरूको थप तथ्याङ्क जस्तैः संरचनागत प्राविधिक (Engineering Requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदिलाई अद्यावधिक गरिने छ । भवन अनुमति नभएको संरचनाहरूको हकमा स्वीकृति लिन प्रोत्साहन गरी माथि उल्लेखित पनि तथ्याङ्क संकलन गरिने छ ।<br>२. नगरपालिकाको भवन अनुमति प्रणालीलाई (Building Permit System) वैज्ञानिक तथा डिजिटल माध्यममा ल्याई सर्वसाधारणले सहज रुपमा आवेदन प्रक्रिया, आवेदनमाथि भएको प्रगती (Process Tracking) आदिको जानकारी लिन मिल्ने व्यवस्था गरिने छ ।<br>३. आधुनिक विधिमा वडा नं. २, ३, ४, ५, ६, ७ को घर नम्बर प्रणालीको अद्यावधिक तथा वडा नं. १, ८, ९ को थालनी गरी प्रयोगमा ल्याइने छ ।<br>४. सम्पूर्ण भवन अनुमतिको तथ्याङ्कलाई छनोट गरी सर्वसाधारण/संघसंस्थालाई समेत उपलब्ध हुने खाले डिजिटल प्रविधि तयार गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ४. भू-उपयोग योजना निर्माण गर्दा उत्थानशील, आकर्षक, सुरक्षित तथा तालमेल मिलेको बस्ती तथा समुदायको विकासलाई केन्द्रबिन्दुमा राख्ने । | १. भू-उपयोग ऐन २०७६ अनुरुप नगरपालिकालाई विभिन्न क्षेत्रमा वर्गीकरण (Zoning) गरिने छ । साथै वर्गीकरण अनुसार उपयोगको सुनिश्चितता गरिने छ ।<br>२. हरेक क्षेत्रको लागि तोकिएको भू-उपयोग बमोजिम नगरपालिकाले आफ्नो बृहत् उद्देश्य प्राप्तिका लागि त्यस्ता क्षेत्रका लागि आवश्यक परिपूरक नीति नियमको निर्माण तथा प्रयोगको व्यवस्था मिलाइने छ ।<br>३. भू-उपयोग क्षेत्र तोक्दा सम्बन्धित समुदायको पहिचान जनाउने तथा सडक/यातायात लगायतका पूर्वाधारहरूको पहुँचसहितको हुने गरी निर्धारण गरिनेछ ।<br>४. खोला नजिकका तथा वतावरणीय हिसाबले जोखिममा रहेका सम्पूर्ण बस्तीलाई उचित स्थानमा स्थानान्तरण तथा पुनर्स्थापनाको व्यवस्था गरिनेछ ।<br>५. विभिन्न भू-उपयोग क्षेत्र अन्तर्गत आवासीय क्षेत्र तोक्दा सकेसम्म मिश्रित किसिमको (Mixed use) प्रयोग सृजना हुने गरी योजना बनाउने ताकि यातायातका कारण दैनिक प्रयोजनको लागि चाहिने उपभोग्य वस्तु तथा कारोबारलाई कम दुरीमा सम्पन्न गर्न सक्ने बनाइने छ ।<br>६. एकल किसिमको भू-उपयोग क्षेत्र, जस्तैः आवासीय, व्यापारिक, औद्योगिक क्षेत्र तोक्न परेको खण्डमा सो क्षेत्रहरूमा आवश्यकता अनुसार खुद्रा व्यापारिक स्थानहरूको (Retail Centre) पनि प्रबन्ध गरिनेछ ।<br>७. समुदायले परम्परागत रुपमा प्रयोजनमा ल्याइरहेको मध्यम तथा ठूला आकारका बजार क्षेत्रलाई व्यवस्थापन तथा नयाँ स्थानहरूमा बजार क्षेत्र विस्तार गरिने छ ।<br>८. आवासीय क्षेत्रहरू तोक्दा र आवासहरूको निर्माण गर्दा/गराउँदा सबै किसिमका आवासहरू [Single family detached dwelling, Townhouse, अपाङ्गमैत्री आवास (Special needs housing), अपार्टमेन्टहरू, किफायती आवास (Affordable housing) आदि लगायत सबै प्रावधान राखेर योजना बनाइने छ ।<br>९. नयाँ क्षेत्र तोक्दा सर्वसाधारणको सहज पहुँच हुने गरी तोकिने छ (बसपार्क, बसस्टप, पार्क इत्यादि) ।<br>१०. नगरपालिकाले विभिन्न भू-उपयोग क्षेत्र छुट्टाउने क्रममा चलि आएका प्रयोजन/संरचनालाई यथावत रहन दिने व्यवस्था (Grandfather Clause)सहित भविष्यमा सो प्रयोजन/संरचनालाई सोही प्रयोजनमा ल्याउने संयन्त्र निर्माण गरिनेछ ।<br>११. नगरपालिकाले भू-उपयोग योजना बनाउँदा अन्तर नगर/गाउँपालिका, प्रादेशिक सरकार तथा संघीय सरकारको अन्य योजना तथा आवश्यकतालाई समेत मध्यनजर गर्दै निर्माण गरिनेछ ।<br>१२. नगरपालिकाको भू-उपयोग योजनामा आवश्यकता अनुसार संरक्षित क्षेत्रहरू भनी प्राकृतिक स्रोतहरू, खुल्ला क्षेत्र, सिमसार क्षेत्र, खानी खनिज क्षेत्र, साँस्कृतिक सम्पदा क्षेत्र आदि भनी छुट्टाइने छ । सो कार्यको लागि नगरपालिकाले यस्ता सबै क्षेत्रहरूको पूर्व अध्ययन गरी संरक्षण र प्रयोगका लागि नीति नियम निर्माण तथा कार्यान्वयन गर्नेछ ।<br>१३. नगरमा छरिएका सबै बस्तीहरूलाई एकीकृत (Urban Consolidation) गरिने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ५. पूराना, अव्यवस्थित, जीर्ण भवन, सडक, तथा अन्य शहरी संरचनालाई सोही ठाउँमा अफ प्रभावकारी, आकर्षक/आधुनिक र वातावरणमैत्री विधिबाट पुनर्स्थापना गर्ने । | १. कृषि योग्य, वन क्षेत्र, संरक्षित क्षेत्र बाहेक अरु बसोबास गर्न मिल्ने क्षेत्रमा खाली, बाँफो/प्रयोगविहीन, पूरानो बस्ती, तथा अन्य पूराना भवन भएका जमिनहरूमा मात्र पुनरविकास गने नीति लिइनेछ ।<br>२. निजी जमिन प्लटिङ्ग गर्दा नगरपालिकाको सडक, ढल, विद्युत, पानी आदि सेवाको सञ्जालसँग मेल हुने गरी नगरपालिकामा निवेदन दिएपश्चात्, नगरपालिकाको मुल्याङ्कन र स्वीकृति भएपछि मात्र मालपोत/नापी कार्यालयमा सिफारिस हुने व्यवस्था गरिनेछ ।<br>३. भवनहरूमा एकरुपता ल्याउन परम्परागत शैली निर्धारण गरी भवनहरूमा समान अघिल्लो मोहडा (Facade) लाई नीति, प्रोत्साहन र सहुलियतको व्यवस्था गरिने छ ।<br>४. Land pooling गर्दा राष्ट्रिय तथा स्थानीय मापदण्ड अनुरुप उपयुक्त निश्चित प्रतिशत जग्गा/कित्ता Pooling को योजना तय गरिनेछ । Land Pooling को योजनामा नआएका जग्गा धनीको हकमा Pooling मा आएका जग्गाधनीसरह व्यवस्था गरिने छ । |
| ६. ऐलानी, सार्वजनिक, सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई अन्यत्र पुनर्स्थापना तथा उक्त जमिनहरूको उचित व्यवस्थापन गर्ने । | १. संकलित भूमि सम्बन्धी तथ्याङ्कको अधारमा संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा ऐलानी, सार्वजनिक, र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई उचित स्थान निर्धारण गरी पुनर्स्थापना गरिनेछ ।<br>२. संकलित तथ्याङ्कको अधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा यसरी प्रयोग भई आएका सबै जमिनको उचित व्यवस्थापन तथा पुनरविकास गरिनेछ । |
| ७. नगरको भू-उपयोग योजना बनाउँदा संघीय कानुन एवं संघ र प्रदेश सरकारको भू-उपयोग आधार बनाउने र अन्य असल अभ्यासको अनुकरण गर्ने । | १. नगरपालिकाको भू-उपयोग योजना संघीय सरकार तथा प्रादेशिक सरकारको अधिनमा रही, राष्ट्रिय भू-उपयोग ऐन २०७६ र स्थानीय सरकार संचालन ऐन २०७४ मा निर्धारित व्यवस्था अनुसार तयार गरिने छ ।<br>२. योजना बनाउँदा तथा संशोधन गर्दा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर (ISO, NS quality standards), दीगो विकास लक्ष्य (SDG),अन्तर्राष्ट्रिय असल अभ्यास आदि समावेश गरिने छ । |
| ८. भू-उपयोग योजना बनाउँदा वर्तमान सन्दर्भ र भावी आवश्यकतालाई समेत सम्बोधन गर्ने । | १. भू-उपयोग योजनालाई बृहत् योजनासरह दीर्घकालीन सोचसहितको बनाइने छ ।<br>२. स्थानीय भू-उपयोग योजना आवश्यकता अनुसार संशोधन गरिने छ, जसमा हेरफेर भएका खण्डहरूलाई मात्र परिमार्जन गरेर बाँकीलाई यथावत राखिने छ ।<br>३. भू-उपयोग योजना संशोधन गर्दा अपनाउने प्रक्रियामा अधिकतम नागरिक सहभागिता सुनिश्चित हुने पद्धति अपनाइने छ । |

## तालिका २/५.३.१ : आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन

**क.** भीमेश्वर नगरपालिकाले निकटदेखि सुदूर भविष्यको लागि उत्थानशील, आकर्षक, सुरक्षित तथा व्यवस्थापन मिलेको समुदाय, गाउँ तथा शहर सृजना गर्ने उद्देश्य लिएको हुनाले यो कार्यलाई मूर्त रुप दिन विभिन्न कानुनी व्यवस्था एवं औजारको आवश्यक हुन्छ । वर्तमान सन्दर्भमा यस नगरपालिकामा भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण सम्बन्धी गतिविधि नियमन गर्ने कानुनी औजारहरू न्यून छन् । पहाडी नगरपालिका भएकोले, भौगोलिक जटिलतालाई ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि स्थानीयकरण गर्न आवश्यक छ । यस्तै संघीय स्तरमा भू-उपयोग ऐन २०७६ लागु भइसकेको अवस्था छ । यस परिवेशमा नगरले प्राथमिकताको आधारमा सान्दर्भिक ऐन कानुन निर्माणको लागि संघ तथा प्रदेशसँग समन्वय, मौजुदा ऐन, कानुन, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी परिमार्जन/संशोधन, तथा आवश्यक ऐन कानुन निर्माण गर्ने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरुप स्थानीय भू-उपयोग ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी संघीय र प्रदेश सरकारसँग समन्वय गर्ने ।<br><br>२. स्थानीय सरकार संचालन ऐन, परिच्छेद ७ बमोजिम नक्सा पास तथा भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यको लागि थप प्रभावकारी नीति, नियम र कार्यान्वयन कार्यविधि (Enforcement Guideline) बनाउने ।<br><br>२.१. घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, Engineering Consultancy आदिका Licensing को लागि आवश्यक कार्यविधि तयार गर्ने । | १. स्थानीय सरकार संचालन ऐन, परिच्छेद ३ बमोजिम, संघीय तथा प्रदेश कानुनको अधिनमा रही शहरी विकास, बस्ती विकास, र भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।<br><br>२.आवश्यक ऐनहरू<br>● स्थानीय भू-उपयोग ऐन<br>● भू-उपयोग योजना तर्जुमा सम्बन्धी कार्यविधि<br>● स्थानीय भूमि ऐन<br>● जग्गा प्लटिंग ऐन/कार्यनीति<br>● ल्याण्ड पुलिङ सम्बन्धी ऐन/कार्यनिति<br>● स्थानीय शहरी (तथा ग्रामीण) योजना/व्यवस्थापन ऐन<br>● भवन निर्माण/घर नक्सा सम्बन्धी मापदण्ड र ऐन (परिमार्जित र स्थानीय परिवेशलाई सुहाउँदो)<br>● अव्यवस्थित, असुरक्षित, र गैरकानुनी बस्ती व्यवस्थापन ऐन | १. प्रदेशस्तरमा भूमि तथा वातावरण अदालत (Land/Planning and Environment Court) जस्तो विशेष संरचनासहितको कानुनी रुपमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण मामिलामा सक्षम नगरपालिका बन्ने गरी कार्य गर्ने । |

**ख.** सामान्यता भू-उपयोग तथा शहरी नियोजन र बस्ती विकासको (Land use and urban planning) नीति नियम निर्माण र अभ्यासमा ल्याउँदा यसलाई अन्य क्षेत्रबाट अलग गरेर हेर्ने गरिएको छ। तर यस क्षेत्रको प्रभावकारी अभ्यास र अपेक्षित प्रतिफल हाँसिल गर्न आगामी दिनहरूमा नगरपालिकाले यस क्षेत्रसँग अन्य विभिन्न क्षेत्र तथा सवाललाई जोडेर वा समेटेर अगाडी बढ्नु पर्नेछ। त्यसैले सामान्य अर्थमा भू-उपयोग भनेको उपलब्ध जमिनको प्रयोग भन्ने बुझिएता पनि भू-उपयोगको अर्थ र प्रयोगको दायरा व्यापक रहेको छ। भू-उपयोगमा योजनावद्ध विकास तथा शासकीय अभ्यासलाई प्रभाव पार्ने आर्थिक, राजनीतिक, सामाजिक, कानुनी तथा प्रशासनिक विषय तथा सवाल समेत समेटिन्छ। भू-उपयोग सम्बन्धी नीति नियम र अभ्यासमा विभिन्न क्षेत्रको आवश्यकता र भू-उपयोग अभ्यासका बिचमा सामञ्जस्यता कायम गर्ने कुरालाई उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ। प्रभावकारी भू-उपयोग अभ्यास कार्यान्वयनका लागि नगरपालिकाले विभिन्न पक्षसँग सहकार्य र साझेदारी गर्नुपर्ने हुन्छ भने त्यसका लागि स्पष्ट र अन्तरसम्बन्धित कानुनी आधार, आवश्यकता अनुसार परम्परागत अभ्यास र आधुनिक प्रविधिको उपयुक्त प्रयोग तथा राजनीतिक इच्छाशक्ति र प्रतिवद्धता आवश्यक पर्छ। यसलाई दृष्टिगत गरी नगरले निम्न प्राथमिकतासहित कार्यारम्भ गरिनेछ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई कम्तीमा आधारभूत क्षेत्रहरूको नीति नियम निर्माणमा सँगै जोडेर लैजाने जस्तैः शिक्षा, स्वास्थ्य, कृषि, वातावरण/सरसफाई, यातायात)। | १. अन्य सबै क्षेत्र र उपक्षेत्रको (वातावरण, सामाजिक, भौतिक, र आर्थिक) ऐन, कानुन, नीति निर्माणको क्रममा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई मध्यनजर राखेर अघि बढ्ने। | १. अन्तर सम्बन्धित कानुनी अभ्यासको सुनिश्चितता। |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरपालिकाभित्रको सबै तहमा भू- उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक, र आर्थिक क्षेत्रसँग जोडेर लैजाने र सो को अन्तरसम्बन्ध बारे प्रष्ट गर्ने । | २. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक र आर्थिक क्षेत्रसँग जोडेर र अन्तरसम्बन्धित रुपमा काम कारवाही अगाडी बढाउने । | २. सबै क्षेत्रको अन्तरसम्बन्ध बोधसहित प्रभावकारी काम कारवाही, अनुगमन, मुल्यांकन आदि गर्ने । |

**ग.** कुनै पनि क्षेत्रको नीति नियम कानुन जतिकै महत्व बोकेको नीतिगत दस्ताबेज सो क्षेत्रको योजना वा गुरुयोजना हुन्छ । नीति नियम कानुनले सम्बन्धित क्षेत्रको कार्यलाई सहजीकरण र नियमन गर्नुका साथै सो क्षेत्रको कार्य सम्पादनका लागि मार्गनिर्देशन गर्छ । विभिन्न राष्ट्रिय नीति तथा भू-उपयोग ऐन २०७६ बमोजिम तथा नगरको आन्तरिक आवश्यकताको आधारमा पनि भूमि तथा भूमिमा हुने सम्पूर्ण गतिविधिलाई व्यवस्थित गरी वैज्ञानिक उपयोगको सुनिश्चितता गर्न भू-उपयोग योजना निर्माण गरिन्छ त्यसका लागि आवश्यक समन्वय तथा अध्ययन पूरा गरी नगरलाई सुहाउँदो योजना तर्जुमा गर्न निम्नानुसार कार्यक्रमहरू निर्धारण गरिन्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय गर्ने । | १. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि नगरपालिकाले भूमिको वस्तुस्थिति, जनसङ्ख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययन गर्ने । आवश्यकता अनुसार ग्रामीण र शहरी क्षेत्रको बेग्लाबेग्लै योजना तर्जुमा गरेर कार्यान्वयन गर्ने । | १. संकलित सबै तथ्याङ्कको नियमित अद्यावधिक गर्ने । तर्जुमा भएका योजनाहरूको अल्पकालीन र मध्यकालीन समीक्षा⁄पुनरावलोकन गर्दै अद्यावधिक गर्ने र पुन कार्यान्वयन गर्ने । साथै यस विधिलाई दीगो रुपमा निरन्तरता दिने । |

**घ.** भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण क्षेत्रमा तथ्याङ्कको प्रयोग महत्वपूर्ण हुन्छ । विशेषगरी भूमिसँग सम्बन्धित विभिन्न भौगोलिक तथ्याङ्क तथा त्यस्तो तथ्याङ्कहरूलाई अझ प्रस्ट रुपमा चित्रण गर्ने नक्साहरूको प्रयोग बृहत् हुन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरूलाई नियाल्दा यस क्षेत्रमा व्यापक तथ्याङ्क तथा नक्साहरूको प्रयोगद्वारा भूमिको वस्तुस्थिति, खाद्य तथा आवासको आवश्यकता, भूमिको माग, परियोजना कार्यान्वयन र अन्य निर्णय तथा नीति निर्माण प्रक्रियामा आवश्यक पर्ने अध्ययन, मुल्यांकन आदि हुने गर्छ । यस सन्दर्भमा नगरमा तथ्याङ्क र नक्साको संकलन⁄निर्माण गर्ने अभ्यास विभिन्न चरणमा नगरपालिका तथा संघ संस्थाबाट भएको छ, निरन्तर रुपमा व्यवस्थित र एकीकृत भण्डारण, प्रयोग तथा अद्यावधिक कार्य भने हुन बाँकी छ । तथ्याङ्क, नक्सा तथा भू-सूचना प्रणाली र विद्युतीय प्रविधिको प्रयोगद्वारा विभिन्न कार्यलाई सहजीकरण र योजना तर्जुमा गर्नुपर्छ भन्ने सोचसहित नगरले निम्न बमोजिम कार्यक्रम तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जारी रहेक ा सबै भू-उपयोग सुचि (Land Use Inventory) संकलन कार्यलाई निरन्तरता दिने र थप प्रभावकारी बनाउने तथा उपलब्ध सुचि र नयाँ सुचिलाई अद्यावधिक गरेर एकरुपता दिने । विशेषगरी नगरवासीको माग अनुरुप कृषि जमिनको (माटोको प्रकार र उब्जनी सम्भाव्यता अनुसार) पनि वर्गीकरण गर्ने । | १. स्थानीय भू-उपयोग नक्सा तयारी, मन्त्रालयबाट तयार गरिएको नक्सा प्राप्ति र परिमार्जन, प्राकृतिक जोखिम क्षेत्रको पहिचान र नक्सांकन लगायत सम्पूर्ण कार्य सम्पन्न गर्ने । | १. उच्च श्रेणीको भू-वर्गीकरण नक्सासहितको कडा र प्रभावकारी  भू-उपयोग, शहरी विकास तथा भवन निर्माण अभ्यासलाई संस्थागत गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १.१. भू- उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम स्थानीय भू-उपयोग वर्गीकरण Zoning गर्ने ।<br><br>२. उपलब्ध सम्पूर्ण सीमाना, कित्ता तथा भवन नक्सा, घर नम्बर नक्सा, सडक सञ्जाल नक्सा, विद्युतीय नक्सांकन, पानी वितरण नक्सांकन लगायत अन्य भूगोल र सेवा सम्बन्धी सबै नक्साहरूको केन्द्रिकृत र व्यवस्थित भण्डारण थालनी गर्ने र थप Digitization गर्दै लैजाने । | १.१. भू-उपयोग वर्गीकरण (Zoning) मा आवश्यक परिमार्जन र अद्यावधिक गर्ने । | |

ङ. भूमिको अवैज्ञानिक तथा परस्पर विरोधी (Land use Conflict) प्रयोग, अव्यवस्थित र असुरक्षित बसोबास र यस्तै समस्यायुक्त भू-प्रयोग नगरपालिकामा विद्यमान छ । शहरी वडाहरूमा विशेष गरी व्यवसायिक/औद्योगिक र आवासीय क्षेत्रसँगै हुनाले भिडभाड तथा ध्वनि प्रदुषण, र ग्रामीण वडाहरूमा बाढी तथा पहिरो जोखिम भेगमा खेती तथा बस्ती रहेको, वन क्षेत्र आसपासको बस्ती र खेतीमा वन्यजन्तुले दिने गरेको दुःख लगायत समस्या रहँदै आएको छ । त्यस्तै भवनहरूमा एकरुपता नहनु (Uniform urban character), भूमि वर्गीकरण (Zoning) अनुसार भूमिको प्रयोग नहुनु, भूमि र निर्माणमा हुने गैरकानुनी गतिविधि, अवैज्ञानिक रुपमा भू-खण्डीकरण (Plotting) हुनु पनि नगरमा देखा परेका भू-उपयोग तथा शहरी विकास सम्बन्धी मुख्य समस्याहरू हुन् ।

त्यस्तै जनसङ्ख्या पूर्वानुमानको आँकडा हेर्दा हालको ३६,११५ जनसङ्ख्या, १.५१ प्रतिशत वृद्धिदरले २०९८ सालसम्म ५१,१४६ पुग्ने छ । घरधुरी तथ्याङ्क सङ्कलन, २०७५ को औसत परिवार संख्या ३.५२ ले नगरपालिकाको त्यसबेलाको परिवार संख्या १४,५३० हुनेछ । यो हालको परिवार संख्या १०,२५५ मा करिब ४,२७५ परिवार थप हो । यो हिसाबमा प्रति परिवार एक आवासको प्रक्षेपण गर्दा नगरपालिकामा त्यसबेलासम्म क्रमिक रुपमा **४,२७५** आवासको आवश्यकता पर्ने देखिन्छ । यसकारण आवासको माग पूर्ति गर्न नगरले विभिन्न किसिमको आवास व्यवस्थापन गर्ने गरी अगाडी बढ्ने छ ।

यस कारण संचालनमा रहेको राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) बाट प्राप्त हुने नक्सा, प्रतिवेदन, तथ्याङ्कसहित विभिन्न किसिमका भू-तथ्याङ्क, आर्थिक-सामाजिक-साँस्कृतिक तथ्याङ्क आदि संकलन गरी र प्रयोगमा ल्याई विभिन्न अवधिमा तल उल्लेख गरिएका कार्यहरू सम्पन्न गरिने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी उच्च गुणस्तरको सबै खाले नक्सा (कित्ता नक्सासहित (Parcel level data) तयारीमा जोड दिने र प्रयोगमा ल्याउने । साथै राष्ट्रिय भू-उपयोग परियोजना (National Land Use Project) अन्तर्गत भीमेश्वर नगरपालिकाको कार्य तत्काल पूरा गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र केन्द्रिय नापी विभागसँग निरन्तर समन्वय गर्ने । त्यस्तै यी सबको आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable Outcome) को पहिचान गर्ने र भू-उपयोग योजनामा समावेश गर्ने। | १. भू-सूचना प्रणालीसँग सम्बन्धित विभिन्न नक्सा, नीति नियम कानुन, भू-वर्गीकरण, भू-उपयोग योजना आदिको आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable outcome) हाँसिल गर्न नगरमा देखा परेका सबै किसिमको नकारात्मक/अनपेक्षित भू-उपयोग अभ्यासको न्यूनिकरण र निरुत्साहन गर्ने । | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable Outcome) पूर्णरुपमा हाँसिल गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | १.१. राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा र तथ्याङ्कसहित अन्य सबै भू-नक्सा, तथ्याङ्क, योजना, सूचनालाई केन्द्रिकृत गर्दै सेवा प्रवाह, योजना तर्जुमा र नीति, नियम, निर्णय प्रक्रियामा प्रयोग गर्ने । | |
| २. हालको जनसङ्ख्यालाई आधार मानी, भावी जनसङ्ख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याटहरूको निर्धारण गर्ने । | २. भविष्यमा आवश्यक पर्ने आवासहरू उपयुक्त, व्यवस्थित तथा सुरक्षित ठाउँमा निर्धारण गर्ने, साथै नगरले आफै पनि Land Pooling तथा किफायती बसोबास (Affordable housing) परियोजना, निजी क्षेत्रको कोलोनी र High-rise अपार्टमेन्टहरू, एकल आवास गृह (Detached dwelling) आदि विविधतासहितको आवासीय घर तथा फ्ल्याटको माग पूर्ति हुने गरी व्यवस्थापन गर्ने । यसक्रममा निश्चित संख्यामा अपाङ्गमैत्री आवासहरूको पनि व्यवस्था गर्ने । | |

**च.** विभिन्न वडा तथा नगरस्तरीय परामर्शका क्रममा नगरमा लालपुर्जा/नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक साँध/सीमानामा प्रायः समानता नभएको भन्ने समस्यालाई मध्यनजर गर्दै, भावी भू-उपयोग योजनाको एक प्रमुख आधार र कर प्रयोजनमा समेत अति महत्वपूर्ण भएकोले हरेक कित्ताको सही र वास्तविक तथ्याङ्क तथा विवरण कायम गर्न नगरले विभिन्न अवधिमा निम्न बमोजिम कार्ययोजना तोकेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नापी कार्यालयसँग समन्वय गरेर समस्या रहेको सम्पूर्ण कित्ता नक्सालाई सच्च्याउन थालनी गर्ने । यसका लागि आवश्यकता अनुसार पुनरनापी (Field work) /Desk work दुवै विधि अवलम्बन गर्ने । | १. कित्ता नक्सालाई सच्च्याउने कार्यलाई समापनतिर लैजाने र निरन्तर अद्यावधिक गर्ने प्रणाली स्थापना गरेर भण्डारण गर्ने । यस प्रणालीलाई सेवा प्रवाहमा पनि प्रयोग गर्ने, जस्तैः नयाँ नक्सा वितरण, जग्गा नामसारी, कित्ताकाट तथा सीमा हेरफेर, कर तथा सम्पत्ति विवरण प्रयोजन आदि । | १. सच्च्याइएको सम्पूर्ण कित्ता नक्सालाई भू-उपयोग नक्सा, भू-उपयोग योजना, केन्द्रिकृत नक्सा प्रणाली, भवन निर्माण स्वीकृति प्रणाली र अन्य भू-सूचना तथा सेवा प्रणालीसँग एकीकृत गरेर सेवा प्रवाह गर्ने । |

**छ.** नगरपालिकामा नक्सा स्वीकृति प्रक्रिया परम्परागत रुपमा हुँदै आएको र प्रक्रियालाई थप आधुनिकीकरण र प्रविधिमूलक बनाउने क्रम जारी रहेको छ । हालसम्म कागजी रुपमा हुने नक्सा पास प्रक्रियालाई विद्युतीय (Digital) माध्यमद्वारा अगाडी बढाउने र सबै अन्तर सम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग क्रमशः तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीलाई एकीकृत गर्ने (Integrated Building Permit System) नीतिसहित नगर अगाडी बढ्ने छ । विशेषगरी सेवाग्राहीको सहजता र शुलभतालाई ध्यानमा राख्दै र अन्तरसम्बन्धित निकायहरूको तालमेलको कमीले गर्दा शहरी र प्राकृतिक वातावरणमा पर्ने नकारात्माक असरलाई न्यूनिकरण गर्न यो कार्यलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. प्रक्रियामा रहेको इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) संचालनमा ल्याउने । | १. भवन निर्माण स्वीकृति कार्य र प्रणालीलाई थप आधुनिकीकरण र प्रभावकारी बनाउन अन्य सबै अन्तरसम्बन्धित विभाग र निकायसँग समन्वय गर्ने र एकीकृत स्वीकृति प्रणालीको (Integrated building permit system) थालनी गर्ने । | १. सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी आदिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीको एकीकृत व्यवस्थापन गर्ने । |

**ज.** नगरको बसोबास र बस्तीको समग्र सुरक्षाको अवस्था हेर्दा भूकम्पीय जोखिम, विभिन्न भेगमा पहिरो तथा भू-क्षय, बाढी, हिमपात, र अधिक रुपमा बाँदर लगायत वन्यजन्तुको समस्या विद्यमान छ । कानुनी आधारमा पनि सम्पूर्ण जोखिममा रहेका बस्ती तथा गैरकानुनी र अव्यवस्थित बस्तीको सुरक्षित, व्यवस्थित एवं दीगो व्यवस्थापन गर्नु स्थानीय सरकारको दायित्व हो र वर्तमान परिस्थितिमा समुदायस्तरमा पनि स्थानीय सरकारप्रति बढी नै अपेक्षा रहेको हुँदा आवधिक रुपमा निम्न बमोजिम कार्य विभाजन गरिएको छ । साथै यस क्रममा नगरले कमजोर तथा सीमान्तकृत वर्गको विशेष ध्यान राख्ने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकार संचालन ऐन, परिच्छेद (७) बमोजिम भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्ने र भू-जोखिम संवेदनशील जग्गामा विकास निर्माण, बसोबास निरुत्साहित गर्ने र स्थानान्तरण गर्ने नीति बनाई कार्यान्वयन गर्ने । | | |
| २. जोखिम बस्ती, असुरक्षित बस्ती, अव्यवस्थित बस्ती, ऐलानी, सार्वजनिक, सरकारी, र निजी जग्गाका बस्ती, र अन्य गैरकानुनी बस्तीको पहिचान, व्यवस्थापन/नियन्त्रण, एवं स्थानान्तरणको निम्ति आवश्यक अध्ययन, तथ्याङ्क संकलन, नीति कानुन निर्माण, कार्यक्रम र समन्वयलाई अगाडी बढाउने । | २. महिला तथा बालबालिका, अपाङ्गता भएका, कमजोर आर्थिक अवस्थामा रहेका, दलित, जनजाति, लोपोन्मुख र सीमान्तीकृत नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने । | २. दीगो विकास लक्ष्यको लक्ष्य ११ (SDG Goal 11) र राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना अनुरुप समावेशी, सुरक्षित, सबल र दीगो शहर र समुदाय (Inclusive, Safe, Resilient, and Sustainable Cities and Communities) हाँसिल गर्ने । |

**झ.** विभिन्न वडा तथा नगरस्तरीय परामर्शको आधारमा वडा तथा टोलमा अवस्थित र भविष्यमा बन्ने भवन तथा व्यक्तिगत घरहरूको शैलीमा (Uniform urban character) एकरुपता ल्याउने नीति तथा सो को कार्यान्वयनमा सकारात्मकता देखिएको छ । ऐतिहासिक नगर भएकोले पनि नगरपालिकाको परम्परागत वास्तुकलाको छुट्टै पहिचान छ । तसर्थ मौलिकता झल्किने, कम्तीमा समान रंगरोगन वा अगिल्लो मोहडालाई, र केही हदसम्म भवनको उचाईमा समानता ल्याउनाले टोल तथा बस्तीको स्वरुपमा समानता देखिने र यसको प्रमुख उद्देश्य सामाजिक विभेद न्यूनिकरण र बस्तीको भौतिक सुन्दरता र पहिचान कायम गर्नु नै हो । एकैरूपका भवनहरूले सामाजिक विभेदमा न्यूनिकरणका साथै सामाजिक अस्तित्व वा वर्ग नछुट्टिनु वा नदेखिनु हो । यसका लागि नगरले तपसिलका विशेष नीति तथा कार्यक्रमहरू अगाडी बढाउने छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरुपता ल्याउन अध्ययन, परामर्श तथा नीतिगत तयारी सम्पन्न गर्ने । | १. भवनहरूमा एकरुपता ल्याउन नीतिगत निर्णय गरी कार्यान्वयनमा ल्याउने । | १. एकरूप तथा समान भवनहरू भएका टोल, वडा, र नगरपालिकाको रुपमा स्थापित हुने । |

**ञ.** भू-उपयोग, शहरी विकास, बस्ती विकास तथा भवन निर्माण प्राविधिक विषय भएकोले कार्यसम्पादनको लागि पनि प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ । हालको अवस्थामा नगरपालिकामा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा भएता पनि सीमित इञ्जिनियर तथा अमिनहरूद्वारा कार्यसम्पादन भइरहेको छ । यस कारणले विभिन्न कालखण्डमा नगरले हालको शाखालाई पूर्णता दिँदै थप दक्ष प्राविधिक जनशक्ति नियुक्ति गर्ने, कर्मचारीहरूको विभिन्न विधिद्वारा क्षमता अभिवृद्धि गर्ने र शाखालाई निरन्तर विस्तार गर्दै थप प्रभावकारी बनाउनका लागि तपसिलका योजना निर्माण गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) ले स्थानीय निकायको लागि तयार गरेको संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा र त्यसका उपशाखाहरूलाई यथाशीघ्र पूर्णता दिने । | १. विशेषगरी भवन तथा बस्ती/शहरी विकास शाखालाई अझै आधुनिक र प्रभावकारी बनाउन Urban planner, Architect, geologist, GIS technician, Transportation Planner/engineer, वातावरणविद् आदि थप प्राविधिक जनशक्ति सहितको महाशाखा बनाएर काम कारवाहीको थालनी गर्ने। साथै यस क्षेत्रमा लाग्ने सबै किसिमका आधुनिक प्रविधि र उपकरणहरू भित्र्याउँदै र प्रयोगमा ल्याउँदै जाने। | १. भवन तथा बस्ती/शहरी विकास महाशाखालाई वातावरण, विपद व्यवस्थापन, यातायात/सडक, पार्क/खुला क्षेत्र, सम्पदा संरक्षण र अन्य पूर्वाधार शाखा समेत भएको छुट्टै र विशेष अधिकारसहितको विभागको रुपमा विकसित गरेर लैजाने । |
| २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने साथै नयाँ दक्ष प्राविधिक कर्मचारी नियुक्ति गर्ने । | २. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी Professional exchange program, Exposure visit, field visit द्वारा क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | २. विभिन्न आन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रम र विधिहरूलाई निरन्तरता दिने । |

**ट.** हालै लागु भएको संघीय भू-उपयोग ऐनले व्यवस्था गरे बमोजिम भू-उपयोग संयन्त्रहरू गठन गरी क्रियाशील बनाउने र सम्बन्धित शाखा तथा कर्मचारीहरूसँगको निकट समन्वयमा काम गर्ने गरी प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. भू-उपयोग ऐन २०७६, परिच्छेद ४ बमोजिम भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) यथाशीघ्र स्थापना गरी क्रियाशील गर्ने । | १. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित महाशाखासँगको बलियो तालमेल भएको संयन्त्रको रुपमा विकास गर्दै लैजाने । | १. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित विभागसँगको बलियो तालमेल भएको संयन्त्रको रुपमा विकास गर्दै लैजाने । |

**ठ.** भू-उपयोग, सोको अभ्यास र सम्बन्धित विषयवस्तुहरू नगरपालिकाको लागि तुलनात्मक रुपमा नयाँ हो । प्राविधिक विषय भएकोले कम्तीमा यसको नीतिगत तथा व्यवहारिक पाटो जनप्रतिनिधि तथा इच्छुक सबै नगर कार्यपालिका कार्यालय अधिकारीहरूले बुझ्न जरुरी छ भने बाह्य सरोकारवाला संघसंस्था तथा व्यक्तिलाई पनि यस विषयमा थप अभिमुखीकरण तथा सचेतना वृद्धि गराउन जरुरी छ । यस कारण नगरले विभिन्न सचेतना अभिवृद्धि कार्यक्रम तय गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न सचेतना अभिवृद्धि कार्य गर्ने । | १. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | १. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी परिवर्तित सन्दर्भ तथा आयामका आधारमा सचेतनामूलक कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई भू-उपयोग, शहरी विकास तथा भवन निर्माणसँग प्रत्यक्ष सरोकार राख्ने बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धि र Licensing कार्यलाई पनि अगाडी बढाउने । जस्तैः घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, Engineering consultancy आदि । | २. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन तथा आवश्यक परिमार्जनसहित क्षमता विकासका कार्यक्रमको निरन्तरता दिने । | २. नगरपालिकाको आन्तरिक संरचना तथा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण क्षेत्रका सरोकारवालाहरूको क्षमता विकास कार्यक्रमको निरन्तरता दिने । |

**तालिका ३/५.३.१ : भू-उपयोग तथा आवास व्यवस्थापनको अपेक्षित उपलब्धी/ परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७)**

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | २०७८/७९ | २०८३/८४ | २०९६/९७ |
|---|---|---|---|---|---|
| १ | पहिचानमा आएका अन्तर वडा र पालिका बिच सीमा समस्या समाधान कार्य (संख्या) | | सबै समाधान गरी सक्ने | | |
| २ | पहिचानमा आएका नक्सा/लालपुर्जा विवरण र जग्गाको वास्तविक क्षेत्रफल, साँध-सीमाना बिचका असमानता (प्रतिशत) | | ३० | ५० | ८० |
| ३ | स्थानान्तरण आवश्यक रहेको ऐलानी, सार्वजनिक, सरकारी, र निजी जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | | | | ० |
| ४ | स्थानान्तरण वा जोखिम न्यूनिकरण आवश्यक रहेको जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या) | | | | ० |
| ५. | गैरकानुनी र जोखिमयुक्त तवरले प्रयोग भई आएका सबै जमिनको उचित व्यवस्थापन कार्य (प्रतिशत) | | | | १०० |
| ६ | भवन अनुमति प्राप्त भवन र संरचनाहरूको थप तथ्यांक संकलन कार्य (जस्तैः संरचनागत प्राविधिक (Engineering Requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदि) (प्रतिशत) | | | | १०० |
| ७ | इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) र त्यसपश्चात् एकीकृत स्वीकृति प्रणालीको (Integrated Building Permit System) तिर उन्मुख हुने कार्य उपर प्रगति (प्रतिशत) | | | | |

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|
| ८ | भवन अनुमति नभएको भवन र संरचनाहरूलाई स्वीकृति प्रणालीको दायराभित्र ल्याउने कार्य (प्रतिशत) | | | | १०० |
| ९ | घर नम्बर प्रणालीमा आउन बाँकी भवन र संरचनाहरू | | | | ० |
| १० | बस्ती क्षेत्र तथा मानव स्वास्थ्यलाई असर गर्ने • पशुपंछी पालन<br>• उद्योग, व्यवसायय<br>• भू-वर्गीकरण विपरीत<br>सबै प्रयोजनलाई अन्यत्र स्थानान्तरण गर्ने कार्य (प्रतिशत) | | | | १०० |
| ११ | भावी जनसङ्ख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याटको उपलब्धता- प्रति परिवार एक आवासको प्रक्षेपणले (संख्या) | | | | ४२७५ |
| १२ | छरिएका सबै बस्तीहरूलाई एकीकृत गर्ने कार्य (प्रतिशत) | | | | १०० |
| १३ | आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरुपता ल्याउने कार्य (प्रतिशत) | | | | १०० |
| १४ | भू-उपयोगको क्षेत्र वर्गीकरण | वर्गीकरण नभएको | वर्गीकरणको लागि राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा, प्रतिवेदन र तथ्यांक प्राप्ति | वर्गीकरणको शुरुवात र वर्गीकरण समाप्ति | वर्गीकरण अनुरुप अभ्यास र निरन्तर मुल्यांकन र अद्यावधिक |
| १५ | भू-उपयोग योजना तयारी | योजना नभएको | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका- ग. अल्पकालीन. १ समापन | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. मध्यकालीन १ समापन | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. दीर्घकालीन.१ समापन |
| १६ | भू-उपयोग सूचना प्रणाली (नक्सा तथा डाटावेस) स्थापित भै सरोकारवालाको सहज पहुँच हुने | नभएको | शुरुवात गर्ने | समापन गर्ने र प्रयोगमा ल्याउने | निरन्तर अद्यावधिक र सुधार |
| १७ | भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) निर्माण | नभएको | पूरा गरी परिचालित अवस्थामा आउने | | |

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|
| १८ | भू-उपयोग व्यवस्थापनको लागि विभाग एवं जनशक्ति | अपर्याप्त अवस्थामा | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. अल्पकालीन. १ बमोजिम | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. मध्यकालीन. १ बमोजिम | भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. दीर्घकालीन. १ बमोजिम |
| १९ | भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न अन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रमहरूबाट लाभान्वित कर्मचारी तथा जनप्रतिनिधि | | १५० | १५० | ३०० |

## ५.३.२. पार्क तथा मनोरञ्जन

## १. परिचय


पार्क तथा मनोरञ्जन अर्थात् सार्वजनिक प्रयोजनको लागि बनेका फुर्सदको समयमा उपयोगी, व्यायाम र मनोरञ्जनात्मक गतिविधि तथा मनोविनोदमा सहजीकरण गर्ने स्रोत, साधन र स्थलहरू हुन् । आम नागरिकको दैनिक जीवनको गुणस्तरीयताका लागि यस्ता स्रोतहरू अपरिहार्य हुन्छन् । यस्ता स्रोतहरू सार्वजनिक स्थल, खुला क्षेत्र र सुबिधाहरू जस्तैः पार्क, शहरी प्लाजा वा स्क्वेर (City plaza and Square), हरित क्षेत्र, उद्यान, बगैंचा, पैदल मार्ग (Tracks and Trails), तथा निर्मित संरचनाहरू जस्तैः खेलकुद मैदान, मनोरञ्जनात्मक स्थल, ज्ञान/कलात्मक स्थल, सभा, सम्मेलन, मेला, सांगीतिक कार्यक्रम स्थल आदि हुन् । पार्क तथा मनोरञ्जन स्थल तथा सेवा/सुबिधाहरूले आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय महत्व बोकेको पाइन्छ ।

आर्थिक दृष्टिकोणले यस्ता सेवा सुबिधा सम्पन्न क्षेत्रको स्थानीय राजस्व र जमिनको मूल्यमा वृद्धि हुन्छ । साथै सो क्षेत्रले थप बसाइँसराइँ एवं ब्यापार व्यवसायलाई पनि आकर्षित गर्दछ । सामाजिक हिसाबले पार्क तथा मनोरञ्जन सामुदायिक जीवनस्तर गुणस्तर र पहिचानको मूर्त प्रतिबिम्ब हो । प्रायः समुदायको बसोबास योग्यता (Livable Community) मापनको प्रमुख सूचकको रुपमा पनि पार्क तथा मनोरञ्जन सेवा सुबिधाको उपलब्धतालाई लिइन्छ । त्यस्तै सामुदायिक मेलमिलाप, अन्तर्क्रिया, विविध सिकाई र आपत्कालीन आश्रयको लागि पनि यस्ता स्थानहरू महत्वपूर्ण हुन्छन् । नागरिक स्वास्थ्यको कोणबाट शारीरिक रूपमा सक्रिय हुने अवसर प्रधान गर्ने हुनाले, बालबालिका, युवा, ज्येष्ठ नागरिक लगायतको हितमा पार्क तथा मनोरञ्जन सेवाले विशेष टेवा पुर्‍याउँदछ । पार्क, हरित क्षेत्र, उद्यान तथा बगैंचाको वातावरणीय सन्तुलन र सुधारमा पनि ठूलो भूमिका रहन्छ जसले गर्दा मानव स्वास्थ्यमा समेत सकारात्मक प्रभाव देखिन्छ । यी स्थानहरूबाट पानीको गुणस्तर सुधार, भूमिगत पानीको संरक्षण, बाढी/कट्टान न्यूनिकरण, स्वच्छ हावामा वृद्धि, विभिन्न प्रदुषण नियन्त्रण, वन्यजन्तु र वनस्पति संरक्षण लगायत धैरै प्राकृतिक एवं वातावरणीय लाभ लिन सकिन्छ । सोही स्थानमा पार्क, हरित क्षेत्र र पैदल मार्ग, उद्यान तथा बगैंचा विकास गर्नाले आवासीय सडक वा औद्योगिक क्षेत्र बिच बफरको (Buffer) रुपमा पनि काम गर्दछ ।

## २. वर्तमान अवस्था

नगरमा पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी विभिन्न कार्यहरू पहिचान भएका छन् । पर्यटक आगमनको उच्च सम्भावना बोकेकोले पनि नगरमा यो क्षेत्रको उचित व्यवस्थापन र गुणस्तरीय सेवा प्रवाह अति आवश्यक छ । नगरमा अवस्थित यस्ता सेवा सुबिधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन र नयाँ सेवा सुबिधा निर्माण तथा विस्तार लगायत कार्यहरूमा नगरको विशेष जोड रहने छ ।

**नक्सा ५.३.२. नगरका पार्क तथा मनोरञ्जन स्थल**




माथिको नक्सामा नगरको वडाहरूमा अवस्थित पार्क तथा सार्वजनिक स्थल, मनोरञ्जन स्थल, र खेलकुद मैदानको नक्सांकनलाई देखाउन खोजिएको छ । प्रत्येक वडामा कम्तीमा एउटा पार्क/सार्वजनिक स्थल व्यवस्था गर्ने उत्तम अभ्यास तथा संघीय सरकारको मापदण्ड पालना गर्न यो नक्सा सहयोगी छ ।

## ३. मुख्य अवसर र चुनौती

सान्दर्भिक ऐन कानुन तथा योजनाहरू निर्माण गरी छरिएर रहेका र व्यवस्थापनको र पूर्वाधारको आवश्यकतामा रहेका पर्खाइमा रहेका पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने चुनौती रहेको छ । नीति, नियम, मापदण्ड, तथा योजना तयार गरी नागरिकको स्वास्थ्य र वातावरण संरक्षण तथा राजस्व अभिवृद्धिको दृष्टिकोणबाट समेत महत्वपूर्ण यस क्षेत्रको उचित व्यवस्थापन गर्ने अवसर भने नगरलाई छ ।

नगरले पर्यटक आगमनको उच्च सम्भावना बोकेकोले पनि यो क्षेत्रको उचित व्यवस्थापन र गुणस्तरीय सेवा प्रवाह अति आवश्यक छ । नगरमा अवस्थित पार्क तथा मनोरञ्जन जस्ता सेवा सुबिधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन, र नयाँ सेवा सुबिधा निर्माण तथा विस्तार कार्य नगरका लागि अवसर र चुनौती पनि हुन् ।

## ४. लक्ष्य

पार्क तथा मनोरञ्जन सेवा/सुबिधाको उपलब्धता र पहुँच प्रवर्द्धन गरी नगर र नगरबासीको आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय हित प्रवर्द्धन गर्ने ।

## ५. उद्देश्य

पार्क तथा मनोरञ्जन स्थलको संरक्षण र व्यवस्थापनमार्फत् सम्बन्धित सेवामा नगरवासी लगायत सबैको नागरिकको पहुँच बढाउने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.३.२ : पार्क तथा मनोरञ्जनका रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. पार्क तथा मनोरञ्जन स्थल निर्माण एंव व्यवस्थापन र संरक्षणको लागि संयन्त्र गठन तथा परिचालन गर्ने । | १. सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिकसहितको स्थानीय पार्क तथा मनोरञ्जन समिति गठन गरिने छ। साथै यसै समिति अन्तर्गत आवश्यकता अनुसार पार्क विशेष व्यवस्थापन समिति पनि गठन गरिने छ।<br>२. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन इकाई गठन गरिने छ।<br>३. पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, समन्वय, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिने छ।<br>४. गठन भएपश्चात् समिति र इकाईद्वारा सबै किसिमको पार्क तथा मनोरञ्जन स्थान/क्षेत्र अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ। |
| २. हालको तथा भविष्यको जनसङ्ख्या पूर्वानुमानलाई आधार मानी पार्क, खेल क्षेत्र, शहरी खुल्ला क्षेत्रहरू स्थापना गर्ने । | १. नगरपालिकाभित्र रहेका सबै किसिमको पार्क तथा खुल्ला क्षेत्रको निम्न बमोजिम वर्गीकरण गरिने छ।<br>● शहरी प्लाजा, पाटी, चौतारा, चोक<br>● टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/व्यायामका उपकरणसहित) प्रत्येक ८०० जनसङ्ख्यालाई एक<br>● वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) प्रत्येक १०,००० जनसङ्ख्यालाई एक<br>● नगरपालिका पार्कहरू (समारोहका मैदान) प्रत्येक २०,००० जनसङ्ख्यालाई एक, प्रत्येक शहरलाई एक<br>● प्राकृतिक संरक्षण पार्क-प्रकृति संरक्षण वा वातावरण ऐन, कानुन, निर्देशिकामा तोकिए बमोजिम ।<br>● विशेष पार्क - विशेष प्रयोजनका लागि निर्माण हुने पार्क। जस्तैः Knowledge (science) park, Solar park, मयुर पार्क, साहसिक खेल पार्क।<br>२. पार्क तथा खुल्ला क्षेत्रको संरक्षण तथा व्यवस्थापनका योजनाहरू बनाइने छ र भविष्यमा आवश्यकता अनुसार यस्ता क्षेत्रहरू थप गरिने छ।<br>३. पार्क तथा खुलाक्षेत्र प्रयोजनका लागि सार्वजनिक तथा खाली जमिनहरू प्रयोगमा ल्याइने छ।<br>४. पार्क तथा खुल्ला जमिनको अभावलाई सुल्झाउन घर, जग्गा, निर्माण व्यवसायी तथा निजी क्षेत्रसँग साझेदारी गरी व्यवस्थापन गरिने छ।<br>५. पार्क तथा खुला क्षेत्र व्यवस्थापन गर्दा न्यूनतम मापदण्डहरू पालनामा ल्याइने छ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ६. हरेक पार्कको संरक्षण साथै गुणस्तरीय मनोरञ्जन अवसरहरू एवं प्राकृतिक र साँस्कृतिक पक्षको सन्तुलन कायम गरिने छ ।<br>७. पार्कको लागि चाहिने जमिनको व्यवस्थापन हाल तथा भावी जनसङ्ख्या तथा विद्यमान मापदण्ड अनुसार गरिने छ ।<br>८. नयाँ बन्ने हाउजिङ्ग कोलोनी तथा आवासीय क्षेत्रहरूमा पनि पार्क तथा खुल्ला क्षेत्र कायम गर्नाका लागि नगरपालिका/शहरी विकास मापदण्ड अनुसार अनिवार्य गरिने छ ।<br>९. हालको र भविष्यमा निर्माण हुने पार्क तथा मनोरञ्जन स्थलहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री बनाइने छ ।<br>१०. पार्क, खेलमैदान तथा खुल्ला क्षेत्र अतिक्रमण हुनबाट जोगाइने छ । |
| ३. नगरपालिकामा रहेका पार्क, मनोरञ्जन तथा खेलमैदानको संरक्षण र व्यवस्थापन गर्ने । | १. पार्कभित्र रहेका सेवा/सुबिधा, उपकरण/संरचनालाई उचित संरक्षण र व्यवस्थापन गरिने छ र आवश्यकता अनुसार थप गरिने छ । यस कार्य आवश्यकता र अनुकुलता अनुसार सार्वजनिक निजी साझेदारी, Tender, वा व्यवस्थापन समितिमार्फत् गरिने छ ।<br>२. खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै नगरपालिकामा अवस्थित खेलमैदानहरूको उचित संरक्षण, स्तरोन्नति र व्यवस्थापन, गरिने छ र आवश्यकता अनुसार थप गरिने छ ।<br>३. पार्क तथा मनोरञ्जन सेवाको पहुँच बढाउन नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक विद्यालयका खेलमैदानलाई अझ व्यवस्थित र सुबिधायुक्त बनाई विद्यालय र विद्यालय समयलाई प्रतिकुल असर नपर्ने गरी सर्वसाधारणलाई खुला गरिने छ ।<br>४. मनोरञ्जनका सेवा/सुबिधा/संरचना स्थापना गर्दा वरिपरिका आवासीय तथा अन्य क्षेत्रलाई असर नपर्ने गरी स्थापना तथा व्यवस्थापन गरिने छ । |

## तालिका २/५.३.२ : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन

**क.** नगरमा पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान निर्माण तथा व्यवस्थापन सम्बन्धी ऐन कानुन तथा योजनाहरू नगन्य छन् । विभिन्न कानुनी व्यवस्था र वडा तथा नगरस्तरीय परामर्शद्वारा नगरपालिकाले अब यस्ता कानुनी औजारहरूलाई प्रयोगमा ल्याएर यस क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने स्थापित भएको छ । नागरिकको स्वास्थ्य, वातावरणीय तथा राजस्व अभिवृद्धिको दृष्टिकोणबाट समेत महत्वपूर्ण यस क्षेत्रको उचित व्यवस्थापनको लागि नगरले विभिन्न नीति, नियम, मापदण्ड तथा योजना बनाएर अगाडी बढ्ने गरी आवधिक प्राथमिकता निर्धारण गरेको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरुप स्थानीय पार्क तथा मनोरञ्जन ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटिने गरी बनाउने । | १. स्थानीय सरकार संचालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ, को उप दफा ४. क बमोजिम पार्क तथा मनोरञ्जन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने ।<br><br>१.२. आवश्यक ऐन, योजना, मापदण्ड: पार्क, मनोरञ्जन स्थल, खेलकुद मैदान संरक्षण र व्यवस्थापन सम्बन्धी आवश्यक नियम, कानुन, कार्यविधि र योजना । | १. पार्क तथा मनोरञ्जन सम्बन्धी प्रभावकारी ऐनसहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने । |

**ख.** अन्य क्षेत्रझै पार्क तथा मनोरञ्जन क्षेत्रको व्यवस्थापनको निम्ति पनि तथ्याङ्कको प्रयोग अपरिहार्य छ। नगरमा यस्ता तथ्याङ्कहरू रहेता पनि पुराना, छरिएको र अपूर्ण अवस्थामा छन्। यस अवस्थाबाट आधुनिकतातर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न, नगरद्वारा तथ्याङ्क सम्बन्धी कार्यहरू पनि विभिन्न चरणमा सम्पन्न गरिने छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जारी रहेका सबै भू-उपयोग सुचि Land Use Inventory संकलन कार्यमा सबै किसिमका पार्क, मनोरञ्जन क्षेत्र, खेलमैदान आदिको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने। साथै उपलब्ध सूचि र नयाँ सूचिलाई अद्यावधिक गरेर एकरुपता दिने। | १. पार्क, मनोरञ्जन, खुला क्षेत्र, खेलमैदान सम्बन्धी विभिन्न तथ्याङ्क र Land Use Inventory लाई प्रयोगमा ल्याई पाक, खेलमैदान तथा मनोरञ्जन क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षण कार्य गर्ने।<br><br>२. शहरी र ग्रामीण पार्कका वर्गीकरण साथै यस्ता पार्कहरूको पूर्वाधार आवश्यकता Infrastructure need assessment गर्ने र आर्थिक स्रोतका आधारमा पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने कार्य गर्ने। | १. संकलित सबै तथ्याङ्कको नियमित अद्यावधिक साथै तथ्याङ्कको प्रयोगद्वारा सेवा प्रवाह र मागआपूर्ति, अन्तर पहिचान आदिमा निरन्तरता दिने। |

**ग.** सेवा प्रवाह अन्तर्गत पनि पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी विभिन्न कार्यहरू पहिचान भएका छन्। पर्यटक आगमनको उच्च सम्भावना बोकेकोले पनि नगरमा यो क्षेत्रको उचित व्यवस्थापन र गुणस्तरीय सेवा प्रवाह अति आवश्यक छ। नगरमा अवस्थित यस्ता सेवा सुबिधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन, र नयाँ सेवा सुबिधा निर्माण तथा विस्तार लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पर्यटकीय खेलहरूको अध्ययन तथा पूर्वाधार विकासको शुरुवात गर्ने।<br><br>१.२ पर्यटकीय हिसाबले महत्वपूर्ण पार्क, मनोरञ्जन स्थल आदिको प्रचार प्रसार, पूर्वाधार निर्माण र सूचना केन्द्रहरू स्थापना गर्ने। | १. पहिचानमा आएका सम्पूर्ण पर्यटकीय खेल क्षेत्र र पार्कहरूको निरन्तर प्रचार प्रसार र व्यवस्थापन गर्ने। साथै नयाँ बन्ने वा पहिचान भएका र निर्माण हुने यस्ता क्षेत्रको लागि बजेट तर्जुमा गर्ने। | १. विभिन्न पर्यटकीय खेल र Trekking, Hiking, Camping, Cycling, Rock Climbing, Canyoning, Rafting जस्ता गतिविधि उपलब्ध भएको नगरपालिकाको रुपमा प्रस्तुत हुने। |
| २. नगरमा रहेको सम्पूर्ण पार्क, खेलमैदान, मनोरञ्जन स्थलको गुणस्तर वृद्धि, तारबार, संरचना निर्माण, उपकरण जडान आदिको थालनी र सोसम्म पुग्न बाटो व्यवस्थापन गर्ने। प्रस्तावित पार्क र खेलमैदानहरूको निर्माण सम्पन्न गरेर संचालनमा ल्याउने। | २. हरेक वडा अन्तर्गत कम्तीमा एक सेवा/सुबिधाका उपकरण/संरचनायुक्त वडा सामुदायिक पार्कको व्यवस्थापन गर्ने। वडा नागरिकको सुझाव अनुरुप नगरस्तरीय कभर्ड हल र वडाहरूको विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिन्टन (वा बहुउपयोगी) खेलमैदान तथा कभर्ड हलहरूको व्यवस्था गर्ने। | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. नगरस्तरीय बृहत् पार्क र रंगशाला निर्माणको निम्ति सम्भाव्यता अध्ययन थालनी गर्ने । | ३. नगरस्तरीय बृहत् पार्क र रंगशाला निर्माण थालनी गर्ने । | ३. नगरस्तरीय बृहत् पार्क र रंगशाला संचालनमा ल्याउने । |

**घ.** यस क्षेत्रको आवधिक प्राथमिकतामा उल्लेखित सम्पूर्ण कार्य सम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्रको आवश्यकता पर्ने हुनाले विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि र सहकार्य पनि महत्वपूर्ण रहन्छ तसर्थ यस सम्बन्धी कार्यक्रमहरू तपसिल अनुसार तर्जुमा भएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत पार्क तथा मनोरञ्जन इकाई स्थापना गर्ने । | १. पार्क तथा मनोरञ्जन इकाईमा प्राविधिक जनशक्ति र आधुनिक प्रविधि र उपकरणहरू भित्र्याउँदै र प्रयोगमा ल्याउँदै जाने । | |
| २. पार्क तथा मनोरञ्जन व्यवस्थापनको लागि नगरस्तरीय समिति गठन तथा परिचालन गर्ने । | | |
| ३. पार्क तथा मनोरञ्जन इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने । | ३. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । | ३. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने । |
| ४. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई पार्क तथा मनोरञ्जन क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, स्थानीय युवा क्लब, खेलकुद क्लब, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना, र सहकार्य वृद्धिमा पनि ध्यान दिन । साथै नगर प्रहरी, अन्य सुरक्षा संयन्त्र (प्रहरी, वन विभाग आदि) र स्थानीयको सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने र दीर्घकालीन रुपमा निरन्तरता दिने । | ४. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन । | ४. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन । |

### तालिका ३/५.३.२ :पार्क तथा मनोरञ्जनको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य (आ.व. २०९६/९७)

| क.स. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|
| १. | टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/व्यायामका उपकरणसहित) | | | | प्रत्येक ८०० जनसङ्ख्या-लाई १ |

| क्र.स. | उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|---|
| २. | वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) | | | | प्रत्येक १० हजार जनसङ्ख्या-लाई १ |
| ३. | नगरपालिका पार्कहरू (समारोहका मैदान, बृहत् पार्क) | | | | प्रत्येक २० हजार जनसङ्ख्या-लाई १ |
| ४. | वडास्तरीय खेलमैदान (विशिष्ठ आवश्यकता अनुसार फुटबल वा भलिबल वा ब्याडमिन्टन वा बहुउपयोगी) | | | | प्रत्येक वडा-लाई १ |
| ५. | Meetings, Conference, Exhibition hall | १ | ३ | ५ | ५ |
| ६. | शहरी प्लाजा वा स्क्वेर (city plaza and square) पाटी, चोक, शहरी पैदल क्षेत्र/मार्ग तथा अन्य शहरी सार्वजनिक स्थल | १ | २ | ३ | ३ |
| ७. | व्यवस्थित हरित क्षेत्र, उद्यान, बगैंचा, हरित पैदल मार्ग (Green tracks and trails) तथा अन्य हरित सार्वजनिक स्थल वा विशेष पार्क (संख्या) | ३ | ५ | ७ | १० |
| ८. | पर्यटकीय खेल र Trekking, Hiking, Camping, Cycling, Rock climbing, Canyoning, Rafting जस्ता गतिविधिसहित मनोरञ्जनका बहुविधाको प्रवर्द्धन (संख्या) | १ | २ | ४ | ६ |
| ९. | नगरस्तरीय बृहत् पार्क र रंगशाला | ०/० वटा | | | १/१ वटा |
| १३ | नगरस्तरीय कभर्ड हल | | १ | १ | २ |

## ५.३.३. यातायात

## १. परिचय

व्यवस्थित र भरपर्दो यातायाका पूर्वाधार र सेवा आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एवं साँस्कृतिक एकीकरणको माध्यम हो । यातायातको उपयुक्त विकास र विस्तारबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । कृषि तथा गैरकृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ। यस तथ्यलाई दृष्टिगत गरी भीमेश्वर नगरपालिकाले सडक विस्तार र पूर्वाधार विकासलाई प्रमुख प्राथमिकतामा राखेर काम गरिरहेको छ।

## २. वर्तमान अवस्था

अरनीको राजमार्गमार्फत् १३३ किलोमिटरमा मुलुकको राजधानीसँग नगर केन्द्र जोडिएको भीमेश्वर नगरपालिकामा लामो साँघु जिरी सडकको भीमेश्वर खण्ड र चरिकोट लामाबगर सडकको केही भागमार्फत् नगर राष्ट्रियस्तरको सडक सञ्चालमा आवद्ध रहेको छ । साथै, दोलखा जिल्लाको जिल्लास्तरीय यातायात गुरुयोजनामा जिल्ला सडकका रुपमा वर्गीकरणमा परेका मकैवारी-देउराली-पानीघाट-क्षमतावती, नयाँपुल-पवटी- डाँडाखर्क तथा घेवापानी-सेरा-सुर्के-निगाले गरी तीनवटा सडक यस नगरमा छन् । मुख्य शहरी क्षेत्र (चरिकोट) बाट सबैजसो वडा तथा टोल जोड्ने गरी आन्तरिक सडक सञ्जाल विस्तार भएको छ । सडक

तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन २०७५ ले नगरमा रहेका सडकलाई नगर चक्रपथ र मुख्य सडक (४), शहरी शडक (३), नगरस्तरीय सडक (२६), वडास्तरीय सडक (६५)र टोलस्तरीय सडक (५४) मा विभाजन गरी तिनको चौडाईको न्यूनतम मापदण्ड पनि तोकेको छ । यसरी नगरले यातायात सञ्जालको विस्तार र विकासलाई व्यवस्थित बनाउने प्रयास गरेको छ ।

नगरस्तरका सडकको राजमार्गसँगको सम्बन्ध, सडकको वर्गीकरण र मापदण्ड निर्धारण तथा टोलस्तरसम्म सडक सञ्जाल विस्तारका कार्य भएको भएता पनि उपयुक्त सडक पूर्वाधार निर्माण गरी नगरवासीलाई दीगो, भरपर्दो र सुरक्षित यातायात सेवा उपलब्ध गराउनमा धेरै प्रयास र लगानीको आवश्यकता रहेको छ । २०७५ को तथ्यांक अनुसार नगरपालिकाका करिब २१ प्रतिशत घरधुरी मात्र कालोपत्रे सडकको प्रत्यक्ष पहुँचमा रहेका छन् । त्यसमा पनि लामो साँघु जिरी सडकको नगर खण्ड कालोपत्रे गर्ने कार्यमा भइरहेको ढिलाईका कारण कालोपत्रे सडकसँग जोडिएका घरधुरीले समेत ती सडकबाट अपेक्षित सेवा उपलब्धताको अनुभूति गर्न पाएका छैनन् । ३८.५ प्रतिशत घर धुले वा ग्राभेल सडकमा जोडिएका छन् भने सबैजसो टोलमा सडक पुगेता पनि करिब ४० प्रतिशत परिवारको घर सडक नगरको सडक सञ्जालमा जोडिन बाँकी रहेको छ । तथापि, भूकम्प पुनर्निर्माणसँगै सडक सञ्जालसँग जोडिएको परिवार संख्या बढेको अनुमान छ । छरिएर रहेका र भू-उपयोग योजना विना बनेका बस्तीका सबै घरलाई न्यूनतम मापददण्डको सडक सञ्जालमा आवद्ध गर्ने चुनौती नगरसँग रहेको छ ।

जिरी चरिकोट काठमाडौं तथा चरिकोट लामाबगर चल्ने बस र तिनले चरिकोटबाट नगरका विभिन्न वडासम्म गरेको सेवा विस्तारका कारण बाह्य सम्पर्कका लागि यातायात सेवाको न्यूनतम पहुँच रहेता पनि स्थानीय स्तरमा बस वा साना सवारी साधनको सेवा विस्तार नभएका कारण नगरवासीले यातायातको समस्या व्योहोर्नु परेको छ । तथा ग्राभेल सडक वर्षामा अवरुद्ध हुने हुनाले उपलब्ध यातायात सेवाको पहुँच समेत वर्षायाममा खुम्चने गरेको छ । नगरका खेतीयोग्य जमिनमा उत्पादन हुने तरकारी तथा खाद्यान्नले स्थानीय बजारको पहुँच प्राप्त गर्नमा समेत सडक पूर्वाधारका कारण सीमितता रहेको अवस्था छ ।

## ३. मुख्य अवसर र चुनौती

संघीय सरकारका तर्फबाट स्तरोन्नतीको क्रममा रहेको लामो साँघु जिरी सडकको चरिकोट खण्ड र संघ र प्रदेशका तर्फबाट कार्यान्वयनमा रहेका अन्य सडक तथा पुल जस्ता पूर्वाधारका कारण नगरका लागि स्थानीय यातायातका पूर्वाधार र सेवा सुधारमा केन्द्रित हुने अवसर छ । महत्वपूर्ण सडक आसपासमा बस्ती विस्तार भइरहेको र भुकम्प पुनर्निर्माणका क्रममा घरहरू सडक नजिक बनाउने अभ्यास समेत बढेकोले नगरका सबै घरलाई यातायात सेवाको पहुँचमा ल्याउनका लागि सहज वातावरण सिर्जना भएको छ । धार्मिक पर्यटकीय केन्द्र भीमेश्वर यही नगरमा हुनु र कालिञ्चोक मन्दिर र प्राकृतिक पर्यटनको केन्द्र शैलुङ्ग र जिरी जाने पर्यटकको लागि यो नगर भएर जाने सडकको पूर्वाधारले प्रत्यक्ष सहयोग गर्ने भएकोले नगरलाई पर्यटनको हबको रुपमा विकास गर्ने सोचसहित पार्क तथा अन्य पर्यटक आकर्षित गर्ने पूर्वाधारसहित अन्य स्थानीय तहसँगको साझेदारीमा समेत नगरका केही पर्यटन केन्द्रित रणनीतिक सडकका लागि स्रोत जुटाउन सकिने अवस्था छ । दोलखा जिल्लाका अन्य स्थानीय तहमा जाने यातायात सेवा यही नगरबाट शुरु हुने वा नगर भएर सञ्चालन हुने भएकोले ती यातायात सेवालाई आन्तरिक यातायात सेवाका रुपमा समेत व्यवस्थित गर्ने अवसर नगरसँग छ । स्थानीय यातायात पूर्वाधार र सेवा व्यवस्थापन सम्बन्धमा प्राप्त संवैधानिक अधिकार र स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान अनुरुप यातायात क्षेत्रका कार्य अघि बढाउने सहज अवसर पनि नगरसँग रहेको छ ।

छरिएर रहेका सबै घरलाई आपत्कालीन सेवा र नगरबाट उपलब्ध हुने न्यूनतम सेवाको पहुँच सुनिश्चित गर्ने गरी सबै घरमा यातायात सेवा पुऱ्याउने, पहाडी भू-धरातल रहेको यस नगरमा बनाइएको

अधिकांश स्थानीय सडक इञ्जिनियरिङ मापदण्ड अनुसार नभएकोले ती सडकलाई निश्चित मापदण्डमा पुऱ्याई यातायातका पूर्वाधार र सेवालाई सुरक्षित र भरपर्दो बनाउने, पूर्वाधार सुधार गरी स्थानीय कृषि उत्पादनलाई बजारसम्मको पहुँच सुनिश्चित गर्ने र यातायातका पूर्वाधारलाई पर्यटन मत्री बनाउने, विकास भइसकेका साँघुरा सडकलाई निश्चित मापदण्डसहितको चौडाई र पूर्वाधारयुक्त बनाउने तथा पूर्वाधार र सेवा विस्तारमा स्थानीयवासी र सरोकारवालाको पर्याप्त सहयोग जुटाउने चुनौति पनि रहेको छ ।

नगरको यातायात क्षेत्रको वर्तमान अवस्थामा सुधार गर्नमा रहेका विभिन्न चुनौतीहरूको सामना गर्दै र उपलब्ध अवसरहरूको सदुपयोग गर्ने गरी यातायात क्षेत्रको निम्नानुसार, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तय गरिएको छ ।

## ४. लक्ष्य

नगरवासीलाई दीगो भरपर्दो र सुरक्षित यातायात सेवा र पूर्वाधारको पहुँच उपलब्ध गराउने ।

## ५. उद्देश्य

सडक सञ्जाल विस्तार, उपलब्ध सडक तथा उपलब्ध पूर्वाधारको स्तरोन्नती, यातायात सेवा विस्तार र सुधार गरी यातायातका पूर्वाधार र सेवालाई सुव्यवस्थित, दीगो, भरपर्दो, सुरक्षित र पहुँचयोग्य बनाउने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.३.३ : यातायातका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. सबै नगरवासीको पहुँच वृद्धिमा केन्द्रित रही यातायातका पूर्वाधार र सेवा विस्तार गर्ने । | १. नगरवासीको आन्तरिक र बाह्य यातायात सेवाको पहुँच विस्तारलाई यातायात क्षेत्रको कार्यक्रम निर्माण र कार्यान्वयनको मुख्य आधार बनाइने छ ।<br>२. नगरपालिकाभित्र रहेका तथा बाह्य सम्पर्कका सडक समेटेर नगर यातायात गुरुयोजना (Municipal Transport Master Plan MTMP) बनाइने छ र सडक गुरुयोजनाले निर्धारण गरेका प्राथमिकता तथा बृहत् योजना अनुरुप यातायातका पूर्वाधार र सेवाका कार्यक्रम समयवद्ध रुपमा कार्यान्वयन गरिने छ ।<br>३. सडक योजना तर्जुमा र कार्यान्वयन गर्दा सम्बन्धित समुदायको यातायात तथा अन्य सेवाको आवश्यकता पहिचान गरी सेवा प्राप्तीमा योगदान गर्नमा जोड दिइने छ ।<br>४. नगरपालिकाको आर्थिक, सामाजिक र अन्य भौतिक पूर्वाधार विकास र सेवा प्रवाहमा सुधारका लागि महत्वपूर्ण योगदान गर्ने तथा अधिकतम् जनसङ्ख्यालाई यातायातको सुविधा हुने गरी पूर्वाधार र सेवा विस्तार गरिने छ ।<br>५. सडक तथा यातायातको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको पहुँचमा पर्याप्त ध्यान दिइने छ ।<br>६. सडकको प्रकृति, भू-बनोट, प्रस्थान बिन्दु र गन्तव्यको दुरी आदिका आधारमा यातायात सेवाको बहुविकल्प पहिचान, छनोट र सञ्चालनका लागि नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गरिने छ । यसमा सार्वजनिक निजी साझेदारीलाई प्राथमिकता दिइने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| २. यातायातका पूर्वाधारलाई सुरक्षित र भरपर्दो बनाउन उपयुक्त विधि र मापदण्डको पूर्ण कार्यान्वयन गर्ने । | १. यातायातका सेवा र यात्रु सुरक्षामा केन्द्रित रही नगरभित्रको विद्यमान सडक सञ्जाललाई आर्थिक, सामाजिक र वातावरणीय पक्षहरू ध्यान दिँदै थप व्यवस्थित र सुरक्षित बनाउँदै लगिने छ ।<br>२. सडकको योजना बनाउँदा उपयुक्त डिजाइन गरी सडकको निर्धारित कार्यात्मक वर्गीकरण प्रणाली (Functional Classification System) को आधारमा सडकको वर्तमान वर्गीकरणमा आवश्यक परिमार्जन गरिने छ । यस क्रममा सडक वर्गीकरणको राष्ट्रिय आधार र सडकको मूल प्रयोजन (पर्यटन, कृषि, उद्योग आदि) समेत दृष्टिगत गरिने छ ।<br>३. हरेक सडकको सेवास्तर (साना सवारी, मालवाहक सवारी, बस, विद्युतीय सवारी आदिको भार तथा यातायातका साधन र यात्रुको सुरक्षा) समेतको न्यूनतम सेवाको स्तर निर्धारण गरी सो अनुसार पूर्वाधार तयार गरिने छ ।<br>४. सडकको डिजाइन तथा निर्माण गर्दा संघीय सरकारको सडक विभागद्धारा तोकिएको न्यूनतम मापदण्ड कायम गरिने छ । प्राविधिक निगरानी विना खुलेका सडकहरूलाई समेत न्यूनतम इञ्जिनियरिङ मापदण्डमा पुऱ्याई नगरका सबै सडकलाई सबै यामका लागि उपयुक्त बनाइने छ । |
| ३. यातायात सेवालाई सुरक्षित र भरपर्दो बनाउन न्यूनतम सुरक्षा मापदण्ड र विधिहरू लागु गर्ने । | १. सडक दुर्घटनाको सम्भाव्यता र सडक सुरक्षालाई ध्यान दिई स्थानीय सडकहरूको सडक सुरक्षा परीक्षण “ROAD SAFETY AUDIT/Inspection” गरिने छ । यसका ठम्याईका आधारमा दुर्घटना न्यूनिकरणका संरचनागत कार्य गरिने छ ।<br>२.  पैदल यात्रुलाई प्रोत्साहन तथा सुरक्षाको लागि बस्ती नजिकका हरेक सडकमा फुटपाथको सुविधा दिइने छ । सडक तथा अन्य सुविधाको निर्माणको समयमा पैदल यात्रुलाई सहज तथा सुरक्षा हुने गरी निर्माणको व्यवस्था गरिने छ ।<br>३. नगरमा यातायातका साधनको गति नियन्त्रणका लागि गतिको अधिकतम् सीमा तोकिनेछ ।<br>४. रातको समयमा पनि सडकलाई सुरक्षित र सहज बनाउनका लागि सडक निर्माण र मुख्य बजार तथा बस्ती क्षेत्रमा सडक बत्ती सिसी क्यामेरा जडानलाई सँगसँगै अघि बढाइने छ ।<br>५. सवारी चालक र सर्वसाधारणका लागि सडक सुरक्षा दुर्घटना न्यूनिकरणका लागि अनुशिक्षण तथा सचेतनामूलक गतिविधि सञ्चालन गरिने छ ।<br>६. सुरक्षित सडकका लागि आवश्यक पर्ने पूर्वाधारहरू (सवारी संकेत, चिन्ह तथा जेब्राक्रस, सुरक्षा बार, ऐना, मार्किङ आदि) आदिको व्यवस्था गरिने छ भने घुम्ती तथा चोक सुधारका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ । |
| ४. यातायातका पूर्वाधार निर्माणमा प्रधावकारिता ल्याउन यो क्षेत्रलाई विकासका अन्य आयाम र क्षेत्रसँग तादाम्यता मिलाउने । | १. यातायातका परियोजना तथा कार्यक्रम निर्माण गर्दा नगरको भू-उपयोग योजना अनुरुप गरिने छ । विशेषगरी आवासीय क्षेत्रका लागि सार्वजनिक यातायातको सेवा उपलब्ध गराइने छ भने सम्पदा क्षेत्र, पर्यटकीय गन्तव्यहरू तथा व्यवसायिक र औद्योगिक क्षेत्रका लागि सकेसम्म विशिष्ठ प्रकृतिको सेवा विस्तारमा जोड दिइने छ ।<br>२. बढी मात्रामा सवारी चाप हुने क्षेत्रहरूमा पार्किङको समस्या समाधानका लागि उपयुक्त स्थानहरूलाई पार्किङ क्षेत्र बनाइने छ । पार्किङको सुविधा उपलब्ध गारउने गरी निर्माण हुने भवन तथा अन्य संरचनाका लागि नगरबाट उपयुक्त उत्प्रेरणा प्याकेज उपलब्ध गराइने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ३. वार्षिक बजेट तथा पुँजी सुधार कार्यक्रम (Capital Improvement Program) मार्फत् सार्वजनिक यातायात तथा पूर्वाधारमा गरिने लगानीलाई लागत प्रभावकारी बनाइने छ । आम नागरिकको बृहत्तर हितको नयाँ कार्यक्रम बाहेक बृहत् योजना, यातायात गुरुयोजना र पुँजी सुधार कार्यक्रमबाट तय गरिएका कार्यक्रमलाई मात्र नगरस्तरको सडक र यातायातको कार्यक्रममा समेटिने छ ।<br>४. परियोजनाको लागत घटाउन तथा प्रतिकुल प्रभावहरू घटाउन सडकको लगत कट्टा, जग्गा प्राप्ती वा अधिग्रहण लगायतका कार्य सम्पन्न गरेर मात्र निर्माणको कार्यमा रकम विनियोजन गने नीति लिइने छ । नयाँ सडक निर्माणका कार्यक्रमका लागि आउने प्रस्तावमा नगर मापदण्ड बमोजिम जग्गा उपलब्ध गराउन जग्गाधनी मञ्जुर भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिने छ ।<br>५. पुँजी सुधार कार्यक्रममा रहेका र लागत इस्टिमेट तयार भई सम्भाव्य देखिएका कार्यक्रमलाई मात्र नगरस्तरको कार्यक्रममा समेटी निश्चित खण्डका लागि पर्याप्त हुने गरी बजेट निनियोजन गरिने छ । पर्याप्त स्रोत नभई सडकको निश्चित खण्ड पूरा गर्न नसकिने परिस्थितिमा चोक सुधार, टेवा पर्खाल निर्माण जस्ता दीगो पूर्वाधारका कार्यका लागि पुग्ने गरी रकम विनियोजन गरिने छ । सडक निर्माणमा लागि निर्माण व्यवसायी छनोट गर्दा बढी भन्दा बढी प्रतिस्पर्धात्मक बनाइने छ ।<br>६. नगरको आन्तरिक राजस्व बढाउने, पर्यटनलाई योगदान गर्ने तथा आर्थिक गतिविधि प्रवर्द्धन गर्ने सडक निर्माणलाई यो क्षेत्रको महत्वपूर्ण प्राथमिकताका रुपमा समेटिने छ ।<br>७. पर्यटकीय तथा आर्थिक विकासमा योगदान गर्ने लगायत सबै किसिमका सडक निर्माणका क्रममा कुनै बिन्दुमा जग्गा प्राप्तीमा हुनसक्ने समस्याको पूर्व विश्लेषण गरी सोही अनुसार जग्गा प्राप्ती गरिने छ । जग्गा प्राप्तीका लागि आवश्यकता अनुसार मुआब्जा दिनुका साथै समस्या समाधानका लागि प्रशासनिक प्रक्रिया समेत  अवलम्बन गरिने छ । |
| ५. यातायातका कार्यक्रम कार्यान्वयन गर्दा समुदायमा पर्ने नकारात्मक भौतिक र वातावरणीय प्रभाव न्यूनिकरणका उपाय अवलम्बन गर्ने । | १. यातायातका पूर्वाधारका कार्यक्रम तय गर्दा हाल संरक्षित वा भविष्यमा संरक्षण गर्नुपर्ने सम्भाव्य पानीका स्रोतहरू, वनजंगल, जटिबुटी जस्ता प्राकृतिक स्रोत, साँस्कृतिक तथा धार्मिक सम्पदा क्षेत्र, पर्यावरण आदिका लागि महत्वपूर्ण स्रोत तथा क्षेत्रमा क्षति नहुने गरी डिजाइन गरिने छ । निर्माणको क्रममा भएका क्षति सुधारका कार्यक्रमलाई पनि सँगसँगै पूरा गरिने छ ।<br>२. समुदाय तथा बस्ती र बासिन्दाहरूलाई न्यून नकारात्मक प्रभाव हुने गरी यातायातका पूर्वाधार र सेवाका कार्यक्रम डिजाइन गरिने छ ।<br>३. यातायातका लागि प्रयोजनमा आउने गाडी तथा उपकरणबाट हुने प्रदुषण नियन्त्रणका लागि राष्ट्रिय मानक पूरा गर्नुपर्ने व्यवस्था गरिने छ । गाडी सिर्जित ध्वनी प्रदुषण कम गर्ने उपाय अपनाइनुका साथै ट्राफिक प्रहरीसँग समन्वय गरी ध्वनी प्रदुषण निरुत्साहित गर्ने कानुनी प्रबन्ध गरिने छ ।<br>४. समग्र नगरपालिकाको ट्राफिक व्यवस्थापनमा प्रभाव पार्न सक्ने व्यवसायिक वा सेवा प्रदायकका भवन तथा अन्य पूर्वाधार निर्माण गर्दा ट्राफिक प्रभाव मूल्यांकन Traffic Impact Assessment (TIA) गर्नुपर्ने प्रावधान बनाइने छ ।<br>५. सडकमा भएका फोहोर, धुलोले सामुदाय तथा सडक प्रयोग गर्ने सर्वसाधारणमा पर्ने असरलाई न्यूनतमस्तरमा राख्ने गरी संरचना निर्माण वा अवस्था कायम गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ६. सडकबाट बग्ने भलको वैज्ञानिक व्यवस्थापन गरिने छ। नगर क्षेत्रका हरेक बाटोमा स्थायी नाला व्यवस्थापनको सुनिश्चिता गरिने छ।<br>७. सडकको ट्राफिकलाई बाधा पुऱ्याउने प्राकृतिक अवरोध तथा जीवजन्तुहरूको समयवद्ध व्यवस्थापन गरिने छ।<br>८. भीमेश्वर नगरको सुन्दरता बढाउने तथा पर्यटनमा थप योगदान गर्ने गरी मूल सडक र पर्यटन सडकमा वृक्षारोपण लगायत सडक सुन्दरताका कार्यलाई सडकको आधारभूत कार्यको रुपमा समेटिने छ। अन्यत्र पनि सडक सुन्दरताका कार्यक्रम कार्यान्वयन गरिने छ। |
| ६. स्थानीय सार्वजनिक यातायात सेवाको पहुँचलाई सरल र सहज बनाउन विभिन्न पक्षसँगको समन्वय र साझेदारी गर्ने। | १. नगरपालिकाले सबै बजार, जनसङ्ख्या तथा यातायात सेवाको मागको अध्ययन गरी न्यूनतम हरेक वडासम्म पुग्ने गरी नगर बस सेवा सञ्चालनमा ल्याउने छ। नगर बस सञ्चालनमा ल्याउँदा नगर आफैं, निजी सार्वजनिक साझेदारी वा नगरको सहजकर्ता र सहयोगी भूमिका रहने गरी निजी क्षेत्रबाट सञ्चालन गर्ने विकल्प खुला राखिने छ। अन्तरपालिका यातायात सेवा विस्तारलाई पनि प्राथमिकतामा राखिने छ।<br>२. बाहिरबाट नगरमा आउने तथा नगरबाट बाहिर जाने यातायातका साधनलाई स्थानीय यातायात सेवा प्रदान गर्न स्थानीय अनुमतिको व्यवस्था गरिने छ।<br>३. चरिकोटदेखि दोलखा बजारसम्मका लागि साना चार पांग्रे विद्युतीय वा अन्य सवारीलाई सार्वजनिक यातायातको वैकल्पिक साधनको रुपमा सञ्चालनका लागि प्रोत्साहन गरिने छ।<br>४. सार्वजनिक यातायातमा आपागता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र महिलाको पहुँच, सुरक्षा र सम्मानका लागि सहजीकरण र नियमनको कार्य गरिने छ। |
| ८. पार्किङ तथा बस बिसौनी व्यवस्थापनलाई यातायातका पूर्वाधारको अभिन्न अंगका रुपमा अघि बढाउने । | १. नगरमा एक व्यवस्थित बसपार्क निर्माण गरी सञ्चालनमा ल्याइने छ।<br>२. सबै सार्वजनिक सेवा प्रदायकका कार्यलय, बजार क्षेत्र, व्यापारिक कम्प्लेक्स आदिका लागि पार्किङ स्थल निर्धारण र व्यवस्थापन गरी सडक किनारमा गरिने सवारी पार्किङमा रोक लगाइने छ।<br>३. सार्वजनिक यातायात सञ्चालन हुने सडकको निश्चित बिन्दुमा व्यवस्थित बस स्टप (बिसौनी निर्माण गरिने छ। बसपार्क तथा यात्रुको बढी जमघट हुने बस बिसौनी लक्षित गरी सार्वजनिक शौचालय निर्माण र सञ्चालन गरिने छ। |
| ८. यातायात सेवा सुधारमा योगदान गर्नसक्ने गरी नगरको आन्तरिक क्षमता विकास गर्ने। | १. नगरभित्र यातायातको पूर्वाधार तथा यातायात सेवाको व्यवस्थापन, समन्वय र निगरानीका लागि निश्चित जनशक्ति तथा उपकरणसहितको एकाई तत्काल गठन गरिने छ। एकाईलाई क्रमशः यातायात शाखाको रुपमा विकास गरिने छ।<br>२. यायायात क्षेत्रको भू-सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्न सक्ने गरी नगरको जनशक्तिको क्षमता विकास गरिने छ। सडक र यातायात क्षेत्रमा आउने नवपर्वतनलाई संस्थागत गर्न समय समयमा क्षेमता विकासका आन्तरिक र बाह्य कार्यक्रममा यातायात शाखाका जनशक्तिलाई अवसर उपलब्ध गराइने छ।<br>३. नगरका प्राविधिक जनशक्तिलाई आवश्यक पर्ने उपकरणको उपलब्धता गराइनुका साथै कार्यसम्पादनमा आधारित पुरस्कार र क्षमता विकास पद्धति विकास गरिने छ। |

## तालिका २/५.३.३ : आवधिक प्राथमिकता : यातायात

**क**. संविधानतः स्थानीय सडक, कृषि सडक र ग्रामीण सडक स्थानीय सरकारको एकल अधिकारभित्र रहेको सडक निर्माण तथा व्यवस्थापनको काम नगरपालिका स्वयंको हो । यही अधिकारका आधारमा भीमेश्वर नगरपालिकाले सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन २०७४ जारी गरेको छ भने अन्य महत्वपूर्ण नीतिगत कार्य बाँकी रहेका छन् । स्थानीय सडकको पूर्वाधार व्यवस्थापन सम्बन्धी कानुन बनाउने तथा सबै किसिमका सडकको निर्माण, विकास र सेवा सञ्चालनको प्राथमिकतासहितको नगर यातायात गुरुयोजना निर्माण गर्ने कार्य नगरको प्राथमिकताका नीतिगत कार्य हुन् । संघीय तथा प्रदेशको अधिकार अन्तर्गत रहेका नगरपालिका क्षेत्रभित्रका सडकको व्यवस्थापनमा संविधानतः नगरको भूमिका नहुने भए पनि व्यवहारिक रुपमा ती सडकका सन्दर्भमा समेत नगरबाट कतिपय कार्य गर्नुपर्ने भएकोले त्यस्ता सडकको उपयोग तथा व्यवस्थापनमा नगरको भूमिका स्पष्ट गर्नुपर्ने आवश्यकता छ ।

संविधानको अनुसुची ८(१६) मा रहेको नगरको सडक सम्बन्धी एकल अधिकार तथा अनुसुची ९(१५) मा रहेको सवारी अनुमति सम्बन्धी साझा अधिकार मध्ये स्थानीय सडक, कृषि सडक तथा ग्रामीण सडकमा सञ्चालन हुने यातायात सेवा र स्थानीय सरकार संचालन ऐनको दफा ११(ख) अनुसार स्थानीय सरकारको यायातात क्षेत्र व्यवस्थापनको भूमिकामा स्पष्टता ल्याई स्थानीय यातायात सेवा व्यवस्थापन, पूर्वाधार र सेवामा सबैको सुनिश्चिता तथा सडक र सवारी सुरक्षा सम्बन्धी आवश्यक कानुन निर्माण नगरको तात्कालिक प्राथमिकता हो भने संघीय र प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका नगर क्षेत्रको सडकमा सञ्चालन हुने यातायात सेवा सम्बन्धी अधिकार र दायित्वमा समेत प्रष्टता ल्याउनु पनि जरुरी छ । स्थानीय यातायात नीतिलाई सबैकालागि दीगो, भरपर्दो र सुरक्षित यायातायात सेवाको पहुँच सुनिश्चित गर्ने नगरको लक्ष्य प्राप्तिमा केन्द्रित गर्न थप रणनीति निर्माण र स्थानीय यातायात कानुनको समयवद्ध समीक्षा र परिमार्जन मध्यकालीन र दीर्घकालीन प्राथमिकता हो ।

यी प्राथमिकता अनुसार यातायात र पूर्वाधार क्षेत्रको नीति तथा कानुन तथा यातयात गुरुयोजना निर्माण मुख्य अल्पकालीन प्राथमिकता हो भने यातायातको पूर्वाधार र सेवा सम्बन्धी नीति तथा गुरुयोजनाको समयवद्ध समीक्षा र परिमार्जन तथा परिवर्तित सन्दर्भमा नयाँ नीति तथा कानुन बनाउनु मध्यकालीन तथा दीर्घकालीन प्राथमिकता हो ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संविधान अनुसार नगरको एकल अधिकारभित्र नरहेका सडकको व्यवस्थापन तथा उपयोग सम्बन्धी नगरको भूमिकामा स्पष्टता ल्याउने ।<br><br>१.१. संघ र प्रदेश सरकारसँगको समन्वयमा राजमार्गमा सञ्चालन हुने यातायात सेवा व्यवस्थापनमा नगरको भूमिका सम्वन्धमा नीतिगत स्पष्टता ल्याउने । | १. नगरको एकल क्षेत्राधिकारमा नरहेका राजमार्ग तथा अन्य सडक व्यवस्थापनमा नगरको निर्धारित भूमिकाका आधारमा सडक सुरक्षा, तथा अतिक्रमण नियन्त्रण लगायतमा सम्बन्धित निकायसँगको समन्वय र साझेदारीमा स्थानीय कार्यविधि बनाउने । | |
| २. सडक तथा सार्वजनिक मापदण्ड निर्धारण तथा स्थानीय सडक, कृषि सडक र ग्रामीण सडकको वर्गीकरण कार्यान्वयन र सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन तथा सम्बन्धित नियम र निर्देशिका निर्माण गर्ने ।<br><br>२.१. स्थानीय सवारी साधनको अनुमति, भाडादर, सेवा, लक्षित वर्ग (अपांगता भएका र जेष्ठ नागरिक लगायत) को पहुँच तथा सुरक्षा र रुट निर्धारण सम्बन्धी कानुन बनाउने । | २. सडक तथा यातायात सेवा व्यवस्थापन सम्बन्धी कानुन कार्यान्वयनको समीक्षा तथा समयानुकुल परिमार्जन र संशोधन गर्ने । | २. सडक र यातायातको क्षेत्रमा आउने नविनतालाई आत्मसात गर्दै सडक तथा सार्वजनिक यायातका आवश्यक नीति तथा कानुन, निर्माण परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. नगरको यातायात गुरुयोजना बनाउने र सडक निर्माणमा स्रोतको अधिकतम उपयोगका लागि सडक निर्माण, मर्मत र स्तरोन्नतीका लागि बजेट विनियोजनको आधार बनाउने । | ३. नगरको यातायात गुरुयोजना कार्यान्वयनको समीक्षा तथा समयानुकुल अद्यावधिक गर्ने । | ३. यातायात गुरुयोजना कार्यान्वयनबाट सबैका लागि सुरक्षित र पहुँचयोग्य यातायातका पूर्वाधार र सेवाउपलब्धता सुनिश्चित गर्ने सम्बन्धमा भएका प्रगति आवधिक रुपमा समीक्षा तथा कार्ययोजनामा समयानुकुल परिमार्जन गर्ने र कमी पूर्तिका थप रणनीति बनाउँदै जाने । |
| ४. सडक तथा अन्य यातायातका पूर्वाधार (बसपार्क, बस बिसौनी, जेब्रा क्रस आदि) अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकको सुरक्षित पहुँच सुनिश्चित गर्ने सम्बन्धी कार्यविधि बनाउने । | ४. यातायातको पूर्वाधारमा अपांगता भएका, बालबालिका र जेष्ठ नागरिकको पहुँच सुनिश्चिततामा भएको प्रगति समीक्षा गरी कमी विश्लेषणका आधारमा कमी पूर्तिको रणनीति बनाउने । | ४. नगरमा रहेका यातायातका सबै पूर्वाधारलाई अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकमैत्री सुनिश्चितता गर्ने गरी पूर्वाधार सुधारका कार्य सम्पन्न गर्ने । |
| | ५. बृहत् योजनाको आधारमा यातायातका पूर्वाधार निर्माण र सेवा व्यवस्थापनको विस्तृत नीति तथा कार्ययोजना बनाउने । | ५. यातायातका पूर्वाधार निर्माण र स्तरोन्नती तथा सेवा व्यवस्थापनको कार्ययोजना कार्यान्वनको अवस्था समीक्षा र आवश्यक परिमार्जन गर्ने । |

**ख.** भीमेश्वर नगरपालिकाले अधिकांश सडकको नामाकरण र वर्गीकरण गरेको छ भने आन्तरिक प्रयोजनका लागि साविक नगरपालिका (वडा नं. ८, ९ र १ बाहेकका) सडकको शुरु बिन्दु, अन्तिम बिन्दु तथा अन्य विवरणसहितको सूचना रहेकोमा नयाँ बनेका विस्तार भएका सडक तथा हाल नगरमा गाभिएका क्षेत्रका सडकको सूचना समेत समेटेर अद्यावधिक गर्न बाँकी रहेको छ । तथापि विकासको प्राथमिकीकरण गर्न र यातायातको पूर्वाधार विकासलाई सूचना विश्लेषणमा आधारित बनाउन सक्ने गरी तथ्यांक व्यवस्थापन गर्न भने सकिएको छैन । साथै कतिपय सडक तथा गल्लीहरूको नामाकरण पनि गर्नुपर्ने आवश्यकता रहेको छ । त्यसैले सडक तथा यातायात सेवा सम्बन्धी सूचना संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने कार्यलाई नगरको तत्काल तथा निरन्तर प्राथमिकताको कामका रुपमा अगाडी बढाइने छ भने सो क्रममा बाटो तथा गल्लीहरूको नामाकरणको कार्य पनि सम्पन्न गरिने छ । जस अनुसार ती कामको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा रहेका सबै सडक तथा ती सडकमा सञ्चालन हुने यातायातका साधन सम्बन्धी सूचना संकलन गरी यातायात क्षेत्रको डिजिटल इन्भेन्टरी तयार गर्ने । | १. यातायातको डिजिटल इन्भेन्टरी अद्यावधिक गरी यसलाई यातायात क्षेत्रको निर्णयमा सहयोग गर्ने प्रणाली (Decision Support System) | १. यातायातका पूर्वाधार र सेवा सम्बन्धी सूचना समय समयमा अद्यावधिक गर्ने । |
| २. सबै सडकको नामाकरण र वर्गीकरण सम्पन्न गर्नुका साथै गोरेटो बाटा लगायत सबै बाटोको नामाकारण (Street Naming) पनि गर्ने । | | |


**ग.** अरनीको राजमार्गमार्फत् १३३ किलोमिटरमा मुलुकको राजधानीसँग नगर केन्द्र जोडिएको भीमेश्वर नगरपालिकामा लामोसाँघु जिरी सडकको भीमेश्वर खण्ड र चरिकोट लामाबगर सडकको केही भागमार्फत् नगर राष्ट्रियस्तरको सडक सञ्चालमा आवद्ध रहेको छ। यो सडकले नगरका अधिकांश वडा छुने भएकोले सडक पूर्वाधार विकासको रणनीतिक लाभ यस नगरलाई छ।

२०७५ को तथ्यांक अनुसार नगरका करिब २२ प्रतिशत घरलाई मात्र कालोपत्रे सडकले छाएको तथा करिब ३८.५ प्रतिशत घरलाई ग्राभेल वा धुले सडकले छोएको छ। करिब ४० प्रतिशत घर सडक सञ्जालमा आवद्ध नरहेको अवस्था छ भने थप ३४ प्रतिशत घरधुरी जोड्ने सडक वर्षायाममा अवरुद्ध हुने गरेको छ। संघीय सरकारमार्फत् लामोसाँघु जिरी सडकको चरिकोट खण्ड स्तरोन्नतीको कार्य भइरहेकोमा यसले आशातीत गति लिन सकेको छैन।

यातायातका पूर्वाधारको वर्तमान अवस्थामा सुधार गरी दीगो भरपर्दो र सुरक्षित सडकको पहुँचमा आम नगरवासीलाई ल्याउनका लागि योजनावद्ध रुपमा सडकको सीमा निर्धारण र नक्सांकन, चौडा, ग्राभेल र अन्य पूर्वाधार विकास र कालोपत्रे वा बाटो कालोपत्रे बनाउने वैकल्पिक उपायसहित लगानीलाई प्राथमिकीकरण गरी कार्य अघि बढाउनुपर्ने अवस्था छ।

सडक निर्माण र स्तरोन्नतीको कार्यलाई प्राथमिकतामा आधारित बनाई सीमित स्रोतको उपयोगबाट अधिकतम प्रतिफल हाँसिल गर्न सकिने हुनाले माथिको नक्सामा नगर र वडास्तरका उच्च प्राथमिकता प्राप्त सडक देखाइएको छ। यसका लागि बढी जनसङ्ख्या समेट्ने, वडाको बढी क्षेत्र जोड्ने तथा भीमेश्वरको कृषि र पर्यटन विकासमा गर्ने योगदानलाई आधार मानिएको छ। प्राथमिकताका आधारमा क्रमश: सबै सडककलाई निश्चित चौडाई र पूर्वाधारस्तरमा पुर्‍याउने र आवश्यकता अनुसार सडकका नयाँ पूर्वाधार समेत तय गर्ने गरी सडकको पूर्वाधार सम्बन्धी नगर आफैले गर्ने कामको प्राथमिकता निम्नानुसार तय गरिएको छ। जसमध्ये आम नागरिकको सुझाव तथा नगरको प्राथमिकताको आधारमा नगरको सबैभन्दा बढी प्राथमिकतामा रहेका २४ सडकको सूचि तयार गरिएको छ। जसलाई तालिका ५.४.३ देखाइएको छ। जसमध्ये पनि ६ वटा सडकलाई नगर गौरबका सडक आयोजनाको रुपमा समेटिएकोमा त्यसलाई तलको नक्सामा देखाइएको छ।

**नक्सा ५.३.३ : पूर्वाधार विकासको उच्चतम प्राथमिकतामा रहेका सडक**



| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सडकले ओगटेको क्षेत्रको नापीमार्फत् लगत कट्टा गरी सार्वजनिक बनाउने प्रक्रिया अघि बढाउने नगरस्तरीय सडकमा सो प्रक्रिया पूरा गरी सडकको अन्तिम नक्सा तयार पार्ने । | १. सडक मापदण्डको पूर्ण रुपमा कार्यान्वयन गरी नगरका सबै नगर र वडास्तरका सडकको अन्तिम नक्सा तयार पार्ने । | १. लगत कट्टासहित नगरको सबै किसिमका सडक (व्यक्तिगत बाहेक) को अन्तिम नक्सा तयार गर्ने । |
| १.१. सडक क्षेत्र मिचेर बसोबास गर्ने, व्यापार व्यवसाय गर्नेलाई वडाबाट सार्वजनिक सूचना जारी गरी हटाउने वा वैकल्पिक व्यवस्थापन गर्ने । | | |
| २. अरनीको राजमार्ग बाहेक आम नगरवासीको यातायातको पहुँच विस्तार तथा पर्यटन र कृषि लगायत आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्ने सडक पहिचान गरी नगर गौरबको आयोजनाका रुपमा अघि बढाउने । | २. नगर गौरबका सडक कालोपत्रे वा कालोपत्रेको काम सम्पन्न गर्ने । त्यस्ता सडकमा सडक पेटी तथा बस बिसौनीको व्यवस्थापन समेत गरिसक्ने । | २. नगर र वडास्तरका सडक कालोपत्रे वा कालोपत्रे बनाइसक्ने र सबै सडकको नियमित मर्मत सम्भार गर्ने । |
| ३. नगर केन्द्र र वडा केन्द्र वडा जोडिने सबै सडकमा सबै याममा सार्वजनिक यातायातका साधन सञ्चालन हुनसक्ने गरी न्यूनतम पूर्वाधार तयार गर्ने । | ३. नगर केन्द्रबाट सबै वडा केन्द्रसम्मको बाटो कालोपत्रे गरीसक्ने । वडा केन्द्रबाट स्वास्थ्य संस्था तथा विद्यालयसम्मको सडकको कालोपत्रे बाहेकका न्यूनतम पूर्वाधार निर्माण सम्पन्न गर्ने । | ३. नगरकेन्द्रबाट विद्यालय र स्वास्थ्य संस्था जोड्ने सबै सडक कालोपत्रे वा कालोपत्रे बनाइसक्ने । अल्पकाल वा मध्यकालमा खुलेका नगर र वडास्तरका सबै सडकलाई व्यवस्थित नालासहित कालोपत्रे बाहेकको पूर्वाधारयुक्त बनाउने । |
| ३.१. ट्र्याक खुलेका सबै नगरस्तरका सडकको चौडाई पूरा गर्ने, सडकमा जोखिमयुक्त ठाउँ पहिचान गरी टेवा पर्खाल लगाउने तथा कम्तीमा सबै सडकमा अस्थायी नाला व्यवस्थापन गरिसक्ने । | ३.१. सबै वडा स्तरीय सडक मापदण्ड अनुसार चौडा गर्ने, ग्रेड मिलाउने तथा नाला व्यवस्थापन गर्ने कार्य सम्पन्न गर्ने । | |
| | ३.२. पहिरो गहिरहने क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी टेवा पर्खाल निर्माण तथा अन्य उपायबाट पहिरो नियन्त्रणको पर्यत्न गर्ने । | ३.२. बस्ती र सडकको बिचमा सामञ्जस्याता ल्याई आपत्कालीन यातायात सेवा (एम्बुलेन्स) पहुँच सुनिश्चित गर्ने गरी सबै घरलाई सडक सञ्जालभित्र आवद्ध गरिसक्ने । |
| ४. नियमित मर्मत सम्भार हुने गरी मर्मत सम्भारका लागि छुट्टै र विशेष बजेट विनियोजनको अभ्यास प्रारम्भ गर्ने । | ४. नगर यातायात गुरुयोजना तयार भएपछि सोही योजनामा उल्लेख भए अनुसारको बजेट मर्मत सम्भारमा विनियोजन गर्ने । | |

| | | |
|---|---|---|
| **घ**. आन्तरिक सडक सञ्जालको पूर्वाधार विकासका लागि ठूला पुल निर्माणको आवश्यकता सीमित रुपमा भए पनि दर्जनौं संख्यामा कल्भर्ट तथा खोलाखोल्सीको पानी तथा वर्षे भेलको भरपर्दो निकासको व्यवस्था नगर्दासम्म सबै याममा सडक सञ्चालन गर्ने तथा सडक पूर्वाधारको दीगोपन सुनिश्चित हुने अवस्था छैन । बाह्य सम्पर्कका लागि भने केही पुल निर्माण हुनु आवश्यक छ । तसर्थ खोलाखोल्सीको उपयुक्त निकासका पुल, कल्भर्ट वा पूर्वाधार तथा त्यसैले वर्षायाममा पानीको निकास अवरुद्ध भई यातायात सेवामा समस्या आउनुका साथै सडकका पूर्वाधारमा समेत क्षति हुने गरेको छ । त्यसैले गर्नुपर्ने पुल तथा कल्भर्ट तथा वैकल्पिक पूर्वाधारहरूको सूचि बनाई तल उल्लिखित प्राथमिकताका आधारमा तिनको निर्माण र पूर्वाधार विकास गरिने छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगर र वडा स्तरका सडकका लागि आवश्यक पर्ने पुल, कल्भर्ट, कज वे तथा खोला खोल्सी वा नालाको पानी निकासको पूर्वाधारको आवश्यकताको सूचि बनाई प्राथमिकीकरण गरी नगरस्तरको सडकका लागि त्यस्ता पूर्वाधारको कार्य शुरु गर्ने । | १. नगर र वडास्तरका प्रमुख बाटोका लागि आवश्यक पुल, कज वे तथा कल्भर्टहरूको व्यवस्थापन गरिसक्ने ।<br><br>१.१. संघीय र प्रदेश सरकारबाट निर्माण भइरहेका कालिञ्चोक, विगु र गौरीशंकर बैतेश्वर, जिरी आदि जोड्ने पुल निर्माण समयमा सम्पन्न गर्ने सम्बन्धमा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने । | १. नगर र वडास्तरका सबै सडकका लागि आवश्यक पुल, कज वे तथा कल्भर्ट वा पानी निकासका अन्य पूर्वाधारको कार्य सम्पन्न गर्ने । |
| ङ. नगरपालिकाको सीमित स्रोत र निश्चित क्षेत्रका कारण ठूला सडक पूर्वाधार निर्माण वा स्तरोन्नतीका लागि संघ, प्रदेश, संघ तथा प्रदेश अन्तर्गतका निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा छिमेकी स्थानीय तह तथा बाह्य निकायसँग समन्वय, सहकार्य सहकार्य र साझेदारी गर्नुपर्ने आवश्यकता छ । नगर चक्रपथ निर्माण गर्ने, नगर बसपार्क, लामोसाँघु जिरी सडकको भीमेश्वर खण्ड पूरा गर्ने, ठूला पर्यटकीय सडक बनाउने जस्ता कार्यका लागि सम्भाव्य नयाँ कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत प्राप्तिका लागि नगरले नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्नेछ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. स्थानीय यातयायातको रुट निर्धारण गरी तोकिएको रुटमा निजी सार्वजनिक साझेदारीमा नगर बस सेवा सञ्चालन गर्ने । नगर बस सञ्चालन गर्न घाटा पूर्तिमा सहयोगका लागि सम्भाव्य परिपूर्ति कोष (VGF) व्यवस्थापनको सम्भाव्यता विश्लेषण गरी निजी लगानीकर्तालाई आकर्षित गर्ने । | १. नगरमा आन्तरिक रुपमा सार्वजनिक यातायात सेवालाई समयवद्ध रुपमा सञ्चालनको सुनिश्चितता गर्ने ।<br><br>१.१. हाल निर्माण भएका वा निर्माणाधीन पुल पूरा भएसँगै अन्तरपालिका यातायात सञ्जाल र सेवा सञ्चालन तथा विस्तार गर्ने । | १. नगर बसलाई अपांगता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक आदिका लागि उपयुक्त सिट तथा सेवा सहित स्तरोन्नती गर्ने ।<br><br>१.१. विकास योजना, औद्योगिक र पर्यटन रणनीति आदिमा केन्द्रित रहेर तयार हुने पूर्वाधारका आधारमा वैकल्पिक यायातात (रोपवे) सेवा सञ्चालन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. यात्रुको सुविधा र सवारी व्यवस्थापनमा सहयोग हुने गरी नगरस्तरको सडकहरूमा बस बिसौनीको सिमांकन गर्ने । | २. सार्वजनिक यातायात सञ्चालन हुने नगर र वडास्तरका सबै सडकमा बस बिसौनीको न्यूनतम पूर्वाधार तयार गर्ने । | २. बढी यात्रु जमघट हुने तथा पर्यटकको आवागमन बढी हुने क्षेत्रमा शौचालय तथा पर्यटन सूचनासहितको यात्रु प्रतिक्षालय निर्माण गर्ने । |
| ३. चरिकोट बजार, दोलखा बजार, नगर, वडा तथा विभिन्न सेवा प्रदायक निकायको कार्यालय आसपासमा पार्किङ स्थलहरू निर्धारणका लागि सम्भाव्य क्षेत्र पहिचान र निर्धारण गर्ने । | ३. नगरको शहरी इलाकामा निजी क्षेत्रबाट सशुल्क पार्किङ तथा अन्डर ग्राउण्ड पार्किङ सञ्चालनका लागि नगरका तर्फबाट  समन्वयकारी भूमिका निर्वाह गरी सडक क्षेत्रमा पार्क गर्ने अभ्यास रोक्ने । | |
| ४. स्थानीय रुटमा हाल सञ्चालनमा रहेका बसको सेवा तथा भाडादर सम्वन्धमा नगरपालिकाले यातायात व्यवसायी र स्थानीयको समझदारी कायाम गरी स्थानीय भाडादर निर्धारण गर्ने । | ४. स्थानीय यातायातको सेवा तथा भाडादरको समयवद्ध मुल्यांकन तथा पुनरावलोकन गर्ने । | ४. यातायात सेवा तथा भाडा प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउने । |
| ५. नगर दररेटको अंगका रुपमा सामान ढुवानीको अधिकतम भाडादर (दररेट) निर्धारण गर्ने । | | |

**छ.** भीमेश्वर नगरपालिकाले यातायात लगायत सबै क्षेत्रका सूचना नागरिकलाई उपलब्ध गराउने र स्थानीय आयोजना कार्यान्वयन र अनुगमनमा नागरिक सहभागिता प्रवर्द्धनको विभिन्न अभ्यास गर्दै आएको छ । यो प्रक्रियालाई अझ व्यवस्थित बानाउन निम्न प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सडक निर्माणको सबै प्रक्रियामा नागरिकको सक्रिय सहभागिता तथा निगरानीलाई अनिवार्य र प्रभावकारी बनाउने गरी नगर र वडास्तरमा नागरिकस्तरको संयन्त्र निर्माण गर्ने । | १. नागरिकस्तरको अनुगमन र निगरानीको अभ्यासलाई संस्थागत गराइसक्ने । | |

**ज.** भीमेश्वर नगरपालिकाले पर्यटकीय क्षेत्रको विकास तथा पूर्वाधारमार्फत् पर्यटकीय नगरको स्तरमा पुग्ने दूरदृष्टि बनाएको सन्दर्भमा नगरको ऐतिहाँसिक र साँस्कृतिक विशेषता समेत झल्कने गरी सडक सुन्दरताको कार्य अघि बढाउने छ । सडक क्षेत्र निर्धारणसँगै सडक दायाँबायाँ वृक्षारोपण, सडक साजसज्जा, सरसफाई तथा आमरुपमा सडक सुन्दरताका मापदण्ड एवं पर्यटन सडकका अलग मापदण्ड कार्यान्वनलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. कालोपत्रे सडक तथा पर्यटकीय क्षेत्र जोड्ने सडकमा सडक सुन्दरताका कार्य अघि बढाउने । चरिकोटका सडकमा होटेल, व्यवसाय वा अन्य स्थानबाट फोहोर पानी निकासमा पूर्ण रुपमा बन्देज लगाउने । | १. सडक सुन्दरताका लागि वृक्षारोपण लगायतका कार्य गर्ने । पर्यटन मार्गाहरूलाई भीमेश्वरको पर्यटकीय झलक दिने गरी सडक सुन्दरताका कार्य गर्ने । | १. विशेष अभियानमार्फत् सबै बजार र सघन बस्ती क्षेत्रका सडकको सफाई र सुन्दरतालाई भीमेश्वरको नगर मापदण्डमा पुऱ्याउने । |

**झ.** नगरका यायायात सेवाको माग र आपूर्ति बिचमा ठूलो अन्तर एकातिर छ भने अर्कातिर यातायात सेवा सञ्चालनका लागि उपलब्ध सडकको स्तर पर्याप्त छैन। यसैले सडक सुरक्षा र यातायात सेवा प्रवाहका कार्यलाई नगरले समान प्राथमिकतामा राख्नुपर्ने हुन्छ। पूर्वाधार विस्तार विकाससँगै स्थानीय र बाह्य यातायातका साधनको उपयोगमा हुने विस्तारले यो जोखिम अझै बढाउन सक्छ। यसलाई दृष्टिगत गरी सडक सुरक्षाका निम्नानुसारका प्राथमिकता तय गरी आवधिक योजनाको रुपमा प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. बजार र सघन बस्ती क्षेत्रमा सामुदायिक रुपमा सञ्चालन र व्यवस्थापन हुने गरी तथा मुख्य बजार क्षेत्रमा नगरको व्यवस्थापनमा सडक बत्ती राख्न शुरु गर्ने। | १. बजार र सघन बस्ती क्षेत्रमा सामुदायिक रुपमा सञ्चालन र व्यवस्थापन हुने गरी तथा मुख्य बजार क्षेत्रमा नगरको व्यवस्थापनमा सडक बत्ती राख्ने कार्यलाई निरन्तरता दिई पूरा गर्ने। | |
| २. स्थानीय सडक तथा बजार क्षेत्रमा सवारी संकेतको व्यवस्थापन गर्ने। | २. स्थानीय बस सेवा सञ्चालन भएका सबै सडकमा सवारी संकेत तथा चिन्ह राख्ने। | २. सबै सघन बस्ती र बजार क्षेत्रमा रेलिङसहितको सडकपेटी निर्माणको कार्य सम्पन्न गर्ने। |
| | ३. कालोपत्रे सडकहरूको जेब्राक्रस लगायत सडकको लेन निर्धारण तथा चोक व्यवस्थापनको कार्य गर्ने। | ३. कालोपत्रे सडकमा सडक फर्निचर (लेन, जेब्राक्रस, चोक, घेरा आदि) का कार्यलाई निरन्तरता दिने। |
| | ४. बजार र अधिक जनघनत्व भएको क्षेत्रलाई लक्षित गरी सडक पेटी निर्माणको कार्य अघि बढाउने। | ४. सडक पेटी निर्माणको कार्यलाई निरन्तरता दिई बस्ती क्षेत्र, बजार क्षेत्र आदिका सडक किनारमा त्यस्ता पूर्वाधार व्यवस्थापनको सुनिश्चितता गर्ने। साथै नगरको एक प्रमुख चोकमा ट्राफिक लाइट जडान गरी सञ्चालनमा ल्याउने। |
| | | ५. सडक र सवारी सुरक्षा सम्बन्धी गतिविधिलाई आवश्यक परिमार्जनसहित निरन्तरता दिने। |
| | | ६. रोड सेफ्टी अडिटलाई निरन्तरता दिई त्यसबाट प्राप्त निष्कर्षका आधारमा आवश्यक ठाउँमा दुर्घटना न्यूनिकरणका पूर्वाधार व्यवस्था गर्ने। |

**ञ.** नगरपालिकाको प्राविधिक शाखामा ३ जना इञ्जिनियर र ३ जना सब इञ्जिनियरसहितको प्राविधिक कर्मचारीको उपलब्धता रहे पनि समग्र पूर्वाधारको प्राविधिक पक्ष हेर्ने एउटा शाखा हुनु र सडक तथा यातायात क्षेत्र हेर्ने बेग्लै इकाई र पर्याप्त जनशक्ति नहुनु यो क्षेत्रको प्राविधिक सेवाका सीमितता हुन्। नगर क्षेत्रमा रहेका प्राविधिक शिक्षालय यहाँको अवसर हो।

नगर बस सञ्चालन गर्ने, सडक सुरक्षा तथा यातायात सेवा लगायतमा नगरको भूमिका बढाउने सडक र यातायात क्षेत्रको नियमित अध्ययन, तथ्यांक संकलन र व्यवस्थापन एवं विकास र सेवाको सुपरिवेक्षणसहितको कार्यलाई प्रभावकारी बनाउन अल्पकालमा यातायात इकाई निर्माणसहितको संगठन ढाँचा तथा कार्यसम्पादन मापन, क्षमता विकास तथा प्रोत्साहन प्रणाली निर्धारण र कार्यान्वयनसहितको आवधिक प्राथमिकता तल प्रस्तुत छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरको प्राविधिक शाखा अन्तर्गत अधिकृतस्तरको कर्मचारीसहितको बेग्लै यातायात इकाई निर्माण गर्ने । | १. नगरको यातायात इकाईमा न्यूनतम जनशक्ति व्यवस्थापन गर्ने । इकाईलाई न्यूनतम उपकरण र प्रविधियुक्त बनाउने । गुणस्तर परीक्षणका लागि नमूना जाँच गर्ने उपकरण नगरस्तरमा व्यवस्था गर्ने । | १. प्राविधिक र प्रशासनिक कर्मचारीसहितको यातायात शाखा स्थापना गरी सो अन्तर्गत यातायात सेवा र पूर्वाधारका कार्य हेर्न बेग्लाबेग्लै दुई इकाई निर्माण गर्ने । |
| २. यातायात इकाईबाट सडक तथा यातायातका पूर्वाधारको डिजिटल इन्भेन्टरी तयारी र स्वतः अद्यावधिक हुने प्रणाली विकास गर्ने । | २. यातायातका पूर्वाधार र सेवा सम्बन्धी सूचना नियमित अद्यावधिक भएको सुनिश्चितता गर्ने । | २. यातायात पूर्वाधार इकाईलाई मध्यमस्तरका आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गर्नसक्ने अवस्थामा पुऱ्याउने । |
| ३. यातायात इकाईको मुख्य प्राविधिक भूमिका हुने गरी यातायातका पूर्वाधार र सेवाको गुणस्तर निर्धारण, अनुगमन, मुल्यांकन पद्धतिमा परिमार्जन गर्ने । | ३. यातायात पूर्वाधार निर्माणको गुणस्तरीयता र समयवद्धतालाई प्राविधिक शाखा र यातायात इकाईको कार्यसम्पादन सूचकका रुपमा कार्यान्वयन गर्दै कार्य सम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरी कार्यान्वयन गर्ने । | ३. सडक निर्माण कार्यको सुपरिवेक्षण तथा अनुगमनमा खट्ने अस्थायी वा करार समेतका प्राविधिकको दुर्घटना बिमा लगायत भौतिक र सामाजिक सुरक्षाको प्रत्याभूति हुने कार्यक्रम बनाई कार्यान्यिन गर्ने । |
| ४. सडक सञ्चालन र मर्मत सम्भारका लागि नगर र वडास्तरमा संयन्त्र विकास गर्ने । | ४. प्राविधिक इकाईको क्षमता विकासका कार्यक्रमलाई नियमित कार्यक्रमका रुपमा कार्यान्वयन गर्ने । | |
| ५. सडक निर्माणको सबै प्रक्रियामा नागरिकको सक्रिय सहभागिता तथा निगरानीलाई अनिवार्य र प्रभावकारी बनाउने गरी नगर र वडास्तरमा नागरिकस्तरको संयन्त्र निर्माण गर्ने र अनुगमनको लागि अनुशिक्षण दिने । | ५. नागरीक स्तरको अनुगमन र निगरानीको अभ्यासलाई संस्थागत गराइसक्ने । | |
| ६. नगरपालिकास्तरीय आयोजना अनुगमन समितिका लागि सडक र यातायात क्षेत्रको पूर्वाधारको अनुगमन सम्बन्धी विधि तथा फर्महरू तयार गरी अनुशिक्षण दिने । | ६. सडक र यातायात क्षेत्रको सवाल समावेश गरी नगरस्तरीय आयोजना अनुगमन समितिको क्षमता विकासका कार्यलाई निरन्तरता दिने । | |
| | | ७. शत प्रतिशत यातायातका पूर्वाधार निर्माण र मर्मतमा प्राविधिकको प्रत्यक्ष निगरानी सुनिश्चित हुने गरी परिचालन योजना निर्माण र कार्यान्वयन गर्ने । |

नगरपालिकाको यातायात गुरु योजना नबनेको हुनाले सबै सडकलाई प्राथमिकताका आधारमा विभाजन गर्न सम्भव नहुँदा वडा तथा नगरस्तरमा भएका छलफल र आमनागरिकको रायका आधारमा हालका लागि

नगरका उच्चतम प्राथमिकताका सडकको सूचि बनाई ती सडक निर्माण वा स्तरोन्नतीको लागत अनुमान गरिएको छ। ५.५ मिटरको लेन (मध्यम लेन) लाई आधार बनाई नाला तथा कल्भर्ट समेत रहने गरी कालोपत्रे गर्न लाग्ने आवश्यक रकम उक्त तालिकामा प्रस्तुत गरिएको छ। यातायात गुरुयोजना अनुसार सडकहरूको लम्बाई केही फरक पर्न जान सक्ने र सोही अनुरुप लागत पनि परिमार्जन हुन सक्ने अवस्था आउन सक्छ। जसलाई समय क्रममा आवश्यक परिमार्जन गरिने छ।

**तालिका ३/५.३.३ : पूर्वाधार निर्माण तथा स्तरोन्नतीका लागि नगरको उच्च प्राथमिकतामा रहेका सडक**

| क्र. सं. | सडकको नाम | सडकको नाम | लम्बाई (मिटर) | हालको अवस्था | जम्मा लागत रु. लाखमा (५.५ मिटर चौडाई, कालोपत्रे, कल्भर्ट र नाला सहित) |
|---|---|---|---|---|---|
| १. | भटमासे जिलु कात्तिके | जिलु चक्रपथ | ११,१७० | ग्राभेल | १२६० |
| २. | अनाथालय महाँकाल शैलु | महाँकाल मार्ग | ७७९८ | ग्राभेल | ८७८ |
| ३. | दोलखा नागदह | नागदह मार्ग | १७६९ | ग्राभेल | २०३ |
| ४. | पाटीखोला, उखुवारी, कुथ्री, शेरा सडक | उखुवारी मार्ग | ८०१७ | ग्राभेल | ९०० |
| ५. | घ्यवापानी, माफगाउँ, शेरा, घट्टेखोला, निगाले बागखोर सडक | मदन आश्रित मार्ग | ८२०० | ग्राभेल | ९२३ |
| ६. | चरिकोट, देउराली सडक | देउराली मार्ग | ५२०० | ग्राभेल | ५८५ |
| ७. | अनाथालय, तार्थली, तिखातल सडक | पूरानो बजार मार्ग | ४३९० | | ४९५ |
| ८. | देउराली स्वामीको रुख सडक | सिंहावन सडक | ३५६२ | | ४०५ |
| ९. | सोक्ला खिलाप दिलढुंगा डोक्थली राम्पा सडक | दोलखा सिंगटी मार्ग | ५६०० | | ६३० |
| १०. | दोलखा नारायणदेउ सडक | | ७४९ | | ११३ |
| ११. | पिपलबोट चेतनशील कृष्णघरे सडक | चेतनशील मार्ग | १९९० | | २२५ |
| १२. | अनाथलय गाईघाट सडक | चर्नावती मार्ग | १७६९ | | २०३ |
| १३. | कमिनीचौर हलढुंगा सडक | सुन्दरीमाई मार्ग | १५१३ | | १६९ |
| १४. | सातदोबाटो रामकोट फुलवारी सडक | रामजानकी मार्ग | १५५० | | १६९ |
| १५. | च्यानडाँडा देउराली सडक | पर्यटकीय मार्ग | २११७ | | २३६ |
| १६. | साखिने दामुना सिंहराम सडक | सिंहराम मार्ग | १८३५ | | २०३ |
| १७. | यार्सा पात्ले खोला ग्रामीण सडक | चन्द्रावती मार्ग | | | |
| १८. | चर्नावती लप्चे बेसीघर सडक | पिपलवोट मार्ग | | | |
| १९. | धाब्रे चिसापानी पिडालुवारी सुर्के सडक | मितेरी मार्ग | | | |
| २०. | अंगेरीडाँडा डाडाँगाउँ दारहगौडा सडक | मनमोहन मार्ग | | | |
| २१. | धोत्रे झिंगाने लालीगुराँस मार्ग | लालीगुराँस मार्ग | | | |
| २२. | मकैवारी, देउराली, पानीघाट सडक | कालिञ्चोक मार्ग | | | |
| २३. | नागी नारायणदेउ सडक | नारायणदेउ मार्ग | | | |
| २४. | साखिने नेवारगाउँ अधिशेरा मार्ग | नगर चक्रपथ | | | |

**तालिका ४/५.३.३ : यातायात क्षेत्रको अपेक्षित उपलब्धि तथा परिमाणात्मक लक्ष्य**

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत) | | ३५ | ६० | ९० |
| समयवद्ध स्थानीय यातायात वा नगर बसको पहुँचमा रहेका घरधुरी (प्रतिशत) | | ४५ | ५५ | ८५ |
| सडक सञ्जालमा जोडिएका घरधुरी (प्रतिशत) | ५९.८२ | ७० | ८० | ९५ |
| कालोपत्रे सडकमा आवद्ध घरधुरी (प्रतिशत) | २१.३१ | ३५ | ५० | ७५ |
| ग्राभेल सडकमा आवद्ध घरधुरी (प्रतिशत) | ५.१२ | २० | ३० | १० |
| धुले सडकमा आवद्ध घरधुरी (प्रतिशत) | | ३५ | १५ | ५ |
| थप कालोपत्रेको लम्बाई (किमी) | | १५ | ५० | १२० |
| थप ग्राभेल सडकको लम्बाई (किमी) | | ३० | १२५ | १०० |
| यातायात सम्बन्धी विभिन्न नीति तया कानुन निर्माण | | ३ | ६ | ७ |
| पूर्वाधारयुक्त नगर चक्रपथ संख्या | | निर्माणाधिन | ग्राभेल | कालोपत्रे |
| ट्राफिक लाइटसहितको चोक व्यवस्थापन (थप) | | | | १ |
| बसपार्क बाहेक निर्धारित पार्किङ स्थल (थप) | | १ | ३ | ५ |
| सघन बस्ती क्षेत्रमा थप कालोपत्रे सडक पेटी तयार गर्ने (किमी) | | ३ | १० | २० |
| स्थानीय बस सञ्चालन हुने रुटमा यात्रु प्रतिक्षालयसहितको बस बिसौनी (जम्मा) | | ३ | १० | २० |
| पूर्वाधारयुक्त नगर बसपार्क | | | १ | १ |
| सडक पेटीमा रेलिङको व्यवस्था (जम्मा किमि) | | | १५ | ४० |
| सडक बत्ती जडा (सौर्य बत्तीलाई प्राथमिकता) | | ५ | ३० | ३० |

**नोटः** यातायात क्षेत्रका कार्यक्रम कार्यान्वयनपछि हाँसिल हुनसक्ने उपलब्धी सम्बन्धमा नगरपालिकाले आन्तरिक छलफल यो सूचक निर्धारण गरेको हो ।

## ५.३.४. सार्वजनिक निर्माण

### १. परिचय

भीमेश्वर नगरपालिका ऐतिहासिक, पूरातात्विक, धार्मिक, साँस्कृतिक, प्राकृतिक र पर्यटकीय दृष्टिकोणले प्रसिद्ध एवम् रमणीय नगरपालिका हो । नगरपालिकाको सार्वजनिक निर्माणका सेवा अर्न्तगत नगरले प्रवाह गर्ने सबै किसिमका सेवा प्रवाहका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण, स्तरोन्नती वा मर्मत सम्भार, व्यवस्थापन र सञ्चालनका कार्य पर्दछन् । सार्वजनिक सेवाको प्रभाकारिता र गुणस्तरीयतालाई ध्यानमा राख्दै भीमेश्वर नगरपालिकाले सार्वजनिक निर्माण कार्यहरूलाई प्राथकिताका साथ काम गरिरहेको छ ।

नगरले सार्वजनिक यातायातको नीति तयार गर्दा अहिले तथा भविष्यमा आवश्यक पर्ने खानेपानी र सरसफाईका भौतिक संरचना, सिँचाइका पूर्वाधार, सार्वजनिक तथा सामुदायिक भवन जस्ता संविधानमा नगरले प्रवाह गर्ने सेवा अन्तर्गत समेटिएका विषय तथा संवैधानिक तथा स्थानीय अवस्था अनुसार नगरबाट नागरिकले अपेक्षा गरेका विद्युत र सञ्चारको सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माणसम्बन्धी विषय सार्वजनिक निर्माण अन्तर्गत समेटिएको छ । उल्लिखित क्षेत्र बाहेक आर्थिक र सामाजिक विकासमा योगदान गर्ने भौतिक पूर्वाधारको समग्र विषय पनि यो नीतिमा समावेश छ ।

यातायात बाहेकका सार्वजनिक सेवाका पूर्वाधार विकासको विधि व्यवस्थित र योजनावद्ध बनाउन आगामी दिनमा नगरले अवलम्बन गर्ने विधिहरू यहाँ प्रस्तुत गरिएको छ । खानेपानी, सरसफाई, सिँचाइ, सार्वजनिक/सामुदायिक भवन, विद्युत र सञ्चारका पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनका कार्यको प्रभावकारिता बढाउन यो तय गरिएको हो । शिक्षा, स्वास्थ्य, आर्थिक विकास, बाल संरक्षण तथा ज्येष्ठ नागरिक सम्मानमा आवश्यक सेवाका पूर्वाधार निर्माण निर्देशित र व्यवस्थित आधारभूतहरू पनि यो खण्डमा प्रस्तुत गरिएको छ । पहिलो खण्डमा सबैखाले सार्वजनिक सेवाका पूर्वाधार र दोस्रो खण्डमा खानेपानी, सरसफाई, सिँचाइ, सार्वजनिक भवन, विद्युत र सञ्चार क्षेत्रका क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्राथमिकता प्रस्तुत गरिएको छ ।

## २. समग्र भौतिक पूर्वाधारको वर्तमान अवस्था

भीमेश्वर नगरपालिकामा पछिल्लो समयमा पूर्वाधार निर्माणको अभ्यास व्यवस्थित गर्दै लगिएको भएता पनि धेरैजसो पूर्वाधारहरू समुदायको अग्रसरतामा र उपयुक्त योजना बिना बनेका हुनाले विगतमा निर्माण भएका त्यस्ता पूर्वाधारहरूको स्थान, समेट्ने क्षेत्र, सो को वातावरणीय पक्ष तथा प्राविधिक पक्षमा कमी कमजोरी रहेका  छन । नगर केन्द्रबाट टाढा र भौगोलिक रुपमा केही जटिल नगर, बाहिरका टोल तथा बस्तीहरूलाई निश्चित मापदण्डको सेवाको पहुँचमा लैजान प्रशस्त चुनौतिहरू सामना गर्दै अघि बढ्नुपर्ने अवस्थामा यो नगर रहेको छ । मिश्रित भू-उपयोगको अभ्यासमा विकास भएको यस नगर तत्काल विशिष्ठ सेवाका पूर्वाधार तोकिएको स्थानमा सार्न सक्ने अवस्था नरहेकोमा सो को अधिकतम व्यवस्थापन तथा नयाँ निर्माणका सन्दर्भमा सकेसम्म वैज्ञानिक भू-उपयोगको अवस्था हुने गरी निर्माण गर्ने नीति नगरले लिनुपर्ने अवस्था छ ।

सामाजिक विकास अन्तर्गतका खानेपानी तथा सरसफाईका पूर्वाधार निर्माण नगरको प्राथमिकतामा रही आएको भए पनि छरिएर रहेका योजनाको केन्द्रिय सञ्चालन र व्यवस्थापनका लागि धेरै कार्य गर्न बाँकी रहेको छ । स-साना भौतिक पूर्वाधार विकास भइरहेको भए पनि तिनको पर्याप्तता र गुणस्तरीयताले पर्याप्त प्राथमिकता पाउन सकेको छैन । भू-उपयोग र पूर्वाधारको बिचमा तालमेलको प्रयास भइरहेको भए पनि सो पर्याप्त छैन । शिक्षा, स्वास्थ्य तथा सेवा प्रवाहसँग सम्बन्धित अन्य पूर्वाधारको आकार, गुणस्तरीयता र पहुँचको अवस्थामा पनि विविधता रही आएको छ ।

पूर्वाधार यहाँ उल्लेख गरिएका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा हरेक विशिष्ट सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा नगरभित्रका सम्बन्धित सेवामा आम नागरिकको पहुँच, लागत प्रभावकारिता तथा समुदायको स्वास्थ्य, सुरक्षा, सम्मान तथा भू-उपयोगको उपयुक्तता समेत ध्यान दिई तयार गरिएका छन् ।

## ३. मुख्य अवसर र चुनौती

संवैधानिक व्यवस्था तथा संघीय कानुनले प्रबन्ध गरे अनुसार स्थानीय अवस्था अनुसारको कानुन र नीति नियम बनाएर सार्वजनिक निर्माणका कार्यलाई व्यवस्थित गर्ने अवसर नगरलाई रहेको छ । संघ, प्रदेश तथा अन्य बाह्य निकायको सहयोगमा जिल्लाका अन्य क्षेत्र समेतको हितमा गरिने लगानीको लाभ पनि नगरले लिनसक्ने अवस्था छ भने विशेष पूर्वाधारका लागि विशेष अनुदान प्राप्त गर्ने अवसर पनि रहेको छ ।

भने पूर्वाधार र उत्पादन तथा आर्थिक विकासका बिचको तादम्यता मिलाउने, असीमित चाहनालाई सीमित स्रोतबाट सम्बोधन गर्दै दीगो पूर्वाधार तयार गर्ने र सकारात्मक भू-उपयोगमा आधारित पूर्वाधार विकास र व्यवस्थापन गर्ने चुनौती रहेको छ ।

## ४. लक्ष्य

नगरबासीलाई सुव्यवस्थित, दीगो र पहुँचयोग्य सार्वजनिक भौतिक पूर्वाधारको उपलब्ध गराउने ।

## ५. उद्देश्य

सार्वजनिक निर्माणको कार्यलाई मितव्ययी, कार्यकुशल, समयवद्ध र भू-उपयोग योजना अनुकुल बनाउँदै उपलब्धता र पहुँच विस्तार गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.३.४ : सार्वजनिक निर्माणका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. सार्वजनिक पूर्वाधारमा आधारित सेवामा नगरवासीको पहुँच सुनिश्चित गर्न समावेशी विकासको पद्धति अवलम्बन गर्ने । | १. सार्वजनिक संरचना निर्माण गर्दा अधिकतम नगरवासीले लाभ पाउने कार्यक्रम मुख्य प्राथमिकता दिइने छ ।<br>२. सार्वजनिक सेवाका पूर्वाधार निर्माण गर्दा सकेसम्म धेरै जनसङ्ख्या पायक पर्ने स्थानमा बनाइने छ ।<br>३. सबै किसिमका पूर्वाधार निर्माण गर्दा अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिक लगायत विशेष रेखदेख पाउनुपर्ने अवस्थामा रहेका नागरिकको पहुँच सुनिश्चितता गर्ने कुरा समग्र निर्माण कार्यको अभिन्न मापदण्ड बनाइनेछ ।<br>४. पूर्वाधार निर्माणसँगै त्यसबाट प्रवाह हुने सेवा क्षेत्रका सबै नगरवासीले समानस्तरको सेवा पाउने गरी डिजाइन र कार्यान्वयन गरिने छ । |
| २. सार्वजनिक निर्माणको कार्य मितव्ययी, कार्यकुशल र समयवद्ध बनाउन पूर्वाधार विकासलाई निश्चित मापदण्डमा वैज्ञानिक पद्धतिमा आधारित बनाउने । | १. बृहत् योजनाले तय गरेका प्राथमिकताका आधारमा नगरको आन्तरिक स्रोत, सम्भाव्य बाह्य स्रोत तथा साझेदारी समेतको सम्भावना विश्लेषण गरी पूर्वाधारका प्रमुख प्राथमिकताका परियोजना समेटेको बहुवर्षीय पुँजी सुधार कार्यक्रम निर्माण गरिने छ । नगरवासीको बृहत्तर आर्थिक सामाजिक हित गर्ने पूर्वाधारमा लगानी गर्नुपर्दा पुँजी सुधार कार्यक्रममा समेटेर मात्र गरिने छ ।<br>२. सार्वजनिक सेवाका पूर्वाधार निर्माण गर्दा सम्बन्धित समुदायको न्यूनतम आवश्यकता पूरा हुने तथा गुणस्तरका नगर मापदण्ड पुग्ने गरी मात्र गरिनेछ । सेवा प्रवाहको क्षमता र उपयोगिताको बिचमा सन्तुलन आउने कुरालाई ध्यान दिइने छ । सेवा अपुग हुने वा आवश्यकता भन्दा अत्याधिक क्षमताका पूर्वाधार निर्माण गरिने छैन ।<br>३. निर्माण गरी सञ्चालनमा आइसकेका सार्वजनिक सेवाका पूर्वाधार अपुग विश्लेषणका आधारमा न्यूनतम मापदण्डमा पुर्‍याइने छ ।<br>३. सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा दोहोरोपना निरुत्साहित र नियन्त्रित गरिने छ । सोही प्रकृतिको कार्य पुनः गर्नु पर्दा अपुग पूरा गर्नमा केन्द्रित हुने गरी मात्र कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४ नगर आफैं वा अन्य निकायबाट हुने पूर्वाधार विकासका कार्यक्रमको नकारात्मक प्रभाव नियन्त्रण, दीगोपन तथा गुणस्तरीयता कायम गर्नमा नगरबाट समन्वयकारी भूमिका निर्वाह गरिने छ ।<br>५. ठूला आयोजनाको गुणस्तरीयता र दीगोपना निश्चित मापदण्ड बनाइने छ । त्यस्ता आयोजना सम्पन्न भई अन्तिम भुक्तानी गर्नु अघि निर्धारित गुणस्तर मापदण्डका आधारमा तेश्रो पक्ष मूल्यांकन (Third Party Evaluation) गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ६. समयवद्ध र गुणस्तरीय निर्माणका लागि अनुगमन र मुल्यांकन पद्धति थप प्रभावकारी बनाइने छ। समयमा काम पूरा गर्नका लागि सम्झौताका शर्तहरूको पूर्ण कार्यान्वयन गरिने छ। निर्माण व्यवसायी, उपभोक्ता समिति र अमानतबाट हुने कामको समयवद्धता, गुणस्तरीयता र जवाफदेहिताका स्पष्ट मापदण्ड बनाई कार्यान्वियन गरिने छ। सबै स्तरबाट हुने निर्माणका कार्यको सामुदायिक निगरानी र जनसहभागिताको वर्तमान अभ्यासमा थप सुधार गर्न आवश्यक विधि निर्धारण र कार्यान्वयन गरिने छ। |
| ३. पूर्वाधारको माग र नगरको क्षमताका बिचमा सन्तुलन कायम गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने। | १. सार्वजनिक सेवाका नयाँ पूर्वाधार निर्माणमा ती संरचनाको आकार वा क्षमता निर्धारण गर्दा विद्यमान जनसङ्ख्या र भविष्यको प्रक्षेपण समेतलाई आधार बनाइने छ।<br>२. नगरस्तरीय पूर्वाधार निर्माणको निर्णय गर्नु अघि त्यस्ता सार्वजनिक निर्माणका सुविधाहरूको पर्याप्तताको मुल्याङ्कन गरिने छ। पर्याप्तता नहुने देखिएमा परिमार्जन गरेर मात्र पुँजी सुधार कार्यक्रममा समावेश गरिने छ।<br>३. भविष्यमा सार्वजनिक सेवाको मागमा हुने वृद्धि मध्यनजगर गर्दै सार्वजनिक निर्माणका लागि भविष्यमा आवश्यक पर्ने जमिनको सुनिश्चिता अग्रिम रुपमा गरिने छ। महत्वपूर्ण सार्वजनिक सेवा पूर्वाधार विकासका लागि आवश्यक जग्गा लगायत सार्वजनिक साधनको उपलब्धता सुनिश्चित गर्न आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वयमा अधिग्रहण वा निःशुल्क प्राप्ती गरिनेछ।<br>४. हाल सञ्चालमा रहेका वा विगतमा संचालनमा रहेका सार्वजनिक सेवाका पूर्वाधार कुनै कारण बन्द भएमा त्यस्ता पूर्वाधारले चर्चेको क्षेत्र वा अन्य संरचना सार्वजनिक सेवाका अन्य पूर्वाधार निर्माण र सञ्चालनका लागि मात्र उपयोग गरिने छ।<br>५. कुनै महत्वपूर्ण पूर्वाधार निर्माणमा संघ, प्रदेश वा बाह्य निकायको पूर्ण सहयोग रहेको अवस्थामा त्यस्ता कार्यक्रममा नगरको स्रोत लगाइने छैन। स्रोत छुट्याई सकिएको कार्यक्रममा बाह्य स्रोत प्राप्त हुने अवस्था रहेमा उपयुक्त प्रक्रियाबाट नगरको स्रोत वैकल्पिक निर्माणको कार्यमा लगाइने छ। |
| ४. सार्वजनिक सेवाका पूर्वाधार निर्माण भू-उपयोग योजना अनुकुल बनाउने। | १. सार्वजनिक सेवाका पूर्वाधारहरूको स्थान तय गर्दा भू-उपयोगको योजना अनुसार हुने गरी गरिने छ।<br>२. लागत प्रभावकारी तथा एउटै पूर्वाधारबाट एकभन्दा बढी समुदाय लाभ हुने पूर्वाधार निर्माणमा जोड दिइने छ तर यसबाट सम्बन्धित समुदायको भू-उपयोगमा नकारात्मक प्रभाव हुन नदिन पर्याप्त सावधानीका उपाय अपनाइने छ।<br>३. सार्वजनिक पूर्वाधारको डिजाइन गर्दा नगर वा सम्बन्धित समुदायको विशिष्ठ पहिचान, स्थानीय विशेषतामा तथा सामुदायिक विशिष्ठतामा ध्यान दिइने छ।<br>४. सार्वजनिक सेवाका सबै पूर्वाधार निर्माण गर्दा नगरले तोकेको संहिता तथा मापदण्डको पूर्ण पालना गरिने छ। क्षेत्र विशेषका लागि कुनै संरचनाको स्थान, आकार, उचाई, ओगट्ने अधिकतम वा न्यूनतम क्षेत्र आदि कानुनमा तोकिएको भए ती सबै व्यवस्थाको पूर्ण पालना गरिने छ।<br>५. सबै संरचना निर्माण गर्दा सम्पदा क्षेत्रमा रहेका ऐतिहाँसिक, धार्मिक र साँस्कृतिक सम्पदाको विशिष्ठ पहिचान र महत्वमा असर हुन दिइने छैन। सार्वजनिक निर्माणका कारणले त्यस्ता संरचनाको क्षति हुने अवस्थामा निर्माणको विकल्प खोजिने छ। |

| रणनीति | कार्यनीतिहरू |
| --- | --- |
| ५. सार्वजनिक सेवाका पूर्वाधारको क्षेत्र निर्धारण गर्दा पर्याप्तता, उपयुक्तता र पहुँचलाई आधार बनाउने । | १. पूर्वाधार निर्माणको विकल्प छनोट गर्दा पूर्वाधारको प्रकृति अनुसार पूर्वाधार रहेको क्षेत्रसम्म न्यूनतम मापदण्ड पुगेका दुईतर्फी रुपमा ठूला गाडी आवतजावत गर्नसक्ने सडक भएको वा हुने यकिन गरिने छ । सामुदायिक पार्क, विद्यालय तथा सामुदायिक पुस्तकालयहरू, ज्येष्ठ नागरिक हेरचाह केन्द्र, बालगृह आदि निर्माण गर्दा सडक मार्गको अतिरिक्त पैदलमार्गको उपलब्धता पनि सुनिश्चित गरिने छ ।<br>२. सार्वजनिक निर्माणका साइट छनोट गर्दा वर्तमान समस्या समाधान तथा भविष्यको चाप सम्बोधन र वर्तमान र भविष्यको पहुँच समेत ख्याल गरिने छ । जग्गा प्राप्ती वा अधिग्रहण गर्नु अघि यो विषयको समेत विश्लेषण गरिने छ ।<br>३. सेवाको प्रकृति अनुसार सार्वजनिक सेवाका पूर्वाधारको मुख्य संरचना रहने स्थानमा विद्युत, सञ्चार, खानेपानी तथा ढलको लाइन जोडिएको हुनुपर्ने छ । त्यसका लागि सार्वजनिक जमिनको प्रयोग गर्दा अधिकतम उपयोगिता सुनिश्चित गरिने छ ।<br>४. ठूला लगानीका सार्वजनिक निर्माणको प्रक्रिया शुरु गर्नु अघि भू-वैज्ञानिक परीक्षण तथा वातावरणीय प्रभाव मुल्यांकन गरिने छ ।<br>५. सार्वजनिक सेवाका पूर्वाधार सम्बन्धी निर्णय गर्दा समुदाय र सामुदायिक संघसंस्थासँग पर्याप्त परामर्श गरिने छ । पूर्वाधारका कारणले समुदाय नकारात्मक आर्थिक र सामाजिक प्रभाव पर्न दिइने छैन । ठूला आयोजनाहरू निर्माण गर्दा मुआब्जा तथा क्षतिपूर्तिको व्यवस्था मिलाइनेछ । |
| ६. सार्वजनिक निर्माणको प्रक्रिया व्यवस्थित गर्न नगरको सार्वजनिक सेवा प्रवाहको क्षमता अभिवृद्धि गर्ने । | १. नगरमा रहेको प्राविधिक शाखा जनशक्ति र उपकरणयुक्त बनाइने छ । प्राविधिक शाखाको वर्तमान संरचनामा आवश्यक परिमार्जन गरी विशिष्ठ पूर्वाधार निर्माण, सुधार तथा सञ्चालनको समन्वय, अनुगमन र गुणस्तर नियन्त्रण गर्नका लागि विशिष्टीकृत एकाई तयार गरिने छ ।<br>२. सार्वजनिक निर्माणसँग सम्बन्धित एकाईका लागि चाहिने न्यूनतम प्राविधिक र व्यवस्थापकीय क्षमता निर्धारण गरी सो स्तरमा पुग्ने गरी नगर आफैं वा अन्य पक्षको सहयोग र साझेदारीमा क्षमता विकासका उद्देश्यमूलक कार्यक्रम चरणवद्ध रुपमा सञ्चालन गरिने छ ।<br>३. प्राविधिक शाखा तथा अन्तर्गतका एकाईहरू आवश्यक पर्ने उपकरण तथा पूर्वाधारका लागि सालबसाली रुपमा बजेट सुनिश्चित गरिने छ ।<br>४. सार्वजनिक निर्माण शाखा तथा एकाई, सूचना प्रविधि शाखा लगायत नगरका अन्य शाखा तथा एकाईसँगको समन्वय र परस्पर सहयोग अभिवृद्धिका लागि आवश्यक संरचनागत सुधार गरिने छ । |

## क. खानेपानी (Drinking Water)

## १. परिचय

नेपालको संविधानले आधारभूतस्तरको खानेपानी र सरसफाई सुबिधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानीबाट रोग लाग्ने जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीको लागि प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्यूनिकरण गर्न सकिन्छ । नगरवासीमा आधारभूतस्तरको खानेपानी सेवाको गुणस्तरीय अभिवृद्धि गरी सुरक्षित पानीको उपलब्ध गराउन नगरपालिकाले विशेष प्राथमिकताका साथ काम गरिरहेको छ ।

## २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिकामा खानेपानीका प्रशस्त मुहान रहेकोले खानेपानी व्यवस्थापनका लागि स्रोतको समस्या खासै छैन । विभिन्न वडा तथा बस्तीहरूमा खानेपानी सेवाको वितरणको अभ्यासमा भने विविधता रहेको छ। यस नगरमा धेरैजसो परिवार गुरुत्वाकर्षणमा आधारित पानी प्रवाह र वितरणमा आधारित रही पाइपमार्फत् वितरित खानेपानी सेवाको पहुँचमा रहेका छन् भने केही परिवारले अन्य विकल्पको पनि प्रयोग गरेका छन् । २०७५ सालको तथ्याङ्क अनुसार नगरका ९५.५१ प्रतिशत परिवारले धारा वा पाइपको पानी खानेपानीको प्रमुख स्रोतको रुपमा उपयोग गरिरहेका छन् । २९.८३ परिवारको घर वा कम्पाउण्डभित्रै धारा रहेको छ भने विभिन्न तवरले आफ्नै घरसम्म पाइप वा धारा जोडिएका परिवार ५४.४४ प्रतिशत रहेका छन् । नगर र चरिकोट बजार क्षेत्रमा घरधुरीस्तरमा धारा जडान गरिएको छ भने खानेपानीको मिटर जडानको प्रक्रिया प्रारम्भ भएको छ ।

चरिकोट खानेपानी तथा सरसफाई आयोजना, दोलखा खानेपानी तथा सरसफाई आयोजना, अल्छीफेद किराँती छाप खानेपानी आयोजना, कुप्री खानेपानी आयोजना, बोच खानेपानी आयोजना जस्ता ठूला र मध्यमस्तरका खानेपानी आयोजना तथा ग्रामीण भेगमा अन्य स-साना आयोजनाबाट खानेपानी सेवा प्रवाह भइरहेको छ । शहरी भेगमा नगरस्तरको खानेपानी आयोजना सञ्चालन भइरहेको भएता पनि ग्रामीण भेगमा नगर मापदण्ड सहितको व्यवस्थित र पहुँचयोग्य खानेपानी सेवा एकीकृत रुपमा सञ्चालन गर्न बाँकी रहेको छ । हाल सञ्चालनमा रहेका आयोजनाबाट उपलब्ध हुने पानीको परिमाण शहरी मापदण्ड (प्रतिव्यक्ति प्रतिप्रतिदिन ६० देखि ८० लि.) भन्दा कम रहेकोले आपूर्ति बढाउनु पर्ने अवस्था छ ।

हाल निर्माणाधीन खानेपानी आयोजना पूर्ण रुपमा सञ्चालनमा आउँदा सन् २०२२ सम्ममा ६८ प्रतिशत र २०२५ सम्ममा ७६.५ प्रतिशत र २०३० सम्ममा ९० प्रतिशत जनसङ्ख्यामा सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तीमा यस नगरपालिका सफल हुने देखिन्छ ।

## ३. मुख्य अवसर र चुनौती

भीमेश्वर नगरपालिकाका वडाहरूमा रहेका खानेपानीका बहुस्रोतको (खोला, मुहान, वर्षेपानी आदि) उपयोग गरी घर घरमा धारासहितको खानेपानी सुविधा नगरभरि विस्तार गर्न सकिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड तथा अभ्यासलाई ध्यान दिँदै स्थानीय परिवेश, नगरको क्षमता तथा प्राथमिकताका आधारमा खानेपानी तथा सरसफाईको नगर मापदण्ड बनाई अघि बढ्ने, घर घरमा धारा पुऱ्याउने नगरको स्पष्ट कार्य दिशा रहेकोले नीतिगत प्राथमिकताका आधारमा अघि बढ्ने अवसर रहेको छ । नगरस्तरमा नगर प्रमुख र वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा खानेपानी, सरसफाई र स्वच्छता समन्वय समिति रहकोले अन्य स्रोत परिचालन र समन्वयका लागि वातावरण रहेको छ । महशुलमार्फत् समुदायको लागत सहभागितामा खानेपानी आयोजनाको व्यवस्थापन गर्दै हाल कार्यान्वयनमा रहेको चरिकोट खानेपानी तथा सरसफाई आयोजना र अन्य मध्यमस्तरका खानेपानी आयोजना सम्पन्न गरी खानेपानीको व्यवस्थित आपूर्तिमा सहजता ल्याउने अवसर छ । वडामा रहेका टोल विकास समिति तथा वडास्तरमा गठन भएका विषयगत कार्यदललाई खानेपानीका योजना छनोट र प्राथमिकीकरण प्रक्रियालाई थप सहभागितामूलक बनाउने अवसरको रुपमा उपयोग गर्न सकिन्छ ।

नगर क्षेत्रमा घरधुरी र सामुदायिक धारामार्फत् नगरवासीलाई आधारभूत खानेपानी सेवालाई घरधुरीस्तरको धारासहित नगर मापदण्डको खानेपानी सेवामा रुपान्तरण गर्ने र वर्तमान नीतिगत आधारमा सरसफाईको सेवालाई विस्तार र सुधार गरी साविक नगरपालिकामा म्याट्रिक्समा आधारित घर नम्बर प्रणालीमार्फत् सबै सेवाको पुहँचको अवस्था मापन गर्ने अवसर पनि रहेको छ ।

प्राविधिक क्षमताको सीमितता र कमजोर स्रोतगत आधार तथा नगरको भौगोलिक परिवेशले प्रस्तुत गर्ने जटिलता बिच राष्ट्रिय मापदण्ड अनुकुलको स्थानीय मापदण्ड बनाउँदा पनि सोही अनुसार उपलब्धी हाँसिल गर्नु चुनौतिपूर्ण छ। यसैगरी, मुहान दिने र लिने विषय जटिल बन्दै जाँदा त्यसको समाधान गरी पानीका स्रोतको साझा स्वामित्वको कानुनी प्रावधानलाई व्यवहारमा प्रयोग गर्न सकिने गरी नीति नियम निर्माण र कार्यान्वयन गर्ने चुनौती रहेको छ।

घर घरमा धाराका लागि हरेक घरको लागत सहभागिता जुटाउने, नगरमा रहेका सीमित प्राविधिक जनशक्तिबाट सबै खाले निर्माणको प्राविधिक पक्षमा पर्याप्त ध्यान दिई गुणस्तरीय र लागत प्रभावकारी निर्माण गर्न, भएका पानीका स्रोतको साझा उपयोगका सन्दर्भमा रहेका समस्या समाधान गरी सामुहिक हितमा ती स्रोतको उपयोग गर्ने तथा भएका मुहानको संरक्षण गर्ने, एक घर एक धाराको अभ्यास सबैतिर विस्तार गरी पानीको मिटर समेत जडान गरेर वा नगरी उपयोगमा आधारित दायित्व बहनको अभ्यासमा आम नागरिकलाई अभ्यस्त गराउने, व्यवस्थापमा देखिएका समस्या सामाधान गरी पानीको चुहावट नियन्त्रण गर्ने र सबैलाई सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने, छरिएका विभिन्न वडा तथा बस्तीमा छरिएका खानेपानी आयोजनाबाट वितरित खानेपानीलाई व्यवस्थित शहरको खानेपानी वितरणको मापदण्डमा पुऱ्याउने चुनौती रहेको छ।

## ४. लक्ष्य

सबै नगरवासीलाई पर्याप्त, पहुँचयोग्य र सुरक्षित खानेपानीको उपलब्ध गराउने।

## ५. उद्देश्य

स्वच्छ, सुरक्षित, सर्वसुलभ र दीगो खानेपानी उपलब्धतामा सबै नगरबासीको पहुँचमा सुनिश्चित गर्नु।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका २/५.३.४ : खानेपानी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| ७. सबै नगरवासीमा सुरक्षित पानीको पहुँच पुऱ्याउन उपयुक्त विधि र मापदण्डको पालना र सामुदायिक सहभागितामा आधारित पूर्वाधार निर्माण तथा एकीकृत वितरण गर्ने। | १. साना तथा मझौला खानेपानीका स्रोत तथा योजना एकीकृत गरी भीमेश्वर नगरपालिका भरका लागि समान पानी वितरण प्रणाली तय गरिने छ। यसका लागि आवश्यकता अनुसार सम्बन्धित उपभोक्ता, निजी क्षेत्र तथा सामुदायिक संघसंस्थाहरूसँग सहकार्य गरिने छ।<br>२. खानेपानीका स्रोत पहिचान, सूचिकरण र संरक्षण गरिने छ। निजी जग्गामा रहेका लगायत खानेपानीका सबै स्रोत माथि सार्वजनिक स्वामित्वको सुनिश्चितता गरिने छ। स्रोतको एकीकरण वा ठूला पानीका स्रोतमा आधारित संरचनामार्फत् हरेक आवासीय, व्यवसायिक र संस्थागत घर तथा भवनसम्म खानेपानीको पहुँच पुऱ्याइने छ।<br>३. जनसङ्ख्याको चाप र अधिकतम पहुँच दिलाउने गरी आवश्यकता अनुसार क्लष्टर, वडा, बस्ती वा समुदायस्तरमा उपयुक्त स्थानहरूमा पानी संकलन तथा वितरण केन्द्र निर्माण गर्ने तथा वर्तमान वितरण प्रणाली सुधारको विषय पनि समान प्राथमिकतामा राखिने छ।<br>४. एकीकृत पानी वितरण प्रणालीमा आवद्ध गर्न जटिल हुने र अधिक लागत लाग्ने तर बस्ती सार्न नसकिने साना वा छरिएका बस्तीका लागि भने नगर मापदण्ड प्रतिकुल नहुने गरी साना खानेपानी आयोजनाको व्यवस्थापन गरिने छ। |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ५. खानेपानीका पूर्वाधारको प्राविधिक मापदण्डकै रुपमा ती पूर्वाधारले ओगट्ने क्षेत्र र चर्चने क्षेत्र समेत जोडी न्यूनतम जग्गाको क्षेत्रफल निर्धारण गरिने छ । |
| | ६. पानीको स्रोतबाट भण्डारण तथा वितरणमा चाहिने पूर्वाधार निर्माणका लागि चाहिने जमिन व्यवस्था गर्दा अन्य भू-उपयोग मा असर नगर्ने सार्वजनिक जग्गा, सामुदायिक योगदानका जग्गा वा खरिद गर्नुपर्ने जग्गा निर्माण प्रक्रिया शुरु हुनु अघि नै प्राप्ती वा अधिग्रहण गरिसकिने छ । |
| | ७. नयाँ बस्ती विकास गर्नु अघि नै भू-उपयोग योजनाद्धारा निर्धारित क्षेत्रहरूमा पानीको बन्दोबस्त गर्ने विकल्प तयार गरी सम्बन्धित पूर्वाधारको लागि चाहिने जमिनको पूर्व व्यवस्था गरिने छ । |
| | ८. पानीको संकलन तथा वितरणका लाइन बनाउँदा वातावरण संरक्षण वन, तथा पानीका भौगर्भिक वा सिमसार क्षेत्रहरूमा प्रतिकुल असर नगर्ने गरी व्यवस्थापन गरिने छ । |
| | ९. संघीय सरकारको शहरी विकास मन्त्रालयद्धारा स्थापित संहिता तथा मापदण्ड भीमेश्वर नगर मापदण्डमा अनुकुलन गरी न्यूनतम ८० लिटर प्रतिव्यक्ति प्रतिदिनको दरमा पानीको आपूर्ति हुने गरी स्रोत र संरचनाको व्यवस्थापन गरिनेछ । |
| | १०. सम्भाव्य आगलागी नियन्त्रणका लागि आवश्यक पर्ने पानी व्यवस्थापनका लागि सार्वजनिक खानेपानी संकलन ट्यांकीमा न्यूनतम पानीको मात्रा रहिरहने व्यवस्था गरिने छ । व्यापारिक कम्प्लेक्स तथा उद्योग परिसरमा २४सै घण्टा न्यूनतम पानी संकलन गर्नुपर्ने व्यवस्था गरिने छ । |
| | ११. हरेक नगरस्तरीय खानेपानी आयोजनाका लागि पुँजी सुधार कार्यक्रम अनुसार निर्माण सम्पन्न नभएसम्मका लागि वार्षिक रुपमा श्रोत उपलब्ध हुने व्यवस्था गरिनेछ । |
| | १२. खानेपानी सेवा निरन्तर सञ्चालन र व्यवस्थापनका लागि महशुल प्रणाली व्यवस्थित बनाइने छ । यसका लागि नगर वा क्लष्टरस्तरीय उपभोक्ता समितिसँग उपयुक्त साझेदारी गरिने छ । |

## ख. सार्वजनिक सरसफाई (Public Sanitation)

## १. परिचय

शहरीकरणको धेरै प्रभाव नभएको भीमेश्वर नगरपालिकामा स्वच्छ हावापानीको र प्राकृतिक वातावरणको अनुभव गर्न सकिन्छ । तर पनि नगरको दैनिक रूपमा घरबाट निस्किएको फोहोरलाई उचित व्यवस्थापन गर्न सकिएको खण्डमा फोहोरमैलाको व्यवस्थापन हुन्छ । जसले नगरका बासिन्दालाई स्वस्थकर जीवन जिउन मद्दत गर्दछ । हालको दिनमा सरसफाईको दायरा फराकिलो भई प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण जनजीविका सामाजिक सशक्तिकरण र समृद्धिको आधार स्तम्भको रुपमा विस्तारित भई सरसफाईलाई नगर विकासको अभिन्न अंगको रुपामा लिन थालिएको छ। यस विषयमा नगरपालिकाले विशेष प्राथमिकताका साथ काम गरिरहेको छ ।

## २. वर्तमान अवस्था

खुला दिसामुक्त भइसकेको भीमेश्वर नगरपालिकामा शौचालय प्रयोग गर्ने जनसङ्ख्याको आधारमा दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तीका सन्दर्भमा २०२२ सम्ममा प्राप्त हुने अपेक्षित उपलब्धी हाँसिल गरिसकेको छ । मानवजन्य फोहोर प्रशोधन गरी छुट्याउने र भरपर्दो व्यवस्थापन गर्ने विधिसहितको सार्वजनिक ढल प्रणाली नरहेको यस नगरमा सुदृढ सरसफाई संरचनाको उपयोग गर्ने जनसङ्ख्या सन् २०२२ सम्ममा ७० प्रतिशत र २०३० सम्ममा ९५ प्रतिशत पुऱ्याउन नगरले यो क्षेत्रमा प्राथमिकताका साथ कार्य गर्नुपर्ने देखिन्छ ।

ग्रामीण भेगमा घर धुरीस्तरको शौचालयको सेप्टिक ट्यांकको फोहोर व्यवस्थापन सुरक्षित रुपमा गर्ने प्रबन्ध गर्न पनि बाँकी रहेको छ । नगरका बढी जमघट हुने बजार तथा सेवा, आसपास सार्वजनिक शौचालयको आवश्यकता महसुस भइरहेको, पर्यटकीय तथा धार्मिक क्षेत्रहरूमा सार्वजनिक सरसफाईको गुणस्तर वृद्धि गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यो समस्या समाधानका लागि पनि नगरले कदम चाल्नुपर्ने अवस्था छ । मानवजन्य फोहोरको वैज्ञानिक विसर्जन वा व्यवस्थापन तथा भौगोलिक अवस्था तथा बस्तीको सघनताका आधारमा ढल व्यवस्थापन समेत सरसफाई क्षेत्रमा नगरको प्राथमिकता रहेको छ ।

सरसफाई केन्द्र सञ्चालन नगरले प्राथमिकतामा राखी पूर्वाधार निर्माणको कार्य शुरु गरेको छ । नगरमा ठोस फोहोर व्यवस्थापनका लागि संकलन र अस्थायी व्यवस्थापनको कार्य नगरले गरिरहेको भए पनि ठोस फोहोर पुनरचक्रण, प्रशोधन प्रणाली स्थापना र सञ्चालन गर्न बाँकी रहेको छ । त्यसका लागि उपयुक्त पूर्वाधार विकास तथा सेवामा नगरका सबै समुदायको पहुँच सुनिश्चिता गर्नु पनि नगरको प्राथमिकता रहने छ ।

## ३. मुख्य अवसर र चुनौती

भीमेश्वर नगरपालिकाका सबै वडा खुला दिसामुक्त वडा घोषणा भई नगर समेत खुला दिसामुक्त नगर घोषणा भइसकेकोले सरसफाईका अन्य पक्षलाई ध्यान दिएर पूर्ण सरसफाईयुक्त नगर बनाउने र सरसफाईमार्फत् पर्यटनमा समेत टेवा दिने अवसर रहेको छ । साझेदारी र सहभागिताका आधारमा सार्वजनिक सरसफाईलाई अघि बढाउने स्पष्ट कानुन भएकोले कार्य विधि बनाई सरसफाईको उद्देश्य हाँसिल गर्नमा सामुहिक प्रयास अघि बढाउने र नगरका केही वडाको अनुभवका आधारमा फोहोर नियमित संकलन र ब्यवस्थापनको अभ्यासलाई नगरका कम्तीमा वडा केन्द्रसम्म विस्तार गर्ने अवसर रहेको छ ।

आवश्यक पूवार्धार विकास नभएको सन्दर्भमा सबै वडाको फोहोर संकलन गरी ब्यवस्थापन तथा बहुउपयोगमा लगेर नगरलाई पूर्ण सरसफाईयुक्त नगर बनाउन र आवश्यक पूर्वाधार विकास गरी नगरवासीको घरलाई घर सार्वजनिक ढल ब्यवस्थापन प्रणालीमा आवद्ध गर्ने चुनौती रहेको छ । फोहोरको प्रकृतिअनुसार प्लाष्टिकजन्य तथा अन्य नसड्ने फोहोरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदुषण वृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ । अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धि गराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ । तसर्थ फोहोरको उचित व्यवस्थापनमा प्लाष्टिकजन्य तथा अन्य नसड्ने फोहोरहरूको व्यवस्थापनमा चुनौती रहेको छ ।

## ४. लक्ष्य

पूर्ण सरसफाईयुक्त स्वच्छ र सफा नगर निर्माण गर्ने ।

## ५. उद्देश्य

दिसाजन्य र अन्य फोहोरमैला व्यवस्थापनमा सुधार गरी सरसफाई सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका ३/५.३.४ : सार्वजनिक सरसफाईका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| ८. दिसाजन्य फोहोरको प्रभावकारी व्यवस्थापन गर्न घरधुरी र सार्वजनिक शौचालय, ढल व्यवस्थापन र दिसाजन्य लेदो व्यवस्थापनका उपयुक्त पूर्वाधार तयार गर्ने । | १. सार्वजनिक ढल व्यवस्थापन र दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणाली स्थापनाको कार्य सँगसँगै अघि बढाइने छ । नगरको शहरी क्षेत्रमा सार्वजनिक ढल प्रणाली निर्माण र सञ्चालन गरिने छ । नयाँ ढल प्रणालीमा विकास गर्दा प्रशोधन गरी पानी र ठोस फोहोर छुट्याउने र व्यवस्थापन गर्ने प्रणाली स्थापना र सञ्चालनयोग्य नहुँदासम्म ढलमा मानवजन्य फोहोर बगाइने छैन । आधारभूत रुपमा दिसाजन्य फोहोर संकलन र व्यवस्थापनका लागि न्यूनतम मापदण्डमा आवश्यक परिमार्जन गरी घरधुरीस्तरको सेप्टिक ट्यांक निर्माणलाई अनिवार्य बनाउने अभ्यासलाई नीतिगत दिइने छ । नगरपालिकाभर निजी तथा सार्वजनिक सेप्टिक ट्यांक प्रणाली र ढल व्यवस्थापनका विविध पक्षमा प्रवर्द्धनात्मक र सचेतनात्मक गतिविधि सञ्चालन गरिने छ ।<br>२. सेप्टिक ट्याङ्क घरघरमा स्थापना गर्न उपयुक्त मापदण्ड बनाई शौचालय निर्माणलाई सबै किसिमका घर निर्माणको अनुमति प्रक्रियामा अन्तरनिहित गरी अझ प्रभावकारी कार्यान्वयन गरिने छ ।<br>३. नगरको व्यवस्थापकीय भूमिका रहने गरी मानवजन्य फोहोर प्रशोधनसहितको ढल प्रणाली विकास गर्न बाह्य सहयोगको उपयोगमा जोड दिइने छ । सार्वजनिक ढल प्रणालीमा आवद्ध गर्न कठिन स्थानमा नयाँ बस्ती विकास गर्दा पानी र फोहोर छुट्याउने प्रविधिसहितको सामुदायिक सेप्टिक ट्यांकी निर्माणमा नगरले सहुलियतको व्यवस्था गर्नेछ ।<br>४. सबै प्रकारका सेप्टिक ट्यांक निर्माण गर्दा आम सरसफाईमा नकारात्मक प्रभाव पर्ने तथा पानीका स्रोत प्रदुषित हुने जोखिमको अवस्था स्वमुल्यांकनको विधि निर्धारण गरिने छ । |
| ९. नगर पूर्ण सरसफाईयुक्त बनाउन आधारभूत सरसफाईसँगै ठोस फोहोर व्यवस्थापनको पूर्वाधार र अभ्यास विस्तार गर्ने । | १. सरसफाई केन्द्र स्थापना गरी नगरका सबै घर, व्यवसाय तथा कारखाना ठोस फोहोरको पुनरचक्रण तथा व्यवस्थापन सेवाको पहुँचमा ल्याइने छ ।<br>२. सरसफाई केन्द्र स्थापनापछि सञ्चालन तथा यहाँबाट उत्पादन हुने वस्तुको बिक्री वितरण र उपयोगको कार्य गर्न पूर्ण वा आंशिक रुपमा निजी क्षेत्र सेवा करारको विकल्प खुला राखिने छ ।<br>३. आफैंले सेवा प्रवाह नगरी सेवा करार गर्दाको अवस्थामा फोहोर संकलन गर्दा प्रयोगकर्ता शुल्क संकलन, संकलनको वारम्बारता, प्रशोधनका क्रममा उत्पादित जैवीक मलको मुल्य निर्धारण आदिका लागि नगरले समन्वयात्मक र नियमनकारी भूमिका निर्वाह गर्नेछ ।<br>४. नगरको फोहोर मैला व्यवस्थापन कार्यविधि सन्दर्भका रुपमा लिएर फोहोरमैला व्यवस्थापन सम्बन्धी नगर कानुनमा पुनचक्रण हुने तथा नहुने तथा सड्ने र नसड्ने फोहोरको विवरण तथा विभिन्न पक्षको भूमिका संकलनका बिन्दुहरू लगायतको विषय समेटी कार्यान्वयनमा लगिने छ ।<br>५. फोहोरमैला विसर्जन, प्रशोधन तथा व्यवस्थापन हुने मुख्य केन्द्र तथा संकलन बिन्दु तय गर्दा बसोबास क्षेत्रको वातावरण तथा भू- उपयोगको तालमेत बिग्रन नदिने गरी साइट छनोट गरिने छ । सरसफाई केन्द्र सञ्चालन भइरहेकोमा त्यसको निश्चित दुरीसम्म सरसफाई प्रयोजन बाहेकका भवन निर्माणको अनुमति दिइने छैन ।<br>६. कम फोहोर उत्पादन गर्ने, पुनःप्रयोग तथा पुनःचक्रणका जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याइने तथा घरधुरीस्तरबाट फोहोर कम गर्ने, पुनरप्रयोग गर्ने तथा अन्तिम विकल्पका रुपमा पुनरचक्रण गरिने आवधारणा आधार बनाई उत्प्रेरणात्मक र सचेतात्मक गतिविधि सञ्चालन गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ७. सरसफाईको सञ्चालन अवधि ख्याल राखी, भविष्यको लागि वैकल्पिक साइटहरू छनोट गरी नगरको स्वामित्वमा ल्याइने छ । <br>८. सरसफाई केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापनमा अन्तरपालिका साझेदारीलाई प्राथमिकतामा राखी साझेदारीका लागि नेतृत्वदायी भूमिका निर्वाह गरिने छ । <br>९. नगरको समग्र सरसफाई क्षेत्रको व्यवस्थापन र नियमनका लागि सार्वजनिक सरसफाई तथा फोहोर व्यवस्थापनको कानुनी र संरचनागत प्रबन्ध गरिने छ । <br>१० नगरलाई पर्यटकीय नगरको रुपमा विकास गर्न गरिने समग्र क्रियाकलापमा सरसफाईका गतिविधिलाई पनि प्राथमिकताका साथ समेटी कार्यान्वयन गरिने छ । |

## ग. सिँचाइ (Irrigation)

## १. परिचय

सिँचाई कृषिको एउटा मुख्य अंग हो । पानी परेता पनि सुख्खा ईलाकाहरूमा अन्नबालीका लागि सिँचाइ आवश्यक पर्छ । कृषियोग्य भूमिमा हरेक समय सिँचाई सुविधा पुर्याई कृषिको उत्पादन बढाउन सिँचाइको दीगो व्यवस्थापनको आवश्यकता पर्दछ । विभिन्न निकायको सहयोगमा निर्माण भएका मध्यमस्तरका आयोजना सञ्चालन गरी अन्नबाली उत्पादन, तरकारी उत्पादन, नगदेबाली उत्पादन साथै समग्र कृषि उत्पादनमा वृद्धि गर्न नगरले सिँचाइ सम्बन्धी काम गरिरहेको छ ।

## २. वर्तमान अवस्था

यस नगरका क्षेत्रमा रहेका नदी तथा अन्य साना र मध्यमस्तरका पानीका स्रोतबाट सिँचाइ भइरहेको र हुनसक्ने सम्भावना रहेको छ। यहाँ विभिन्न परम्परागत कुला तथा विभिन्न निकायको सहयोगमा सञ्चालमा रहेका मध्यमस्तरका सिँचाइ आयोजनामार्फत् खेतीयोग्य जमिनमा सिँचाइ भइरहेको अवस्था छ । विभिन्न निकायको सहयोगमा निर्माण भएका मर्याङखोला सिँचाइ आयोजना, सेलेसुर्के र दुध्मे सुर्के सिँचाइ आयोजना, पुलाखोला भुईमाल ओखरखेत सिँचाइ आयोजना र थांग्ने खोला पोखरी सिँचाइ आयोजना, ढाँडेगैरी तीनसल्ली विरुवा सिँचाइ पोखरी, गलगले बोचें सिँचाइ आयोजना जस्ता मध्यमस्तरका आयोजना सञ्चालनमा छन् । तर नगरको तर्फबाट सिँचाइका ठूला र मझौला आयोजना सञ्चालनमा छैन । पर्याप्त सिँचाइ नभएका करण नगरका कतिपय खेतीयोग्य जमिनहरू वर्षाको समय बाहेक अन्य समयमा सुख्खा हुने गरेको छ । नगरपालिकामा भू-उपयोग योजना तथा कृषि पकेट क्षेत्र निर्धारण गर्न बाँकी रहेको सन्दर्भमा सम्बन्धित क्षेत्रमा सिँचाइ सुविधा अपुग विश्लेषण हुन बाँकी रहेको छ। धेरै जस्तो खेतीयोग्य जमिनमा मौसमी सिँचाइको भर पर्नुपर्ने अवस्था छ । मुलतः अन्नबाली उत्पादन, तरकारी उत्पादन, नगदेबाली उत्पादन तथा सबै किसिमका सिँचाइका कार्यक्रमबाट उपलब्ध हुने पानी वितरण र आयोजनाको निरन्तर संचालनमा पनि नगरको भूमिका रहनुपर्ने देखिन्छ ।

## ३. मुख्य अवसर र चुनौती

नगरका तल्ला फाँटहरूमा अनुदानसहितको विद्युत सुविधा उपलब्ध गराउन सके तामाकोशी लगायतका नदीको पानी लिफ्ट गरेर हिउँदमा पनि सिँचाइ गर्न सकिने सम्भावना रहेको छ । सिँचाइमार्फत्

तरकारी र फलफुल उत्पादन बढाई उत्पादन र आय बढाउन सकिने, भू-उपयोग योजना तर्जुमा गर्दा जमिनको वर्गीकरण गरी खेतीको सम्भाव्यता र पानीको आवश्यकता विश्लेषणका आधारमा रणनीतिक सिँचाइ आयोजना सञ्चालन गर्न सकिने, आवश्यक संस्थागत र प्रकृयागत सुधार गरी सिँचाइका संरचना निर्माणमा समुदायको लागत र श्रम सहभागिताको अभ्यासलाई मापनयोग्य बनाउने अवसर रहेको छ । गरी हाल नगरमा विभिन्न निकायको सहयोगमा निर्माण भएका मध्यमस्तरका आयोजनाहरूलाई नगरस्तरबाट थप मर्मत सम्भार तथा स्तरोन्नती तथा उचित व्यवस्थापन गर्दै उपलब्ध ठूला खोल्सा तथा नदीको पानीको प्रभावकारी उपयोग हुने गरी सिँचाइ आयोजना निर्माण गरी सिँचाइको पहुँच सुधार तथा नगरका ऊर्वर भूमिमा थप कृषि उत्पादनमा वृद्धि गर्न सकिन्छ । सिँचाइका पूर्वाधार निर्माणको कार्यका लागि जटिल प्राविधिक पक्ष तुलनात्मक रुपमा कम हुँदा स्थानीय प्राविधिक शिक्षालयबाट उत्पादन हुने प्राविधिक जनशक्ति तथा दक्ष मिस्त्रीमार्फत् खानेपानी तथा सिँचाइ आयोजना निर्माण वा सुधारको प्राविधिक पक्षमा सहयोग र सुपरिवेक्षणलाई थप व्यवस्थित गर्ने अवसर छ ।

प्राविधिक क्षमताको सीमितता र कमजोर स्रोतगत आधार तथा भौगोलिक परिवेशले प्रस्तुत गर्ने जटिलता बिच राष्ट्रिय मापदण्ड अनुकुलको स्थानीय मापदण्ड बनाउँदा पनि सोही अनुसार उपलब्धी हाँसिल गर्नु चुनौति रहेको छ । हाल सञ्चालनमा रहेका सिँचाइ आयोजनाको उचित व्यवस्थापन तथा नयाँ आयोजनामार्फत् वर्तमान उत्पादनको अवस्थामा सुधार ल्याउन, भौगोलिक अवस्थाले गर्दा निर्माणका लागत धेरै हुने भएकोले कुलो निर्माण र दीगोपनका लागि धेरै लगानी जुटाउनु, वैदेशिक रोजगारी तथा अन्य पेशाप्रतिको आकर्षणले सिँचाइमा गरेको लगानीको प्रभावकारिता कायम गर्नु, आन्तरिक राजस्व जम्मा ४ करोडको हाराहारीमा मात्र परिचालन हुन सकेको अनुभव तथा कुल बजेटको सानो आकारबाट सिँचाइका लागि पर्याप्त रकम विनियोजन गरी खेतीयोग्य सबै जमिनमा सिँचाइ पुर्‍याउने वर्तमान पहुँचमा देखिने गरी सुधार ल्याउने पनि चुनौती रहेको छ ।

## ४. लक्ष्य

भरपर्दो सिँचाइका पूर्वाधार र सेवामार्फत् कृषि उत्पादनशीलता अभिवृद्धि गर्ने ।

## ५. उद्देश्य

नगरका कृषियोग्य भूमिमा दीगो र भरपर्दो सिँचाइ सुबिधा उपलब्ध गराउने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका ४/५.३.४ : सिँचाइका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १०. निर्धारित कृषि क्षेत्र सिञ्चित गर्न सिँचाइ प्रणालीको उचित मर्मत-सम्भार र व्यवस्थापन सुदृढीकरण तथा नयाँ आयोजनाको विकासलाई प्राथमिकताका साथ अघि बढाउने । | १. भू- उपयोग योजना बनाई भीमेश्वर नगरपालिकाको कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादनको प्रकृति अनुसार सिँचाइका लाभदायक विकल्प छनोट गरी त्यस्ता क्षेत्रमा सबै समयमा सिँचाइ सुविधा उपलब्ध हुने व्यवस्था गरिने छ । यसका लागि हाल सञ्चालनमा रहेका कुलोको स्तरोन्नती र सञ्चालन मुख्य प्राथमिकता दिइने छ । तल्लो तटीय क्षेत्रका लागि लाभ लागत विश्लेषणका आधारमा आवश्यकता अनुसार लिफ्टिङ तथा अन्य वैकल्पिक सिँचाइका कार्यक्रम पनि सञ्चालन गरिने छ ।<br>२. परम्परागत कुलोको मर्मत सम्भार र सञ्चालनका लागि सम्बन्धित कृषक समूहसँग आवश्यक समन्वय र साझेदारी गरिने छ । नयाँ र बृहत् सिँचाइका प्रमुख आयोजनाको सूचि बनाई संघ र प्रदेश सरकारसँग स्रोतका लागि समन्वय गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ३. सबैखाले सिँचाइ आयोजनाको पानी वितरणलाई प्रभावकारी बनाउन नगरबाट मापदण्ड निर्माण गरी सो को कार्यान्वयनको जिम्मा सम्बन्धित उपभोक्ता समिति वा कृषक समूहलाई दिइने छ। नगर र वडाका तर्फबाट कार्यान्वयन र अनुगमनको भूमिका निर्वाह गरिने छ। <br> ४. व्यवसायिक खेती गर्न चाहने व्यक्ति, फर्म तथा समुदायका लागि पानी संकलन र व्यवस्थापनको आन्तरिक संरचना निर्माणमा प्रस्तावनाको विश्लेषणमा आधारित रही नगरबाट सहयोग गरिने छ। स्वरोजगार कार्यक्रमका लागि उपलब्ध गराइने सहयोगमा सिँचाइका विषय पनि समेटिने छ। <br> ५. नाला वा खुला रुपमा अन्यत्र बग्ने आकाशे पानी व्यवस्थापन र दिसाजन्य फोहोर प्रशोधनबाट निस्कने पानी पनि अधिकतम् रुपमा सिँचाइमा लगाइने छ। <br> ६. नगरभित्र वा बाह्य स्रोतबाट निर्माण वा स्तरोन्नतीबाट तयार हुने सिँचाइका ठूला तथा मझौला आयोजनाको नियमित मर्मत सम्भार र सञ्चालनका लागि शुल्क संकलन, मर्मत सम्भार कोष स्थापना र संचालन लगायतका लागि नगरस्तरीय संयन्त्रबाट समन्वयकारी र सहयोगी भूमिका निर्वाह गरिने छ। <br> ७. उद्देश्यमूलक सिँचाइ पोखरी वा वर्षेपानी संकलन ट्यांक निर्माणका लागि समुदायलाई लाभ लागत विश्लेषणका आधारमा सहयोग गरिने छ। |

## घ. सार्वजनिक भवन तथा पुस्तकालय (Public Buildings and Libraries)

## १. परिचय

सामान्यतय सार्वजनिक सेवा प्रवाहका लागि निर्माण गरिएको भौतिक संरचना नै सर्वजनिक भवन हो भने पुस्तकालयलाई एक शैक्षिक केन्द्रको रुपमा लिन सक्छौं। सबै खाले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुरक्षित, आकर्षक, किफायती र वातावरणमैत्री भौतिक संरचनाको भूमिका महत्वपूर्ण रहेको हुन्छ।

## २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिकाले २०७२ सालको भूकम्प पञ्चात सबै किसिमका भवन निर्माणमा भूकम्पीय सुरक्षाका मापदण्ड पालनालाई प्राथमिकतामा राखेर काम गरिएको छ। नगरपालिकाको स्वामित्व वा अधिनमा ३ वटा भवन रहेको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ। नगर भवनलाई सभाहल र बैठक कक्षसहित व्यवस्थित गरिएको छ। कल्भर्ट, सार्वजनिक शौचालयसहितको बहुउद्देश्यीय व्यापारिक भवन जस्ता संरचना निर्माण शुरु भएको छ। विद्यालय बाहेक नगर केन्द्रमा एउटा पूर्वाधारयुक्त पुस्तकालय भवन पनि रहेको छ।

नौमध्ये एउटा मात्र वडा कार्यालयको आफ्नो भवन रहेको छ। त्यसैले सबै वडाको आफ्नै भवन बनाउनु मुख्य प्राथमिकता रहेको छ। विभिन्न उद्देश्यले समुदायस्तरबाट निर्माण भएका केही सामुदायिक भवन नगरभित्र रहेता पनि नगर तथा वडास्तरमा विभिन्न आवश्यकताका उद्देश्यमूलक भवन निर्माण हुनुपर्ने जनचाहना पूर्तिमा पनि नगरले ध्यान दिनु आवश्यकता छ। नगरले स्थानीय भवन निर्माण मापदण्ड कार्यान्वयन गरिरहेको छ। २०७२ सालको भूकम्पपछि सबै किसिमका भवन निर्माणमा भूकम्पीय सुरक्षाका मापदण्ड पालनालाई अनिवार्य गरिएको छ। नगरपालिकाले उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने सार्वजनिक निर्माणका कार्यलाई सहभागितामूलक बनाउने अभ्यास गरिरहेको छ तर उपभोक्ता समितिमार्फत्

वा अन्य तवरले निर्माण हुने पूर्वाधारका कार्यलाई व्यवस्थित र सहभागितामूलक बनाउन स्थानीय कानुन तर्जुमाको कार्य भने पूरा हुन बाँकी छ । त्यसैगरी नगरस्तरका पूर्वाधार विकासका कार्यक्रमको वातावरणीय प्रभाव मुल्यांकनको विधि निर्धारणको कार्य पनि प्राथमिकतामा छ ।

## ३. मुख्य अवसर र चुनौती

संवैधानिक व्यवस्था तथा संघीय कानुनले प्रबन्ध गरे अनुसार स्थानीय अवस्था अनुसारको कानुन र नीति नियम बनाएर सार्वजनिक निर्माणका कार्यलाई व्यवस्थित गर्ने अवसर रहेको छ । भीमेश्वर नगरपालिकाले २०७२ सालको भूकम्पपछि सबै किसिमका भवन निर्माणमा अवलम्बन गरिएको भूकम्पीय सुरक्षाका मापदण्ड पालनालाई निरन्तरता दिई नयाँ निर्माण हुने सार्वजनिक निर्माणका भौतिक संरचना सुरक्षित बनाउने र निर्धारित राष्ट्रिय मापदण्डका आधारमा भवनहरूलाई किफायती र वातावरणमैत्री बनाउने अवसर छ ।

सीमित स्रोतबाट नगर र वडा कार्यालयका अतिरिक्त पुस्तकालय एवं आर्थिक सामाजिक हितका पूर्वाधारयुक्त भवन व्यवस्थापन गर्ने, समुदायस्तरबाट भन्ने भवनको गुणस्तरीयता कायम गर्ने, आवश्यकताका आधारमा उपयुक्त आकार र मापदण्डका भवन निर्माण गर्ने र छरिएर रहेका बस्तीलाई भवनको सेवाको समान पहुँचमा ल्याउने चुनौती रहेको छ ।

## ४. लक्ष्य

पूर्वाधारयुक्त संस्थागत र सामुदायिक भवनमार्फत् नगरवासीको आर्थिक सामाजिक हित प्रवर्द्धन गर्ने ।

## ५. उद्देश्य

प्रभावकारी र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहका लागि उपयुक्त भवनको उपलब्धता र पहुँच सुनिश्चित गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका ५/५.३.४ : सार्वजनिक भवन तथा पुस्तकालयका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| ११. सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक भवनको उपलब्धता सु-निश्चित हुने गरी भवन निर्माण तथा सुधार गर्ने । | १. भीमेश्वर नगरपालिकाको हालको संगठन संरचना तथा विषयगत विभाग, शाखा वा एकाईसहितको भावी संगठन संचरना समेतलाई दृष्टिगत गरी आवधिक रुपमा पूर्वाधारको कमी विश्लेषण गरिने छ । बृहत् योजनाले तय गरेका संगठन संरचना तथा संवैधानिक रुपमा स्वतः नगरमा आउने अन्य संरचना समेतको आवश्यकताका आधारमा पर्याप्त कार्य कक्ष, बैठक कक्ष तथा सभाहलसहितको भौतिक पूर्वाधारको उपलब्धता सुनिश्चित गरिने छ ।<br>२. सबै वडामा न्यूनतम प्राविधिक कर्मचारी समेत रहने गरी बैठक कक्षसहितको आफ्नै वडा कार्यालय भवन व्यवस्थापन गरिने छ ।<br>३. सबै स्वास्थ्य संस्थाको आफ्नै भवन बनाउने लगायत नगरपालिकाले प्रवाह गर्ने खानेपानी तथा सरसफाई सेवा, स्वास्थ्य सेवा, शैक्षिक सेवा जस्ता सेवा प्रवाहका लागि आवश्यक भवनहरू निर्माण वा मर्मत सम्भारको कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।<br>४. कुनै पनि किसिमको संस्थागत तथा सामुदायिक भवन निर्माणको निर्णय र बजेट बिनियोजन गर्नु अघि उपलब्ध भवनको क्षमता र आवश्यकताको विश्लेषण गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ५. नगरपालिकाबाट सबै किसिमका भवन निर्माण गर्दा भवन संहिता तथा मापदण्ड एवं भू-उपयोग योजनाको पूर्ण कार्यान्वयन गरिने छ। सार्वजनिक भवनलाई बढी भन्दा बढी जनसङ्ख्यालाई पायक पर्ने स्थानमा निर्माण गरिने छ। |
| १२. नगरवासीको आर्थिक, सामाजिक र शैक्षिक हित प्रवर्द्धन गर्ने गरी भवन तथा पुस्तकालयहरूको व्यवस्थापन गर्ने। | १. आर्थिक गतिविधिमा योगदान गर्ने तथा आन्तरिक राजस्वमा योगदान गर्न सक्ने गरी लागत प्रभावकारिता विश्लेषणका आधारमा भू-उपयोगको तालमेल नबिग्रने जग्गामा व्यापारिक प्रयोजनमा भाडामा उपलब्ध गराउन योग्य भवन निर्माणका लगानीको विषय नगरको प्राथमिकतामा रहने छ। यस्तो कार्यक्रमलाई पुँजी सुधार कार्यक्रमको अंग बनाइने छ।<br>२. नगरमा उपलब्ध प्रयोगविहीन वा मर्मत सम्भार गरी प्रयोगमा ल्याउन सकिने भवनको वास्तविक अवस्था यकिन गरी एक वडा एक पुस्तकालय तथा बजार र शहरी इलाकामा १ हजार परिवारमा एक पुस्तकालय हुने गरी पुस्तकालय भवन निर्माण, मर्मत सम्भार र सञ्चालन गरिने छ। यसका लागि बुहपक्षीय साझेदारीमा जोड दिइने छ।<br>३. सामुदायिक पुस्तकालयको सञ्चालन र व्यवस्थापन सामुदायिक संघ संस्था तथा समितिमार्फत् गरिने छ।<br>४. आरोग्य केन्द्र, योग शिविर सञ्चालन हुने भवन, ज्येष्ठ नागरिक हेरबिचार केन्द्र, बाल मनोरञ्जन केन्द्र जस्ता भवन निर्माणका लागि समुदाय तथा विभिन्न पक्षसँग साझेदारी गरिने छ।<br>५. पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादन, कला र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गर्ने तथा स्वरोजगारीका क्रियाकलाप संचालन हुने भवन निर्माणका लागत प्रभावकारी प्रस्तावलाई बृहत् योजनाको अभिन्न अंगको रुपमा समेटी कार्यान्वयनमा लगिने छ। |

# ङ. विद्युत

## १. परिचय

ऊर्जाको प्रमुख स्रोतहरू मध्य विद्युत एक महत्वपूर्ण तत्व हो। प्राकृतिक रुपमा रहेका विभिन्न शक्तिहरूलाई एकीतृत गरी यान्त्रिक विधिबाट विद्युत निर्माण गरिन्छ। विद्युतका विभिन्न स्रोत हुन्छन्। नगरको विकास र समृद्धिका लागि विद्युत आपूर्ति महत्वपूर्ण हुन्छ। नविकरणीय ऊर्जा बाहेक विद्युत सम्बन्धी सेवा प्रवाहमा संविधानतः नगरको मुख्य भूमिका नहुने भए पनि नगरको समग्र विकासका लागि विद्युत सम्बन्धी सेवामा नगरले समन्वयकारी र सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

## २. वर्तमान अवस्था

२०७५ को तथ्याङ्क अनुसार भीमेश्वर नगरपालिकामा झण्डै सबैजसोले विद्युत सेवाको पहुँच पाएको देखिन्छ भने ८३.१ प्रतिशत घरधुरीमा आफ्नै विद्युत मिटर जडान भएको अवस्था छ। झण्डै शत प्रतिशत परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेको देखिन्छ। छिटफुट रुपमा सौर्य ऊर्जाको प्रयोग पनि हुने गरेको छ। बत्ती बाल्नका लागि विद्युत प्रयोग बढी गरिने भएता पनि खाना पकाउने ऊर्जाको स्रोतका रुपमा २७.६५ प्रतिशत भन्दा बढी परिवारले पेट्रोलिय पदार्थको प्रयोग गर्ने गरेको देखिन्छ भने ७१.१८ प्रतिशत परिवारले भने काठ दाउरा प्रयोग गर्ने गरेका छन्।

कतिपय स्थानमा घर छेवैमा, सडकको सेटव्याकभित्र लगायत अव्यवस्थित रुपमा रहेका विद्युत पोल हटाउन बाँकी रहेको छ भने उपयुक्त उचाई र मापदण्डका पोलको पर्याप्त व्यवस्थापन हुन पनि बाँकी रहेको छ । कतिपय स्थानमा विद्युतीय जोखिम विपद्को कारक समेत हुनसक्ने अवस्था महसुस गरिएको छ ।

## ३. मुख्य अवसर र चुनौती

भीमेश्वर नगरपालिका जलविद्युत उप्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेको हुँदा संघ, प्रदेश र अन्य निजी कम्पनीको आर्थिक सहयोग र सहकार्यमा स्थानीय अधिकार अनुरुप १ मेगावाटसम्मको जलविद्युत उप्पादन गर्ने अवसर रहेको छ । कुथली खोला, बोखरा खोला, छहरा खोला आदि खोलाहरूबाट जलविद्युत उत्पादनको सम्भावना रहेको छ । यसैगरी भीमेश्वर नगरपालिका कृषि प्रधान नगर रहेको हुँदा पशुपालनबाट निस्कने मलमुत्रबाट घर घरमा वैकल्पिक ऊर्जा (बायोग्याँस) उत्पादन गरी पेट्रोलिय पर्दाथ खपतमा क्रमशः कम गर्ने अवसर रहेको छ । नेपालको संविधानले नगरपालिका लगायत स्थानीय तहलाई जलविद्युत र वैकल्पिक ऊर्जा जस्ता कार्य एकल अधिकारका रुपमा दिएकाले संवैधानिक हक कार्यान्वयनका सम्बन्धित सेवा व्यवस्थापनका लागि आवश्यक नीति तथा कानुन बनाउने, विद्युत सम्बन्धी (पोल व्यवस्थापन, लाइन विस्तार आदि) कामका लागि नगरको अग्रसरतामा सम्बन्धित निकायसँग समन्वय गरी समस्या समाधान गर्ने अवसर विद्युत सम्बन्धी (पोल व्यवस्थापन, लाइन विस्तार आदि) कामका लागि नगरको अग्रसरतामा सम्बन्धित निकायसँग समन्वय गरी समस्या समाधान गर्ने अवसर रहेको छ ।

नगरको सीमित स्रोत साधनका कारण साना जलाशययुक्त विद्युत आयोजनाको विकास गर्न, प्रसारण तथा वितरण प्रणाली विस्तार र सुदृढीकरण गर्न र लगानी जुटाउन चनौती रहेको छ । नीति तथा कार्यक्रमले आधारभूत सेवा प्रवाहसँग सम्बन्धित कतिपय क्षेत्रलाई समेट्न नसकेको तथा कतिपय नीतिलाई उद्देश्यमूलक बनाउन नसकेको वर्तमान अवस्थामा जैविक ऊर्जा उत्पादन र वितरणका सन्दर्भमा नीतिगत स्पष्टता हाँसिल गर्ने तथा अपेक्षा प्राप्तीमा आवश्यक सहयोग र समन्वय हाँसिल गर्न, ग्रामीण क्षेत्रमा विद्युतको आपूर्ति व्यवस्था सुधारमा सम्बन्धित निकायबाट आवश्यक सुधार गराउन, सडक निर्माण तथा विस्तारको कामले लामो समय लिने हुँदा बाटो छेउका पोलहरूको स्थानान्तरण तथा व्यवस्थापनमा सुधार गर्ने चुनौती रहेको छ ।

नगरका विद्युत सेवाको वर्तमान अवस्थामा सुधार गर्नमा रहेका विभिन्न चुनौतीहरूको सामना गर्दै र उपलब्ध अवसरहरूको सदुपयोग गर्ने गरी निम्नानुसार, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तय गरिएको छ ।

## ४. लक्ष्य

सबै नगरवासीमा भरपर्दो विद्युत सेवाको पहुँच उपलब्ध गराउने ।

## ५. उद्देश्य

नगरस्तरमा साना जलाशयुक्त विद्युत आयोजना तथा वैकल्पिक ऊर्जाको विकास र विस्तार गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका ६/५.३.४ : विद्युतका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १३. विद्युत सेवा विस्तार, विद्युतीय जोखिम न्यूनिकरण र विद्युत सेवा व्यवस्थापनका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने । | १. बिजुलीको सेवा नपुगेका सीमित घरधुरीहरूमा बिजुली पुऱ्याउन उपकरण तथा विस्तारका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वयन गरी नगरको तर्फबाट यस कार्यको सहजीकरण गरिने छ ।<br>२. सबै घरमा विद्युतको मिटर जडान निर्माण सम्मन्न प्रमाणपत्र वितरणमा आवद्ध गरी आ.व. २०७८/७९ सम्म सबै घरमा मिटर जडान भएको यकिन गरिने छ । विद्युत मिटर जडानमा नगरले समुदाय आवश्यक सहजीकरण र सहयोग गर्नेछ ।<br>३. विद्युतीय जोखिम न्यूनिकरण तथा विद्युत प्राधिकरणबाट स्रोत उपलब्ध नभएका स्थानका लागि विद्युत सेवा प्रवाहका लागि नगरले समन्वय गर्नुका साथै अन्तिम विकल्पका रुपमा सो को लागि न्युनतम बजेट व्यवस्थापन गर्ने कार्यक्रम दिइनेछ ।<br>४. बिजुलीको सेवामा समस्या भएका अथवा बढाउनु पर्ने अवस्थामा सोसँग जोडिएका उपकरणहरूको विस्तार गर्न चाहिने जमिनको बन्दोबस्त गर्न नगरका तर्फबाट सहयोग र सहजीकरण गरिने छ ।<br>५. राष्ट्रिय रुपमा विद्युत आपूर्तिमा हुने वृद्धिलाई मध्यनजर गरी दाउरा विस्थापन गर्दै खाना पकाउने ऊर्जाका रुपमा विद्युत प्रयोग गर्ने गरी उत्प्रेरणात्मक गतिविधि सञ्चालन गरिने छ । विस्तारै खाना पकाउने ऊर्जाको रुपमा एलपी ग्याँसलाई विद्युतीय ऊर्जाबाट विस्थापन गर्दै लगिने छ ।<br>६. विद्युतीय पोल तथा तार वा अन्य उपकरण व्यवस्थापन गर्दा सडक, ढल, दूरसञ्चार, इन्टरनेट सेवा क्षेत्रका बिचको समन्वय सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ ।<br>७. दीर्घकालमा बिजुलीका तारहरू बिछ्याउँदा सडकको फैलावट तथा सार्वजनिक सेवाका लाइनहरूमा अवरोध हुन नदिन शहरी क्षेत्रमा जमिन मुनीबाट लाइन विस्तार गर्न विद्युत प्राधिकरणसँग समन्वय सहकार्य गरिने छ ।<br>८. भू-उपयोग योजनाले निर्धारण गरेको क्षेत्रमा ठूला कलकारखना, व्यापारिक कम्प्लेक्स तथा सेवा स्थापना पूर्व पर्याप्त विद्युत आपूर्ति यकिन गर्न सम्बन्धित पक्षकै तर्फबाट नगरले पहल कदमी लिनेछ ।<br>९. थ्रिफेज लाइन विस्तारका लागि ऊर्जाको माग विश्लेषण नगरपालिकाको तर्फबाट गरी सो को आधारमा नेपाल विद्युत प्राधिकरणमा सहयोगका लागि औपचारिक समन्वयन गरिने छ । |

## च. सञ्चार सेवा

## १. परिचय

सञ्चार विचार र जानकारी (वा सूचना) को अदानप्रदान गरिने प्रक्रिया हो जस अन्तर्गत टेलिफोन/मोबाइल, रेडियो तथा एफ.एम., हुलाक सेवा, पत्रपत्रिका, इन्टरनेट आदि पर्दछ । आर्थिक विकासको सम्वाहक एवम् उत्प्रेरकको रुपमा सञ्चारलाई लिन सकिन्छ । सञ्चार सेवाको पहुँच बढाउँदै नगर सूचना प्रविधिमैत्री बनाउन पूर्वाधार र उपकरण स्थापना र सञ्चालनमा सहजीकरण गर्न तथा सञ्चार क्षेत्र थप पहुँचयोग्य र जनमैत्री बनाउने कुराहरूलाई प्राथकितामा राखेर काम गरिरहेको छ ।

## २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिकामा ८१ प्रतिशत भन्दा बढी परिवारले कुनै न कुनै किसिमको मोबाइल तथा टेलिफोन सेवा उपयोग गरिरहेको अवस्था छ । वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । १२ प्रतिशत घरधुरीले मोबाइल डाटा बाहेकको इन्टरनेट सेवा प्रयोग गरिरहेका छन् । यहाँ उपलब्ध भएको टेलिफोन सेवामा नेटवर्क नआउने समस्या भने विभिन्न क्षेत्रमा रहेको छ । नगरमा ४ वटा एफ.एम. रेडियो तथा १९ पत्रपत्रिका एवं केही अनलाइनले सूचनाको सेवा प्रवाह गरिरहेका छन् । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग बढ्दै गएको छ । भीमेश्वर नगरपालिकामा कान्तिपुर एफ.एम., रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेलको 3G Network सेवा उपलब्ध छ । नगरपालिकामा Ncell, NTC आदि कम्पनीहरूले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने केही केवल नेटवर्क तथा डिस होमजस्ता माध्यमबाट नगरवासीले मनोरञ्जनात्मक टि.भी. कार्यक्रमहरू प्रसारण गरिरहेका छन् ।

## ३. मुख्य अवसर र चुनौती

नगरमा भइरहेको शहरी क्षेत्र र बजारको विस्तारलाई सूचना प्रविधिको पहुँच विस्तारको सहज अवसरका रुपमा लिन सकिन्छ । बढ्दो मोबाइल र सामाजिक सञ्जाल प्रयोगलाई सञ्चार सेवा प्रवर्द्धनको माध्यमका रुपमा अघि बढाउने अवसर छ । समुदायमा इन्टरनेटको पहुँच र प्रयोग बढाउन तथा नगरको वेभसाइटलाई सूचनाले समृद्ध बनाएर आवश्यक प्रचारमार्फत् सूचनाको पहुँच बढाउने अवसर रहेको अवसर रहेको छ। स्थानीय रेडियो तथा सञ्चार माध्यमलाई नगरको सेवा र विकास निर्माणसँग सम्बन्धित सूचनालाई नगरवासीसम्म प्रवाह गर्ने माध्यम बनाउने अवसर पनि छ ।

नगरमा इन्टरनेट सेवाको विस्तार र प्रयोगमा नागरिकलाई अभ्यस्त गराई सेवालाई सूचना प्रविधिमैत्री बनाउन समुदाय र बाह्य निकायको साझेदारी हाँसिल गर्ने चुनौती रहेको छ। यसैगरी अभिव्यक्ति स्वतन्त्रताको उच्चतम उपयोगमा असर नपर्ने गरी स्थानीय आमसञ्चारका माध्यममा प्रसारित समाचारमा मर्यादित र विश्वसनीय बनाउने, सामाजिक सञ्जालको वृद्धिसँगै यसका दुष्प्रभाव नियन्त्रण गर्ने र सूचना तथा सञ्चारको स्थानीयकरण गर्ने चुनौती पनि नगरलाई छ ।

## ४. लक्ष्य

नगरलाई सूचना प्रविधियुक्त नगर बनाउने ।

## ५. उद्देश्य

सूचना प्रविधिलाई सबै नगरवासीका लागि पहुँचयोग्य र सर्वसुलभ बनाउने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका ७/५.३.४ : सञ्चार सेवाका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १४. आमनगरवासी सञ्चार सेवाको पहुँचमा पुऱ्याउने गरी सेवा विस्तार र गुणस्तर प्रवर्द्धनका लागि सम्बन्धित सेवा प्रदायकसँग समन्वय र सहजीकरण गर्ने । | १. नगरवासीलाई सञ्चार सुविधा (टेलिफोन र इन्टरनेट) उपलब्ध गराउन सेवा प्रदायकका लागि उपयुक्त वातावरण निर्माण गरिने छ ।<br>२. हरेक किसिमबाट सञ्चार माध्यमको सेवाको गुणस्तर बढाउन सेवा प्रदायकहरूसँगको समन्वयमा नै गुणस्तर मापनका सूचक बनाई नगरबाट अनुगमन र नियमन गरिने छ । |

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| | ३. सबै वडा केन्द्र, पार्क तथा मनोरञ्जन स्थल, समुदाय तथा टोलह( रूमा सशुल्क तथा निःशुल्क ताररहित इन्टरनेट सेवा उपलब्ध गराउनका लागि नगरमा सेवा प्रदान गरिरहेका सेवा प्रदायकह( रूलाई उत्प्रेरित गरिने छ । |
| | ४. मोबाइल टेलिफोनको नेटवर्क राम्रो नभएको स्थानमा टेलिफोन टावर स्थापनका लागि नेपाल टेलिकम लगायतका सेवा प्रदायक( सँग आवश्यक समन्वय गरिने छ । टेलिफोनका टावर स्थापना गर्दा समुदायबाट टाढा, सुरक्षित र शहरी सौन्दर्यमा नकारात्मक असर नगर्ने गरी स्थापना गर्न लगाइने छ । |
| | ५. बिजुली, टेलिफोन, टेलिभिजन इत्यादिको लागि प्रयोगमा आउने टावरहरूको क्षमता बढाउने सम्भावनाको अधिकतम उपयोग गर्न सेवा प्रदायकलाई उत्प्रेरित गरी अनावश्यक टावरहरू घटाउन प्रयास गरिने छ । |
| | ६. सञ्चारका उपकरण स्थापना तथा सञ्चालन गर्दा नगरपालिकाको ऐतिहासिक तथा साँस्कृतिक महत्वका सम्पदामा हानी हुन तथा भू-उपयोगका उद्देश्यमा नकारात्मक प्रभाव पर्न नदिने व्यवस्था गरिने छ । अहिले तथा भविष्यमा यातायात तथा अन्य सार्वजनिक सुविधाको विस्तारमा असर नपर्ने कुरामा विशेष ध्यान पुर्‍याउने गरी कानुनी व्यवस्था गरिने छ । |
| | ७. स्थानीय एफ.एम. रेडियोलाई किसानको समय समेत विचार गरी भीमेश्वर नगर केन्द्रित पर्यटन, स्थानीय उत्पादनको प्रवर्द्धन र सेवा क्षेत्रको गुणस्तर र पहुँच प्रवर्द्धनका कार्यक्रम उत्पादन र प्रवर्द्धनका लागि प्रोत्साहित गरिने छ । |
| | ८. इन्टरनेट, दुरसञ्चार, एफ.एम. रेडियो तथा छापा तथा अनल( ाइन सञ्चार माध्यमलाई नगरपालिकाबाट हुने आर्थिक गतिविधि तथा सेवा प्रवाहका सन्दर्भमा आम सरोकारका जानकारी उपलब्ध गराउन अधिकतम उपयोग गरिने छ । |
| | ९. नगरका ग्रामीण बस्तीहरूमा ताररहित इन्टरनेट सेवा तथा शहरी बस्तीहरूमा अप्टिकल फाइबरको विस्तारमा सेवा प्रदायकलाई उत्प्रेरित गरिने छ । |

## तालिका ८/५.३.४ : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण

**क.** नेपालको संविधानले नगरपालिका लगायत स्थानीय तहलाई खानेपानी सम्बन्धी अधिकारलाई एकल अधिकारको रुपमा समेटेको छ । भीमेश्वर नगरपालिका वार्षिक नीति तथा कार्यक्रम तथा विभिन्न निर्णयमार्फत् यो अधिकार अनुसारको जिम्मेवारी पूरा गर्न प्रयत्नशील छ । तथापि खानेपानीको कमी पूर्तिको दीर्घकालीन तथा सम्बन्धित स्थानीय कानुन बनाउन भने बाँकी रहेको छ ।

नगरपालिकाले मूलतः खानेपानीको राष्ट्रिय मापदण्ड पालना गरिरहेको भए पनि शहरी खानेपानीको मापदण्ड सम्पूर्ण नगर क्षेत्रमा कार्यान्वयनमा ल्याउन भने सकिएको छैन । सो मापदण्ड अनुसार भीमेश्वरको जनसङ्ख्याका आधारमा यस नगरमा नगरबाट घरधुरी तहमा २४ घण्टा पानी उपलब्ध हुने र मुहान जडान गर्ने साथै सरकारी मापदण्ड प्रतिव्यक्ति प्रतिदिन ६० देखि ८० लिटर पानी आवश्यक पर्ने साथै कम्तीमा ९० प्रतिशत परिवारले ५० मिटरको दुरीमा खानेपानी पाउनु पर्ने, लिटर पानी उपलब्ध हुनुपर्ने जस्ता मापदण्ड शहरी योजना तथा विकास सम्बन्धी मापदण्ड २०७२ मा उल्लेख छ । यस आधारमा नगरको भौगोलिक र स्रोतगत विविधताका आधारमा विभिन्न क्षेत्रका लागि विशिष्ठ स्थानीय मापदण्ड तय गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता पनि महसुस गरिएको छ ।

दीगो विकास लक्ष्य अनुरुप २०३० सम्ममा सबै नगरवासीलाई सुरक्षित पानीको उपलब्धता सुनिश्चित गर्ने तथा बृहत् योजना तर्जुमाका बखत निर्धारित पछिल्लो समय सीमा अर्थात् आर्थिक वर्ष २०९६/९७ को अन्त्यसम्ममा विकास लक्ष्य हाँसिल गर्न नगरका खानेपानी सम्बन्धी क्रियाकलापलाई थप उपलब्धीमूलक बनाउनु पर्ने भएकोले खानेपानी तथा सरसफाईको कानुन तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्ने र कार्यान्वयनको अवस्थाको समयवद्ध लेखाजोखा गरी मध्यकाल र दीर्घकालमा आवश्यक परिमार्जन तथा संशोधन र दीगो विकास लक्ष्य तथा खानेपानी तथा सरसफाईको नगरको लक्ष्य प्राप्तीमा भएका प्रगति समीक्षाका आधारमा कमी देखिएमा कमी पूर्तिको रणनीति समेत बनाउने गरी यो क्षेत्रको तथा कानुन सम्बन्धी आवधिक प्राथमिकता तल प्रस्तुत छ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरले खानेपानी आपूर्तिका लागि ग्रामीण क्षेत्र र शहरी क्षेत्रको न्यूनतम मापदण्ड निर्धारणका साथै खानेपानी तथा सरसफाई सेवा प्रवाह र उपयोगको नियम, मापदण्ड निर्माण र शुल्क निर्धारण गर्ने। सान्दर्भिक मापदण्डलाई खानेपानीका पूर्वाधार निर्माण र वितरण सम्बन्धी प्राविधिक कार्यसँग आवद्ध गर्ने कार्यविधि बनाउने। | १. खानेपानीको नगर मापदण्ड कार्यान्वयनको प्रगति समीक्षा गर्ने। | १. खानेपानी, तथा सरसफाई नीति कार्यान्वयनको आवधिक समीक्षा तथा परिमार्जन गर्ने। |
| २. पन्ध्रौं योजनाको आधारपत्र र दीगो विकास लक्ष्य तथा नगरको स्थानीय अवस्था अनुरुप खानेपानी तथा सरसफाई सम्बन्धी पूर्वाधार निर्माण र सेवा प्रवाहको क्षेत्रगत विस्तृत नीति निर्माण गर्ने। | २. खानेपानी तथा सरसफाईका पूर्वाधार निर्माणको नीति कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने। | २. सबैका लागि सफा पानी र सरसफाईको पहुँचमा पुग्ने दीगो विकासका लक्ष्य प्राप्तीका सन्दर्भमा प्राप्त उपलब्धीको आवधिक समीक्षा (सन् २०२५ र २०२९) तथा कमी पूर्तिको रणनीति निर्माण गर्ने। |
| ३. पानीको स्रोतको उपयुक्त प्रयोग (खानेपानी, सिँचाइ, ऊर्जा आदिमा) सुनिश्चित गर्ने गरी पानीका स्रोतको स्वामित्व तथा उपयोग तथा व्यवस्थापन सम्बन्धी स्थानीय ऐन निर्माण गर्ने। | ३. खानेपानीको स्रोतको उपयोग तथा व्यवस्थापन लगायत खानेपानी तथा सरसफाईका मौजुदा कानुनलाई समयानुकुल परिमार्जन गर्ने। | ३. खानेपानी र सरसफाईको मौजुदा कानुन कार्यान्वनको समीक्षा तथा आवश्यक परिमार्जन। |

**ख.** भीमेश्वर नगरपालिकाको साबिक नगर क्षेत्रमा चरिकोट खानेपानी तथा सरसफाई आयोजनामार्फत् खानेपानी सेवा वितरण भइहरेको छ भने विस्तारको क्रम पनि जारी छ। अल्छीफेद किराँतीछाप खानेपानी आयोजना वडा नं. ५, गोग्रनी, कुप्री खानेपानी आयोजना वडा नं. ७, बोच खानेपानी आयोजना वडा नं. ८ जस्ता साना तथा मझौला खानेपानी आयोजनामार्फत् पनि खानेपानी सेवा उपलब्ध भइरहेको छ। जसबाट ९५ प्रतिशत भन्दा बढी परिवारले पाइपलाइनमा आधारित धाराको पानी उपभोग गरिरहेका छन्। जसमध्ये ५७.४४ प्रतिशत परिवारले कुनै नै कुनै तवरले आफ्नै घर कम्पाउण्मा धारा जोडेका छन् तथापि शहरी मापदण्डसहितको खानेपानीको मात्रा र घरधुरीस्तरमा मिटरसहितको धारा जडान भने नगरमा हुन बाँकी छ।

नगरका वडाहरूमा खानेपानीका बहुस्रोत (खोला, मुहान, वर्षेपानी आदि) रहेकोले नगरको पानीको आवश्यकता स्थानीय स्रोतले धान्न सक्ने नगरको अनुमान छ। तथापि वास्तविक पानीको उपलब्धता र आवश्यकता सम्बन्धी अध्ययन भने भइरहेको छ।


तलको नक्सामा सुरक्षित खानेपानीको पहुँच सुनिश्चिततामा रहेको कमी प्रस्तुत गरिएको छ। २०७५ को तथ्याङ्कका आधारमा तयार गरिएको नक्सा (२/५.३.४) अनुसार वडा नं. २,३,४ र ८ का केही परिवारले ढुंगेधारा, कुवा वा पाइपमार्फत् वितरित बाहेकको स्रोतको पानी प्रयोग गरिरहेकोले नगरले सर्वप्रथम यस अवस्थालाई शुन्यमा ल्याउनुपर्ने देखिएको छ भने सबै घरमा व्यवस्थित घरधुरीस्तरको धारा जडान तथा उपयोग मापनको लागि मिटर जडानको कार्य पनि प्राथमिकताका साथ अघि बढाउनुपर्ने देखिएकोले सो अनुसारको आवधिक प्राथमिकता तल प्रस्तुत छ।

## नक्सा १/५.३.४ : पाइपको खानेपानीको पहुँचमा नरहेका परिवार




| Ward | HHs Without Pipeline |
|---|---|
| 1 | 13 |
| 2 | 68 |
| 3 | 42 |
| 4 | 88 |
| 5 | 29 |
| 6 | 108 |
| 7 | 15 |
| 8 | 42 |
| 9 | 51 |

## नक्सा २/५.३.४ : वडागत रुपमा निजी र सार्वजनिक धाराको उपयोग




| Ward | Hhs using Owned Pipeline | Hhs using Public / Others Pipeline |
|---|---|---|
| 1 | 647 | 582 |
| 2 | 648 | 283 |
| 3 | 894 | 183 |
| 4 | 155 | 385 |
| 5 | 350 | 1035 |
| 6 | 800 | 189 |
| 7 | 422 | 545 |
| 8 | 674 | 139 |
| 9 | 442 | 471 |

माथिको नक्सामा देखाइए अनुसार वडा नं. २,३,६ र ८ मा जुनसुकै तवरले भए पनि आफ्नै घरमा धारा जोड्ने परिवारको संख्या बढी देखिन्छ भने वडा नं. १,४,५,७ र ९ मा यो संख्या थोरै वा नगन्य छ र सामुदायिक वा अन्य किसिमका धाराको उपयोग गर्ने संख्या बढी देखिन्छ । नगरमा मिटरसहितको घरधुरीस्तरको धारा जडान भने भएको छैन ।

यसै सन्दर्भमा खानेपानीका संरचनाको अवस्था, पानीको स्रोत तथा शुद्धता आदिको यथार्थ अवस्था अद्यावधिक गर्ने र कमी पूर्तिमा केन्द्रित रही सबैका लागि सुरक्षित र पर्याप्त खानेपानी घरधुरीस्तरमा नै उपलब्ध गराउने गरी खानेपानी क्षेत्रको सूचना व्यवस्थापन, संरचना निर्माण र सेवा प्रवाहका कार्यको प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. हाल भइरहेको खानेपानी तथ्याङ्क संकलन प्रक्रिया सम्पन्न गरी नगरभित्रका खानेपानीका सबै मुहान र तिनको अवस्था तथा सञ्चालनमा रहेका वा निर्माणाधीन खानेपानी आयोजनाको विवरणसहित जिपिएसमा आधारित तथ्याङ्क तयार पार्ने । | १. खानेपानी सम्बन्धी तथ्यांक अभ्यावधिक गर्ने कार्यलाई निरन्तरता दिई त्यसलाई नगर सूचना व्यवस्थापन प्रणालीको अंग बनाउने । | १. निरन्तर |
| २. जोखिमममा रहेका मुहान पहिचान गरी संरक्षणका कार्यक्रम वडागत रुपमा कार्यान्वयनको शुरुवात गर्ने । | २. पहिचान भएका मुहान संरक्षणका न्यूनतम कार्य (वृक्षारोपण र घेराबार लगायत संरचनागत कार्य) पूरा गर्ने । | |
| ३. चरिकोट खानेपानी तथा सरसफाई आयोजनाले नसमेट्ने वडा तथा टोलमा रहेका स-साना आयोजनालाई एकीकृत वितरण प्रणालीमा आवद्ध गर्ने प्रक्रिया शुरु गर्ने । | ३. छरिएका सबै खानेपानी आयोजनालाई कम्तीमा वडास्तरको एकीकृत वितरण प्रणालीमा आवद्ध गरी पानी वितरणमा एकरुपता ल्याउने र नगरभर न्यूनतम खानेपानी पानी आपूर्तिसहित कम्तीमा ७० प्रतिशत परिवारमा एक घर एक धारा जडान गरिसक्ने । | ३. बहुस्रोत एकीकरण र पानी संकलन ट्यांकी लगायतका संरचना तयार गरी सबै धारामा कम्तीमा १२ घण्टा पानी प्राप्त हुने अवस्थामा पुऱ्याउने । |
| ४. २०७२ को भूकम्पबाट क्षति भएका खानेपानीका पूर्वाधारको पुनर्निनिर्माणको कार्य सम्पन्न गर्ने । | | |
| | ५. भौगोलिक जटिलताका कारणले एकीकृत वितरण प्रणालीको पहुँचमा आउन नसक्ने परिवारको खानेपानी सुविधाको स्तर परीक्षण गरी वैकल्पिक व्यवस्थापनका कार्य गर्ने । | |
| | | ६. पानीको उपयोगका आधारमा सञ्चालन र मर्मत सम्भारका लागि योगदान (महशुल) प्रणालीलाई व्यवस्थित गर्ने । |


**ग.** भीमेश्वर नगरपालिकाले मेरो शहर सफा शहरको नारासहितको सहभागितामूलक फोहोर व्यवस्थापन पद्धतिलाई प्रवर्द्धन गर्ने सिद्धान्त नगरको नीति तथा कार्यक्रममा समेटेको छ । आधारभूत स्वास्थ्य तथा सरसफाईको अधिकार संविधानतः स्थानीय सरकारलाई रहेअनुसार नगरले आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन २०७४ जारी गरेको छ । साझेदारीका आधारमा आवश्यक पूर्वाधार तयार गरी ठोस फोहोर व्यवस्थापन सेवासहितको सरसफाई केन्द्र निर्माण र सञ्चालनको प्रक्रिया पनि नगरले अघि बढाएको छ । भवन निर्माण अनुमति प्रक्रियाको अंगका रुपमा शौचालय निर्माणको विषय समेटेको छ । जसलाई भूकम्प पुनर्निर्माणको प्रक्रियासँगै ग्रामीण भेगमा पनि लागु गरिएको छ । समग्र सरसफाई क्षेत्र समेटेको स्थानीय नीति भने बनाउन बाँकी छ ।

सार्वजनिक सरसफाई अन्तर्गत खानेपानीको अन्तरसम्बन्धित क्षेत्रका रुपमा रहेको भाग तथा ठोस फोहोर र दिसाजन्य फोहोर व्यवस्थापनको विशिष्ठ कार्य समेत समावेश गरी नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर बनाउन निजी क्षेत्रसँगको हाल अघि बढेको साझेदारीको प्रक्रिया तथा सम्भावित साझेदारीका आधार तथा सरसफाईका अन्य पक्ष समेटेर यो दीर्घकालीन नीति, विद्यमान ऐन अनुसारको नियमावली र मापदण्ड बनाउनु पर्ने हुनाले तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आधारभूत सरसफाई तथा फोहोर व्यवस्थापन ऐन कार्यान्वयनका लागि नियमावली लगायत अन्य कानुनी औजार विकास गर्ने । | | १. सार्वजनिक सरसफाई सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको आवधिक समीक्षा तथा परिमार्जन । |
| २. ठोस फोहोर व्यवस्थापन र सरसफाई केन्द्र सञ्चालनका लागि सार्वजनिक निजी साझेदारीको प्रारुप तयार पार्ने । | २. सरसफाई क्षेत्रमा निजी साझेदारीको अभ्यासलाई समयानुकुल बनाई निजी क्षेत्रलाई थप जिम्मेवार बनाउँदै लैजान विद्यमान कानुनमा आवश्यक सुधार गर्ने । | |
| | ३. पूर्ण सरसफाईयुक्त नगर बनाउने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षाको पद्धति विकास गर्ने । | ३. नगरलाई पूर्ण सरसफाईयुक्त नगरको अवस्थामा पुऱ्याउन कमी विश्लेषणका आधारमा आवश्यकता अनुसार अल्पकालीन रणनीति निर्माण र कार्यान्वयन । |

**घ.** नगरले जिरो वेस्ट (शुन्य फोहोर) को अवधारणा अनुसार फोहोर संकलन र व्यवस्थानका लागि सरसफाई केन्द्र निर्माण र सञ्चालनका लागि स्थान निर्धारण गरी निजी क्षेत्रसँग साझेदारीको प्रक्रिया अघि बढाएको छ । तर हालसम्म ठोस फोहोर व्यवस्थापनको लागि आवश्यक पूर्वाधार र व्यवस्थित सेवा शुरु भएको छैन । नगरका सबैजसो घरमा शौचालयको व्यवस्था भए पनि २०७५ को तथ्याङ्कले केही घरमा शौचालय निर्माण बाँकी रहेको देखिएको त्यसलाई पूरा गर्ने र उपयुक्त मापदण्डसहितको पक्की शौचालयको उपलब्धता सबै घरमा सुनिश्चित गर्न थप कार्य गर्नुपर्ने आवश्यकता छ । आफ्नै शौचालय व्यवस्थापन नभएका परिवार रहने बिन्दु तलको नक्सामा देखाइएको छ ।

## नक्सा ३/५.३.४ : आफ्नै शौचालय नभएका परिवार




नगरमा ढल व्यवस्थापन वा दिसाजन्य फोहोर व्यवस्थापनको पूर्वाधार र सेवा व्यवस्थापन हुन बाँकी रहेको छ। यस सन्दर्भमा ठोस फोहोर व्यवस्थापन र दिसाजन्य फोहोर व्यवस्थापन सम्बन्धी प्राथमिकता तल प्रस्तुत छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. ठोस फोहोर संकलन र व्यवस्थापनका लागि व्यवस्थित सरसफाई केन्द्र सञ्चालनमा ल्याउने र आवश्यक सबै संरचना निर्माणको कार्य सम्पन्न गर्ने । | १. ठोस फोहोर संकलन र व्यवस्थापनका लागि व्यवस्थित सरसफाई केन्द्र सञ्चालनमा ल्याउने र आवश्यक सबै संरचना निर्माणको कार्य सम्पन्न गर्ने । | १. ठोस फोहोर व्यवस्थापनलाई नगरको राजस्वको आधारका रुपमा विकास गर्दै नगरलाई प्लास्टिकजन्य फोहोररहित नगर बनाउने । |
| २. चरिकोट केन्द्रित गरी सार्वजनिक ढल निर्माणको कार्य पुरा गरी सञ्चालनमा ल्याउने । शौचालयको फोहोर प्रशोधन तथा व्यवस्थापन प्रणाली निर्माण र सञ्चालन गर्ने । | २. ढल प्रणालीलाई चरिकोट बाहिरका सघन बस्ती तथा राजमार्ग क्षेत्रभर विस्तारको कार्य अघि बढाउने । | २. नगरको राष्ट्रिय राजमार्ग क्षेत्रभर ढल प्रणालीको सेवा पूर्ण सञ्चालनमा ल्याउने । |
| ३. कच्ची शौचालयलाई फ्लस सहितको शौचालयले विस्थापित गर्न प्रवर्द्धनात्मक र सहयोगात्मक कार्यक्रम सञ्चालन गर्ने । | ३. कच्ची र सेप्टिक ट्यांकको मापदण्ड नपुगेका सबै घरको शौचालयलाई उपयुक्त मापदण्डमा पुऱ्याउने । | ३. सार्वजनिक ढलको सेवा नपुगेका सबै बस्ती क्षेत्रलाई सार्वजनिक सेप्टिक ट्यांक (र) वा दिसाजन्य लेदो व्यवस्थापन सेवाको पहुँच दिलाउने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. सामुदायिक संस्थाबाट व्यवस्थापन हुने सुनिश्चतताका आधारमा चरिकोट र दोलखा बजार बजार तथा बढी जमघट हुने स्थान, बस बिसौनी तथा पार्क तथा पर्यटकीयस्थल मध्येमा ३ वटा सार्वजनिक शौचालयको व्यवस्था गर्ने । | ४. बढी जमघट हुने सार्वजिक स्थल (पार्क, मनोरञ्जन स्थल, खुला क्षेत्र, सेवा केन्द्र आदि) आसपास थप २ सार्वजनिक शौचालय निर्माण गर्ने । | ४. सञ्चालन र व्यवस्थापनको सुनिश्चितासहित थप ५ सार्वजनिक शौचालय निर्माण गर्ने । |

**ङ.** कृषिलाई आर्थिक विकासको प्रमुख क्षेत्रका रुपमा लिई समृद्धि हाँसिल गर्ने सोच बनाएको यस नगरपालिकामा स्थानीय कृषकले निर्माण गरेका बृहत् परम्परागत नहर तथा मझौला तथा साना कुला रहेकोमा सिँचाइ कुलो निर्माण, सञ्चालन र व्यवस्थापनमा नगरको भूमिका क्रमशः बढिरहेको छ । नगरले समग्र नगरको भू-उपयोग योजना निर्माणसँगै सिँचाइ सुविधा व्यवस्थापनलाई थप वैज्ञानिक बनाउनुपर्ने अवस्था छ । एकल अधिकारका रुपमा स्थानीय तहले पाएको संवैधानिक अधिकार कार्यान्वयन गर्न सबै किसिमका सिँचाइका पूर्वाधार निर्माण र सेवा व्यवस्थापन गर्न सिँचाइ नीति बनाउनु पर्ने भएकोले कृषि नीतिको अंगका रुपमा सिँचाइ नीति निर्माण तथा समयवद्ध रुपमा कार्यान्वयनको समीक्षा तथा परिमार्जन र संशोधनको कार्य आवधिक तालिकासहित प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. कृषि नीतिको अभिन्न अंगका रुपमा नगरको सिँचाइ नीति बनाउने । | १. सिँचाइलाई भू-उपयोग नीति तथा कृषि पकेट क्षेत्र लक्षित बनाउने गरी नीति र कार्ययोजनामा आवश्यक परिमार्जन । | १. सिँचाइ सम्बन्धी नीति कार्यान्वयनको आवधिक समीक्षा तथा आवश्यक परिमार्जन । |
| २. सिँचाइका पुर्वाधार संचालन तथा व्यवस्थापना सम्बन्धी कृषक समूहलाई जिम्मेवार बनाउने गरी सिँचाइ सेवा निर्देशिका बनाउने । | २. सिँचाइ सेवा निर्देशिका तथा अन्य कानुनी औजार विकास गरी नगरपालिकाभित्रका सबै सिँचाइ आयोजनाको व्यवस्थापनलाई उपभोक्तामार्फत् हुने व्यवस्था गर्ने । | २. सिँचाइ निर्देशिका र सम्बन्धित कानुनी प्रावधान कार्यान्वयनको समीक्षा र अवश्यक परिमार्जन । |
| ३. सिँचाइ प्रयोजनमा उपयोग हुने पानीको स्रोत सम्बन्धी विषलाई मुहान तथा पानीका स्रोत व्यवस्थापन सम्बन्धी स्थानीय कानुनको अंग बनाउने । | | |

**च**. यस नगरमा माथिल्लो भेगमा ठाडो खोलाहरू तथा पूर्वमा दोल्ती, दक्षिणमा तामाकोशी र पश्चिममा चर्नावती नदी रहनु तथा सिँचाइ सुबिधा उपलब्ध भएमा तरकारी, अन्नबाली र फलफूल उत्पादनको सम्भाव्यता भएका फाँटहरू रहेका छन् । विभिन्न पानीका स्रोतबाट सिँचाइका मझौला र साना आयोजना संचालनमा रहेका छन् । जसमध्ये पुलाखोला भुईमाल ओखरखेत सिँचाइ आयोजना र थाग्ने खोला पोखरी सिँचाइ आयोजना (वडा नं. १), ढाँडेगैरी तीनसल्ली बिरुवा सिँचाइ पोखरी (वडा नं. ५), गलगले बोचें सिँचाइ आयोजना (वडा नं. ८) केही उदाहरण हुन् । कृषि कार्यमा प्राथमिकताको कमी, अन्य पूर्वाधार निर्माणका क्रमका सिँचाइका पूर्वाधारमा भएको क्षति जस्ता कारणले सिँचाइ कतिपय पूर्वाधार प्रयोगविहीन वा संचालनमा नरहेको अवस्था छ । त्यसैले उत्पादन सम्भाव्यताका आधारमा बढी उत्पादन हुने र कृषि कार्यमा उपयोगमा आउने क्षेत्र लक्षित गरी एक भन्दा बढी उत्पादनको सम्भावना समेतका आधारमा निम्नानुसार सिँचाइ क्षेत्रलाई प्राथमिकीकरण गरिने छ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आलु तथा तरकारी खेती, अन्य नगदे बाली र धान, गहुँ जस्ता प्रमुख कृषि बाली उत्पादन बढी हुने क्षेत्र लक्षित बहुउद्देश्यीय नगर गौरबका सिँचाइ आयोजनाको प्रस्ताव तयार गरी प्रदेश सरकारमा पेश गर्ने । | १. बहुउद्देश्यीय सिँचाइ आयोजनाका लागि स्रोत प्राप्तीका लागि समन्वय गर्ने । साथै लगानीका वैकल्पिक स्रोत समेत खोजी गरी स्रोत प्राप्तीको सुनिश्चितता गरी नगर गौरबका कम्तीमा ५० प्रतिशत आयोजना सम्पन्न गर्ने । | ३. कृषि उत्पादनका लागि वर्गीकृत सबै जमिनमा बाह्रै महिना भरपर्दो सिँचाइ सुबिधा उपलब्ध गराइसक्ने गरी नगर गौरबका सिँचाइ आयोजना सम्पन्न गर्ने । |
| २. हाल सञ्चालनमा रहेका पक्की तथा परम्परागत कुलाको अवस्था सम्बन्धी विवरण तयार गरी मध्यमस्तरका कुलो सुधार तथा स्तरोन्नतीको प्राथमिकता निर्धारण गरी कार्यान्वयन शुरु गर्ने । | २. उत्पादनमा महत्वपूर्ण योगदान गर्ने आयोजनाको स्तरोन्नती कार्य पूरा गर्ने । | २. एक भन्दा बढी वडा समेट्ने सिँचाइ आयोजनाको पूर्वाधारको विशेष सुधारमा केन्द्रित कार्यक्रमलाई नगरको कार्यक्रममा समावेश गर्ने र समयवद्ध कार्यान्वयन गर्ने । |
| ३. उत्पादनको प्रकृति तथा सम्भावनाका आधारमा वर्षेपानी संकलन, थोपा सिँचाइ, पोखरी निर्माण वा सुधार जस्ता योजनाको सूचि तयार पार्ने । | ३. साना तथा मझौला सिँचाइका आयोजना निर्माणको कार्यक्रम वडास्तरबाट प्राथमिकताका आधारमा समुदायबाट लागत र श्रम सहभागिता तथा संरक्षण र ब्यवस्थापनको सुनिश्चितता भएका आयोजना सम्पन्न गर्ने । | ३. सबै किसिमका सिँचाइ आयोजनाको वडास्तरबाट निगरानी हुने गरी सम्बन्धित उपभोक्ता समिति वा कृषि समूहबाट सञ्चालन व्यवस्थापन हुने ब्यवस्था मिलाउने । |

**छ.** संविधानतः दूरसञ्चार सम्बन्धी अधिकार संविधान अनुसार स्थानीय तहलाई नभए पनि रेडियो सञ्चालन सम्बन्धी अधिकार तथा स्थानीय सेवा व्यवस्थापन सम्बन्धी अधिकार तथा र संविधानले एकल अधिकारका रुपमा दिएको एफ. एम. रेडियो सञ्चालन सम्बन्धी अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनले यी क्षेत्रको भूमिका सम्बन्धमा गरेको स्पष्टताका आधारमा सञ्चार सम्बन्धी नीतिगत तथा कानुनी प्रबन्ध गरेको छैन । यस पृष्ठभूमिमा सूचना तथा सञ्चार सम्बन्धी निम्न नीतिगत कार्यतालिका बनाएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. रेडियो लगायत स्थानीय सञ्चार माध्यम सञ्चालन, इन्टरनेट सेवा ब्यवस्थापन लगायत सूचना तथा सञ्चार सम्बन्धी स्थानीय कानुन तर्जुमा गर्ने । | १. सञ्चार सम्बन्धी स्थानीय कानुन कार्यान्वनका आवश्यक औजार विकास गर्ने । | १. सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको आवधिक समीक्षा तथा परिमार्जन । |
| | २. नगरलाई सूचना प्रविधिमैत्री नगर निर्माणका लागि विभिन्न पक्षका भूमिकामा स्पष्टता ल्याउने । | |

**ज.** भीमेश्वर नगरपालिकामा ४ वटा एफ.एम. रेडियो, १ दैनिक लगायत विभिन्न पत्रपत्रिका एवं अनलाइन सञ्चार माध्यमबाट सूचना तथा सञ्चार सेवा उपलब्ध भइरहेको छ । इन्टरनेट सेवा विस्तारको क्रममा रहेको छ भने टेलिफोन सेवाको पहुँच राम्रो रहेको छ । तथापि टेलिफोन नेटवर्क राम्रो नहुने समस्या, ल्याण्डलाइन फोन विस्तारको सीमितता तथा सूचना प्रविधिमा आधारित सेवा प्रवाह बढाउने गरी इन्टरनेट सेवाको विस्तार नभएको जस्ता समस्या यो क्षेत्रमा रहेका छन् । मोबाइल फोनको प्रयोग परिवारमा एक भन्दा बढीले गरिरहेको भए पनि २०७५ को तथ्याङ्क अनुसार करिब १८ प्रतिशत परिवारले मोबाइल फोन प्रयोग नगरेको देखिन्छ । जसलाई तलको नक्सामा प्रस्तुत गरिएको छ ।

## नक्सा ४/५.३.४ : मोबाइल फोन नभएका परिवार





यसलाई दृष्टिगत गरी नगरलाई सूचना प्रविधिमैत्री बनाउन, दूरसञ्चार सेवालाई नगर मापदण्ड अनुकल बनाउन सूचना र सञ्चारको सेवालाई थप पहुँचयोग्य बनाउन संघीय सरकारको अधिकार अन्तर्गत रहेको दूरसञ्चार सेवाको क्षेत्राधिकारमा असर नगर्ने गरी यो क्षेत्रको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नेपाल टेलिकम तथा अन्य सेवा प्रदायकसँगको समन्वयमा टेलिफोनको नेटवर्क राम्रो नभएको क्षेत्रमा टावरहरू थप गर्नका लागि आवश्यक समन्वय गर्ने । | १. टेलिकमसँगको समन्वयमा ल्याण्डलाइन टेलिफोन सेवा सबै वडासम्म विस्तार गर्ने । | |
| २. इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा कम्तीमा सबै सार्वजनिक सेवा प्रदायक निकाय र माध्यमिक विद्यालय र सामुदायिक भवनसम्म इन्टरनेट सेवा पुऱ्याउने । | २. सबै विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक सेवा प्रदायकका भवन, पर्यटकीय स्थल तथा पार्क एवं शहरी सेवा केन्द्रमा इन्टरनेट विस्तार सुनिश्चित गर्ने । | २. निजी क्षेत्रसँगको समन्वयमा नगरबाट उपलब्ध हुने सिफारिस, नक्सा स्वीकृतिको आवेदन सेवा तथा राजस्व भुक्तानी समुदाय वा घरबाटै हुनसक्ने गरी इन्टरनेट सेवा विस्तार गर्ने । |

**झ.** वैकल्पिक ऊर्जा सम्बन्धी अधिकार र एक मेघावाटसम्मको साना जलविद्युत सम्बन्धी अधिकार संविधनतः स्थानीय सरकारसँग रहेको छ । विद्युत सेवा सम्बन्धी अधिकार संघ प्रदेश र स्थानीय तहको साझा अधिकारका रुपमा रहेकोले नगरपालिकाको अधिकार क्षेत्रको निर्क्योल हुन बाँकी छ । त्यसैले एक मेगावाटसम्मको जलविद्युत आयोजना सम्बन्धी अधिकारको उपयोगलाई कानुनी रुपमा व्यवस्थित गर्ने, तथा तार, पोल वा विद्युत वितरणमा देखिएका समस्या समाधानका लागि नगरपालिकाले सम्बोधन गर्नुपर्ने जलविद्युत सम्बन्धी सेवाका सन्दर्भमा आफ्नो भूमिकामा स्पष्टता ल्याउनु आवश्यक रहेको महसुस गरी सो कार्यलाई अल्पकालीन कार्यका रुपमा समेटिएको छ । अन्य सान्दर्भिक विषयलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. मुख्य आवश्यकताका स्थानमा विद्युत प्राधिकरणसँगको समन्वयमा बिजुलीको तार, पोल, ट्रान्सफर्मर परिवर्तन गर्ने । | | |
| २. विद्युत सेवा सेवा प्रवाह र चुहावट नियन्त्रण लगायतमा नगरको भूमिका स्पष्ट बनाउने । | | |
| ३. एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्न चाहने फर्म वा कम्पनीलाई अनुमति दिने प्रक्रिया निर्धारण गर्ने । | ३. स्थानीय कानुनमार्फत् स्थानीय नदि प्रणालीबाट साना जलविद्युत उत्पादन र वितरणको सम्भाव्यता तथा अनुमति प्रकृया व्यवस्थित र संस्थागत गर्ने । | ३. विद्युत सम्बन्धी नीति तथा कानुन कार्यान्वयनको आवधिक समीक्षा तथा परिमार्जन । |
| **ग.** नगरमा जलविद्युत सेवाको पहुँच नपुगेको परिवार थोरै मात्र रहेको अवस्था छ । २०७५ को तथ्याङ्क अनुसार यस नगरमा विद्युत सेवा नपुगेका र मिटर जडान हुन बाँकी घरको संख्या र क्षेत्र नक्सामा प्रस्तुत छ । | | |

**नक्सा ५/५.३.४ : विद्युत सेवा नपुगेका वा मिटर जडान नभएका घरधुरी**



यस नगरपालिकामा जलविद्युत सेवाको पहुँचमा ठूलो समस्या नरहेता पनि ग्रामीण क्षेत्रमा विद्युतको थ्रिफेज लाइन नहुँदा विद्युतीय उपकरण सञ्चालनमा केही समस्या रहेको काठका पोल विस्थापन हुन बाँकी रहेको तथा जोखिम हुने गरी पोल तथा तारहरू अव्यवस्थित रुपमा रहेको लगायतका समस्या अनुभव गरिएको छ । राष्ट्रिय प्रशारण लाइन वाट वितरण हुने विद्युत सेवा व्यवस्थापनमा नगरको भूमिका कम रहने भए पनि विद्युतका पूर्वाधार विकासमा ती समुदायलाई समेट्न नगरपालिका नै भूमिका खेलिरहनु परिरहेको अवस्था छ भने टान्सफर्मरमा आउने समस्या, पोलको व्यवस्थापन लगायतमा समेत नगरको सहयोगको अपेक्षा नागरिकले गरेका छन् । राष्ट्रियस्तर र दोलखा जिल्लामा समेतबाट जलविद्युत उत्पादनमा हुने वृद्धिलाई मध्यनजर गरी बत्ती बाल्ने बाहेक भान्छाको इन्धनको प्रमुख स्रोत विद्युत हुने गरी पूर्वाधार विकास र विद्युत उपयोग बढाउनु पनि नगरको प्राथमिकता हो । यी विषयलाई दृष्टिगत गरी विद्युत क्षेत्रका आवधिक प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
|---|---|---|
| १. विद्युत प्राधिकरणको समन्वयमा सबै काठका पोललाई सिमेन्ट वा फलामे पोलले विस्थापित गरिसक्ने । | १. विद्युत प्राधिकरणसँगको समन्वय र सहयोगमा सबै बजार क्षेत्र तथा लिफ्ट सिँचाइ आयोजना सञ्चालन हुने क्षेत्र तथा विद्युतीय ऊर्जामा आधारित उद्योग वा कलकारखाना शुरु हुन लागेका क्षेत्रसम्म थ्रिफेज लाइन विस्तार गरिसक्ने । | |
| २. चरिकोट बाहेक कम्तीमा वडा केन्द्रसम्म थ्रिफेज लाइन विस्तार गर्ने । | | |
| ३. विद्युतीय जोखिम रहेका क्षेत्रमा रहेका भौतिक पूर्वाधार तथा रुख वा अन्य अवरोधको उचित व्यवस्थापन गर्ने । | | |
| ४. वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने । | | |
| | ५. साना जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन (चरंगे, हाती छहरा आदि) गर्न इच्छुकको आशय पत्रका आधारमा अध्ययन अनुमति र निर्माण अनुमति दिने । | ५. निर्माण सम्भाव्य देखिएका १ मेगावाटसम्मको जलविद्युत उत्पादनका लागि समन्वय गर्ने । |
| | | ६. सहयोगात्मक र प्रवर्द्धनात्मक कार्यक्रममार्फत् नगरमा दाउरा वा पेट्रोलियमको विकल्पका रुपमा जलविद्युत तथा वैकल्पिक ऊर्जालाई भान्छाको प्रमुख ऊर्जाको रुपमा उपयोग हुने अवस्थामा लैजाने । |

**ट.** भीमेश्वर नगरपालिकाले स्थानीय भवन निर्माण मापदण्ड कार्यान्वयन गरिरहेको छ । २०७२ सालको भूकम्पपछि सबै किसिमका भवन निर्माणमा भुकम्पीय सुरक्षाका मापदण्ड पालनालाई अनिवार्य गरिएको छ । संरचनागत मजबुतीका मापदण्ड (भवन संहिता) सबै किसिमका भवनमा समान रुपमा लागु हुने भएता पनि विभिन्न किसिमका भवनको कोठाको आकार, अपाङ्गता भएका व्यक्ति तथा बालबालिका लगायतको पहुँच तथा भुकम्प बाहेकको जोखिम न्यूनिकरणका मापदण्ड समेत समेटी विपद्को समयका लागि बनाइने सामुहिक बसोबासको सुरक्षित भवन, विभिन्न सेवा प्रदायकका भवन तथा पुस्तकालयका लागि भवन निर्माणको मापदण्ड बनाउनु पर्ने आवश्यकता महसुस गरी त्यसको प्राथमिकता तल प्रस्तुत छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाभित्रका कार्यालय तथा सामुदायिक भवनका पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने । | १. सामुदायिक भवन तथा पुस्तकालयको मापदण्ड कार्यान्वयनको समीक्षा गर्ने र कमी देखिएमा कमी पूर्तिका प्रावधान बनाउने । | १. सामुदायिक र सार्वजनिक भवनलाई समग्र भवन निर्माण मापदण्डको अंग बनाउने । |

**ठ.** आ.व. २०७६/७७ को मध्यावधिसम्ममा नगरमा ९ मध्ये एउटा मात्र वडा कार्यालयको आफ्नो भवन रहेको छ। त्यसैले सबै वडाको आफ्नै भवन बनाउनु मुख्य प्राथमिकता रहेको छ। विभिन्न उद्देश्यले समुदायस्तरबाट निर्माण भएका केही सामुदायिक भवन नगरभित्र रहेता पनि नगर र तथा वडास्तरमा विभिन्न आवश्यकताका उद्देश्यमूलक भवन निर्माण हुनुपर्ने जनचाहना पूर्तिमा पनि नगरले ध्यान दिनुपर्ने आवश्यकता छ। नगर केन्द्रमा एउटा सामुदायिक पुस्तकालय रहेको भए पनि विद्यालय र क्याम्पस बाहेक सामुदायिक पुस्तकालय खासै छैन। त्यसैले सबै वडामा कम्तीमा एउटा व्यवस्थित पुस्तकालय निर्माण र सञ्चालन गर्ने तथा सामुदायिक भवनहरूको पूर्वाधार विकास लगायतका आवधिक प्राथमिकता निम्नानुसार तय गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकाको कार्यालयको न्यूनतम भौतिक पूर्वाधार तयारी गर्ने तथा ३ वटा वडाको भवन निर्माणको कार्य सम्पन्न गर्ने र ५ वडा कार्यालयको आफ्नै भवन निर्माण शुरु गर्ने । | १. नगरपालिकाको कार्यालयको न्यूनतम भौतिक पूर्वाधार तयारी गर्ने तथा तथा ३ वटा वडाको भवन निर्माणको कार्य सम्पन्न गर्ने र ५ वटा वडा कार्यालयको आफ्नै भवन निर्माण शुरु गरिसक्ने । | १. सबै वडा कार्यालयको आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्ने । |
| | २. नगरको सम्पदा बस्ती क्षेत्रमा सम्पदा अध्ययन केन्द्र निर्माण गर्ने तथा अन्यत्र क्लस्टरस्तरमा पुस्तकालय तथा वाचनालय निर्माण गर्ने तथा नगरस्तरको पुस्तकालयमा राष्ट्रियस्तरका स्रोत समग्री उपलब्ध हुने गरी पूर्वाधार र प्रविधियुक्त बनाउने । | |
| ३. आवश्यक समन्वय गरी नगर केन्द्रमा रहेको सामुदायिक पुस्तकालय लाई नगरस्तरको पुस्तकालयको स्वरुप प्रदान गर्ने । | | ३. हरेक वडामा सामुदायिक अध्ययन केन्द्र, पुस्तकालय वा वाचनालय व्यवस्थापन गर्ने । |
| | ४. स्थानीय आर्थिक विकास (मूलतः कृषि, पर्यटनमा योगदान गर्ने) र स्वरोजगार प्रवर्द्धनमा योगदान गर्ने सामुदायिक भवनको प्रस्तावमा र साझेदारीका मापदण्डका आधारमा समुदायलाई आर्थिक र प्राविधिक सहायता उपलब्ध गराउने। | ४. सामुदायिक भवनका लागि उपलब्ध गराइने सहयोगलाई निरन्तरता दिने । |

**ड.** नगरपालिकाले उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने सार्वजनिक निर्माणका कार्यलाई सहभागितामूलक बनाउने अभ्यास गरिरहेको छ तर उपभोक्ता समितिमार्फत् वा अन्य तवरले निर्माण हुने पूर्वाधारका कार्यलाई व्यवस्थित र सहभागितामूलक बनाउन स्थानीय कानुन तर्जुमाको कार्य भने पूरा हुन बाँकी छ। त्यसैगरी नगरस्तरका पूर्वाधार विकासका कार्यक्रमको वातावरणीय प्रभाव मुल्यांकनको विधि निर्धारणको कार्य पनि प्राथमिकतामा छ।

सार्वजनिक निर्माणका योजना तर्जुमा, कार्यान्वनको अनुगमन तथा मुल्यांकन एवं सबै उपभोक्ता वा निर्माण व्यवसायी वा अमानतमा हुने निर्माणका सबै प्रक्रियामा नागरिक अनुगमन तथा निगरानी सुनिश्चित गर्न थप कानुनी व्यवस्था गर्नुपर्ने देखिएको छ ।

सार्वजनिक निर्माणका कार्य गर्दा त्यसको वातावरणीय प्रभाव विश्लेषण अपरिहार्य हुन्छ तर सबै आयोजनाको वैज्ञानिक तवरले वातावरणीय प्रभाव मुल्यांकन गर्नु लागत र समयका आधारमा व्यवहारिक नहुने हुनाले आयोजनाको लागत र प्रकृति अनुसार वातावरणीय प्रभाव मुल्याङ्कनको विधि र स्तरमा विविधिकरण गर्नुपर्ने आवश्यकता पनि देखिएको छ । यस पृष्ठभूमिमा निम्न नीतिगत कार्यसूचिको प्राथमिकीकरण गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सबै किसिमका कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता र समावेशीकरण सुनिश्चित गर्ने गरी कानुन निर्माण वा मौजुदा कानुनमा आवश्यक सुधार गर्ने । | १. खानेपानी, सिँचाइ तथा सरसफाईका निश्चित रकम भन्दा माथिका आयोजना कार्यान्वयन गर्नु अघि वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने सम्बन्धी निर्देशिका बनाउने । | १. स्थानीय विकास योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यासलाई सहभागितामूलक र जवाफदेही बनाउन तय गरिएका कानुनी प्रावधान कार्यान्वयनको लेखाजोखा गर्ने । |
| २. खानेपानी, सिँचाइ तथा सरसफाईका निश्चित रकम भन्दा माथिका आयोजना कार्यान्वन गर्नु अघि वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने सम्बन्धी निर्देशिका बनाउने । | २. वातारणीय प्रभाव मुल्यांकन निर्देशिका वा कार्यविधि कार्यान्वयनका लागि आवश्यक फाराम, चेकलिष्ट आदि तयार गरी कार्यान्वयन शुरु गर्ने । | २. वातावरणीय प्रभाव मुल्यांकन, सम्भाव्यता अध्ययन जस्ता विधिहरू आवश्यक परिमार्जनसहित कार्यान्वयनलाई निरन्तरता दिने । |

**ढ.** यस नगरपालिकामा योजना तर्जुमाको आधार वर्षमा ३ जना इन्जिनियर र ३ जना सब-इन्जिनियरसहितको प्राविधिक कर्मचारीबाट सबै किसिमका पूर्वाधार निर्माणको सहजीकरण, अनुगमन र सुपरिवेक्षणको कार्य भइरहेको छ ।

खानेपानी तथा सरसफाईका कार्यमा समन्वय र सबैका कामका बिचमा सामञ्जस्यता ल्याउन नगर र वडामा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति पनि रहेका छन् । समन्वय समितिलाई थप क्रियाशील गराउने तथा प्राविधिक सहयोग बढाउनुपर्ने आवश्यकता छ ।

स्थानीय प्राविधिक शिक्षलयबाट उत्पादन हुने प्राविधिक जनशक्ति पनि स्वयंसेवी रुपमा नगरका लागि उपलब्ध हुने अवस्था छ भने समुदायमा रहेका दक्ष मिस्त्रीबाट पनि न्यूनतम सुपरिवेक्षणमा सार्वजनिक निर्माणका कामको गुणस्तरीयता कायम गर्न सकिने अवस्था छ । तथापि सीमित प्राविधिक जनशक्ति मात्र नगरमा उपलब्ध हुँदा सबै किसिमका पूर्वाधार निर्माणको सबै प्रक्रियामा उचित सहयोग र अनुगमनका लागि जनशक्ति अपर्याप्त हुने गरेको अनुभव छ भने भित्र विशिष्टिकृत अनुभव र जिम्मेवारीसहितका प्राविधिकको व्यवस्थापन हुन नसक्दा यो क्षेत्रको प्राविधिक सहयोगमा सीमितता रहेका छन् । यस पृष्ठभूमिका यो क्षेत्रको संगठनात्मक स्वरुप निर्धारण र क्षमता विकासका प्राथमिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संगठन व्यवस्थापन सर्वेक्षणको सुझावका आधारमा आवश्यक परिमार्जन हुने गरी प्राविधिक शाखामा निर्धारित संगठन संरचना अनुसार रिक्त प्राविधिक पदपूर्ति गरी भवन र यातायात बाहेक खानेपानी, सिँचाइ तथा सरसफाईका पूर्वाधारजन्य कार्यको प्राविधिक नेतृत्व गर्ने फोकल पर्सन तोक्ने । | १. प्राविधिक, जिआइएस र प्रशासकीय कर्मचारीसहितको खानेपानी तथा सरसफाई इकाई गठन गरी खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धनका कार्यलाई एउटै इकाईमार्फत् कार्यान्वयन र सुपरिवेक्षण हुने वातावरण बनाउने । शाखाको न्यूनतम जिम्मेवारी र कार्यसम्पादन सूचक निर्धारण गर्ने । | १. खानेपानी, सरसफाई र स्वच्छता शाखा तथा सम्बन्धित इकाईलाई शहरी विकास विभाग (वा महाशाखा) को अंगको रुपमा विकास गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. नगरको प्राविधिक शाखालाई सरसफाई शाखाको प्रशासनिक र समन्वयात्मक सहयोग रहने गरी कार्यात्मक सम्बन्ध स्थापना गर्ने । | | |
| ३. नगर र वडास्तरको खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिलाई क्रियाशील गराउने । | ३. प्राविधिक इकाईलाई खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिको सचिवालयको रुपमा विकास गर्ने । | ३. वडास्तरमा खानेपानी तथा सरसफाई हेर्ने न्यूनतम कर्मचारीको व्यवस्थापन गर्ने र नगरका शाखा र इकाईलाई अनुगमन र सुपरिवेक्षणको भूमिकामा केन्द्रित गर्दै लैजाने । |
| ४. खानेपानी तथा सरसफाई क्षेत्रको जिम्मेवारी लिएका कर्मचारी, समन्वय समिति तथा सामाजिक विकास समितिका बिचमा समन्वय बैठक र वार्षिक रुपमा क्षमता विकास कार्यक्रम गर्ने । | ४. सिँचाइका कार्यक्रम हेर्ने प्राविधिक शाखा अन्तर्गत एकजना जिम्मेवार इञ्जिनियर तोक्ने । | |
| | ५. खानेपानी, सरसफाई र सार्वजनिक निर्माणका अन्य पूर्वाधार हेर्ने इकाईलाई पूर्वाधार युक्त बनाउने । | |

**तालिका ९/५.३.४ : सार्वजनिक निर्माण सेवाका अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य**

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| धारा पाइपको पहुँच पुगेको परिवार (प्रतिशत) | ९५ | ९७ | १०० | १०० |
| घरधुरीमा धारा जडान भएको परिवार (प्रतिशत) | २९ | ४० | ८० | ९५ |
| व्यवस्थित सेप्टिक ट्यांकसहितको शौचालय भएको परिवार (प्रतिशत) | ८९.७४ | ९५ | १०० | १०० |
| शौचालयको फोहोर व्यवस्थापनका लागि ढल वा दिसाजन्य फोहोर व्यवस्थापन सेवाको पहुँचमा रहेको परिवार (प्रतिशत) | ० | ० | ३० | ८० |
| व्यवस्थित लैंगिकमैत्री सार्वजनिक शौचालय संख्या | | ५ | ७ | १० |
| ठोस फोहोर संकलन सेवाको पहुँच घरमा नै उपलब्ध भएका परिवार (प्रतिशत) | १२.९३ | १५ | ४० | ६० |
| नगर मापदण्ड अनुसार घर कम्पाउण्डभित्र धारा जडानसहित सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसङ्ख्या (प्रतिशत) | २९.८३ | ५० | ७० | ९० |
| सार्वजनिक पुस्तकालयको पहुँचमा भएको जनसङ्ख्या (प्रतिशत) | | | ५० | ८० |
| आफ्ना वडा कार्यालय भवन | १ | ४ | ९ | |
| मोबाइल डाटा वाहेकको इन्टरनेट सेवा प्रयोगकर्ता परिवार (प्रतिशत) | १२.५० | २० | ५० | ७५ |

## ५.४. वन, वातावरण र विपद् व्यवस्थापन

यो खण्डमा भीमेश्वर नगरपालिकाको प्राकृतिक स्रोत, वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन तथा प्राथमिकता समेटिएको छ। वन लगायत स्थानीय प्राकृतिक स्रोतको उपलब्धता र उपयोग एवं सबै किसिमका प्रकोप, विपद् तथा आपत्कालीन प्रतिकार्यमा नगरको भूमिकालाई पनि यो क्षेत्रमा समेट्ने प्रयास गरिएको छ।

### ५.४.१. प्राकृतिक स्रोत र वातावरण

### क. प्राकृतिक स्रोत

### १. परिचय

स्वच्छ पर्यावरण, जैविक विविधता, समुन्नत जलाधार नगरको समृद्धिका आधारहरू हुन्। भीमेश्वर नगरपालिका प्राकृतिक एवं पर्यटकीय दृष्टिकोणले एकदमै परिचित र महत्वपूर्ण नगरपालिका हो। भीमेश्वर नगरपालिका जलस्रोत, वन सम्पदा एवं जैविक विविधताले पनि सु-सम्पन्न रहेको नगर हो। तसर्थ प्राकृतिक स्रोत, जलाधार तथा जडिबुटीहरूको उचित उपयोग गरी नगरमा उद्योगहरू स्थापना गरी नगर समृद्ध बन्न सकिने प्रचुर सम्भावना रहेको छ।

### २. वर्तमान अवस्था

भीमेश्वर नगरपालिका क्षेत्रमा होचो नदी तटीय भू-भागदेखि उच्च हिमाली भू-भागसम्म रहेको हुँदा यहाँ पाइने वनस्पतिहरूमा ठूलो विभिदता पाइन्छ। साथै यस नगरपालिकाको तामाकोसी नदीको किनार तथा चर्नावती खोला र तामाकोसीको दोभान समुन्द्री सतहबाट ७०० मिटरदेखि गणेश थुम्की ३५०० मिटरसम्ममा विभिन्न किसिमका हावापानी, वन वनस्पति पाइन्छ। यहाँ ७७.८ वर्ग कि.मि. (७७८० हेक्टर) अर्थात् वनजंगलले कुल भू-भागको ५८ प्रतिशत ओगटेको छ। भीमेश्वर नगरपालिकामा ६८ वटा सामुदायिक वनहरू रहेका छन् भने ५८२८.८६. हेक्टर क्षेत्रफल ओगटेको छ। भीमेश्वर नगरपालिकाको माथिल्लो उच्च हिमाली क्षेत्रको वनमा विभिन्न वनस्पतिका प्रजातिहरू एवं जंगली जनावरहरू एवं विभिन्न प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

भीमेश्वर नगरपालिका जलश्रोतमा पनि धनि मान्न सकिन्छ। नगरपालिका भएर विभिन्न नदी एवं खोलाहरू जस्तै चर्नावती खोला र तामाकोशी नदी, मर्‍याङ्ग खोला, कुथली खोला, छहरा खोला इत्यादि नदीहरू बग्ने गरेको छ। साथै चर्नावती हाइड्रोपावर समेत यस नगर क्षेत्रमा सञ्चालनमा रहेको छ। साथै नविकरणीय ऊर्जाको रुपमा सौर्य ऊर्जाको पनि प्रबल सम्भावना रहेको छ।

नगरपालिकाको प्राकृतिक सुन्दरता यथावत राख्न नगरपालिकामा विभिन्न हरियाली पार्क तथा उद्यानहरू जस्तै मञ्जुश्री पार्क, वृन्दावन महाङकाल पार्क, इको पार्क, रामजानकी हरियाली पार्क, इन्द्रसिंहदेव पार्क इत्यादि समेत रहेका छन्। यस नगरपालिकामा विशेषत ढुङ्गा, चुनढुङ्गा, फलाम, गिट्टी बालुवा लगायतको खानी रहेको छ। नगरमा खरी, म्याग्नेसाइट, स्लेट आदि उपलब्ध हुन सक्ने सम्भावना पनि रहेको छ।

नगरमा प्राकृतिक सम्पदाहरू प्रशस्त भएता पनि यसको उचित संरक्षण एवं उपलब्ध प्राकृतिक स्रोतको सदुपयोग र व्यवस्थापन गर्न सकिरहेको छैन। सामुदायिक वन उपभोक्ता समूहको निगरानीमा रहेकाले वनको उचित संरक्षण भएता पनि वन पैदावरहरूको चोरीको समस्या नगरमा रहेको छ। नगरमा पानीका मुहानहरू सुक्दै गएको छ। बालुवा, गिट्टी जस्ता नदीजन्य पदार्थहरू अमान्य ढंगले उत्खनन भइरहेको छ। वन डढेलोले गर्दा वन सम्पदामा ह्रास आइरहेको छ। निर्माण कार्यहरू वातावरण संरक्षणमैत्री छैन जसले गर्दा वनजंगल एवं पानीका मुहानहरूमा ह्रास आइरहेको छ। संवैधानिक अधिकारको आधारमा जैविक

विविधता र वातावरण संरक्षण कार्यलाई निर्देशित र व्यवस्थित गर्न नगरभित्र नीतिगत र कानुनी प्रबन्ध गर्न बाँकी रहेको छ । उद्योगजन्य प्रदुषण पनि बढ्दो रहेको र वातावरणमैत्री उद्योग सञ्चालनमा निजी क्षेत्रले पर्याप्त प्राथमिकतामा दिएको छैन ।

## ३. मुख्य अवसर र चुनौती

नगरवासीमा जनचेतनाको स्तरका कारण वातावरण संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थलहरूको संरक्षण हुनुका साथै आगामी दिनमा वातावरण प्रदुषण प्राकृतिक सम्पदाहरूको विनाश जस्ता समस्याहरू उत्पन्न हुन नदिन समुदाय आफैं अग्रसर हुने तथा नगर समुदाय साझेदारी अघि बढाउने अवसर छ । नगरमा भएका प्रशस्त खोला र नदीहरूको सम्भाव्य अध्ययन गरेर वातावरणीय प्रभाव मुल्याकंन गरी विभिन्न साना तथा ठूला जलविद्युत आयोजना, सिँचाइ कुलो निर्माण एवं सो सम्बन्धी विभिन्न उद्योगहरू सञ्चालन गर्न सकिने अवसर रहेको छ । प्राकृतिक वस्तु लगायत अन्य वन पैदावरहरूमा आधारित व्यवसाय एवं नगरपालिकामा भएका वन पैदावरमा आधारित घरेलु तथा साना उद्योगहरू एवं वनस्पतिजन्य उत्पादनबाट उद्योगहरू सञ्चालन गरी नगरमा प्रशस्त रोजगारी सृजना गर्न सकिने अवसर रहेको छ । यसका साथै निजी क्षेत्र र अन्य स्थानीय सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा प्राकृतिक स्रोत र वातावरण संरक्षणमा कार्यहरू अगाडी बढाई उपलब्धी हाँसिल गर्न सकिने अवसर पनि रहेको छ । नगरमा रहेको खनिज पदार्थहरू जस्तैः खरी, म्याग्नेसाइट, स्लेटको सम्भावना पहिल्याएर आवश्यक अध्ययन तथा खोज अनुसन्धान गर्न र विभिन्न प्राकृतिक स्रोतको प्रशोधन गरी उद्योगको विकासमार्फत् स्थानीय अर्थतन्त्र बलियो बनाउन सकिने अवसर रहेको छ ।

देशव्यापी रुपमा भइरहेको शहरीकरण, विकास र अपेक्षित औद्योगिकरणका लागि स्थानीय स्रोत साधनहरूको अत्याधिक प्रयोग भएको र थप हुने अवस्था रहेकोले त्यसबाट वातावरणमा नकारात्मक प्रभाव पर्ने अवस्था छ । त्यसैले जैविक विविधतालाई संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्नु चुनौतिपूर्ण रहेको छ । जंगली जनावर (विशेषगरी बाँदर) आतंकका कारण जनजीवन प्रभावित भइरहेको अवस्थामा सो समस्या समाधान गर्ने चुनौती रहेको छ भने उद्योग सञ्चालनका निमित्त वन पैदावर जस्तैः काठ, दाउरा, बाँस, निगालो, लोक्ता इत्यादि प्रयोग भइरहेको अवस्थामा यिनको संरक्षणका साथै प्राकृतिक स्रोत र साधनहरूको चोरी निकासी बन्द गरी नगरमा प्राकृतिक सम्पदाहरूको दीगो व्यवस्थापन गर्ने चुनौती पनि छ । जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एंव जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषणमुक्त राख्ने सम्बन्धमा कानुनी व्यवस्था गर्नु चुनौतिपूर्ण छ । नगरपालिकाले नगरमा भएका प्राकृतिक स्रोतहरूको प्रयोगबारे गुरुयोजना बनाएर नगरवासीलाई सो अनुरुप यी स्रोतहरूको उपयोग गरी नगरवासीको जीवनस्तर उकास्ने र नगरमा थप रोजगार सृजना गर्ने प्रक्रिया अघि बढाउने र विकाससँगै वातावरण संरक्षणलाई अगाडी बढाउने चुनौती पनि नगरलाई छ ।

नगरको प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रको वर्तमान अवस्थामा सुधार गर्नमा रहेका विभिन्न चुनौतीहरूको सामना गर्दै र उपलब्ध अवसरहरूको सदुपयोग गर्ने गरी प्राकृतिक स्रोत क्षेत्रको निम्नानुसार, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तय गरिएको छ ।

## ४. लक्ष्य

प्राकृतिक स्रोतहरूको दीगो व्यवस्थापन गरी प्राकृतिक सम्पदाहरूमा आधारित हरित उद्योग एवं पर्यटन व्यवसायको विकासमार्फत् स्थानीय विकास र समृद्धि हाँसिल गर्ने ।

## ५. उद्देश्य

विविध प्राकृतिक स्रोतहरूको संरक्षण, सम्बर्द्धन र आदर्श उपयोग गर्दै नगरलाई स्वच्छ र हरित वातावरणयुक्त बनाउने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**ताालिका १/५.४.१ : प्राकृतिक स्रोतका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वन सम्पदाको उत्पादकत्व र उत्पादन बढाई प्रकृतिमा आधारित पर्यटन व्यवसायको विकास गर्ने । | १. सामुदायिक वन, सरकारद्धारा संरक्षित वन एवं निजी वनहरूको उत्पादन वृद्धि हुने गरी वनहरूको व्यवस्थापन योजनाहरू निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. नगरमा रहेका वनहरूलाई प्रकृतिमा आधारित पर्यटकीय गन्तव्य बनाउँदै पर्यटकहरूको संख्या उल्लेख्य वृद्धि गरिनेछ ।<br>३. व्यवसायीकरण हुन सक्ने जडिबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको सम्भाव्य अध्ययन गरी पकेट क्षेत्र निर्धारण गरी खेती प्रविधिको विकास र विस्तार एवं जडिबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।<br>४. गैरकाष्ठ वनपैदावर एवं जडिबुटीमा आधारित मझौला वा ठूलो उद्योगको स्थापना गरी नगरमा गैरकाष्ठ वन पैदावरको स्वदेशी उत्पादन र आपूर्ति बढाई आयातलाई प्रतिस्थापना गरिनेछ ।<br>५. निर्माण कार्यहरूमा प्राकृतिक सम्पदा संरक्षणमैत्री गरिनेछ ।<br>६. वन क्षेत्रमा सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई विशेष प्राथमिकतामा राखी संस्थागत गरी यसबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने । |
| २. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रुपमा संरक्षण र व्यवस्थापन गर्ने । | १. वन, चरनक्षेत्र, सिमसार र जैविक विविधता संरक्षणलाई समेत सम्बोधन हुने गरी दीगो व्यवस्थापन योजना निर्माण र रैथाने तथा संकटासन्न अवस्थामा रहेका प्रजातिको संरक्षण कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।<br>२. वन्यजन्तु र तिनको बासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकतामा राखिने छ ।<br>३. वन नर्सरीहरू स्थापना गरिने छ ।<br>४. मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम, उचित क्षतिपूर्तिको व्यवस्था र आवश्यक भौतिक संरचना निर्माण गरिने छ ।<br>५. वनमा संलग्न समूह लगायत अन्य नगरवासीको समेत वनजंगल एवं जैविक विविधता संरक्षण सम्बन्धी चेतनास्तर बढाउँदै आवश्यक तालिम, शिक्षा, सेमिनारहरूको आयोजना गरिने छ ।<br>६. जैविक विविधता संरक्षण र पर्यटन प्रवर्द्धनका लागि जैविक विविधता पार्क निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>७. जलचरको संरक्षणको लागि पानीको सबै स्रोतहरूमा विषाक्त पदार्थ एंव बिजुली (करेण्ट) प्रयोगमा पूर्ण रोक लगाइने छ । |
| ३. वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रुपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्ने । | १. लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको उपयोग, निकास एवं विस्तार गरिनुका साथै उत्पादित ऊर्जाको उपयोग बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. सौर्य ऊर्जाको सम्भाव्य अध्ययन गरी स्थलगत तथ्याङ्क संकलन गरी सौर्य ऊर्जा प्रणालीको विकास गरिने छ ।<br>३. वैकल्पिक ऊर्जाको व्यवस्था गरी ग्रामीण महिला एवं बालबालिकाहरूको स्वास्थ्यमा सुधार गर्ने । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. कृषि तथा पशुपालन र उद्योगहरूसँग सहकार्यमा सो क्षेत्रबाट उत्पादित जैविक पदार्थ/फोहोरको प्रयोग गरी ठूलो क्षमताका बायोग्याँस प्लान्ट स्थापना गरी एल.पि.ग्याँसको प्रयोग न्यूनिकरण गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गरिने छ । |
| ४. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने । | १. नदी प्रणालीको विभिन्न तहको समन्वयमा एकीकृत जलाधार व्यवस्थापन नीति तथा तथा योजना तयार गरी कार्यान्वयन गरिने छ ।<br>२. नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसार पसार र बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।<br>३. नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रक्रियालाई अनिवार्य रुपमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको परिणाममा गर्नका लागि प्रतिवेदन प्रमाणीकरण प्रक्रियालाई पारदर्शी बनाउने साथै नियमित अनुगमन गरिनेछ ।<br>४. जलचरहरूको संरक्षणको लागि आवश्यक नीति निर्माण र कार्यान्वयन गरिनेछ । |
| ५. खानी तथा खनिज पदार्थमा आधारित उद्योगको लाभदायक विकल्पलाई अघि बढाउने । | १. खनिज पदार्थको उत्खनन, प्रशोधन र प्रयोग गर्न आवश्यक कानुन एवं कार्यविधिहरूको विकास गरिने छ ।<br>२. सम्बन्धित विश्वविद्यालयका विज्ञ एवं अनुसन्धानकर्ता एवं निजी क्षेत्रहरूसँग समन्वय गरी नगरमा रहेका खनिज पदार्थहरूको अन्वेषण एवं प्रशोधन सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।<br>३. सम्वन्धित पक्षसँगको सहकार्यमा खनिजजन्य पदार्थहरूमा आधारित उद्योगहरूको विकास गरिनेछ । |

# ख. वातावरण

## १. परिचय

प्राकृतिक स्रोतहरूको संरक्षणसँगै वातावरण स्वच्छ हराभरा राख्नु नागरिकको स्वास्थ्य र दीगो विकासका लागि अपरिहार्य छ । जैविक विविधता र प्राकृतिक वातावरण नै पर्यटन विकास एवं औद्योगिक विकासको मेरुदण्ड भएका कारण वातावरणीय स्वच्छता एवं सुन्दरताका लीग सबै पक्ष र सरोकारवालाहरूको संलग्नता एवं ध्यानाकर्षण हुनु जरुरी छ। दीगो विकास लक्ष्य हाँसिल गर्न वातावरण संरक्षण र व्यवस्थापनमा व्यवस्थापनमा सरकार, विश्वविद्यालय र गैरसरकारी संस्थाहरू लगायत सबै सरोकारवालाहरूको सहयोग आवश्यकता रहन्छ । भीमेश्वरको सन्दर्भमा नगर र नगरवासी बिचको प्रभावकारी समन्वय र सहकार्यबाट वातावरण संरक्षण र स्वच्छता प्रवर्द्धन सम्भव छ ।

## २. वर्तमान अवस्था

बढ्दो जनसङ्ख्या, अव्यवस्थित शहरीकरण, परिवर्तित शहरी जीवनयापन, प्रविधि विकाससँगै उपकरणहरू प्रयोग, पूर्वाधार विकास र वातावरण बिचको असन्तुलन, एकीकृत र योजनावद्ध विकासको अभाव, मापदण्ड एवं नीति निर्देशनको कमी एवं वातावरण सम्बन्धी जनचेतनाको कमीले भीमेश्वर नगरपालिकामा पनि दिनानुदिन वातावरणीय प्रदुषण एवं प्राकृतिक सम्पदाहरूको विनाश बढ्दै गइरहेको छ । नगरपालिकामा रहेका कुल घर परिवारहरूमध्ये ३,३७५ अर्थात् ३२.९१ प्रतिशत घर परिवारहरूले आफ्नै घरको कम्पाउन्डभित्र फोहोर बाल्ने गरेका छन् । त्यसैगरी ३,०२५ अर्थात् २९.५० प्रतिशतले घरको कम्पाउन्डभित्र गाड्ने/थुपार्ने,

१३२६ अर्थात् १२.९३ प्रतिशतको घरबाट फोहोर संकलन हुने, १,२६१ अर्थात् १२.३० प्रतिशतले फोहोर थुपार्ने ठाउँमा/क्यानमा फोहोर राख्ने, ७०१ अर्थात् ६.८४ प्रतिशतको कम्पोष्ट मल बनाउने गरेको, ३९९ अर्थात् ३.८९ प्रतिशतले नदी वा खोल्सामा फाल्ने, १६६ अर्थात् १.६२ प्रतिशतले सडक/सार्वजनिक स्थलमा फाल्ने गरेको र बाँकीको स्पष्ट नभएको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ। नगरपालिकामा रहेका सबै १०,२५५ घर परिवारहरूमा ढल निकासको व्यवस्था भएको देखिँदैन। सार्वजनिक शौचालयहरू पर्याप्त नभएको अवस्था रहेको छ। साथै वायु प्रदुषण एवं ध्वनी प्रदुषण पनि नगरमा बढ्दो रहेको छ।

## ३. मुख्य अवसर र चुनौती

नगरपालिकामा विकराल समस्याको रुपमा उत्पन्न हुँदै गरेको फोहोर मैलाको उचित ढंगबाट व्यवस्थित हुनुका साथै फोहोर मैलाबाट मानव लगायत अन्य जीवहरूमा पर्ने नकारात्मक प्रभावहरूबाट बच्ने एवं जैविक विविधता लोप हुने समस्या निराकरणका लागि नगरपालिकाले आवश्यक कार्ययोजना निर्माण गरी अघि बढ्ने अवसर छ। यसका साथै नगरमा सामुदायिक संघ संस्थाहरूमार्फत् स्थानीय समुदायहरूमा वातावरण सम्बन्धी जनचेतना र वातावरण र सरसफाई सम्बन्धी ज्ञान र सीप विस्तारमा योगदान हुने अवस्था छ। वातावरण संरक्षणमा गरिने लगानीले पर्यटन व्यवसायमार्फत् थप उपलब्धीले स्वच्छ वातावरणको भरपुर उपयोग एवं स्थानीय श्रोत र साधनको परिचालन गरी रोजगारी र पर्यटन व्यवसाय प्रवर्द्धनमार्फत् नगरवासीको आर्थिक स्तर उकास्ने अवसर पनि रहेको छ। साथै नगरमा वातावरण सम्बन्धी ज्ञान, सीप एवं दक्ष हाँसिल गरेका दक्ष जनशक्तिको परिचालनले नगरका वातावरण लगायत प्राकृतिक सम्पदाहरूको संरक्षण हुने, अवलोकन हुने, सही ढंगले मुल्याकंन हुने साथै नगरमा सम्भाव्य प्राकृतिक स्रोतहरूको खोज अनुसन्धान हुने तथा भएका सम्पदाहरूको निरीक्षण हुने अवसर पनि रहेको छ।

भीमेश्वर नगरमा बढ्दै गएको वायु र ध्वनी प्रदुषण, पानीका स्रोतहरू प्रदुषण र फोहोरमैलाको समस्या जस्ता विभिन्न वातावरणीय समस्याको रोकथाम र वैज्ञानिक समाधान गर्ने चुनौती रहेको छ। फोहोर व्यवस्थापन प्रक्रिया उचित तरिकाले नहुँदा यसले थप समस्या उत्पन्न हुने भएकोले आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी समुदाय लगायत सरोकारवालाहरूका बिचमा उपयुक्त साझेदारीमा साझा कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने चुनौती नगरलाई छ। नगरवासीको महत्वपूर्ण आम्दानी र रोजगारीको स्रोत पर्यटन व्यवसाय भए पनि होटलहरू सञ्चालनबाट उत्पादन हुने अव्यवस्थित फोहोर मैलाका कारण नगरपालिकामा महामारी फैलन सक्ने र पर्यटकको संख्या पनि स्वत: घट्ने भएका कारण होटल व्यवसायी लगायत पर्यटन व्यवसायमा संलग्न सबैमा यस सम्बन्धी सचेतना फैलाई सम्बन्धित पक्षलाई नै जिम्मेवार बनाउने चुनौती छ। साँस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाहरूको उपयोगको क्रममा वातावरणमा प्रतिकुल प्रभाव पर्न नदिने र पर्यावरणीय सन्तुलन कायम गर्ने चुनौती पनि छ।

नगरको वातावरण क्षेत्रको वर्तमान अवस्थामा सुधार गर्नमा विभिन्न चुनौतीहरूको सामना गर्दै र उपलब्ध अवसरहरूको सदुपयोग गर्ने गरी वातावरण क्षेत्रको निम्नानुसार, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तय गरिएको छ।

## ४. लक्ष्य

नगरवासीलाई वातावरण संरक्षणमार्फत् स्वच्छ रसफा वातावरणमा बस्न पाउने अधिकार प्रत्याभूत गराउने।

## ५. उद्देश्य

वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनी, जल, जमिन र वायुसँग सम्बन्धित प्रदुषण रोकथाम र नियन्त्रणका साथै हरियाली प्रर्वद्धन गरी वातावरणीय स्वच्छता कायम राख्ने।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका २/५.४.१ : वातावरणका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. जल सम्पदाहरूलाई स्वच्छ र प्रदुषण रहित अवस्थामा राख्न स्थानीय जलस्रोत व्यवस्थापनको विधि र मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने । | १. पानी गुणस्तर र फोहोर पानी बिसर्जनका लागि आवश्यक मापदण्ड, निर्देशिका र नियामक संयन्त्रहरू निर्माण गरी लागु गरिनेछ ।<br>२. नगरमा रहेका उद्योग एवं अन्य व्यवसायबाट निष्काशन हुने फोहोर पानीहरू जलस्रोतमा मिसाउने कार्यलाई निर्मुल बनाउन आवश्यक दण्ड सजायसहितको निर्देशनहरू तयार गरिनेछ ।<br>३. नगरमा रहेका नदी, खोला, जलाधार, पोखरी, मुलहरूको भौगर्भिक सूचना प्रणाली GIS को माध्यमद्धारा नक्साकंन गरिनेछ ।<br>४. जलाधार संरक्षण र सम्बर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरण Water recharge का विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>५. जलस्रोत विकास र व्यवस्थापन समग्रमा, व्यवस्थित ढंगले, एकीकृत जलस्रोत व्यवस्थापन Integrated water resource management को आधारमा विकास गरिने छ ।<br>६. जलस्रोत विकास र व्यवस्थापनमा आर्थिक क्षमता र सामुदायिक हितलाई प्राथमिकता दिइनेछ ।<br>७. जलस्रोतको संरक्षणका लागि स्रोत व्यक्तिको परिचालनको अवधारणा लागु गरिने छ ।<br>८.जलसम्पदाहरूको संरक्षणमा समुदायको सहभागितालाई बढावा दिइने तथा संस्थागत क्षमता र समन्वय वृद्धि गरिनेछ । साथै जलस्रोतको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक जनचेतनाका कार्यक्रमहरू, तालिम, गोष्ठी, सेमिनारहरू समय समयमा गरिने छ । |
| २. ध्वनी, माटो र वायु प्रदुषण तहको स्थानीय मापदण्ड तयार गरी सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रणका कार्यलाई व्यवस्थित रुपमा अघि बढाउने । | १. जमिन, ध्वनी, वायु प्रदुषण रोकथाम सम्बन्धी अन्तर्राष्ट्रिय एवं राष्ट्रिय मापदण्ड अनुकुल कार्यविधि एवं निर्देशिकाहरू तयार गरी कार्यान्वयन साथै प्रदुषण पीडितलाई प्रदुषकबाट क्षतिपूर्तिको व्यवस्था गराउने नीतिको निर्माण गरिने र सो को प्रयोगको नियमित अनुगमन गरिनेछ ।<br>२. बजार, औद्योगिक क्षेत्र र जोखिममा रहेका क्षेत्रहरूको वायु गुणस्तरको एकीकृत नक्सांकन, वायु प्रदुषण क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जनका गतिविधिमा नियन्त्रण गरिने छ ।<br>३. औद्योगिक क्षेत्रहरूमा प्रदुषण नियन्त्रण प्रणाली स्थापना गरिने छ ।<br>४. उद्योग एवं अन्य व्यवसायहरूबाट निष्काशन हुने प्रदुषणयुक्त धुँवा धुलो पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ ।<br>५. उद्योगहरू स्थापनाका लाीग औद्योगिक क्षेत्रबाट कुनै पनि वातावरणीय प्रदुषण नगरिने प्रतिवेदनका साथ प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरिने छ ।<br>६. कृषि फार्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गरिने विषादी एवं उक्त स्थानहरूबाट निष्कासन हुने रसायन, ग्याँसहरूको नियमन गर्दै जैविक विषादी प्रयोगलाई प्रोत्साहन गरिने छ ।<br>७. ध्वनी प्रदुषण गराउने अत्यधिक पूराना सवारी साधनहरू चलाउन प्रतिबन्धका साथै यसरी चलाएमा ऐन बमोजिम दण्ड जरिवाना समेतको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. ध्वनी, माटो र वायु प्रदुषण तहको स्थानीय मापदण्ड तयार गरी सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रणका कार्यलाई व्यवस्थित रुपमा अघि बढाउने । | ८. विषादी प्रयोग न्यूनिकरणका लागि विषादी परीक्षण प्रयोगशाला निर्माण गरिनेछ साथै प्राङ्गारिक खेती गर्ने किसानलाई प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।<br>९. माटो, जमिन, पानी, ध्वनी, वायु प्रदुषण मापन, परीक्षण एवं अध्ययन अनुसन्धानका लागि नगरमा वातावरण प्रयोगशाला निर्माण गरिने छ ।<br>९. वातावरणीय प्रदुषण नियन्त्रणका लाीग नगरमा स्थानीय लगायत, उद्योगी व्यवसायी, कृषक लगायत अन्य सरोकारवालालाई जनचेतना जगाउने कार्यक्रमहरू गरिने छ । |
| ३. पूर्वाधार विकास र वातावरण बिच सन्तुलन कायम गर्न आवश्यक कानुन र संरचना निर्माण गरी वातावरणीय प्रभाव मूल्याकंन र न्यूनिकरणलाई पूर्वाधार विकासको अभिन्न अंग बनाउने । | १. नगरको प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्न वातावरण व्यवस्थापनका समग्र पक्ष समेट्ने गरी कानुन, मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने छ ।<br>२. हरित अर्थतन्त्र Green Economy को लागि सरोकारवालाहरूसँग समन्वय गरी वातावरण विकासका क्षेत्रगत कार्यक्रममा मूलप्रवाहीकरण गरिने छ ।<br>३. प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मूल्यांकन मापदण्ड व्यवहारिक बनाई प्रतिवेदन स्वीकृति प्रक्रियालाई पारदर्शी र सरलीकरण गरिने छ । |
| ४. ढल निकास समस्या समाधानका लागि नगरमा एक विस्तृत वर्षा पानी निकास प्रणाली स्थापना गर्ने । | १. उचित ढल निकासको व्यवस्था नभएका र सेप्टिक ट्याङक एवं फोहोर पानी निष्काशनको समस्या भएका स्थानहरूको पहिचान गरी ढल पूर्वाधारसहितको शहरी विकास गुरुयोजना तयार गरिने छ ।<br>२. नगरको सघन बस्ती र शहरी क्षेत्रलाई ढल निकास प्रणालीमा आवद्ध गरी क्रमशः विस्तार गरिने छ र बस्तीबाट अप्रशोधित ढल खुल्ला निष्काशन गर्ने कार्य हुन दिइने छैन ।<br>३. ढल प्रणालीको नियमित मर्मत तथा सञ्चालन खर्च स्थानीय तह एवं लाभग्राही  समूहको लागत सहभागितामा व्यवस्थापन गरिने छ । |
| ५. सबै नगरवासीलाई आधारभुत स्तरको सरसफाई सेवामा पहुँच तथा मानव मलमुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छता कायम गर्ने । | १. पानी तथा सरसफाईसँग सम्बन्धित नीति नियम, मापदण्ड निर्देशिका तर्जुमा तथा समयानुकुल परिमार्जन गरिने छ ।<br>२. आधारभूत खानेपानी तथा सरसफाईबाट वञ्चित रहेका क्षेत्रमा सरसफाई सेवा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई सञ्चालन गरिने छ ।<br>३. सरसफाई लगायत पानीको भण्डारण तथा शुद्धिकरण सम्बन्धी चेतना अभिवृद्धि एवं तालिमहरू सञ्चालनका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामुदायिक एवं अन्य सरोकारवालाहरूसँग समन्वय गरिनेछ ।<br>४. स्थानीयको सरसफाई अभियान, वृक्षारोपण र पोखरी संरक्षण गतिविधिहरूमा सक्रिय सहभागितालाई प्रोत्साहन गरिने छ ।<br>५. फोहोर पानी संकलन गर्ने प्रणालीको निर्माण र प्रशोधन केन्द्रको स्थापना गरिने छ ।<br>६. नगरका प्रत्येक वडामा महिला, अपाङ्ग, ज्येष्ठ नागरिक र वातावरणमैत्री शौचालयको व्यवस्था गरिने छ ।<br>७. नगरमा महिलाहरू एवं विद्यालयहरूमा स्यानिटरी प्याड प्रयोगको बारेमा जनचेतनाका साथै स्यानिटरी प्याड बिसर्जनका लागि इन्सीनेटर (Incinerator) को व्यवस्था गरिने छ ।<br>८. पूर्ण सरसफाईयुक्त नगरको रुपमा विकास गरी पर्यटन व्यवसायलाई टेवा पुऱ्याइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ६. फोहोर मैला व्यवस्थापनलाई सहभागिता तथा नवीन प्रविधिमा आधारित बनाउने । | १. फोहोर मैला व्यवस्थापन सम्बन्धी स्पष्ट नीति, मापदण्ड एवं कार्यविधि, निर्देशनहरू तर्जुमा गरिने छ ।<br>२. फोहोर मैला संकलनको लागि Door to door collection का आधारमा गरिने र यसको लागि गुणस्तरीय ढुवानी साधनको व्यवस्था गरिनेछ । साथै फोहोर मैला संकलनका लागि नगरले गैरसरकारी संस्थालाई सम्झौतामार्फत् नाफामूलक किसिमले सञ्चालन गर्न दिइने छ ।<br>३. फोहोर संकलन गर्दा प्रयोगकर्ता शुल्कमार्फत् हरेक घर, व्यवसाय तथा कारखानाहरू, अस्पताल एवं शैक्षिक क्षेत्रबाट संकलन गरिने छ । नगरपालिकाले संकलन गर्ने टोलीलाई फोहोरको दैनिक आयतन अनुसार शुल्क तोक्न सकिने छ । आवासीय क्षेत्रका फोहोरहरू सामान्यतया हप्ताको ३ दिन (प्रत्येक दिन कुहिने फोहोर र हप्ताको ४ दिन नकुहिने) गरी सकंलन गरिने छ भने फोहोरहरूको आयतन हेरी होटल, रेष्टुरेन्टहरूमा तथा अस्पतालमा भने माग अनुसार सकंलन गरिने दिनहरू बढाउन सकिने छ ।<br>४. अस्पतालजन्य फोहोरहरू बिसर्जन गर्न दिँदा शुरुमै जीवाणुरहित (Sterilized) गरेपश्चात् मात्र संकलनकर्तालाई दिइने प्रावधान बनाई लागु गरिने छ । यसका लागि नगरमा स्थापित अस्पतालहरूमा जीवाणुरहित बनाउने उपकरणहरूको व्यवस्था अनिवार्य हुनुपर्ने व्यवस्था गरिने छ ।<br>५. फोहोर मैला व्यवस्थापनका कानुनमा व्यवस्था भए अनुसार पुनचक्रण तथा पुनप्रयोग गर्न नसकिने तथा नाश गर्न नसक्ने वस्तुहरू वर्गीकरण गरिनेछ ।<br>६. तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थको पुन:प्रयोगको नीति अवलम्बन गरिने छ ।<br>७. नदीको स्वच्छता कायम राख्न फोहोर मैला नदी एवं अन्य जलस्रोतमा मिसाउने कार्य नियन्त्रण गरिने छ ।<br>८. संकलन भएका फोहोरहरूको लागि आवश्यक स्थानान्तरण स्टेशन Transfer station हरू एवं Resource recovery center एवं ल्याण्डफिल साइटको व्यवस्था गरिने छ ।<br>९. सो ल्याण्डफिल साइट तथा स्थानान्तरण स्टेशनहरू छनौट गर्दा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय नीति एवं मापदण्ड अनुरुप निर्माण एवं सञ्चालन गरिने छ ।<br>१०. नगरमा उत्पादित पुन:चक्रिय योग्य फोहोरहरू सदुपयोग गर्ने उद्योगहरू स्थापना गरिने छ ।<br>११. वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक ऊर्जा, प्राङगारिक मल उत्पादन जस्ता गतिविधिहरू सञ्चालन गरिने छ ।<br>१२. नगर क्षेत्रबाट निष्काशित फोहोरहरूमध्ये ६० प्रतिशत कुहिने फोहोरहरू कम्पोष्ट मल अथवा बायोग्याँस निर्माण गरिनेछ भने ३० प्रतिशत नकुहिने फोहोर पुन:चक्रणमा प्रयोग गरिनेछ र बाँकी अत्यन्त न्यून (करिब १० प्रतिशत) फोहोरहरू मात्र ल्याण्डफिलमा जाने अवधारणालाई आत्मसात गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १३. फोहोर प्रशोधन केन्द्र, फोहोर संकलन केन्द्र एवं फोहोर मैलामा काम गर्ने कामदारहरूको स्वास्थ्य सुरक्षाको ख्याल गरिनेछ। व्यवसायिक स्वास्थ्य सुरक्षा Occupational health safety plan योजना तयार गरिनेछ  र सो अनुरुप कामदारहरूलाई व्यक्तिगत सुरक्षाका उपकरण Personal Protective Equipment PPE प्रदान एवं स्वास्थ्य परीक्षण पनि गरिनेछ।<br>१४. स्थानीय समुदायको सहकार्यमा नगरका विभिन्न स्थान एवं सडक किनारामा वृक्षारोपण र पुष्प बाटिका निर्माण जस्ता हरियाली प्रवर्द्धन कार्य गरिने छ।<br>१५. कम प्रयोग, पुनःप्रयोग तथा पुनःचक्रण (3R')का जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याई यो अवधारणालाई प्रोत्साहन गरिनेछ। |

**तालिका ३/५.४.१ : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण**

**क.** नेपालको संविधानको अनुसुची ८ मा स्थानीय तहको अधिकार अन्तर्गत स्थानीय बजार व्यवस्थापन, वातावरण, संरक्षण र जैविक विविधता सम्बन्धी अधिकार समेटेकोले स्थानीय तहको वातावरण संरक्षण संस्थागत नेतृत्व नगरपालिकाले लिनुपर्ने हुन्छ। त्यसैले जैविक विविधता र वातावरण संरक्षण कार्यलाई निर्देशित र व्यवस्थित गर्न आवश्यक नीतिगत र कानुनी प्रबन्ध गर्ने नगरको प्राथमिकताका कार्यहरू हुन्। वातावरण संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, दुर्लभ वन्यजन्तु, वनस्पति वा  जैविक विविधतायुक्त स्थलहरूको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्न कानुनको निर्माण एवं समीक्षा र समयानुसार परिमार्जन गर्नु आवश्यक रहेकाले यो कार्यलाई निम्नानुसार प्राथमिकतामा राखिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन एवं नियमावली निर्माण गर्ने। | १. वातावरण संरक्षण ऐन एवं नियमावलीको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने। | १. संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्न वातावरण व्यवस्थापनको समग्र पक्ष समेट्ने गरी कानुन, मापदण्ड तर्जुमा तथा संशोधन गरी कार्यान्वयनका लागि समन्वय गर्ने। |
| २. वातावरण संरक्षणका दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक वा सौन्दर्यपरक, पानीको मुहान, दुर्लभ वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, वनस्पति, ऐतिहासिक एवं साँस्कृतिक महत्वका स्थलहरूलाई राजपत्रमा सूचना प्रकाशित गरी वातावरण संरक्षण क्षेत्र कायम गर्ने। | २. राजपत्रमा सूचित नगरका वातावरणीय दृष्टिकोणले महत्व भएका स्थलहरूको संरक्षण गर्ने। | २. वातावरण संरक्षण क्षेत्रहरूको संरक्षण कार्यलाई निरन्तरता दिने। |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. वातावरण विकास संरक्षण कोष (सञ्चालन) कार्यविधि निर्माण गर्ने । | ३. वातावरण व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाई स्वच्छ र स्वस्थ वातावरण सृजना गर्दै प्राकृतिक स्रोतहरूको प्रभावकारी प्रयोगको माध्यमले दीगो लक्ष्य हाँसिल गर्न आवश्यक सहकार्यका साथै कोषको विवेकशील प्रयोग गर्ने । | ३. विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी नगरको वातावरण संरक्षण कोषको मूलधनको आकार वृद्धि गर्ने । |

**ख.** नगरमा उपलब्ध हुने कच्चा पदार्थमा रोडा, ढुङ्गा, बालुवा आदि प्रशस्त मात्रामा रहेको छ तर यी नदीजन्य पदार्थहरूको जथाभाबी उत्खनन भइरहेकोले यसले अन्य पूर्वाधारमा समेत असर गर्ने विपद् जोखिम बढाउने अवस्था छ । अव्यवस्थित तरिकाले हुने यस्ता प्राकृतिक पदार्थहरूको उत्खनन्ले वातावरणीय पारिस्थितिक प्रणालीमा ह्रास हुनुका साथै वातावरणीय प्रदुषण समेत बढ्दै जाने भएका कारण यस्ता प्राकृतिक श्रोतहरूको समुचित उपयोग र व्यवस्थापन तथा मानव निर्मित संरचनालाई पर्यावरणमैत्री बनाउन कानुनको तत्काल आवश्यकता रहेको छ । साथै सरोकारवालाहरूलाई नगरमा भएका स्रोतहरूको दीगो संकलन गर्न प्रेरित गर्दै समय परिवर्तनसँगै नयाँ नीति नियमहरू बनाउनु मध्यकालीन तथा दीर्घकालीन प्राथमिकता हो ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. परियोजना प्रस्तावकले वातावरणमैत्री विकास आयोजना निर्माण गर्न तोकिए बमोजिमका क्षेत्रमा परियोजना प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याकंन अनिवार्य गर्न निर्देशिका तयार गर्ने । | १. नदीजन्य वस्तुहरूको उत्खनन सम्बन्धी बनेका निर्देशिकाको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. नदीजन्य वस्तुहरूको उत्खनन सम्बन्धी बनेका निर्देशिकालाई संघीय एवं प्रादेशिक नीतिलाई समेत मध्यनजर गरी सो नीतिहरूसँग तालमेल गराई आवश्यक संशोधन गर्ने । |
| २. नदीजन्य वस्तुहरू जस्तैः ढुंगा, बालुवा, गिट्टीको आँकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसार पसार र बिक्री वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउने । | २. उत्खनन भइरहेका स्थानहरूमा प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन अनुसार स्रोतहरूको उत्खनन भएको हो वा होइन भनी नियमित अनुगमन गर्ने । | २. उत्खनन प्रक्रियाले वातावरणीय पारिस्थितिक प्रणालीमा ल्याउन सक्ने ह्रासलाई न्यूनिकरण गर्दै नगरमा प्राकृतिक स्रोतको रुपमा रहेको ढुंगा, बालुवा, गिट्टी जस्ता पदार्थहरूको दीगो सदुपयोग, बिक्री वितरण एवं निकासी गरी नगरको आर्थिक वृद्धिमा टेवा पुऱ्याउने । |

**ग.** नगरमा खरी, म्याग्नेसाइट, स्लेट जस्ता खनिज तथा कमेरो खानी, कालिमाटी र शिलाजीत जस्ता पदार्थहरू समेत रहेका छन् । तर नगरमा रहेका यी अमुल्य वस्तुहरूको उत्खननका निमित्त हालसम्म पनि कुनै नीति नबनेको अवस्था रहेको छ । तसर्थ यी वस्तुहरूको दीगो सदुपयोग गर्दै नगरमा विभिन्न उद्योगको विकास गर्दै अर्थतन्त्र बलियो बनाउनको निमित्त नीति निर्देशिकाको आवश्यकता रहेको छ । संघीय नीति तथा कानुनमा आधारित रहेर त्यस्ता स्थानीय कानुन वा उपयुक्त औजार निर्माण र खानी क्षेत्रको अध्ययन तथा परियोजना विकासका निम्न प्राथमिकता रहेका छन् ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघीय र प्रदेश कानुन बमोजिम खानी तथा खनिज पदार्थ सम्बन्धी स्थानीय कानुन निर्माण गर्ने । | १. खानी तथा खनिज पदार्थ सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरुप संशोधन गर्ने । | १. खनिज पदार्थको उत्खननमा बनेका कानुनमा आवश्यकता अनुरुप संशोधन एवं परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| २. नगरमा रहेका खानी तथा खनिज पदार्थको खोजतलास एवं गुणस्तर तथा परिमाण यकिन कार्यका लागि आवश्यक अध्ययन गर्ने । | २. खानी विभागको अनुमतिमा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी उत्खनन् सम्बन्धी कार्य गर्ने र तिनको बजारीकरणको लागि आवश्यक समन्वय गर्ने । | २. नगरमा रहेका खनिज पदार्थहरूको उत्खनन् गर्दै सो सम्बन्धी वातावरणमैत्री उद्योगहरूको स्थापना गर्ने । |
| ३. खनिज पदार्थहरूको अनुसन्धान कार्यमा सम्बन्धित विद्यार्थी, भू-वैज्ञानिक एवं अनुसन्धानकर्ताहरूलाई अध्ययन तथा खोज अनुसन्धान गर्न प्रोत्साहन एवं प्राथमिकता दिने । | ३. खनिज पदार्थहरूको खोज अनुसन्धान एवं उत्खनन् कार्यहरूमा नियमित अनुगमन एवं मुल्यांकन गर्ने । | ३. खनिज पदार्थहरूमा नयाँ नयाँ अनुसन्धानबाट प्राप्त परिणाम एवं नयाँ प्रविधिहरूलाई अँगाल्दै तिनलाई उपयोगमा ल्याउनुका साथै दीगो संकलनका निमित्त अनुसन्धान जारी राख्ने । |

**घ.** नगरमा जडिबुटीको प्रचुर सम्भावना रहेको छ । नगरमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरूले वनजंगलको संरक्षण भएता पनि केही मात्रनमा जीवजन्तु एवं वनस्पतिको चोरी शिकार, कालिज, मृग, घोरल, थारल जस्ता जीवजन्तुको चोरी शिकारी पनि नगरको समस्या बन्दै गरेकोले सो अन्त्य गर्न तत्काल कारबाहीका लागि कानुनको व्यवस्था गनुपर्दछ । यिनको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी कुनै पनि नीति नभएकाले सो को स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्नुपर्ने छ । साथै जडिबुटीको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन एवं जडिबुटीको संकलन, ओसार पसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउँदै रोजगार प्रवर्द्धन गर्न निम्न प्राथमिकता तय गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| १. जडिबुटीहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने । | १. जडिबुटीहरूको दीगो संकलन गर्नका लागि नगरमा भएका नीति एवं कार्यविधिहरूमा आवश्यकता अनुरुप संशोधन गर्ने । | |
| २. जीवजन्तु एवं वनस्पतिको चोरी शिकारी अन्त्य गर्न आवश्यक कानुन निर्माण गर्ने । | २. वन्यजन्तु चोरी शिकारी न्यूनिकरण गर्न नगरमा रहेका वनजंगलहरूमा घेराबार लगाई संरक्षण गर्ने । | |
| ३. नगरपालिकाको आर्थिक ऐनमा नगरपालिकामा अनुसूचि -४ (दफा ५ सँग सम्बन्धित) जडिबुटी, निषेध गरिएको जीव जन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला वा प्राकृतिक वस्तु लगायत अन्य वन पैदावरको व्यावसायिक उपयोगमा लाग्ने कर उठाउने सम्बन्धमा स्पष्ट कानुन बनाउने । | ३. कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था भएको ऐनको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गने । | |
| ४. वन कार्यालयको अनुमतिमा नगरमा पाइने जडिबुटीहरूको अध्ययन तथा अनुसन्धान गर्ने । वन क्षेत्रको उत्पादकत्व वृद्धि र जैविक विविधता संरक्षण गर्न सामुदायिक वन उपभोक्ता समिति सदस्यहरू समेतको क्षमता र सीप विकास तथा प्रचार प्रसार कार्यका लागि रणनीतिहरू बनाउने । | ४. नगरमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने र जडिबुटीको बजारीकरण गर्ने । | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ५. संघ र प्रदेश सरकारको समन्वयमा वनजन्य सामग्री संरक्षण तथा उपयोगमा नगरको भूमिका स्पष्ट गरी नगरमा सुनाखरी रहेकाले सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका निर्माण गर्ने। | ५. सुनाखरी संकलन तथा खेती विकास सम्बन्धी बनेको निर्देशिकाको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । | |
| ६. सुनाखरीको बजार मूल्यबारे स्थानीयमा जानकारी नभएको र सुनाखरीको संरक्षणमा सर्वसाधारणको ध्यान कम रहेकोले सुनाखरी संरक्षण, उत्पादन तथा निकासी सम्बन्धी बनेका नीतिको बारेमा सर्वसाधारणको जानकारीमा ल्याई आवश्यक जनचेतना एवं क्षमता विकासका तालिमहरू सञ्चालन गर्ने । | ६. सुनाखरी परिवार (प्रजाती) का वनस्पतिको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन गरी आय वृद्धि तथा रोजगारी प्रवर्धन गर्ने । | |

ङ. नगरमा पानीका मुहानहरू प्रशस्त रहेका छन् । अव्यवस्थित बाटो निर्माण एवं संरक्षणको अभावमा यी पानीका मुलहरू माँसिदै एवं सुक्दै गएको अवस्था रहेको छ । साथै २०७२ सालको विनासकारी भुकम्पले गर्दा पनि नगरमा भएका पानीका मुहानहरूमा सरेको वा केही हराएको अवस्था रहेको छ । यसका साथै नगरमा रहेका पोखरीहरू पनि हाल संरक्षणका अभावमा लोप हुने अवस्थामा रहेका छन् । तसर्थ पानीका मूल एवं पोखरीहरूको संरक्षण गर्नका निम्ति निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।


| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. पानीका मुहानहरू संरक्षण एवं सम्बर्द्धन गर्नका निमित्त नगरमा गठन गरिएका टोल सुधार समितिहरूको प्रमुख जिम्मेवारी रहने गरी कार्यविधि निर्माण गर्ने । | १. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समीक्षा गर्ने । | १. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समीक्षा गर्दै आवश्यक संशोधन गर्ने । |
| २. जमिन सुख्खा हुने जस्ता समस्या भइरहेको सन्दर्भमा नगरमा भएका पोखरीहरूको संरक्षण गर्दै ठाउँ ठाउँमा रिचार्ज पोखरीहरू निर्माण गर्ने । | २. कम्तीमा एक वडा एक पोखरी निर्माण गर्ने । | २. आवश्यकता अनुरुप पोखरीहरूको मर्मत गर्दै पोखरी निर्माण कार्यलाई निरन्तरता दिने । |
| ३. नगरमा रहेका सल्लाका रुखहरूले जमिन सुख्खा बनाउने अवस्थालाई मध्यनजर गरी नगरमा चौडा पात भएका बोट बिरुवा वृक्षारोपण गर्ने । | ३. मेरो रहर सफा शहरको भावना विकास गरी नगर क्षेत्रलाई सफा, स्वच्छ र हराभरा शहरको रुपमा विकास गर्न वृक्षारोपण कार्यलाई निरन्तरता दिने र रोपण गरिएका बोट बिरुवाहरूको संरक्षण गर्ने । | ३. वृक्षारोपण कार्यलाई निरन्तरता दिने र रोपण गरिएका बोट बिरुवाहरूको संरक्षण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. पानीका मुहान एवं पोखरीहरूको संरक्षणका लागि नगरवासीहरुमा सचेतनाका कार्यक्रमहरू गर्ने । | ४. पोखरीहरूको संरक्षणमा नगरवासीहरूलाई बढी प्राथमिकता दिई संरक्षण कार्यमा अघि बढाउने । | ४. पोखरी लयागत पानीका मुहानहरूको सरसफाई एवं संरक्षण कार्यलाई निरन्तरता दिने । |

**च.** फोहोर मैला व्यवस्थापन ऐन, २०६८ सम्वत् २०६८ सालको ऐन नं. ४ अनुसार फोहोर मैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन स्टेशन), कम्पोष्ट प्लाण्ट, बायो ग्याँस प्लाण्ट लगायत फोहोर मैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय निकायको हुने व्यवस्था रहेको छ । यसका साथै नगरमा आधरभूत सरसफाई तथा फोहोर मैला व्यवस्थापन गर्न बनेको ऐन, २०७४ रहेको छ । नगरपालिकामा फोहोर मैलाको समस्या अत्यधिक रहेको र दीगो फोहोर मैला व्यवस्थापनका लागि नगरमा आवश्यक कार्य प्रणाली नभएको अवस्था रहेको छ भने नगरमा फोहोर मैला व्यवस्थापनका विभिन्न चरणहरूका लागि आवश्यक संरचना पनि नगरमा नभएको अवस्था रहेको छ ।

नगरपालिकामा मुख्य बजार क्षेत्रमा जम्मा १,३२६ घरधुरी अर्थात् १२.९३ प्रतिशतले मात्र फोहोर मैला घर घरमा फोहोर सकंलन गर्नेलाई दिने गरेको तर गाउँगाउँमा फोहोर संकलन गर्ने व्यवस्था नभएको अवस्था रहेको छ जसलाई नक्सा नं. १/५.४.१.मा पनि देखाइएको छ । जसलाई विश्लेषण गर्दा मुख्यतया चरिकोट बजार क्षेत्र (वडा नं. ३ र ६) मा मात्र संकलन गरेको देखिन्छ । तसर्थ सडकहरूको स्तरोन्नतीसँगै फोहोर संकलन साधनहरूको व्यवस्था गरी फोहोर संकलन प्रक्रियालाई गाउँघरमा समेत पुऱ्याई नगरको आयआर्जनमा वृद्धि गर्न सकिने अवस्थामा नगरलाई पुऱ्याउन फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यविधि एवं प्रभावकारी कार्यान्वयनको आवश्यकता छ ।

**नक्सा १/५.४.१ : घरदैलो फोहोर संकलन गरिएका घरघुरीहरू**



| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकामा फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यविधि बनाउने र फोहोर मैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अभ्यासलाई अपनाई फोहोर मैला व्यवस्थापनमा संघ संस्थाहरूलाई पनि आवद्ध गर्ने सम्बन्धमा स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने । | १. फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका नीति एवं कार्यविधिको आवश्यकता अनुसार परिमार्जन गर्ने । | १. फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका नवीनतम खोजहरूलाई अँगाल्दै फोहोर मैला व्यवस्थापनमा भएका नीतिहरू परिमार्जन एवं संशोधन गर्ने । |
| २. फोहोर मैलाको सही ढंगले व्यवस्थापन गर्न सर्वप्रथम फोहोरहरूको परिमाण, प्रकार र व्यवस्थापन बारे विस्तृत जानकारीको लागि फोहोर मैला व्यवस्थापन सम्बन्धी आधारभूत अध्ययन (Baseline study) गर्ने । | २. फोहोर व्यवस्थान पद्धति तथा अन्य सान्दर्भिक सूचनालाई ठोस फोहोर व्यवस्थापनका पूर्वाधार तथा व्यवहार परिवर्तनका कार्यक्रम तय गर्नमा उपयोग गर्ने अभ्यास गर्ने । | २. जनसङ्ख्या वृद्धिदरसँगै फोहोर हरूको आधारभूत अध्ययन पुनः सञ्चालन गर्ने । |
| ३. फोहोर मैला व्यवस्थापन कार्यविधि निर्माण गर्ने र शुन्य फोहोरको अवधारणालाई आत्मसाथ गरी फोहोरहरू स्रोतमै वर्गीकरण गरेपश्चात् मात्र उचित व्यवस्थापन गर्ने प्रक्रियाको विकास गर्ने । | ३. फोहोरहरू स्रोतमै कुहिने र नकुहिने फोहोरमा छुट्टाछुट्टै वर्गीकरण गर्ने कार्यलाई निरन्तरता दिने । | ३. कुहिने र नकुहिने फोहोरहरूमा वर्गीकरण गरिएका फोहोरहरू मात्र घरदैलो फोहोर संकलनकर्ताले लैजाने भएकोले वर्गीकरण प्रक्रियालाई निरन्तरता दिने । |
| ४. चरिकोट बजार क्षेत्रमा मात्र घरदैलो फोहोर संकलन प्रक्रियालाई क्रमशः विस्तार गर्दै गाउँघरमा समेत यसको सुविधा पुर्‍याउन आवश्यक प्रबन्ध मिलाउने । | ४. घरदैलो (Door-to-door) फोहोर संकलनका लागि पर्याप्त सवारी साधनहरूको व्यवस्था गरी उक्त सुविधा नगरका प्रत्येक घर एवं फोहोर निष्काशन हुने स्थानहरूमा पुर्‍याउने । | ४. घरदैलो फोहोर संकलन प्रक्रियाले नगरका फोहोर निष्काशन गर्ने उद्योग, कलकारखाना, होटल, अस्पताल, बजार क्षेत्र, विद्यालयलगायत अन्यलाई समेत समेटिने गरी फोहोर मैला संकलनमा विकास भएका नवीनतम् उपायहरू अपनाई फोहोरहरू संकलन प्रक्रियालाई सरलीकृत गर्ने । |
| ५. पायक पर्ने प्रशोधन केन्द्र Resource Recovery Center निर्माण गर्ने । | ५. बढ्दो फोहोर मैलासँगै सो को व्यवस्थापनका लागि वैज्ञानिक तवरले व्यवस्थापनका लागि नगरमा स्थानान्तरण केन्द्र (यदि फोहोर बिसर्जन गर्ने स्थानको दुरी १० कि.मि.भन्दा टाढा हुने क्षेत्रका लागि मात्र) निर्माण गर्ने । | ५ प्रशोधन केन्द्र एवं स्थानान्तरण केन्द्रहरूको मर्मत सम्भारसँगै नियमित अनुगमन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| ६. पर्यटकीय दृष्टिकोणले एकदमै महत्वपूर्ण भएका कारण नगरका मुख्य मुख्य स्थान, बसपार्क, पैदल मार्गहरूमा डस्टविनहरू व्यवस्था गर्ने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई अनुशरण गर्दै ल्याण्डफिल साइटको स्थानीय मापदण्ड बनाई नगरको सरसफाई केन्द्र निर्माण प्रक्रियामा लागु गर्ने । | ६. ल्याण्डफिल साइट सञ्चालन एवं व्यवस्थापन सम्बन्धी निर्देशिका निर्माण गरी फोहोर मैला व्यवस्थापनका लागि बिलिङ्ग र राजस्व संकलन प्रणालीहरूको व्यवस्था एवं सुधार गर्ने । | ६. छनौट गरिएका ल्याण्डफिल साइटको अवधि ख्याल राखी, भविष्यको लागि वैकल्पिक साइटहरू रोजेर अधिकरणमा ल्याउने । |

**छ.** नगरमा रहेका नदीहरूमा प्रदुषणको समस्या भइरहेको छ । होटलबाट निस्कने फोहोर लगायत अस्पतालजन्य फोहोरहरू नदी खोलामा मिसाउने गरेको अवस्था छ । साथै कुखुरा पालन एवं बंगुर पालन गर्ने व्यवसायीहरूले पनि फोहोरहरू नदी खोलामा मिसाउनाले पनि नदी प्रदुषण बढ्दो छ । तसर्थ जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्बन्धमा ऐन, नियमावली एवं निर्देशिका निर्माण गर्नु अत्यावश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| १. नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि निर्माण गर्ने । | १. जलस्रोत संरक्षणमा भएका ऐन तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. जल संरक्षणमा आवश्यक कानुन, नीति, नियम, निर्देशिकाहरू पुनरावलोकन, परिमार्जन र संशोधन गर्दै जाने । |
| २. होटल व्यवसायी, पशुपालन व्यवसायी, उद्योग व्यवसायी, पसल व्यवसायी एवं फोहोर निस्कासन गर्ने अन्यहरूलाई फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने कुराको जानकारी हुने गरी कडा कारबाहीसहितको निर्देशनात्मक सूचनाहरू जारी गर्ने । | २. नगरमा फोहोर मैला व्यवस्थापन सम्बन्धी भएका निर्देशनको पालना भए नभएको जानकारीका निमित्त नियमित अनुगमन एवं मुल्याङ्कन गर्ने । | २. फोहोर मैला व्यवस्थापन सम्बन्धी हुने अनुगमन प्रक्रियालाई निरन्तरता दिने । |

**ज.** नगरमा प्लाष्टिक समस्या विकराल रुपमा रहेको छ । स्थानीय लगायत औद्योगिक व्यवसायीहरूले प्लाष्टिकहरू जथाभावी जलाउनाले वातावरण एवं स्वास्थ्यमा प्रतिकुल असर परिरहेको छ । स्थानीयले प्लाष्टिक व्यवस्थापनका लागि उचित समाधानका व्यवस्था नभएकाले प्लाष्टिकहरू यत्रतत्र फाल्ने र बाल्ने गरिएको साथै ऊर्जाको स्रोतको रुपमा पनि प्लाष्टिक बाल्ने प्रवृत्ति रहेको छ । यस्तै नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता भई सञ्चालनमा रहेको उद्योगहरूलाई खुल्ला रुपमा फोहोर जलाउन प्रतिबन्ध लगाइएको भएता पनि नगरमा औद्योगिक फोहोरहरू जलाउने गरेका छन् । तसर्थ प्लाष्टिकको वैकल्पिक व्यवस्थापन र निषेधात्मक कार्यक्रम ल्याउन नगरपालिकामा प्लाष्टिक व्यवस्थापन सम्बन्धी कार्य योजनाहरूको आवश्यकता छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
| --- | --- | --- |
| १. तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थको पुन:प्रयोगको नीति अवलम्बन गर्ने । | १. पुन:प्रयोग, पुन:चक्रण, कम प्रयोग (3R' concept) लाई अवलम्बन गर्दै अधिकतम सदुपयोग गरी नगरमा अत्यन्तै थोरै फोहोरहरू मात्र बिसर्जन गर्ने प्रणाली तयार गर्ने । | १. पुन:चक्रण गर्न सकिने फोहोर हरूलाई व्यवस्थापन गर्न सो सम्बन्धित उद्योगहरू पहिचान गरी स्थापना गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. वातावरणमैत्री झोला प्रयोगलाई प्राथमिकता दिनको निमित्त नगरका महिलाहरूको सक्रिय भूमिकामा वातावरणमैत्री झोला उत्पादन सम्बन्धी आवश्यक परामर्श एवं तालिमहरूको व्यवस्था गर्ने । | २. वातावरणमैत्री झोला निर्माण एवं प्रयोगलाई निरन्तरता दिने । | २. प्लाष्टिकको मात्रा बढेसँगै प्लाष्टिक व्यवस्थापनका नवीनतम उपायहरूलाई अवलम्बन गर्दै जाने । |
| ३. औद्योगिक फोहोरहरू जलाउन प्रतिबन्ध लगाएको बारे उद्योग व्यवसायीहरूलाई समेत जानकारीमा ल्याई सो को दीगो व्यवस्थापनका लागि अनुगमनसहित समुदायमा यसबारे जनचेतना जगाउने । | ३. प्लाष्टिक उत्पादन, प्रयोग एवं बिसर्जन प्रक्रियाहरूको नियमित अनुगमन एवं समुदायस्तरमा जनचेतना जगाउने क्रियाकलापहरूको निरन्तरता दिने । | ३. प्लाष्टिक सम्बन्धी सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |
| ४. फोहोरबाट मोहर भन्ने अवधारणालाई नगरका समुदायमा विकास गराउन फोहोरहरूलाई कच्चा पदार्थको रुपमा उपयोग गरी स्थापना गर्न सकिने उद्योगहरू बारेमा जानकारी एवं प्रशिक्षण एवं यस्ता उद्योगहरू सञ्चालन गर्ने व्यक्ति वा समुदायलाई नगरले प्रोत्साहन गर्ने कार्यक्रमहरू गर्ने । | ४. फोहोरहरूलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी उद्योगहरू स्थापना गर्ने । | ४.फोहोरहरूलाई सक्दो सदुपयोग गरी पर्यावरणीय उद्योगहरू सञ्चालन गर्ने र भएका उद्योगहरूको नियमित अनुगमन गर्ने । |

**झ.** नगरमा निष्कासन हुने फोहोरहरूमा बढी प्रतिशत फोहोर जैविक फोहोर रहेको छ । तर नगरमा जैविक फोहोरहरूको उचित व्यवस्थापनका कार्यविधिहरू नभएका कारण स्थानीयले उक्त फोहोरहरू नदी खोल्सा एवं अन्य स्थानमा फाल्ने, गाड्ने र जलाउने गरेका छन् । जसले वायु प्रदुषणसँगै वातावरणीय ह्रास भइरहेको छ । तसर्थ जैविक फोहोरहरूलाई नगरको स्रोतको रुपमा प्रयोग गर्न लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. जैविक फोहोरहरू समाधान गर्ने उद्देश्यका साथ घर घरमा कम्पोष्ट मल बनाउन प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने । | १. जैविक फोहोरहरूको व्यवस्थापनका लागि समुदायस्तरमा सामुदायिक कम्पोष्ट मल प्लाण्टहरू राख्ने । | १. जैविक फोहोरहरूको व्यवस्थापनका लागि नगरमा ठूलो स्केलको कम्पोष्ट प्लाण्ट राख्ने । |

**ञ.** नगरमा धारा तथा पाइपको पानी पिउने घरधुरीको सङ्ख्या ९,७९४ अर्थात् ९५.५१ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले धारा तथा पाइपको पानी पिउने गरेका छन् भने ढुङ्गे धारामार्फत् आपूर्ति गरिएको पानी पिउने परिवारको सङ्ख्या ३६७ अर्थात् ३.५८ प्रतिशत रहेका छन् भने अन्य स्रोत प्रयोग गर्नेको सङ्ख्या नगन्य रहेको छ ।


नगरमा पिउने गरेको पानी पिउन वा अन्य प्रयोगका लागि पूर्णरूपमा सुरक्षित नहुने सम्भावना बढी रहेको उक्त पानी पिउन योग्य वा अयोग्य जाँच गर्नका लागि नगरमा कुनै पनि किसिमको प्रयोगशाला समेत नभएको अवस्था रहेको छ । तसर्थ दीगो विकास लक्ष्य Sustainable Development Goals Status & Roadmap: २०१६ - २०३० समेतलाई आधार बनाई नगरमा स्वच्छ खानेपानीको आपूर्ति गरी स्वच्छ खानेपानी उपभोग जनसङ्ख्या क्रमशः वृद्धि गर्नको निमित्त नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी निर्देशिका एवं पानी शुद्धिकरण सम्बन्धी निर्देशिकाको आवश्यकता छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका निर्माण गर्ने । | १. खानेपानी आयोजना वृद्धिसँगै नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरू आवश्यकता अनुरुप परिमार्जन गर्ने । | १. खानेपानी सम्बन्धी नीति निर्देशिकाहरूको समीक्षा गर्ने, संशोधन एवं परिमार्जन गरी पूर्ण रुपमा स्वच्छ खानेपानीको पहुँचयुक्त नगर निर्माण गर्ने । |
| २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिका निर्माण गर्ने । | २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । | २. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । |
| ३. पानीको उपयुक्तताको परीक्षणका लागि आवश्यक प्रयोगशाला एवं दक्ष जनशक्तिको व्यवस्था गर्ने । | ३. सबै प्रकारका पानीको परीक्षण नगरमै गर्न सक्ने अवस्थामा पुर्‍याउन विभिन्न प्रयोगशालाका सामग्री, रसायनहरू एवं उपयुक्त स्थानहरूको व्यवस्था गर्ने । | ३. पानी परीक्षणमा दक्ष जनशक्तिहरू नगरकै स्थानीयलाई तयार गर्ने र सम्पूर्ण सुविधायुक्त प्रयोगशाला निर्माण गर्ने । |
| ४. पानी शुद्धिकरणका विविध उपायहरू सम्बन्धी नगरवासीहरूलाई तालिमहरू दिने एवं सुरक्षित पानी सम्बन्धी व्यापक जनचेतना फैलाउने र पानी शुद्धिकरणका विविध प्रक्रियाहरू नपढेका ग्रामीण महिलाहरू समेतले बुझ्ने गरी चित्रमा प्रस्तुत गरी सूचना बोर्डहरू राख्ने । | ४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने र यी कार्यक्रमहरूमा महिला स्वयंसेविका एवं नगर स्वयंसेवकहरूलाई सम्मिलित गर्ने । | ४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

**ट.** नगरमा ७,४०२ अर्थात् ७२.१८ प्रतिशतले काठ दाउरा, २,८३६ अर्थात् २७.६५ प्रतिशतले एल.पी. ग्याँस र बाँकीले गोबर/गुइँठा, बिजुली र अन्य प्रयोग गरेको छ । जसलाई तलको नक्सा नं. **२/५.४.१** मा देखाइएको छ । जस अनुसार वडा नं. १ बाहेक सबैजसो वडामा काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रयोग गर्ने परिवारको संख्या आधा भन्दा बढी रहको छ । स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजगंल र पयार्वरणमा क्षति पुग्ने र अकातर्फ धुवाँ र दाउरा सकंलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुर्‍याउनुका साथै समय र बढी खर्च भएको छ ।

नेपालले प्रस्तावित SDG–7 मा इन्धनको प्राथमिक स्रोतको रूपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदायको हिस्सा सन् २०३० सम्म १० % मा झार्ने तथा बिद्युतको पहुँच ९९% मा पुर्‍याउने लक्ष्य राखेको छ। यसै राष्ट्रिय लक्ष्यलाई मनन गर्दै नगरमा समेत नीति तथा कार्यक्रमहरूलाई सोही उन्मुख बनाउनु आवश्यक छ । नगरपालिकामा भएका स्रोत र साधनहरूको प्रयोग गरी नवीकरणीय ऊर्जाहरूको खोजी, उत्पादन एवं कार्यान्वयनका लागि निर्देशिकाहरू निर्माण गर्दै नगरवासीमा ऊर्जाको सहज उपलब्धताको सुनिश्चित गर्न आवश्यक छ । त्यसलै सम्भाव्यताका आधारमा विद्युत तथा वैकल्पिक ऊर्जामार्फत् काठ दाउरालाई इन्धनको प्रयोगलाई कमी ल्याउन तल उल्लिखित कार्यक्रमले योगदान गर्ने ।

## नक्सा २/५.४.१ : काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी




| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. सौर्य ऊर्जाका लागि नगरमा सम्भाव्यता अध्ययन प्रक्रिया अगाडि बढाउने । | १. जलविद्युतमा आधारित ऊर्जा उपयोग र सौर्य ऊर्जा उपयोगका बिचको तुलनात्मक लाभका आधारमा सौर्य ऊर्जाको उपयोग गर्ने र नगरका घरहरूमा सहुलियतमा सौर्य उपकरणहरू जडान गर्ने र सडक बत्तीहरू नगरका मुख्य मुख्य स्थानहरूमा राख्ने । | १. वैकल्पिक ऊर्जाहरू जस्तै: सौर्य ऊर्जा, सुधारिएको चुलो, बायोग्याँस आदि जस्ता वैकल्पिक ऊर्जाको खपत बढाई कार्बन उत्र्सजनमा न्यूनिकरण गर्ने । |
| २. विद्युत आपूर्तिको कमी पूर्तिका पूर्वाधार निर्माणका लागि समन्वय गर्ने । | २. जलविद्युत आपूर्ति बढाउन समन्वयात्मक प्रयास गरी दाउराको उपयोगलाई गोठको उपयोगमा सीमित गराउने । | २. नगरमा कम मूल्यमा घरेलु माग पूरा गर्न लागत प्रभावी मध्यम जलविद्युत आयोजनाहरू सञ्चालन गर्न अध्ययन गर्ने । |
| ३. विद्युतीय सवारी साधनहरूको सम्भाव्यताको अध्ययन गर्ने । | ३. विद्युतीय सवारी साधनहरूको प्रयोगलाई बढावा दिन विभिन्न विद्युतीय सवारी साधनहरूको व्यवस्था गर्ने । | ३. विद्युतीय सवारी साधनलाई प्राथमिकता दिई विस्तार गर्न निजी सहभागिता र लगानीलाई वृद्धि गर्ने । |

| | | |
|---|---|---|
| **ठ.** नगरमा केही स्थान जस्तैः तामाकोशी, दोलखा, खरिढुंगा, बोचमा सार्वजनिक शौचालय रहेका छन् तर नगरका कतिपय स्थानमा शौचालयको व्यवस्था पर्याप्त नभएको अवस्था रहेको छ । तसर्थ खुल्ला दिसामुक्त नेपाल घोषणा भएसँगै नगरमा विभिन्न स्थानहरूमा शौचालय निर्माण एवं सञ्चालन गरी सरसफाई र स्वच्छता कायम राख्न आवश्यक छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगरमा सेप्टिक ट्याङ्कसहितको चर्पीको प्रयोगलाई अनिवार्य गर्न नीति निर्माण गर्ने । | १. सेप्टिक ट्याङ्कसहितको चर्पी निर्माणमा बनेका नीतिको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । | १. शौचालय प्रयोगमा बनेको नीतिमा परिमार्जन गर्ने । |
| २. नगरवासीसँगको सहकार्यमा शौचालयको निर्माण गर्ने । | २. महिला बालबालिका, ज्येष्ठ नागरिक अपांगमैत्री शौचालयहरू नगरका मुख्य मुख्य स्थानहरू, बजार क्षेत्र, बसपार्कहरूमा निर्माण गर्ने र शौचालयको नियमित अनुगमन गर्ने । | २. शौचालयहरूको मर्मत सम्भार गर्दै शौचालय प्रयोगको अनुगमन एवं समीक्षा गर्ने । |
| **ड.** नगरपालिकाको सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४ बमोजिम नगरपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने र नगरपालिका क्षेत्रभित्र प्रेसर हर्न निषेध गरिएको व्यवस्था भएको छ । तर नगरपालिकामा सञ्चालित विभिन्न उद्योगहरू तथा सवारी साधनहरूबाट ध्वनी प्रदुषण भइरहेको छ जसले गर्दा मानव कानले सुन्न सक्ने ध्वनी भन्दा अत्यधिक ध्वनीले गर्दा मानव स्वास्थ्यमा हुने नकारात्मक असरहरू हुने सम्भावना अधिक रहन्छ । तसर्थ सवारी साधन लगायत चर्को आवजमा ध्वनी निकाल्ने उद्योग कलकारखानाहरूबाट हुने ध्वनी प्रदुषण नियन्त्रण गर्न स्पष्ट नीति लगायत नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप ध्वनी प्रदुषण स्तर प्रत्येक वर्ष जाँच गर्ने र मानव कानले सुन्न सक्ने ध्वनीको मात्रा भन्दा धेरै ध्वनी प्रदुषण भएमा दण्ड सजायको समेत व्यवस्था गर्न आवश्यक छ । | | |
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. सवारी साधन लगायत चर्को आवाजमा ध्वनी निकाल्ने उद्योग कलकारखानाहरूबाट उत्पन्न हुने ध्वनी प्रदुषणलाई निराकरण गर्न र उद्योग व्यवसायी एवं सवारी चालकमा सो सम्बन्धी जानकारी प्रदान गर्न स्पष्ट नीति निर्देशन निर्माण गर्ने । | १. ध्वनी प्रदुषणमा बनेको नीतिको समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । | १. ध्वनी प्रदुषणमा बनेको नीतिको समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । |
| २. नगरको ध्वनी मापनका लागि ध्वनी मापनयन्त्रको व्यवस्थापनका साथै समय समयमा अत्यधिक ध्वनी निष्कासन हुने स्थानहरू जस्तैः मानव बस्ती, ट्राफिक, कलकारखाना इत्यादिमा मापन गर्ने र राष्ट्रिय मापदण्ड अनुरुप भए नभएको जाँच गर्ने । | २. ध्वनी मापनयन्त्र सञ्चालन गर्न सक्ने जनशक्तिसहित यस्ता ध्वनी प्रदुषण गर्ने एकाईहरूको नियमित अनुगमन गर्ने । | २. ध्वनी प्रदुषण नियन्त्रण गर्न बनेका नवीनतम् उपकरण एवं प्रविधिहरू अँगाल्दै ध्वनी प्रदुषण नियन्त्रित नगर निर्माण गर्ने । |
| **ढ.** सार्वजनिक यातायात, कच्ची सडक, कलकारखाना एवं क्रसर जस्ता मेसिनको प्रयोगले धुलो बढेको छ । तसर्थ वायु प्रदुषण नियन्त्रणका लागि नगरमा निर्देशिकासँगै अनुगमनको आवश्यकता रहेको छ । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विषादीजन्य पदार्थ न्यूनिकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिका निर्माण गर्ने । | १. विषादीजन्य पदार्थ न्यूनिकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिकाको आवधिक समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । | १. विषादीजन्य पदार्थ न्यूनिकरण, नियन्त्रण तथा नियमन सम्बन्धी निर्देशिकाको आवधिक समीक्षा गर्ने र आवश्यक परिमार्जन गर्ने । |
| २. नगरमा यातायात व्यवसायी संघसँग समन्वय गरी उच्च वायु प्रदुषण गर्ने पूराना सवारी साधनहरू हटाउने साथै वातावरणीय प्रदुषणलाई मध्यनजर गरी ग्रामीण कच्ची सडकहरूको स्तरोन्नती गर्ने र नगरमा सञ्चालित गाडीहरूको नियमित अनुगमन गरी वातावरणमैत्री सडकहरू निर्माण प्रक्रियालाई प्राथमिकता दिने । कृषिफार्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गर्ने विषादीको नियमन र नियन्त्रण गर्ने । | २. बजार क्षेत्र, औद्योगिक प्रतिष्ठान र जोखिममा रहेका क्षेत्रमा वायु गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन, वायु गुणस्तरको एकीकृत नक्साकंन, वायु प्रदुषण क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जन गतिविधिमा नियन्त्रण गर्ने । | २. विषादीजन्य पदार्थ सम्बन्धी बनेका निर्देशिकाहरूको परिमार्जन एवं संशोधन गर्ने । वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने । |

**त.** वातावरण विषयमा छुट्टिएको रकम एकदमै न्यून भएका कारण वातावरण सम्बन्धी विविध क्रियाकलापहरू प्रभावकारी रुपमा सञ्चालन हुन सकिरहेको छैन । वातावरणीय प्रदुषणले नगरको शोभा समेत घट्ने भएकाले वृक्षारोपण एवं बगैंचा निर्माणले नगरको सौन्दर्यता लगायत वातावरण सन्तुलन कायम राख्ने भएकाले निम्न कार्यहरूलाई प्राथमिकतामा राखिएको छ । नगरमा पशुपालन व्यवसायको प्रचुर सम्भावना रहेको छ तर पशुपालनको निमित्त आवश्यक चरिचरणको व्यवस्था नभएकोले खुल्ला रुपमा चरिचरण गर्नाले वनजंगल लगायत पानीका मुहानहरू माँसिदै गइरहेको छ । तसर्थ चरिचरणको व्यवस्था भएसँगै कृषकहरू अझ पशुपालन गर्न अग्रसर हुने र उक्त व्यवस्थाले वनजंगल संरक्षण हुने भएकाले निम्न प्राथमिकताका कार्यहरूलाई तल प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. खुल्ला रुपमा चरिचरण गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न खाली जग्गाहरू समेतलाई उपयोग गरी चरिचरणको व्यवस्था गर्ने । | १. कृषकलाई पशुपालनमा प्रोत्साहन गर्दै डालेघाँस जस्ता वस्तुभाउले बढी खाने, बढी उत्पादन हुने घाँसहरू रोप्ने र चरिचरणको नियमित अनुगमन गर्ने । | १. चरिचरणको लागि आवश्यक घाँसहरू नगर क्षेत्र आफैले उत्पादन गर्ने र अनुगमन प्रक्रियालाई नियमित गर्ने । |

**थ.** नगरमा बढ्दो वातावरणीय प्रदुषण निराकरणका साथै वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्नका साथै जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन र सरसफाई तथा स्वास्थ्यजन्य फोहोर मैलाको व्यवस्थापन गर्नका निमित्त नगरमा वातावरण तथा प्राकृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी ज्ञान एवं दक्षता हाँसिल गरेका वातावरण शाखा एवं कर्मचारी व्यवस्थापन भएको छैन । यसका साथै नगरवासीमा वातावरण सम्बन्धी जनचेतनाको पनि कमि देखिन्छ । तसर्थ मानव संशाधनको व्यवस्थासँगै क्षमता विकासका कार्यक्रमहरू आवश्यक छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा वातावरण विषय समावेश गर्ने र वार्षिक कार्ययोजनामा कम्तीमा महिनाको एकपटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलापहरू समावेश गर्ने । | १. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने | १. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने । |
| २. वातावरण सम्बन्धी विविध गतिविधि सञ्चालनका लागि प्रमुख समन्वयकारी भूमिका निर्वाहका लागि नगरमा वातावरण सम्बन्धी दक्षता हाँसिल गरेका निपूर्ण कर्मचारीहरूको व्यवस्था गर्ने । | २. विभागमा फोहोर व्यवस्थापन अधिकारी, वातावरण विद्, वातावरण इञ्जिनियर, रणनीतिक कार्य गर्न वातावरणीय अधिकृत एवं फोहोर मैला एवं सरसफाईमा कार्य गर्ने कर्मचारीहरूको समेत व्यवस्था गर्ने । | २. वातावरण विषय एकदमै बहुआयामिक विषय भएका कारण यसका विविध पक्षहरूमा समावेशी रुपमा कार्यहरू गर्नका लागि नगरमा फोहोरमैला, खानेपानी तथा सरसफाई, जलस्रोत, ऊर्जा जस्ता विषयहरूका लागि छुट्टाछुट्टै एकाई निर्माण गर्ने । |
| ३. वातावरण, वनजंगल, जैविक विविधता सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू एवं तालिमहरू नियमित सञ्चालन गर्ने । | ३. वातावरण एवं प्राकृतिक स्रोत, जैविक विविधता सम्बन्धी व्यापक जनचेतना फैलाउन विभिन्न क्रियाकलापहरू गर्ने । | ३. नगरवासीहरूमा वातावरण संरक्षण सम्बन्धी चेतनास्तर वृद्धि गर्दै वातावरणमैत्री भीमेश्वर नगर निर्माण गर्ने । |

### तालिका ४/५.४.१ : प्राकृतिक स्रोत तथा वातावरणको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य

| विषय | आधार वर्ष २०७६/७७ | अल्पकाल २०७८/७९ | मध्यकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| घरधुरी फोहोर मैला संकलन (Door to door waste collection) को पहुँच पुगेको परिवार (प्रतिशत) | १२.९३ | ३५ | ६० | ८० |
| फोहोर मैला जलाएर व्यवस्थापन गर्ने परिवार (प्रतिशत) | ३२.९१ | २० | ० | ० |
| फोहोर मैला नदी तथा खोलामा फालेर व्यवस्थापन गर्ने परिवार संख्या (प्रतिशत) | ३.८९ | १ | ० | ० |
| फोहोर मैला जथाभाबि खुल्ला स्थानमा फालेर, कम्पाउण्ड भित्र, सार्वजनिक स्थलमा फालेर व्यवस्थापन गर्ने परिवार (प्रतिशत) | ४३.४२ | ३५ | ० | ० |
| कम्पोष्टिङ्ग गर्ने परिवार (प्रतिशत) | ६.८४ | १० | २० | ४५ |
| फोहोर मैला कुहिने र नकुहिनेमा छुट्याई फोहोर स्रोतमै वर्गीकरण गर्ने परिवार संख्या (प्रतिशत) | - | ३० | ६० | १०० |
| स्यानिटरी ल्याण्डफिल साइट | ० | - | १ | |
| स्थानान्तरण केन्द्र (Transfer station) | ० | - | - | १ |
| फोहोर प्रशोधन केन्द्र | ० | १ | १ | २ |
| सार्वजनिक शौचालय संख्या | | २ | ५ | १० |

| विषय | आधार वर्ष २०७६/७७ | अल्पकाल २०७८/७९ | मध्यकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| शौचालयको फोहोर व्यवस्थापनका लागि ढल वा दिसाजन्य लेदो व्यवस्थापन सेवाको पहुँचमा रहेको परिवार (%) | | | | ९५ |
| खाना पकाउनको लागि काठ दाउराको प्रयोग गर्ने परिवारको संख्या (%) | ७२.१८ | ६५ | ५५ | ५ |
| खाना पकाउनको लागि एल.पि.जि. ग्याँसको प्रयोग गर्ने परिवारको संख्या (%) | २७.६५ | २५ | २० | ५ |
| खाना पकाउनको लागि विद्युतको प्रयोग गर्ने परिवारको संख्या %) | ०.०२ | ५ | ३० | ८० |
| गोबर ग्याँस प्रयोग गरेर खाना पकाउने परिवार संख्या (%) | ०.०५ | ३ | ५ | १० |
| नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसङ्ख्या (%) | | | | १०० |

## ५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन

### १. परिचय

भरपर्दो र विश्वसनीय विपद् पूर्व तयारी र प्रतिकार्यको प्रणालीको उपलब्धता तथा नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउनु आम नागरिकमा नगरप्रतिको विश्वसनीयता हाँसिल गर्ने र विपद् तथा असुरक्षाको कारणले जीवन, निजी तथा सार्वजनिक सम्पत्तिको क्षति कम गर्न अपरिहार्य हुन्छ। पहिरोको बढी जोखिममा रहेको यस भीमेश्वर नगरपालिकामा विपद् प्रभावितको तत्काल उद्दार र राहतमा केन्द्रित गतिविधि सञ्चालन गर्ने गरेको भए पनि विपद् पूर्व तयारीका कार्यक्रमलाई अपेक्षित प्राथमिकतामा राख्न सकिएको छैन। विश्वव्यापी समस्यामा रहेको जलवायु परिवर्तन अनुकुलनमा समेत नगरले थप ध्यान दिनुपर्ने अवस्था छ।

### २. वर्तमान अवस्था

भौगोलिक हिसाबले कमजोर भू-भाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस भीमेश्वर नगरपालिकामा वर्षेनी भू-क्षय, बाढी, पहिरो, नदी कटान, सडक दुर्घटना, चट्याङ, असिना पानी, जंगली जनावर लगायतबाट आतंक सिर्जना हुने गरेको छ। वि.सं. २०७२ सालको भुकम्पबाट अत्यधिक प्रभावित यस नगरमा आगलागी, विद्युतीय खतरा, महामारीको जोखिम पनि समस्या बनिरहेको छ। नगरका तामाकोशी आसपास र चर्नावतीको आसपास, काउले, डाक्रेबास, बालुवा, तिनखले सेरा, गौराचापे, तटिय क्षेत्र, सहर्पा, तार्थली आदि बस्ती बाढीको जोखिममा रहेको छ भने डोक्थली, चिसापानी, डाँडागाउँ कुत्कुते ९, खोपाटोल ९, ढाँढ ९, पाताले ९, धानेधारा ९, बोसिम्पा १, होक्सीला, भिरमुनी कार्तिके, बुस्ती जस्ता बस्तीहरू पहिरोको जोखिममा रहेका छन्। नगरमा कच्ची घरहरू जोखिममा छन् भने अव्यवस्थित विद्युतीय तारहरूले गर्दा पनि बस्तीहरू जोखिममा छन्। नगरमा सडक दुर्घटना पनि बढ्दै गइरहेको छ। बाँदरको समस्याका कारण कृषि उपजको संरक्षणमा कठिनाई भएको छ। यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण नगरको ठूलो जनधनको क्षति समेत हुने गरेको छ।

नगरपालिकामा प्रकोप प्रतिरोधी भवन निर्माणका र भवन निर्माण संहिता कार्यान्वयनका लागि प्राविधिक सहितको प्राविधिक शाखा रहेको र भवन संहिताको कार्यान्वयनबाट विपद् जोखिम कम हुने गरी व्यक्तिगत तथा संस्थागत भवनको संरचनागत मजबुतीका मापदण्ड कायम गरिएको छ। आपत्कालीन आश्रय स्थलको रुपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुला स्थान, सामुदायिक भवन र पार्कहरू रहेका छन्। नगर केन्द्रमा नगरका केही वडामा खोज तथा उद्दार सामग्रीको पूर्व व्यवस्था रहेको छ भने आपत्कालीन सेवा प्रदानका लागि नगरमा नगर

प्रहरीको व्यवस्था भएको छ। नगरपालिकामा रु. ५ लाख रकमबाट शुरु गरिएको विपद् प्रतिकार्य कोष रहेको छ। यसबाट विपद् प्रभावितका लागि तत्काल राहत उपलब्ध गराउने गरिएको छ। नियमित विकासमूलक कार्यक्रमको रुपमा पनि विपद् व्यवस्थापन क्षेत्रमा बजेट विनियोजन गर्ने गरिएको छ।

भुकम्पबाट क्षतिग्रस्त व्यक्तिगत आवास पुनर्निर्माणका लागि सरकारले अनुदान उपलब्ध गराइएको र अन्य क्षेत्रको पुनर्निर्माणका लागि सरकार र गैरसरकारी संघ संस्थाहरूबाट पनि सहयोग उपलब्ध भएता पनि पछिल्लो समयमा भुकम्प पुनर्लाभका क्रममा सहयोग गरेका संघ संस्थाले आफ्ना कार्यक्रम विस्तारै सकिँदै गएको अवस्था रहेको र साझेदारी गर्ने संघ संस्थाको दायरा सीमित हुनाले सबै वडामा आवश्यकता अनुसार गतिविधि सञ्चालन गर्न नसकिरहेको अवस्था छ। विषम भौगोलिक अवस्था र यातायातको असुविधाको वर्तमान अवस्थाका बिच एउटा दमकल र अन्य सरोकारवालाबाट सञ्चालित एम्बुलेन्सबाट नगरवासीलाई समान रुपमा आपत्कालीन सेवा उपलब्ध गराउन जटिल भइरहेको छ।

आपत्कालीन प्रतिकार्यका लागि उद्दार सामाग्री, दक्ष जनशक्ति, खाद्य तथा गैरखाद्य सामाग्रीको पूर्व व्यवस्था छैन। वडाहरूमा पर्व, साँस्कृतिक जमघट, हाट, भिडभाड व्यवस्थापन, सडक र बजार व्यवस्थापन आदिमा नगरले नगर प्रहरीको ब्यवस्थापन गरेको छैन। नगर प्रहरी मूलतः बजार केन्द्रित रहेको र नगर कार्यालय बाहिर परिचालित छैन। वडामा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छैन। विपद् व्यवस्थापन सम्बन्धी योजना छैन। भौतिक पूर्वाधार निर्माण गर्दा तथा पूर्वाधार निर्माणका लागि निर्माणका स्थानीय सामग्रीको ब्यवस्थापन गर्दा सम्भावित विपद् रोकथामका पर्याप्त उपाय अपनाइएको छैन। डोकथलीमा वन फडानी भएको, प्राविधिक सल्लाह विना सडक निर्माण साथै पर्खाल, ढल नभएको हुँदा रोकथामका प्रयास भएको छ।

यस यथार्थतालाई मनन गरी भू-क्षय र पहिरो एवं अन्य विपद्को समस्याहरू र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध सबै निकायहरूले समन्वय र साझेदारी गरेर विपद् जोखिम व्यवस्थापन एवं जलवायु उत्थानशील कार्यक्रमलाई प्राथमिकताको साथ अगाडि बढाउनु आजको टड्कारो आवश्यकता रहेको छ। त्यस्तै गरी यस नगरपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य एवं जलवायु अनुकुलनका विषयलाई अन्तरसम्बन्धित र विशिष्ट क्षेत्रका रुपमा लिएर विकासका गतिविधि अगाडी बढाउनु पर्ने आवश्यकता रहेको छ।

## ३. मुख्य अवसर र चुनौती

संवैधानिक अधिकार, स्थानीय सरकार सञ्चालन ऐन र विपद् जोखिम न्यूनिकरण र ब्यवस्थापन ऐनले दिएको अधिकार र जिम्मेवारीका आधारमा नगरको विपद् पूर्व तयारी तथा प्रतिकार्यका नगरको विपद् ब्यवस्थापन ऐन बनेको सन्दर्भमा सो को आधारमा नियमावली, कार्यविधि, रणनीति र कार्यक्रम तय गरी स्थानीय तहको विपद् तथा आपत्कालीन व्यवस्थापनको संस्थागत नेतृत्व नगरपालिकाले लिनसक्ने अवसर रहेको छ। यस्तै नगर कार्यपालिका अन्तर्गत गठित विषयगत समितिको क्षमता र क्रियाशीलता बढाएर विपद् व्यवस्थापनमा राजनीतिक नेतृत्वको भूमिका बढाउने अवसर पनि रहेको छ। प्रकोप, विपद् ब्यवस्थापन, स्वास्थ्य र सरसफाई जस्ता क्षेत्रमा रहेको जनचेतनालाई पुँजीकरण गरी व्यवस्थित विपद् ब्यवस्थापन र प्रतिकार्यको सामुदायिक संरचना निर्माण र क्रियाशील गराउनमा उपयोग गर्न सकिने अवसर रहेको छ भने समुदाय र निजी क्षेत्रसँग समन्वय गरी नगरको विपद् ब्यवस्थापन कोष वृद्धि तथा सुसूचित उपयोग गराउन पनि सकिने अवसर रहेको छ।

विपद् ब्यवस्थापन सम्बन्धी सचेतनामूलक गतिविधिका लागि स्थानीय रेडियो, संघसंस्था तथा निजी क्षेत्रसँग पनि साझेदारी बढाउन सकिने, विपद् तथा आपत्कालीन सेवाका लागि नगरले अनुभव गरेका कमी कमजोरी हटाउन विभिन्न सहयोगी संस्थाहरूसँग विगतमा भएको सहकार्यलाई निरन्तरता दिई विपद् पूर्व तयारी र विपद् प्रतिकार्य, प्रभावित समुदायको सुरक्षित र सम्मानपूर्ण जीवनयापनको वातावरण निर्माणमा संस्थागत क्षमता विकास गर्ने अवसर पनि नगरलाई छ।

स्थानीय ऐन अनुसार कानुन, कार्यविधि र संरचना तयार गरी विपद् जोखिम न्यूनिकरण र आपत्कालीन व्यवस्थापनको कार्यलाई नियमित नगर दायित्वका रुपमा आन्तरिकीकरण गर्न आवश्यक स्रोत तथा जनशक्ति व्यवस्थापन गर्ने, परिवर्तित स्थानीय तहको संरचना अनुरुप वडागत रुपमा विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयनमा लाने जस्ता चुनौती रहेका छन् । नगरमा रहने नगरस्तरको द्रुत प्रतिकार्य टोलीलाई उपयुक्त संस्थागत स्वरुप प्रदान गर्ने र स्वास्थ्यजन्य महामारी नियन्त्रण र प्रतिकार्यका लागि सक्षम बनाउने, नगरपालिकाको आवश्यकता र वर्तमान तथा सम्भावित साझेदारको दायराको बीचमा सामञ्जस्यता ल्याउने, नगरस्तरको विपद् प्रतिकार्य कोषमा आमसहभागिता बढाई भौगोलिक रुपमा फैलिएको र साना ठूला प्रकोप र विपद् जोखिममा रहेको यस नगरपालिकामा विपद् प्रतिकार्यलाई व्यवस्थित गराउने जस्ता चुनौती पनि रहेका छन् ।

नगरको विपद् तथा आपत्कालीन व्यवस्थापन क्षेत्रको वर्तमान अवस्थामा सुधार गर्नमा विभिन्न चुनौतीहरूको सामना गर्दै र उपलब्ध अवसरहरूको सदुपयोग गर्ने गरी विपद् व्यवस्थापन क्षेत्रको निम्नानुसार, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तय गरिएको छ ।

## ४. लक्ष्य

भीमेश्वरलाई विपद् उत्थानशील नगर बनाउने ।

## ५. उद्देश्य

विपद् पूर्व तयारी र समुदायको उत्थानशीलता प्रबर्द्धन, नगरबासीलाई विपद्बाट हुने क्षति न्यूनिकरणसहित विपद् तथा आपत्कालीन प्रतिकार्य अभ्यासमा सुधार गरी विपद् तथा आपत्कालीन सेवामा सबैको समान र सहज पहुँच सुनिश्चित गर्ने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापनका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् तथा आपत्कालीन व्यवस्थापनका लागि पर्याप्त भौतिक, नीतिगत तथा मानव संशाधनको उपलब्धता सुनिश्चित गर्ने । | १. विपद् पूर्व तयारीका संरचनागत र गैरसंरचनागत कार्यलाई समान प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।<br>२. नगरको विपद् तथा आपत्कालीन व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकुलन कार्ययोजना बनाउनुका साथै सो योजना निर्देश गरे अनुरुप सबै प्रकारका प्रकोप नियन्त्रण तथा तत्काल प्रतिकार्यका लागि चाहिने खुला स्थान निर्धारण र न्यूनतम जनशक्ति तथा पूर्वाधार एवं उपकरणको भरपर्दो व्यवस्थापन गरिने छ ।<br>३. नगरको विपद् प्रतिकार्य अन्तर्गत राहत, पुनर्स्थापना तथा पुनर्लाभका मापदण्ड निर्माण गरी लागु गरिने छ ।<br>४. नगरमा प्रकोप, विपद् तथा जलवायु परिवर्तनका समस्या सम्बन्धी सूचना संकलन, विश्लेषण, पूर्व तयारी र प्रतिकार्यका गतिविधि नियमित रुपमा सञ्चालन गर्ने दक्ष जनशक्तिसहितको विपद् व्यवस्थापन इकाई गठन गरिने छ ।<br>५. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले निर्दिष्ट गरेका कार्यक्रम कार्यान्वयनका लागि न्यूनतम बजेट विनियोजन सुनिश्चित गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. समयवद्ध रुपमा विपद् व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा तथा परिमार्जन गरी सान्दर्भिक कार्यक्रमलाई बृहत् योजनाको अंग बनाउँदै लगिने छ ।<br>७. पूर्वाधार, उपकरण तथा निर्धारणका आवश्यकता अनुसार संघ, प्रदेश तथा बाह्य सहायता निकायसँग समन्वय गरिने छ ।<br>८. भवन निर्माण मापदण्ड बाढी, पहिरो, भुकम्प, आगलागी, चट्याङ लगायतका विपद् जोखिम न्यूनिकरणका विषय समेत समेटेर परिमार्जन गरिने छ । साथै, कार्यान्वयनका लागि प्राविधिक जनशक्तिको क्षमता विकास गरिने छ । |
| २. विपद् पूर्व तयारी तथा अल्पीकरणका कार्यलाई संस्थागत र व्यवस्थित गर्ने । | १. पहिरो, आगलागी तथा अन्य प्रकोपका दृष्टिकोणले उच्च र न्यून जोखिम क्षेत्र पहिचान गर्नुका साथै प्रत्येक प्रकारको विपद्का लागि सुरक्षित स्थानहरूको व्यवस्था गरिनेछ ।<br>२. नगर र आवश्यकता अनुसार क्लष्टरस्तरमा आपत्कालीन अवस्थामा नागरिकहरूको सुरक्षाका लागि उपयुक्त सुरक्षा प्रबन्धसहितको आश्रय स्थल, खाद्यान्न भण्डार स्थल तथा गैरखाद्य सामग्री एवं उपकरणको पूर्व व्यवस्था गरिने छ ।<br>३. नगरपालिकाले विपद पूर्व र विपद्को समयमा समुदायलाई सुरक्षित गराउने गरी उपयुक्त सञ्चार योजना निर्माण गरिनेछ ।<br>४. विपद् प्रभावित परिवार तथा नागरिकलाई आपत्कालीन सेवावाट वञ्चित हुन नदिन आश्रय स्थलका लागि सुरक्षित मार्ग र यातायात व्यवस्थापनका लागि आपत्कालीन सेवमा संलग्न हुने आन्तरिक र वाह्य जनशक्ति र स्वयंसेवकसहितको आपत्कालीन व्यवस्थापन संयन्त्र तयार गरिनेछ ।<br>५. विपद प्रतिकार्यको क्षमताको चुस्तता यकिन गर्न तथा समुदायमा विपद् पूर्व तयारीको सन्देश प्रवाहका लागि नगरस्तरमा वार्षिक रुपमा कृत्रिम घटना अभ्यास सञ्चालन गरिने छ । यस्तो अभ्यास वडा तथा समुदायस्तरमा समेत समय समयमा सञ्चालन गरिने छ ।<br>६. विपद् तथा आपत्कालीन व्यवस्थापन योजना निर्माण गर्दा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती आदिको सुरक्षाका उपायहरू समावेश गरिनेछ ।<br>७. विपद् प्रभावितको व्यक्तिगत सुरक्षा बाहेक पूर्व तयारी योजनामा व्यक्तिगत सम्पत्ति तथा खाद्यान्न सुरक्षा एवं घरपालुवा पशुपंक्षी स्थानान्तरण तथा व्यवस्थापनका विषय पनि समावेश गरिने छ ।<br>८. ठाडो खोला आसपास तथा पहिरो सम्भाव्य क्षेत्रमा जोखिम कम गर्न बस्ती व्यवस्थापन तथा जोखिम न्यूनिकरण र अल्पीकरणका कार्यलाई दीर्घकालीन मुख्य प्राथमिकताको कार्यक्रमका रुपमा अघि बढाइने छ ।<br>९. वर्षाको पानी तथा नालाको पानीका कारण हुनसक्ने विपद् जोखिम न्यूनिकरणका लागि आकाशे पानी व्यवस्थापन प्रणाली स्थापना गरी सञ्चालन गरिने छ ।<br>१०. सामान्य समयमा सार्वजनिक हितका कार्यमा उपयोग हुनसक्ने गरी नगर केन्द्र तथा नजिकका वडाको क्लष्टर बनाई क्लष्टरस्तरमा विपद्को समयका लागि सुरक्षित सामुहिक बसोबास भवन निर्माण गरिने छ । |
| ३. विपद्को प्रकृति अनुसार विशिष्टीकृत पूर्वाधारको उपलब्धता सुनिश्चित गर्ने । | १. जोखिम बस्ती पहिचान गरी दीर्घकालीन बस्ती व्यवस्थापन, आवश्यकता अनुसार स्थानान्तरण तथा जोखिम न्यूनिकरण र अल्पीकरणका कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. वर्षाको पानी सडक तथा बस्ती क्षेत्रबाट भू-क्षय नगरी नदी प्रणालीमा मिसिने गरी आकाशे पानी व्यवस्थापनका गतिविधि सञ्चालन गरिने छ । आवश्यकता अनुसार बायो इञ्जिनियरिङ्ग तथा संचरनागत विपद् जोखिम अल्पीकरणका कार्य सेमत अघि बढाइने छ ।<br>३. खुला स्थानहरूको संरक्षण साथै, सुरक्षित आश्रयस्थल निर्धारण वडास्तरमा गरिनुका साथै सुरक्षित भवन निर्माणको बेग्लै मापदण्ड बनाई सुरक्षित भवन निर्माणमा नगरको स्रोत तथा बाह्य स्रोतको अधिकतम उपयोग गरी सघन बस्ती क्षेत्रमा सुरक्षित सामुदायिक भवन निर्माण गरिने छ ।<br>४. उपलब्ध वारुणयन्त्रको पहुँच विश्लेषण गरी १५ मिनेटभित्र आगलागी नियन्त्रण स्थलमा पुगिसक्ने गरी वारुणयन्त्र व्यवस्थापन तथा २४ घण्टा सञ्चालन हुने अवस्थामा पुग्ने गरी पूर्वाधार तथा आन्तरिक व्यवस्थापनको कार्य गरिने छ ।<br>५. वारुणयन्त्रमा नै आगलागीजन्य स्वास्थ्य सम्बन्धी समस्या कम गर्न प्राथमिक उपचार गर्न सक्ने जनशक्ति तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिनुका साथै आगलागी नियन्त्रणको प्राविधिक तालिमयुक्त जनशक्ति परिचालित हुने व्यवस्था मिलाइने छ ।<br>६. स्वास्थ्यजन्य महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि नगरस्तरमा द्रुत प्रतिकार्य टोली बनाइनुका साथै अस्पतालमा महामारी नियन्त्रण इकाई गठनमा सहयोगी र समन्वयकारी भूमिका निर्वाह गरिने छ ।<br>७. सडक दुर्घटना, विद्युतजन्य विपद् तथा अन्य कारणले घाइते भएकाहरूको जीवन रक्षा गर्न आपत्कालीन ट्रमा सेवा व्यवस्थित गर्न स्थानीय स्वास्थ्य संस्थासँग संस्थागत समन्वय गरिने छ । |
| ४. विपद् प्रभावितको सम्मान, सुरक्षा तथा तत्काल राहत र पुनर्लाभ सुनिश्चित गर्ने गर्न आवश्यक संस्थागत प्रबन्ध गर्ने । | १. कुनै पनि प्रकारको प्रकोप सिर्जित विपद् प्रतिकार्य गर्दा प्रभावितहरूको सेवा तथा सुरक्षा नगर मापदण्डको पूर्ण कार्यान्वयन गरिने छ ।<br>२. विपद्को समयमा अपाङ्गता भएका, ज्येष्ठ नागरिक, बालबालिका र गर्भवती र बिरामीहरूको सेवाको लागि विशेष प्रबन्ध गरिने छ ।<br>३. विपद्को समयमा उपलब्ध गराइने सेवा तथा राहत प्याकेज वितरणमा स्फेयर मापदण्ड (Sphere Standards) लाई आधार बनाई एकद्वार नीति (One Door Policy) को पूर्ण पालना गरिने छ ।<br>४. नगरको विपद् प्रतिकार्य कोषलाई समृद्ध बनाई मध्यमस्तरको विपद् प्रतिकार्य तथा पुनर्लाभका गतिविधिका लागि नगरलाई आत्मनिर्भर बनाइने छ ।<br>५. विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूसहितको नगरस्तरीय र वडास्तरीय गोदाम घरको व्यवस्था र यसको पहुँच सुनिश्चितता गरी यसको सञ्चालन कार्यविधि समेत बनाइनेछ ।<br>६. विपद् पूर्वतयारी एवं प्रतिकार्यका लागि नगरका युवा जनशक्तिको क्षमता वृद्धि र संलग्नतालाई बढी प्राथमिकता दिइनेछ । |
| ५. नगर विकासका सबै पक्षमा विपद् तथा जलवायु परिवर्तन अनुकुलनलाई मुल प्रवाहीकरण गर्ने । | १. विपद् तथा जलवायु परिवर्तन अनुकुलन बजेट तर्जुमा विधि निर्धारण गरी कार्यान्वयन गरिने छ ।<br>२. सबै भौतिक पूर्वाधारका कार्यमा विपद् जोखिम न्यूनिकरण तथा अल्पीकरण संरचनागत कार्य समावेश गरिने छ ।<br>३. निश्चित रकम भन्दा माथिका पूर्वाधार निर्माणका कार्यको योजना बनाउँदा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनको कार्ययोजना समावेश गर्ने व्यवस्था गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. उद्योग तथा कलकारखाना स्थापना गर्दा हरितगृह ग्याँस (Greenhouse gas) उत्सर्जन निरुत्साहित गरिनुका साथै न्यूनिकरणका कार्यक्रम समेत एकीकृत रुपमा अघि बढाउनु पर्ने व्यवस्था गरिने छ ।<br>५. नगर सरसफाई, खानेपानी व्यवस्थापन, स्वास्थ्य सेवा आदि सञ्चालनका पूर्वाधार तयार गर्दा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान गर्ने गरी गरिने छ । |
| ६. नगर सुरक्षामा नगरपालिकाको भूमिका प्रभावकारी बनाउन संस्थागत क्षमता बढाउने । | १. नगर प्रहरी गठन तथा काम, कर्तव्य र अधिकारसहितको नगर प्रहरी ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>२. नगर प्रहरीको सेवा क्षेत्र विस्तार गरी नगरपालिका कार्यालय सुरक्षाको अतिरिक्त आपत्कालीन समयमा, हाट तथा अन्य प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गरिनेछ ।<br>३. चरिकोटदेखि दोलखा बजारसम्मका लागि साना चार पांग्रे विद्युतीय वा अन्य सवारीलाई सार्वजनिक यातायातको वैकल्पिक साधनको रुपमा सञ्चालनका लागि प्रोत्साहन गरिने छ । ट्राफिक प्रहरी तथा जनपथ प्रहरीका साथै सशस्त्र प्रहरी लगायत सुरक्षा निकायसँगको समन्वयमा नगरको शान्ति सुरक्षा, लागुऔषध सेवन एवं वितरण नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।<br>४. आवश्यकता अनुसार क्लष्टरस्तरमा प्रहरी बिटहरूको व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ ।<br>५. सडक बत्ती तथा सघन बस्ती र बजार क्षेत्रमा नियमित गस्ती र सीसी क्यामेरामार्फत् आपराधिक गतिविधिको निगरानी तथा प्रतिकार्यका लागि समन्वयकारी भूमिका निर्वाह गरिने छ । |

**तालिका २/५.४.२ : प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन**

**क.** संविधानको अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छ । त्यसैगरी अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ । नगरपालिकामा नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ रहेको छ तर विपद् व्यवस्थापन सम्बन्धी ऐन अन्तर्गत निर्माण हुनुपर्ने कार्यविधि निर्माण नभएको अवस्था रहेको छ । यसका साथै नगरको वडा नं. ८ र ९ (रेड परियोजनाको जालाधार क्षेत्र पर्ने साविकका गा.वि.स.) को सामुदायिक विपद् व्यवस्थापन योजना बनेको बाहेक हालसम्म संघीय ऐनले गरेको व्यवस्था, विपद् प्रतिकार्य कार्यढाँचा, कार्ययोजनाको मार्गदर्शन तथा निर्णय अनुसारको विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तयार नभएको अवस्था रहेको छ । तसर्थ ऐनको प्रावधान अनुसार नगरको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, कार्यविधि, रणनीति र कार्यक्रम तय गरी स्थानीय तहको विपद् तथा आपत्कालीन व्यवस्थापनको संस्थागत नेतृत्व नगरपालिकाले लिने गरी विपद् तथा जलवायु उत्थानशील नगर निर्माण गर्न निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन अन्तर्गत नियमावली, कार्यविधि तथा निर्देशिका बनाउने । | १. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी कानुनको पुनरावलोकन र संशोधन गर्ने । | १. परिवर्तित सन्दर्भमा विपद् तथा आपत्कालीन व्यवस्थापन र अनुकुलन सम्बन्धी स्थानीय कानुनमा आवश्यक परिमार्जन तथा नयाँ कार्यविधि तथा निर्देशिका निर्माण गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. जलवायु अनुकुलन सम्बन्धी निर्देशिका निर्माण गर्ने । | २. पूर्वाधार निर्माण सम्बन्धी स्थानीय कानुनमा विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलताको विषय समेटी आवश्यक परिमार्जन गर्ने । | २. आर्थिक विकास, सामाजिक विकास र पूर्वाधार विकास अन्तर्गतका कार्यक्रममा संलग्न गरिएका विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनका मापदण्ड कार्यान्वयनको आवधिक समीक्षा गर्ने। |
| ३. विद्यमान विपद् व्यवस्थापन ऐनमा जलवायु अनुकुलन तथा आपत्कालीन व्यवस्थापन (शान्ति सुरक्षा, आगलागी नियन्त्रण, सडक सुरक्षा, वन्यजन्तु आतंक, स्वास्थ्यजन्य महामारी नियन्त्रण) का विषय समेटी संशोधन गर्ने । | | |
| ४. दीगो विकास लक्ष्य १३ लाई समेत लक्षित गर्दै नगरपालिकाले जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरू आफ्नो योजनाहरूमा समायोजन गर्ने । | ४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई नगरको योजनाहरूमा समायोजन गर्ने । | ४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरू आफ्नो योजनाहरूमा समायोजन गर्ने । |
| ५. जलवायु परिवर्तन अनुकुलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिका तयार गर्ने । | ५. जलवायु परिवर्तन अनुकुलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिकामा आवश्यक परिमार्जन गर्ने । | ५. स्थानीय बजेटलाई जलवायु परिवर्तन अनुकलनमा केन्द्रित बजेट वर्गीकरणको पद्धति विकास गर्ने । |
| ६. नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा वडास्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने । | ६. स्थानीय, सामुदायिक एवं विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको वार्षिक रुपमा समीक्षा तथा परिमार्जन गर्ने एवं नयाँ योजनाहरू निर्माण गर्ने । | ६. स्थानीय, सामुदायिक तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणलाई निरन्तरता दिने । |

**ख.** वि.सं. २०७२ सालको भुकम्पले अत्यधिक प्रभावित यस नगर पहिरोको जोखिममा पनि रहेको छ। नगरका सहर्पा, दुल्वु, खर्दी, तार्थली, खैदल, होक्सीला, भिरमुनी कार्तिके, बुस्ती जस्ता स्थानहरूमा पहिरोको जोखिम रहेको छ । त्यसैले विपद् निम्त्याउन सक्ने सक्ने सम्भावित घटना वा आपत्कालीन स्थितिको विश्लेषण गरी त्यस्ता घटना वा परिस्थितिलाई प्रभावकारी एवं उपयुक्त ढङ्गले सामना गर्न निम्नानुसारका योजना अघि सारिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. संघ तथा प्रदेशसँगको समन्वय र स्थानीय समुदायसँगको सहकार्यमा २०७२ को भूकम्पबाट क्षतिग्रस्त भएका र पुनर्निर्माण गर्न बाँकी सबै विद्यालय भवन, स्वास्थ्य चौकी तथा वडा कार्यालय भवनको पुनर्निर्माण कार्य सम्पन्न गर्ने तथा एकीकृत बस्ती लगायत व्यवस्थित आवास निर्माण वा पुनर्निर्माणको कार्य सम्पन्न गर्ने । | १. भौतिक पूर्वाधारका योजनाहरूलाई जलवायु अनुकुल बनाउँदै लैजाने । | १. विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनलाई समेत मध्यनजर गरी निर्माणका कार्यहरू गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. अरनीको राजमार्ग तथा संघीय वा प्रदेश सरकारको कार्यक्रममा रहेका क्षेत्र बाहेकका सडक आसपासका बस्ती नजिक रहेका र अन्य बस्ती क्षेत्रका पहिरोको जोखिम रहेका क्षेत्रमा तारजाली वा टेवा पर्खाल निर्माण तथा बायो इञ्जिनियरिङ अघि बढाउने । | २. सडक क्षेत्रको दायाँबायाँ रहेका एकाध परिवार मात्र बसोबास गर्ने जोखिमयुक्त घर सार्ने र बढी जोखिममा रहेका टोल बस्ती लक्षित टेवा पर्खाल निर्माण कार्य सम्पन्न गर्ने । | २. पहिरोको जोखिमलाई मध्यनजर गर्दै पहिरो जोखिम रोकथामका नवीनतम खोज तथा प्रविधिहरूलाई अँगाल्दै पहिरो जोखिम न्यून बनाउने । |
| ३. सम्भावित हानी, नोक्सानी एवं क्षति कम गर्न जोखिम क्षेत्रमा रहेका व्यक्ति, समुदाय पूर्व तयारीमा रहन, जोखिम न्यूनिकरण गर्न र समयमा नै उपयुक्त ढङ्गले कार्य गर्न विभिन्न संघ संस्थाहरूसँग समन्वय गर्ने । | ३. साझेदारीमा विपद् तथा जलवायू समानुकुलित विकास योजनाहरू सञ्चालन गर्दै आगामी वर्षहरूमा नगरपालिका आफैले विगतका साझेदारीमा भएका सकारात्मक कार्ययोजनाहरूको अनुशरण गर्दै विपद् व्यवस्थापनका लागि कार्ययोजनाहरू बनाई कार्यान्वयन गर्ने । | ३. समन्वयलाई निरन्तरता दिँदै विपद्बाट नगर सुरक्षित राख्ने । |
| ४. प्राकृतिक प्रकोपका हिसाबले जोखिममा रहेका स्थानहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गर्ने । | ४. वृक्षारोपण बिरुवाहरूको संरक्षण गर्दै वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने । | ४. वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने । |
| ५. भूकम्पीय सुरक्षा बाहेक सुरक्षित निर्माणको बहुआयामलाई समेटेर भवन तथा पूर्वाधार निर्माणमा प्राविधिक सहायता गर्न सक्ने गरी प्राविधिक शाखाको क्षमता विकास गर्ने । | ५. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा प्राविधिकहरू थप गर्ने र उक्त शाखाका कर्मचारीहरूका लागि अनुशिक्षण उपलब्धतालाई निरन्तरता दिने । | ५. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा दक्ष प्राविधिकहरू थप गर्ने । |

**ग.** नगरपालिकामा खोज, उद्धार तथा राहत तथा शीघ्र पुर्नलाभका लागि आवश्यक नगरपालिकाको केही वडा (वडा नं. २, ९, ८) मा विपद् प्रतिकार्य सामग्रीको पूर्व व्यवस्था गरिएको छ । तर विपद् व्यवस्थापन ऐनमा व्यवस्था गरिएअनुसार राहतको न्यूनतम मापदण्ड तय नगरिएको तथा राहत सामग्रीको न्यूनतम पूर्व व्यवस्था नभएको अवस्था रहेको छ । तसर्थ आपत्कालीन अवस्थामा जनधनको सुरक्षा तथा सेवा प्रदान गर्न आकस्मिक योजना लगायत विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूको व्यवस्था गरी वडास्तरमा समेत प्रतिकार्य एवं राहतका सामग्री एवं गोदाम घरको व्यवस्थापन गरी सेवा प्रवाह गर्नको निमित्त निम्न कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. विपद्को समयमा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधानसहितको स्थानीय कार्यविधि निर्माण गर्ने । | १. अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलका प्रावधानसहितको स्थानीय कार्यविधिमा आवश्यकता अनुरुप परिमार्जन गर्ने । | १. आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधान सहितको स्थानीय कार्यविधिमा समयानुसार संशोधन एवं परिमार्जन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. विपद् प्रभावितका विपद् प्रतिकार्य कोष सञ्चालन तथा राहत वितरण कार्यविधि निर्माण गर्ने । | २. सरोकारवालासँगको समन्वय बढाई विपद् व्यवस्थापन कोषमा जुट्ने सहयोगको दायरा विस्तार गरी मुलधनको आकार वृद्धि गरी सबै किसिमका विपद् प्रतिकार्य गर्न सक्ने अवस्थामा पुऱ्याउने । | २. विभिन्न संघ संस्थाहरूसँग समन्वय गरी विपद् प्रतिकार्य कोषको रकम वृद्धि गर्ने । |
| ३. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । | ३. विपद् व्यवस्थापन (पूर्व तयारी, आपत्कालीन प्रतिकार्य र पुनर्लाभ) को वित्तीय रणनीति तयार गरी लागु गर्ने । विपद् प्रतिकार्यका औजारहरू उपयुक्त अवस्थामा राख्नुका साथै क्लष्टरगत रुपमा सामुहिक बसोबासको सामग्री सेटको पूर्व व्यवस्था गर्ने । | ३. समयानुसार विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाहरूमा परिमार्जन गर्दै आवश्यकता अनुरुप नयाँ योजनाहरू निर्माण गर्ने । |
| ४. खोज तथा उद्धार सामग्रीहरूको पूर्व व्यवस्था गर्ने । | ४. विपद् व्यवस्थापनका निमित्त बनाइने गोदाम घरको सञ्चालन एवं व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गरी आवश्यकता हेरी गोदाम घरको व्यवस्था प्रत्येक वडामा गर्ने । | ४. क्लष्टरगत रुपमा रहेका विपद् प्रतिकार्य औजारमा आवश्यक थपघट तथा सामुहिक बसोबासका सामग्रीको अपुग पूर्ति र उपयोगिता कायम गर्ने । |
| ५. नगरपालिकाको बजार अनुगमनको निमित्त आपत्कालीन अवस्थामा बजारको नियमन सम्बन्धी व्यवस्था समेत समेटिने गरी बजार अनुगमन निर्देशिका निर्माण गर्ने । | ५. विपद्लाई मध्यनजर गर्दै बजार अनुगमन निर्देशिकाको आवधिक समीक्षा गर्दै आवश्यकता अनुरुप परिमार्जन गर्ने । | ५. बजार अनुगमन निर्देशिकाको समयानुसार परिमार्जन एवं संशोधन गर्ने । |
| ६. विपद्का समयका लागि उपयुक्त आपत्कालीन निकास लगायतका पूर्वाधार र सूचना नगरपालिका, वडा तथा अन्य सार्वजनिक भवनमा अनिवार्य व्यवस्थापन गर्ने प्रक्रिया प्रारम्भ गर्ने । | ६. सार्वजनिक, सामुदायिक र ठूला व्यवसायिक भवनमा आपत्कालीन द्वार र सम्बन्धित सूचना डिस्प्ले गर्ने विधिलाई प्रभावकारी बनाउने । | |

**घ.** नगरपालिकामा भवन निर्माण संहिता कार्यान्वयनका लागि भवन तथा बस्ती विकास उपशाखा रहेको छ । विपद् व्यवस्थापन समेतलाई दृष्टिगत गरी केन्द्रीय शहरी विकास तथा भवन निर्माण विभागले बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी संहिता तथा मापदण्ड २०७२ जारी गरेको र नगरले त्यसलाई अनुकुलन गरेको छ तर सबै किसिमका भवनको स्वीकृति तथा निर्माणको अनुगमन प्रक्रियामा स्थलगत रुपमा अध्ययन गरी सुरक्षाका मापदण्ड पूर्ण पालना भएको यकिन गर्नमा जनशक्तिको अपर्याप्तता रहेको छ । तसर्थ मानवीय जीवन सुरक्षा र हित सुनिश्चित गर्न र गर्नुका साथै नभत्कने खालका सुरक्षित भवन संरचना निर्माणका लागि आवश्यक पर्ने संरचनाको डिजाइन, निर्माण पद्धति, निर्माण सामग्री, मर्मत सम्भार परिमार्जन, भोगचलन जस्ता पक्षहरूको नियमन तथा नियन्त्रणका निम्ति जारी अध्यादेश वा नियम/विनियम तथा सम्बद्ध मापदण्डहरूको आवश्यकता छ ।

नगरमा स्फेयर मापदण्ड अनुसार इभ्याकुएशन केन्द्रहरू २ वटा वडामा तयार भएको र एउटा तयार हुने क्रममा रहेको छ तर नगरपालिकाको जनसङ्ख्यालाई आधार मान्ने हो भने आगामी वर्षका लागि प्रति भवन २०० व्यक्ति अटाउने थप सुरक्षित भवन निर्माण गर्नुपर्ने आवश्यकता छ । त्यसैगरी २ किलोमिटर आसपास सुरक्षित

| भवन नभएको क्षेत्रमा सुरक्षित भवन थप्नुपर्ने आवश्यकता पनि छ । तसर्थ विपद्का दृष्टिकोणले आपत्कालीन आश्रय स्थलको रुपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुल्ला स्थान, सुरक्षित भवन र पार्कहरूको संख्यामा अपर्याप्तता भएकाले निम्न प्राथमिकतामा तय गरिएका छन् । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगर तथा वडास्तरमा रहेका सुरक्षित भवनको अवस्था विश्लेषण गर्ने । आपत्कालीन आश्रय स्थल पहिचान र चरीकोट, दोलखा र अन्य बजार क्षेत्र लगायत अन्य स्थानमा आपत्कालीन आश्रय स्थलका लागि उपयुक्त भवनहरू निर्माणको प्रक्रिया अघि बढाउने । सम्बन्धित निकायसँगको समन्वयमा साथै कोभिड १९ महामारीको सामना गर्नका निमित्त क्वारेनटाइन तथा आइसोलेसन कक्षहरूको उचित व्यवस्था गर्ने । | १. बाल तथा अपाङ्गमैत्री र विपद् प्रतिरोधात्मक बहुउपयोगी शौचालय, खानेपानी, वैकल्पिक ऊर्जाको व्यवस्था भएको प्रत्येक नगरबासीको पहुँचमा पुग्ने गरी नगरमा सुविधायुक्त सुरक्षित भवनहरू निर्माण गरी समुदायको जानकारीमा ल्याउने । | १. जोखिमयुक्त बस्ती स्थानान्तरण गरी भू- उपयोग योजना बमोजिम कम्तीमा ५ ओटा सुरक्षित एकीकृत बस्ती निर्माण गर्ने । |
| २. विपद् परेको समयमा प्रयोग गर्नका लागि खुल्ला स्थान तथा चौरहरूको पहिचान र नक्सांकन गर्ने र सबै वडामा खुला स्थान पहिचान गरी इन्भेन्टरी तयार पार्ने टोलगत रुपमा खुला स्थान सम्बन्धी सूचना प्रवाह गर्ने । | २. खुल्ला स्थानहरूको संरक्षणमा स्थानीयलाई प्राथमिकता दिँदै सरसफाई लगायत संरक्षणका कार्यक्रमहरू गर्ने र निर्माण भएका सुरक्षित स्थलहरूको नियमित अनुगमन गर्ने । | २. सुरक्षित आश्रय स्थलको व्यवस्थापन तथा उपयोगिता कायम राख्ने र खुल्ला स्थान एवं सुरक्षित आश्रय स्थलहरूको नियमित अनुगमन गर्ने । |
| ३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने । | ३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने । | ३. विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने । |

| **ङ.** नगरमा ४ जना नगर प्रहरीको व्यवस्था भएका छन् । नगर प्रहरीलाई आपत्कालीन समयमा साथै हाट तथा अन्य प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गर्नका निमित्त नगर प्रहरी व्यवस्थापन सम्बन्धी नीति निर्देशिकाको आवश्यकता रहेको छ भने नगर प्रहरी परिचालनको क्षेत्र पनि विस्तार गर्ने आवश्यकता रहेको छ । यस सन्दर्भमा निम्न कार्यक्रम आवधिक प्राथमिकतामा समावेश छन् । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. नगर प्रहरी गठन र सञ्चालन सम्बन्धी ऐन र नियमावली निर्माण गर्ने । | १. नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गरी आवश्यकता अनुरुप परिमार्जन गर्ने । | १. नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गरी आवश्यकता अनुरुप संशोधन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २. विपद् प्रतिकार्य तथा आपत्कालीन सेवा प्रवाहमा आवश्यकता अनुसार नगर प्रहरी परिचालनको अभ्यास शुरु गर्ने। विश्वव्यापी रुपमा फैलिएको महामारी कोभिड १९ बाट नगरवासीलाई जोगाउन नेपाल प्रहरीसँग सहकार्य गरी नगर प्रहरीलाई आवश्यकता अनुरुप विपद् प्रतिकार्य तथा आपत्कालीन सेवा प्रवाहमा परिचालन गर्ने। | २. विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने। | २. नगर प्रहरीको थप व्यवस्थासँगै विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने। |
| ३. समुदाय स्वयं तथा नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू लगायत सम्पदा क्षेत्र संरक्षण गर्ने। | ३. नगर प्रहरी, अन्य सुरक्षा संयन्त्र र स्थानीय (प्रहरी, वन विभाग, आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने। | ३. नगर प्रहरीको सेवाको निरन्तरता र विस्तार गर्दै जाने। |
| ४. सम्बन्धित निकायसँगको समन्वयमा नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाइलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका सैद्धान्तिक कक्षा सञ्चालन गर्ने। | ४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका कार्यक्रमहरू आयोजना गर्ने। | ४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईको क्षमता विकासका कार्यक्रमहरूलाई निरन्तरता दिने। |


**च.** नगरमा सडक दुर्घटना पनि प्रमुख समस्याको रुपमा रहेको छ। नगरमा दुर्घटना हुने क्रम बढ्दो रहेकोले सडक सुरक्षाको दुष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै सडक सुरक्षा कायम गर्न विभिन्न नीतिका साथै सडक स्तरोन्नती आवश्यक भएकाले निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ। यी कार्यक्रम यातायात क्षेत्रका कार्यक्रमको अंगका रुपमा कार्यान्वयन गरिने छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. स्थानीय प्रहरी कार्यालयको निगरानीमा रहने गरी चरीकोट बजार, दोलखा, र अन्य बजार क्षेत्रमा सीसी क्यामेराको व्यवस्था गर्ने। | १. सडक दुर्घटना एवं अन्य सामाजिक अपराधका गतिविधि न्यूनिकरण गर्न आवश्यक स्थानहरूमा सीसी क्यामेराको व्यवस्था गर्ने। | १. सडक दुर्घटना न्यूनिकरणका लागि भएका प्रविधिहरूको विकासलाई सम्भाव्यता हेरी नगरमा व्यवस्था गरी सडक दुर्घटना नगन्य बनाउने। |
| २. समुदाय र निजी क्षेत्रको समन्वयमा बजार क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गर्ने। | २. सडक बत्ती एवं सीसी क्यामेराको व्यवस्था नगरका प्रत्येक स्थानमा पुऱ्याउने। | २. सडक बत्तीको व्यवस्थासँगै आवश्यक मर्मत गरी यसको विस्तार गर्ने। |
| ३. सडक दुर्घटनालाई मध्यनजर गरी आवश्यक स्थानमा सडक चिन्हहरू, सिग्नलहरू, जेब्राक्रस एवं ट्राफिक पोलिसहरूको व्यवस्था गर्ने। | ३. सबै घरमा आपत्कालीन सेवा सुनिश्चित हुने गरी सडक पूर्वाधार विकास गर्ने। सडक दुर्घटना नियन्त्रणका लागि जोखिमयुक्त स्थानहरूमा सडक सुरक्षाको संरचना बनाउने। | ३. आवश्यकता हेरी नगरमा रहेका स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइटहरूको मर्मत सम्भार गर्ने तथा आवश्यक स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइट एवं ट्राफिक प्रहरीहरूको व्यवस्था गर्ने। |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ४. प्रहरी बिटहरूको व्यवस्थापन गर्ने । | ४. आवश्यकता अनुरुप ट्राफिक बिट एवं ट्राफिक प्रहरीहरूको थप व्यवस्था गर्ने । | ४. शहरीकरण बढेसँगै ट्राफिक बिट एवं ट्राफिक प्रहरीहरूको थप व्यवस्था गर्ने । |
| ५. सडक दुर्घटना हुने क्षेत्रहरूको पहिचान गरी न्यूनिकरणका लागि ट्राफिक सचेतना कार्यक्रमका साथै ट्राफिक प्रहरी तथा जनपद प्रहरीका स्थानीय एकाईसँगको नगरको शान्ति सुरक्षा, लागु औषध नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यक्रम समन्वय बैठक नियमित सञ्चालनको अभ्यास गर्ने । | ५. सडक दुर्घटना न्यूनिकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । | ५. सडक दुर्घटना न्यूनिकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने । |

**छ.** आगलागी नियन्त्रणका लागि अग्नी नियन्त्रक ग्याँस (Fire extinguisher) राख्ने बारेको आदेश २०७४ नगरपालिकाबाट स्वीकृत भएको छ जसमा नगरभित्रका बैंक, होटल, रेष्टुरेण्ट, मदिरा बिक्री वितरण पसलहरू समेतले अनिवार्य रुपमा राख्नुपर्ने गरी सूचना जारी गरेको छ । नगरले आपत्कालीन सेवाका लागि महत्वपूर्ण मानिएको वारुणयन्त्र आफैंले सञ्चालन गरेको छ । प्राथमिक स्वास्थ्य केन्द्रमार्फत् एम्बुलेन्स सेवा सञ्चालन गरेको छ । आपत्कालीन अवस्थाका लागि नगरमा एम्बुलेन्स एवं वारुणयन्त्रहरू अपर्याप्तता रहेको छ जसलाई तलको नक्सा नं. ५.४.२ द्वारा प्रष्ट्याइएको छ ।

**नक्सा ५.४.२ : नगरमा रहेका आपत्कालीन प्रतिकार्यको संस्थागत क्षमता**



| नगरमा रहेका ऐम्बुलेन्स एवं दमकलले वडा नं. ३, ६ र ५ का आसपासका क्षेत्रमा मात्र सेवा पुऱ्याउन सक्दछ तर नगरका अन्य वडावासीहरू आपत्कालीन समयमा यस सुविधालाई छिटो छरितो सेवाको पहुँचमा पुग्न नसकेको अवस्था रहेको छ । तसर्थ सम्पूर्ण नगरवासीले एम्बुलेन्स, शवबाहन, दमकल जस्ता सेवाहरूमा सहज पहुँच पुऱ्याई विपद् जोखिमबाट सुरक्षित नगर निर्माण गर्नका निमित्त निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ । | | |
|---|---|---|
| **अल्पकालीन (पहिलो २ वर्ष)** | **मध्यकालीन (३ देखि ७ वर्ष)** | **दीर्घकालीन (८ देखि २० वर्ष)** |
| १. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन सम्बन्धी कार्यविधि निर्माण गर्ने । | १. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । | १. वारुण यन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने । |
| २. वारुणयन्त्र सञ्चालनका लागि प्रशिक्षित फायरम्यानको व्यवस्था गर्ने । | २. वारुणयन्त्रहरूको संख्या वृद्धिसँगै प्रशिक्षित फायरम्यानहरूको व्यवस्था गर्ने । | २. वारुणयन्त्रहरूको मर्मत सम्भारसँगै आवश्यकतानुसार प्रशिक्षित फायरम्यानहरूको व्यवस्था गर्ने । |
| ३. व्यवसायिक, संस्थागत तथा सामुदायिक भवन, विद्यालय, सरकारी भवन, कलकारखाना जस्ता मानिसको बढी जमघट हुने संचरनामा  अग्नी नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य रुपमा राख्ने सम्बन्धी नगरको आदेशको पालना भए नभएको अनुगमन गर्ने । | ३. अग्नी नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य राख्ने सम्बन्धमा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने । | ३. अग्नी नियन्त्रक ग्याँस Fire Extinguisher अनिवार्य राख्ने सम्बन्धमा निर्देशिकाको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । |
| ४. वारुणयन्त्र तथा एम्बुलेन्सको सेवा सबैतिर समयमा पुऱ्याउनका लागि भौतिक पूर्वाधार, जनशक्ति तथा सम्बन्धित उपकरणको व्यवस्थापन गर्ने । | ४. नगर अस्पतालमार्फत् "ख" वर्गको (स्वास्थ्य सहायकसहितको) एम्बुलेन्स सेवा सञ्चालन गर्ने । | ४. "ख" वर्गको एम्बुलेन्स सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी कम्तीमा ३ ओटा एम्बुलेन्स नगर अस्पताल वा क्लष्टरस्तरबाट सञ्चालन गरी हालको एम्बुलेन्स सेवालाई विस्थापित गर्ने । |
| ५. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा निःशुल्क गराउन पहल गर्ने । | ५. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा निःशुल्क गराउन नगरपालिकाबाट लागत ब्यहोर्ने ब्यवस्था मिलाउने । | ५. एम्बुलेन्स लगायतका आपत्कालीन सेवामा जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा गर्भवती) को निःशुल्क पहुँच सुनिश्चित गर्ने । |
| ६. ऐम्बुलेन्स, दमकल समयमा पुऱ्याउनको निमित्त सडक स्तरोन्नति गर्ने । | ६. सबै किसिमका आपत्कालीन सेवा कम्तीमा टोलस्तरमा पुग्ने गरी वडास्तरका सडकलाई ग्राभेल गरिसक्ने र क्लष्टरस्तरमा एम्बुलेन्स रहने गरी स्थानीय र बाह्य संघ संस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने । | ६. वारुणयन्त्रको संख्या र पहुँच विस्तार गरी सबै घरमा १५ मिनेटभित्र वारुणयन्त्र पुग्ने पद्धति विकास गर्ने । |

**ज.** महामारीको संक्रमणले ठुलो संख्यामा तीब्र रुपमा क्षति गर्न सक्दछ। वातावरणीय दृष्टिकोणले नगर क्षेत्रमा विकराल समस्या नरहेता पनि बढ्दो बस्ती सघनता र फोहोर व्यवस्थापनमा रहेका समस्याका कारण नगरमा महामारी फैलन सक्ने सम्भावना छ। किटजन्य रोगको महामारीको जोखिमबाट पनि नगर मुक्त छैन। त्यसैले नगरवासीलाई महामारी सम्बन्धी सचेतीकरण गर्न निम्न प्राथमिकता तल प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. महामारी नियन्त्रणको विषय समेटी सरसफाई निर्देशिका निर्माण गर्ने। | १. महामारीको समयमा महामारी नियन्त्रण एवं सुरक्षित हुन महामारी सम्बन्धी निर्देशिकाको समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने। | १. महामारी सम्बन्धी भएका निर्देशिका एवं कार्यविधिलाई आवश्यकता हेरी संशोधन गर्ने। |
| २. कोभिड १९ लाई समेत मध्यनजर गरी अस्पताल एवं स्वास्थ्य चौकीहरूमा आपत्कालीन प्रतिकार्य योजनाहरू निर्माण गर्ने। | २. विपद्लाई मध्यनजर गरी नगरमा भएका स्वास्थ्य चौकीहरूमा आपत्कालीन सेवा प्रदान गर्ने व्यवस्थासहित स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्ने। | २. महामारी फैलदा समेत नगर सुरक्षित हुन सक्ने अवस्थामा पुग्न पूर्वाधार, जनशक्ति, साधन स्रोतहरूको पूर्व व्यवस्था गर्ने। |
| ३. स्वास्थ्यका कार्यक्रमा समाहित गरी कोभिड १९ लगायत अन्य महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने। | ३. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने। | ३. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने। |
| ४. टोल सुधार तथा सरसफाई समितिको संलग्नता हुने गरी नगरको नियमित सरसफाई गर्ने। | ४. पर्यटकीय नगर निर्माण गर्ने नगरको दूरदृष्टि समेत भएका कारण नगर सरसफाई गर्ने अभियानलाई निरन्तरता दिने। | ४. पर्यटन व्यवसायलाई समेत टेवा पुऱ्याउन सरसफाई अभियान सञ्चालन गरी सुन्दर स्वच्छ नगर निर्माण गर्ने। |

**झ.** बेरोजगारी एवं अन्य विविध कारणहरूले गर्दा युवाहरूमा लागुपदार्थ दुर्व्यसनी बढ्दो रहेको छ। तसर्थ रोजगारको व्यवस्थासँगै मदिरा सेवन एवं लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्नका लागि निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. मदिराको व्यवस्थित बिक्री वितरण सम्बन्धी स्थानीय कार्यविधि बनाउने। | १. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने। | १. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने। |
| २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू विद्यालयहरू लगायत प्रत्येक वडाहरूमा सञ्चालन गर्ने। | २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने। | २. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने। |
| ३. युवाहरूलाई बढी भन्दा बढी सामाजिक कार्यहरूमा संलग्न गराउनका लागि आवश्यक रणनीतिहरू निर्माण गर्ने। | ३. लागुपदार्थ दुर्व्यसनीमा लागेका व्यक्तिहरू लक्षित गर्दै नगरमा विभिन्न रोजगारको व्यवस्था गर्ने। | ३. युवाहरूलाई स्वरोजगार बनाई लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्ने। |

**ञ.** जलवायु परिवर्तन भएसँगै जमिन सुख्खा हुने समस्या पनि नगरवासीले भोग्दै आएका छन् जसले कृषि उत्पादनमा ह्रास ल्याएको छ । नगरमा खडेरी लगायत आगलागीको समस्या रहेको छ । केही स्थानहरूमा रिचार्ज पोखरीहरू निर्माण समेत भएको छ तर नगरमा खडेरी समस्यालाई निराकरण गर्नका निमित्त निम्न एवं आगलागी, खडेरी जस्ता विपद्को लागि कुनै पनि नीति निर्देशिकाका साथै कार्यान्वयनका प्रावधानहरू नभएका कारण निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. आगलागि नियन्त्रण गर्न प्रत्येक वडाको पहुँचमा पुग्ने गरी स्थान पहिचान गरी पानी संकलन बिन्दु निर्धारण र पूर्वाधार व्यवस्थापन गर्ने र नगरमा भएका पोखरीहरूको संरक्षण गरी आवश्यकता हेरी Plastic pond हरू निर्माण गर्ने । | १. जमिन सुख्खा हुने जस्ता समस्या भइरहेको सन्दर्भमा नगरमा भएका पोखरीहरूको संरक्षण गर्दै ठाउँ ठाउँमा रिचार्ज पोखरीहरू निर्माण गर्ने । | १. प्लाष्टिक पोखरी निर्माणलाई निरन्तरता दिँदै आवश्यक मर्मत सम्भार गर्ने । |
| २. जलवायु परिवर्तन न्यूनिकरण र स्वच्छ ऊर्जा कार्यक्रम जस्तैः विद्युतीय सवारी साधनको सम्भाव्यता अध्ययन एवं परीक्षण गर्ने । | २. विद्युतीय सवारी साधनहरू सञ्चालन गर्ने । | २. जलवायुमैत्री सवारी साधन जस्तैः विद्युतीय सवारी साधन लगायत नवीनतम् साधनहरू सञ्चालन गर्ने । |

**ट.** नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू गर्न कार्यालयमा वडा अध्यक्ष मध्ये एकको अध्यक्षता नगर कार्यपालिका अन्तर्गत वन, वातावरण तथा विपद् व्यवस्थापन समिति तथा नगर प्रमुखको अध्यक्षतामा विपद् तथा जलवायु उत्थानशील समिति गठन र नगरमा विपद् हेर्न फोकल पर्सन पनि तोकिएको छ । यसका साथै नगरमा पूर्वसूचना कार्यदलका सदस्यहरू, प्राथमिक उपचार कार्यदलका सदस्यहरू र खोज तथा उद्धार कार्यदलका सदस्यहरू नगरमा रहेका छन् तर विपद् व्यवस्थापन उपशाखामा हाल पनि आवश्यक कर्मचारीहरूको व्यवस्था गर्न नसकिएको अवस्था रहेको छ । नगरका प्रत्येक वडाहरू समेट्न सक्ने गरी प्रतिकार्य टोलीहरू एवं अन्य मानव संशाधनको अपर्याप्तता छ । यसका साथै नगरमा स्थानीयहरूमा विपद् व्यवस्थापन सम्बन्धी चेतनामा कमी छ । प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालीन योजना, आपत्कालीन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे हाल पनि वडावासीहरूमा जानकारीको कमी भएका विभिन्न क्षमता विकास र सचेतनामूलक कार्यलाई निम्नानुसार प्राथमिकतामा राखिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरपालिकामा अवस्थित विभिन्न संघ संस्थाहरूसँग आपसी समन्वयमा प्रत्येक वडाहरू समेटिने गरी विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू गर्ने साथै नियमित रुपमा यी संघ संस्थाहरूद्वारा गरिने कार्यहरूको अनुगमन एवं मुल्यांकन गर्ने । | १. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रवर्द्धन र सुदृढ गर्ने । | १. अनुगमन एवं मुल्यांकनसँगै विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी निरन्तरता दिने । |
| २. कोभिड १९ लगायत अन्य विपद् सम्बन्धी भएका घटनाहरूको तथ्यांक राख्नको निमित्त तथ्याङ्क व्यवस्थापनको विकास गर्ने । | २. विपद् एवं जलवायु परिवर्तन सम्बन्धी घटनाहरू डिजिटल माध्यमबाट तथ्याङ्क राख्ने प्रणालीको व्यवस्था गर्ने । | २. सबै प्रकारका प्रकोप समेटिने गरी तथ्याङ्क व्यवस्थापन गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| ३. प्रकोप र विपद् जोखिमको अनुगमन, सूचना सम्प्रेषण, खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको क्षमता अभिवृद्धि गर्ने । | ३. जलवायु परिवर्तन अल्पिकरण, अनुकुलन, प्रभाव न्यूनिकरण मानव तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने । | ३. खोज तथा उद्दार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको क्षमता अभिवृद्धि गर्ने । |
| ४. सबै वडामा स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत परिचालित हुने गरी सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको न्यूनतम व्यवस्थापन गर्ने र हाल फैलिरहेको कोभिड १९ को सन्दर्भमा सावधानीका साथ परिचालन गर्न पहल गर्ने । | ४. सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको व्यवस्थापन र परिचालनलाई निरन्तरता दिने । | ४. जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी आवश्यक क्षमता अभिवृद्धि गरी परिचालन गर्ने । |
| ५. विपद्का हरेक प्रकोप समेटिने गरी नगरमा विपद् व्यवस्थापन सम्बन्धी जनसमुदायमा चेतना अभिवृद्धिका लागि बृहत् कार्यक्रमहरू सञ्चालन गर्ने । | ५. विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने । | ५. नगर, वडा र सामुदायिक विपद् व्यवस्थापन समितिबाट हुने सचेतनामूलक गतिविधिको कार्यान्वयनलाई निरन्तरता दिने । |
| ६. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी ऐन, नियम वा निर्देशिका सम्बन्धी अनुशिक्षण सबै कर्मचारीहरूलाई दिने । | ६. वडा र नगरस्तरको विपद् व्यवस्थापन समितिमा नव निर्वाचित प्रतिनिधिसहित आवश्यक परिवर्तन र विपद् र जलवायु परिवर्तन सम्बन्धी अनुशिक्षण र वार्षिक रुपमा पुनर्ताजगी दिने । | ६. नयाँ कर्मचारी तथा जनप्रतिनिधिलाई जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी नीति र अभ्यासको अनुशिक्षण र आवश्यक सैद्धान्तिक तालिम दिने । |

## तालिका ३/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापनको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| सुरक्षित भवन (स्फेयर मापदण्ड अनुसार इभ्याकुएशन केन्द्रहरू) | २ | ३ | ५ | ९ |
| वारुणयन्त्र | १ | १ | २ | २ |
| एम्बुलेन्स | १ | १ | २ | २ |
| नगर प्रहरी | ४ | ४ | ६ | ९ |
| "ख" वर्गको एम्बुलेन्स | | | १ | ३ |
| फायर स्टेशन (अग्नी नियन्त्रक यन्त्रमा पानी भर्ने बिन्दु व्यवस्थापन) | ० | १ | १ | ३ |

| विषय | आधार वर्ष | अल्पकाल २०७८/७९ | मध्यकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| आपत्कालीन निकास द्वारसहितका संस्थागत भवन | | १ | १० | ३० |
| स्थानीय र सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना | २ | ४ | १४ | १४ |
| विपद् प्रतिकार्य सामग्रीको पूर्व व्यवस्था भएका वडा | २ | ३ | ९ | ९ |
| तालिम प्राप्त खोज तथा उद्दार स्वयंसेवक (प्राथमिक उपचार समेत) | | २५ | ४० | ५० |
| तालिम प्राप्त पूर्वसूचना कार्यदलका सदस्यहरू | | २५ | ४० | ५० |
| तालिम प्राप्त खोज तथा उद्दार कार्यदलका सदस्यहरू | | २५ | ४० | ५० |

## ५.५. संस्थागत विकास र सुशासन

यो खण्डमा यस नगरपालिकाको आन्तरिक संगठन संरचना तथा संयन्त्रको वर्तमान अवस्थामा आवश्यक परिमार्जन र क्षमता विकास गरी नगरको सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन गरिने कार्यक्रम तथा सुशासन प्रवर्द्धनका तथा कार्यक्रम प्रस्तुत गरिएको छ। संस्थागत क्षमता विकासका नीति तथा कार्यक्रम सम्बन्धित विषयगत क्षेत्रमा समेटिएकोले यो क्षेत्रमा सम्बन्धित क्षेत्रमा नसमेटिएका बृहत्तर पक्षलाई मात्र बुँदागत रुपमा समेटिएको छ।

## ५.५.१. संस्थागत विकास

संविधानले निर्धारण गरे अनुसारको नगर सभा नगरको संगठन संरचनाको सबैभन्दा माथिल्लो अंग हो जसले नगरको व्यवस्थापिकाको जिम्मेवारी निर्वाह गर्छ। नगर कार्यपालिका नगर सभा प्रति उत्तरदायी कार्यकारी अंग हो । नगर कार्यपालिका नगर प्रमुखको अध्यक्षतामा रहन्छ भने नगर उपप्रमुखले न्यायिक समितिको संयोजकका साथै नगर प्रमुखको अनुपस्थितिमा नगर कार्यपालिकाको अध्यक्षको भूमिका निर्वाह गर्छन् । प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिकाको सदस्य सचिवको अतिरिक्त नगरको प्रशासनिक नेतृत्व गर्छन् । संविधान र संघीय कानुनले निर्धारण गरेका उल्लिखित संरचना तथा जिम्मेवारी अनुरुप नगरमा विभिन्न प्रयोजनका लागि विभिन्न समिति तथा संयन्त्र निर्माण र सञ्चालन गरिरहेको छ। संस्थागत क्षमता विकासले विषयगत भूमिकामा रहने नेतृत्व तथा कार्यान्वयनको भूमिकामा रहने स्थानीय कर्मचारी संयन्त्र एवं सान्दर्भिक अन्य संयन्त्र तथा इकाईको क्षमता विकासका विषय पर्दछन् । बृहत् योजना तर्जुमाका क्रममा पहिचान गरिएका आन्तरिक क्षमतामा रहेको कमी पूरा गर्ने योजना कार्यान्वयनका लागि आवश्यक क्षमता तयारीका कार्यक्रमलाई नगरले अघि बढाउने छ ।

नगरको संस्थागत क्षमता विकासका सवाल ४ वटा विषगत क्षेत्र तथा ती क्षेत्र अन्तर्गतका उपक्षेत्रको नीति तथा प्राथमिकतामा नै समेटिएको छ । त्यसैले आवधिक प्राथमिकतालाई यस खण्डमा समेटिएको छैन । तथापि यो क्षेत्रमा गरिने प्रमुख प्राथमिकताका विषयलाई बुँदागत रुपमा निम्नानुसार तय गरिएको छ ।

**क)** शासकीय जिम्मेवारीमा रहने पदाधिकारीहरुका लागि आवश्यकता अनुसार प्रदेश, संघ तथा अन्य निकायसँग समन्वय र स्थानीय स्रोत समेतको प्रयोग गरी गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।

**ख)** नगरको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी बृहत् नगर योजनाले प्रस्ताव गरेको क्षेत्रगत शाखा तथा इकाईहरूको स्वरुपमा आवश्यक परिवर्तन गर्ने र सेवा शर्त तथा जिम्मेवारीहरूलाई थप परिभाषित तथा परिष्कृत गर्ने ।

**ग)** प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षणमा रहने गरी नगरपालिकामा नगरस्तरीय योजना शाखा बनाउने । यसरी उक्त शाखाले बृहत् योजना कार्यान्वनको आवधिक समीक्षा, योजनामा आवश्यक परिमार्जनको सहजीकरण, वार्षिक तथा कार्यक्रम तयारीमा सहजीकरण तथा पुँजी सुधार योजना निर्माण र कार्यान्वयन, शहरी योजनाका कार्यमा समन्वय जस्ता समग्र पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

**घ)** दीर्घकालमा सबै किसिमका भौतिक पूर्वाधार र सम्बन्धित सेवा व्यवस्थापनको जिम्मेवारीसहितको शहरी विकास महाशाखाको अंग हुने गरी प्राविधिक शाखालाई व्यवस्थित गरी प्राविधिक जनशक्तिको कार्य विशिष्टीकरण गरी कार्यान्वयनमा लैजाने ।

**ङ)** राजस्व तथा पूर्वाधार, कृषि, पर्यटन तथा उद्योग व्यवसाय लगायत आर्थिक विकासका समग्र पक्षको कार्य जिम्मेवारी बहन गर्न सक्ने जनशक्तिको विकार र परिचालन गर्ने ।

**च)** शिक्षा र स्वास्थ्य, सरसफाई जस्ता समाजिक विकासका संयन्त्रलाई सशक्त र क्षमतावान बनाउने ।

**छ)** प्राकृतिक स्रोत तथा वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन, सम्पदा संरक्षण, पार्क तथा मनोरञ्जन आदिलाई थप प्राथमिकता दिन सम्बन्धित क्षेत्रको संगठन विकासका कार्यक्रम कार्यान्वयन गर्ने । जसमा आन्तरिक कर्मचारीको क्षमता तथा नगर र वडास्तरका समिति वा संयन्त्र स्थापना र तिनको प्रभावकारिता विस्तारका कार्य गर्ने ।

**ज)** सबै क्षेत्रका समिति, आयोग आदि गठन र क्षमता विकासका कार्यक्रम सम्बन्धित क्षेत्रको प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने ।

**झ)** दीर्घकालमा नगर योजना आयोग गठन गरी नगर विकास योजना निर्माणको माथिल्लो निकायको रुपमा क्रियाशील गराउने ।

**ञ)** समग्र नगरको समुचित विकासको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरी उनीहरुको विशिष्टिकृत क्षमतालाई उजागर गर्ने ।

## ५.५.२. सुशासन

### १. परिचय

सुशासन सार्वजनिक स्रोतको जनहितमा अधिकतम् उपयोग गर्दै सम्बन्धित समुदायलाई दीगो प्रतिफल दिन गरिने संस्थागत व्यवस्था र शासकीय अभ्यास नै सुशासन हो । कानुनी शासनन, शासकीय अभ्यासमा संलग्न पक्षको उच्च नैतिक आचरण, पारदर्शिता, जवाफदेहिता, सहभागिता, मितव्ययिता, कार्यकुशलता र जवाफदेहिता सुशासनका अवयव हुन् ।

### २. स्थानीय अवस्था

नेपाल सरकारको न्यूनतम शर्त तथा कार्य सम्पादन मुल्यांकनमा भीमेश्वर नगरपालिकाले विगतमा उत्कृष्ठता प्रस्तुत गर्दै आएको हो । नयाँ संविधान बमोजिमको संरचना निर्माण भइसकेपछि पनि पारदर्शिता र सुशासनको विषयलाई नगरले उच्च प्राथमिकतामा राख्दै विभिन्न कानुनी व्यवस्था निर्माणका साथै सुशासनसहितको स्थानीय शासन प्रवर्द्धनका अभ्यास गरिरहेको छ । पारदर्शी, जवाफदेही, उत्तरदायी र सहभागितामूलक, गुणात्मक प्रतिस्पर्धामा आधारित समतामूलक र सदाचारयुक्त एवं शासन प्रणालीलाई संस्थागत गर्ने प्रण भीमेश्वर नगरपालिकाले लिएको छ ।

विकास निर्माणको हरेक प्रक्रियामा नागरिकको सुसूचित सहभागिता तथा सामाजिक जवाफदेहिता प्रवर्द्धनका विभिन्न औजार उपयोग गर्दै आएको छ। सार्वजनिक सरोकारका सबै सूचनामा नागरिकको सरल र सहज पहुँच सुनिश्चित गर्न नगरले संस्थागत प्रबन्ध गरेको छ । तथापि सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मसाथ गरी नगर र नागरिकका बिचको विश्वास प्रवर्द्धन गर्न तथा आमनागरिकलाई जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउनका लागि थप प्रयास गर्नुपर्ने आवश्यकता नगरले महसुस गरेको छ ।

### ३. मुख्य अवसर र चुनौती

सूचना प्रविधिको विकाससँगै विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने तथा पारदर्शिता र सुशासन प्रवर्द्धनको माध्यमका रुपमा यसलाई उपयोग गर्ने अवसर नगरलाई छ भने सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गर्दै व्यक्तिगत गोपनियताको रक्षा गर्ने तथा इन्टरनेट र प्रविधिको ज्ञान र पहुँचमा नरहेका ग्रामीण जनसङ्ख्याप्रति

पनि समान स्तरको जवाफदेहिताको प्रत्याभूति दिलाउने चुनौती नगरलाई छ । संविधान र संघीय तथा प्रादेशिक कानुनले दिएको अधिकारका आधारमा जनसहभागितामा आधारित स्थानीय विकास प्रक्रिया थप प्रवर्द्धन गर्ने अवसर नगरलाई छ भने यस प्रक्रियामा सबै वर्ग क्षेत्र, लिंग र समुदायका नगरवासीको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने चुनौती छ ।

## ४. लक्ष्य

नगरवासीलाई सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति दिलाउने ।

## ५. उद्देश्य

स्थानीय शासन र सेवा प्रवाहलाई थप गुणस्तरीय, पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउने ।

## ६. रणनीतिहरू र कार्यनीतिहरू

**तालिका १/५.५.२ : सुशासनका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. नगरको शासकीय अभ्यासलाई अझ पारदर्शी बनाउन सूचना व्यवस्थापन र सूचनाको हक कार्यान्वयनमा थप प्रभावकारिता ल्याउने । | १. सूचनाको हक सम्बन्धी संघीय ऐनको पूर्ण कार्यान्वयन गरिने छ ।<br>२. नगरका विकास तथा सेवा सम्बन्धी सूचनालाई अद्यावधिक गरी नागरिकले बुझ्न सक्ने भाषा र स्वरुपमा समय समयमा सार्वजनिक गरिने छ ।<br>३. विकास निर्माणका कार्यक्रम सम्बन्धी सूचना सम्बन्धित समुदायले सहज रुपमा प्राप्त गर्न सक्ने गरी कानुनी र प्रक्रियागत प्रबन्ध गरिने छ ।<br>४. नगरको आन्तरिक संयन्त्रको क्षमता विकास र कार्यस्थलको स्वरुपमा आवश्यक परिवर्तन खुला कार्य स्थलको अवधारणा प्रवर्द्धन गरिने छ ।<br>५. नगरका निर्णय तथा आर्थिक गतिविधिका सूचनामा आमनागरिकको पहुँच बढाउन सूचना व्यवस्थापन र प्रवाहका बढी भन्दा बढी माध्यमको उपयोग गरिने छ । |
| २. स्थानीय विकासलाई सहभागितामूलक बनाउन विकास प्रक्रियाका सबै चरणमा सहभागिता अभिवृद्धि गर्ने । | १. नगरबाट कार्यान्वयन हुने सबै किसिमका पूर्वाधार निर्माणका कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गर्ने विधि तय गरी कार्यान्वयन गरिने छ ।<br>२. उपभोक्ता समितिमा पदाधिकारी तहमा महिला सहभागिता अनिवार्य हुने गरी कम्तीमा ३३ प्रतिशत महिला सहभागिता र सम्बन्धित समुदायको जानसाङ्खिक समिश्रणका आधारमा दलित, आदिवासी जनजाति तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चितता गरिने छ ।<br>३. विकासका कार्यक्रम र बजेट तर्जुमा गर्दा लैंगिक उत्तरदायी र गरिबी निवारण  केन्द्रित पद्धति कार्यान्वयन गरिने छ ।<br>४. विकास कार्यक्रमको उपलब्धी मुल्यांकन तथा परिमार्जन सम्बन्धी निर्णयमा सम्बन्धित समुदायको प्रतिनिधित्वका लागि आवश्यक प्रबन्ध गरिने छ । |
| ३. जवाफदेहिता प्रवर्द्धनका लागि सामाजिक जवाफदेहिताका औजारहरू तथा सूचना प्रविधिको अभ्यास र उपयोग । | १. नगर तथा अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा तथा सुविधामा नागरिकको धारणा र सन्तुष्टी आँकलन गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, खुला अन्तरक्रियात्मक बैठकहरू, नागरिक प्रतिवेदन प्रणाली जस्ता सामाजिक जवाफदेहिताका उपयुक्त औजार हरूको समयवद्ध रुपमा उपयोग गरिने छ ।<br>२. सेवा र विकासका प्रक्रिया प्रति नागरिक तहमा रहनसक्ने असन्तुष्टी सम्बोधनका लागि नगरस्तरमा गुनासो संकलन र सुनुवाईका संयन्त्र तयार गरी क्रियाशील गराइने छ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. विकास निर्माणको निर्णय लिनु अघि स्थानीय परम्परा, संस्कृति तथा सम्पदा एवं निश्चित समुदायको हितमा पर्नसक्ने नकारात्मक प्रभावको लेखाजोखा प्रक्रियामा सम्बन्धित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>४. नगरको कार्यप्रतिको नागरिक धारणा अभिव्यक्त हुने वातावरण बनाउन डिजिटल विधिहरू निर्धारण र प्रचार प्रसार गरिने छ । |
| ४. सदाचारितामा केन्द्रित शासकीय पद्धति अवलम्बन गर्ने । | १. नगर र नगर अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र सुविधा प्राप्तीको प्रक्रिया थप सरल बनाइने छ ।<br>२. राजस्व भुक्तानी, सिफारिस, नक्सा स्वीकृति प्रक्रिया आदिलाई विद्युतीय प्रणालीमा आवद्ध गरिने छ ।<br>३. नगरको संयन्त्र तथा नगरभित्रका सबै सार्वजनिक निकायको सेवा प्रवाहमा हुनसक्ने आर्थिक अनियमितताको सूचना संकलन, विश्लेषणका लागि नगरस्तरीय संयन्त्र निर्माण गरिने छ ।<br>४. आन्तरिक र बाह्य रुपमा आर्थिक अनियमितता सम्बन्धी सूचना उपलब्ध गराउने सूचनादाताको संरक्षण गरिने छ ।<br>५. आर्थिक अनियमितता सम्बन्धी अनुसन्धान, अभियोजन र तहकिकातका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने छ । |

## तालिका २/५.५.२ : आवधिक प्राथमिकता : सुशासन प्रवर्द्धन

क. नेपालको संविधानको धारा ५१ मा उल्लिखित सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने संघीय नेपालको मार्गदर्शकको रुपमा लिँदै नगरपालिकाको शासकीय अभ्यासलाई थप पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउन संस्थागत सुशासन सम्बन्धी आवधिक प्राथमिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| १. नगरमा रहेका ऐतिहाँसिक दस्तावेज तथा सबै किसिमिका सूचना तथा तथ्याङ्क व्यवस्थित र सकेसम्म डिजिटलाइज गर्नका साथै अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्न सूचना अधिकारी तथा सम्बन्धित सूचना व्यवस्थापन शाखाका कामको बिचमा समन्वयात्मक रुपमा कार्य गर्ने र नगरस्तरीय सूचना तथा अभिलेख केन्द्र स्थापना र सञ्चालन गर्ने । | १. अभिलेख व्यवस्थापन, सूचनाको स्ततः सार्वजनिकीकरण तथा सूचनाको मागको सम्बोधनको अभ्यासलाई व्यवस्थित गराई नगरबासीलाई सूचनाको हकको पूर्ण प्रत्याभूति दिलाउने । | १. अन्तरशाखा समन्वयमा सबै क्षेत्रको सूचनाको उचित व्यवस्थापनमार्फत् सूचनाको हक सम्बन्धी संघीय कानुनले तोकेको समय भन्दा छिटो नगरवासीले सूचना सेवा पाउने अवस्थामा पुऱ्याउने । |
| २. व्यक्तिको संविधान प्रदत्त गोपनियताको हकमा असर नपर्ने गरी नगरका विकास, सेवा तथा आर्थिक सूचनालाई डिजिटलाइज गरी अनलाइन पद्धतिबाट सार्वजनिक पहुँचमा उपलब्ध गराउने प्रक्रिया प्रारम्भ गर्ने । | | २. सूचना सार्वजनिकीकरणको विधिलाई अनलाइन बनाई निर्धारित मितिमा नागरिक सम्बाद सञ्चालन हुने व्यवस्था गर्ने । |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| २.१. नगरको मुख्य प्रवेशद्वार बाहिर डिजिटल सूचना पाटी राख्ने र सोमार्फत् नागरिक वडापत्रका विषय लगायत आर्थिक तथा अन्य सूचना सार्वजनिक गर्ने पद्धति विकास गर्ने । | | |
| ३. बजेट तथा योजना एवं उपलब्धी विश्लेषणका आधारमा आर्थिक सूचनासहितको चौमासिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने र सो का आधारमा चौमासिक नागरिक सम्बाद गर्ने । | ३. आर्थिक सूचना नगरका सरोकारवाला बिच सार्वजनिक गर्ने पद्धतिलाई समयवद्ध बनाउने । खुल्ला तथ्याङ्क (कम्प्युटरकृत ओपन डाटा) तयारी गरी स्वतः खुलासाको अभ्यासलाई थप प्रभावकारी बनाउने । | |
| ४. कर भुक्तानी तथा नक्सा पास प्रकृयालाई अनलाइन बनाउन पूर्व तयारीका कार्य सम्पन्न गर्ने । | ४. विद्युतीय माध्यमबाट नक्सा स्वीकृति तथा राजस्व भुक्तानी प्रणालीको पूर्ण कार्यान्वयन गर्ने र सिफारिसलगायतका सेवालाई विद्युतीय विधिबाट कार्यान्वयनका लागि पूर्व तयारी गर्ने । | ४. नगर र वडाका सिफारिस लगायतका सेवालाई अनलाइन बनाउने । |
| ५. उपभोक्ताबाट कार्यान्वियन हुने कार्यक्रम कार्यान्वनको विद्यमान अभ्यासलाई संस्थागत र थप प्रभावकारी बनाउन र स्थानीय योजना तर्जुमा, कार्यान्वयन र अनुगमन पद्धतिलाई थप सहभागितामूलक बनाउन स्थानीय विकास कार्यक्रम सञ्चालन र व्यवस्थापन ऐन तथा अन्य सान्दर्भिक स्थानीय कानुन बनाउने । | ५. विकास योजना योजना तर्जुमा तथा कार्यान्वन र नागरिक निगरानीको विधिलाई सहभागितामूलक बनाउन तय गरिएका स्थानीय कानुन कार्यान्वयनको समीक्षा गरी थप रणनीति निर्माण गर्ने । | ५. बृहत् योजना तथा पुँजी सुधार कार्यक्रम निर्माण वा परिमार्जनलाई सहभागितामूलक बनाउन स्थापित विधि तथा मापदण्डमा आवश्यक परिवर्तन गर्ने । |
| ६. नागरिकको गुनासो संकलन तथा समयवद्ध सुनुवाई वा फछ्र्यौटको विधि निर्माण गरी कार्यान्वयन गर्ने । | ६ . गुनासो संकलन र फछ्र्यौटको अभ्यासलाई अनलाइन बनाउने । | |
| ७. जनप्रतिनिधि तथा कर्मचारीलाई सूशासन र सूचनाको हक तथा सामाजिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने । | ७. जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने अभ्यासलाई वार्षिक रुपमा निरन्तरता दिने । | ७. जनप्रतिनिधि तथा सूचनाको हक, शुसासन तथा सुशासन प्रवर्द्धनका लागि नगरले तय गरेका विधि तथा मापदण्ड सम्बन्धी अनुशिक्षण दिने । |
| ८. वडा र नगरस्तरीय सार्वजनिक सुनुवाईमा सुसूचित सहभागिता प्रवर्द्धन गर्न छलफल अगाडि सम्बन्धित विषयको प्रमुख सूचना प्रवाहको व्यवस्था गर्ने । | | |

| अल्पकालीन (पहिलो २ वर्ष) | मध्यकालीन (३ देखि ७ वर्ष) | दीर्घकालीन (८ देखि २० वर्ष) |
|---|---|---|
| | ९. सामाजिक जवाफदेहिता र सुशासन प्रवर्द्धनलाई सम्बन्धित शाखा र कर्मचारीको कार्यसम्पादन मापनका सूचकका रुपमा संस्थागत गर्ने ।<br><br>१०. बजेट तर्जुमा तथा कार्यान्वयनको अभ्यासलाई बृहत् योजना, मध्यकालीन खर्च संरचना र पुँजी सुधार कार्यक्रममा आधारित बनाउने अभ्यास संस्थागत गरिसक्ने । | ९. परदर्शिता र सुशासनमा योगदान गर्ने एकजना कर्मचारी र एकजना नागरिक समाजका सदस्यल ाई वार्षिक रुपमा पुरस्कृत गर्ने अभ्यास शुरु गर्ने ।<br><br>११. नगरपालिका कार्यालयमा रहेका कार्यस्थलको वर्तमान स्वरुपमा आवश्यक परिवर्तन गरी खुला (पारदर्शी) कार्यकक्षको अवधारणा पूर्ण कार्यान्वयनमा ल्याइसक्ने । |

**तालिका ३/५.५.२ : संस्थागत विकास र सुशासनको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य**

| उपलब्धी सूचक | आधार वर्ष | अल्पकाल २०७८/७९ | दीर्घकाल २०८३/८४ | दीर्घकाल २०९६/९७ |
|---|---|---|---|---|
| स्थानीय सरकारका सान्दर्भिक कानुन, स्थानीय नीति तथा कानुन सम्बन्धी प्रशिक्षण प्राप्त जनप्रतिनिधि (हरेक पटक निर्वाचित सबै) | | ५५ | ५५ | ५५/५५ |
| सूचनाको हक र सुशासन सम्बन्धी विषयमा प्रशिक्षत स्थानीय जनप्रतिनिधि तथा कर्मचारी (वार्षिक) | | १०० | १०० | १०० |
| सूचनाको हक सम्बन्धी सूचनाको स्वयं खुलासाको अभ्यास (वार्षिक पटक) | | ४ | ४ | ४ |
| नगर सभा बैठकको प्रत्यक्ष जानकारी नागरिकलाई हुने अवस्था | | शुरुवात | सबै बैठक | सबै बैठक |
| नगरका विषयगत समितिका बैठकको खुलापनको सुनिश्चितता (प्रतिशत) | | शुरुवात | ५० | १०० |
| राजस्व भुक्तानीको अनलाइन पद्धतिमा आवद्ध करदाता (प्रतिशत) | | | ७५ | १०० |
| चौमासिक, अर्धवाषिक र वार्षिक प्रगतिका वित्तीय तथ्यांकसहितको प्रतिवेदन अनलाइन विधिबाट सार्वजनिक (वार्षिक) | | ३ | ५ | १० |
| अनलाइन गुनासो संकलन र फछ्र्यौटको अनलाइन प्रणाली स्थापना भई कार्यान्वयनमा आएको अवस्था | | | १ | १ |
| कर्मचारी तथा विभिन्न संयन्त्रको कार्यसम्पादन सूचकमा सुशासन विषय समावेश भएको अवस्था | | १ | १ | १ |
| नगर र वडास्तरमा डिजिटल सूचना पाटीको व्यवस्था | | १ | १० | १० |
| सदाचारी कर्मचारी र सुशासन प्रवर्द्धनमा योगदान गर्ने नागरिक सम्मान (वार्षिक) | | | १/१ | १/१ |
| नगरमा खुला कार्यकक्षको व्यवस्थापन भएको अवस्था | | | १ | १ |

# खण्ड ६
# अनुगमन र मूल्याङ्कन

भीमेश्वर नगरपालिकाको यो बृहत् योजना परम्परागत आवधिक नभई समग्र विकास र सेवाका गतिविधिलाई निर्देशित र व्यवस्थित गरी समयवद्ध रुपमा कार्यान्वयन गर्न मार्गदर्शन गर्ने जीवन्त नीतिगत दस्तावेज हो । समय समयमा अद्यावधिक भइरहने भएकोले यसको समयावधि हरेक पटक अद्यावधिक भएसँगै वर्ष २० वर्ष नै कायम रहने छ । यो योजनाका नीति तथा प्राथमिकता संशोधनका लागि सुझाव लिन तथा संशोधन गर्न नीति तथा प्राथमिकताका लागि दिइएका संकेत वा नम्बर र अवधिलाई आधार बनाइने छ । बृहत् योजना कार्यान्वयनको समग्र पक्षको अनुगमन र मुल्यांकनको मुख्य जिम्मेवारी नगर कार्यपालिकाको भए पनि प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपेरिवेक्षणमा सम्बन्धित शाखा तथा इकाईबाट अनुगमन र मुल्यांकनको कार्यमा सहयोग हुनेछ । अनुगमन र मुल्यांकनको प्रक्रियामा सम्बन्धित विषयगत समितिले कार्यपालिकालाई सहयोग गर्नेछन् । नगर सभा अन्तर्गतका समितिले पनि अनुगमन र मुल्यांकनमा भूमिका निर्वाह गर्नेछन् ।

बृहत् योजना कार्यान्वनको अनुगमन मुल्यांकनको कार्यलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ । जसलाई आगामी दिन थप विस्तृत बनाइने छ ।

१. बृहत् योजनामा समेटिएका अधिकांश विकास र सेवा क्षेत्रको आवधिक रुपमा अपेक्षित उपलब्धी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । यसलाई क्षेत्रगत योजनाको प्रभावकारिता मुल्यांकनको आधार बनाई सम्बन्धित शाखाबाट तयार हुने वार्षिक तथ्यांकलाई एकीकृत रुपमा प्रमुख प्रशासकीय अधिकृतको सहजीकरणमा नगर कार्यपालिकाबाट हरेक ३ वर्षमा मुल्यांकन हुनेछ भने वार्षिक रुपमा तथ्यांक अध्ययन गरी त्यसका आधारमा सुधारात्मक कार्यक्रम तय गरिने छ र सोही अनुसार कार्यान्वयन गर्दै लगिने छ । योजनाको प्रगति मुल्यांकन पद्धतिलाई बृहत् योजना अद्यावधिक गर्ने पद्धतिसँग आवद्ध गरिने छ ।

२. बृहत् योजनामा तय गरिएका आवधिक प्राथमिकताका आधारमा नगर प्रमुखको नेतृत्वमा रहने राजस्व पूर्वानुमान तथा बजेट सीमा निर्धारण समितिले वार्षिक योजना तथा बजेट तर्जुमा निर्देशिका बनाउने छ । बृहत् योजनाको प्राथमिकतालाई मध्यनजजर गरी बन्ने निर्देशिकाका आधारमा वार्षिक योजना तथा बजेट तर्जुमाको कार्यलाई बजेट तथा योजना समितिले निर्देशित र व्यवस्थित गर्नेछ ।

३. नगरले तय गर्ने वार्षिक विकास कार्यक्रमको अंग हुने गरी बृहत् योजनाले अनुमान गरेको अपेक्षित उपलब्धीका आधारमा वार्षिक कार्यतालिका र परिमाणात्मक लक्ष्य सम्बन्धित महाशाखा, शाखा तथा इकाईले तयार गर्नेछन् । यसका आधारमा स्वःमुल्यांकनको विधि तय गरिने छ ।

४. बृहत् योजनामा निर्धारित प्राथमिकता मध्ये स्थानीय कानुन तथा विभिन्न नीति निर्माणको कार्यान्वयन पक्ष नगर कार्यपालिका र विषयगत समिति हुने हुनाले ती विषय नगर सभा तथा विषयगत समितिको अनुगमन र मुल्यांकनको क्षेत्रमा समेटिने छन् ।

५. यस योजनामा निर्धारण गरिएका विकास तथा सेवासँग सम्बन्धित कार्यको अनुगमन सम्बन्धित शाखा प्रमुखको प्राविधिक सहयोग र विषयगत समितिको सहयोगमा नगर उपप्रमुख नेतृत्वको नगरस्तरीय अनुगमन समितिले गर्नेछ ।

६. संगठन विकाससँग सम्बन्धित विषयको अनुगमन तथा मुल्यांकनको कार्य प्रमुख प्रशासकीय अधिकृतको मुख्य प्राविधिक सहयोगमा नगर कार्यपालिकाले गर्नेछ ।

७. योजना कार्यान्वयन अनुगमन र मुल्यांकनको समग्र पक्षको अभिलेखीकरण र व्यवस्थापनको कार्य नगरको नीति तथा योजना शाखाले गर्नेछ ।

# अनुसुची : १
# बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष

## १. परिचय

भीमेश्वर नगरपालिकाले आन्तरिक राजस्व, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा विशेष कार्यक्रमका लागि संघीय र प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने विभिन्न अनुदान तथा सहयोगबाट आर्थिक स्रोत एकीकृत गरी विकास तथा सेवा प्रवाहका कार्य गरिरहेको छ । निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रममार्फत् सम्बन्धित संघ तथा प्रदेश निर्वाचन क्षेत्रको स्रोत पनि केही रुपमा नगरको पूर्वाधार विकासमा उपयोग हुने गरेको छ । यो योजना जारी भएको वर्ष अर्थात् आर्थिक वर्ष २०७६/७७ मा उल्लिखित स्रोत तथा कृषि तथा पशुपालन, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा प्राप्त हुने सशर्त अनुदान समेतका अधारमा रू. ८७ करोड ६१ लाखको बजेट सार्वजनिक गरेकोमा चालु खर्च ३९ करोड ५५ लाख र पुँजीगत खर्च रू. ४७ करोड ८५ लाख खर्च हुने अपेक्षा राखेकोले नगरको औसत स्रोत व्यवस्थापन र परिचालनको क्षमता सामान्यतया ९० करोड हाराहारी रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ मा नगरले आन्तरिक करिब रू. ४ करोड हाराहारीमा मात्र जुट्न सकेको तथा सोही आर्थिक वर्षमा रू.८६ करोडको बजेट मध्ये रू. ७७ करोड ५१ लाख समग्र आय भएकोमा रू. ६८ करोड २६ लाख मात्र खर्च हुन सकेको थियो । यस आधारमा एकातर्फ आन्तरिक राजस्व र समग्र स्रोत विस्तार गर्नुपर्ने छ भने अर्कोतर्फ नगरको खर्च गर्ने क्षमता समेत बढाउनु पर्ने आवश्यकता छ । बृहत् योजना तयार गर्दा नगरले बाह्य सहयोग, साझेदारी र लागत सहभागिता बढाउने तथा आन्तरिक आय पनि क्रमशः विस्तार गर्दै जाने रणनीति लिएकोले आगामी वर्षहरूमा बजेटरी खर्च र गैरबजेटरी खर्च समेतबाट वार्षिक रू. १ अर्बसम्म खर्च गर्न सक्ने अवस्थामा पुग्न सकिने अपेक्षा राखिएको छ भने आर्थिक गतिविधि र पूर्वाधार विकास र विस्तार तथा राजस्व सुधार योजनामार्फत् नगरले आगामी २० वर्षमा हालको मुल्यमा वार्षिक करिब २० करोड आन्तरिक राजस्व उठाउन सक्ने अनुमान गरेको छ ।

## २. बृहत् योजना कार्यान्वनयको लागत

बृहत् योजनाका सबै लक्षित कार्यक्रम कार्यान्वयन गर्न लाग्ने यथार्थ लागत अनुमान गर्नका लागि कतिपय कार्यक्रमको सम्भाव्यता अध्ययन गर्नुपर्ने, दीर्घकालका लागि गरिने कतिपय कार्यक्रका लागि त्यस समयमा सो कार्यक्रमको आवश्यकता र औचित्य विश्लेषण समेत गर्नुपर्ने सन्दर्भमा हालको अवस्थालाई दृष्टिगत गरी वर्तमान मूल्यका आधारमा लागत अनुमान गर्ने प्रयास गरिएको छ । अल्पकाल र मध्यकालका कार्यक्रमको लागत प्रक्षेपणले सबैजसो कार्यक्रम समेट्ने भए पनि दीर्घकालका कतिपय कार्यक्रम पछि परिभाषित हुने  भएकोले सो अवधिको लागत अनुमान सम्बन्धी कोरा सूचना आन्तरिक प्रयोजनका लागि उपयोग गरिने छ भने अल्पकालीन र मध्यकालीन आवधिको लागत अनुमानको सारसंक्षेप तलको तालिकामा प्रस्तुत छ ।

## तालिका ६.१ : लागत अनुमानको सार संक्षेप

### क. आर्थिक विकास

| क्र. सं. | आर्थिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन | मध्यकालीन |
| १ | कृषि तथा पशुपालन | ३,१६८ | ६९८ | २,४७० |
| २ | पर्यटन | १,८७० | ३९० | १,४८० |
| ३ | उद्योग र वाणिज्य | २,२३५ | २६० | १,९७५ |
| ४ | आर्थिक पूर्वाधार तथा राजस्व अभिवृद्धि | १,२४० | २१५ | १,०२५ |
| ५ | सहकारी | ३०८ | ५४ | २५४ |
| ६ | सीप तथा रोजगारी | २,३१४ | ३४४ | १,९७० |
| ७ | संस्थागत विकास (आर्थिक विकास) | ६४० | १२० | ५२० |
| | **जम्मा** | **११,७७५** | **२,०८१** | **९,६९४** |

### ख. सामाजिक विकास

| क्र. सं. | सामाजिक विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन | मध्यकालीन |
| १ | शैक्षिक विकास | ११,२५४ | २,९०८.५० | ८,३४५.५० |
| २ | स्वास्थ्य | ५,१८४ | २,६३७ | २,५४७ |
| ३ | सम्पदा संरक्षण | ४५३ | १५३ | ३०० |
| ४ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,५८८ | ४७६ | १,११२ |
| | **जम्मा** | **१८,४७९** | **६,१७४.५०** | **१२,३०४.५०** |

### ग.पूर्वाधार विकास

| क्र. सं. | पूर्वाधार विकास अन्तर्गतका उपक्षेत्र | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन | मध्यकालीन |
| १ | भू-उपयोग तथा आवास व्यवस्थापन | ८४५.५ | १६४.५ | ६८१ |
| २ | पार्क तथा मनोरञ्जन | १,३९० | ५८५ | ८०५ |
| ३ | यातायात | २३,३७१ | ३,७१७ | १९,६५४ |
| ४ | सार्वजनिक निर्माण | ९,२०३.९ | ५,४१३.९ | ३,७९० |
| | **जम्मा** | **३४,८१०.४** | **९,८८०.४** | **२४,९३०** |

### घ. वन, वातावरण तथा विपद् व्यवस्थापन

| क्र. सं. | वन, वातावरण र विपद् व्यवस्थापन | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन | मध्यकालीन |
| १ | प्राकृतिक स्रोत र वातारण | २,२४३ | ९११ | १,३३२ |
| २ | विपद् तथा आपत्कालीन व्यवस्थापन | २,८९५.५ | १,३३८.५ | १,५५७ |
| | **जम्मा** | **५,१३८.५** | **२,२४९.५** | **२,८८९** |

**ङ. संस्थागत विकास र सुशासन (संस्थागत विकासका कार्यक्रम सम्बन्धित क्षेत्रमा नै समेटिएको)**

| क्र. सं. | सुशासन र संस्थागत विकास | लागत अनुमान (रू. लाखमा) | | |
|---|---|---|---|---|
| | | कुल लागत | अल्पकालीन | मध्यकालीन |
| १ | सुशासन | १२३.५ | ३२ | ९१.५ |

**च. समग्र लागत अनुमान (रू. लाखमा)**

| कुल जम्मा | अल्पकालीन | मध्यकालीन |
|---|---|---|
| **७०,३२६.४०** | **२०,४१७.४०** | **४९,९०९** |

प्रस्तुत लागत अनुमान तालिका नगर आफैं, समुदाय तथा निजी क्षेत्रसहितको साझेदारी वा अन्य विधिबाट बजेटरी र गैरबजेटरी कार्यक्रमलाई समन्वयात्मक रुपमा अघि बढाएर भौतिक पूर्वाधार विकासमा सबैभन्दा बढी अर्थात् वार्षिक औसत रू. ५० करोड र सामाजिक विकास र आर्थिक विकासमा क्रमशः रू. २६ र १५ करोड लगानी गर्नुपर्ने अवस्था देखिएको छ । यसका लागि लागि संघ तथा प्रदेश प्रदेश सरकार र अन्य निकायको प्रत्यक्ष लागत सहभागिता समेत रहने विश्वास छ । वार्षिक अनुमानित लागत नगरको वर्तमान औसत लगानी क्षमता भन्दा बढी केहि देखिएको भए पनि संघ तथा प्रदेश सरकार एवं बाह्य सहयोगमा भइरहेको खर्चका आधारमा यो नगरको क्षमताभित्रको लागत अन्तर्गत रहने अनुमान गरिएको छ। अल्पकालमा दर्जनौं नीति तथा कानुन निर्माण गर्नुपर्ने भएकोले केही बढी लागत देखिएन आएको छ ।

लागत अनुमानमा थप हुने बाहेकका प्रशासनिक खर्च तथा सेवा उपभोग खर्च समावेश छैन । त्यसैले करिब ३० प्रतिशत लागत त्यसका लागि थप हुने अनुमान गरिएको छ भने यो अनुमान आ.व. २०७६/७७ को मुल्यमा गरिएको हुनाले मुद्रास्फितीलाई ध्यान दिएर मौद्रिक मुल्यलाई यथार्थ मुल्यमा रुपान्तरण गर्दै जानुपर्ने हुन्छ ।

## ३. योजना कार्यान्वयनको आर्थिक स्रोत

१. राजस्वको दायरा विस्तारमा केन्द्रित गतिविधि र सम्बन्धित पूर्वाधारमा गरिने लगानीले आन्तरिक राजस्व हरेक वर्ष आधार वर्षको मुल्यमा औसत २० प्रतिशतले वृद्धि भई आ.व. २०९६/९७ सम्ममा २० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ ।

२. संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा संघ, प्रदेश र स्थानीय सरकार बिचको राजस्व बाँडफाँडको रकम क्रमशः बढ्दै जाने अपेक्षा गरिएको छ भने विशेष पूर्वाधारका लागि विशेष अनुदान प्राप्तीमा समन्वय गरिने छ ।

३. नीति निर्माण र प्रवर्द्धनात्मक कार्यक्रमका लागि स्थानीय सामुदायिक संस्था तथा अन्य विभिन्न संघ संस्थासँग साझेदारी हुने अपेक्षा गरिएको छ ।

४. कतिपय महत्वपूर्ण पूर्वाधारका लागि निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तथा संघ तथा प्रदेशबाट एक भन्दा बढी स्थानीय तहको विकासमा हुने लगानीले पनि कतिपय स्रोतको आवश्यकता अप्रत्यक्ष रुपमा पूरा हुनेछ । त्यसका लागि छिमेकी स्थानीय तहहरूसँग साझेदारी गरिने छ ।

५. आर्थिक विकास अन्तर्गतका सीपमूलक कार्यक्रम तथा पूर्वाधार विकासका कार्यक्रममा निजी, सार्वजनिक, सहकारी साझेदारीका आधारमा कार्य अघि बढाइने छ ।

६. स्थानीय पूर्वाधार र सेवा विस्तारमा लागत (नगद वा श्रम) सहभागिता र साझेदारीले पनि लगानीको स्रोतको आवश्यकता पूर्तिमा केही योगदान गर्नेछ ।

**भीमेश्वर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, भीमेश्वर, दोलखा, बागमती प्रदेश, नेपाल
कार्यालय फोन नं : +९७७ ०४९-४२११००, ४२१३८१, ४२१४९१
फ्याक्स : +९७७-०४९४२११००
वेबसाइट : www.bhimeshwormun.gov.np
इमेल : info@bhimeshwormun.gov.np